


उद्देश्यप्रेरित पुनर्जन्म
(देशदेशावरका आत्मपरिवर्तित कथाहरू)

# उद्देश्यप्रेरित पुनर्जन्म

(देशदेशावरका आत्मपरिवर्तित कथाहरू)

**सङ्कलन तथा अनुवादः**
भजुराम तखाछैं श्रेष्ठ

येशूले भन्नुभयो, "साच्चै म तिमीलाई भन्छु, नयाँ गरी नजन्मिएसम्म कसैले पनि परमेश्वरको राज्य देख्न सक्दैन् ।" **यूहन्ना ३:३**

**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**
२०१९

प्रकाशकः **उमेश कुमार पोखरेल**
प्रुफ रिडिङ्गः **धन बहादुर पुलामी**

कम्प्युटर लेआउट
**सुजित कुमार साह**

प्रकाशन मितीः २०१९
काठमाण्डौ, नेपाल

अनुमतिः सम्पादक आन्ड्र्यु मेकचेस्नी, a***dventistmission.org***
(आन्तरिक प्रयोजनको निम्तिमात्र)

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | एसिड खनाएर गरिएको आक्रमण | १ |
| २. | चार हजार युरोको उपहार भिरियाटो फरेइरा | ४ |
| ३. | जापानिज पास्टरले ३०,००० डलर पाउँछन् | ७ |
| ४. | परमेश्वरको निम्ति काम गर्नेहरूको लागि पैसा | १० |
| ५. | जिद्दीवाल श्रीमतीआन्द्र्यु मेकचेस्नी | १३ |
| ६. | श्रापबाट मुक्ति चानमिन चुङ्ग | १६ |
| ७. | युगान्डाका राष्ट्रपतिलाई उपहार | १९ |
| ८. | भलिबल खेलेर सुसमाचार प्रचार | २२ |
| ९. | रूसका अनाथहरूलाई सिकाउँदै | २५ |
| १०. | आबखाजियामा तिन चेतावनीहरू | २८ |
| ११. | सुखी परिवारको रहस्य | ३१ |
| १२. | परमेश्वरको हिसाब | ३४ |
| १३. | सङ्कुचित होइन तर ठूलो आँखाले | ३७ |
| १४. | बाइबल बोक्ने सहरियाहरू | ४० |
| १५. | चर्च स्थापना गर्दाको डर | ४४ |
| १६. | योग र ध्यानमा नपाएको शान्ति | ४८ |
| १७. | म किन जन्मेँ | ५४ |
| १८. | परमेश्वरको तिर्खा | ५९ |
| १९. | येशूको निम्ति आगो हुनु | ६३ |

२०. परोपकारीय काम गरेर सुसमाचार ६९

२१. दुई बालकहरूलाई पाल्नु ७४

२२. नयाँ वर्षको चाहना ७९

२३. दुईवटा प्रार्थनाको छिट्टो जवाफ ८४

२४. कार्ल मार्क्सको कम्युनिष्ट अनुयायीबाट एडभेन्टिस्ट ८८

२५. थाकेका स्वयंमसेवकहरू ९३

२६. जड्याँहा आमाबाबुका हृदयहरू येशूको निम्ति जित्नु ९९

२७. दुई काला आँखाहरू १०५

२८. अवकाश लिने योजना छैन १०९

२९. ९० पाउण्ड वा ४५ किलोग्राम घटाउने ११२

३०. आफ्नो कर्मचारीबाट प्रेरणा पाएको ११६

३१. ओछ्यान मिलाउनु ११९

३२. साबथमा काम गर्नुपर्ने १२३

३३. हुरी बतासमा परमेश्वरका स्वर्गदूतहरू १२७

३४. "हेलो, होप च्यानल" १३२

३५. परमेश्वरको निम्ति गुन्डा १३५

३६. जब परिवारमा विपत्ति आउँछ १४०

३७. मलामी गएको बेलामा येशूलाई विश्वास गर्न पुग्छ १४५

३८. खुट्टा त छैन, तर नयाँ जीवन १५०

३९. हेलिकोप्टरद्वारा उद्धार १५३

४०. "आमा, जानुहोस्" १५७

४१. अन्धकारबाट उज्यालो १६१

| | | |
|---|---|---|
| ४२. | साबथ पालन गर्ने चर्चलाई भेट्टाउनɔे प्रयास | १६६ |
| ४३. | बाइबललाई हतियार बनाउँदै | १७१ |
| ४४. | तर्साउने सपनाहरू | १७६ |
| ४५. | तिनवटी श्रीमती भएको श्रीमान् | १७९ |
| ४६. | साबथको निम्ति सबै थोक त्याग गर्न तयार | १८३ |
| ४७. | येशूप्रतिको मोहमा पर्नु | १८७ |
| ४८. | सुँगुर वा बँदेलको मासुले ल्याएको दुःख | १९२ |
| ४९. | साथी बनाउने कला रहस्यमय छअ | १९६ |
| ५०. | आङ्गोलालाई उद्धार | २०० |
| ५१. | दुष्ट आत्मा हटाइन्छ | २०४ |
| ५२. | असल मानिसहरूसँगको चिनाजानी | २०८ |
| ५३. | जीवनको पानी | २१३ |
| ५४. | पानीमा तैरिरहेको हात | २१६ |
| ५५. | चर्चमा प्रयोगशाला | २२० |
| ५६. | परमेश्वरको निम्ति उड्ने | २२४ |
| ५७. | सुसमाचार प्रचार गर्ने डाक्टरहरू | २२९ |
| ५८. | निको पार्ने कागती | २३३ |
| ५९. | जीवनलाई परिवर्तन गर्ने फोहरमैला | २३६ |
| ६०. | आफ्नै आमाले विष ख्वाइन् | २४० |
| ६१. | बुझ्न गाऱ्हो बाइबल | २४५ |
| ६२. | श्वासद्वारा जिउनु | २४९ |
| ६३. | हराएकी बहिनी | २५२ |

| | | |
|---|---|---|
| ६४. | रिसाउने बानी | २५६ |
| ६५. | २० दुष्ट आत्माहरूले सताइएको | २६० |
| ६६. | दुई पास्टरहरूलाई माया गर्नु | २६४ |
| ६७. | एडभेन्टिस्ट विद्या अङ्गाल्नु | २६८ |
| ६८. | खल्लो साबथ | २७२ |
| ६९. | बुबा, मलाई क्षमा गर्नुहोस्! | २७६ |
| ७०. | येशूले माझीहरूलाई पक्रनुहुन्छ | २८० |
| ७१. | सयौंकी आमा | २८३ |
| ७२. | एडभेन्टिस्ट कलेजमा हराएको विद्यार्थी | २८७ |
| ७३. | आठ कक्षाको विद्यार्थीबाट परमेश्वरको सेवाकार्य | २९० |
| ७४. | संसारको सबभन्दा असल काम | २९४ |
| ७५. | म पढाउन चाहन्न | २९८ |
| ७६. | दोस्रो जीवन | ३०२ |
| ७७. | साइकलको सट्टा साबथ | ३०६ |
| ७८. | बदमास केटाको निम्ति प्रार्थना | ३१० |
| ७९. | नाच्ने घर स्कुल हुन्छ | ३१५ |
| ८०. | नौ कक्षाको विद्यार्थीको प्रभाव | ३२० |
| ८१. | मेक्सिकनले आफूसँग भएको सबै थोक सुम्पन्छन् | ३२५ |
| ८२. | उहाँतिर खिचिनु | ३३० |
| ८३. | सम्बन्ध जोड्नु | ३३३ |
| ८४. | मरेको व्यक्तिसँग कुरा गर्नु | ३३७ |
| ८५. | पेट्रोल पम्पमा भएको संयोगको भेट | ३४१ |

८६. घचघच्याउने पर्चा ३४५
८७. म निस्केर गएँ ३४९
८८. स्वर्गबाट आएको पत्र ३५३
८९. दुष्ट आत्माले मसँग बोल्यो ३५७
९०. उहाँको नाउँ लिंदा पीडा हुन्छ ३६१
९१. पर्खाल बिनाको चर्च ३६५
९२. नीलो जिन कपडाको लुगा ३६९
९३. बिलायतकी महारानी र स्वर्गको राजा ३७३
९४. तिनीहरूले भेट्टाएका पहिलो प्रेम ३७७
९५. होटेलको खाना पकाउने ३८१
९६. श्रीमतीको प्रार्थनाले जवाफ पाउँछन् ३८५
९७. बासी खाना खान्न ३८९
९८. दोस्रो मौका ३९३
९९. परमेश्वरबाट अचम्मको कामहरू ३९६
१००. रिसाहा कुकुर ३९९
१०१. येशूको लागि सिउनु ४०३
१०२. परमेश्वरले पाल्नुभएको ४०७
१०३. ख्रीष्टको निम्ति खाना पुऱ्याउने ४१०

| कथा १ | एसिड खनाएर गरिएको आक्रमण, आन्ड्र्यु मेक्चेस्नी (कङ्गो, अफ्रिका) |
|---|---|

बान्जा म्वेला आइतबारे चर्चका पास्टर थिए। उनी अफ्रिका महादेशको प्रजातान्त्रिक गणतन्त्र कङ्गो भन्ने देशमा बस्दथे। जब उनले आइतबारे चर्च छोडेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए तब उनकी श्रीमती र छोरा उनीसँग धेरै रिसाए। त्यतिमात्र नभएर तिनीहरूले उनलाई एसिड छर्केर मार्न समेत खोजे।

सो घट्नापछि बान्जाको अनुहार सदाको निम्ति कुरूप भयो तर उनले आफ्नो ज्यान भने जसो तसो बचाए। आज उनी चर्चको तलब नलिइकनै काम गर्ने साधारण एडभेन्टिस्ट पास्टर भएका छन्। जब उनी प्रचार गर्छन् तब हुलका हुल मानिसहरू उनको वचन सुन्न जम्मा हुन्छन् किनकि उनको त्यो गवाही अत्यन्तै प्रभावकारी बनेको छ।

“सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सम्मिलित हुन पाएकोमा म परमेश्वरको जय गर्छु। किनभने शैतानलाई हराइएको छ।" खुशी हुदै बान्जाले भने।

सन २०१३मा अफ्रिकाको दक्षिणपूर्वको लिकासी सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट प्रचार समूहले सार्बजनिकरूपमा सुसमाचार प्रचार अभियान चलाएको थियो। त्यसबेला बान्जा पनि त्यसमा सहभागी हुन पुगे। एडभेन्टिस्टको शिक्षाप्रति आकर्षित भएर उनी स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट फिलिप लेमन युनभर्सिटीको

पास्टरीय तालिम स्कूलमा भर्ना भए। त्यसपछि उनले आफ्नो आइतबारे चर्च छोडेर एडभेन्टिस्ट हुने निधो गरे।

एक दिन एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएर उनी घर फर्केका थिए। बाटोभरि येशूको शक्तिको प्रशंसा गर्दै आइरहेका थिए। घरपुगेपछि जब उनी घरभित्र पस्न लागेका मात्रै के थिए उनको ठूलो छोरोले उनलाई झम्टेर एक भाडो सल्फ्यूरिक एसिडले उनको अनुहार र शरीरमा छ्यापिदिए।उनले केही देख्न सकेनन् पोलेको पीडाले चिच्याएर उनी भुइँमा ढले।

उनले तिनीहरूको पुरानो चर्च त्यागेकोले बान्जाकी श्रीमती र छोरा रिसले चुर भएका थिए। त्यसकारण उनलाई त्यसैबेला मार्ने षडयन्त्र तिनीहरूले गरेका थिए। यो कुरो इस्ट कङ्गो युनियनको अध्यक्ष रोबर्ट एस. मुहुनेले यी लेखकलाई सुनाए।"तर भाग्यवस अचम्म तरिकाले बान्जाको ज्यान बाँच्यो" उनले भने।उनी चिच्याएकोले छिमेकीहरू उनको घरमा आए र उनलाई अस्पतालमा लगे। उनको जीवन खतम भयो भनि डाक्टरहरूले ठानेका थिए। उनको एउटा आँखा कामै नलाग्ने भयो र उनको शरीरको प्रायजसो सबै छाला खुइलिएका थिए। उनलाई अस्पतालको विशेष कोठामा उपचार गरियो। उनलाई शरीरमा छाला टाँस्ने र प्लास्टिक सर्जरीको उपचार गरियो।

उनलाई हमला गरेपछि उनकी श्रीमती र छोरा बेपत्ता भए। पुलिसले तिनीहरूलाई खोजेका थिए।

बान्जालाई *जतिसुकै पीडा भएतापनि उनी अस्पतालमा धेरै बस्दैनथे। उनको यो दुखद् अनुभव चर्च र सुसमाचारीय प्रचारको अभियानहरूमा सुनाउँथे। उनको मनपर्ने बाइबलको अंश यशैया ४३:१-३मा* लेखिएको पदहरू सबैलाई सुनाउन मनपराउँछन् *"१*

*तिमीलाई सृष्टि गर्ने र आकार दिनुहुने परमेश्वरले अहिले यस्तो भन्नुहुन्छ, हे याकूब, हे इस्राएल, "नडराऊ, मैले तिमीलाई उद्धार गरेको छु। मैले तिम्रो नामै लिएर बोलाएको छु, तिमी मेरो हौ।*
*२ तिमी गहिरो पानीबाट भएर जाँदा म तिमीसित हुनेछु। तिमी नदीहरूबाट जाँदा त्यसको बाढीले तिमीलाई डुबाउने छैन। तिमी आगोको बीचबाट भएर जाँदा जल्नेछैनौ न त आगोको ज्वालाले तिमीलाई पोल्नेछ।*
*३ किनभने म परमप्रभु तिम्रो परमेश्वर हुँ, इस्राएलका पवित्र परमेश्वर, तिम्रो उद्धारकर्ता हुँ। म तिमीलाई छुटकारा दिन मिश्रदेश, तिम्रो सट्टामा इथियोपिया र सेबा देशहरू दिनेछु।" (रूपान्तरित)।*

| कथा २ | चार हजार युरोको उपहार<br>भिरियाटो फरेइरा<br>(पोर्चुगल, युरोप) |
|---|---|

एक दिन शुक्रबारको बिहान चिताउँदै नचिताएको एउटा कठिन समस्या देखापर्‍यो। पोर्चुगलको हाम्रो आरोग्य अर्थात् स्वास्थ्य संस्था भिटासालुस वेलनेस सेन्टरको घरको नक्सा बनाउने इन्जिनियरले यो जरुरी खबर हामीलाई दिए "तपाईंहरूको घरहरूका बार्दलीहरूमा बारहरू राख्न अत्यन्तै जरुरी छ किनभने त्यहावाट कोही खस्यो भने ठूलो समस्या आइ पर्न सक्छ।"

उनले भनेको कुरा ठिकै थियो भनेर हामीलाई थाहा थियो। एलेन जी ह्वाइटको बिचारले प्रेरितले भिटासालुस भवन हामीले बनाएका थियौं। उहाँको सल्लाह अनुसार यो ठाउँ "प्रभावको केन्द्रविन्दु" हुने उद्देश्यले बनाइएको थियो। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मूल्यमान्यतालाई समेटेर यो ठाउँले नीतिगत, पेशागत र आत्मिक गुणहरूलाई उचालिरहेको थियो। यो ठाउँ युरोपको पोर्चुगलको राजधानी लिसबनबाट करिब ११५ माइल वा १८५ किलोमिटर उत्तरमा रहेको पनेला पहाडको टुप्पोमा चारैतिरबाट देखिने गरि स्थापना भएको थियो। त्यो भवन र त्यहाँ भएका घरहरूको बार्दलीहरूमा बार हाल्न ४,००० युरो अर्थात् अमेरिकन डलर ४,९०० लाग्छ भनेर घरको नक्सा बनाउने इन्जिनयरले भनेका थिए।

मैले मुख्य खजाञ्चीलाई सोधें, "के हामीसँग त्यत्रो पैसा छ र?" "अहँ हामीसँग त्यति पैसा छैन" उनले जवाफ दिए। मलाई साह्रै चिन्ता लाग्यो। तर अचानक मलाई पारा चढ्यो।

होइन, यो कसको काम हो? मैले सोचें। यो त मेरो काम होइन। यो त परमेश्वरको योजना अनुसार बनाइएको केन्द्र हो। अनि हामी कर्मचारीहरूको सभा बस्यौं। मैले त्यो कुरा सबैलाई सुनाएँ, "बार हाल्न आवश्यक पर्ने पैसा परमेश्वरले नै जुटाउनुहुनेछ। त्यसकारण के हामी बार हाल्न ग्रीलवालालाई भनौं? के तपाईंहरू यसमा सहमत हुनुहुन्छ?" सबैले सहमत भएर टाउको हल्लाए। अनि मैले प्रार्थना गरें "हे प्रभु हामी बारहरू हाल्न ग्रीलवालालाई अह्राउनेछौं किनभने तिनीहरूको धेरै आवश्यकता छ।"

ग्रील पसलमा हामीले बारहरू हाल्न अर्डर गर्‍यौं। त्यसको पाँच दिनपछि बुधवारको दिन मैले एउटा इमेल पाएँ। त्यो लेख्ने मानिसलाई मैले कहिल्यै पनि भेटेको थिइँन। उनले लेखेका थिए, "डाक्टर साहेब मैले भर्खरै तपाईंको भिटासालुस बैङ्कको खातामा ४,००० युरो जम्मा गरें भनेर भन्न चाहन्छु।" "परमेश्वरको जय होस्"म अत्यन्तै हर्षित भएर चिच्याएँ। अनि मैले गत शुक्रबार भएको घट्नाहरू उनलाई सुनाएँ। अनि उनले तुरुन्तै जवाफ दिए, "डाक्टर साहेब, त्यो पैसा तपाईंको त्यही कामको निम्ति भनेर निश्चित भइसकेको छ। शुक्रबार बिहान जब म उठें तब मेरो दिमागमा तपाईंको आरोग्य केन्द्रलाई सहयोग गर्ने कुरा दिमागमा खेल्न पुगेको थियो। तपाईंको संस्थामा म कहिल्यै पनि आएको छैन। तर पैसा पठाउनु पर्ने कुरो मेरो मनमा लागिरह्‍यो। मेरी श्रीमती मान्लिन् जस्ती थिइनन्। मैले छोटो प्रार्थना गरें "हे प्रभु, यो पैसा पठाउने कुरो मेरो मनमा तपाईंले राख्नुभएको भए त्यही चाहना मेरी श्रीमतीको हृदयमा पनि राखिदिनुहोस्।" "मैले प्रार्थना गरि सक्नेबित्तिक्कै मेरी श्रीमती मेरो अफिसमा आइन् र सोधिन्

“प्रिय पनेलामा भइरहेको आरोग्य भवन निर्माणको बारेमा तपाईंलाई थाहा छ होइन? त्यसलाई हामीले सहायता गर्नुपर्छ जस्तो लाग्छ।" “उनको कुरा मलाई विश्वासै लागेन। मेलै सोधेँ, कति दिनुपर्ला?" "४००० युरो दिए हुन्छ होला" उनले जवाफ दिइन्।

यो पाठ मेरो निम्ति अत्यन्तै महत्त्वपूर्ण हुन गएको छ। हामीसँग पैसा सिध्दियो भनेर हामीले काम गर्न छाडेको भए परमेश्वरमाथि भरोसा राखेर पाइने आशिष हामीले गुमाउने थियौं होला। यहाँ खास महत्व बारको होइन तर हामीले उहाँको काममा उहाँमाथि भरोसा राख्दै चल्नुपर्ने कुरा महत्वपूर्ण हो । त्यो काम सम्पन्न गर्न उहाँले नै सहयोग गर्नुहुन्छ भन्ने कुरा त्यो घट्नाले स्पष्ट देखाएको थियो।

*डाक्टर भिराटो फरिएरा भिटासालुस वेलनेस सेन्टरको निर्देशक हुनुहुन्छ।*

| कथा ३ | जापानिज पास्टरले ३०,००० डलर पाउँछन्<br>आन्द्र्यु मेकचेस्नी (जापान) |
|---|---|

जापानको राजधानी टोकियोमा रहेको चर्चको पानीको बिल धेरै आएपछि त्यस चर्चका अगुवाहरू अलमलमा परे। त्यो पानीको बिल गत महिनाको भन्दा दोब्बर थियो। आमानुमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका अगुवाहरूले खाने पानी विभागमा गएर पानीको बिल त्यति धेरै कसरी आयो भनेर सोधपुछ गरे। खोज्दै जादा तिनीहरूले यो भेट्टाए कि चर्चको तलतिर पानीको पाइप फुटेको रहेछ र त्यहाँबाट धेरै पानी निस्किरहेको थियो। पानीको पाइप मर्मत गर्न असम्भव भएकोले जमीनमाथि नै पानीको पाइप हाल्न खानेपानी विभागले तिनीहरूलाई सल्लाह दियो। जमिनमाथि पाइप बिछ्याएर पानी ल्याउनलाई ७० लाख यन अर्थान् अमेरिकी डलर ७०,००० लाग्थ्यो।

फेरि चर्चका अगुवाहरूले अर्को ठूलो खर्च व्यहोर्नु परेको थियो। सन् २०१८मा जापानको १६१ स्थानहरूमा सुसमाचारीय कार्यक्रम संचालन गर्ने निर्णय गरिएको थियो। त्यस मध्ये तिनीहरूको चर्च पनि त्यसमा परेको थियो। त्यसको निम्ति तिनीहरूले १ करोड ६० लाख यन अर्थात १ लाख साठीहजार डलर उठाएर जम्मा गर्नुपर्दथ्यो।

अझ चर्चका सदस्यहरूले त सुसमाचार प्रचारको कार्यक्रम गर्न आफूहरूको सहमत नभएको बताएका थिए। त्यसको लागि पैसा धेरै लाग्ने र धेरै मेहनत गर्नुपर्ने भएकोले त्यस कार्यक्रममा तिनीहरूले जोश जाँगर देखाएनन्। आमानुमा चर्चको मुख्य एल्डर

क्वायोइचि मियाजाकीले आफ्नो दुखेसो पोखाए “यो समय अत्यन्तै तनावपूर्ण भएको थियो।"

चर्चका संचालकहरू भेला भएर पानीको पाइपको निम्ति प्रार्थना गरे। प्रार्थना सकेर चर्चको सह पास्टर आफ्नो अफिसमा गए।त्यहाँ उनको अफिसको टेबुलमा ३० लाख यन अर्थात् ३०,००० डलर कसैले छोडेर गएको भेट्टाए।

दक्षिण कोरियाबाट आएको प्रभुको निम्ति काम गर्ने कर्मचारी ह्याले सो कुरा थाहा पाए र अरू चर्चका संचालकहरूलाई अत्यन्तै खुशी साथ सुनाए। अर्को साबथमा अर्को चर्चमा आमानुमा चर्चमा चाहिने पाइपको आवश्यकताको बारेमा उनले सुनाए। पास्टरको टेबुलमा तिस लाख यन कसरी आयो भनेर उनले सोधे र कसैबाट सहयोग गर्न सकिन्छ भने सहयोग गर्नुहोस् भनेर अनुरोध गरे।

जब भेटी सङ्कलन गरियो त्यस भेटीको झोलामा कसैले दश लाख यन अर्थात् १०,००० डलर भएको खाम खसालेर सबैलाई छक्क पारे।

पैसा पाएपछि चर्चका अगुवाहरू अत्यन्तै खुशी भएपनि पैसा दिनेले के गरिरहेको थियो सो राम्रोसँग नबुझी त्यत्रो पैसा दिए अहो मात्र भनिरहे। भेटी गनिसकेपछि त्यत्रो पैसा कसले दियो भन्ने तिनीहरूले थाहा पाए। त्यो भेटी त्यस चर्चमा पहिलो पटक आउने पाहुनाले दिएकी थिइन्। चर्चका अगुवाहरूले तिनलाई सुटुक्क बोलाएर सोधे, “होइन, तपाईंले त्यतिको पैसा दिने नै निर्णय गर्नुभएको थियो त?"

“हिजो राति मैले एउटा सपना देखें। त्यो सपनामा इसाई चर्चमा चन्दा दिन मलाई कसैले भन्यो। म येशूलाई विश्वास

गर्दिंन। म कुनै चर्चमा पनि जान्न न त चर्चहरू कहाँ छन् भनेर नै मलाई थाहा छ। त्यसकारण म इसाई चर्च खोज्दै हिँडेकी थिएँ तब मैले तपाईंको चर्च भेट्टाएँ" विश्वासै गर्न नसकिने गरि उनले आफ्नो कुरा राखिन्। त्यो दस लाख यन चर्चमै राख्न उनले जिद्दी गरिन्।

साबथ पछि ती महिला फेरि कहिल्यै पनि देखा परिनन्। पहिला कसले ३० लाख यन पास्टरको टेबलमा राखे भन्ने कुरा तिनीहरूले कहिल्यै पनि थाहा पाएनन्। यसरी अचम्म तरिकाले चर्चमा चाहिने पानीको नयाँ पाइप बिच्छ्याउने पैसा चर्चले जम्मा गर्न सफल भयो। त्यतिमात्र नभएर सुसमाचारीय कार्यक्रमको निम्ति पनि तिनीहरूले आवश्यक पैसा उठाए। अचम्म तरिकाले आएका चन्दा र बप्तिस्माहरू भएको कारणले त्यस चर्चको आत्मिक वातावरणमा परिवर्तन आएको ऱ्हाले यस लेखकलाई सुनाए। आमानुमा चर्च जापानको सबभन्दा ठूलो एडेभन्टिस्ट चर्च हो। त्यहाँ ९०० जना सदस्यहरू छन्।

"सुरुमा त्यहाँका मानिसहरू नकारात्मक थिए अहिले तिनीहरू जोशिला भएका छन्। तिनीहरूले थाहा पाएका छन् कि परमेश्वर जीवित हुनुहुन्छ" हँसिलो हुँदै हाले सुनाए।

कथा ४

# परमेश्वरको निम्ति काम गर्ने कर्मचारीहरूको लागि पैसा

## होराशियो रिज्जो, (दक्षिण अमेरिका)

हाम्रो योजना अत्यन्तै ठूलो वा महत्वाकांक्षी थियोः सुसमाचार नपुगेका देशहरूमा २५ जना दक्षिण अमेरिकाबाट स्वयंसेवक दम्पत्तीहरू पठाउने हाम्रो योजना थियो।

दक्षिण अमेरिका डिभिजनको अध्यक्ष इर्टोन कोहलरले "मिसिनेरिज टु द वर्ल्ड" कार्यपत्र दक्षिण अमेरिका ब्राजिलको राजधानी ब्रासिलियामा रहेको चर्चको मुख्यालयमा प्रस्तुत गर्दै थिए। त्यसबेला दक्षिण अमेरिका भरिका ८० जना सेभेन्थ-डे एडभेन्टिस्ट अगुवाहरू सहभागी भएका थिए। यो सन् २०१४को कुरो हो। त्यो कार्यपत्र मैले अत्यन्तै चासो मानेर सुनिरहें।

विशेष गरेर मध्यपूर्व एशियाका चर्चहरूले सामना गरिरहेका चुनौतिहरूको बारेमा पास्टर कोहलरले सुनाए। त्यहाँ मानवीय र आर्थिक स्रोतको अभाव भएको पनि उनले वताए। हाम्रो डिभिजनले २५ जना विवाहित दम्पत्तीहरूलाई त्यहाँ पठाउन सक्छ। तिनीहरूलाई पाँच वर्षसम्म चाहिने सबै खर्च हाम्रो डिभिजनले बेहोर्न सक्छ भनेर पनि उनले सुनाए। तिनीहरूलाई चाहिने घर खर्च, जानआउने खर्च र बीमाको निम्ति पनि दक्षिण अमेरिका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले जिम्मेवारी लिन सक्छ भन्ने उनको जिकिर थियो। सुरूमा चाहिने आर्थिक सहयोगको निम्ति उनले हामीसँग अनुरोध गरे। त्यहाँ भेला भएका हामीहरू कुनै न कुनै कन्फरेन्स वा चर्चको निकायका अध्यक्ष थियौं। म सेन्ट्रल वेस्ट अर्जेटिना मिसनको अध्यक्ष थिएँ। हाम्रो क्षेत्र सानो थियो र

हामीसँग थोरैमात्र पैसा थियो। हाम्रो खर्चको निम्ति हामीले अर्जेन्टिना युनियन कन्फरेन्समा भर पर्नुपरेको थियो।

हाम्रो चर्चको सदस्यहरूको आधारमा आर्थिक सहयोग जुटाउन प्रयास गरियोस भनेर पास्टर कोहलरले सुझाव दिए।

तर सबै कन्फरेन्स र मिसन निकायहरू आर्थिक रूपमा सम्पन्न भएका छैनन् भनेर मैले सोचेँ। फेरि चर्चमा नियमितरूपमा आउने आधिकारिक सदस्यहरू र कहिलेकाहीँमात्र आउने सदस्यहरूमा भएका भिन्नता पनि समस्या कै रूपमा थिए।कसैले मेरो मिसनमा १०,००० चर्चका सदस्यहरू छन् भनेर आँकडामा भनिएतापनि केवल ५,००० मात्रै नियमितरुपमा प्रत्येक साबथमा चर्च जान्छन्।

स्वयंसेवकहरूलाई पठाउने प्रस्तावमा मैले पनि प्रतिज्ञा गर्नुपरेको थियो। मेरो मुटु ढुकढुक भयो। हामीसँग भएका चर्चका सदस्यहरूको अनुपातमा बजेट निकै कम थियो। तर ती सदस्यहरूकै आधारमा मैले प्रतिज्ञा गर्नुपरेको थियो। त्यसको अर्थ हामीमा हुने आयव्ययले धान्नै नसक्ने गरि मैले ठूलो प्रतिज्ञा गर्नुपरेको थियो। हामीले बेहोर्न सक्छौं कि सक्दैनौं भनेर सोध्न हाम्रा खजाँञ्ची पनि म सँग थिएनन्। त्यो निर्णय म आफैले गर्न सकेको थिइँन। तैपनि मैले प्रार्थना गरेँ र हाम्रो चर्चको जनसंख्या १०,००० को अनुपातमा सहयोग गर्ने बचन दिएँ। अनि मैले खजाञ्चीलाई एसएमएस गरेँ “ के गर्ने हामीले हाम्रो भाग अनुसार खर्च बेहोर्नै पर्छ।" “हुन्छ" भनेर उनले तुरून्तै खबर पठाए। त्यस आयोजनामा उनले पनि साथ दिन चाहेका थिए।

दुई हप्ता पछि मेरो अफिसमा मलाई आश्चर्य चकित पार्ने कुरोले मलाई पर्खिरहेको थियो। एक जना चर्चको सदस्यले

नसोचेकै बेलामा केही जग्गाजमीन बेचे र उनले दशांसको ठूलो राशि चर्चमा बुझाए। त्यो दशांस डिभिजनले मिसिनेरी कामको सुरूको निम्ति मागेको भन्दा तिन गुणा बढी थियो।

जसले दशांस दिए उसैले पहिला धेरै फाइदा उठाए भन्ने कुरामा म विश्वस्त छु। दक्षिण अमेरिकी डिभिजनले सुरु गरेको सुसमाचार सुनाउने महत्वाकाँक्षी आयोजनाबाट ल्याएको आशिष सबभन्दा धेरै सेन्ट्रल अर्जेन्टिना मिसनका चर्चका सदस्यहरूले पाए भनेर म दावी गर्न चाहन्छु।

*होरेशिओ रिजोले सेन्ट्रल वेस्ट अर्जेन्टाईन मिसनको अध्यक्ष भएर तिन वर्ष काम गरेका थिए। अनि सन् २०१६मा उनी अर्जेन्टिनाको रिभर प्लेट युनिभर्सिटीको अध्यक्षमा नियुक्त भएका थिए। सो विश्वविद्यालयबाट ग्राजुयट भएका तिन जना दम्पत्तीहरू विदेशमा परमेश्वरको निम्ति स्वयं सेवक भएर काम गरिरहेका छन्।*

| कथा ५ | जिद्दीवाल श्रीमतीआन्द्र्यु मेकचेस्नी (इस्ट टिमुर, मारिटाम दक्षिणपूर्व एशिया) |
|---|---|

जेलिन्डो योयाओ इस्ट टिमुरका साहु व्यापारी थिए। उनी इस्ट टुमुरको लोसपालो आइतबारे चर्चमा जाने गर्थे। तर जब आइतबार होइन शनिबार नै बाइबलले सिकाएको साबथ हो भनेर विश्वास गरेपछि आइतबार चर्च जान छोड्ने कुरा उनले आफ्नी श्रीमतीलाई सुनाए।

“तपाईं बहुलाउनुभयो कि क्या हो? पहिला तपाईंले नै दुई वटा त्यति ठूला पसलहरू शनिबार बन्द गर्नुभयो अब फेरि तपाईं त चर्च नै छोड्ने भनेर भन्नुहुन्छ किन?"

“मैले बाइबलमा सत्य कुरो भेट्टाए" भनेर जेलिन्डोले सुनाए। तर उनकी श्रीमती डुल्सले उनको कुरा सुन्न चाहिनन्। “ त्यसोभए अबदेखि तपाईं आफ्नै बाटोमा हिड्नुहोस् र म मेरै बाटोमा हिड्छु" उनले धम्क्याउदै भनिन्। तिनले आफ्नो श्रीमानको निम्ति खाना पकाउन पनि छोडिन्  कहिलेकाहीँ त घरभित्र चुकुल लगाएर तिनले आफ्नो श्रीमानलाई घरमा पस्न पनि दिइनन्।

जेलिन्डोले रूदै प्रार्थना गरे, “होइन, मलाई यो के भइरहेको छ? मैले बाइबलमा सत्य कुरो भेट्टाएँ र त्यसको पालना गर्दा मेरी श्रीमती त मलाई नै त्यागन खोज्छिन्। बाइबलले सिकाएको साबथ पालन गर्दा मैले यो कस्तो हविगत सहनुपरेको हो यो?"

बिहान बिहानै डुल्स ठूलो बिशाल बजारमा जान्थिन् तर जेलिन्डो घरमा सानो छोरोलाई स्याहार गरेर बस्थे। अनि दिउँसोदेखि राति ९ बजेसम्म जेलिन्डो पसलमा काम गर्न जान्थे। त्यसबेला भने उनकी श्रीमती घरमा आएर सानो छोरोलाई स्याहार्थिन्।

एक दिन बिहान जेलिन्डोले यो प्रार्थना गरे, "हे प्रभु, मैले मेरो आइतबारे चर्च छोड्नु नै पर्छ भने मेरो जीवनमा कुनै अचम्मको काम गरेर छोडाउनुहोस्।"

जब त्यो दिन दिउँसो जेलिन्डो पसलमा गए तब त्यहाँ उनकी श्रीमती डुल्स बाइबल पढिरहेको देखेर उनी चकित भए। उनी केवल चर्चमात्र जान्थिन् तर बाइबल कहिल्यै पनि पढदिनथिन्। उनले प्रकाश १२ अध्यायमा उल्लेखित स्त्री र शैतानरूपी अजिङ्गरको बारेमा पढिरहेकी थिइन्। "प्रिय, तिमीले पढेको तिमीले बुझिनौं भने म तिमीलाई व्याख्या गरेर बुझाउन चाहन्छु" जेलिन्डोले भने। डुल्सले आफ्नो हात डेस्कमा बजारिन्। त्यसले ग्राहकहरूको ध्यान उनीतिर मोड्यो। तब रुँदै डुल्सले भनिन् "ती आइतबारे क्रिश्चियनहरूले हामीलाई किन झुट बोले? यो सत्य कुरा तिनीहरूले हामीबाट किन लुकाए?"

जेलिन्डोले आफ्नी श्रीमतीलाई अङ्गालोमार्दै मनमनमै परमेश्वरलाई धन्यवाद दिंदै प्रार्थना गरे "मेरो प्रार्थना सुन्नुभएकोमा धन्यवाद प्रभु। आज मैले अचम्मको काम देखें।"

अनि त्यो साता शनिबारको दिन पहिलो पल्ट पूरै परिवार सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए। पछि जेलिन्डो र उनकी श्रीमती डुल्स दुवैले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। वर्ष ४२का जेलिन्डोले भने तिनले आफ्नो काममा परमेश्वरको महिमा

गरेको हुनाले उहाँले विश्वासै गर्न नसकिने गरेर आशिष दिनुभएको छ।तिनीहरूले आफ्नो बिशाल बजारमा रक्सी, जाँड, चुरोठ, कफी र चिया समेत बेच्न छोडे। आफ्ना कर्मचारीहरूको निम्ति तिनीहरूले नियम पनि परिवर्तन गरे। कर्मचारीहरूलाई तलबमात्र होइन खाने बस्ने पनि व्यवस्था गरिदिए। हरेक विहान र बेलुका परमेश्वरको आराधना गर्न तिनीहरूले ती कर्मचारीहरूलाई बोलाए। हप्ताको एक दिन बेलुका बाइबल अध्ययन गर्न पनि तिनीहरूलाई अनुरोध गरे। प्रत्येक दिन जेलिन्डो यसरी प्रार्थना गर्छन् “मेरो यो व्यापारको धन्धा तपाईंको महिमाको निम्ति प्रयोग गर्न चाहन्छु। तपाईंतिर मानिसहरू ल्याउन मलाई सहयोग गर्नुहोस्।"

पसलका कर्मचारीहरू बाइबल अध्ययन गर्न थालेपछि छक्क पर्न थालेका छन्।तिनीहरू जेलिन्डोसँग यसो भन्छन् “बाइबलबाट तपाईंले के सिकाइरहनुभएको छ? यो त साँच्चिकै सत्य पो रहेछ।"

*आफूले आशा गरे भन्दा धेरै परमेश्वरले उनको व्यापारलाई आशिष दिनुभएको छ भनेर* जेलिन्डोले *खुशी हुदैं यी लेखकलाई सुनाए।*

| कथा ६ | श्रापबाट मुक्ति<br>चानमिन चुङ्ग<br>(मध्यपूर्व एशिया) |
|---|---|

मध्यपूर्वको विश्वविद्यालयमा भर्ना हुने समयमा सनी र सलमाको भेट भएको थियो। तिनीहरू त्यस विश्वविद्यालयको प्रथम वर्षमा अध्ययन गर्न भर्ना भएका थिए। एशियाबाट आएकी सनी "वाल्डनसियन विद्यार्थी" थिइन्।त्यो विश्वविद्यालय एडभेन्टिस्ट चर्चको मिडिल इस्ट र नर्थ अफ्रिका युनियन भित्र पर्दछ। सलमा चाहीँ स्थानीय विद्यार्थी थिइन् जो येशूलाई विश्वास नगर्ने घरमा हुर्केकी थिइन्।

ती दुई युवतीहरू छोटो समयमै साथी भए। तिनीहरू एउटै क्लासमा जान्थे र एउटै छिमेकी टोलमा बस्दथे। आफ्नो साथी त एडभेन्टिस्ट इसाई पो रैछिन् भनेर सलमाले चाँडै नै थाहा पाइन्। इसाईहरूबाट पन्छिएर बस्नुपर्छ भनेर उनलाई सिकाइएको थियो। तर सनी ज्यादै दयालु र इमान्दार थिइन्।

जब तिनीहरूको मित्रता बढ्दै गयो तब सनी बसेको ठाउँमा एक दिन शुक्रबार आराधना सेवामा भाग लिन सलमालाई सनीले अनुरोध गरिन्। त्यो अनुरोधलाई उनले पनि स्वीकारिन्। उक्त सतसङ्गमा अरू एडभेन्टिस्टहरूलाई पनि सलमाले भेटिन्। तिनीहरूको मित्रवत स्वभाव र मन खोलेर गर्ने छलफल अनि बानी व्यवहार सलमालाई मन पऱ्यो। अनि प्रत्येक शुक्रबार उनीपनि अरूसँगै भजन गाउन प्रार्थना गर्न थालिन्।

एक वर्षपछि सनीले सलमालाई एडभेन्टिस्ट चर्चमा आउन आग्रह गरिन्। त्यो उनले स्वीकारिन्। तर उनका परिवार र

साथीहरूले भने उनको कडा आलोचना गरे। “तिमी त्यहाँ किन गयौ?" एक जनाले सोध्यो। “त्यसको मतलब के तिमी क्रिश्चियन भयौ ?" अर्कोले सोध्यो।

सलमा यदि तिमी इसाई भयौ भने तिमीलाई श्राप लाग्छ भनेर उनको परिवारले उनलाई चेतावनी दिए। सलमालाई चिन्ता त लागेको थियो तर चर्चमा भने गइ नै रहिन्। युवायुवतीहरूको गीतिसमूह क्वायरमा भाग लिन पाउँदा उनी रमाएकी थिइन् साथै स्वास्थ्यको सेमिनारहरूमा पनि उनले भाग लिन थालेकी थिइन्। उनको एडभेन्टिस्ट साथीहरूले उनको निम्ति पनि प्रार्थना गर्न थाले।

एक शुक्रबार सङ्गतिको समयमा सवैजनाले येशूको जीवनीको भिडियो हेरे। त्यसपछि प्रेरितको पुस्तक अध्ययन गर्न सलमाले अनुरोध गरिन्। “उनको अनुरोधले मलाई अचम्म बनाएको थियो किनभने वर्षभरि नै उनले बाइबल पढ्न चासो देखाएकी थिएन," सनीले भनिन्।

सलमा हरेक हप्ता हुने बाइबल अध्ययनमा सरिक भइन्। तर बप्तिस्मा लिने विषयमा भने चासो नभएको कुरा उनले गरेकी थिइन्। उनको कारण आफ्नो परिवारमा श्राफ पर्ला भनेर उनी चिन्तित थिइन्।

एक साबथ महिलाहरूको विशेष सङ्गतिमा सलमा पनि सरिक भइन्। त्यसबेला प्रत्येक महिलाले मुटुको आकार भएको कार्डमा लेखिएको बाइबलको पद पढेर ध्यान गर्न भनेका थिए। उनले प्रार्थनापूर्वक एउटा कार्ड लिइन् र त्यहाँ के लेखिएको रहेछ भनेर पढिन्। त्यसमा लेखिएको थियो, “प्रभु येशूमा विश्वास गर। तिमी र तिम्रा घरपरिवारले मुक्ति पाउनेछ" (प्रेरित १६:३१)।

यो पढिसकेपछि उनको परिवारमा हुने श्रापको बारेमा चिन्ता गर्न आवश्यक नभएको उनले महसुस गरिन्। अनि त्यसै भेलामा उठेर आफू बप्तिस्मा लिन राजी भएको कुरा उनले सबैलाई सुनाइन्।

“यो कथाको अन्त्य भएको होइन तर सुरूमात्र भएको हो" सनीले सुनाइन्।“मेरो अध्ययन सकेपछि मैले यहीँ बस्ने सुर कसेको छु। सलमा जस्ता व्यक्तिहरूलाई जीवनपर्यन्त साथी बनाउन सकुँ भन्ने मेरो योजना छ। उनी जस्तै अरू मानिसहरू पनि आउन् भनेर मैले परमेश्वरसँग प्रार्थना गरिरहेकी छु" सनीले आफ्नो योजना यी लेखकलाई सुनाइन्।

*(**यस** कथाका लेखक मिडिल इस्ट र नर्थ अफ्रिका युनियनको संचार निर्देशक हुनुहुन्छ )*

| कथा ७ | युगान्डाका राष्ट्रपतिलाई उपहार<br>आन्ड्र्यु मेकचेसनी<br>(युगान्डा, अफ्रिका) |
| --- | --- |




जब म **सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको विश्व अध्यक्ष टेड विल्सन** बसिरहेको युगान्डाको होटलमा आइपुगें **त्यसबेला उनी धार्मिक** किताबहरूको बारेमा सोच्दै थिए। त्यहाँ चर्चका अरू अगुवाहरू पनि थिए। उहाँहरू युगान्डाको राष्ट्रपति योवेरी मुसाभेनीलाई भेट्ने तरखरमा थिए। त्यसबेला चर्चका अगुवाहरूलाई पास्टर विलसनले यो सुनाए "राष्ट्रपतिको निम्ति मसँग बिशेष कलम छ। त्यस कलममा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको नाउँ र छाप छ। तर तपाईंहरूसँग उहाँलाई दिने केही किताबहरू छन्?"

"मेरो कोठामा एउटा सानो रङ्गिन स्टेप्स टु क्राइस्ट छ" मैले भनें। आफ्नो घडी हेरेर पास्टर विल्सनले माथि कोठामा गएर त्यो किताब छिटो ल्याउन अनुरोध गर्नुभयो। म हतपत उक्लेर कोठामा गएँ। त्यो किताब मैले किन सुटकेसमा हालें भनेर मलाई पहिलै अचम्म लागेको थियो। दुई हप्ता अगाडि यात्राको निम्ति जब मैले सुटकेस मिलाउँदै थिएँ तब बुबाले मलाई

अरूलाई दिन मिल्ने केही किताब लाने सोच छ कि छैन भनेर मलाई सोध्नुभएको थियो। अरूलाई दिन केही किताब नलाने भनेर मैले बुबालाई जबाफ दिएँ।म रूस जाँदा पाँचवटा *स्टेप्स टु क्राइस्ट* भन्ने पुस्तक मैले साथमा लगेको थिएँ त्यसबेला ती किताबहरूप्रति चासो देखाउने मानिस भेट्न मलाई धेरै गाह्रो भएको थियो भनेर मैले बुबालाई भनें।

“जे भएपनि अरूलाई दिन केही किताबहरू तिमीले लानु बेस हुनेछ" भनेर बुबाले भन्नुभयो। अनि आनाकानी गरेर टेक्सासको कीन सहरमा रहेको एडभेन्टिस्ट बुक सेन्टरमा पाँचवटा *स्टेप्स टु क्राइस्ट किताब* किनें। तर ती किताबहरूले मात्र बुबाको चित्त बुझेन। “तिमी नयाँ बाइबल पनि लान्छौ कि?" भनेर बुबाले फेरि सोध्नुभयो। प्रायजसो जब म यात्रामा जान्छु तब म नयाँ बाइबल किन्छु किनभने कसैले प्रवचन दिन अनुरोध गरेमा म त्यसैबाट पढ्छु र त्यसपछि अरूलाई दिन्छु किनभने म मेरो मोबाइलमा रहेको बाइबल नै पढ्न रुचाउँछु। जब म प्रवचन दिन्छु तब मोबाइल हातमा लिएर प्रवचन दिन भने मलाई मनपर्दैन। तर अहिले मलाई बाइबलको आवश्यकता छैन किनभने कहीं पनि प्रवचन दिने मेरो योजना छैन। तर बुबाले बाइबल लान मलाई सल्लाह दिइरहनुभयो। त्यसकारण कालो छालाको खोल भएको न्यु किङ्गस जेम्स भर्जन मैले किनें। त्यो बाइबल मैले सम्झें। अनि पास्टर विलसनलाई त्यो बाइबल र *स्टेप्स टु क्राइस्ट* ल्याइदिएँ।

केही समयपछि नै हामी युगान्डाको राजधानी अनटबेमा रहेको राष्ट्रपति भवनमा गयौं। त्यहाँ राष्ट्रपति मुसाभेनीले हामीलाई हार्दिक स्वागत गर्नुभयो। कुरै कुरामा उहाँले अरू प्रश्नहरूको

साथै एडभेन्टिस्टहरू शनिबारको दिन किन सावथ पालना गर्छन् भनेर पास्टर विलसनको सामु प्रश्न राख्नुभयो । त्यसबेला पास्टर विल्सनले उहाँलाई छोटो बाइबल अध्ययन दिनुभयो र एडभेन्टिस्ट विद्यार्थीहरूको निम्ति साबथमा परीक्षा दिनुनपर्ने नियम बनाउन अनुरोध गर्नुभयो। यो विषयलाई पछि हेर्छु भनेर राष्ट्रपति मुसभेनीले पास्टर विलसनलाई आश्वस्त पार्नुभयो।

पास्टर विल्सनले एडभेन्टस्ट नाउँ खोपेको कलम उपहार स्वरुप राष्ट्रपतिलाई टक्राए र भन्नुभयो “यस कलमद्वारा तपाईंले राष्ट्रको महत्त्वपूर्ण कागजहरूमा सही गर्न सक्नुहुन्छ र अझ विशेष गरेर बाइबलमा तपाईंलाई मन पर्ने पदहरूकोमुनि धर्को तान्न सक्नुहुन्छ।" अनि उहाँले मैले ल्याएको बाइबल र *स्टेप्स टु क्राइस्ट* उपहार स्वरूप दिनुभयो। उहाँले पाहुनाहरूले देखून् भनेर बाइबल उचाल्नुभयो (फोटोले देखाउँछ)।

त्यसैबेला मैले अत्यन्तै उत्तेजित भएर स्काइपमा बुबालाई बोलाएर भनें “पवित्र आत्माको आवाज सुन्नुभएकोमा तपाईंलाई धन्यवाद छ।

अब म जहाँ गएपनि नयाँ बाइबल र केही *स्टेप्स टु क्राइस्टहरू* लिएर जाने गर्छु।

कथा
८

*भलिबल खेलेर सुसमाचार प्रचार*
*विलसन मिजापोगु*
*(नेपाल)*

मान बहादुर राई र उनका परिवार भारतको सिमानामा जोडिएको प्रदेशको एउटा गाउँमा बस्दछन्। उनको घर वरिपरि छवटा माटाका भाँडाहरू राखिएका थिए। ती भाँडाहरू दुष्ट आत्माहरू रहून भनेर राखिएका थिए। जब आमाले भात पकाउँथिन् तब उनले केही भात ती भाँडाहरूमा राखिदिन्थिन्। त्यो भात ती दुष्ट आत्माहरूले खान्छन् भनेर उनी विश्वास गर्थिन्। यदि कुनैदिन एउटा भाँडोमा खानेकुरा राख्न बिर्सिएमा पूरै परिवारलाई खाएको कुरा अपच वा अरू कुनै नराम्रो रोगले सताउँनेछ भनेर उनी डराउँथिन्।

मानबहादुरका बाबुआमा गाउँकै प्रख्यात झाँक्री थिए। गाउँका कोही मानिसहरूमा रोग बिमार लाग्यो भने तिनीहरू मानबहादुरको घरमा झारफुकका लागि आउँथे। तिनीहरूले तन्त्रमन्त्र गरेर दुष्ट आत्मा धपाएर रोग निको पार्न सक्छन् भन्ने गाउँलेहरूमा विश्वास थियो। तिनीहरूले नदेखिएको परमेश्वर येशूको त नाउँ पनि सुन्न चाहेका थिएनन्। तिनीहरू त देखिने काठको, फलामको वा ढुङ्गाको देवताहरूलाई मात्र पूजा गर्न मनपराउँथे।

एक दिन १८ वर्षको मान बहादुर कामगरेर घर फर्किंदै थियो एउटा घरमा कन्याकेटीबाट बालक जन्मेको कथा कसैले भनिरहेको उसले सुन्यो। यस्तो हुँदै नहुने कथा कसले पढिरहेको छ भनेर उसले अचम्म मान्यो। अनि कथा पढिरहेको घरमा पस्यो। त्यहाँ एक जनाले कालो किताब पढिरहेको उसले देख्यो।

त्यहाँ घरेलु सङ्गति भइरहेको थियो। सङ्गतिपछि मानबहादुरले त्यो किताब पढ्ने व्यक्तिसँग कस्तो अनौठो कुरा सिकाइरहेको भनेर विवाद गर्यो। पाहुना भएर आएका सेभेन्थ-डे एडभेन्टिस्ट पास्टरले मान बहादुरसँग वादविवाद गरेनन् बरू मुसुक्क हाँसेर भोलि बेलुका पनि आउन आमन्त्रण गरे। एक हप्ताको बाइबल अध्ययन पछि मान बहादुरले पनि बाइबल पायो। बाइबलमा लेखिएको कुरा आफ्नो धर्मसँग नमिल्ने भएकोले त्यो गलत पुस्तक हो भनेर प्रमाणित गरेर देखाउन मानबहादुरले बाइबल पढ्न थाल्यो। तर उसले जति बाइबल पढ्यो त्यति नै उसमा येशू नै जीवित परमेश्वर हुन् भन्ने कुराको विश्वास जाग्यो। अन्तमा उसले आफ्नो हृदय येशूलाई सुम्पियो।

जब उसले मैले त येशूलाई विश्वास गरेँ भनेर बुबालाई सुनायो तब उसका बुबाआमा रिसले चुर भए। तिनीहरूले आफ्नो छोरालाई बेस्सरी कुटे र घरबाटै निकाली दिए।

मानवहादुरकी आमा रातभरि रोइन्। भोलिपल्ट आफ्नो छोरो कहाँ छ उसलाई खोजेर एउटा पाठो दिएर भएपनि बोलाइ दिनु भनेर साथीलाई अनुरोध गरिन्। मान बहादुर त्यो पाठो पाएर अत्यन्तै खुशी भयो र प्रार्थना गर्यो । प्रार्थना गरेपछि त्यो पाठो बेचेर भलिबल र जाली किन्न भनि मनभित्र कसैले उसलाई घच्घचायो। पाँच गाउँको बीच चौरमा उसले भलिबल खेल्न भनि जाली टाँग्यो र त्यहा एक्लै पनि खेल्न थाल्यो। अनि केही युवाहरू त्यतातिर आएर तिनीहरू पनि उसँग खेल्न मिल्छ कि भनेर भन्न थाले। “हुन्छ आऊ, तर तिमीहरू सवैले बाइबलको पद कण्ठ गर्नुपर्छ" भन्ने शर्त मान बहादुरले राख्यो।

ती जवानहरू खुशीसाथ ती बाइबलका पदहरू कण्ठ गर्दै भलिवल खेल्न थाले। जब तिनीहरू खेल्न थाले त्यसपछि गाउँका अरू युवाहरू पनि थपिए र बाइबलको पद कण्ठ गर्दै भलिबल खेल्दै नर्न थाले। जब एउटा खेल सकियो तब अर्को खेल पनि सुरू गर्न मानबहादुरसँग ती युवाहरूले अनुरोध गरे। “हुन्छ , तर तिमीहरूले परमेश्वरको बारेमा गीत पनि सिक्नुपर्छ" भनेर मानबहादुरले भन्यो।यसरी केही समयपछि नै ती युवाहरूले बाइबलका धेरै अंशहरू कण्ठ गरे र भजनहरू पनि गाउन थाले।

जब मैले बाइबल सिकाउने कक्षा संचालन गर्छु भनेर सुनाए तब पहिलो दिनमै उसले आफ्नो कथा मलाई भन्यो। त्यसबेला उसले उसँग रहेका तिन जना युवाहरूलाई पनि मसँग चिनायो। “ती भाइहरूले भलिबल खेलेरै सुसमाचार सुनेका थिए। तिनीहरूले येशूलाई ग्रहण गरेका छन् र तिनीहरू पनि बाइबल सिकाउने कार्यकर्ता हुन चाहन्छन्" उसले भन्यो।

घरबाट निकालिएको मानबहादुर जो फोटोमा हसिलो मुहार लिएर बसिरहेको छ, धार्मिक ग्रन्थमा निपूर्ण त छैन। तर परमेश्वरको सदा रहिरहने राज्यमा रहन नयाँ नयाँ परिवारहरू बनाउन आफ्नो गाउँमा ऊ सक्रिय छ।

## कथा ९

## रूसका अनाथहरूलाई सिकाउँदै
## आन्द्र्यु मेकचेसनी
## (रुस)

त्यहाँ असाध्यै ठूलो चुनौति देखा परेको थियो। ५९वर्षकी नाटाल्या बलानले रूसको अनाथलयबाट दुई जना स साना दाजुभाइहरूलाई आफ्नो घरमा ल्याएकी थिइन्। उनी तिनीहरूका बज्यै बनेकी थिइन्। तिनीहरूलाई जीवित परमेश्वरको बारेमा कसरी सिकाउने भन्ने कुरामा उनी अलमलमा परेकी थिइन्।

१० वर्षको दानिल र उसको ९ वर्षको भाइ निकिटालाई जड्याँहा बाबुले मर्ने गरि पिट्थ्यो। बाबुको दुर्व्यवहार सहन नसक्ने भएकोले कसैले तिनीहरूलाई रुसको एउटा अनाथालयमा राखिदिएका थिए। तिनीहरूको आमाको मृत्यु भइसकेको थियो।

नाटाल्याको श्रीमान् याकोभ अवकास प्राप्त सेभेन्थ डे पास्टर थिए। तिनीहरूले ती बालकहरूलाई धर्मपुत्र पाल्न आफ्नो घर ओबोलेन्स्कमा ल्याएका थिए। ४,६०० जनसंख्या भएको यो सहर रुसको राजधानी मास्कोको दक्षिण भागमा पर्दछ। यो मास्कोबाट ७० माइल वा ११५ किलोमिटर टाढा पर्दछ। प्रत्येक एडभेन्टिस्टले टुहुरालाई पाल्नुपर्छ भने एडभेन्टिस्ट चर्चको सह संस्थापिका एलेन जी ह्वाइटले गरेको अनुरोधबाट प्रभावित भएर तिनीहरूले ती टुहुरा बालकहरूलाई घरमा ल्याएका थिए। बाबुआमा बनेका योकोभ र नाटाल्याले परमेश्वरसँग भित्री मनदेखि प्रार्थना गरे कि तिनीहरूको जीवनमा परमेश्वर प्रकट होऊन्।

एकदिनको कुरा हो उनीहरूको जीवनमा अप्रिय घट्ना घट्यो। दानिल र निकिटासँग दुईवटा पुराना साइकल थिए। एउटा दयालु छिमेकीले ती साइकलहरू तिनीहरूलाई दिएका

थिए। ती केटाहरू साइकल चढ्न असाध्यै मन पराउँथे। तर साइकल लिफ्टबाट सात तला माथि रहेको कोठामा लान भने ती केटाहरू पराउँदैनथे। ती साइकल पहिलो तलाकै भरेङ्ग निर राखिन्थ्यो। बुबाले तिनीहरूलाई त्यसो नगर्नु भनी सुझाव दिएका थिए। तर तिनीहरूले बाबुको कुरा सुनेनन्। एक दिन तिनीहरूको साइकल हरायो त्यसपछि ती केटाहरू बेस्सरी रोए

"परमेश्वरसँग सहायताको निम्ति प्रार्थना गरौं" आमा नाटाल्याले भनिन्। विहानको आराधनामा उनले प्रार्थना गरिन् "हे प्यारो प्रभु साइकल चोर्ने केटाहरूलाई ती साइकल फर्काउन मद्दत गर्नुहोस्।" अनि केटाहरूले पनि प्रार्थना गरे।

तिनीहरू रहेको गाउँमा केवल एउटामात्र स्कूल थियो। स्कूलकै केटाहरूले ती साइकल चोरेको हुनुपर्छ भन्ने आमालाई लागेको थियो। उनी त्यहीँ स्कूलमा गइन् र हेडमास्टरको अनुमति लिएर उनले त्यो सूचना स्कूलका भित्ताहरूमा टाँसिन्ः त्यस स्कूलका केही केटाहरूले आमाबाबु नभएका दुई जना दाजुभाइका साइकलहरू चोरिएका छन्। कृपया ती साइकल फर्काइदिनुहोस्।"

तिन दिनसम्म बिहान बेलुकै ती आमा र दाजुभाइहरूले प्रार्थना गरि नै रहे।

अनि कसैले तलबाट घन्टि बजायो। एक जना पुरुषले तल आएर साइकल लान बोलए। जब आमा तल आउनु भयो तब एक जना अपरिचित मानिसले नयाँ र महङ्गो बाइसाइकल हातले समाती रहेको उनले देखिन्। "जब एक कक्षा पढ्ने मेरो छोरोलाई लिएर म स्कूलमा गए तब मैले तपाईंको सूचना पढें।

मेरो छोरो अहिले सानै छ त्यसकारण यो साइकल तपाईंलाई नै दिने निर्णय गरें। कृपया लिनुहोस्" उनले भने।

दाजु दानिलले त्यो ठूलो साइकल पायो र त्यस दिन बेलुका "प्रभु यस्तो राम्रो साइकल दिनुभएकोमा तपाईंलाई धेरै धेरै धन्यवाद छ" भनेर उसले प्रार्थना गऱ्यो। निकिता पनि खुशी नै थियो तर आफ्नो पनि साइकलन भइदिएको भए हुन्थ्यो भन्ने उसले चाहेको थियो। आमाले भनिन् "लौ यसको निम्ति पनि प्रार्थना गरौं।" निकिताले पनि साइकल पाओस् भनेर ती परिवारले धेरै दिनसम्म प्रार्थना गरे।

एक दिन बिहान तलबाट फेरि घन्टी बजाएर कसैले वोलाएको तिनीहरूले सुने "तल आउनुहोस् र साइकल लिनुहोस्।" आमा तल आउँदा त कहिल्यै नचिनेको मानिसले अर्को महङ्गो साइकल पो ल्याएको रहेछ। आफ्नो एक कक्षामा पढ्ने छोरोको निम्ति त्यो साइकल ठूलो भएकोले त्यो उपहार दिन ल्याएको भनेर त्यस मानिसले भन्यो। निकिताको खुशीको सिमा नै रहेन। "हाम्रा प्रार्थनाहरू सुन्नुभएकोमा परमेश्वरलाई धेरै धन्यवाद दिन चाहन्छु। मेरा छोराहरूले पनि परमेश्वरलाई चिन्न सकून् भनि म प्रार्थना गर्दछु" नाटाल्याले यी लेखकलाई सुनाइन्।

| कथा १० | आबखाजियामा तिन चेतावनीहरू<br>आन्द्र्यु मेक्चेस्नी<br>(आवखाजिया, युरोशिया) |
|---|---|

सोभियत गणतन्त्र जर्जियाबाट छुटेर गएको राष्ट्र आखाजियाको सुखुमी सहरको बाहिरी बजारमा भ्यालेन्टिना डमिट्रिन फटाफट हिंड्दै थिइन्। उनी आफ्नो परिवारको निम्ति रोटी वनाउन मकैको पिठो खोज्दैथिइन्। उनीसँग धेरै पैसा थिएन। उनी वसेको सहर सुखुमीमा एक महिनासम्म गृहयुद्ध हुँदा त्यस ठाउँमा खानेकुराको गम्भीर अभाव भएको थियो। भ्यालेन्टिनाले कपडाको झोलामा सुकेको मकै बेचिरहेकी एक महिलालाई भेटिन्। तर त्यो किन्न उनीसँग पैसा थिएन। भ्यालेन्टिना चुपचाप ठिङ्ग उभिएर मेरो परिवारलाई कसरी खान दिने होला भनेर सोचिरहेकी थिइन्।

अचानक कसैले उनको बायाँ काँधमा हिर्काएर गम्भीर आवाजमा भन्यो "भाल्या यहाँबाट छिटो निस्की।" अचम्म मान्दै उनले पछाडि हेरिन् त्यहाँ कोही पनि थिएन। एक छिन त भ्यालेन्टिना अकमक परिन्, तर उनले आफ्नो श्रीमान् पाभेल र १६ वर्षको छोरो नताशालाई सम्झिन्। उनको श्रीमान् सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर थिए। भ्यालेन्टिनाले मकै बेचिरहेकी महिलालाई लालायित भएर हेरिन्। फेरि पछाडि कुममा कसैले हिर्काएर "यहाँबाट झट्ट गइ हाल" भन्ने आवाज आयो। केही न केही नराम्रो हुनेवाला छ जस्तो देखेर उनी बजारबाट बाहिर निस्किन खोजिन् तर उनी आफ्ना दुई जना छिमेकीहरू युरी र टाइसियालाई वोलाउन भनि रोकिइन्। उनले त्यसबेला परालको

कुचोहरू बेचिरहेकी महिलालाई देखिन् र सोधिन् "कति हो?" तर तेस्रो पल्ट पनि कसैवाट कुममा हात राखेर "भाल्या यहाँबाट अहिले नै तुरन्त निस्की हाल" भन्ने आवाज फेरि आयो। त्यसपछि भ्यालेन्टिना त्यहाँवबाट भागिन्। दुई मिनेट पछि उनको शिरमाथि बन्दुकका गोलीहरू उडिरहेको उनले देखिन्। फेरिपनि अर्को दुईवटा गोलीहरू उडे। भ्यालेन्टिना मरेतुल्य भएर जहाँको त्यहीं घोप्टो परेर लडिन्। एक छिनमै सहरको बजारभरि ठूलो बम पड्केको आवाज आयो। भ्यालेन्टिनाले बजारबाट धुवाँको मुस्लो बादल जस्तै उडिरहेको देखिन्। त्यही बजारबाट धुलोहरू पनि उडिरहेका थिए। आँखाभरि आँसु झारेर प्रार्थना गर्दै तिनी घरतिर दगुरिन् "प्रभु मलाई बचाउनुभएकोमा धन्यवाद। तर म को हुँ र? मलाई किन रक्षा गर्नुभयो?"

केहि समयको अन्तरालपछि भ्यालेन्टिना त्यही बजारमा फर्केर आइन्। त्यहाँ बमले जमिनमा ठूला प्वालहरू वनाएका थिए। उनी जहाँ उभिएर मकै र कुचोलाई लालायित भएर हेर्दै थिइन् त्यहाँको जमिनमा पनि दुई वटा ठूला प्वालहरू उनले देखिन्।

यो घट्ना सन १९९३मा भएको थियो। त्यो कुराको सम्झना गर्दै उनी यशैया ४३:२पदलाई याद गर्छिन् जहाँ लेखिएको छ "जब तिमी पानीहरूबाट जान्छौं म तिमीसित हुनेछु। तिमी नदीहरूबाट जाँदा त्यहाँको वाढीले तिमीलाई डुवाउने छैन। जब तिमी आगोमा पर्छौं त्यसले तिमीलाई जलाउनेछैन। यसले तिमीलाई पोल्ने छैन" (रूपान्तरित)।

गोलावारी आगो जस्तै हो जसले मानिसलाई पोल्छ। "तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ "म तिमीसँग हुनेछु" उहाँसँग हिंडेर उहाँको निम्ति जिएर हामीले उहाँलाई नै हाम्रो सुरक्षाको

जिम्मा दिएका हुन्छौं। हाम्रो सम्पूर्ण जीवन नै उहाँको सेवाको निम्ति समर्पित गरेका  छौं। येशू यस संसारमा किन आउनुभयो त? एलेन जी ह्वाइटको भनाइ अनुसार उहाँ सेवा गर्न आउनुभएको हो। हाम्रो जीवनको लक्ष्य नै सेवा गर्नु हो" ढुक्क हुँदै भ्यालेन्टिना यी लेखकलाई सुनाउँछिन्।

| कथा ११ | सुखी परिवारको रहस्य<br>आन्द्र्यु मेक्चेस्नी<br>(जिम्बावे, अफ्रिका) |
|---|---|

हेजेल मोयोको निम्ति घर खुशीयालीपूर्ण थिएन। उनको बुबा रक्सीले टिल्ल हुन्थे। आमाबुबा जहिले घमासान झगडा गर्थे। तिनीहरू अफ्रिकाको जिम्बावेको सानो गाउँ ग्वान्डामा रहन्थे। आफ्नो घरमा पनि सुख शान्ति भए कस्तो हुन्थ्यो होला भनेर हेजेल सोच्ने गर्दथिन्।

जब हेजेल १४ वर्षकी भइन् तब उनले एउटा निर्णय गरिन् जसले गर्दा उनको घर सदाको निम्ति परिवर्तन भएको थियो। उनको कारणले घरमा विभिन्न घट्नाहरू भयो जसले घरमा आमूल परिवर्तन ल्याएको थियो। सर्वप्रथम त, उनी चर्चमा जान थालिन्। अरू बालबालिकाहरू आइतबारको दिन चर्चमा गएको उनले देखेकी थिइन् र उनी पनि त्यहा जान चाहेकी थिइन्। आफ्नो नौ वर्षको भाइलाई डोऱ्याएर उनी चर्चमा गइन्। उनले बाह्र कक्षा सकेपछि कहाँ पढ्ने होला भनेर खोजिनीति गर्ने क्रममा एउटा अखबारमा सोलुसी युनिभर्सिटीको विज्ञापन देखिन्। यो विश्वविद्यालय सेभेन्थ-डे विश्वविद्यालय थियो र त्यो उनको घरबाट टाढा थियो। त्यहाँ बसमा चढेर जाँदा साढे दुई घण्टा लाग्थ्यो। जब विश्वविद्यालयबाट विद्यार्थीहरू भर्ना गर्न उनको गाउँमा आए तब उनले तिनीहरूलाई भेटे। त्यस विद्यालयमा जान उनी राजी भइन्। उनको बुबाले पनि उनको पढाइ खर्च बेहोर्न मञ्जुर गरे।

सोलुसीमा हेजेल गीत गाउने समूहमा सम्मिलित भए। त्यस समूहका विद्यार्थीहरूलाई उनले साबथको बारेमा धेरै प्रश्नहरू गरिन्। त्यस समूहको एक जना भर्खरै विवाह गरेको पास्टर थियो। उनको नाउँ इलिट न्याटङ्गा थियो। एक दिन उनले हेजेललाई लक्षित गर्दै सबैको सामु भने “यस केटीलाई म मेरो छोरी बनाउन चाहन्छु। प्रत्येक बुधवार उनले प्रभुलाई चिनून भनेर म प्रार्थना र उपवास बस्नेछु।"

त्यस समूहको अर्को पाँच जनाले पनि ती पास्टरको कुरा मनपराए र उनीसँग प्रार्थनामा सम्मिलित भए। हेजेल पनि त्यही प्रार्थनामा सहभागी भइन्। तिन महिनासम्म तिनीहरू उपवास बसे र प्रार्थना गरे। अनि सोलुसी विश्वविद्यालयले साप्ताहिक प्रार्थना सभाको आयोजना गऱ्यो। त्यो सभा पछि हेजेलले बप्तिस्मा लिइन्।

जब हेजेल २३ वर्षकी भइन् तब उनलाई पास्टर इलिटले एलेन जी ह्वाइटको पुस्तक *मेसेज्स टु योङ्ग पिपुल* दिए। परिवारलाई कसरी सुखी बनाउने भनेर त्यहाँ लेखिएका सल्लाहदेखि उनी प्रभावित भइन्। उनको परिवार सुखी होओस् भन्ने उनले चाहेकी थिइन्। “रिसाहा बाबुआमासँग कसरी कुरा गर्ने भनेर मैले त्यस पुस्तकमा सिकें। कुनै विषयबस्तुमा छलफल गर्नुपऱ्यो भने बाबुआमासँग कसरी कुरा गर्ने भन्ने पनि सिकें। विशेष गरेर आफ्नो बाबुआमालाई कसरी आदर गर्ने सो मैले त्यस पुस्तकबाट सिकें" उनले यी लेखकलाई सुनाइन्। त्यस पुस्तकमा भएको उनको मनपर्ने अंश पृ. ३३१मा यसरी लेखिएको छ “धेरै युवायुवतीहरूले सत्य जानेका छन् अर्थात परमेश्वरलाई चिनेका छन् भनेर दावी गर्छन् तर कतिपयले बाबुआमालाई दिनुपर्ने आदर

र स्नेह दिँदैनन्। तिनीहरू आफ्ना बाबु र आमालाई थोरैमात्र प्रेम देखाउँछन्। तिनको चाहनालाई वास्ता गर्दैनन् र तिनीहरूलाई आदर गर्न असफल हुन्छन्। बाबुआमाहरूको चिन्तालाई तिनीहरू वास्ता गर्दैनन्।"

जब त्यस पुस्तकमा भएका सल्लाहलाई तिनले मान्न थालिन् तब हेजेलको घरमा खुशियाली छाउन थाल्यो। अनि छुट्टीमा घर आउँदा हेजेलले सुत्नु अघि बाबुआमालाई बाइबल पढ्न र प्रार्थना गर्न आग्रह गरिन्। तिनीहरूले पनि सहमति जनाए। एक दिन बेलुका आमाले हेजेललाई बाइबल पढ्न र प्रार्थना गर्न अनुरोध गरिन्। अनि पूरै परिवारले हरेक बिहान र बेलुकै परमेश्वरको आराधना गर्न थाले। अब त्यस घरमा खुसी छाएको छ। आफ्नो परिवारले बप्तिस्मा लेओस् भनेर हेजेलले प्रार्थना गरिरहेकी छिन्। “अब हामी सुखी परिवारमा छौं। यस्तो खालको परिवार सधैं होस् भनेर मैले चाहेको थिएँ" हेजेल खुशी हुँदै सुनाउँछिन्।

| कथा १२ | परमेश्वरको हिसाब<br>आन्द्र्यु मेक्चेस्नी<br>(भियतनाम) |
|---|---|

जानी बेकर साउथ अफ्रिकाको सुनौलो केश भएका एक भलादमी एडभेन्टिस्ट कार्यकर्ता थिए। उनलाई भियतनामको राजधानीमा बिस लाख अमेरिकी डलरको लागतमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको “सहरमा प्रभाव पार्ने सामुदायिक केन्द्र" भवन स्थापना गर्न ठूलो जिम्मा लगाइदिएको थियो। यस्तो खालको निकाय दक्षिणपूर्वी एशियाकै पहिलो थियो।

बेकरले भियतनामको राजधानी हनौइमा त्यस निकायको निम्ति सुहाँउदो जग्गा खोज्न कडा मेहनत गर्नुपरेको थियो। जब उपयुक्त जग्गा भेट्टिन्थ्यो तब त्यसको मोल बीस लाख डलर भन्दा माथि गएर तिस देखि चालिस लाख डलर मागिन्थ्यो।

उनी सिङ्गापुरमा रहेको एडभेन्टिस्ट चर्चको साउथ एशिया युनियन मिसनको मुख्यालयमा काम गर्दथे। उनी अध्यक्षको विशेष सहायकको रूपमा काम गर्दथे। प्रार्थना गर्दै उनले सिङ्गापुरबाट हनौइमा धेरै पल्ट ओहोर दोहोर गरे। “कति पल्ट भियतनाममा गएँ त्यसको गन्ती नै मसँग छैन। सायद १५देखि २० पल्ट होला" बेकरले यी लेखकलाई भने।

सन् २०१४मा विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड एन.सी. विल्सनले हनौईमा मानिसहरूको सेवा गर्न सामुदायिक केन्द्र निर्माण गर्न सहयोगको निम्ति अनुरोध गरेपछि बेकरलाई त्यस कामको निम्ति नियुक्त गरिएको थियो। विल्सन त्यस बखत भिएतनममा ऐतिहासिक भ्रमणमा थिए। उहाँले हो चि मिन्ह

सहरमा सार्वजनिक सुसमाचारीय कार्यक्रमको नेतृत्व गर्नुभएको थियो। त्यस क्षेत्रमा भियतनामीहरूलाई सेवा पुर्‍याउन उल्लेखनीय सामूदायिक सेवा केन्द्र स्थापना गर्नुपर्ने प्रस्ताब राख्दै त्यसको निम्ति आवश्यक आर्थिक सहयोग जुटाउने बाचा उहाँले दिनुभएको थियो। तर उहाँले जुटाउनुहुने सहयोग ५० प्रतिशत छ भने अर्को ५० प्रतिशत साउथ एसिया-पासिफिक र साउथ एसिया युनियन मिसनले जुटाउनुपर्ने समझदारीमा उहाँले वचन दिनुभएको थियो। अन्तमा विश्व एडभेन्टिस्ट चर्चले दस लाख डलर दियो भने डिभिजन र युनियनले पाँच पाँच लाख डलर दिएका थिए।

तर बाकेरले आफूसँग भएको पैसा अनुसारको जग्गा पाउन सकेनन्। पाउँदा पनि कि त अति महङ्गो कि त नराम्रो ठाउँको जग्गा हुन्थ्यो। त्यसले गर्दा जग्गा किन्ने मनस्थिति नै तुहिन लागेको थियो।

अनि साथीको साथीले बेकरलाई चिनाइदियो। त्यस साथीको साथीले घरजग्गाको कारोबार र धेरै तलाका घरहरूको निर्माण गर्ने काम गर्दथ्यो। उनीसँग जग्गा थियो जहाँ साततले घर निर्माण गर्दै थिए। उनले जग्गा र निर्माण सुरू भएको घर बेच्न चाहेका थिए। त्यसको निम्ति उनले केवल १८ लाख डलरमात्र मागेका थिए। जब बेकरले त्यो ठाउँ देखे तब आफ्नो योजनाको निम्ति त्यो अत्यन्तै सुहाउँदो ठानेका थिए।

तर कर्मचारीतन्त्र र अरू क्रियाकलापले गर्दा जग्गा किन्न महिनौंसम्म ढिलो भएको थियो। त्यसै बखत अर्को मानिस आएर बेकरले भन्दा धेरै पैसा दिएर घर किन्ने प्रस्ताब राख्यो। बेकर भने प्रार्थना गर्दै रहे। तर बेच्ने व्यक्ति नयाँ मानिसको धेरै पैसा दिने प्रस्ताबमा फसेन। एडभेन्टिस्टहरूको योजना समाजको

हितको लागि हुने भएकोले त्यो जग्गा कमै मूल्यमा भएपनि एडभेन्टिस्टलाई नै बिक्री गर्ने उनले निधो गरे।

जब मे २२, २०१८मा विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष विल्सन र अरू अगुवाहरूले साततले भवनको उद्घाटन गरे तब बेकरको खुशीको सिमा नै रहेन। त्यस घरमा पुस्तक पसल, स्वास्थहितको निम्ति खानेकुरा किन्ने पसल, अङ्ग्रेजी वा अरू बिदेशी भाषा सिकाउने स्कूल, सङ्गित स्कूल, निरोगी बनाउने केन्द्र, आड्रा भियतनाम अफिस र दुई वटा चर्चको निम्ति सभाघर हुनेछ।

“मैले सोचे भन्दा पनि अत्यन्तै अचम्म तरिकाले परमेश्वर काम गर्नुभयो। उहाँले हामीले प्रार्थना गरे भन्दा धेरै दिनुभयो। यसको श्रेय, महिमा र सम्मान उहाँलाई नै छ" बेकरले खुशी हुँदै यी लेखकलाई सुनाए।

| कथा १३ | सङ्कुचित होइन तर ठूलो आँखाले जीवनको मानचित्र वा योजनालाई हेर्नु आन्द्र्यु मेक्चेस्नी, (सुडान, अफ्रिका) |
|---|---|

## सङ्कुचित होइन तर ठूलो आँखाले जीवनको मानचित्र वा योजनालाई हेर्नु

**आन्द्र्यु मेक्चेस्नी, (सुडान, अफ्रिका)**

झण्डै दिनदिनै भने जस्तो पाँच सदस्यीय एउटा परिवार दक्षिण सुडानको राजधानी जुबामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट परिसरमा आएर खानेकुरा माग्दथ्यो। त्यसबेला डाक्टर पिटर फिन्वायले त्यस परिसरमा सानो मुनिकी सेभेन्थ-डे एडभेन्टिस्ट स्वास्थ संस्था चलाउँदै थिए। उनी मिसिनेरी डाक्टर थिए। उनको परिसरमा आएको परिवारको मागप्रति के गर्ने होला भनेर उनी अलमलमा परेका थिए।

एक दिन उनले जुन परिवार उनकहाँ खाना माग्न आउँथ्यो त्यहीँ परिवारको घरमा जाने निर्णय गरे। त्यो परिवार उनकहाँ दिनदिनै खास गरेर किन आउँछ भनेर उनले जान्न चाहेका थिए। जब उनी त्यस परिवारको घरमा पुगे तब त्यहाँ जे देखे त्यो देखेर उनको मनमा ठूलो चोट पर्‍यो। बाबु, आमा, दुई छोरीहरू र छोराले पालै पालो खाना खान्थे। बाबु र छोरा एक दिन खान्थे भने आमा र छोरीहरू अर्को दिन खान्थे। त्यस दिन बाबु र छोरा भने भोकै हुन्थ्ये।

त्यो दृश्य देखेर पिटर आफ्नो घरमा आए। उनी अर्जेन्टिनाका थिए भने उनको श्रीमती नताशा साउथ ओसेटियामा जन्मेकी थिइन्। यो पहिलाको सोभियत रूसको भाग थियो। पिटरले आफूले देखेको कहालीलाग्दो दृश्य आफ्नी श्रीमतीलाई सुनाए। उनले भने "हामी केवल स्वास्थको काममा मात्र ध्यान दिइरहेका छौं। तर हाम्रा वरिपरि रहेका मानिसहरूलाई त्यो भन्दा

अरू नै थोकको खाचो रहेको कुरालाई हामीले वास्तै गरेनौं। स्वास्थ्य सेवा असल हो तर समूदायको निम्ति आधारभूत कुराहरूको पनि खाँचो छ भनेर हामीले महसुस गर्नुपर्छ। तिनीहरूलाई सफा पानी, खाने कुरा, लामखुट्टे आउन नदिने झुल र पानी बोक्ने भाँडाहरू चाहिएको रहेछ।"

तर तिनीहरूको वरिपरि रहेका मानिसहरूको आधारभूत आवश्यकता पूरा गर्ने क्षमता आफूसँग थिएन। पिटर र नताशाले प्रार्थना गरे। अनि अमेरिकाको मुख्यालयमा रहेको आड्रा हेडक्वार्टरमा एक लाख पचास हजार डलरको सहयोग माग्न पत्राचार गर्ने भनि पिटरले निर्णय गरे। यस्तो आयोजनाको निम्ति उनले पहिले कहिल्यै पनि प्रस्ताव लेखेका थिएनन्। तर आड्राले उनको प्रस्ताव स्वीकार्‍यो र त्यसको निम्ति आर्थिक सहयोग वा बजेट दिने निर्णय गर्‍यो। अनि छोटो समयमा नै मुनुकी सेभेन्थ-डे एडभेन्टिस्ट स्वास्थ्य क्लिनिक आड्रा जुबा प्रोजेक्ट वा परियोजनाको नाउँले प्रचलित भए।

सानो क्लिनिक बिस्तार भएर अरू सेवाहरू पनि संचालन गर्न थालियो। तिनीहरूले खानेकुरा, अरू आवश्यक सामानहरू र पानी सफा गर्ने उपकरणहरू वितरण गर्न थाले। आपतकालमा सहयोग गर्ने निकाय पनि तिनीहरूले स्थापना गरे। त्यो आयोजनाको निम्ति एक लाख पचास हजार डलरबाट एक वर्षमै बिस लाख डलरको बजेट हुन पुग्यो। "मलाई त छक्क लागिरहेको छ। जब हाम्रो ध्यान मानिसहरूमा राख्छौं र तिनीहरूको आवश्यकताप्रति संवेदनशील हुन्छौं तब तिनीहरूलाई सहयोग गर्ने परियोजनाको विकास गर्न सक्छौं" पिटरले भने।

पिटरको जीवनमा पनि आमूल परिवर्तन आयो। आड्राले उनलाई अमेरिकाको सेभेन्थ-डे एडभेन्टिस्ट विश्वविद्यालय आन्ड्र्यु युनिभर्सिटीमा अध्ययन गर्न पठायो। त्यहाँ अन्तराष्ट्रिय विकासको विषयलाई लिएर मास्टर डिग्री हासिल गरे। अनि उनले धेरै अन्तराष्ट्रिय सहयोगी संस्थाहरूमा काम गरे। ती संस्थाहरूमा आड्रा, डेनिश रिफ्युजी काउनसिल, वर्ल्ड भिजन र यनिसेफ थिए। उनले जोर्डन, लेबनान, बोलिभिया, साउथ ओसेशिया र रूसी गणतन्त्र चेचनियाका देशहरूमा पनि काम गरे।

तर उहाँको यो ठूलो कामहरू सानैदेखि सुरू भएको थियो। एउटा परिवार किन दिनदिनै खान माग्न आउँदो रहेछ भन्ने उनको त्यो चासोले बिशाल परियोजना सुरु भयो। "त्यो भन्दा अघि मेरो सम्पूर्ण जीवन मानिसहरूको स्वास्थ्य उपचार गर्नमा व्यस्त थियो। मेरो क्लिनिकको सानो कोठाभन्दा काहिरको संसार पनि हेर्नुपर्दो रहेछ भनेर मलाई थाहा थिएन" ३९ वर्षका पिटरले उनले अध्ययन गरेको अर्जेन्टिनाको रिभर प्लेट एडभेन्टिस्ट युनिभर्सिटीका संवाददातालाई अन्तर्वार्ता दिँदै भने।

"तपाईंसँग के छ र तपाईंले के गर्नुपर्छ भन्नेमात्रमा तपाईं ध्यान नदिनुहोस्। मानिसहरूको आवश्यकता के हो त्यसमा पनि ध्यान दिनुहोस्। अनिमात्र तपाईं येशूको जस्तो चरित्र देखाएर अरूको सेवा गर्ने व्यक्ति वन्न सक्नुहुनेछ" अत्यन्तै रमाइलो तरिकाले पिटरले सुनाए।

कथा
१४

## बाइबल बोक्ने सहरियाहरू
## अलेहान्ड्रो गोनजालस् क्युरार
## (पेरू, दक्षिण अमेरिका)

जब अलेहान्ड्रो १८ वर्षको भयो तब ऊ एक कक्षामा भर्ना भयो। कतिले १८ वर्षको उमेरमा उसले स्कूल सुरुगरेछ पनि भने। सन् १९८०मा पेरुको काकोलो गाउँमा रहेको स्कूलमा जान थालेको थियो। त्यहाँका गाउँलेहरूले आफ्ना छोराछोरीहरूलाई पढाउनु भन्दा खेतबारीमा काम गराउनु महत्त्वपूर्ण ठानेका थिए।

एक दिन अलेहान्ड्रोको स्कूलको साथीले एउटा रेडियो ल्यायो। त्यसमा उसले संसारको अन्तको समयमा के हुनेछ भनेर सुनाउने आत्मिक कार्यक्रम बजिरहेको थियो। त्यो कार्यक्रम सुनेर उसको मनमा खुलदुली भयो र फेरि सुन्ने बिचार गऱ्यो।

एक दिन रेडियो कार्यक्रम चलाउने गर्ने सुसमाचार प्रचारकले अलेहान्ड्रोको स्कूलको रङ्गशालामा बेलुका सुसमाचार प्रचार कार्यक्रम आयोजना गरे जहाँ बाइबलसम्बन्धी थप ज्ञान पाउने उसको धोको पुरो भएको थियो। जब प्रचारकले येशूको आगमन चाँडै हुनेछ भनेर बतायो तब उसको हृदय खुशीले गदगद भयो।

गाउँका अरू मानिसहरूले पनि सुसमाचार सुनेर रमाइलो मानेका थिए। कार्यक्रम आयोजकहरूले तिनीहरूको निम्ति त्यहाँ एउटा चर्च स्थापना गरिदिए। जब जब खेतबारीको कामबाट

फुर्सद हुन्थ्यो तब-तब अलेहान्ड्रोर र उसका साथीहरू आइतबार चर्चमा जान्थे।

चर्चका चार जना अगुवाहरूले गाउँका मानिसहरूले बाइबल सिक्ने ठूलो चासो देखाएको देखे। गाउँका सबैलाई बाइबल दिने निर्णय ती अगुवाहरूले गरे। ती अगुवाहरूले नजिकैको कस्को (ठाउँको नाउँ) गाउँमा एक घन्टा लगाएर बाइबल किन्न खोजे। तर त्यहाँ बाइबल बेच्ने कुनै पनि पसल भेट्टाएनन्।

बाइबल किन्न नपाएकोमा ती चार जना अगुवाहरू हतास र निराश भएका थिए। एकदिन बिहान कस्कोको ढुङ्गेनी बाटोमा मानिसहरूको लस्कर एउटा भवनमा गइरहेको देखे। तिनीहरू सबैको हातमा बाइबल थियो। त्यो भवन सहरको बाइबल बेच्ने ठूलो पसल रहेछ भनेर ती अगुवाहरू पनि तिनीहरूको पछि लागे। त्यो सेभेन्थे-डे एडभेन्टिस्ट चर्च रहेछ। मानिसहरू साबथ स्कूलमा जाँदै थिए।

ती अगुवाहरू साबथ स्कूल कार्यक्रममा बसे र चर्चको सेवाकार्यक्रममा पनि भाग लिए। तिनीहरूलाई मिलिजुली खाना खान निम्त्याइयो र त्यसपछि चर्चका मानिसहरूसँग दिउँसो बाइबल अध्ययन गर्न आग्रह गरियो। ती मानिसहरू बाइबल अध्ययन गर्न पाउँदा धेरै खुशी भए। जब बाइबल अध्ययन गरेर फर्के ती मानिसहरूले भने "ए, हामीले संसारको अन्त्यको बारेमा समाचार त केवल आधामात्र जानेका रहेछौं। ती मानिसहरूलाई त सबै कथा थाहा रहेछ।"

त्यसैबेला ती मानिसहरूले एडभेन्टिस्ट हुने निर्णय गरे। तिनीहरूले गाउँका मानिसहरूलाई बाइबलले देखाएको सबै कथा

सुनाउन एडभेन्टिस्ट पास्टरसँग अनुरोध गरे। तिनीहरूसँग चर्चका अन्य दुई जना मानिसहरू गाउँमा गए र अर्को दिन अर्थात् आइतबार तिनीहरूको चर्चमा प्रचार गरे।

अलेहान्ड्रोत्यस आइतबार चर्चमा जान सकेन किनकि त्यो दिन ऊ खेतबारीमा काम गर्दैथियो। तर उसको साथीले उसलाई अर्को आइतबार चर्च नजानु भन्यो। चर्च त सेभेन्थ-डे एडभेन्टिस्ट भयो र अर्को शनिबारमात्र सेवाकार्य हुन्छ।

अलेहान्ड्रो के भएछ भनेर शनिबार चर्चमा गयो। उसले सुनेको नयाँ सत्यप्रति उसलाई विश्वास लाग्यो। अदनको बगैंचामा परमेश्वरले दिनुभएको निर्देशन र सातौं दिन साबथ मान्नुभनेको चौंथो आज्ञाप्रति उसको विश्वास जाग्यो र उपनि सेभेन्थ-डे एडभेन्टिस्ट भयो।

१९ वर्ष भएको अलेहान्द्रोले स्कूल नजाने निधो गऱ्यो र पूरा समय खेतबारीमा नै काम गर्न थाल्यो। उसले भेटेजति सबैलाई येशूको आगमन चाँडै हुँदैछ भनेर सुनाउन थाल्यो। उसको कामले अत्यन्तै राम्रो नतिजा ल्यायो। अलेहान्ड्रो पुड्को थियो र धेरै पढ्न लेख्न जाँदैनथ्यो। उसले ३० वर्षभित्रमै ६वटा चर्चहरू स्थापना गऱ्यो। सन् १९८५मा उसको बप्तिस्मा भएको केही समयमै उसले एउटा पहिलो चर्च स्थापना गऱ्यो। अनि प्रत्येक तिनदेखि पाँच वर्षमा उसले एउटा चर्च स्थापना गऱ्यो। उसले स्थापना गरेको चर्चमा ऊ जान कहिलेकाहीँ पाँच घन्टासम्म हिंड्थ्यो। उसको सक्रियता र प्रभावमा ८०० जना भन्दा बेसी मानिसहरूले प्रभुलाई विश्वास गरे र बप्तिस्मा लिए।

आफ्नो गवाहीले मानिसहरूले परमेश्वरलाई विश्वास गर्न पुगेकाले ऊ परमेश्वरको अलेहान्ड्रो प्रशंसा गर्दछ। कस्को भन्ने

सहरमा एक साबथ बिहान बाइबल बोकेर जाने एडभेन्टिस्टहरूप्रति आफ्नो आभार व्यक्त गर्दछ।

"जब हामी चर्च जान्छौं तब बाइबल बोकेर चर्च जानु धेरै असल कुरा हो किनभने त्यसले गर्दा हामीहरू इसाई हौं भनेर अरू मानिसहरूले देख्दछन्। यदि कस्को भन्ने सहरका सेभेन्थ-डे एडभेन्टिस्टहरूले बाइबल बोकेर चर्च नगएको भए मेरो गाउँका मानिसहरूले सत्य चर्चको बारेमा कहिल्यै थाहा पाउने थिएन" उसले खुशी व्यक्त गर्दै भन्यो।

उसको गाउँमा ५०० जना मानिसहरू छन्। त्यहाँ प्रायजसो एडेन्टिस्टहरू छन्। ३०० जना बप्तिस्मा लिएका एडभेन्टिस्टहरू छन्।

-लेखक, **आन्द्र्यु मेक्चेस्नी**

| कथा १५ | चर्च स्थापना गर्दाको डर<br>ह्युगो सान्ज, ६४<br>(पाराग्वे, दक्षिण अमेरिका) |
|---|---|

जब पाराग्वेको राजधानी हसुनस्यनको छिमेकी गाउँहरूमा चर्च स्थापना गर्न चर्च पास्टरले ह्युगो सान्जलाई अनुरोध गरे तब उनी डराए। ह्युगो अहसुनस्यनले एडभेन्टिस्ट हस्पितलको बीमा कम्पनीको निर्देशक भएर २० वर्ष काम गरेका थिए। उनी सहरको सबभन्दा ठूलो केन्द्रीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा रहेका चर्चका सदस्यहरूसँग बीमाको काम गर्दथे। त्यस चर्चमा ३०० जना सदस्यहरू थिए। तर उनले चर्चभन्दा बाहिर कहिले कतै पनि काम गरेका थिएनन्।

"मलाई डर लागेको थियो। म एक्लैले चर्च चलाउन सक्ने क्षमता मसँग थियो जस्तो लागेको थिएन।

ह्युगोले आफ्नी श्रीमतीसँग यसबारे कुरा गरे। उनले एडभेन्टिस्ट डेभ्लपमेन्ट रिलिफ एजेन्सीमा काम गरेकीले अरू आस्थाका मानिसहरूसँग काम गर्ने केही अनुभव उनमा थियो। त्यसकारण उनी नयाँ चर्च स्थापना गर्ने मामिलामा सहयोग गर्न मञ्जुर भइन्।

ह्युगोले धेरै हप्तासम्म प्रार्थना गरे। उसको घरको नजिकैको न्विभा सायोनिया गाउँमा चर्च स्थापना गर्न हिचिकचएकोमा नमज्जा लागिरहेको थियो। त्यसकारण पछि गएर नयाँ ठाउँमा चर्च खडा गर्ने प्रयासमा आफूले सहयोग गर्ने सहमति जनाए।

"पहिला त ह नराम्रो मानेकोले चर्च सुरु गरेको थिएँ। तर केही मानिसहरूको सहयोगले हामीले काम गऱ्यौं। हामी यहाँ आयौं, हामीले यहाँ के आवश्यकता थियो त्यसको जाँचबुझ गऱ्यौं र हामीले काम गर्न सुरु गऱ्यौं" उनले भने। पहिला त हामीले सानैबाट काम सुरु गरेका थियौं" ह्युगोले भने। ह्युगोले एउटा घर बहालमा लिए। त्यस घरलाई "प्रभावको केन्द्र" भनियो। केही गोष्ठीहरूको आयोजना गरियो, जसमा स्वस्थकर खानाको परिकार बनाउन सिकाउने र धुम्रपान रोक्ने  कार्यक्रमहरू थिए। त्यसको निम्ति अस्पतालका केही विश्वासी साथीहरूले साथ दिए। उनी र चर्चका अरू सदस्यहरूले छरछिमेकीलाई साथी बनाए।

छिमेकी र टोलहरूमा नयाँ सामुदायिक केन्द्रको बारेमा खबर फैलियो। चर्चका एक जना सदस्यले फेसबुकका फोटोहरू राखेर त्यस केन्द्रको बारेमा जानकारी दियो। स्थानीय एडभेन्टिस्टसँग सम्बन्धित होप च्यानल रेडियो न्युभो टियम्पले सामूदायिक केन्द्रको बारेमा विज्ञापन गऱ्यो।

सन् २०१५ पछि प्रभावको केन्द्रले प्रत्येक शनिबार नियमित रूपमा "एक दिन संसारबाट बाहिर" भन्ने कार्यक्रमको थालनी गऱ्यो।

"यो हप्ताको एक दिन हो जब मानिसहरू तनावबाट स्वतन्त्र भएर आफ्ना दिमागहरू बाइबलमा लगाउन भ्याउँछन्। हामी गीतहरू गाउँछौं र संगसंगै बाइबल अध्ययन गर्दछौं। जो मानिसहरू हामीहरूको स्वास्थ्य कार्यक्रमहरूमा सहभागी भएका थिए तिनीहरूले हामीहरू बाइबलको कारणले स्वस्थ भएको तिनीहरूले देख्न पाउँथे। तिनीहरू पनि परमेश्वरसँग प्रार्थना सुरु गर्न थाल्दछन्" खुशी भएर ह्युगोले बताए।

जब मानिसहरूले बाइबल अध्ययन गर्न थाले तब त्यसमा भएका स्वास्थ्यका सल्लाहहरू देख्दा तिनीहरू छक्क परेको तिनीहरूले बताए। असल स्वस्थ्य जीवन उचित र संतुलित खाना र प्रार्थनाद्वारा स्वस्थ जीविन बिताउन सकिन्छ भनेर तिनीहरूले सिकेका थिए। बाइबलका पदहरूमा तिनीहरूको मन पर्ने पद ३ यूहन्ना २ हो, जसमा लेखिएको छ "हे प्रियहरू हो तिमीहरू सबै कुरा र स्वास्थ्यमा आत्मामा जस्तै सम्पन्न होस्।" अर्को मन पर्ने पद फिलिप्पी ४:७ हो जसमा भनिएको छ "समझले नै भ्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ।"

सन् २०१६मा प्रभावको केन्द्र भवनमा चारपल्ट चोरहरूले ऐनाका झ्यालहरू फुटाए र त्यहाँ भएका मेच, टेबुल र इलेक्ट्रोनिक उपकरणहरू चोरेर लगे। त्यसले गर्दा त्यहाँ हुने कार्यक्रमहरूमा वाधा भयो। त्यसपछि कार्यक्रमहरू ह्युगो कै घरमा हुन थाल्यो।

त्यही वर्ष विश्व एडभेन्टिस्ट चर्चले तेऱ्हौं साबथ स्कूलमा संकलन गरेको भेटीले सामुदायिक भवनलाई चर्चमा परिणत गर्न सहयोग गऱ्यो। त्यस पैसाले स्थानीय एडभेन्टिस्ट चर्चले सामुदायिक भवन केन्द्र किन्यो। त्यसमा थप स्थलहरूको निर्माण गरेर अझ सुरक्षित बनाए।

नियोभासाखोनिया सेभेन्थ-डे एडभेन्टिस्ट चर्च र सामुदायिक केन्द्र सन् २०१८मा खोलियो। ती स्थानहरूको संचालनको लागि आफ्नै पास्टर त्यहाँ खटाइयो। ह्युगो चर्चको सर्बसाधारण अगुवा नै भइरहे। त्यसमा आफू एकदम खुशी भएको उनले बताए।

वर्ष ६४को ह्युगो भन्दछन् "मैले एडभेन्टिस्ट चर्चको निम्ति २० वर्ष काम गरेँ तर केही वर्ष यता म सबभन्दा खुशी भएको छु, किनकि मैले संसारका मानिसहरूको निम्ति पनि काम गर्न पाएँ। पहिला मैले चर्चमै भएका मानिसहरूको निम्ति काम गर्दथेँ। अहिले म कुरामात्र होइन कामै गरेर देखाइरहेको छु र परमेश्वरको प्रेम नयाँ तरिकाले देखाइरहेको छु। मेरो जीवनमा परमेश्वरले खटाउनुभएको काम मैले गरिरहेकोछु जस्तो मलाई लागिहेको छ।"

**लेखकः आन्द्र्यु मेक्चेस्नी**

| कथा १६ | योग र ध्यानमा नपाएको शान्ति<br>गुस्टाभो जेभिएर काबालेरो, ४०<br>(पाराग्वे, दक्षिण अमेरिका) |
| --- | --- |

एक जना अध्यात्मिक गुरुले गुस्ताभो र उसको साथीलाई एउटा कोठामा लग्यो। त्यो कोठामा मरेका मानिसहरूसँग कुरा गर्न त्यस गुरुले तिनीहरूलाई त्यहाँ लगेको थियो। यो कोठा पाराग्वेको राजधानी असुनश्यनमा थियो।

त्यस अध्यात्मिक गुरुले तिनीहरूलाई भन्यो, "तिमीहरूको केही प्रश्न छ भने मरेका आत्माहरूले तिमीहरूलाई जवाफ दिनेछन्।"

गुस्ताभोसँग धेरै प्रश्नहरू थिए र तिनीहरूको जवाफ उसलाई चाहिएको थियो। उसले दिनको दुई पटक संस्कृत मन्त्र फुकेर ध्यान गर्न थाल्यो र रातभरि सुत्ने कोशिश गऱ्यो। विहान एक घन्टा र बेलुकी एक घन्टा उसले ध्यान गरेर समय बितायो। उसमा धेरै तनाव र उदासिनता थियो। ती तनाव र उदासिनता मेटाउन ध्यान गर्ने कदम उसले चालेको थियो। त्यस क्रियाकलाप केही समयसम्म त रमाइलो नै भयो र मनमा शान्ति भएको जस्तो भएको थियो। तर ध्यान पछि उसमा भएको तनाव झन सयौं गुणा ज्यादा बढेर पो आयो।

मरेका मानिस भनाउँदाहरूसँग कुराकानी गर्न लाग्दा उसलाई धेरै धक्का भएको महसुस गऱ्यो। उसले अनेकौं अचाक्लि र डरालाग्दो आवाजहरू सुन्यो। त्यहाँ चिच्याएको आवाजहरू थिए। मानिसहरू हिँडिरहेका र गायब भएको उसले

देख्यो। यिनीहरू त शैतानका दूतहरू वा दुष्टआत्मा हुन भनेर उसले सोच्यो। तिनीहरूदेखि गुस्ताभो तर्सिन थाल्यो।

गुस्ताभो डराएको देखेर त्यो गुरुले भन्यो, "नडराऊ। तिनीहरूले तिमीलाई केही गर्दैनन्। तिनीहरूले तिम्रो दिमाग र मनलाईमात्र जाँच्नेछन्।"

त्यो अनुभव पछि गुस्ताभोले आफ्नो जीवनलाई पछाडि फर्केर हेऱ्यो। उसका बाबुआमा आइतबार चर्चमा जान्थे। छिमेकीको अनुरोधपछि उसलाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा १२को उमेरमा भर्ना गरिएको थियो। त्यस स्कूलमा हुने बाइबल कक्षाहरूमा उसको चासो थिएन। जसोतसो उसले त्यस स्कूलमा बाऱ्ह कक्षा सिध्यायो। त्यस स्कूलबाट निस्केको एक वर्षपछि बाहिरका साथीहरूले उसलाई नराम्रो बाटोमा हिंडाए। उसले जाँडरक्सी र लागुपदार्थहरू खान थाल्यो।

शनिबार र आइतबार अर्थात् बिदामा उसले गाँजा, जाँडरक्सी र कोकेन जस्ता लागुपदार्थ सेवन गर्न थाल्यो। पछि उसमा झन् तनाव फर्केर आयो। उसलाई टाउको दुख्ने र वाकवाकीले सताउन थाल्यो। ऊ मनोवैज्ञानिककहाँ सहायताको निम्ति गयो। मनौवैज्ञानिकले उसलाई भारतको एक जना धर्मगुरुकहाँ गएर ध्यान गर्न सिक भनेर सल्लाह दिइन्।

गुस्ताभोको एक देवताको मन्दिरमा एक जना साधुसँग भेट भयो। उक्त धर्मगुरुले उसलाई ध्यान गर्न र योग गर्न सिकाए। त्यसबेला त्यस धर्मगुरुले संस्कृतबाट नबुझ्ने शब्दहरू बारम्बार उच्चारण गरेर ध्यान दिन लगाए। त्यसले उसलाई आराम दिन सक्नुपर्थ्यो। उसले उसको दिमागलाई खालि पारेर शान्ति हुने ठाउँमा मन लाग्न दिएर शरीरलाई हलुको पार्नुपर्थ्यो।

केही समय त उसलाई राम्रै भएको जस्तो लागेको थियो तर फेरि अनेकौं तर्साउने आवाजहरू उसले सुन्न थाल्यो र ध्यानमग्न भएको बेलामा अनेकौं चर्तिकलाहरू उसले देख्न थाल्यो। ध्यानमग्नभएको बेलामा ऊ अचेत हुन्थ्यो र उसको चेतनालाई नै लठ्ठ पारिदिएको हुन्थ्यो।

"म त झन बहुला भएको जस्तो पो हुन थालें। मलाई झन कसैको सहायताको निम्ति आवश्यकता भएको महसुस गरें" गुस्ताभोले भन्यो।

उसले अध्यात्मिक गुरुसँग सहयोग माग्यो तर मरेका ठानिएका मानिसहरूलाई भेट्न दिएर उसलाई झन् तर्साउन थालेको थियो। उसलाई के गरुँ के गरुँ भएको बेलामा उसलाई एडभेन्टिस्ट स्कूलमा बाइबल पढेको याद आयो। उसले एडभेन्टिस्ट पास्टर र एडभेन्टिस्ट मानसिक स्वस्थकर्मीसँग सहायता माग्यो। तिनीहरूले उसँग प्रार्थना गरे र ध्यान, योग, र गाँजा जस्तो लागु पदार्थहरू खान छोड्न सल्लाह दिए। अनि गुस्ताभो प्रत्येक साबथ चर्च जान थाल्यो।

ध्यान र योग त रोक्न उसलाई सजिलो भयो। तर शनिबार र आइतबार लागुपदार्थ छोड्न उसलाई धेरै गाऱ्हो भएको थियो। गुस्ताभोले आफ्नो शरीरसँग संघर्ष गऱ्यो। उसले प्रार्थना गऱ्यो र बाइबल पढेर त्यसबाट आड लिन थाल्यो। एक रात सुत्न नसकेको बेलामा उसले यशैया २६:३ दावी गऱ्यो। त्यसमा भनिएको छ "तपाईंले उसलाई सिद्ध शान्तमा राख्नुहुनेछ जसको दिमाग तपाईंमा राख्दछ किनभने उसले तपाईंमाथि भरोसा राख्दछ" (रूपान्तरित)। उसले फिलिप्पी ४:१३को प्रतिज्ञालाई

पनि दावी गऱ्यो। त्यसमा लेखिएको छ "मलाई बल दिनुहुने ख्रीष्टद्वारा म सबै थोक गर्न सक्छु।

लागु पदार्थ खान छोडेपछि त्यसको लतमा फेरि सकसक लाग्न थाल्यो। उसका पुराना साथीहरूले तिनीहरूसँग घुलमिल गर्न आग्रह गरे। तर उसले यर्मिया २०:११ दावी गरेर तिनीहरूसँग नलाग्ने प्रयास गऱ्यो। त्यसमा लेखिएको छ " तर परमप्रभु एक शक्तिशाली योद्धाझैं मसित हुनुहुन्छ, यसैले मलाई सताउनेहरू ठेस खाएर लोट्नेछन्। तिनीहरू ममाथि विजयी हुनेछैनन्। तिनीहरू सफल हुनेछैनन्, र तिनीहरू साह्रै लाजमा पर्नेछन्। तिनीहरूको अनादर कहिल्यै बिर्सइनेछैन।"

गुस्ताभोले आफ्नो हृदय येशूलाई दियो र ३४ वर्षको उमेरमा उसले बप्तिस्मा लियो। " म मेरो पीडालाई निको पार्ने कसैको खोजिमा थिएँ। कोही मानिस छ कि भनेर मानिसको पछि पछि लागें। चर्चमा म परमेश्वरको छोरो हुँ भनेर मैले ज्ञान पाएँ। उहाँले मेरो जीवनलाई स्वतन्त्र पार्नुभयो।"

बप्तिस्मा पछि इसाई ध्यानको बारेमा भिडियो हेऱ्यो र त्यस अनुसार चल्ने उसले निर्णय गऱ्यो। त्यसमा पहिले उसले योग र ध्यान गर्दा सिके जस्तो ध्यान गर्ने तरिका लाग्यो। संस्कृतका लवजहरू दोहोऱ्याउनुको सट्टा बाइबलमा भएका वचनहरू दोहोऱ्यारहनुपर्दथ्यो।त्यसको नतिजाल उसलाई झन धक्का भयो।

"मेरो दिमागलाई मैले नियन्त्रण गर्न सकिंन र पहिलाको जस्तै मेरो दिमाग खाली भएको जस्तो लाग्यो। मेरो शरीरभित्र ताकत आएको जस्तो लाग्यो र धेरै आवाजहरूले मलाई के के गर्ने भनेर भन्न थाल्यो" उसले भन्यो।

एउटा आवाजले भन्यो "अरूलाई पनि ध्यान गर्न भन।" अर्को आवाजले भन्यो "मन्दिरलाई पैसा देऊ।" तेस्रो आवाजले भन्यो "रिकार्डोको नाउँमा ध्यान गर। रिकार्डोलाई बल पाउन ध्यान गर।"रिकार्डो भन्ने को मानिस थियो उसलाई थाहा थिएन।

उसले ध्यान गर्दा गर्दा ऊ लठ्ठ हुन थालेको थियो। ऊ कठ्याङ्ग्रिएको जस्तो भयो र चल्न पनि सकेन। जसो तसो त्यस स्थितिबाट ऊ निस्क्यो। त्यसपछि उसका धेरै साथीहरूले उसलाई भन्यो कि ती आवाजहरू उसका पुरानै आवाजहरू थिए जुन् उसले योग र ध्यानमा सिकेको थियो।

गुस्ताभोले त्यसरी ध्यान कहिल्यै नगर्ने निर्णय गऱ्यो। बरू बाइबल पढेर परमेश्वरको वचनमा ध्यान दिन थाल्यो तर पहिला योग र ध्यान गरेको जस्तो होइन। त्यो ठाउँ त खतरा ठाउँ रहेछ। परमेश्वरले त्यस खालको ध्यान गर्न अगुवाई गर्नुहुन्न।

योग जस्ता ध्यानहरू पनि मानिसहरूलाई परमेश्वरबाट छल्ने औजार भएको उसले निष्कर्ष निकाल्यो।

"जब योग गर्दा आफूलाई राम्रो भएको अनुभव हुन्छ तब कसैले पनि बाइबल

पढ्ने आवश्यकता देख्दैनन् न त येशूलाई आफ्नो जीवनमा रोज्ने अवसर नै। आत्माहरूले तपाईंको शरीरमा काम गरिरहको तपाईंले ठान्नुहुन्छ र त्यति भए पुग्छ भनेर तपाईं सोच्नुहुन्छ" उसले भन्यो।

गुस्ताभो किताब बेचेर सुसमाचार सुनाउँछन् र आसुनश्यनमा मसाज गर्ने काम गर्छ। न्युभासायोनिया सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले संचालन गरेको सामुदायिक केन्द्रमा सक्रिय सहभागी भएको छ।

आफ्ना छिमेकीहरूलाई लागु पदार्थ र ध्यानले जीवनलाई अर्थमूलक बनाउन सहयोग गर्दैन भनेर उसले सुनाउँछन्।

"ध्यान गर्दा केही समय त रमाइलो हुन्छ तर पछि झन आफू रित्तो भएको महसुस हुन्छ। त्यसकारण जीवनको लागि एउटै समाधान छ त्यो हो येशू। जब तपाईं प्रार्थना गर्नुहुन्छ तब तपाईंलाई हलुको हुन्छ। त्यो नै साँच्चिकै शान्ति हो।" ढुक्क हुँदै गुस्ताभोले सुनाउँछ।

**लेखकः *आन्द्र्यु मेकचेस्नी***

| कथा १७ | म किन जन्मेँ<br>ग्रासियाला मुजेती<br>(उरुग्वे, दक्षिण अमेरिका) |
|---|---|

उरुग्वेको राजधानी मोन्टभिडियोको बस स्टपमा एक जना महिला बसको प्रतीक्षामा उभिरहेकी थिइन्। उनको झोलामा केही पैसाहरू विशेष कामको निम्ति राखिएको थियो। तर एक छिनपछि उनी काम्न थालिन्। उनीभित्र केही अदृश्य शक्तिले घचघचाइरहेको उनले अनुभव गरिन्। उनी चढ्नुपर्ने बस त आयो तर त्यस बसमा उनी चढिनन्। बरु बाटो काटेर बिस्कुट पाउरोटी आदि बनाएर बेच्ने पसलमा उनी गइन्। त्यहाँ उनले आफूसँग भएको पैसाले केही बिस्कुटहरू किनिन्। घरको ढोकामा उनले आफ्नो श्रीमानलाई भेटिन्।

"तिमी कति छिटो आइपुग्यौ?" उनको श्रीमानले सोधे। "हो, म जुन काम गर्न गइरहेको थिएँ त्यो काम नगर्न मैले निर्णय गरें" उनले जवाफ दिइन्।

केही महिनापछि ग्रेसियला मुजट्टीको जन्म भयो। ग्रेसियाकी आमा मरियाले त्यो दिन कहिल्यै पनि आफ्नी छोरीलाई नबिर्सनु भनि सम्झाएकी थिइन्।

## अचाक्लिलाग्दो बाल्यकाल

ग्रेसियला चिहानमा खेलेर हुर्किन्। जब उनी १८ महिनामात्र पुगेकी थिइन् तब उनकी १८ वर्षकी दिदीको एउटा कारखानामा आगो लागेर वियोगान्ततरिकाले मृत्युभयो। त्यस आगोमा २० जनाको ज्यान गएको थियो। प्रत्येक दिन ग्रसियलाकी आमाले उनलाई चिहानमा लग्दथी। त्यहाँ आफ्नी जेठी छोरी गाडेको चिहानको अगाडि बलिन्द्र आँसु बगाएर रुँदथी। त्यसबेला मरेका मानिसहरू गाढिएर तिनीहरूको

सम्झनामा नाउँ लेखेर गाडेको शिलाहरूको बीचमा ग्रसियला खेल्दथी। त्यहाँ कति खाली चिहानहरू थिए। ग्रसियलाले अरू चिहानमा राखेका फूलका गुच्छाहरू लिएर ती खाली चिहानहरूमा राख्दथी।

घरमा कोही पाहुनाहरू आए भने आमाले ग्रसियलालाई चिनाउँदै भन्दथी "परमेश्वरले मेरी एउटी छोरीलाई लानुभयो र उनको सट्टामा मलाई यी छोरी दिनुभयो। अनि उनी बसस्टपमा भएको कथा भन्दथी। हल्का पाराले उनी भन्थिन् " ग्रसियला त जन्मनुनै परेको थिएन।" उनको बोलीमा मुस्कुराहट थियो।

तर ग्रसियलाले आफू कुनै न कुनैरुपमा दोषी भएको र आफू सुरक्षित नभएको अनुभव गरकी थिइन्। उनकी दिदीचाहिँ घरको बत्ती तर आफूले चाहिँ त्यस्तो आदर पाएकी केटी जस्तो उनलाई लागेको थिएन। धेरै वर्षपछि उनका बाबुआमा छुट्टिए। ग्रसियला १५ वर्षकी हुँदा उनले छोरा पाइन्। अनि उनको जेठो दाजु मुटुमा आघात भएर मरे। उसको मृत्युले आमालाई झन ठूलो चोट्छ पर्‍यो। धेरै महिनासम्म ग्रसियला आफ्नी आमासँग दाजुको चिहानमा गइन्।

केही वर्षपछि ग्रसियलाको एकमात्र भाइलाई पनि साइकल चढिरहेको बेलामा कारले हानीदियो र त्यसैबेला उसको मृत्यु भयो। आमालाई त्यो खबर सुनाउन ग्रसियलालाई आँट पनि आएन। अब आफूमात्र त्यस आमाको घरको जिउँदो व्यक्ति भएको उनले महसुस गरेकी थिइन्। दिदी मर्नु, बाबु छुट्टिनु र भाइ दुर्घटनामा परेर मर्नु-यी सबै ग्रसियलाको निम्ति ठूलो वियोगको घट्ना थियो। केही महिनापछि ग्रसियलाकी आमालाई पक्षाघात भयो र हलचल गर्न नसक्ने भइन्। ग्रसियलाले उनलाई उनी नमरुञ्जेल स्याहार गरिन्। बाल्यकालमा उनी चिहानमा हुर्केकी थिइन् भने अब त्यो चिहान आफ्नै घरमा सरेको जस्तो

ग्रसियलालाई लागिरहेको थियो। उनी आफैले आफू बिचलित भइरहेको अनुभव गर्दैथिइन्।

एक दिन रेडियो खोल्न लागिरहेको बेलामा उनले न्युभो टियम्पो रेडियो कार्यक्रम सुन्न पुगिन्। त्यो कार्यक्रम स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको होप अर्थात् आशाको बाणी थियो। रेडियो सुन्दै गरेको बेलामा उनले पास्टरको प्रवचन सुनिन्। ती पास्टरको आवाजमा आफू आकर्षित भएको उनले अनुभव गरिन्। उनको मन हलुका भयो र आफूले शान्ति पाएको अनुभव गरिन्।

त्यसैबेला उनले अर्को रेडियो कार्यक्रमको पास्टरको आवाज पनि सुनिन्। ती पास्टरले एडभेन्टिस्ट चर्चको सहसंस्थापक एलेन जी ह्वाइटप्रति आक्रामक भएर प्रवचन दिँदै थिए। उनको रिसमा ग्रसियलाको ध्यान गयो। त्यो ग्रसियला भन्ने व्यक्ति को होला जसप्रति रेडियोको प्रचारकले भयङ्कर आक्रमण गर्दछ उनको बारेमा पढ्न उनमा उत्सुकता जाग्यो। तर एलेन जी ह्वाइटको बारेमा लेखिएको पुस्तक कहाँ पाइन्छ होला? त्यो उनको निम्ति समस्या नै थियो।

ग्रसियलाले पुस्तकालय  र किताब पसलहरूमा गएर एलेन जी ह्वाइटको बारेमा किताब खोजिन् तर कसैसँग पनि उनको बारेमा पुस्तक थिएन।

एक दिन उनको जेठो छोरो जुत्ता बेच्ने पसलमा गयो र त्यस पसलको मेचमा एउटा पुस्तक उसले देख्यो। त्यो किताब सरर हेऱ्यो र आफ्नो आमालाई भन्यो, "आमा, तपाईंले खोजिरहेको पुस्तक यो जस्तो लाग्छ।"

## परमेश्वरबाट पुस्तक

ग्रसियलाले आफ्नो हातमा त्यो पुस्तक लिइन्। त्यो पुस्तकको शिर्षक थियो "द ग्रेट होप" अर्थात् "महान आशा।"

त्यस शीर्षकको ठीक तल लेखिकाको नाउँ उनले देखिन्। अनि छक्क परेर उनी काम्न थालिन्।

"यो त मेरो जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ सो मलाई देखाउनुभएको छ। उहाँले यो पुस्तक मलाई पठाउनुभयो!" चिच्याउँदै उनले भनिन्।

त्यसबेलादेखि ग्रसियलाले एलेन जी ह्वाइटको बारेमा केही पनि शङ्का गरिनन्। त्यो पुस्तक पढ्नुभन्दा अघि नै "उहाँमा मलाई बोलाउन परमेश्वरले यो पुस्तक प्रयोग गर्नुभयो" भनेर ग्रसियलाले भनिन्।

उनले आशाको बाणी रेडियो कार्यक्रमको आयोजकलाई फोन गरिन्। त्यस कार्यक्रमको संचालकको तर्फबाट मिग्वेल आमारोस्परेन्जालाई पठायो। उनले ग्रसियलालाई बाइबल अध्ययन गराए। उनले ला तेय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन्। त्यो चर्च सन् २०१६को त्रैमासिक साबथस्कूलको भेटीको सहयोगले स्थापना भएको थियो। अहिले उनी त्यस चर्चको सक्रिय सेभेन्थ-डे एडभेन्टिस्ट भएकी छिन्। उनी अरूहरूलाई बाइबल सिकाउँछिन् र छरछिमेकीका मानिसहरूलाई सहयाता गर्छिन्। उनको प्रभावमा चार जनाले बप्तिस्मा लिएका छन्।

आफ्नो जीवनको प्रायजसो समयमा उनी आफू किन जन्मेको हुँला भनेर सोच्ने गर्थिन्। तर आज उनले त्यसको जवाफ पाइकी छिन्।

"म आमाको पेटमा हुँदैदेखि परमेश्वरले मसँग काम गर्दै हुनुहुन्थ्यो" खुशी भएर ग्रसियलाले भनिन्। उनी अहिले ५२ वर्षकी भइन्। "यदि मेरी आमाले मेरो भ्रूण हत्या गरेको भए उनलाई स्याहार्ने को होला? मेरो बुबालाई कसले स्याहार्थ्यो होला जो अहिले ९४ वर्षको हुनुहुन्छ र ओछ्यानमै परिरहनुभएको छ? सबै थोक सधैं परमेश्वरको नियन्त्रणमा छ। मसँग उहाँले के

देख्नुभयो सो मलाई थाहा छैन। उहाँले मलाई उद्धार गर्नुभयो। उहाँको निम्ति अरू धेरै चेलाहरू बनाउने म आशा गर्छु" उनले भनिन्।

सन् २०१६मा ला तेजा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च बहालमा लिएको सानो घरबाट आफ्नै चर्च भवनमा सऱ्यो।

**लेखकः *आन्द्र्यु मेकचेस्नी***

कथा १८

# परमेश्वरको तिर्खा
## मरिया सिसिला फ्रेयिर
## (उरुग्वे, दक्षिण अमेरिका)

जब उनको श्रीमानले उनलाई छोडेर गए तब सिसिलिया अत्यन्तै बिचलित भइन्।

वर्ष ३०की सिसिलियाको गर्भासयमा क्यानसर भएको थियो। उनी अत्यन्तै पीडामा थिइन्। आफ्नो पीडा बढेर गएकोले श्रीमान्ले छोडेको होलान् भनेर उनले सोचिन्। उनको श्रीमान्लाई उनले महिनौंसम्म छुन पनि पाएकी थिइनन्। तर उनको आमाले अर्कै सोचेकी थिइन्। आफ्नी छोरीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा समावेश हुने निर्णय गरेकीले आफ्नो ज्वाईंले छोरीलाई छोडेको आरोप उनले लगाएकी थिइन्। धेरै वर्ष अघि सिसिलियाको घर रहेको उरुग्वेको मर्सिदिज गाउँमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सुसमाचार प्रचार गरेको थियो। त्यसैबेला उनले त्यस चर्चमा बप्तिस्मा लिएकी थिइन्। बप्तिस्मा लिएपछि सिसिलिया आफ्नो श्रीमानसँग रमझम गर्न पार्टीहरूमा गइनन् र उनले जाँड रक्सी पनि खान छोडिन्।

"तिमीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान थालेकोले तिमीले तिम्रो श्रीमानलाई गुमायौ" आमाले सिसिलियालाई भनिन्।

भाग्यवस सिसिलियालाई शल्यक्रियाद्वारा उपचार गरियो र उनमा भएको क्यान्सरको भागलाई हटाइयो। तर उनी चर्चमा जान छोडिन्। उनी अरूकै घरमा काम गर्थिन्। तिनवटा छोराछोरीहरूलाई हुर्काउनुपरेकोले उनले काम नगरि हुँदैनथ्यो।

काममा शनिवार पनि जानुपर्ने भएकोले उनले साबथ पालन गर्न सकिनन्।

धेरै वर्षपछि उनका छोराछोरीहरू हुर्केर विवाह पनि गरे। तर सिसिलियालाई आफ्नो श्रीमानले छोडेर गएकोले उनको चित्त फाटिरहेको थियो। जब उनकी आमाको मृत्यु भयो तब उनले जोनलाई झनै तितो मान्न थालिन्।

## घर सर्छिन्

अनि उनी उरुग्वेको राजधानी मन्टेभिडियोमा आफ्नी जेठी छोरी, ज्वाइँ र तिन जना नातिनातिनाहरूसँग बस्न गइन्। त्यसैबेला उनी परमेश्वरको बारेमा सोच्न थालिन् र घरको नजिक सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भएको भए हुन्थ्यो भनेर सोच्न थालिन्।

जसरी तसरी स्थानीय एडभेन्टिस्ट चर्चले संचालन गरेको आशाको बाणी रेडियो कार्यक्रम सुन्न थालिन्। "मैले यो कार्यक्रम कसरी सुन्न गएँ मलाई थाहा छैन। यो परमेश्वरकै हात थियो कि मैले यो रेडियो कार्यक्रम सुन्न पुगें" खुशी भएर सिसिलियाले भनिन्।

एक दिन रेडियो सुनिरहेकै बेलामा उनको घरको नजिकैको टोलमा एडभेन्टिस्ट चर्च रहेको थाहा पाइन्। उनी गोज सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जनवरी १, सन् २०१७मा हिंडेर गइन्। त्यो चर्च औपचारिकरूपमा भर्खर खोलिएको थियो। उनले परमेश्वरसँग नयाँ वर्षमा नयाँ जीवनबाट सुरू गर्न चाहेकी थिइन्। उनले तुरन्तै बप्तिस्मा लिन चाहेकी थिइन् तर पास्टरले बाइबल

को ज्ञानमा फेरि ताजा हुन सल्लाह दिए। त्यसको पाँच महिनापछि अर्थात् मे १८मा उनले बप्तिस्मा लिइन्।

"त्यस दिनदेखि म धेरै खुशी छु। परमेश्वरले मेरो जीवनलाई परिवर्तन गर्नुभयो। मेरो जीवनबाट तितोपना र पीडा उहाँले हटाउनुभयो" सिसिलियाले आफ्नो खुशी व्यक्त गर्दै भनिन्।

परमेश्वरले उनको जीवनमा तितोपना हटाइरहनुभएको छ भनेर उनलाई थाहा भयो र उनी मुस्कुराउन थालिन् चर्चका सदस्यहरूले पनि उनी खुशी भएको देख्न थालेका थिए "तिमी आजभोलि हँसिलो देखिन्छ्यौ नी!" "हो, म धेरै खुशी छु" उनले जवाफ दिइन्।

## परिवारको निम्ति प्रार्थना

चर्चमा फर्केपछि सिसिलियाले आफ्नी छोरी र ज्वाईंको निम्ति प्रार्थना गर्न थालिन्। तिनीहरूले पनि येशूलाई विश्वास गरुन् भन्ने उनले चाहेकी थिइन्। जब उनी प्रार्थना गर्न थालिन् तब चर्चको एक जना मिसिनेरी विश्वासीले अङ्ग्रेजी राम्रोसँग बोलेको थाहा पाइन्। उनी ब्राजिलका थिए। सिसिलियाको ज्वाईं घर तथा भवनहरूको नक्सा बनाउँथ्यो। उसले अङ्ग्रेजी सिक्न चाहेको थियो ताकि उसले बाहिर देशमा गएर काम गर्न सकोस् तर उसलाई अङ्ग्रेजी थाहा थिएन। त्यस ब्राजिलियन मिसिनेरीको अनुमतिले सिसिलियाले आफ्नो ज्वाईंलाई आफूले चर्च जाँदा अङ्ग्रेजी सिकाउने शिक्षक भेट्टाएको भनेर भनिन्।

"यो तरिकाले मैले ज्वाईंलाई चर्चमा सम्पर्क गर्न लगाएँ। उनले चर्चको पास्टरसँग र अरूसँग मित्रता कायम गरे र चर्चको क्रियाकलापमा उनले पनि भाग लिन थाले" सिसिलियाले भनिन्।

तर उनको छोरोलाई चर्चमा लैजानचाहिँ धेरै गाऱ्हो भयो। जब सिसिलियाले आफ्नी छोरीलाई परमेश्वरको बारेमा कुरा गरिन् तब उनकी छोरी रिसाइन् र भनिन् " के तपाईंले मलाई चर्चमा जान फेरि कर गर्न लाग्नुभयो?"

अन्तमा सिसिलियाले भनिन् "मैले त्यो भनेको होइन। म मरेपछि जब म आँखा खोल्छु तब म तिमीलाई फेरि भेट्न चाहन्छु।" उनको यो वचनले छोरीको मन छोयो। अहिले उनी र उनको श्रीमान्ले बप्तिस्मा लिन बाइबल अध्ययन गरिरहेका छन्।

"मेरो जीवनमा परमेश्वरले अचम्मको काम गर्नुभएको छ" हर्षित हुँदै सिसिलियाले भनिन्। सिसिलिया अहिले वर्ष ६० कि छिन्। उनी गोज सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान्छिन्।

**लेखकः *आन्ड्र्यु मेकचेस्नी***

| कथा १९ |
|---|

# येशूको निम्ति आगो हुनु
## मिग्वेल आमारोस्परान्जा
## (उरुग्वे, दक्षिण अमेरिका)

वर्ष ६९को मिग्वेल एकदम जोशले भरिएको थियो। केही वर्ष अघि मिग्वेललाई उसको साथी रालडिनो "डिनो" फर्नान्डेले आफ्नो घरमा बाइबल अध्ययन गराइ दिन निम्तो दिएको थियो। डिनोको घर उरुग्वेको राजधानी मोन्टेभिडियोकोको ला टेया जिल्लाको एउटा गाउँमा पर्दथ्यो। त्यो ठाउँ अरू ठाउँजस्तो सम्पन्न थिएन्।

जब मिग्वेलले बाइबल सिकाउन निम्तो पायो तब ऊ खुशी भएर डिनोको घरमा बाइबल अध्ययन गर्ने टोलीमा अगुवा भएर सरिक भयो। उसले बाइबलमात्र सिकाएन डिनोसँग कतिजनाको घरमा गएर बाइबल सिकाउन थाल्यो। त्यस जिल्लामा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भवन थिएन। एक वर्षपछि बाइबल अध्ययन गर्ने टोलीका सहभागीहरूलाई दानिएल र प्रकाशको बारेमा सुसमाचारीय श्रृङ्खलाको आयोजनामा भाग लिन निम्तो दियो। त्यसबेला १६ जनाले बप्तिस्मा लिए।

"त्यस सुसमाचारीय कार्यक्रम पछि चर्च स्थापना गर्ने हामीले निर्णय गर्‍यौं" मिग्वेलले भन्यो। मिग्वेल, चर्चका अरू सदस्यहरू र १६ जना नयाँ सदस्यहरू मिलेर एउटा घर भाडामा लिए जहाँ प्रत्येक साबथमा आराधना कार्यक्रमको आयोजना गरे। जब एडभेन्टिस्टहरूले छिमेकीहरूलाई खाना र लुगा बाँड्न थाले तब चर्चमा सहभागी हुनेहरूको संख्या बढ्न थाल्यो। बहालमा लिइएको घर सानो भयो। चर्चको निम्ति ठूलो भवन खोज्न

थालियो र समुदायमा कसरी अझ धेरै प्रभाव पार्ने भनेर तिनीहरूले उपायहरू खोज्न थाले।

चर्च भवनको निम्ति समस्या त्यसबेला समाधान भयो जब विश्वका सेभेन्थ-डे एडभेन्टिस्टहरूले सन् २०१६मा उठेको त्रैमासिक भेटीको केही भाग पठाएर ला तेजा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले आफ्नै भवन किन्न सहयोग गऱ्यो। त्यस भेटीले चर्च भवन र जीवनशैली केन्द्र खोल्न सहयोग गरेको थियो।

आफ्नै चर्च भवनमा मानिसहरूको सेवा गर्न अब नयाँ अवसर पाएकोमा मिग्वेलको हर्षको सिमा थिएन।

"हामीहरूको छिमेकीको वरपर रहेका मानिसहरू र घरवार बिहिन मानिसहरूलाई सेवा गर्ने हाम्रो योजना छ। आर्थिक गतिविधिमा कमजोर भएका धेरै मानिसहरू हामीहरको वरिपरि छन्" अन्तर्वार्ता लिने क्रममा चर्चको भान्सा कोठामा मिग्वेलले भन्यो। त्यहाँ स्वस्थ परिकार बनाउने कक्षा संचालन गर्दछ।

## *कथा दुई*

येशूकहाँ मानिसहरूलाई ल्याउने काम मिग्वेलको यो पहिलो पटक थिएन। केही समय अघि मिग्वेल र इल प्राडा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका केही सदस्यहरू मन्टेभिडियोको खतरा भाग भएको झोपडपट्टी बस्तीमा त्यहाँका मानिसहरूलाई सहयोग गर्न नियमितरूपमा यात्रा गर्दथे। त्यहाँका मानिसहरू थोत्रो कागजका बाकसहरूको घर बनाएर सुत्दथे।

"हामी मध्ये पाँच जनाले प्रत्येक साबथमा २५ जनालाई बाइबल सिकायौं। हामीले तिनीहरूलाई खाना पनि ल्याइदियौं।

हामी आवश्यक भएका मानिसहरूकहाँ गएर तिनीहरूको आवश्यकतामा सहयोग गरेका थियौं" मिग्वेलले भन्यो।

चर्चका सदस्यहरूले ४७ वयस्क र ९० जना बालबालिकाहरूलाई नियमितरूपमा सहयोग गरे। तिनीहरूले ती गरिबहरूको निम्ति घरहरू बनाइदिए जहाँ वर्षाको बाढीबाट तिनीहरू सुरक्षित भएका थिए।

त्यस बस्तीबाट मानिसहरू चर्चमा आउन थाले। कोही घोडाबाट आउँथे भने कोही टाँगाबाट। "त्यस कामको कारणले २१ जनाले बप्तिस्मा लिए" खुशीभएर मिग्वेलले व्यक्त गऱ्यो।

## कथा तीन

उरुग्वेको एडभेन्टिस्ट डेभलोप्मेन्ट रिलिफ एजेन्सीसँग मिग्वेलले २७ वर्ष काम गरेको थियो। उसको काममा उसले धेरै रमाइला अनुभवहरू बटुलेको थियो। तिनीहरूमा वाल्टर नाउँ गरेको मानिसको बारेमा सम्झन मिग्वेललाई असाध्यै मन पर्छ। वाल्टर घरबार विहीन थियो र उसका खुट्टाहरू पनि थिएनन् र साथै ऊ मधुमेह रोगले सताइएको थियो। एक दिन ऊ मन्टेभिडियोको आड्रा केन्द्रमा आयो।

वाल्टरले खान पाएको थिएन र उसको सुत्ने ठाउँ पनि थिएन। जब एकदिन सामुदायिक भवनमा मिग्वेलले खाना बनाएर बाँड्दै थियो त्यसबेला वाल्टर पनि आएको थियो। मिग्वेल र वाल्टरको बीचमा राम्रो चिनापर्ची भयो। बाल्टर एक फेरा प्रख्यात् हँसाउने र छेड हान्ने गीतहरू लेख्ने लेखकको रूपमा लोकप्रिय

व्यक्ति भएको थियो। उसले लेखेका गीतहरू उरुग्वेमा जनवरी र फेब्रुअरी महिनामा हुने ठूलो वार्षिक जात्रामा गाइन्थ्यो।

आफ्नो जीवनमा येशूले कस्तो काम गर्नुभयो भनेर मिग्वेलले वाल्टरलाई सुनायो। त्यसले गर्दा येशूको बारेमा वाल्टरको चासो बढ्यो।

एक दिन खाना खाएपछि वाल्टरले सोध्यो "मलाई बाइबलको बारेमा सिकाइदिनुहोस् न।"

वाल्टरको अनुरोधमा दुई जना एडभेन्टिस्टहरू वाल्टर रहेको रूखको पातै पात भएको चौरमा उरुग्वेको न्यानो घाममा उसलाई बाइबल पढाउन थाले। "ऊ एकदम तेजिलो थियो र उसले बाइबलको बारेमा तुरन्तै सिक्यो। आफू परिवर्तन हुन उसले चाहना गऱ्यो। येशूको बारेमा जानेर आफ्नो नराम्रो जीवन परिवर्तन गर्न उसले इच्छा व्यक्त गऱ्यो।

उसले चुरोट, रक्सी खान छोड्यो साथै अरू सबै खराब बानीहरूमा परिववर्तन ल्यायो। आड्रा केन्द्रमा उसले स्वस्थ शाकाहारी खान पाएको थियो। उसले भटमासको मासु वा टोफुलाई मन पराउन थालेको थियो।

एक दिन मिग्वेलले साबथको बारेमा प्रवचन तयार गर्दै थियो, वाल्टरले सोध्यो, "तपाईंले के को बारेमा प्रवचन दिँदै हुनुहुन्छ?"

रेफ्रिजरेटरको ढोकामा भएको चित्रबाट प्रेरणा पाएर त्यसकै आधारमा प्रवचन दिन लागेको भनेर मिग्वेलले जवाफ दियो। त्यस चित्रमा एउटा बालकले फोहरको थुप्रोबाट खाना बटुल्दै थियो र त्यसमा एउटा प्रश्न थियो, केको बारेमा गुनासो गर्दैछौ?"

बाइबल खोलेर मिग्वेले लूका ९:१३ पढ्यो। त्यसमा एउटा कथा थियो। चेलाहरूले येशूको प्रवचन सुन्ने भिडलाई भोक लाग्यो होला घर पठाइ दिनुहोस् भनेर अनुरोध गरेका थिए। त्यसमा उहाँले तिनीहरूलाई अऱ्हाउनुभएको थियो "तिमीहरूले नै ख्वाऊ।" अनि येशूले पाँचवटा रोटी र दुईवटा माछाबाट हजारौंलाई अचम्म तरिकाले ख्वाउनभएको थियो।

मिग्वेल खाना पकाउन व्यस्त भयो। त्यसबेला वाल्टरले कागजको टुक्रामा केही लेखे। कागजमा केही लेखेपछि वाल्टरले मिग्वेललाई त्यो कागज दिँदै भन्यो, "यदि यो उपयोगी छ भने तपाईंले तपाईंको प्रवचनमा प्रयोग गर्नहोस्।"

मिग्वेलले आफ्नो प्रवचनमा वाल्टरका हरफहरू पढ्यो। ती हरफहरूले चर्चका मानिसहरूको हृदय छोएको थियो र धेरै मानिसहरू रोए।

येशूको दृष्टिकोणको आधारमा वाल्टरले लेखेको थियो। उसले लेखेको लेखमा येशूले नै कुरा गरिरहनुभएको देखाइएको थियो। त्यसमा यो सन्देश थियो, "तिमीहरूले गुनासो गर्दैछौ? किन? हेर त तिम्रो वरिपरि कति मानिसहरू घरबार बिहीन छन्, कतिको खाना नै छैन। कतिको लुगा नै छैन। तर तिम्रो त बस्ने ठाउँछ, खानालाई खाना छ र लाउने लुगा छ।" अनि वाल्टरले आफ्नै बारेमा लेखेको थियो।

"अहिले मलाई हेर्नुहोस्। जाँडरक्सी खाने जड्याँहा साथीहरू मेरा थिए। तिनीहरू मसँग नाचे। म प्रख्यात भएकोले तिनीहरू मकहाँ आए। अब तिनीहरू मकहाँ आउँछन् र तिनीहरूको समस्या लिएर मकहाँ गुनासो गर्न आउँछन् र म

भन्छु, "तिमीहरू के गुनासो गर्छौ? लौ मलाई हेर मेरो खुट्टा छैन र म मधुमेह रोगले सताइएको छु।"

धेरै महिनापछि वाल्टरले आफ्नो हृदय येशूलाई दियो। जब बप्तिस्माको पानी बाट ऊ निस्क्यो उसले चिच्च्याएर भन्यो, "हे प्रभु येशू तपाईंलाई धन्यवाद छ!"

अहिले पनि वाल्टरको विजयको आवाज मिग्वेलले सुनिरहेको छ। बप्तिस्मा लिएको ४५ दिनपछि वाल्टरको देहान्त भएको थियो।

"जब हाम्रो स्वर्गमा रहनुभएको पिताले हामीलाई स्वर्गको घरमा लानुहुनेछ तब वाल्टरलाई भेट्ने मेरो आशा छ। वाल्टरलाईमात्र होइन ती सबै मानिसहरू जसलाई परमेश्वरले सुसमाचार सुनाउने अवसर मलाई दिनुभयो। तिनीहरू सबैलाई म स्वर्गमा भेट्न चाहन्छु" मिग्वेलले आफ्नो आशा पोखायो।

**लेखकः *आन्द्र्यु मेकचेस्ने***

**कथा २०**

# परोपकारीय काम गरेर सुसमाचार प्रचार गर्न जन्मिएको

## मार्चेलो फर्नान्डे, (अर्जेन्टिना, दक्षिण अमेरिका)

मेरी श्रीमती र मैले बच्चा पाउन १४ वर्ष प्रार्थना गऱ्यौं ।"यदि तपाईंको इच्छा हो भने हामीहरूको आफ्नै बच्चा होस् नभए कमसेकम कसैलाई धर्मपुत्र वा धर्मपुत्री पाल्न सहयोग गर्नुहोस्" हामीले प्रार्थना गऱ्यौं।

अस्पतालको प्रयोगशालामा हामीहरूको बच्चा हुन्छ कि हुँदैन भनेर डाक्टरले धेरै परीक्षणहरू गरे। ती परीक्षणहरूको नतिजाले हामीहरूको आफ्नै बच्चा हुने संभावना अत्यन्तै कम भएको भनेर डाक्टरले हामीलाई सुनाए। हामीहरूको देश अर्जेन्टिनामा धर्मपुत्र वा धर्मपुत्री पाल्नु धेरै कठिन छ भनेर पनि हामीलाई स्पष्ट भइसकेको थियो।

अनि हामीहरूलाई टाढा देश जहाँ सुसमाचार प्रचार गर्न मनाही गरिएको देशमा परमेश्वरको निम्ति काम गर्ने अवसर मिल्यो। हुनसक्छ, अर्कै देशका बालक वा बालिकालाई धर्मपुत्र वा धर्मपुत्री पाल्ने अवसर परमेश्वरले हामीलाई दिनुहुन्छ होला भनेर हामीले सोच्यौं।

अनि सबै कुराहरू ठिक ठिक मिल्न आयो। अर्जेन्टिनासमेत समावेश भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको दक्षिण अमेरिका डिभिजनले अर्को देशमा पाँच वर्षसम्म काम गर्ने हामीहरूको चाहनालाई स्वीकाऱ्यो। हाम्रो देशका चर्चका अगुवाहरूले पनि "हुन्छ" भनेर सहमति जनाए। जुन देशमा हामी

जान चाहेका थियौं त्यस देशको सरकारले पनि त्यहाँ हामीहरूलाई काम गर्ने अनुमति दियो।

अनि सबै थोक मिलेपछि मेरी श्रीमती एलिसालाई थाहा भयो कि उनी गर्भवती भइन्। एलिसा ठट्यौली पाराकी थिइन्। उनले भान्सा कोठामा नदेख्ने गरेर क्यामरा लुकाएकी थिइन्। त्यसमा आफू गर्भवती भएको खबर मैले सुनेपछि मेरो प्रतिक्रिया कस्तो हुनेरहेछ भनेर उनी रेकर्ड गर्न चाहेकी थिइन्।

एकदिन बिहानको खानेबेलामा भान्सामा उनले मलाई सानो बाकस दिइन्। मैले पहिला सोचें त्यो बाकस खाली थियो। तर भित्र एउटा कागज देखें। त्यसमा अस्पतालबाट दिएको प्रयोगशालाको विवरण थियो। त्यो मैले झिकें र पढें। त्यसमा हामीहरूको बच्चा भयो भनेर नतिजा लेखिएको रहेछ।

खुशी र अपत्यारको संमिश्रणले मलाई छोप्यो। मलाई के गरुँ के नगरुँ जस्तो भयो। जब मैले भिडियो रेकर्डिङ्ग हेरें तब म त कठाङ्ग्रिए झैं भएँ। खुशीको अवसरमा मैले मेरी श्रीमतीलाई अङ्गालो पनि मारेको थिइन। मेरो हातमा केवल त्यो प्रयोगशालाको रिपोर्टमात्र थियो र मेरो जिऊ हल्लिरहेको थियो।

मेरो मगजमा अनेकौं कुराहरूको बाढि उर्लन थाल्यो। "अहिले नै किन हे प्रभु? यो त अत्यन्तै अनुपयुक्त समयमा मेरी श्रीमतीले बच्चा पाउने खबर मैले पाएँ। अब त्यो विदेशी देशको सरकारले नआऊ भन्नेछ। हामीहरूका चर्चका अगुवाहरूले पनि नजाऊ भन्ने छन्। दक्षिण अमेरिका डिभिजनले पनि नजाऊ भन्ने छ। आउनेवाला बालक अत्यन्त महँगो हुनेछ र हामीहरूको काममा बाधा हुनेछ" मैले सोचें। तर परमेश्वरको आफ्नै समय अत्यन्तै उपयुक्त थियो।

हाम्रो युनियन र डिभिजनले मेरी श्रीमतीको गर्भावस्थाको मामिलालाई लिएर हामीलाई अर्को देशमा पठाउने विषयमा असहमति देखाएनन्। हामी जाने देशको सरकारलाई पनि खबर गऱ्यौं। "केही समस्या छैन। हामीले बालबालिकाहरूलाई माया गर्छौं" भनेर तिनीहरूले जवाफ दिए।

सुसमाचारको निम्ति बन्द भएको देशमा हामी आइपुगेको तिन महिनापछि हाम्रो छोरो इजकिएलको जन्म भयो। उसकै कारणले कमसेकम ८०प्रतिशत प्रभुको निम्ति गवाही दिने ढोका खोल्यो।

स्थानीय बासिन्दाहरूले बच्चाहरूलाई माया गर्दारहेछन् भनेर हामीले थाहा पायौं। त्यतिमात्र नभएर यदि बिदेशीको वच्चा भयो भने झन असल हुनेरहेछ। जताततै मानिसहरूले रोकेर बच्चाको फोटो खिच्ने गर्दा रहेछन्। बाजेबज्यैहरूले बच्चालाई बोकेर तपाईंहरूको बारेमा अझ धेरै जानकारी लिन चाहेको देखिन्थ्यो र बच्चालाई कसरी हुर्काउने भन्ने सल्लाह पनि दिँदा रहेछन्।

परमेश्वरको निम्ति बिऊ रोप्ने अवसरहरू हामीले कल्पना गरेको भन्दा धेरै असल भएको हामीले पायौं। हामी जहाँ जहाँ गएपनि मानिसहरू इजकिएलसँग झुम्मिन थाले।

हाम्रै छोरोको कारणले हामी हामीहरू बसेको घरमा बहालमा बस्नेहरूसँग, बजारका मानिसहरूसँग र पार्कमा घुम्ने मानिसहरूसँग साथी बन्न पुग्यौं। हामीहरूको छोरोको जन्म दिनमा र अरू विभिन्न अवसरमा नयाँ साथीहरूलाई हामीले घरमा निम्तो दियौं। धेरै आमाबाबुहरूले हामीहरूको छोरासँग तिनीहरूको छोराछोरीहरू खेलेको हेर्न चाहना व्यक्त गरे। हाम्रो छोरोको साबथस्कूल क्लासमा तिनीहरूका छोराछोरीहरूलाई पनि

आउन दिन उनीहरूले अनुरोध गरे। हामी बसेकै घरमा भाडा लिएर बसेका एउटा विवाहित दम्पत्तीको हाम्रो छोरोकै उमेरकी छोरी थिइन्। तिनीहरू हाम्रो घरमा बारम्बार आउन थाले। हामीले तिनीहरूको छोरीलाई अङ्ग्रेजी भाषामा लेखिएको बालबालिकाको निम्ति लेखिएको पुस्तक उपहार दियौं।

जुन रूपमा हामीले हामीहरूको बालकलाई हुर्कायौं त्यसले हामीले सोचेको भन्दा पनि धेरै प्रभाव पारेको हामीले महसुस गऱ्यौं। परमेश्वरले धेरै असल छोरो हामीलाई दिनुभएको थियो। त्यस बालकलाई हामी कति अङ्गालो माछौं र माया गर्दा रहेछौं भनेर मानिसहरूले देखे। बालक अत्यन्त हँसिलो भएको पनि तिनीहरूले देखे। त्यसले गर्दा व्यवहारिक रूपमा परमेश्वरको प्रेम तिनीहरूले देख्न पाएका थिए।

इजकिएलको प्रभावकारीरूपमा गवाही बन्ने क्षमताले गर्दा अचम्मको कुरो भयो। मेरी श्रीमती फेरि गर्भवती भइन् र छोरी जन्माइन्।

स्थानीय मानिसहरूको निम्ति छोरा पनि छोरी पनि हुनु भनेको भाग्यको कुरो हो भन्न थाले। बाटोमा हिंड्ने जो पनि हामीहरूको छोरा छोरी कसरी भए भनेर बुझाइदिन भनेर अनुरोध गर्न थाले। एउटै परिवारमा छोरा र छोरी हुनुभनेको त्यस देशका स्थानीय समाजको निम्ति सिद्ध घरपरिवार भनेर विश्वास गरिन्थ्यो। हामीले तिनीहरूलाई धन्यवाद दिन्थ्यौं र भन्थ्यौं हामी सिद्ध परमेश्वरको बारेमा चित्रण गरेर देखाउँथ्यौं।

## यो कस्तो अचम्मको गवाही हो!

येशूले मत्ती २४:१४मा भन्नुभएको छ "राज्यको यो सुसमाचार सारा संसारका राष्ट्रहरूमा गवाहीको निम्ति फैलिने छ, अनि अन्त्य हुनेछ" (रूपान्तरित)।

हामीहरूको मुखले बोल्नुभन्दा हामीहरूको जीवनले दिने गवाही अत्यन्तै प्रभावकारी हुन्छ। परमेश्वरले हामीहरू जीवित गवाही भएको चाहनुहुन्छ भनेर म विश्वास गर्छु। रहस्यमय तरिकाले हामीहरूले उहाँको निम्ति गवाही हुन उहाँले हामीलाई अवसर दिनुहुन्छ भन्ने कुरामा म विश्वास गर्छु।

मत्ती २४:१४को वचन पूरा गर्न र येशूको दोस्रो आगमनको निम्ति तयार हुन परमेश्वरले मेरो छोरोलाई प्रयोग गरिरहनुभएको छ। मेरी श्रीमती र मेरो भन्दा मेरो छोरोको मुकुटमा धेरै ताराहरू हुने होलान् भनि म विश्वास गर्दछु।

पापीहरूको निम्ति परमेश्वरको योजना जहिले पनि कति असल हुँदो रहेछ भनेर परमेश्वरले मलाई देखाउनुभएकोमा म अत्यन्त आशिषित भएको ठान्दछु। यशैया ५५:८मा परमेश्वरले भन्नुहुन्छ "मेरा बिचारहरू तिमीहरूका बिचार जस्ता होइनन्। तिम्रा बाटोहरू मेरा बाटोहरू जस्ता होइनन्" (रूपान्तरित)।

हामीले यो वचन धेरै प्रवचनहरूमा सुन्छौं तर तपाईंकै जीवनमा यो देखियो भने अत्यन्तै गजबको हुन जान्छ। परमेश्वरको योजना जहिले पनि सिद्ध हन्छ।

*-मार्सेलो फर्नान्डोले आन्ड्रयु मेक्चेस्नीलाई भनेको आधारमा*

| कथा २१ | दुई बालकहरूलाई पाल्नु<br>वान र वानिता<br>(अफ्रिका) |
|---|---|

अफ्रिकामा रहेको सेभेन्थ-डे अस्पतालको परिसरमा रहेको वान र वानिताको घरको ढोकामा बालबालिकाहरूले ढकढकाई रहे। वान र वानिता अर्जेन्टिनाबाट एक वर्षको निम्ति अस्पतालमा चिकित्साको काममा स्वयंमसेवक भएर काम गरिरहेका थिए। तिनीहरूको तलब थोरै थियो। तर तिनीहरूसँग भएको भात र सरल खाना आफ्ना भान्साकोठाबाट ती बालबालिकाहरूलाई बाँड्न तिनीहरू मनपराउँथे।

तर पछि वान र वानितालाई थाहा पायो कि तिनीहरूकहाँ आएका केही बालबालिकाहरू भोकाएका थिएनन्। तिनीहरूलाई केही कुराको भोक भएको वान र वानिताले महसुस गरे।

"खानेकुरामात्र दिएर के हामीले तिनीहरूलाई सहायता गरिरहेका छौं त भनेर हामीले एक आपसमा कुरा गर्न थाल्यौं" वानले भन्यो।

बालबालिकाहरूको अवस्था जान्न वान र वानिता एक जना किसोरको गाउँमा गए। त्यो किसोरले तिनीहरूको निम्ति यताउति काम गरिदिन्थ्यो। त्यस किसोरको घर देखेर तिनीहरू छक्क परे। उसको दुई साना भाइहरू थिए। तिनीहरू ३ र ५ वर्षका थिए। तिनीहरू एक्लै थिए। वान र वानिता जाडोको मौसममा तिनीहरूको घरमा गएका थिए। त्यसबेला ती साना बालकहरू बिरामी थिए।

किशोर दिनभरी जस्तो घरमा थिएन। ती बालकहरूलाई नियमितरूपमा औषधी ख्वाउनु भनेर अऱ्हाउँदा त्यस किशोरले ख्वाउन नसक्ने अवस्था तिनीहरूले देखे। आफ्नो घरमा एउटा कोठा खालिभएकोले ती बालकहरूलाई तिनीहरूको अस्पतालको परिसरमा रहेको आफ्नो घरमा ल्याए। ती दाजुभाइहरू १० दिनसम्म आफ्नो घरमा रहन ल्याइएका थिए। १० दिनमा औषधीको मात्रा पूरा हुन्थ्यो। त्यसपछि ती दाजुभाइलाई तिनीहरूकै घरमा फर्काउने वान र वानिताको निर्णय थियो।

जब ती बालकहरूको स्वास्थ्यमा सुधार आयो तब वान र वानिताले थाहा पाए कि तिनीहरूका बाबु थिएनन्। आमा कतै टाढा गाउँमा काम गर्दै थिइन् र आफ्ना बालकहरूलाई हेरबिचार गर्ने क्षमता उनमा थिएन। तब वान र वानिताले ती बालकहरूको स्याहार गर्ने जिम्मा आफूहरूले नै लिने निर्णय गरे। ती जोडीले ती बालबालिकाको निम्ति आधारभूत आवश्यकतामा सहयोग गरे। तिनीहरूलाई एडेभेन्टिस्ट स्कूलमा भर्ना गराए र साबथस्कूलमा पनि लगे।

पारिवारिक सङ्गतिमा ती बालकहरूले बाइबलबाट कथाहरू सुने। परमेश्वरले उहाँका जनहरूलाई दासत्वबाट कसरी छुटाउनुभयो भन्ने जस्ता आश्चर्यका कथाहरू ती बालबालिकाहरूलाई मन परेको थियो। तिनीहरू सानै भएतापनि तिनीहरूले घर धन्दामा सहयोग गर्न थालेका थिए। एक दिन बिहान सबेरै वानिता उठ्दा त ५ वर्षको बालक आफ्नो पाइतालाको औंलाहरूमा उभिएर भान्सा कोठाका भाँडाहरू माझ्दै गरेको देखिन्।

"त्यो बालक मेरी श्रीमतीतिर फर्केर मुस्कुरायो। उसलाई थाहा थियो कि हामीहरू थाकेका छौं र हामी अलि अबेर सम्म आराम लिउन् भनेर उसले चाहेको थियो" वानले भन्यो।

समय बित्दै जाँदा वान र वानिताले ती बालकहरूको आमालाई भेट्ने इच्छा गरे। यस्ता राम्रा छोराहरूकी आमा मायालु र आदरणीय हुनुपर्छ भनेर वान र वानिताले सोचेका थिए।

जब वान र वानिताको एक वर्षको स्वयंमसेवकको काम सकियो तब तिनीहरू आफ्नो देश अर्जेन्टिनामा फर्कनु अघि तिनीहरूले स्थानीय साथीहरूलाई ती बालकहरूको स्याहार गर्ने जिम्मामा लगाइदिए।

केही समयपछि वान र वानिता फेरि काम गर्न त्यहीं अस्पतालमा फर्केर आए। ती बालकहरूको ठूलो दाजु मरिसकेको र ती साना बालकहरूलाई आमाले लगेको तिनीहरूले थाहा पाए।

धेरै समयको खोजीनीतिपछि वानले ती बालकहरूको आमा कहाँ छिन् भनेर थाहा पाए। तब उनी ती बालकहरूलाई र तिनीहरूकी आमालाई वानले भेट्न गए। "आमालाई भेट्नु ती बालबालिकाहरूका लागि अत्यन्तै आशिषमय कुरा थियो। उनी अत्यन्त मायालु थिइन्। हामीले ती आमासँग केही समय बितायौं। ती बालकहरूले लाज मानेका थिए किनभने हामीले तिनीहरूलाई धेरै समयसम्म देखेका थिएनौं" वानले भन्यो।

जब वान र वानिताको काम गर्ने दोस्रो अवधि पनि सकियो तब आफ्नो देश फर्कनुभन्दा अघि तिनीहरूले अन्तिम पटक ती आमा र बालबालिकाहरूलाई भेट्न जाने निर्णय तिनीहरूले गरे। वानले तिनीहरूसँग एक हप्ता बिताए। आमासँगको मित्रता झन राम्रोसँग गाँसियो। उसले कानुनी कागजहरू र केही व्यवहारिक

विषयमा सहयोग गऱ्यो। हप्ताभरि वानिताले काम गर्नुपर्थ्यो तर शनिबार आइतबार उनी ती बालकहरूको घरमा जान्थिन्।

वान र वानिताले ती बालकहरूको परिवारलाई सुन्दर तरिकाले चित्र भएको सचित्रबाइबल भएको बाकस, परिवारको प्रत्येक सदस्यलाई तिनीहरूको आफ्नै भाषाको बाइबल र एलेन जी ह्वाइटद्वारा लिखित "द ग्रेट कन्ट्रोभर्सी" उपहार दिए। एउटा रूखको मुनि त्यस गाउँका मानिसहरूको निम्ति वान र वानिताले विशेष साबथ स्कूल र चर्च कार्यक्रम संचालन गरे अनि तिनीहरू बिदावारी भए।

"त्यो अत्यन्तै रमाइलो क्षण थियो किनभने हामीले यो सोच्यौं कि त्यस क्षेत्रमा अब हाम्रो आउने जाने काम सकियो। हामी प्रार्थना गर्छौं कि हामीले रोपेका बिऊहरूलाई परमेश्वरले पानी हालेर हुर्काऊन्" वानले भन्यो।

अफ्रिकामा वान र वानिताको जुन अनुभव भयो त्यसले तिनीहरूका हृदयहरू परिवर्तन भयो। एलेन जी ह्वाइट केवल धुरन्धर लेखिका र भविष्यवक्तामात्र होइनन् तर उनी जीवित आस्था भएकी व्यक्ति थिइन् भनेर तिनीहरूले सिके। आफ्नो घरमा अभावमा परेका बालबालिकाहरूलाई ल्याएर तिनीहरूको स्याहार गर्थे। एलेन जी ह्वाइट केवल मुखलेमात्र प्रचार गर्ने होइन तर व्यवहारमै आफूले प्रचार गरेको कुरालाई लागु गर्थिन्।

"मेरो निम्ति यो क्रान्तिकारी सोच थियो। कतिपय समयमा मिसिनेरीहरूले मानिसहरूको बीचमा काम गर्दछन् तर कतिजनाले आफ्ना घरहरूमा मिसनको काम ल्याउँछन् त?" जिज्ञासा राख्दै वानले भन्यो।

"जो मिसनेरीहरू दुःखमा परेकाहरूको सेवा गर्छन् तिनीहरूले अदृश्य स्वर्गदूतहरूको सेवा गरिरहेका हुन्छन्" भन्ने भनाईको उल्लेख गर्दै वानिताले उनको मनपर्ने एलेन जी ह्वाइटद्वारा लिखित "डिजाएर अभ एजेज"को पृ. ६३९लाई उद्धृत गर्छे "जब तपाईंहरूले दुःख परेको र आवश्यक परेका मानिसहरूको निम्ति तपाईंको ढोका खोल्नुहुन्छ तब तपाईंले नदेखिने स्वर्गदूतहरूलाई स्वागत गरिरहनुभएको हुन्छ। तपाईंले स्वर्गका जीवहरूलाई साथी बनाइरहनुभएको हुन्छ। तिनीहरूले आनन्द र शान्तिको पवित्र वातावरण ल्याउँदछन्। तिनीहरूले तपाईंले गर्नुभएको कामको बारेमा प्रशंसा गर्दै तिनीहरू स्वर्गमा आउँदछन् र त्यहाँ खुशीका आवाजहरू घन्किन्छन्। हामीले देखाएका करुणाको प्रत्येक कामले स्वर्गमा सङ्गीत बजेको हुन्छ। आफ्ना अत्यन्तै बहुमूल्य धुकुटीमा रहेका निस्वार्थी सेवकहरूको काम आफ्नो सिंहासनबाट परमेश्वर पिताले गन्नुहुन्छ।"जब वान र वानिताले ती बालकहरूलाई सहायाता गरे त्यसबेला वान ३० वर्षको थियो। वानले समस्त एडभेन्टिस्टहरू जसले सुसमाचारको निम्ति सेवाकार्य गर्छन् तब तिनीहरूले मिसनको काम पनि घरमा ल्याउन अनुरोध गर्दछ। अनि परमेश्वरको अनुग्रहले उहाँको प्रेम मानिसहरूका हृदयहरूमा पस्न सक्छ भनेर वान विश्वस्त हुन्छ।

"जुन अनुभव मैले गरें यसले मेरो जीवनमा परिवर्तन ल्याएको थियो। मिसन क्षेत्रमै म मिसिनेरी भएको मैले महसुस गरें। म मिसिनेरीको छोरा नभइकन आफू नै मिसिनेरी भएको अनुभव मैले गरें" मिसिनेरीका छोरा भएर हुर्केको वानले यस लेखकलाई व्यक्त गर्दछ।

**लेखकः *आन्द्र्यु मेक्चेस्नी***

| कथा<br>२२ | **नयाँ वर्षको चाहना**<br>**बिएट्रिज ड जिसस सान्टना**<br>**(ब्राजिल, दक्षिण अमेरिका)** |
|---|---|

दक्षिण अमेरिकाको ब्राजिल देशमा इटापारिका नाउँ गरेको एउटा टापु छ। त्यसको वरिपरि रमणीय बालुवाको किनारहरू छन्। त्यहाँ नयाँ वर्षमा धेरै युवायुवतीहरू भेला हुन्छन्। एउटा नयाँ वर्षको बेलुकीपख तिनीहरू ग्लासमा रक्सी पिएर परमेश्वरसँग नयाँ इच्छा तथा चाहनाहरूको कामना गर्दै थिए।

"प्रभु, मलाई वर्षभरी आशिषहरूले भरिदिनुहोस् एक जनाले भन्यो। "प्रभु मलाई धनी बनाउनुहोस्" अर्कोले चाहना व्यक्त गऱ्यो। "म माया गर्ने केटी चाहन्छु" अर्कोले मुस्कुराउँदै भन्यो।

बियाट्रिज द जिसस सान्टानाले आराटुबा किनारामा त्यस्तै खालका इच्छाहरू आफ्ना साथीहरूले व्यक्त गरेको सुनिरहेकी थिइन्। उनी आफ्नो साल्भाडोर घरबाट एक घन्टा लगाएर डुङ्गामा जाने त्यस लोकप्रिय सामुद्रिक किनारामा नयाँ वर्ष मनाउन गएकी थिइन्। त्यस सालभाडोर सहरमा तीस लाख जनसंख्या छन्। जाँड रक्सी र रमझम गरेर आफ्नो जीवन कसरी सुधारिरहेका होलान् भनेर अचम्म मानेर सोचिन्। अनि उनी भन्छिन्: "परमेश्वरसँग केही माग्दिनँ। गत वर्षमा परमेश्वरले मलाई के गर्नुभयो त्यो सबैको निम्ति म धन्यवाद दिन चाहन्छु। मैले विश्वविद्यालयमा पढ्न छात्रबृत्ति पाएँ र एउटा इन्जिनियरिङ्ग कम्पनीमा मेरो पढाइको ज्ञानलाई व्यवहारमा उतार्ने तालिम गर्न अवसर पनि पाएको छु। त्यसकारण गत वर्ष मलाई परमेश्वरले

धेरै आशिष दिनुभएको छ। त्यसप्रति परमेश्वरमा आभार व्यक्त गर्न चाहन्छु।" उनले नहिचिकिच्याइ भनिन्।

सोमबार काम गर्न जाँदा बियाट्रिजलाई सञ्चो भएन। शनिबार र आइतबारमा नयाँ वर्षको बिदा मनाउँदा उनी थाकेकी थिइन्।

उनको हाकिम आना क्रिस्टिनाले सहानुभूति देखाएर बियाट्रिजको नजिकै बसिन् र आफ्नो मोबाइल निकालिन्। त्यसमा उनीसँग रहेको तिन मिनेटको भिडियो खेलिन्।

त्यस भिडियोमा एक जना पास्टरले येशूको बारेमा बोलेका थिए। बियाट्रिजले त्यसलाई चासो मानेर हेरिन्। उक्त पास्टर उनका साथीहरू जस्तो गरेर बोलेको थिएन।

अर्को दिन बिहान बियाट्रिजको हाकिम आना क्रिस्टिनाले अर्को तिन मिनेटको भिडियो ह्वाटस्अपबाट पठाएकी उनले पाइन्। अर्को दिन फेरि अर्को छोटो भिडियो बियाट्रिजको मोबाइलमा आएको थियो। बियाट्रिजले प्रत्येक भिडियो हेरिन्। पास्टरको शान्त बोलीप्रति उनले अचम्म मानेकी थिइन्। उनी जड्याँहा बाबुसँग बस्दथिन्। उनकी आमाले पारपाचुके गरेर बाबुलाई छोडेकी थिइन्। बाबु छोरीको बारम्बार कचकच हुन्थ्यो। घरमा कचकच हुन थालेकोले नै बियाट्रिजले पनि रमझम पार्टी र जाँडरक्सी खान थालेकी थिइन्।

केही दिनपछि बियाट्रिजले इन्टरनेटबाट पास्टरको नाउँ हेरेर उनले प्रवचनमा दिएका विषयबस्तुहरूको बारेमा अझ जानकारी लिन थालिन्। त्यो पास्टर इभान सारेभाले नोभा टेम्पो टेलिभिजनमा संचालन हुने पोर्टुगिज भाषामा "इट इज रिटन"

कार्यक्रम आयोजना गर्दथे। त्यो टेलिभिजन ब्राजिलसँग सम्बधित सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको होप च्यानलको थियो।

बियाट्रिजले टेलिभिजन कार्यक्रम "इट इज रिटन"लाई हेर्न थालिन्। त्यो टेलिभिजन कार्यक्रम हेरेर पास्टरले भनेको वचन ठिक हो कि होइन भनेर बाइबलसँग तुलना पनि गर्न थालेकी थिइन्। जब उनले दश आज्ञाहरू र सेभेन्थ-डे साबथको बारेमा सुनिन् तब उनले अत्यन्तै अचम्म मानिन्। साबथको बारेमा उनले कहिल्यै पनि सुनेकी थिइनन्।

तिन हप्तासम्म टेलिभिजन कार्यक्रमकोसाथै बाइबल अध्ययन गर्न थालेपछि उनले आफ्नो बिगतको जीवनको निम्ति परमेश्वरसँग क्षमा मागिन्। उनले आफ्नो हृदय परमेश्वरको निम्ति खुला गरिन् र पहिलोपल्ट परमेश्वरले उनको प्रार्थना सुनिरहको उनले महसुस गरिन्।

बियाट्रिज चर्च जान खोजिन्। एक जना साथीले आइतबारको दिन चर्चमा आउन निम्तो दिइन्। तर जब उनी त्यस चर्चमा गइन् तब बाइबलले भनेको सातौं दिनको साबथलाई त्यस चर्चले किन पालन गरेन भनेर उनले सोचकी थिइन्।

बियाट्रिजकी हाकिम आना क्रिस्टिनाले उनको सम्बन्ध परमेश्वरसँग नयाँ भएको महसुस गरिन्। उनले बियाट्रिजलाई घरेलु चर्चमा येशूको बारेमा अरूहरूसँग अध्ययन गर्न निम्तो दिइन्। त्यहाँ धेरै मानिसहरू विभिन्न कोठाहरूमा समूह समूह गरेर साबथ र अरू दिनहरूमा बाइबल अध्ययन गर्दथे।

**बियाट्रिज तुरन्तै त्यस घरेलु चर्चको मोहमा फसिन्।**

"मलाई सबैले अङ्गालो मारे र मलाई त्यो ठाउँ घर जस्तै लाग्यो। मेरो मनमा शान्ति आएको महसुस गरेँ" अन्तरवार्ताकोक्रममा बियाट्रिजले भनिन्।ती मानिसहरूको स्नेह देखेर उनी छक्क परिन्। "यिनीहरू मलाई किन यसरी धेरै माया गर्छन्? तिनीहरूले मलाई चिनेका छैनन्। तर तिनीहरूले 'तिम्रो दिन राम्रो होस्' भनेर पनि अभिवादन गर्छन्। ममा भएको बाइबलको ज्ञानको बारेमा तिनीहरू सुन्न चाहन्छन् र म कसरी पढिरहेको छु सोप्रति पनि तिनीहरू चासो देखाउँछन्। म को हुँ भनेर थाहा पाउनुभन्दा अघि नै तिनीहरूले माया देखाउँछन्" अचम्म मान्दै उनले भनिन्।

चर्चको दुई युवायुवती आमान्दा र भिटोरले बियाट्रिजलाई हरेक साबथ बाइबल अध्ययन दिए। अन्तमा आएर बियाट्रिजले आफ्नो हृदय येशूलाई समर्पित गरिन् र चर्चको बाहिर रहेको पौडी खेल्ने पोखरीमा बप्तिस्मा लिइन्। त्यो देखेर बियाट्रिजकी हाकिम आना क्रिस्टिना खुशीले रोइन्।

आज बियाट्रिजले उनका बाबु, आमा र दाजुले येशूलाई ग्रहण गरोस् भनेर प्रार्थना गरिरहेकी छिन्। उनको दाजुले "इटइज रिटन"सँग बाइबल अध्ययन गर्न सुरु गरिसकेको छ। "आश्चर्यकामहरूमा म विश्वास गर्दिनथेँ। आजको जमानामा आश्चर्य वा अलौकिक कामहरू असम्भव भन्ठान्थेँ। तर परमेश्वरले नै मेरो जीवनमा सही आश्चर्यको काम गर्नुभएको छ। पार्टी, रमझम, जाँड रक्सी आदि खाँदा भित्री मनमा रित्तोपना

अनुभव गरेको थिएँ। त्यही रित्तोपनालाई येशूले आफ्नो प्रेम दिनुभएर भर्नुभयो।

उनले विवाह गर्ने युवासँग गत वर्षको नयाँ वर्षको साँझ मनाए। तिनीहरूले अङ्गुरको जुस पिएर रमाइलो गरे र परमेश्वरको आशिषको निम्ति उहाँलाई धन्यवाद चढाए।"म परमेश्वरसँ नजिक हुन चाहन्छु। म परमेश्वरलाई कहिल्यै पनि अन्त नहुने प्रेमले प्रेम गर्न चान्छु" बियाट्रिजले भनिन्। ।

**लेखकः** ***आन्द्र्यु मेकचेस्नी***

| कथा<br>२३ | दुईवटा प्रार्थनाको छिट्टो जवाफ<br>झुबेर्टु ड्युडिडाइट फरिएरा ड सिल्भा<br>(ब्राजिल, दक्षिण अमेरिका) |
|---|---|

चर्चमा जान झुबेर्टुको चासो थिएन। तर अचानक बाइबल पढ्ने इच्छा उसमा कसरी आयो त्यो उनलाई थाहा भएन। बाइबल पढ्ने तिब्र चाहना जहाँबाट आएपनि अवकाशप्राप्त ब्राजिलको बैंक मेनेजर आफ्नै सुरमा बाइबल अध्ययन गर्न थाले।

पढ्दा पढ्दा झुबेर्टुले पढेको वचनदेखि अचम्म मान्न थाले। तर बाइबलका कतिपय भागहरूमा उनी अलमलिन थाले। त्यसको अर्थ के हो भनेर सोच्न थाले। कसैले आएर बाइबल सिकाइदिए हुन्थ्यो भनेर उनले कामना गर्न थाले। एक नयाँ वर्षको उत्सबमा परम्परागत भोज भतेरमा नजाने र सालभाडोरको सडकबाट देखिने भुईचम्पा उडाउने तमासा पनि नहेर्ने उनले निधो गरे। त्यो ब्राजिलको साल्भाडोर सहर समुद्रको किनारमा छ। त्यहाँ चालिस लाख जनसंख्या छ।

"तिमी एक्लै भुईचम्पा उडाएको हेर्न जाऊ" आफ्नी श्रीमतीलाई उनले भने। झुबेर्टुले एक्लै बसेर प्रार्थना गर्न चाहेका थिए।उनको परिवार उत्सबको निम्ति घरबाट बाहिर निस्केपछि घरमा घुँडा टेकेर झुबेर्टुले प्रार्थना गर्न थाले। उनलाई बाइबल सिकाउन र उहाँको सही चर्च देखाउन उनले परमेश्वरसँग बिन्ति गर्न थाले।

"त्यो प्रार्थना परमेश्वरले यति छिटो दिनुभयो कि त्यस्तो पहिले कहिल्यै पनि भएको थिएन" झुबेर्टुले पछि भने। थाहा नै नपाइकन झुबेर्टुले सातौं दिन साबथमा प्रार्थना गर्न थालेका थिए।

त्यसबेलाको डिसेम्बर ३१ शनिबार परेको थियो। अर्को दिन जनवरीब १ आइतबार परेको थियो।

त्यस वर्षको पहिलो काम गर्ने दिन सोमबार थियो। त्यस दिन झुबेर्टुले काम गर्ने गरेको बैंकबाट फोन आयो। बैंकको निर्देशकले आफ्नो केही लगानीमा सहयोग गर्न लेखिएको करारपत्रमा सही गर्न झुबेर्टुलाई बोलाएका थिए। बैंकको निर्देशकको अफिसमा झुबेर्टुले आफूसँग काम गरेको पुरानो साथीलाई देखे। ऊ इसाई भएको झुबेर्टुले सम्झे। करारमा हस्ताक्षेर गरेपछि झुबेर्टु त्यस मानिसभएको ठाउँमा गए। उसको नाउँ आलभारो थियो।

"आलभारो, म बाइबल कहाँ अध्ययन गर्न सक्छु के तपाईंलाई थाहा छ? तर मलाई पास्टरकहाँ नलैजानु अनि तिमीले मलाई इसाई बनाउन पनि  नखोज्नु। म केवल बाइबल पढ्न चाहन्छु।" झुबेर्टुले अनुरोध गरे। आलभारो सेभेन्थ-डे एडभेन्टिस्ट थियो तर झुबेर्टुलाई थाहा थिएन।

"तपाईं क्याबुलामा बाइबल पढ्न सक्नुहुन्छ" आलभारोले भने। त्यस ठाउँमा रहेको सहरी जिल्लामा उसको एडभेन्टिस्ट चर्च थियो।

"त्यो त धेरै टाढा छ र मोटरको घुइँचो धेरै नराम्रो छ" झुबेर्टुले भने।"ठिक छ त्यसो भए तपाईंलाई नै चाहिने ठिक एउटा ठाउँ छ। त्यहाँ मानिसहरू बाइबल पढ्छन्। तर त्यो चर्च होइन।

अर्को दिन मङ्गलबार थियो। आलभारोले झुबेर्टुलाई श्यरिङ्ग जिसस घरेलु चर्चमा लग्यो। त्यहाँ सानो सानो झुण्ड गरेर बाइबल पढिन्थ्यो र गीत गाइन्थ्यो। तर नौलो ठाउँ र नचिनेका

मानिसहरू भएकोले झुबेर्टुलाई त्यस ठाउँमा जान असजिलो लाग्यो। उनले पारिवारिक साथी रेजिनालाई आफूसँग आउन अनुरोध गरे। जब उनको श्रीमतीलाई आफूसँग आउन अनुरोध गरे तब उनी जान मानिनन्।

त्यहाँ भएको बाइबल अध्ययन झुबेर्टुलाई अत्यन्तै रोचक लाग्यो। अर्को हप्ता पनि रेजिनालाई आफूसँग आउन झुबेर्टुले अनुरोध गरे। "हुन्छ म तपाईंसँग जान्छु तर बाइबल अध्ययनमा सरिक हुन्न" भनेर उनले जवाफ दिइन्।

प्रत्येक बाइबल अध्ययनमा रेजिना झुबेर्टुसँग गइन्। उनले आफ्नो लुगाभित्र पौडी खेल्ने वस्त्र लगाउँथिन्। बाइबल अध्ययन पछि पौडी खेल्न जाने उनको मनशाय थियो।

डिसेम्बर ३१, २००६मा झुबेर्टुले बप्तिस्मा लिए र त्यसको एक वर्षपछि रेजिनाले पनि बप्तिस्मा लिइन्।

"मसँग कस्ले बप्तिस्मा लिइन् होली" आँखामा आँसु टल्काउँदै झुबेर्टुले भने "मेरी आमा।" बप्तिस्मा लिनु अघि झुबेर्टुले आफ्नी आमाले आफ्नो कदमको बारेमा जानकारी दिएका थिए। ब्राजिलको गाउँमा झुबेर्टुकी दिदी ओडिटसँग उनको आमा धेरै वर्षदेखिसँगै बसेकी थिइन्। ओडिट एडभेन्टिस्ट थिइन्।

" आमा म मेरी दिदीको चर्चमा बप्तिस्मा लिँदैछु" भनेर उनले आमालाई फोन गरेका थिए। फोन गरेको दश मिनेटपछि आमाले झुबेर्टुलाई फोन गरिन्।"म पनि तिमीसँग बप्तिस्मा किन नलिने?" आमाले सोधिन्।

"के तपाईं बप्तिस्माको निम्ति तयार हुनुहुन्छ र?" झुबेर्टुले सोधे।"हरेक दिन मेरी छोरीले मलाई बाइबल पढाउँछिन्। तिमीसँगै बप्तिस्मा लिने अवसर म गुमाउन चाहान्न"

उनले भनिन्। ८४ वर्षको उमेरमा उनले बप्तिस्मा लिइन्। झुबेर्टु ५६ वर्षका थिए।

झुबेर्टु घरेलु चर्चको सहअगुवा भएर काम गर्नुभएको थियो। १४ वर्षभित्र त्यस घरेलु चर्चको सङ्गतिद्वारा २०० जनाले बप्तिस्मा लिए। नयाँ वर्षमा बाइबल बुझ्न र सत्य चर्चको निम्ति परमेश्वरसँग गरेको प्रार्थनाको तीन दिनभित्र जवाफ पाएकोमा झुबेर्टु अचम्म मान्छन्।

"यस चर्चभित्र म कसरी आएँ? यो परमेश्वरको प्रेमद्वारा हो। तर यस चर्चमा रहिरहने प्रतिवद्धता कसरी भयो त? यस चर्चमा मैले पाएको न्यानो माया र स्वागत गर्ने वातावरणले गर्दा म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा रहिरहने निर्णय गर्न सक्ने भएको थिएँ" अन्तरवार्तामा मलाई झुबेर्टुले भने।

"चर्चले गर्दा धेरै मानिसहरूको पूर्वाग्रह तोडेको म ठान्छु। म सांसारिक क्षेत्रबाट चर्चमा आएँ। हामीले डाक्टर, डेन्टिस्ट र वकिलहरूलाई बप्तिस्मा दिलायौं। साधारणतया तिनीहरू चर्चमा जाँदैनन्। जो चर्चमा जान चाहन्दैनन् तिनीहरूलाई हामीले माया देखाएर स्वागत गर्दछौं। जब तिनीहरूले बप्तिस्मा लिन्छन् तब तिनीहरूले कहिल्यै पनि चर्च नछोडेको देखिएको छ" झुबेर्टुले थप्दछन्।

**लेखकः *आन्द्रयु मेकचेस्नी***

## कथा २४

## कार्ल मार्क्सको कम्युनिष्ट अनुयायीबाट एडभेन्टिस्ट मरिया "मरिता" होसे द ओलिभियरा पाल्मिएरा (ब्राजिल, दक्षिण अमेरिका)

१२ वर्षको उमेरमा मरिताले ब्राजिलमा बप्तिस्मा लिएकी थिइन्। तर किशोरी अवस्थामा उनले चर्च जान छोडिन्। अनि ३८ वर्षपछि उनी आफ्नो विश्‍वास मार्क्सप्रति त्यागेर उनको समुदायमा परमेश्‍वरको निम्ति शक्तिशाली गवाही बन्न पुगेकी थिइन्।

"मेरो जीवनमा येशू ख्रीष्टको आदर्शले कार्लमार्क्सको आदर्शको सट्टामा ठाउँ पाएको थियो" मरिता भनेर सम्बोधन गर्न चाहने मरियाले भनिन्। मरिया सेभेन्थ-डे एडभेन्टिस्ट आमाको घरमा हुर्केकी थिइन्। किशोरी अवस्थामा नै उनले साबथ स्कूल कक्षामा सिकाउँथिन् र चर्चको युवायुवतीहरूको निम्ति अगुवा भएकी थिइन्। तर उनी २२ वर्षको हुँदा चर्चको एक प्रतिष्ठित व्यक्तिले उनलाई केही भने जसले गर्दा उनको चित्त दुख्यो र चर्च जानै छोडिन्। चर्चको कुनै पनि मानिसले उनलाई वास्ता नगरेकोले चर्चमा कहिल्यै नजाने निर्णय उनले गरेकी थिइन्।

स्कूलमा उनले निकै चासोदेखाएर समाजशास्त्र पढिन् र जर्मनको दार्शनिक र समाजशास्त्री कार्लमार्क्सको मानव अधिकारबारे सिकाएको शिक्षाले उनी अत्यन्त प्रभावित भइन्। उनले पनि आफू कार्लमार्क्सको अनुयायी बन्ने निर्णय गरिन्।

२५ वर्षभित्र मरियाले विवाह गरेर एक छोरा पाइन् र उनी विधवी पनि भइन्। उनी क्यानाडाको मन्ट्रायल सहरमा सरिन्। मन्ट्रायलमा रहेको युनिभर्सिटी द मोन्ट्र्यालमा पीएचडी गर्न भर्ना भइन्।

जब उनी विश्वविद्यालयमा पढ्दै थिइन् तब उनले नचिताएको ब्राजिलीयन पास्टर लुइस् र उहाँकी श्रीमती लियोनी उनलाई भेट्न आए। तिनीहरू अमेरिकामा एउटा विवाहको समारोहमा सरिक भएर क्यानाडा भएर घर फर्किन्दै थिए। तिनीहरूले मनट्रियालमा मरियालाई भेट्न बसाइ लम्ब्याएरै बस्ने योजना बनाएका थिए। लुइस र मरिया युवा अवस्थामा एउटै एडभेन्टिस्ट चर्चमा आराधना गर्दथे।पास्टर लुइस र उनकी श्रीमती मरियालाई दिनदिनै भेट्न गए। उनीसँग तिनीहरूले बाइबल र येशूको प्रेमको बारेमा बोले। तिनीहरूले मरियालाई येशूतिर फर्कन आग्रह गरे।

मरियाले राम्रोसँग तिनीहरूलाई सुने तर उनको हृदय येशूलाई ग्रहण गर्नको निम्ति भने कठोर पारेकी थिइन्।

दुई वर्षपछि मरिया आफ्नो देश ब्राजिलमा फर्केर आइन्। उनी ब्राजिलको विश्वविद्यालयमा अध्यापकको काम गर्न आएकी थिइन्। पास्टर लुइसकी श्रीमतीले उनलाई प्रत्येक हप्ता तीन वर्षसम्म सम्पर्क राखेर बाइबल अध्ययन गर्न आउन आग्रह गरिन्। तर कुनै न कुनै बहाना बनाएर बाइबल अध्ययनमा सरिक भइनन्।

एक दिन मरियाले क्लासमा मार्क्सको बारेमा सिकाउन पाठ तयार पार्दै थिइन्। मार्क्सले आफ्नो सिद्धान्तको बारेमा लेखेको प्रथम् लेख सन् १८४४मा लेखेको मरियाले भेट्टाइन्। त्यो वर्ष एडभेन्टिस्ट अभियान अर्थात् येशूको आगमनको बारेमा प्रचारगरिएको वर्ष पनि त्यही नै थियो भनेर उनले सम्झिन्। एडभेन्टिस्ट अभियान अर्थात् येशू आउनुभएपछिमात्र यस संसारको परिवर्तन हुन्छ भन्ने शिक्षाको खिलाफमा अभियान चलाउन

शैतानले मार्क्सलाई प्रयोग गरेको हो कि भन्ने कुरालाई अचम्म मान्दै उनले सोच्न थालिन्। मानिसहरूको आफ्नै तागत, बल, शक्ति, वुद्धि, दर्शन वा वादले संसार परिवर्तन गर्न सकिन्छ भन्ने शिक्षा कार्ल मार्क्सको थियो, तर केवल येशूले मात्र यो संसार परिवर्तन गर्न सक्नुहुन्छ भन्ने शिक्षा एडभेन्टिस्टहरूले सिकाएका थिए।

केही समयपछि आफ्नो समाजवादी विद्यार्थीहरू ग्रेजुयट हुनेबेलामा क्लासमा मारियाले यो घोषणा गरिन् "अब म विश्वास गर्छु कि येशू ख्रीष्ट महान् क्रान्तिकारी नेता हुनुहुन्छ, तर उहाँ परमेश्वरको पुत्रचाहीँ होइन।"

प्रायजसो मरिया रातमा राम्रैसँग सुत्दथिन्, तर त्यस क्लासबाट आएपछि त्यस रात उनी राम्रोसँग सुत्न सकिनन्। रातभरि ओछ्यानमा ओल्टाइपल्टाइ गरिरहिन्।

अर्को दिन उनको एउटी डिनल्भा नाउँ गरेकी केटी विद्यार्थी उनीकहाँ आइन्। "प्रोफेसर, तपाईंले क्लासमा येशूलाई परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गर्दिन भनेर भन्नुभयो। आज राती राम्रोसँग म सुत्नै सकिँन। तपाईंले व्यक्त गर्नुभएको कुरो तपाईंको हृदयदेखि भनेको होइन भनेर तपाईंलाई भन्न परमेश्वरले चाहनुभएको अनुभव गरेकोले तपाईंकहाँ आएको हुँ। तपाईं मार्क्सवादी हुनुभएकोले येशूलाई तपाईंले विश्वास नगरेको तपाईंले स्वीकार गर्न चाहनुभएको थिएन" रुँदै उक्त विद्यार्थीले भनिन्। मरियालाई के भनुँ के नभनुँ जस्तो भयो। "तिमीले यो कुरा भनेकोमा तिमीलाई धन्यवाद छ" उनले भनिन्।

दुई हप्तापछि मरियाले एउटा रेस्टुरेन्टमा दिउँसो खाजा खाँदै थिइन् तब उनले एउटा गीतिसमूहले "माराभिल्होसाग्रासिया"

(येशूको अनुग्रह अचम्मको छ) भन्ने गीत प्राक्टिस गरिरहेको उनले सुनिन्। यो गीत आइतबार पालन गर्ने चर्चमा गाइदै थियो। यही गीत जब उनी किशोरी अवस्थामा थिइन् तब एडभेन्टिस्ट चर्चले आयोजना गरेको गीतिसमूहमा उनले गाएकी थिइन्। मरियाले त्यस चर्चको पछाडितिर गएर त्यो गीन सुनिन्। एकैछिनपछि उनको विद्यार्थी डिनाल्भा चर्चभित्र पसिन् र मरियाभएको ठाउँमा सिधै गइन्। प्रोफेसरलाई अङ्गालोमार्दै रुँदै भनिन् "मलाई थाहा छ कि तपाईं यहाँ आउनुहुनेछ! म घरमा मेरो बच्चालाई दुध ख्वाउँदै थिएँ, त्यतिनैखेर मेरो मनमा यहाँ आउन आवश्यकभएको कुरा कसैले घचघचाइरहेको आभास् मैले पाएँ।" मरिया तीनछक्क परिन्। यो भेट त संयोगमात्र नभएको उनले महसुस गरिन्। डिनाल्भाको घर नजिकै थिएन र मरिया पनि जानाजानी विश्वविद्यालयको परिसरबाट टाढा खाजा खान गएकी थिइनन्।

चर्चमा गीत सुनिसकेपछि दुई जना एक आपसबाट बिदा भए। यो अनुभवले उनलाई यो विश्वास भयो कि परमेश्वरले उनलाई बाइबल अध्ययन गर्ने अबसर दिन चाहनुभएको छ। अनि उनी पास्टर लुइसकी श्रीमतीको अनुरोधमा हप्ताहप्तामा हुने बाइबल अध्ययनमा सरिक हुन थालिन्।

पास्टर लुइस र उनकी श्रीमतीसँग मरियाले बाइबल १० वर्षसम्म अध्ययन गरिन्। तर बाइबल परमेश्वरको वचन हो भनेर उनले स्वीकार गर्न चाहिनन्।

आखिरमा पास्टर लुइसकी श्रीमतीले उनलाई भनिन् "परमेश्वरप्रतिको विश्वासको निम्ति तिमीले प्रार्थना गर्नु आवश्यक छ। तिमीले परमेश्वरप्रतिको आस्था गुमायौ। तिम्रो लागि म

प्रार्थना गर्नेछु।" जब पास्टरकी श्रीमतीले प्रार्थना गरिन् तब घरमा बाइबल पढ्ने चाहना मरियाको वढ्यो। तिनले बाइबल दुई महिनासम्म पढिन् र उनले फेरि बप्तिस्मा लिइन्।

तर उनको एउटा समस्या थियो। उनी चर्चमा जान चाहिरहेकी थिइनन्।"कसैको घरमै किन आराधना सभा नगर्ने?" उनले पास्टर लुइसलाई सोधिन्।चर्चचाहिँ जान नचाहने तर बाइबल पढ्न चाहनेहरूको निम्ति एउटा ठाउँ खोज्ने तिनीहरूले निर्णय गरे। अनि त्यस्तो खालको घरेलु चर्चको निम्ति योजना बनाउन पास्टरले मरियासँग अनुरोध गरे। अनि चर्चका अगुवाहरूले मरियाले बनाएको घरेलु चर्चको प्रस्ताव पढेर त्यसमा छाँटकाँट गरेर घरेलु चर्च सुरु गर्नको निम्ति सहमति जनाए।

श्यरिङ्ग जिजस अर्थात् येशूको बारेमा ज्ञान बाँड्ने घरेलु चर्च सन् २००४मा १३जनाबाट सुरु भएको थियो। यसमा २००भन्दा बेसी बप्तिस्मा लिएका मानिसहरू छन्।

"यहाँ एडभेन्टिस्ट चर्चलाई कसरी प्रेम गर्ने भनेर मानिसहरूले सिक्दछन्। तिनीहरूको आत्मपरिवर्तन हुन्छ र बप्तिस्मा लिन्छन्। अनि तिनीहरूलाई सालभाडोरमा भएका एडभेन्टिस्ट चर्चहरूमा हामी पठाउँछौं" मरियाले भनिन्। अहिले मरिया ७० वर्षकी छिन् र घरेलु चर्चको सहअगुवा छिन्।

"हामी धेरै गीतहरू गाउँछौं। धेरै ससाना समूहहरू मिलेर बाइबल पढ्छन र प्रार्थना गर्छन्। हामी धेरै खुशी छौं। हामी येशूको दोस्रो आगमनको निम्ति पर्खिरहेका छौं।" प्रसन्न भएर मरियाले भनिन्।

**लेखकः *आन्द्रय मेकचेस्नी***

| कथा २५ | थाकेका स्वयंसेवकहरू<br>रनै आगुइयर गुरेरा र नाटालिया<br>गलभाओमरिन्हो गुरेर,<br>(ब्राजिल, दक्षिण अमेरिका) |
|---|---|

दक्षिण अमेरिकाको आमाजोनको घाम अत्यन्तै चर्को थियो, र तिनीहरूको कामले तिनीहरूलाई थकाइ दिन्थ्यो। पास्टर रेनो आग्विर गुइरेरा र उनकी श्रीमती नातालिया डुङ्गामा चढेर ब्राजिलको अनकङ्टार गाउँ डेमोक्रेशियामा गए। डुङ्गाबाट ओर्लेर तिनीहरूले गाउँको प्रत्येक घरमा गएर सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो बाँडे।

अनि ती मिसिनेरीहरू ४५ कि.मी. पर अर्को गाउँमा हिलैहिलोको बाटो भएर पनि गए। त्यहाँ पनि प्रत्येक घरमा गएर सुसमाचारीय कार्यक्रममा भागलिन निम्तो दिए। फेरि त्यसैवखत तीन जना बाइबल सिकाउनेहरू थप दुई छिमेकी गाउँहरूको प्रत्येक घरमा गएर सुसमाचारीय कार्यक्रममा आउन निम्तो दिए। त्यो कार्यक्रम डेमोक्राशिया गाउँको टुँडीखेलमा आयोजना गरेका थिए।

ती मिसिनेरीहरूले प्रत्येक दिन एक महिना लामो श्रृंखलाबद्धरूपमा सुसमाचार प्रचार गरे।

मानिसहरू त्यस सभामा हुलका हुल आए। धेरै मानिसहरू ती मिसिनेरीहरूले बहालमा लिएका तिन वटा पिकअप गाडीमा कोची कोची आए। कतिपय हिंडेर आए। तर डेमोक्राशिया

गाउँका थोरैमात्र मानिसहरूले कार्यमक्रममा भाग लिए। त्यहाँ दिनदिनै १५० जना जति सुसमाचार सुन्न भेला हुन्थे।

दोस्रो हप्ताको सभामा रेनो र नातालिया थकित हुन थालेका थिए। तिनीहरू टाढाबाट हिंडेर जानुपर्दथ्यो। डेमोक्राशिया गाउँका मानिसहरूले चासो नदिएको कारण तिनीहरू हतोत्साहित भएका थिए।

घरको ढोका ढोकामा गएर निम्तो दिंदा कतिपयले सामान बेच्न आए जस्तो ठानेर गनगनाउन पनि थालेका थिए।

रेनोले घर बनाउने मानिसहरूलाई बोलाएर एडभेन्टिस्ट चर्च खडा गरिरहेकाले त्यहाँका मानिसहरूले तिनीहरूलाई शङ्कास्पदरूपमा हेरिरहेका थिए। त्यस गाउँका मानिसहरू केवल आइतवार मान्ने एउटा संम्प्रदायका विश्वासीहरू थिए। अर्को आइतबारे इसाई संम्प्रदायको प्रचारकहरू आएर अर्को गाउँमा सिकाउँदा त्यहाँका परिवारहरू विभाजित भएका थिए। डेमोक्रेशियाको गाउँका परिवारमा विभाजन आएको त्यहाँका मानिसहरूले चाहेका थिएनन्।

एक दिन थकान र पेलान भएर रेनो र नातालिया आफ्नो डुङ्गामा लडे।

"हामी यहाँ किन छौं? मानिसहरू सत्य वचन सुन्न तयार छैनन्। कसैले पनि बाइबलका वचनहरू ग्रहण गर्लान् जस्तो छैन" निराश भएर रेनोले भने। "अब म फेरि यो प्रचार गर्ने काम गर्न चाहँदिन। मलाई यो काम त मनपर्छ तर तिनीहरूले सत्यलाई ग्रहण गर्न चाहिरहेका छैनन्" अत्यन्तै निराश भएर रेनोसँग सहमति जनाइन्।

अत्यन्तै हतोत्साहित भएर नातालीले आफ्नो मोबाइल खोलेर बाइबलबाट यताउती पदहरू हेर्न थालिन्  प्रार्थना गरिन् "हे परमेश्वर हामी यहाँ किन छौं भनेर देखाउनुहोस्।"

अनि उनको आँखा गलाती ६:९मा पऱ्यो। त्यसका लेखिएको छ "भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं।"

"लौ, हामीले जवाफ पायौं!" अत्यन्तै खुशी भएर नातालीले त्यो पद रेनोलाई पढेर सुनाइन्।अर्को दिन जब रेनो र नातालीयाले एउटा घरमा सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो दिए। तिनीहरू घरमा आएर निम्तो दिएकोमा एक जना अधबैंसे महिला धेरै खुशी भएर चिच्याएर भनिन्: "त्यो त मेरो चर्च हो!" निम्तो कार्डमा होप च्यानलको चिन्हलाई देखाएर भनिन्।"चार वर्षसम्म यो चर्च मेरो थियो। म बप्तिस्मा लिन चाहन्छु।"

चार वर्षसम्म ती महिलाले होप च्यानल हेरिरहेकी थिइन् र त्यस टेलिभिजन कार्यक्रममा बोल्ने प्रचारक आफ्नो गाउँमा आओस् भनेर उनले चार वर्षसम्म प्रार्थना गरिरहेकी थिइन्।

जब डिसेम्बर २०१७मा सुसाचारीय कार्यक्रम सकियो तब ती महिलासमेत गरेर ५० जनाले बप्तिस्मा लिएका थिए।

जब कहिल्यै पनि नथाक भनेर बाइबलमा दिएको अर्ती पढेपछि नथाकिकन रने र नेतालीयाले प्रचार गर्दै गरे तब त्यसैबेला दुई दिदी बहिनीले पनि बप्तिस्मा लिए। तिनीहरू वर्ष १९की फ्रानसियनर र वर्ष १६की देलिसियन थिए। तिनीहरूका बाबुआमाले त्यस सुसाचारीय कार्यक्रममा नजान मनाही गरेका

थिए। तैपनि तिनीहरू अटेरी भएर कार्यक्रममा नियमितरूपमा भेला भएका थिए।

"हाम्रो बुबाले हामी एडभेन्टिस्ट भएको चाहन्नुहुन्न। आज हामीले बप्तिस्मा लिएको पनि उहाँ चाहनुहुन्नथ्यो। तर हामी आफ्नै इच्छाले यहाँ आयौं" बप्तिस्मा लिएको दिनमा रेनोले भिडियो अन्तरवार्ता फ्रानशियनले भनिन्। "हिजो राती हाम्रो हजुरमा घरमा हाम्रो बुबालाई सम्झाउन आउनुभयो किनभने उहाँले भन्नुभएको थियो कि यदि हामीले बप्तिस्मा लियौं भने उहाँले हामीलाई बेस्सरी चुट्नुहुनेछ। तर हाम्रो परिवारले हाम्रो बिरोध गरेतापनि हामी येशूसँग रहन चाहन्छौं।"

ती दुई दिदीबहिनीहरूको विश्वासको बारेमा बोल्दा केही हप्ता अघि रेनोले अनुभव गरेको हतोत्साह र निराशाको याद आयो।

"कसैले पनि बाइबलको सत्यलाई स्वीकार गर्दैन भनेर मैले सोचेको थिएँ। तर गाउँका मानिसहरूका हृदयमा परमेश्वरले काम गरिरहनुभएको थियो" उनले अन्तरवार्तामा भने।

नयाँ चर्चले घरपरिवारमा फाटो ल्याउँछ भनेर चिन्ता गर्ने गाउँलेहरूको मन फेरियो। "ओहो, यो त फरक चर्च रहेछ" एक जनाले भन्यो।

"तपाईंले हामीहरूप्रति चासो देखाउनुभएको छ र हामीहरूको गाउँ टुक्रिएको तपाईंहरू चाहनुहुन्न" अर्कोले भन्यो।

आमाजोनिया द इस्प्रान्टा डुङ्गाको पास्टर रेनोले सन् २०१७मा तीनवटा सुसमाचारीय कार्यक्रम आयोजना गरेका थिए। त्यो २०१६को तेऱ्हौं साबथ योजना कार्यक्रम अन्तर्गत तीनवटा श्रृंखलाबद्ध सुसमाचारीय कार्यक्रमको अन्तिम कार्यक्रम

डेमोक्राशिया गाउँमा आयोजना गरेका थिए। १२ महिनाको पूरै कार्यक्रममा रेनोले २८६ जनालाई बप्तिस्मा दिएर तीनवटा चर्चहरू स्थापना गरे। रेनो र नातालीयाले प्रयोग गरेको डुङ्गा ठूलो डुङ्गा हो। त्यसमा १५० जना अटाउने ठूलो एयर कन्डिसन भएको हल छ। त्यसमा प्रोजेक्टर र साउन्ड सिस्टम छन्। आमाजोन नदीको दायाँबायाँ रहेको गाउँहरूमा गएर सुसमाचारीय कार्यक्रम त्यस डुङ्गाबाट चलाउँदछन्। डेमोक्याशिया जस्तो हिलैहिलो भएको ठाउँमा त्यो डुङ्गा लैजान नसकेतापनि त्यसलाई अनुकुल भएको ठाउँमा लगेर सुससाचारीय कार्यक्रमको आयोजना गरिन्छ। वर्ष ३३को रेनो पुरुष नर्स पनि हुनुहुन्छ र उनको ३२ वर्षकी श्रीमतीले जब सुसमाचार सुनाउँछिन् तब गाउँलेहरूको शारीरिक र मानसिक आवश्यकताको हेरचाह पनि गर्दछिन्।

डेमोक्राशियाको अनुभव पछि एडभेन्टिस्ट काममा हतोत्साह हुने कुनै ठाउँ पनि छैन भनेर रेनो र नातालीया विश्वस्त छन्।

"जुन काम हामीहरूले गरिरहेकाछौं त्यो काम हामीहरूले गरिरहेका होइनौं। जब हामी आएका थियौं तब परमेश्वरले नै मानिसहरूको हृदय तयार पारिरहनुभएको थियो। आमाजोनको जङ्गलमा टेलिभिजन र अरू माध्यमहरूद्वारा मानिसहरूको हृदय तयार पारिरहनुभएकोले हामीले चिन्ता गर्नुपर्ने कारण केही छैन" रेनोले भने।

"परमेश्वरले सबै थोक गर्नुहुन्छ। मानिसहरूलाई अगुवाइ गर्न हामी केवल उहाँको औजारमात्रै हौं। हामीहरूको कामको निम्ति हामी दिनदिनै परमेश्वरलाई धन्यवाद दिन्छौं" वकिल पढ्न छोडेर मिसिनेरी भएकी नातालीयले व्यक्त गरिन्।

सन २०१६को चौथौं त्रैमासिक भेटीको सहयोगले डुङ्गा किनेर घुम्ती चर्च स्थापना गर्न पाएकोमा ती दम्पत्तीले विश्वको एडभेन्टिस्टहरूप्रति आभार व्यक्त गरेका थिए।

"राजनैतिक, आर्थिक र स्वास्थ्यको कारणले बिर्सिएका गाउँलेहरूलाई  उद्धार गर्न परमेश्वरले डुङ्गा चर्चको निम्ति खडा गर्नुभएको हो तर ती मानिसहरूले परमेश्वरलाई बिर्सेका छैनन् भनेर देखाइदिएका छन्" रेनोले भन्यो।

"गाउँलेहरू सुसमाचार प्रचार गर्नेहरूको निम्ति पर्खिरहेकाछन्। तिनीहरू येशूलाई चिन्न पर्खिरहेका छन्। येशूलाई केवल एक जना व्यक्तिमात्र चाहिन्छ जसले 'म यहाँ छु, मलाई पठाउनुहोस्' भन्न सक्छ" नातालीले व्यक्त गरिन्। **लेखकः *आन्द्र्यु मेकचेसनी।***

# जङ्ग्याँहा आमाबाबुका हृदयहरू
## येशूको निम्ति जित्नु
## टलिताहोयाटो
## (पपुवा न्यु गिनी)

**कथा २६**

अस्ट्रेलिया महादेशको समुद्रमा पपुवा न्यु गिनी भन्ने एउटा देश छ। त्यो देशको एउटा पहाडी इलाकामा गोर्का भन्ने शहर छ। त्यहाँको एक परिवारमा टलिताहोयोटो भन्ने एक बालिका जन्मेकी थिइन्। उनका आमाबुबा जाँडरक्सी खाने र जुवा तास खेल्न प्रख्यात थिए। कतिपय समयमा तिनीहरू बेतालमा हिँड्थे अनि टलिताहोयोटोको वास्ता पनि गर्दैनथे। जेभएतापनि उनी जसोतसो आठ वर्षसम्म घरमै हुर्किन्। तर टलिताहोयोटोको घरको दुर्गती देखेर उनीप्रति दया जागेर एक जना छिमेकीले उनलाई धर्मपुत्री बनाउँछु भनेर उनका आमाबाबुसँग मागे। मोजमज्जा, जाँडरक्सी र जुवा खेल्न व्यस्त भएका आमाबाबुको निम्ति ती छोरी घाँडो भएकी थिइन्। त्यसकारण छिमेकीको अनुरोधलाई खुशीले स्वीकारेर आफ्नी छोरीलाई लानु भनि आमाबाबुले अनुमति दिए। दयालु छिमेकीले टलितालाई घरमा लगिन् र आफूलाई "आमा" भनेर बोलाउनु भनेर उनलाई सिकाइन्।

नयाँ आमा दयालु थिइन् र टलिताले उनको घर रमाइलो भएको महसुस गरिन्। तिनीहरू एउटै कोठामा सुत्दथे। आमाको खाट छुट्टै र टलिताको निम्ति छुट्टै खाट थियो। भोलिपल्ट बिहान आमाको घडीमा पाँच बजे बिहानै टिन्न घन्टी बज्यो। त्यसले टलितालाई पनि ब्युँझायो। तैपनि उनी भने उठिनन् र ओढ्नेले

मुख छोपेर तलिता ओछ्यानमै ढल्किरहिन्। आमा बिस्तारै आफ्नो खाटबाट ओर्‍लेको टलिताले देखिन्। उनले ओढ्नेबाट चिहाएर आमाले के गर्न लागेकी रहिछिन् भनेर हेरिन्। आमा त घुँडापो टेकिरहेकी थिइन् र परमेश्वरसँग ठूलो स्वरले कुरा गरिरहेकी थिइन्। आमाले प्रार्थनामा आफ्नो नाउँ टलिता भनेको पनि सुनिन्। आमाले एउटा कालो किताब खोलिन् र त्यो पढ्न थालिन्।

भोलिपल्ट बिहान पनि ५ बजे बिहान घडीको घन्टी बज्यो र टलिता पनि ब्युँझिन्। आमाले प्रार्थना गरेकफ र कालो किताब पढेको उनले हेरिरहिन्। दिउँसो पख उनको घरमा धेरै महिला पाहुनाहरू आए र तिनीहरू आफ्ना व्यक्तिगत समस्याहरूको बारेमा आमासँग सरसल्लाह माग्न आएका थिए। ती महिलाहरूसँग आमाले प्रार्थना गरिन् र कालो किताबबाट तिनीहरूलाई सरसल्लाह दिइन्। पछि टलिताले थाहा पाइन् कि त्यो कालो पुस्तक बाइबल पो रहेछ।

टलिताले पनि आमाले जस्तै गर्न थालिन्। जब उठ्ने घन्टी बज्थ्यो उनी पनि उठ्थिन् र घुँडा टेकेर प्रार्थना गर्थिन्। उनले बाइबल पढिन्। उनले बाइबलबाट सिकेका कुराहरू अरूलाई बाँड्न आमाले उनलाई सिकाइन्। जब टलिताले प्रार्थना गरिन्, बाइबल पढिन् र अरूलाई आफूले पढेका कुराहरू बाँडिन् परमेश्वरले उनका प्रार्थनाहरूको जवाफ दिएको उनले अनुभव गरिन्। उनले परमेश्वरमाथि विश्वास गर्न थालिन्।

धेरै वर्ष बितेपछि। टलिता ठूली हुँदै थिइन्। जब उनी १७ वर्ष कि भइन् तब उनले बप्तिस्मा लिइन्।बप्तिस्मा लिएको

केही समयमै आमाले टलितालाई आफूलाई जन्म दिने आमाबाबुकहाँ फर्कनु पर्छ भनिन्।

रुँदै टलिताले सोधिन् "के मलाई मेरा बाबुआमाकहाँ फिर्ता पठाउँदै हुनुहुन्छ?" आँखाभरि आँशु झारेर आमाले भनिन् कि टलितालाई आफ्ना आमाबाबुकहाँ फर्काउने निर्णय गर्न धेरै गाऱ्हो भएको थियो तर उनी फर्किनै पर्छ र यो निर्णय उचित भएको पनि उनलाई सुनाइन्।

"तिमीले येशूलाई तिम्रो व्यक्तिगत मुक्तिदाता भनेर स्वीकारेको हुनाले तिमीलाई जन्म दिने बाबुआमाले पनि तिमीले कस्तो खालको मुक्तिदातालाई तिमीले ग्रहण गऱ्यौ भनेर सुनाउनुपर्छ," आमाले भनिन्।

"ल त हुन्छ" भनेर टलिताले आफ्नो पोको पुन्तुरो बोकेर आमाबाट बिदाबारी भएर आफ्नो घरमा फर्किन्। टलिता अचानक आफ्नो घरमा पस्दा उनका आमाबाबुले अत्यन्तै अचम्म माने, तर तिनीहरूले खुशीले उनलाई घरमा स्वागत गरे।तर तिनीहरूले येशूको बारेमा सुन्न चाहेका थिएनन्। जब जब उनले येशूको बारेमा तिनीहरूलाई केही सुनाउँथिन् तब तब तिनीहरू केही न केही भनेर गालि गर्दै उनीबाट पर हुन्थे।

जेभएतापनि टलिता आफ्नो घरमा सजिलैसँग घरै ठानेर बसिन्। उनका दुई भाइ र बहिनीसँग पनि घुलमिल भइन्। तिनीहरूलाई टलिताले पहिले कहिल्यै पनि देखेकी थिइनन्। आफूलाई पाल्ने आमाको नियम अनुसार उनले पनि नियमित रूपमा बिहान ५ बजे घन्टी बजाउन घडीलाई तयार गरिन् र घन्टी बजेपछि उनी उठिन्, प्रार्थना गरिन् र बाइबल पढिन्।

आफूले पढेको कुरा आमाबाबुलाई भन्ने प्रयास टलिताले गरिन् तर तिनीहरूले उनलाई सुन्न चाहेनन्। तैपनि आमाबाबु सुत्ने बेलामा तिनीहरूको खाटमा गएर उनले बाइबलका कथाहरू सुनाइन् र तिनीहरूको निम्ति प्रार्थना गर्न थालिन्। उनलाई पालन पोषण गर्ने  आमाले भनेको कुरा उनलाई याद आइरहेको थियो, "कसैले कसैलाई इसाई बनाउने हाम्रो काम वा जिम्मेवारी होइन, तर यो त परमेश्वरको काम वा जिम्मेवारी हो।"

टलिताको धेरै प्रयास पछि एकदिन उनकी आमा चर्चमा जान मञ्जुर भइन्। तर चर्चमा सबैले उनको कुरा काट्छन् वा ठट्टा गर्नेछन् भनेर उनलाई डर लागेको थियो। सबैलाई थाहा थियो कि उनी जाँडरक्सी खान्थिन् र जुवातास खेल्थि। तर टलिताले अरूले के भन्छन् त्यसको चिन्ता नगर्नुस भनेर आफ्नो आमालाई हौशला दिइन्।

जब टलिताको पालनपोषण गर्ने आमाले उनलाई भेटिन् तब उनको आमा चर्च गएको देखेर उनले खुशी व्यक्त गर्दै भनिन्, "परमेश्वरले नै मानिसको हृदय जान्नुहुन्छ। जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँले पनि तिमीले जस्तै मानिसहरूसँग घुलमिल गर्नुहुन्थ्यो। त्यसकारण, अरूले के भन्छ त्यसमा सुर्ता नलिनु। जब एक जना पापीले पश्चाताप गर्छ तब स्वर्गमा आनन्दको लहर छाउँछ।" जब टलिताको कर्मदिने आमाले उनका आमा र भाइ बहिनीहरूलाई भेटिन् तब उनी धेरै खुशी भइन् र तिनीहरूलाई अङ्गालोमारेर न्यानो अभिवादन गरिन्।

"मानिसले तपाईंलाई के भन्छ त्यसमा तपाईं चिन्ता नगर्नुहोस्। परमेश्वरले तपाईंको हृदय जान्नुहुन्छ। तपाईंको

जीवनमा परमेश्वरको योजना छ" टलिताकी कर्मदिने आमाले उनको जन्मदिने आमालाई भनिन्।

जब आमा चर्चबाट घर फर्किन् तब बाबुले केही पनि भनेनन्। टलिताले आफ्नो बाबुलाई पनि चर्चमा आउन आग्रह गरिन्। "तिमी सानी नै छौ। मलाई के गर्ने भनेर नअन्हाऊ" बाबुले टलितालाई ठाडो जवाफ दिए।

टलिताले दानिएल ४:२८-३७पदहरू पढिन्। त्यहाँ सम्राट नेबुक्दनेसरले घमण्ड गर्दा परमेश्वरले उनलाई पशुसरह झार्नुभएको थियो कि संसारको राजा परमेश्वर हुनुहुन्छ उनी होइनन् भनेर उनले महसुस गरुन् भनेर सो लेखिएको थियो। त्यसकारण टलिताले आफ्नो बाबुलाई चर्चमा आउन आग्रह नगरि उनको निम्ति प्रार्थना गर्न थालिन्।

"हे प्रिय प्रभु, यदि तपाईंले सम्राट् नेबुक्दनेसरले तपाईं परमेश्वर हुनुहुन्छ भनेर थाहा पाउन् भने तपाईंले उनको हृदयलाई परिवर्तन गर्नुभयो भने मेरो बुबालाई पनि हेर्नुहोस्। उहाँ केवल साधारण मानिसमात्र हुनुहुन्छ। उहाँलाई केही गर्नुहोस् जसले गर्दा उहाँले तपाईंलाई विश्वास गर्न सक्नुभएको होस्" टलिताले बिनम्र अनुरोध गर्दै परमेश्वरसँग प्रार्थना गरिन्।

टलिताले आफ्नो बुबाको निम्ति प्रार्थना गरेको केही दिनभित्रै उनलाई पुलिसले समात्यो। उनी बिजुलीका इन्जिनियर थिए। उनले पैसा पाए अनुसार काम सिध्याएका थिएनन्। त्यसकारण उनको मालिकले उनलाई जेलमा हाली दिए। जब उनी जेलमा थिए तब उनले येशूलाई विश्वास गर्न थाले। जब तिन महिनापछि उनी जेलबाट छुटे तब उनी चर्चमा गएर

बप्तिस्माको निम्ति कक्षामा भर्ना भए। टलिताको खुशीको सिमाना नै रहेन!

तर दुर्भाग्यवस एक महिनापछि उनको बुबाको टायफ्वायड ज्वरले मृत्यु भयो। उनी केवल ४५ वर्षको मात्र थिए। यो किन भयो टलिताले बुझ्न सकिनन्। प्रत्येक साबथ सबै परिवार संगसंगै चर्च गएको उनी चाहन्थिन्। तर बाबुको दुःखलाग्दो मृत्युभएपनि परमेश्वरले उनको प्रार्थना सुनिदिनुभएकोमा टलिता खुशी थिइन्।

"हामीले अपेक्षा नगरेको दुर्घट्ना हाम्रो जिवनमा हुन सक्छ तर परमेश्वरको बाटो सधैं सिद्ध छ, मेरो बुबा एडभेन्टिस्ट भएको म चाहन्थैं ताकि हामी सपरिवार संगसंगै चर्च जान सकौं। तर त्यसो भएन। तर येशूमाथि विश्वास राखेर नै मेरो बुबाको मृत्यु भयो। जब येशू आउनुहुनेछ तब हामी सबै मिलेर स्वर्ग जानेछौं" टलिताले संतुष्ट हुँदै भनिन् ।

टलिताकी आमा प्रत्येक साबथ चर्चमा गइरहेकी छिन्। उनले छिट्टै बप्तिस्मा लिनेछिन्। टलिताका भाइहरू र बहिनी पनि चर्चमा जान्छन्। टलिता अहिले वर्ष १९की छिन्। उनी शिक्षक हुन कलेजमा पढिरहेकी छिन्। आफ्नो दुई वटी आमाहरू भएकोमा उनी खुशी छिन्ः आफ्नो जन्मदिने आमा र कर्मदिने आमा। "म सानै हुँदा प्रभु येशूको चेला हुन सिकाउनुभएकोमा मलाई पाल्नुहुने आमाप्रति म सधैं आभारी छु। यसैले गर्दा म जहाँ गएपनि यसबारे म अरूलाई सुनाउँछु" ढुक्क भएर टलिताले यी लेखकलाई सुनाउँछिन्।

अब उब्रिने त्रैमासिकको भेटी टलिता रहेको पपुवा न्यु गिनीको सहरमा बालसङ्गतिको निम्ति खर्च गरिनेछ।

*-आन्द्रु मेकचेस्नी*

| कथा २७ |
|---|

# दुई काला आँखाहरू
## टलिताहोयोटो
## (पपुवा न्यु गिनी)

कलेजको होस्टेलमा आफूसँगै बस्ने साथीका दुई आँखाहरू कालो भएकोमा टलितालाई दुःख लाग्यो। "के भयो?" भनेर उनले सोधिन्।

उनको २३ वर्षकी सँगसँगै बस्ने कोठाकी साथी डोरिनले आफ्नो ब्लाउजलाई खोलेर आफ्नो पिठ्युँ देखाइन्। उनको पछाडि घाउनै घाउ थियो।
रुँदै डोरिनले भनिन् "मेरो श्रीमान जड्याँहा छन्। उनले मलाई बेस्सरी पिटे!" "त्यसो भए तिमी घर नफर्क" टलिताले सल्लाह दिइन्। तर मौका पाउनासाथ डोरिन् घर फर्कन्थिन्। उनको एक वर्षको छोरालाई उनको सासुले स्याहार्थिन्। पापुवा न्यु गिनीको माउन्ट हेगन भन्ने गाउँमा उनी बस्दथिन्। आफ्नो बच्चालाई नदेख्दा उनलाई एकदम नियास्रो लाग्दथ्यो।

आफ्नो दुःख सहानुभूतिपूर्वक सुनिदिने टलिता पाउँदा डोरिन् ज्यादै आभारी थिइन्। दुवै जना पापुवा न्यु गिनीको कुन्डिवा भन्ने ठाउँको सिम्बु टिचर्स कलेजमा पढ्थे। डोरिनको कलेजबाट उनको गाउँ जान तिन घन्टा लाग्दथ्यो।

"मेरो जीवन दिक्क लाग्दो छ। मैले असल आमा र श्रीमती हुन के गर्नुपर्छ मलाई थाहा छैन" डोरिनले टलितालाई आफ्नो दुःख पोखाइन्। टलिताले उनको दुःखलाई कसरी जवाफ दिने भनेर दोधारमा परिन्, तर उनले आफूलाई पाल्ने आमालाई सम्झिन्। आफ्ना घरहरूमा समस्या भएका महिलाहरू उनीकहाँ

आउँथे। अनि उनीसँग सरसल्लाह माग्थे। उनको आमाले तिनीहरूलाई बाइबलबाट नै सरसल्लाह र बुद्धिज्ञानको बारेमा सुनाउँथिन्। "परमेश्वरबाहेक कसैले पनि मानिसलाई परिवर्तन गर्न सक्दैन भनेर मेरी आमाले भन्थिन्। परमेश्वरले नै हामीलाई सृष्टि गर्नुभएको हो र उहाँले नै हाम्रो टुटेको जीवनलाई जोड्न सक्नुहुन्छ" येशूलाई विश्वास नगर्ने डोरिनलाई टलिताले भनिन्। अनि हरेक बिहान प्रार्थना गर्न र बाइबल पढ्न उनले डोरिनलाई सल्लाह दिइन्।

जब टलिता कलेजको आफ्नो कोठाकी साथी बन्न आइन् तब डोरिनले प्रत्येक बिहान उनले आराधना गरेको देखेकी थिइन्। टलिताले बिहान ५ बजे उठेर प्रार्थना गर्ने र बाइबल पढ्ने गरेकी थिइन्। टलिताका आमाबाबु पनि जडयाँहा थिए र उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट आमाले पालेकी थिइन् भनेर डोरिनले पनि थाहा पाइन्।

केही दिनपछि जब डोरिन् आफ्नो घरबाट फर्किंदै थिइन् तब टलिताले उनलाई छक्क पार्ने गरि केही कागजहरू दिइन्। त्यसमा टलिताले बाइबलका तिनवटा कथाहरू लेखेकी थिइन्। त्यसमा जीवन नै परिवर्तन भएको सामरी स्त्रीको कथा थियो जुन यूहन्ना ४:१-४२मा लेखिएको छ। २०१७को पहिलो त्रैमासिकको मिशन कथा र बालबालिकाहरूको निम्ति लेखिएको मिशन कथा पनि त्यसमा लेखिएको थियो। "समय भएको बेलामा तिमीले यो पढे पनि हुन्छ" भनेर टलिताले त्यो कागज डोरिनको हातमा राखिदिइन्।

डोरिनले ती कथाहरू मनपराइन् र अरू कथाहरू पढ्नको निम्ति चासो व्यक्त गरिन्। आफ्नो जडयाँहा बुबाले प्रभुलाई

विश्वास गरून् भनेर आग्रह गर्दा पनि नमान्ने भएपछि उनको निम्ति वर्षभरि प्रार्थना गरेको टलिताले उनलाई सुनाइन्। अनि उनी प्रार्थनामा लागि नै रहिन् र काममा धोखा दिएकोले उनलाई जेलमा हालेको, त्यहाँ परमेश्वरलाई विश्वास गरेको र उनी छुटेपछि संगसंगै चर्चमा जाने चाहना व्यक्त गरेको पनि डोरिनलाई सुनाइन्। "यदि परमेश्वरले मेरो बुबालाई परिर्तन गर्नुभयो भने तिम्रो श्रीमानलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ!" टलिताले आश्वस्त पार्दै भनिन्।

टलिताको कथाले डोरिनको हृदय छोयो, अनि आफ्नो श्रीमानको निम्ति दिनदिनै प्रार्थना गर्न थालिन्। एक बिहान टलिता ५ बजे उठ्दा उनको कोठे साथी पनि बिहानै उठेर प्रार्थना गर्न लागेकी देखिन्। त्यसबेला उनी अत्यन्तै खुशी भइन्।

दुई महिना पछि डोरिनकी सासूले उनलाई अचम्मको समाचार सुनाइन्। डोरिनको श्रीमानले उनको जीवनभर कहिल्यै पनि बगैंचामा काम गरेको थिएन। कहिल्यै पनि कुटो कोदालो चलाएको थिएन। तर अहिले आफैले बारी खनेर आफ्नै बगैंचा उनले बनाए रे भन्ने खबर आफ्नो बुहारीलाई सुनाइन्। "आमा के तपाईं ठट्टा गर्दै हुनुहुन्छ?" डोरिनले सोधिन्। "तिमी आफै आएर हेर" उनकी सासूले जवाफ दिइन्।

अर्को पल्ट जब डोरिन घरमा गइन् तब उनी आफैले बगैंचा हेरिन्। उनको श्रीमानले उनलाई र परिवारको रेखदेख पहिलो पल्ट गर्न थालेको थाहा पाइन्। उनले रक्सी खान छोडे। गाउँमा कसैले पनि उनको परिवर्तनको बारेमा पत्याएनन्।

कलेजको होस्टेलमा आएपछि टलितालाई अङ्गालो मार्दै डोरिनले धन्यवाद दिइन्। "परमेश्वरको जय होस्! परमेश्वरले काम गरिरहनुभएको छ" टलिताले खुशी व्यक्त गर्दै भनिन्।

एक वर्षपछि डोरिनको घरमा हरेक विहान परमेश्वरको आराधना गर्न थालियो र उनको श्रीमान् पनि चर्चमा जान थाले। श्रीमान्ले उनलाई पिट्न पनि छोडे र उनका आँखा फेरि कहिल्यै काला भएनन्।

"अब म खुशी आमा भएकी छु र खुशी श्रीमान्को श्रीमती पनि भएकी छु" डोरिनले भनिन्।

टलिताबाट परमेश्वरको बारेमा थाहा पाउने धेरै मानिसहरूमध्ये डोरिन पनि एक हुन्। उनी १९ वर्षकी मात्र छिन्। येशू र उहाँको दया तथा धार्मिकताको बारेमा सुनाउन पाउँदा उनी धेरै रमाउँछिन्।

"मलाई पाल्ने आमाले सानैदेखि येशूको उपासक बन्नुपर्छ भनेर मलाई सिकाएकी थिइन्। त्यस्ती खालको आमा मैले पाएकोमा म परमेश्वरलाई सधैं धन्यवाद दिन्छु। म जहाँ गएपनि येशूको बारेमा म सुनाउँछु। जब संसारमा भइरहेका घट्नाहरूको बारेमा हामी चर्चा गर्छौं तब म भन्छु 'यसैले येशू छिट्टै आउनुहुन्छ भनेर देखाउँछ।' हामी परमेश्वरमा विश्वासिलो भएर येशूको आगमनको आशामा बाँचिरहनुपर्छ" हँसिलो भएर टलिताले यी लेखकलाई सुनाइन्।

*-आन्द्रु मेकचेस्ने*

**कथा**
**२८**

# अवकाश लिने योजना छैन
## ओहोकानामामाकेभी
## (पापुवा न्यु गिनी)

पापुवा न्यु गिनीमा चर्चको निम्ति काम गरिरहेका धेरै कर्मचारी र पास्टरहरू छन्। जब तिनीहरू आफ्नो कामबाट अवकाश पाउँछन् तब धेरै जसो तिनीहरू आआफ्नै गाउँहरूमा गएर आफ्नो घर र परिवारसँग आफ्नो जीवनको अन्तिम समय बिताउँछन्।

नोट ओहोकानामामाकेभी, साउथ पासिफिक देशमा रहेको युरा गाउँको आदरणीय र वयोवृध्द पास्टर हुनुहुन्छ। उहाँले धेरै वर्षसम्म चर्चमा पास्टरीय काम गर्नुभयो। चर्चमा काम गर्ने उहाँको अवधि पुगेपछि उहाँले आफ्नो कामबाट अवकास लिनुभयो। तर उहाँ त झन पो अति व्यस्त हुनुभयो। अवकास पाएपनि पूरा समय प्रार्थनाको सेवा कार्य संचालन गर्न परमेश्वरले उहाँलाई खटाउनुभएको उहाँले महसुस गर्नुभयो। उहाँको प्रार्थना परमेश्वरले विशेष तरिकाले सुन्नुहुन्छ भनेर थाहा पाएर पपुवा न्यु गिनीका बासिन्दाहरूको बीचमा पास्टर ओहोकानामामाको नाउँ प्रख्यात भयो। एडभेन्टिस्ट होस् वा नहोस् विभिन्न मानिसहरूले उहाँको मोबाइलमा सम्पर्क गरेर हुन्छ कि उहाँकै घरमा आएर हुन्छ परमेश्वरसँग प्रार्थना गरिदिन अनुरोध गर्दथे। उहाँ र उहाँको परिवार जङ्गलै जङ्गल भएको पहाडी इलाकामा बस्नुहुन्थ्यो। उहाँको किताबमा प्रार्थनाको निम्ति लामो सूची हुन्थ्यो र हरेक बिहान र बेलुका त्यही सूचीको आधारमा परमेश्वरसँग प्रार्थना गर्नुहुन्थ्यो।

एक दिन अर्कै इसाई सम्प्रदायको पास्टर, पास्टर ओहोकानामामाको घरमा देखा परे। आगन्तुक पास्टर रिकी अर्कै जिल्लामा बस्दथे। उनले पास्टर ओहोकानामामाको प्रार्थना सेवाकार्यको बारेमा जब उनी युरामा चर्चको कुनै विशेष कामको निम्ति गएका थिए। रिकी एक्लै आएका थिएनन्, उनले आफ्नी दुई गर्भवती श्रीमती पनि ल्याएका थिए। "मेरी श्रीमतीको निम्ति प्रार्थना गर्नुहोस्। उनको बच्चा पाउने समय धेरै नाघि सक्यो र हामी धेरै चिन्तित छौं" पास्टर ओहोकानामामालाई रिकीले बिन्ति गरे। पास्टर ओहोकानामामाले त्यस महिलालाई जैतुनको तेलले अभिषेक गर्नुभयो अनि उनको निम्ति प्रार्थना गर्नुभयो। त्यसको दुई दिनपछि ती महिलाले एक स्वस्थ बालिका जन्माइन्।

अर्को साबथ पास्टर रिकी आफ्नी श्रीमतीको साथमा छ छोराछोरीहरूसँग एडभेन्टिस्ट चर्चमा गए। तिनीहरूको साथमा भर्खर जन्मेकी बालिका पनि थिइन्।

पास्टर ओहोकानामामाले रिकी र उनकी श्रीमतीलाई बप्तिस्मा क्लासमा आउनको निम्ति निम्तो दिनुभयो। त्यो क्लास पास्टर ओहोकानामामाले नै लिने गर्नुहुन्थ्यो। ती जोडीसँग ८ वर्ष र १२ वर्षको अरू छोराछोरीहरूले पनि पास्टर ओहोकानामामाको क्लासमा बाइबल अध्ययन गर्न थाले। धेरै महिनापछि सन २०१७मा ती जोडी र तिनीहरूका पाँच जना छोराछोरीहरूले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए।

"रिकीले आफ्नो पुरानो चर्चमा पास्टरी काम छोडे र अहिले उनी एडभेन्टिस्ट चर्चको विश्वासिलो सदस्य भएका छन्" पास्टर ओहोकानामामाले यी लेखकलाई सुनाए। रिकीले बप्तिस्मा लिएपछि उनको चर्चको अर्को ठूलो पास्टर अगुवा गाउँमा रहेको एडभेन्टिस्ट चर्चमा आए। उनलाई साबथमा प्रवचन दिन अनुरोध

गरियो। उनी उठेर अत्यन्तै भावुक भएर आँखाबाट आँशु झार्दै उनले सबैको मनमा छुने गरेर प्रवचन दिए। "मैले रिकीको निम्ति धेरै समय बिताएँ र लगानी गरें। उनलाई मलाई छोडेर तिमीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आए। जसरी मैले उनलाई स्याहार गरें अब तपाईंहरूले पनि उनलाई राम्रोसँग स्याहार गर्नुभएको छ" आँखाबाट आँशु झार्दै उनले आफ्नो भावना व्यक्त गरे। त्यही कुरा गरेपछि रिकीको निर्णयप्रति उनले आशिष दिए। रिकी पास्टर भएर काम गरिरहँदा उनको दुई वटा कापीकलम बेच्ने पसलहरू थिए र कारहरू बहालमा दिने काम गर्दथे। बप्तिस्मा लिइसकेपछि उनले पास्टर ओहोकानामामालाई आफ्नो पसलमा बोलाएर आफ्नो व्यापार परमेश्वरमा समर्पण गर्न प्रार्थना गर्न बोलाए। पास्टर ओहोकानामामाले त्यो अनुरोधलाई सहर्ष स्वीकार गरे।

"मेरो प्रार्थनाको फलमध्ये रिकी एक पनि जना हो। यस सेवाकार्यमा मैले धेरै पास्टहरूको निम्ति प्रार्थना गरेको छु" खुशी व्यक्त गर्दै वर्ष ६६को पास्टर ओहोकानामामाले यी लेखकलाई सुनाए। मिसनमा काम गरेर अवकास भएपछि कतिपयले मिसनको काम सघाउन वास्ता गर्दैनन्। तर पास्टर ओहोकानामामाले परमेश्वरको कामबाट अवकास नलिने निधो गर्नुभएको छ। - *आन्द्रु मेकचेस्नी*

| कथा २९ | ९० पाउण्ड वा ४५ किलोग्राम घटाउने<br>हेरिक डन सिओप<br>(सोलोमन टापुहरू) |
|---|---|

हेरिक डन सिओप सेभेन्थ-डे एडभेन्टिस्ट घरमा हुर्केका थिए। सोलोमन टापुहरूको देशमा उनी कराते, कुङ्गफु जस्ता कुस्ती खेल्ने खेलमा निपूर्ण हुँदैथिए। साउथ पासिफिक खेलमा उनले सोलोमन टापुहरूको देशको प्रतिनिधित्व गर्दै टहिटीमा खेल खेलेका थिए। त्यसपछि साउथ पासिफिक खेलमा उनले आफ्नो देशको प्रतिनिधित्व गर्दै फिजीमा खेलेका थिए। ती खेलहरूमा उनले धेरै तक्माहरू पाएका थिए।

त्यसपछि उनी भवनहरूको नक्सा बनाउने काममा व्यस्त भए। उनले विवाह गरे र उनी चार जना छोराछोरीहरूको बुबा भए। उनले येशूलाई विश्वास गरेतापनि बाइबल कहिलेकाहीँमात्र पढ्थे र चर्च पनि कहिलेकाहीँमात्र जान्थे। जब उनी ब्यायाम गर्थे तब उनी हस्टपुष्ट थिए। तर पछि उनले जङ्कफुड अर्थान् हल्का खानाहरू खान थाले। तारेका माछा, आलुचिप्स, सेकुवाको साथै कोकाकोला पनि पिउन मन पराउन थाले। खेल खेल्न छोडेको एघार वर्ष भइसकेको थियो। आफ्नो शरीरप्रति ध्यान नदिएकोले उनको जिऊ बढ्दै मोटो हुन थाल्यो। उनको वजन २३० पाउण्ड अर्थात् १०५ किलो भयो। खास उनको तौल १४५ पाउण्ड वा ६५ किलोमात्र हुनुपर्थ्यो।

एक दिन हेरिकको बायाँ पाइताला दुख्न थाल्यो। एक हप्तापछि त्यो दुखाई पाइतालाबाट माथि खुट्टामा सर्न थाल्यो।

अस्पतालमा गएर औषधी गरे तैपनि उनलाई निको भएन। आखिरमा उनी हिँड्नै नसक्ने भए।

हेरिक अत्यन्तै चिन्तित भए। आफ्नो खुट्टामा रगत नबगेको उनले चाल पाए। जब उनले आफ्नो खुट्टा गुमाउनुपर्नेछ भनेर चाल पाए। अनिमात्र उनले परमेश्वरलाई सम्झे। अनि उनले धेरै वर्षपछि परमेश्वरसँग प्रार्थना गरे, "हे प्रभु मलाई यो रोग निको पारिदिनुहोस्। म डाक्टरहरूकहाँ जान्छु कसैले पनि निको पार्न सकेको छैन।"

उनले प्रार्थना गरेको केही समयपछि उनको एक जना वृद्ध आफन्त उनको घरमा ढकढकाउन आइपुगे। हेरिक होनियार भन्ने सहरमा बस्दथे। त्यो शहर सोलोमन टापुहरूको राजधानी हो। भित्री मनमा हेरिकलाई भेट्न मनलाग्यो भनेर ती आफन्तले भने। हेरिकको अवस्था देखेपछि उनी किन हिँड्न सकेनन् भनेर सोधे। हेरिकले आफ्नो खुट्टा दुखेको र कसैले पनि निको पार्न नसकेको बताए। "म तिमीलाई सहयोग गर्ने कोशिश गर्छु" ती आफन्तले भने। उनले तिन हप्तासम्म दिनदिनै हेरिकलाई घरेलु स्वास्थ उपचार दिन थाले। त्यसपछि उनी उठ्न थाले तर हिँड्नचाहिँ सकेका थिएनन्।

"तिम्रो खुट्टाको माशपेशी धेरै कमजोर भयो। तिमीले खुट्टाको ब्यायाम वा बलियो पार्न हल्लाउने गर्नुपर्छ" उनले भने। त्यसपछि बिस्तारै ऊ निको हुन थाल्यो। हेरिकलाई परमेश्वरले निको पार्नुभएकोले उनले प्रार्थना गरे, "हे प्रभु, मेरो जीवन तपाईंमा समर्पण गर्छु। यसलाई तपाईंले चलाउनुहोस्। म अरूको निम्ति आशिष हुन चाहन्छु। मेरो जीवनमा तपाईंको योजना देखाइदिनुहोस्।"

प्रार्थना पछि आफ्नो मोटोपना हटाउनुपर्छ भन्ने महसुस गरे। राती उनी राम्रोसँग सुत्न सकेका थिएनन्। त्यसले गर्दा उनका पिठ्युँ दुखेको थियो। जब उनी हिंडथें तब उनलाई सास फेर्न गाऱ्हो हुन थालेको थियो। आफ्नो मोटोपनाले गर्दा खुट्टा दुख्न थालेको उनले महसुस गरे।

तर आफ्नो मोटोपना कसरी घटाउने त? उनले एलेन जी ह्वाइटको "काउन्सिल अन डायट एण्ड फुडस्" वा “खानेकुराको बारेमा सल्लाह" भन्ने किताब पढ्न थाले। खानाको लोभले नै गर्दा संसारमा पाप आएको कुरा पढ्दा उनलाई अचम्म लाग्यो। उनले यो पढे, "खानाको लोभले हाम्रा पहिला पुर्खा आदम र हव्वाले अदनको बगैंचा गुमाए। यदि हामी यस संसारमा अदनको बगैंचाको अनुभव गर्न चाहन्छौं भने हामीले पनि खाने कुरा र त्यसको तिब्र चाहनालाई बलियोसँग नियन्त्रण गर्नैपर्छ" (पृ. ५९बाट रूपान्तरित)।

हेरिकले आफ्नो खानेकुरामा ठूलो परिवर्तन गरे। उसले जङ्क फुडहरू खान छोडे। अनि धेरै संघर्षपछि कोकाकोला, चिया जस्ता क्याफिन भएको पेय पदार्थ पिउन छोडे। उनले चिनी र दुधबाट बनेका पदार्थहरू खान छोडे। बेलुका ४ बजेपछि खाना नखाने पनि प्रयास पनी गरे। अनि पेटभरि टन्न नखाने कुराको पनि निधो गरे। त्यसको साथै उनले ब्यायाम पनि गर्न थाले। उनी दिनदिनै हिंड्न थाले र घरमै हातखुट्टा हलाउने ब्यायामहरू गर्ने गर्न थाले।

उनको त्यस प्रयासले १२ महिनाभित्रै ९० पाउण्ड अर्थात् ४० किलो घट्यो। त्यो ओजन उनको निम्ति ठिक थियो। आफू

स्वस्थ भएको उनले महसुस गरे र कुस्ती खेल्ने बेलामा चलाउन नसकेको शरीरका अरू अङ्गहरू पनि हल्लाउन थाले।

दुई वर्षपछि एउटा एडभेन्टिस्ट सभाघरमा टापुमा रहेका मानिसहरूको निम्ति शरीरलाई स्वस्थ बनाउने कक्षाहरू सित्तैंमा संचालन गर्दैछन्। उक्त ठाउँमा हप्ताको चार दिन बिभिन्न सम्प्रदायका २०० जना मानिसहरू स्वस्थ रहन सिक्न आउँछन्। आफ्नो देशको स्वास्थ्य मन्त्रालय अन्तर्गत असल स्वास्थको बारेमा सेमिनार वा सभाहरू गर्छन्। उनी एलेन जी ह्वाइटको सल्लाह अनुसार आफू चलेको दावी गर्छन्। उनको सहयोगले धेरै मानिसहरूको मोटोपना घटेको छ र फूर्तिलो भएको उनले देखेका छन्।

"परमेश्वरले यही कामको निम्ति प्रयोग गर्नुभएको मैले महसुस गरेको छु। यसले मेरो आत्मिक जीवन पनि मजबुत भएको छ। मलाई आशिष दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु। सानै भएपनि म अरूको निम्ति आशिष हुन पाएको छु" अत्यन्तै हँसिलो भएर यी लेखकलाई आफ्नो भावना हेरिकले व्यक्त गरे।

मधुमेह अर्थात् चिनीको रोग लागेका मानिसहरूको खुट्टाको औंला काट्नु पर्ने कार्य त्यस क्षेत्रमा साधारण भएको छ।

- **आन्द्र्यु मेक्चेस्नी**

| कथा ३० |
| --- |

# आफ्नो कर्मचारीबाट प्रेरणा पाएको जिओफ्रि शमूयल (सोलोमन टापुहरू)

जियोफ शमूएल सोलोमन टापुहरूको घर निर्माण कम्पनीको मुख्य हाकिम थिए। जब आफ्नो कर्मचारीले एक वर्षभित्र आफ्नो मोटोपना ४० किलोग्रामले घटाए रे भन्ने कुरा आफ्नै आँखाले देखेपनि तिनले विश्वास गरेनन्। आफ्नो ठूलो भुँडी हेरेर "के मपनि घटाउन सक्छु र?" भनेर सोच्न थाले।

जियोफको वजन २९० पाउण्ड अर्थात् १३० किलो थियो। दस वर्षदेखि उच्च रक्तचापले उनलाई दुःख दिएको थियो। आफू नाश हुनेबाटोतिर ढल्किन्दैछु भन्ने कुरा उनले महसुस गर्न थालेका थिए।

जियोफ एडभेन्टिस्ट घरमा हुर्केका थिए र चर्चले संचालन गर्ने स्कूलहरूमा उनी पढेका थिए। एडभेन्टिस्ट स्वास्थ शिक्षाको बारेमा उनलाई राम्रै जानकारी थियो। तर आफ्नो शरीर उनले थाहा पाएको ज्ञानभन्दा ठिक उल्टो दिशामा जाँदै थियो। एडभेन्टिस्टहरू समेत गरेर सोलोमोन टापुहरूका मानिसहरूले जस्तै बेलुका टन्न खाने बानी उनको पनि थियो।

"यस खानालाई आशिष दिनुभएकोमा हे परमेश्वर तपाईंलाई धन्यवाद छ" भनेर खानुभन्दा अघि उनले प्रार्थना गर्थे। तर "मलाई भोक र स्वादलाई नियन्त्रण गर्न बल दिनुहोस्" भनि उनले कहिल्यै पनि प्रार्थना गरेनन्।

सन २०१७को सुरूमा एक दिन जियोफ हेरिककहाँ गए। हेरिक उनको निम्ति भवनको नक्सा बनाउने काम गर्दथे। "तिमी कस्तो

मोटो थियौ, अहिले तिमी कस्तो पातलो देखिन्छ। तिम्रो मोटोपना घटाउन तिमीले के गऱ्यौं?" उनले सोधे।

आफूले एलेन जी ह्वाइटको "काउन्सिल अन डायट एण्ड फुडस्"मा लेखिएको खाना र ब्यायामको सल्लाहबाट प्रेरित भएर त्यसै अनुसार चलेकोले आफू स्वस्थ भएको उनले सुनाए। "तपाईंलाई पनि तपाईंको मोटोपन घटाउन सिकाउन सक्छु" उनले भने। जियोफले "हुन्छ, कहिलेदेखि सुरू गर्ने?" भनेर सहमति जनाए। "यदि तपाईं चाहनुहुन्छ भने आजैदेखि सुरू गर्न सक्छौं" भनेर हेरिकले भने।

अनि तुरन्तै हाकिम र कर्मचारी आफ्नो कार्यालयबाट बाहिर निस्केर ४५ मिनेटको सरल ब्यायाम गर्न थाले। तिनीहरू समुद्रको किनारामा, रुख मुनि वा अरू ब्यायाम गर्न थाले। सुरूमा जियोफलाई धेरै गाऱ्हो भएको थियो। उनले बीस बीस सेकेन्ड गरि विभिन्न व्यायामहरू गर्न थाले ।

"जब मैले व्यायाम गर्न थालें मलाई २० सेकेन्ड पनि व्यायम गर्न गाऱ्हो भएको थियो। पाँच सेकेन्डसम्म गर्दा त मलाई खुशी नै लागेको थियो। तर पछि दिन दिनै अलि अलि बढाएर व्यायाम गर्न थालें" हँसिलो भएर जिओफले सुनाए। जब जिओफको तौल घट्यो तब अरू मानिसहरू पनि उनीसँग व्यायाम गर्न सरिक भए। हेरिकले स्वस्थ रहन चाहने समूहको नेतृत्व गरि रहे र जिओफचाहीं उनको सयोंजक भएर सघाउन थाले। आज एडभेन्टिस्ट अडिटोरियम वा सभा घरमा विभिन्न धर्मका २०० जना मानिसहरू हप्ताको चारदिन व्यायाम गर्न त्यहाँ भेला हुन्छन्। प्रत्येक कार्यक्रम प्रार्थनाद्वारा सुरू हुन्छ र प्रार्थनाद्वारै अन्त हुन्छ। हप्ताको एक दिन व्यक्तिगत गवाहीको निम्ति अलगै समय छुट्याइएको हुन्छ र हेरिक र जिओफले स्वस्थ खानाको

बारेमा सिकाउँछन्। त्यो शिक्षा एलेन जी ह्वाइटबाट नै सिधै आएको हुन्छ। "यदि आज तपाईंहरूले जे गर्नुभयो तपाईंहरूलाई राम्रो लागिरहेको छ भने तपाईंहरूको परिवर्तन तपाईंहरूको अध्यात्मिक जीवनमा पनि किन लागु नगर्ने?" भनेर हेरिकले मानिसहरूलाई सोध्छन्। "तपाईंले हरेक बिहान प्रार्थना गर्नुभयो भने तपाईंले झन कस्तो राम्रो हुनुभएको अनुभव गर्नुहुने थियो होला? सोच्नुहोस्!" जिओफ थप्दछन्।

जब सभा घरमा सबै जना भेलाभएर व्यायाम गर्दछन् तब त्यहाँ सबै जना "हेम वाका!" अर्थात् यसले काम गर्छ भनेर चिच्याएको सुनिन्छ। तिनीहरूको शरीर ठिक आकारमा आएकोमा तिनीहरू खुशी हुन्छन्। हेरिक र जिओफ चिकित्सकहरू होइन् तर मानिसहरूले परमेश्वरको चाहना अनुसार शरीरलाई स्याहार गरे भने उहाँले तिनीहरूलाई सहयोग गर्नुहुन्छ भनेर हेरिक र जिओफले अनुभव गरेका थिए।

जिओफलाई उनको ठिक तौलमा पुग्नु जरुरी नै छ तर उनको तौल ३५ किलोग्राम मात्र घटेको छ। त्यसको निम्ति उनलाई १८ महिना लाग्यो। उनले असाध्यै हलुको भएको महसुस गरिरहेका छन्। "म दगुर्न सक्छु, माथि चढ्न सक्छु र उफ्रिन पनि सक्छु! यदि म गर्नसक्छु भने अरूले पनि गर्न सक्छ" अत्यन्तै खुशी भएर जिओफले यी लेखकलाई बताउँछन्। सोलोमन टापुहरूको देशका मानिसहरूमा मधुमेहको साथै मोटोपना पनि एक मूख्य समस्या भएको छ।

**- आन्द्र्यु मेक्चेस्नी**

## कथा ३१

## ओछ्यान मिलाउनु
## किनीआइटोरिया
## (सोलोमन टापुहरू)

किनीआइटोरिया १८ वर्षकी युवती थिइन्। तर सोलोमन टापुहरूको देशमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट बोर्डिङ्ग स्कूलको चर्चमा उनलाई डिकनेस नियुक्त गरिएको थियो। त्यसमा किनी अत्यन्तै खुशी भइन्। उनको आमा पनि डिकेनस थिइन् र उनले डिकनेस हुनेछु भनेर आफूले कहिल्यैपनि सोचेकी थिइनन् रे।

पास्टरले चर्चका आठ डिकनेसहरूलाई छलफलको निम्ति बोलाए। त्यसमा किनीसमेत गरेर चार जना विद्यार्थीहरू थिए चार जना ठूला महिलाहरू थिए। त्यस सोलोमन टापुहरूमा भएको बेटिकामा एडभेन्टिस्ट कलेजको चर्चमा डिकोनेसहरूले के काम गर्नुपर्छ भनेर तिनीहरूलाई पास्टरले डाकेका थिए। उनले किनी, उनका साथी वेन्डी र अरू डिकनेसहरूलाई के विशेष काम गर्नुपर्छ भनेर सुनाएः होस्टेलमा सबै केटीहरू छन् कि छैनन् भनेर हेर्ने र तिनीहरूको केही समस्या छ भने तिनीहरूलाई सघाउने।

किनी र वेन्डी आफ्नो काममा तुरन्तै लागे। तिनीहरूसँगसँगै होस्टेलमा गए। त्यहाँ एउटा ठूलो कोठा थियो जहाँ ४० जना केटीहरूको निम्ति दुईतले खाटहरू थिए। केटीहरूको निम्ति तन्ना, ओढ्ने र सिरानीहरू छन् कि छैनन् भनेर तिनीहरूले हेरे। केटीहरूसँग लुगा छन् कि छैनन्, कलम कागज आदिहरू छन् कि छैनन् भनेर पनि तिनीहरूले हेरे। कसैलाई केही चाहिएको छ कि भनेर तिनीहरूलाई सोध्दथे। "सञ्चै?

स्कूल कस्तो भइरहेको छ" वेन्डीले सोध्दथिन् भने "तिमीलाई केही सहयोग चाहिन्छ?" भनेर किनीले सोध्दथिन्। कतिले लुगाको आवश्यकताको बारेमा कुरा गर्थे भने कतिले कापी कलम खाँचो छ भन्थे।

अनि किनी र वेन्डीले मिट्लिन टोडोङ्गाको ओछ्यान देखे। खाटमा एउटा पातलो ओड्ने राम्रोसँग पट्याएर राखिएको थियो। तिनीहरूको खाट काठहरूका थिए। तर मिटिलनको खाटमा ओछ्यान थिएन। उनी राती त्यही सान्हो खाटमा सुत्दथिन्। उनीसँग तन्ना र सिरानी थिएन।

ती दुई डिकनेसले मिटलिनसँग स्कूलको निम्ति चाहिने सेतो ब्लाउज र लामो कालो शर्ट पनि नभएको देखे। तिनीसँग अरू धेरै आवश्यक सामनहरू पनि थिएन। यो मिटलिनको पहिलो वर्ष थियो। उनी भर्खरै अर्को स्कूलबाट आएकी थिइन् र उनी सात कक्षामा पढ्दथिन्।

मिटलिनका आमाबाबुहरूले उनलाई आफूहरूले सक्दो सहयोग गरेका थिए। तिनीहरू एडभेन्टिस्ट थिएनन्। आमाले गुलियो बनहरू र अमिलो कागतीको पेयपदार्थ कुरा वा पप्सिकल बनाउँथिन् र बुबाले तिनीहरूलाई बेच्दथे तर तिनीहरूसँग पुग्ने गरि पैसा हुँदैनथ्यो।

किनी र वेन्डीले मिटलिन कुरा गर्न चाहन्थे तर उनी देशको राजधानी होनियाराको एक म्युजियममा स्कूलको समूहमा गीत वा क्वायरमा भाग लिन गइन् भनेर अरू केटीहरूले सुनाए।

अनि अरू केटीहरूले मिटलिनको बारेमा अरू केही भने जसले किनीलाई दुःखी बनायो। गरिब घरबाट मिटलिन आएकीले केही केटीहरूले उनलाई जिस्काउँथे र उनी राती रुँन्थिन् । जब

मिटलिन होस्टेलमा देखिन्थिन् तब अरू केटीहरूले उनलाई जिस्क्याउँथे।

"उनीसँग ओछ्यान पनि छैन" एक जनाले भनिन्। "सबैसँग ओछ्यान छ उनी यहाँ किन आइन् त?" अर्किले भनिन्। किनी र वेन्डी पास्टरकहाँ गए र उनीसँग मिटिलिनको बारेमा सुनाए।

"ल हामी गएर ओछ्यान र लुगाहरू ल्याऔं" पास्टरले भने। तिनीहरू तिनै जना सहरमा गए। तिनीहरूले दुई इन्च बाक्लो ओछ्यान किने। अब मिटलिनसँग नरम राम्रो ओछ्यान हुनेभएको थियो। तिनीहरूले खैरो तन्ना र फूलै फूल भएको तन्ना पनि किने त्यसको साथै एउटा सिरानी र सिरानीको खोल पनि किने। उनको निम्ति सेतो ब्लाउज र कालो शर्ट, अनि लेख्ने कागज, कलम, साबुन, मञ्जन र टुथब्रश पनि तिनीहरूले किने।

होस्टेलमाल गएर किनी र वेन्डीले मिटलिनको निम्ति ओछ्यान बनाए अनि लुगा र अरू ओछ्यानमाथि राखे। त्यो काम सकेपछि पास्टरलाई आफ्नो काम सकेको तिनीहरूले सुनाए।

त्यस दिन बेलुका जब मिटलिन गीत गाएर सहरबाट होस्टेल फर्किन् तब आफ्नो ओछ्यानमा ती थोकहरू देखेर तिनले अत्यन्तै अचम्म मानिन्।
"हैन, यो ओछ्यान कस्को हो?" उनले अरू केटीहरूलाई सोधिन्। "यो तिम्रै हो" एकजनाले जवाफ दिइन्। "कसैले तिम्रो निम्ति किनील्यायो" अर्कोले भनिन्। "मेरो निम्ति यी सब कसले किनेर ल्यायो?" उनले सोधिन्। " किनी र वेन्डीले तिम्रो निम्ति ओछ्यान र अरू थोकहरू किनेर ल्याए" एक जना केटीले जवाफ दिइन्।

त्यस दिन बेलुका जब किनी होस्टेलमा आइन् मिटलिन् रुँदै उनीकहाँ आइन्। "मेरो निम्ति ओछ्यान र लुगाहरू किनिने छ भनेर मैले कहिल्यै पनि सोचेकी थिइन। यो कति राम्रो सामानहरू! तपाईंले मेरो निम्ति ठूलो काम गर्नुभयो। तपाईंले के गर्नुभयो यो कुरा मेरा बुबाले थाहा पाउनुभयो भने उहाँ असाध्ये खुशी हुनुहुनेछ।

मिटलिनको खुशियाली देखेर किनी पनि धेरै खुशी भइन्। अभावमा परेकाहरूको लागि सहयोग गर्ने परमेश्वरको योजना रहेछ भनेर उनले बुझिन्।

"ठिकै छ। अरूलाई सहयोग गर्ने काम परमेश्वरको हो" मिटलिनलाई अङ्गालो मार्दै भनिन्।

| कथा ३२ | साबथमा काम गर्नुपर्ने सोफी बाउमा (न्यु क्यालेडोनिया, साउथ पासिफिक) |
|---|---|

साउथ पासिफिक क्षेत्रमा न्यु क्यालेडोनिया राज्य छ। त्यो फ्रान्स देशको नियन्त्रणमा छ। त्यस देशको सहरमा सन २०१७को अक्टोबर महिनामा एक जना सेभेन्थ-डे एडभेन्टिस्ट चर्च पास्टरले सुसमाचारीय कार्यक्रम गरेका थिए। त्यस कार्यक्रममा सोफी बौमा भन्ने एक जना महिलाले चौथौं आज्ञा अनुसार शनिबारै साबथ हो भनेर प्रचार गरेको सुनिन् र त्यसबाट प्रभावित भएर उनले साबथको सन्देशलाई स्वीकारिन्।

तर उनले शनिबार आफ्नो नियमित काम छोडिनन्। उनी हप्ताको चार दिन वा मङ्गलबारदेखि शुक्रबारसम्म मारे भन्ने एउटा सानो टापुमा रहेको मेबुट गाउँको बिशाल बजारमा काम गर्थिन्। उनको सलिन नाउँ गरेकी अर्की सहकर्मीले अरू बाँकि तिन दिन त्यो बजार चलाउँथिन्।

तर मौसम अनुसार घाम कि त ५:३० कि त ६:४५मा अस्ताउँथ्यो। सोफीले बेलुका ७ बजे शुक्रबार आफ्नो बिशालबजार बन्द गर्नु पर्दथ्यो। साबथको सन्देशलाई ग्रहण गरेपछि उनलाई के गरुँ के गरूँ भयो। शुक्रबार अबेरसम्म काम गर्न उनको मनले मानेन् तर काम पाउन गाऱ्हो भएकोले आफ्नो काम पनि छोड्न चाहेकी सकिनन्। उनको तलबले सबै परिवारलाई धान्नुपर्थ्यो। त्यसकारण समय तालिकामा हेरफेर होस् भनेर परमेश्वरसँग उनले प्रार्थना गरिन्।

एक शुक्रबार बेलुका जब सोफी काम गर्दै थिइन् र साबथको बारेमा चिन्ता गर्दै थिइन् उनलाई उनकी सहकर्मी सलिनको फोन आयो। आफू न्यु क्यालेडोनियाको राजधानी नौमियामा भएको र हवाई जहाजको टिकट नपाएकोले त्यहीँ अड्किएको उनले सुनाइन्।

"के तिमी भोलि शनिबार मेरो सट्टा काम गर्न सक्छौ?" सलिनले सोफीलाई सोधिन्।

"अहँ, भोली त मेरो साबथ दिन हो म चर्चमा जान्छु। तिमीलाई थाहा छ त्यस दिन म परमेश्वरको आराधना गर्छु।" सोफीले जवाफ दिइन्।

केही समय पछि बिशाल बजारको मालिक्नीले सोफीलाई एसमएस पठाइन्। उनी पनि न्यु क्यालेक्डोनियाको राजधानीमा थिइन्। "तिमीले भोलि शनिबार भएपनि पसल खोल्नुपर्छ र काम गर्नैपर्छ" त्यस बिशाल बजारको मालिक्नीले आदेश दिइन्। "भोलि परमेश्वरको आराधना गर्ने मेरो दिन हो। त्यसकारण म बिशाल बजार खोल्न सक्दिनँ" नडराइकन सोफीले एसएमएस पठाइन्। "ल हुन्छ त। बजार बन्द गर" मालिक्नीले जवाफ दिइन्। अब सोफीलाई चिन्ता लाग्यो। यो कुरा उनले आफ्नो महिला विश्वासीलाई सुनाइन् "अब मेरो जागिर जाने भयो।" "मान्छेको डर नमान्नु तर परमेश्वरको भय मान्नु" भनेर उनले जवाफ दिइन्।

आइतबारको दिनसम्म उनकी सहकर्मी सलिन अझै टाढै थिइन्। सलिनले बिशाल बजार खोल्ने आफ्नो दिन नभएतापनि पसल खोलिन्। बिशाल बजारकी मालिक्नी पनि हवाइ जहाजबाट

उडेर आउन सकिन् र काममा आइन्। उनी सोफीसँग अत्यन्तै रिसाएकी थिइन्।

"यो बिशाल बजार शनिबार कहिल्यै पनि बन्द भएको छैन र शनिबार फेरि बन्द भएको म चाहन्न" पड्किएर सोफीलाई भनिन्। तर सोफीले नम्र भएर भनिन् "हजुर, शनिबार मेरो परमेश्वरको आराधना गर्ने दिन हो। त्यसकारण म त्यस दिन काम गर्न सक्दिन। यदि तपाईंले मलाई कामबाट निकाल्नुहुन्छ भने निकाली दिनुहोस्।" तर पनि उनकी मालिक्नीले सोफीलाई कामबाट कामबाट निकालेनन्।

केही हप्ता पछि सोफीले आफ्नो ठूली छोरीलाई भेट्न जान चार दिनको छुट्टी मागिन्। उनकी छोरी क्याथरिन राजधानी सहरमा बस्दथिन्। त्यसकारण उनी त्यहाँ हवाइ जहाजबाट जानुपर्दथ्यो। जब उनी त्यहाँबाट फर्केर आइन् उनको पसलको मालिक्नीले उनलाई चार दिन पसलमा काम नगरेकोले त्यसको सट्टामा चार दिन छुट्टै काम गर्नुपर्छ भनेर भनिन्। त्यसको दुई दिनचाहिँ शनिबार परेको थियो।

सोफीले आफ्नो साथीको सट्टामा अर्को दिन काम गर्छु तर शनिबार काम नगर्ने भनेर मालिक्नीलाई भनिन्। तर मालिक्नीले काम गर्नै पर्छ भनेर जिद्दी गरिन्। नचाहँदा नचाहँदै पनि दुवै शनिबार सोफीले रुञ्चे मुख लगाउँदै दुवै शनिवार काम गरिन्। जसको कारण उनी रातभरि सुत्न पनि सकिनन्।

अत्यन्तै निराश भएर उनले परमेश्वरसँग प्रार्थना गरिन्, "प्रभु, मलाई साबथ दिनमा तपाईंको आराधना गर्ने मौकाको लागि मलाई सहायता गर्नुहोस्।" आफ्नो चर्चमा पनि त्यसको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्।

केही दिनपछि पसलको मालिक्नीले कामको नयाँ तालिका बनाइन्। मालिक्नीको अनुरोधमा सोफीले अब दिनदिनै काम गर्दथिन्। तर उनलाई मालिक्नीले थप तलब दिनु परेको थियो। "अबदेखि तिमीले आइतबारदेखि बुधवार काम गर्नु" मालिक्नीले सोफीलाई भनिन्। उनको कुरा सोफीलाई पत्यार गर्नै गाऱ्हो भयो। सोफी अत्यन्तै हँसिली भएर आफ्नो घरमा दगुरेर गइन् र आफ्नो श्रीमानलाई त्यो कुरा सुनाइन्।

आज, सोफीले शनिबार काम नगर्दा थोरै तबल पाउँछिन् तर त्यसको पर्वाह उनलाई छैन किनकि उनले साबथमा परमेश्वरको आराधना गर्न पाउने भएकी छिन्।

"मेरो तलबभन्दा पनि परमेश्वरसँग मेरो समय मूल्यवान छ। साबथमा काम गर्नु नपर्ने स्वतन्त्रता नै मेरो आनन्द हो" हँसिलो भएर सोफीले भनिन्।

यस त्रैमासिकको उब्रिएको भेटीको केही भाग सोफी रहेको चर्चमा बाल सङ्गतिको निम्ति थप दुई वटा भवन बनाउन सहयोग मिल्ने छ। सोफी र उनको श्रीमान रहेको मेब्यूट गाउँमा १५०० मानिसहरू छन्। उनी र उनको श्रीमानमात्र त्यस गाउँको सेभेन्थ-डे एडभेन्टिस्ट हुन्।

*-आन्ड्र्यु मेकचेस्नी*

| कथा ३३ | हुरी बतासमा परमेश्वरका स्वर्गदूतहरू आनी पेमा (न्यु क्यालेडोनिया, साउथ पेसिफक) |
|---|---|

साउथ पासिफिक टापुहरूको देश न्यु क्यालेडोनियको सहरमा आनी पेमा भन्ने बालिका सेभेन्थ-डे एडभेन्टिस्ट घरमा जन्मेकी थिइन्। उनी त्यही आस्थामा हुर्केकी थिइन्। तर जब उनी १६ वर्षकी भइन्, तब चर्च जान छोडिन् र आफ्नो केटो साथी लियोनसँग रहन घरबाट बाहिर निस्किन्। तिनीहरूको दुई छोराछोरी भए।

लियोन रक्सी पिउँथ्यो। प्रायजसो ऊ रक्सीले मातेर घरमा आउँथ्यो र घरमा ठूलो झगडा हुन्थ्यो। कहिलेकाहि उसले आफ्ना साना छोराछोरीहरूलाई कुट्थ्यो पनि।

एक दिन लियोन चिच्याउँदै घर आउँदै गरेको आनले देखिन्। तिनीहरूको घर न्यु क्यालोडेनियाको राजधानी नौमियाको पहाडी इलाकामा थियो। जब आफ्नो श्रीमान कराउँदै घरमा आउँदै गरेको आनले देखिन् उनलाई थाहा भयो कि उनी रक्सीले मातेर आइरहेका छन्। अलि अलि पानी पर्दैथियो। मौसमविदहरूले त्यो रात चक्र आँधी इरिकाले सहरलाई तहसनहस पार्नेछ, त्यसकारण घरभित्रै बस्नु भनेर सूचना दिएका थिए।

जड्याँहा श्रीमानसँग आफ्नो घरमा अड्किरहनु आनलाई मन परेन। उनले आफ्नी ३ वर्षकी छोरी मोर्गेन र ८ महिनाको छोरो लियोन्स जुनिएरलाई घरबाट बोकेर कारमा चढाइन्। तिनीहरूलाई कारमा राखेर कार हाकिन्।

कार चलाउँदा चलाउँदै बीचबाटोमा पेट्रोल सिद्धियो। कारलाई एउटा रुख नजिकै पार्क गरिन्। उनी कहाँ थिइन् यो उनलाई

थाहा थिएन तर हुरीबतासबाट आफू सुरक्षित भएको महसुस भने गरेकी थिइन्। त्यसबेला अत्यन्तै प्रचण्ड आँधी आयो र कारलाई हान्यो। कारभित्र अत्यन्तै चिसो थियो। आफूसँग न्यानो ओड्नेहरू नल्याएको आनीलाई बल्ल थाहा भयो।

उनले आफ्नी छोरीहरूलाई हेरिन्। लामो यात्रापछि तिनीहरू मस्तसँग सुतिरहेका थिए। अनि उनले धेरै वर्षपछि पहिलोपल्ट परमेश्वरलाई सम्झिन्। "हे प्रभु, तपाईं जिवित हुनुहुन्छ भनेर मलाई र मेरा छोराछोरीहरूलाई यस रात सुरक्षा गर्नुहोस् भनि म बिन्ती गर्छु" परमेश्वरलाई उनले बिन्ती गरिन्। जब प्रार्थना सकियो हृदयमा धेरै पीडा भएको महसुस उनले गरिन्। धेरै वर्ष परमेश्वरलाई वास्ता नगरेकोले उहाँले उनको प्रार्थना सुन्नुहोला जस्तो उनलाई लागेको थिएन। उनी कारभित्रै बसिरहेकी थिइन्। एक छिनपछि आफू बसेको चालकको सिटमा पछाडितिर ढल्किन्। अनि ऐनाबाट आकाशमा हेरिन्। उनले आँखा चिम्लिन् र फेरि हेरिन्। अचम्म तरिकाले बादल खोल्यो र निलो आकाश देखा पर्‍यो।जब उनले आकाशमा जे देखिन् त्यसले उनको सातो पुत्लो लियो। त्यहाँ त हजारौं स्वर्गदूतहरू घुमिरहेको पो उनले देखिन्। कारको भित्रबाट घाँटी ठाडो पारेर माथि हेरिन्। आकाशमाथि परमेश्वरको सिहांसन छ कि भनेर हेरिन्। अनि आकाशदेखि उनको कारसम्म भर्‍याङ ठडिएको उनले देखिन्। त्यो भर्‍याङ त बिशाल डोरीको भएको जस्तो थियो। तिन जना स्वर्गदूतहरू भर्‍याङबाट तल झरे। तिनीहरू अत्यन्तै चम्किला सेता थिए। त्यस्तो चमक उनले कहिल्यै पनि देखेकी थिइनन्। तिनीहरूका अनुहारहरू उनले स्पष्टरूपमा देख्न सकिनन्। तिनीहरू अग्ला थिए र तिनीहरूका पखेटाहरू थिए। सेतो प्रकाशमा तिनीहरू अत्यन्तै चहकिलो देखिन्थे। एउटा स्वर्गदूत उनको कारको अगाडि उभिए। उनले आफ्नो बिशाल

पखेटा कारको पछाडिसम्म पुग्ने गरि फिजाए। दुई स्वर्गदूतहरू कारको दुईतिर उभिए। तिनीहरूका पखेटाहरूले कार ढाकेको थियो।

आनी भएभित भइन् र डरले काँप्न थालिन्। अनि बालक भएको टोकरी हल्लाएको जस्तै कार हल्लिएको थाहा पाइन्। कारभित्र रमाइलो न्यानोपनाले भरियो।

तुरन्तै उनको डर हरायो र उनले एक किसिमको शान्ति भएको महसुस गरिन्। उनका आँखाहरूलाई निन्द्राले  छोप्यो र उनी मस्त निन्द्रामा परिन्।

जब विहानीभयो तब चराहरूको चिरिबिरी स्वरले गर्दा आनी व्युँझिन्। कारको ऐनाबाट बाहिर हेर्दा आकाशबाट भऱ्याङ फेरी ओऱ्लेको देखिन्। स्वर्गदूतहरूले तिनीहरूका पखेटाहरू दोबारे र भऱ्याङबाट माथि उक्ले।

जब स्वर्गदूतहरू गए तब आनी काँम्न थालिन्-डरले होइन तर जाडोले। उनको कारमा भएको न्यानोपना बिलाएर गएको थियो।

त्यहाँ जे भयो त्यसले गर्दा उनको हृदयमा ठूलो प्रभाव पाऱ्यो। उनको प्रार्थनाको अचम्म तरिकाले जवाफ पाएको उनले महसुस गरिन्। त्यसैबेला उनले येशूलाई आफ्नो हृदय सुम्पिन्।

"प्रभु अब म सांसारिक जीवनमा फेरि फर्किने छैन। मेरो जीवन तपाईंको निम्ति जिउने प्रतिज्ञा गर्छु" भनेर उनले प्रार्थना गरिन्।

जसोतसो गरेर अलिअलि तेलको भरले आनीले कार आफ्नी आमाको घरमा पुऱ्याइन्। उनी पोइला गएकीले आमाले वर्षौंसम्म उनीसँग बोलेकी थिइनन् र केही सहायता पनि गरेकी थिइनन्। तर अचानक आफ्नी छोरी घरमा आउँदा उनले सबै

कुरा विर्सेर धेरै वर्षपछि छोरीलाई अङ्कमाल गर्दै घरमा भित्राइन्। कारमा तेल हाल्न पनि उनले पैसा दिइन्।

आनी आफ्नो घर फर्किन्। उनको घर चक्र आँधीबाट बचेको देखिन्। उनका छिमेकीका कतिपय घरहरू त्यस आँधीले कुनै न कुनै रूपमा नोक्सान पुऱ्याएको थियो। उनले कतिपय युवाहरूले मनपर्ने कपाल झ्याप्ले भएको सङ्गितकार बब मार्लीको फोटो भित्ताबाट च्यातिन् र भित्तामा झुन्डयाइ राखेका गाँजाहरू पनि थुतिन्। आफ्नो सबै गरगहनाहरू जम्मा गरिन् र आगोमा फ्याँकि दिइन्।

जब लियोन्स कामबाट घरमा फर्के घरको आँगनमा आगो बलिनै रहेको थियो। उनी अक्कनबक्क परेर आगोको ज्वाला हेरेर ठिङ्ग उभिए। आनीले आफ्नो हृदय येशूलाई दिएको कारणले अब उहाँबाट टाढा राख्ने कुनै पनि सांसारिक कुराबाट हात धोए भनेर उनलाई निर्धक्कसँग भनिन्। गत रात कहाँ थियौ भनेर लियोन्सले उनलाई सोधे। "गत रात तिमी र छोराछोरीहरू कहाँ थियौ? जब म घरमा आएँ तब घरमा कोही पनि थिएन" लियोन्सले सोधे। उसलाई घरमा रक्सीले मातेर चिच्याउँदै आउँदै गरेको देखेकोले उनीसँग झगडा गर्न नचाहेकोले छोराछोरीहरू लिएर भागेको कुरा नडराइकन आनले सुनाइन्। टाउको हल्लाएर लियोन्सले भने "ए, म कहाँ हो त? हिजो मैले रक्सी खाएकै थिइन।" आन परमेश्वरको सेवा गर्ने प्रतिज्ञालाई पालन गर्न प्रतिबद्ध भइन्। उनले लियोन्ससँग बिधिपूर्वक विवाह गरिन् र फेरि बप्तिस्मा लिइन्। उनी बेथानी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा डिकनेस भइन् र त्यही पदमा उनी धेरै वर्षदेखि चर्चको सेवा गरिरहेकी छिन्।

जब लियोन्सले आनीबाट स्वर्गदूतको कथा सुने तब आफ्नो हिंसात्मक व्यवहार त्यागे र अहिले आनीले उनको बप्तिस्माको निम्ति प्रार्थना गरिरहेकी छिन्।

तिनका छोराछोरीहरू अहिले ठूला ठूला भइसकेका छन्। अचम्मको रातको कथामा तिनीहरू पनि सहभागी भएका थिए भनेर तिनीहरूलाई पत्यार लाग्न गाऱ्हो हुन्थ्यो। त्यस्तै खालको अनुभव अहिले पनि गर्न पाए हुन्थ्यो भनेर तिनीहरू चाहन्छन्। तिनीहरूले सक्छौ भनेर आनीले भन्दछिन्।

"यदि तिमीहरूले परमेश्वरसँग राम्रो सम्बन्ध राखेर उहाँसँग कुरा गऱ्यौ भने उहाँले तिमीहरूलाई आफ्नै तरिकाले प्रकट गर्नुहुनेछ" आश्वस्त भएर आनले आफ्ना छोराछोरीहरूलाई सुनाउँछिन्।

*-आन्ड्र्यु मेकचेस्नी*

**कथा ३४**

## "हेलो, होप च्यानल"
## विलियम आरामा
## (न्युजिलाण्ड)

न्युजिलाण्डको उत्तरी सहर केरीकेरीको पास्टर विलियम आरामाले यो इमेल अत्यन्तै चासो देखाएर पढेः "हेलो, होप च्यानल अभिवादन। म र मेरी श्रीमती केरिकेरीमा छिट्टै सर्दैछौं। त्यहाँ चर्चमा जान हामी चर्च खोज्नेछौं। केही समय अघि केरीकेरीको कोठे रङ्गसालामा एक जना मानिसले कार्यक्रम चलाएको हामीले हेर्‍यौं। यदि हामी त्यहाँ गयौं भने हामीलाई ठिकै होलाकि भनेर हामी सोच्दैछौं। तपाईंहरूको होप च्यानलको कार्यक्रम हामीलाई असाध्यै मन पर्छ। तपाईंको, येशूको नाउँमा, कलिन हर्सफल।"

त्यो पत्र पाएपछि विलियमको हृदयमा खुशीको सिमा रहेन। होप च्यानल टेलिभिजनमा उनको कार्यक्रम कसै न कसैले हेरिरहेको कुरा थाहा पाउँदा उनलाई अत्यन्तै रमाइलो लाग्यो र कसै न कसैको हृदयलाई छोइरहेको छ भन्ने थाहा पाउँदा उनले परमेश्वरलाई धन्यवाद दिए। अब ती दम्पत्ती चर्चमा आउन चाहेका थिए। उनलाई अचम्म लागेको थियो।

कलिन र उनकी श्रीमतीले होप च्यानललाई मन परेकोमा आफू अत्यन्तै खुशी भएको विलियमले लेखि पठाए। न्युजिलाण्डको राजधानी अकलाण्डबाट २५० किलोमिटर उत्तरमा रहेको सहर केरीकेरी सानो सहर हो र त्यहाँ ७,५०० जनसंख्या छ भनि उनले जवाफ दिए। एडभेन्टिस्ट विश्वासीहरू प्रत्येक शनिबार अवकाश पाएकाहरूको निम्ति बनिएको चर्चमा भेला हुन्छन् भनेर पनि उनले लेखे।

"तपाईँ र तपाईँकी श्रीमतीलाई हाम्रो आराधना सेवामा हार्दिक स्वागत छ। केही सहायता चाहिएमा हामीसँग सम्पर्क गर्नुहोस्" विलियमले लेखे। "धन्यवाद, हामी छिट्टै त्यहाँ आउनेछौँ" कलिनले जवाफ दिए।

केही वर्ष अघि विलियम केरी केरीमा आएका थिए। त्यस सहरमा पहिलोपल्ट सेभेन्थ-डे एडभेन्टिस्ट चर्च स्थापना गर्न उनी आएका थिए। त्यसबेला केवल एउटामात्र एडेभेन्टिस्ट परिवार थियो। विलियमले त्यस सहरमा अरू कसैलाई पनि चिन्दैनथे। त्यहाँ प्रभुको कामको निम्ति अघि कसरी बढ्ने भनेर धेरै प्रार्थना गरियो। अनि उनले कोठे रङ्ग्शाला खोल्ने निर्णय गरे।

"परमेश्वरले मलाई अत्यन्तै शानदार बिचार दिनुभयो 'तिमीले कोठे रङ्गशाला किन नबनाउने?' अनि मैले रङ्गशाला बनाएँ किनभने मलाई थाहा थियो कि त्यहाँ मैले धेरै मानिसहरूलाई भेट्नेछु" विलियमले सम्झन्छन्।

त्यहाँ उनले कोठे रङ्गशालामा उनले धेरै मानिसहरूलाई भेटे र उनले न्युजिलान्डको होप च्यानल टेलिभिजन प्रसारणको कार्यक्रममा भाग लिने गरे। सन् २०१६को त्रैमासिक भेटीको सहयोगले न्युजिलाण्डको प्रत्येक घरमा सित्तैंमा होप च्यानल प्रसारण हुन्छ। त्यस टेलिभिजन कार्यक्रमहरूमा विलियमले आफ्नो जिम खानामा गरिने व्यायामको कार्यक्रम प्रसारण गरेका थिए। कार्यक्रममा मानिसहरू आफ्नो शारीरिक स्वास्थ्यको बारेमा चिन्ता त गर्छन् तर "तपाईंहरूको आत्मिक स्वास्थ्यचाहिँ कस्तो छ त?" भनेर उनले सोध्दथे। यस विशेष कार्यक्रमले कोलन र उनको श्रीमती रबिनलाई प्रभाव पारेको थियो। तिनीहरू केरीकेरी सहरको ६० माइल पर रहेको सहर काइटाबाट सर्ने तयारी गरिरहेका थिए। ती दम्पत्ती अर्कै सम्प्रदायको चर्चका सदस्यहरू थिए।

जब कलिन र रबिन केरीकेरीमा सरे तब शनिबारको दिन पहिलो पल्ट सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भए। त्यस चर्चमा १२ जना एडभेन्टिस्टहरू थिए। सबैले तिनीहरूलाई हार्दिक स्वागत गरे। तिनीहरूले प्रवचनलाई मन पराए र पछि सबै जना मिलेर सँगै खाना पनि खाए।

"सबै मानिसहरू कस्तो मिलनसार! हामीहरू आउने बित्तिक्कै तिनीहरूले हामीलाई हार्दिक सत्कार गरे। र तिनीहरू आइनै रहे" विलियम सुनाउँछन्। देशको साइकल दगुराउने वर्ल्ड मास्टर गेमहरूको प्रतिस्पर्धामा कलिनले तक्मा पाएका थिए। उनी ७५ वर्षका छन्। रबिन होप च्यानल हेर्न असाध्यै मन पराउँछन्। विलियमलाई टेलिभिजनमा देखेपछि उनी भन्छिन् "मैले हप्ताभरि मन पर्ने पास्टरलाई देख्न पाएको छु।" कलिन र उनकी श्रीमतीले बाइबल अध्ययन गर्न अनुरोध गरेका छन् र तिनीहरू बप्तिस्मा लिने तरखरमा छन्। परमेश्वरलाई विश्वास नगर्ने धेरै न्युजिलाण्डका बासिन्दाहरूको हृदयहरूका ढोकाहरू होप च्यानलले खोल्न सुरू गरिरहेको छ भनेर विलियम विश्वास गर्दछन्।

"कतिपय मानिसहरू आफूमा भएका व्यक्तिगत समस्याहरू अरूलाई सुनाउन चाहँदैनन्। तर ती समस्याहरूको बारेमा होप च्यानलले सबैलाई घरमै बसेर आरामसँग सोचबिचार गर्न सम्भव बनाएको छ। तिनीहरू चर्चमा आएको र अरूले तिनीहरूलाई चर्चमा देखेको तिनीहरू चाहन्दैनन्। तर परमेश्वर होप च्यानलबाट बोल्नु हुन्छ र उहाँका सन्देशहरू घरमै बसेर सुन्न सक्ने भएका छन्" विलियम भन्दछन्।

*-आन्ड्रयु मेक्चेस्नी*

| कथा ३५ |
|---|

# परमेश्वरको निम्ति गुन्डा
## जेसन रोजरस्
## (न्युजिलाण्ड )

१२ वर्षको जेसन रोजरसले एक रात नचिनेको परमेश्वरलाई रोइ रोइ सम्बोधन गरेको थियो। "मैले यसो किन र कसरी गरेँ, मलाई थाहा छैन। त्यस अन्धकार रातमा मलाई अत्यन्तै एक्लोपनको महसुस भयो। म सिरानमा टाउको राखेर धुरुधुरु रोइरहेको थिएँ।

नौजना दाजुदिदीहरूमा जेसन सबभन्दा कान्छो थियो। न्युजिलाण्डको उत्तरी भागमा ऊ आफ्ना काकाकाकीहरूसँग बस्दथ्यो। त्यसैबेला परमेश्वरले उसको जीवनमा हस्तक्षेप गरुन् भनेर नचिने पनि परमेश्वरलाई एक रात रोएर प्रार्थना गरेको थियो।

उसलाई बाबुआमाले कजाउन सकेका थिएन। ऊ अत्यन्तै बदमाश भएकोले उसलाई स्कूलबाट निकालिदिएको थियो। सानै उमेर भएतापनि उसले घरघरमा गएर चोर्न थाल्यो र कारहरू पनि चोर्न थाल्यो। जब कि ऊ १० वर्षको हुँदा नै उसले कमाएको पैसाले पहिलो पल्ट कार किन्यो। बाबुले घर बनाउने ठाउँमा उसले सहयोग गरेकोले अलिकति पैसा पनि पाएको थियो। त्यो कार केवल "खिया लागेको बाल्टिन्" भनेर उसले भन्यो। तर त्यो कार केवल लाइसेन्स प्लेटको निम्तिमात्र किनेको थियो। २-४ वर्षभित्रमै उसले चोरेको नौवटा कारहरूमा उसले त्यो प्लेट झुन्ड्याएको थियो।

उसले प्रार्थना गरेको रातमै त्यसको जवाफ उसले पाएको थिएन। एक वर्षपछि उसका बाबुआमा आएर उसलाई न्युजिलाण्डको राजधानी ओकलाण्डमा आफ्ना घरमा फर्काएर लगे।

जेसन झन झन अपराधी काममा फस्न थाल्यो। जब ऊ १५ वर्षको भयो तब उसले पहिलोपल्ट गाँजाको बोट चोऱ्यो। आफ्ना बाबुआमाको घरबाट निस्केर आफ्नी केटी साथी क्रिस्टलको घरमा सऱ्यो। सडकका गुण्डाहरूसँग उसको संगत भयो र धेरै वर्षसम्म गाँजा खेती गरेरै जिविका चलायो। पछि अत्यन्तै कडा मेथ भन्ने लागुपदार्थको दुर्व्यसनीमा ऊ फस्यो। त्यही कुलतमा लागेर र त्यसको बेचबिखन गरेर ११ वर्षसम्म जिविका चलायो।

"म गुण्डाहरूसँग गहिरिएर सम्बन्ध गाँस्न पुगें साथै माफियाहरूसँग पनि संगत हुन थाल्यो। घर फोर्ने, अपहरण र जबरजस्ती चन्दा असुलन गर्ने काममा लागें। मेरो झुण्डमा तिन जना भान्सेहरू थिए भने सामनहरू बेच्ने चार जना मानिसहरू थिए" उसले आफ्नो विगतको कथा सुनाउँदै भन्यो। ऊ थुप्रो पैसा पनि बोक्थ्यो। हरेक दुई तिनदिनमा उसले १०,००० न्युजिलाण्ड डलर अर्था अमेरिकन ७,००० डलर मेथ लागु पदार्थ बेचेर कमाउँथ्यो।

अनि एकदिन आन्ड्रयु नाउँ गरेको मानिसले सार्वनजनिक पौडी खेल्ने ठाउँमा उसकहाँ आएर सित्तैंमा बक्सिङ्ग खेल्ने क्लास लिन आउन निम्तो दियो। जेसनले तुरन्तै सहमति जनायो। उसले चाहेको थियो कि बक्सिङ्ग खेल्न सिकेपछि सडकमा अरूसँग झन कुस्ती खेल्न र अरूलाई कुटपिट गर्न सकिनेछ।

गुण्डाहरू खेल्ने खेलाडी हलमा अरू गुण्डाहरूसँग जेसन सामेल भयो। आन्ड्र्युले उसलाई एक घन्टासम्म पसिना नै पसिना आउने गरि व्यायाम गरायो। अनि उसको अगाडि बाइबलहरू ल्याएर टेबुलमा राख्दै भन्यो, "अब हामी पहिला टेबुल वरिपरि बसौं र एक आपसमा हाम्रो कुरा बाँडौं।" आन्ड्र्युको मनमा बिजुलीले झट्का दिए जस्तो लाग्यो र तुरन्तै त्यहाँबाट भाग्न खोज्यो। तर केही कारणबस त्यहीं बसिरह्यो। जब आन्ड्र्युले आधा घन्टा परमेश्वरको बारेमा चर्चा गऱ्यो तब जेसनको दिमागमा परमेश्वरको बिरुद्धमा भाँडभैलो भयो। उसले सोच्यो, "परमेश्वर को हो र? मेरो संसारको भगवान मै हुँ। मसँग कर्मचारीहरू छन्। मेरो आफ्नै व्यापार छ। मलाई सबैले सम्मान गर्छन्। मेरो आफ्नै प्रतिष्ठा छ। म आफै भगवान हुँ।"

जब आन्ड्र्युले मत्ती ६:१९-२१पदहरू पढ्यो तब जेसन आफ्नो बास्तविक संसारमा फर्क्यो, "१९ “आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। २० तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। २१ किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुन्छ।"

बल्ल जेसनको दिमागमा घाम लाग्यो। उसका सबै गरगहनाहरू स्वर्गमा कसरी थुपार्ने-खियैखिया लागेको जीवनबाट र चोरैचोरहरूको माझमा रहेर स्वर्गमा धन थुपारिन्छ र? *हप्ताभरि नै त्यस कुराको बारेमा उसले चिन्तन गरिनै रह्यो। उसले कुस्ती खेल्ने नियमित कक्षाहरू पनि छोडेन। अनि केही समयमा नै आन्ड्र्युले कक्षामा सहयोग गर्न जेसनसँग अनुरोध गऱ्यो। उसलाई*

*अचम्म लाग्यो तर खुशी भएर स्वीकार गऱ्यो। तर योग्य कुस्ती शिक्षक आन्ड्र्युले प्राथमिक उपचार तालिममा भाग लिनुपर्थ्यो। त्यो तालिम आन्ड्र्युको पापाटोटो सेभेन्थ डे एडभेन्टिस्ट चर्चमा संचालन हुन्थ्यो।*

चर्चमै प्राथमिक उपचार सिक्ने क्रममा परमेश्वरप्रतिको भक्ति पनि जेसनमा जागेर आउन थाल्यो। अनि बिस्तारै उसले आफ्नी केटीसाथी क्रिस्टल र सातजना छोराछोरीहरूसँग साबथको सेवाकार्यमा भाग लिन थाल्यो। ऊ क्रिस्टलसँग २१ वर्ष विवाह नै नगरि बसेको थियो। प्रभुलाई विश्वास गर्न थालेपछि क्रिस्टलसँग विधिपूर्वक विवाह गर्ने प्रस्ताव जेसनले राख्यो। अनि चर्चले सबभन्दा ठूलो बप्तिस्मा कार्यक्रम राख्यो। जेसन, उनकी श्रीमती र तिनीहरूका पाँच जना छोराछोरीहरूले एकै साबथमा बप्तिस्मा लिए। अनि त्यही साबथमा दुई साना बालबालिकाहरूलाई येशूमा पनि गरे।

तिन वर्षभित्र आफ्नो जीवनमा आमूल परिवर्तन आएको कुरा वर्ष ३६को जेसनले सुनायो।

"अब हामीले छ फुट अल्गो पर्खाल भित्र बस्नु परेन। आफ्नो सुरक्षको निम्ति ठूला ठूला लठ्ठीहरू घरको अगाडि झुन्ड्याउनु परेन, बन्दुकहरू पनि राख्नु परेन र विभिन्न धारिला चक्कुहरू भएको औजार पनि राख्नु परेन। हामी अब सानो सेतो पर्खाल भएको घरभित्र बस्दछौं र म मेरो आफ्नै काम गर्ने व्यवसायमा छु" अत्यन्तै ढुक्क भएर जेसनले यी लेखकलाई सुनाउँछ। किकबक्सिङ्ग क्लासमा जेसनले अहिले पनि सह सिक्षक भएर सहयोग गरिरहेको छ। उसको अग्रसरतामा अरू छ जनाले प्रभु येशूलाई विश्वास गरे र बप्तिस्मा पनि लिए। आफ्ना

आमाबाबुको बारेमा जब ऊ सम्झन्छ तब उसका आँखाहरूबाट आँशु खस्छ।

ओकलाण्डमा खाना खाँदै अन्तवार्ता दिइरहेको बेलामा उसले यो कुरा बतायो कि प, "मेरी चिन्तित आमाले मलाई दिनदिनै फोन गर्थीन्। मेरो कुरुप स्वभावको उनी प्रत्यक्षदर्शी थिइन्। येशूलाई विश्वास गरें भनेर उनले थाहा पाएपछि उनले मलाई फोन गर्न छोडिन्। सायद त्यो असलै होला भनि म ठान्दछु।" आफ्ना बाबु र आमा र अरूलाई पनि जीवन परिवर्तन गर्ने येशूलाई चिनाउने आशा बोकेर जेसन अहिले बाँचिरहेको छ। "म अहिले शान्तिपूर्वक जिइरहेको छु। अहिलेको जीवनलाई म अरू कुनैमा परिवर्तन गर्नेछैन।म परमेश्वरको भक्त हुँ अहिले। परमेश्वरले चाहे जत्तिक्कै उहाँको बचन म बाँड्न चाहन्छु" आफ्नो प्रतिवद्धता जेसनले बतायो।

- *आन्ड्र्यु मेक्चेस्नी*

| कथा ३६ |
| --- |

# जब परिवारमा विपत्ति आउँछ
## जोलीराबो
## (फिजी)

फिजी देशको बिमा कम्पनीको कर्मचारी जोलीले आफ्नो अस्पतालको शैयाबाट आँखा उचालेर माथि हेर्छ। आँखाभरि आँशु झारिरहेकी आफ्नी काकीलाई उसले हेर्दछ।

"बाबु, तिमीले त्यो चर्च छोड्नै पर्छ। त्यस चर्चलाई हाम्रो गाउँमा नल्याउनु। यो त तिमीलाई सराप लागेको छ। यदि हाम्रो गाउँमात्यो त्यो चर्चको नयाँ शिक्षा भित्रायौ भने अझ धेरै अनिष्ट हुनेछन्। तिमी अर्कै दिनमा तिम्रो परमेश्वरको आराधना गर। शनिबार तिमी आराधना गर्छौं, त्यो गलत हो। अब त्यसकै नतिजा तिमीले अहिले भोगिरहेका छौ" उनले जोलीराबोको शिरमा हात राखेर यी कुरा भनेकि थिइन्। जोलीराबो पट्टी बाँधेको आफ्ना हातपाखुराहरूमा हेर्दछन्। दुवै हातहरू कार दुर्घट्नाले भाँचिएका थिए। उसका दुई भतिजाहरू त्यही दुर्घट्नामा मारिएका थिए। जब जोली सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियो, तब उसले फिजी देशको आफ्नो गाउँ नाबुसिवामा नयाँ विश्वास कसरी भित्राउने भनेर उसको हृदय जलिरहेको थियो। तर जब जोलीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएर आफ्नो गाउँ आए तब धेरै मानिसहरू ऊदेखी रिसाएका थिए। उसका धेरै आफन्तहरू अर्कै सम्प्रदायका इसाईहरू थिए। तैपनि जोलीले सुसमाचार प्रचार सभाहरू चलायो र १० जना मानिसहरूले बप्तिस्मा लिएका थिए। अनि चर्च बनाउन उसले जग्गा किन्यो। नयाँ चर्च भवन बनाउने

जग्गाको झारपात सफा गर्न चर्चका नयाँ विश्वासीहरूलाई एक दिन उसले डाक्यो।

जग्गा सफा गर्ने एकदिन अघि जोलीले आफ्नो २७ वर्षको भतिजालाई बिहान सबेरै नाडी एयरपोर्टमा लग्दै थियो। उसको साथमा भतिजाकी आमा र उसका दुई कान्छा भाइहरू र आफ्नै १३ वर्षको छोरो पनि थियो। ऊ सुबारु सिडान कार चलाउँदै थियो। बिहान ४बजेतिर जोली कार हाँक्दा हाँक्दै निदायो र कार सडकबाट बाहिर चिप्लियो। उसको २७ वर्षको भतिजा र उसको १६ वर्षको भाईको घट्नास्थलमा नै मृत्यु भयो। तिनीहरूको आमा, र अर्को १३ वर्षको भतिजो भने गम्भिर चोटले अस्पतालमा भर्ना भएका थिए। जोलीका हातपाखुराहरू भाँचेएका थिए। आफ्नो छोरो भने जसोतसो गरेर बच्यो।

जोलीकी काकी अस्पतालमा आएर एडभेन्टिस्ट चर्च बनाउने योजना रद्द गर्नै पर्छ भन्न आएकी थिइ। जोलीले आफ्नो खाटबाट माथि हेऱ्यो।

"काकी, तपाईंको एउटामात्र छोरो छ। यदि तपाईंको छोरो एक दिन एडभेन्टिस्ट भयो भने तपाईंको छोरोको निम्ति म मर्नु परेतापनि म परमेश्वरलाई धन्यवाद दिनेछु" आफ्नो पीडालाई भुल्दै जोलीले जवाफ दियो। उसको काकी आँखाभरि आँशु पारेर रेर फर्किन्।

जोली विश्वस्त भएर बोलेतापनि चर्च बनाउने काममा ऊ निश्चित भएन। एक महिनासम्मको अस्पतालको बासमा ऊ प्रार्थना गर्दै रह्यो, "हे प्रभु, मलाई थाहा छैन मैले तपाईंको काम गरिरहेको छु कि छैन।"

तर जब ऊ अस्पतालबाट निस्क्यो तब चर्च बनाउने कुरामा उसलाई कुनै शङ्का भएन। दिदि एलेन जी ह्वाइटले भने जस्तै उसले यो भन्न सकेको थियो, "सहिद हाबेलको समयदेखि परमेश्वरका जनहरूको निम्ति दुःखकष्ट जीवनको अभिन्न भाग हुन पुगेको छ। सत्य परमेश्वरको निम्ति र उहाँका आज्ञाहरू पालन गर्नुपर्दा पूर्खाहरूले धेरै दुःख पाएका थिए। चर्चको उच्च शिरले हाम्रो निम्ति कष्ट पाउनुभयो। उहाँका पहिला चेलाहरू र सुरूका चर्चले अत्यन्तै कष्ट भोगेका थिए। येशूका करौडौं विश्वासीहरू सहीद भए र सुधारवादी इसाईहरूले पनि दुःखकष्ट पाए। त्यसकारण हामी किन यस जीवनमा आउने र दुःखकष्टदेखि खुम्चिने? हामीलाई अनन्त जीवनको आशाको आशिष छ र संसारका सबै कुराहरू येशूको सिघ्र आगमनमा पग्लिएर जानेछ।" (टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. ७८बाट रूपान्तरित)।

सुसमाचार फैलाउने काममा दुःख पाइन्छ भनेर जोलीले महसुस गऱ्यो। जब परमेश्वरको काम गरिन्छ तब शैतानलाई रिस अत्यन्तै उठ्छ। तर त्यहाँ एक महिनाभित्रै चर्च खडा भयो।

आफ्नो गाउँमा चर्च खडा भएको देखेर जोली खुशी भयो। तर अर्को चर्च पनि खडा गर्न उसले चाह्यो। यसबेला त्यो चर्च किउभा भन्ने अर्कै गाउँमा खडा गर्न उसले चाहेको थियो। तर चर्च निर्माण गर्ने कार्यक्रममा कसैको घरमा पनि विपत्ती आओस् भन्ने उसले चाहेको थिएन। त्यसकारण ऊ र चर्चका अरू विश्वासीहरू मिलेर प्रार्थना गर्ने र हप्ताको दुई दिन उपवास बस्ने निर्णय भयो। अनि तिनीहरूले घर घरमा गएर सुसमाचार प्रचार गर्ने निर्णय पनि गरे।

जोलीले हरेक दिन यसरी प्रार्थना गऱ्यो, "प्रभु, सुसमाचार प्रचार र चर्च बनाउने निर्णय गर्दा मेरो आफ्नै गाउँमा नराम्रो घट्ना भयो। अब सुसमाचार अर्को गाउँमा लैजाँदैछु। पहिलाको जस्तो खराब अनुभवतिर मलाई नडोऱ्याउनुहोस्। म जे गर्छु त्यो सबैमा तपाईंको अगुवाई होस् र पहिलाको जस्तो नराम्रो अनुभव दोहोरिन नदिनुहोस्।"

जोलीलाई अचम्म लाग्ने गरी एक जना गाउँलेले एडभेन्टिस्टलाई मन पराएकोले उसले आफ्नो घरमा साबथ सेवा चलाउन आग्रह गऱ्यो। पछि ती गाउँलेले चर्च बनाउन आफ्नो जग्गा उपलब्ध गरायो।

प्रार्थना र उपवासले त्यस गाउँमा चर्च स्थापना गर्न सजिलो भएको थियो भनेर जोलीले आफ्नो अनुभव सुनायो।

अनि ऊ तेस्रो गाउँ बुरुटुमा गयो। ऊ र चर्चका विश्वासीहरूले प्रार्थना गरे र उपवास बसे। जब गाउँको प्रमुख र उनको परिवारले बप्तिस्मा लिए तब जोलीको हर्षको सिमा नै रहेन।

तर चर्च निर्माण गर्नुभन्दा पहिले फेरि अर्को बिपत्ती आयो। मधुमेहले गर्दा गाउँको प्रमुखको मृत्यु भयो। उनी एडभेन्टिस्ट भएकोले उनलाई सजाय दिइएको हो भनेर गाउँलेहरूको बीचमा कुरा काटे।

एडभेन्टिस्ट चर्चको काममा आक्रमण गर्न शैतानले गाउँप्रमुखको मृत्युलाई प्रयोग गऱ्यो भनेर जोलीले भन्यो। तर एक महिनाभित्र चर्च निर्माण हुन्छ भनेर उसमा विश्वास थियो।

गाउँमा परमेश्वर हार्नुहुन्न भनेर जोलीले विश्वास गऱ्यो। गाउँको नजिकै जोलीसँग यी लेखकले अन्तर्वार्ता लिने क्रममा

उसले आफ्नी काकीसँग उनको छोराको निम्ति आफू मर्न तयार छु भनेर भनेको कुरा पुनः सम्झेको थियो। उनको छोरो र उनका चारै जना छोराछोरीहरूले बप्तिस्मा लिए र एडभेन्टिस्ट भए।

"जब म मेरी काकीको घरमा उनी मर्नुभन्दा अघि पुगेँर उनको एउटामात्र छोरोलाई सुसमाचार सुनाएकोमा मलाई धन्यवाद दिइन्। सबै थोक परमेश्वरको नियन्त्रणमा छ" जोलीले संतुष्ट भएर भन्यो।

*-आन्ड्र्यु मेक्चेस्नी*

| कथा<br>३७ | **मलामी गएको बेलामा**<br>**येशूलाई विश्वास गर्न पुग्छ**<br>**कोसिटिला टिटो, (फिजी)** |
|---|---|

जब टिटोको बुबाको मृत्यु भयो तब कसैले त्यहाँ उसलाई सहयोग गर्न चाहेनन्। एक जनाले भन्यो, "तिम्रो बुबाको निम्ति चर्चको विधि अनुसार अन्त्येष्टी गर्न पाउँदैनौं।" *"जा, तेरो बाऊलाई तैंले नै लगेर गाड" अर्कोले ठाडो हुकुम गऱ्यो।*

फिजीको दुर्गम क्षेत्रमा रहेको गाउँ नाकाभिकामा टिटो र उसको बुबा बस्दथे। जब उसको बुबा सेभेन्थ-डे एडभेन्टिस्ट भए त्यस दिनदेखि सबै गाउँलेहरूले उनलाई बहिस्कार गरेका थिए। टिटोलाई पनि तिनीहरूले हेला गरेका थिए। तिनीहरू अर्कै सम्प्रदायका इसाईहरू थिए।

आफ्नो बाबुको निम्ति विधिपूर्वक इसाई संस्कार अनुसार अन्त्येष्टि गर्न चाहेकोले उसले आफ्नो काका गाउँको मुखियासँग अनुरोध गऱ्यो। त्यस मुखियाले चर्चको बिधि अनुसार अन्त्येष्टी गराउन स्वीकार त गरे तर चर्चको विधि अनुसार अन्त्येष्टि गर्ने हो भने टिटोले एडभेन्टिस्ट चर्च खडा गरेर त्यहींबाटै अन्त्येष्टि गर्नुपर्ने बताए। त्यस गाउँको कुनै पनि अरू चर्चमा टिटोको बुबाको अन्त्यष्टि गर्न टिटोले अनुमति पाएन।

त्यसकारण जसोतसो गरेर टिटोले सानो छाप्रो बनायो। अन्त्येष्टिको सेवाकार्यमा उसका आफन्तहरूको भिड लागेको थियो। एडभेन्टिस्ट चर्च पास्टरले मानिस मरेपछि के हुन्छ भन्ने विषयमा प्रवचन दिए।

त्यो प्रवचन सुनेर टिटोको मनमा ठूलो धक्का लाग्यो। मानिस मरेपछि सिधै स्वर्ग जान्छ भनेर उसले सधैं विश्वास गरेको थियो। तर मृत्यु भनेको निन्द्रामात्रै हो र यूहन्ना ११मा उल्लेख गरिएको लाजरसको कथा अनुसार येशूले मृत्युलाई निन्द्रा भनेर सम्बोधन गर्नुभएको पास्टरले बताए। दिदीले टिटोलाई पास्टरले भनेको कुरो ठिक हो कि होइन आफैले हेर भनेर बाइबल दिइन्। उसले यूहन्ना ११मा भएका वचनहरू पढ्यो र पास्टरले भनेका वचनहरू बाइबलकै मुताविक भएको उसले देख्यो। अनि पास्टरले १ थेस्सोलिनिकी ४:१५-१८ पढे जहाँ येशूको दोस्रो आगमनमा मरेकाहरू चिहानबाट बिउँतिनेछन् भनेर यसरी लेखिएको छः "१५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" फेरि, टिटोले बाइबलमा हेरेर पास्टरले ठिक भनेको हो कि होइन भनेर हेऱ्यो। आफ्नो चर्चमा उसले बाइबल कहिल्यै पनि पढेको थिएन।

जब अन्त्येष्टि पछि मानिसहरू खानपिनमा लाग तब टिटोले एडभेन्टिस्ट पाहुनाको हात समात्न पुग्यो। "मेरो परिवारको घरमा आउनुहोस्। मानिस मरेपछि के हुन्छ भनेर अरू पनि थाहा पाउन

म चाहन्छु" उसले पास्टरलाई अनुरोध गऱ्यो। एडभेन्टिस्ट विश्वासी टिटोसँग उसको घरमा गयो र उसलाई मानिस मरेपछि के हुन्छ भनेर बाइबलमा दिएका वचनहरू पढेर सुनायो। टिटोले अरू धेरै जान्न चाहेको थियो त्यसकारण अरू बढी सिकाउन अर्को दिन पनि आउन अनुरोध गऱ्यो। तर टिटोकी श्रीमती भिकाले बाइबल अध्ययनमा भाग नलिने निर्णय गरेकी थिइन्। त्यसकारण जब एडभेन्टिस्ट उनको घरमा आउँथे तब उनी र अरू दुई साना छोराछोरीहरू अर्कै कोठामा ढोका लगाएर बस्थे। दुई महिनाको बाइबल अध्ययन पछि टिटो बप्तिस्माको बारेमा  अध्ययन गर्न पुग्यो र आफू पनि एडभेन्टिस्ट हुने घोषणा गऱ्यो। जब उसले त्यो निर्णय गऱ्यो तब उनकी श्रीमती धुरुधुरु रोइन्। "हामीहरूको विश्वास एकै भएकोले मैले तपाईंसित विवाह गरेकी हुँ। यदि तपाईं एडभेन्टिस्ट बन्नु हुन्छ भने म तपाईंसँग बस्दिनँ। हामीसँग दुई छोराछोरीहरू छन्। एक जना म राख्छु अर्को तपाईं राख्नुहोस्।" कडा भएर भिकाले टिटोसँग प्रस्ताव राखिन्। टिटोले यस कुरामा दुःख मनाऊ गऱ्यो तर उनकी श्रीमती आफ्नो निर्णयबाट यताउति नजाने भइसकेकी थिइन्। "भिका, अहिलेदेखि मेरो जीवनमा परमेश्वर नम्बर एकमा हुनुहुन्छ भने तिमी नम्बर दुईमा। तर एउटा कुरा म तिमीलाई बाचा गर्छु। पहिले पहिले मैले तिमीलाई ५० प्रतिशतमात्र प्रेम गरेको थिएँ भने अब मैले येशूलाई भित्री हृदयदेखि विश्वास गरेकोले मेरो प्रेम तिमीमा १०० प्रतिशत हुनेछ" आफ्नो मनको कुरो टिटोले राख्यो। बप्तिस्मापछि टिटोले  भिकालाई भन्यो कि उनलाई आइतबार चर्च जानबाट रोक्दिन। टिटोले शनिबारमा कुनै खाना पनि नपकाउन र लुगा पनि नधुन उनलाई अऱ्हायो र ती ऊ आफैले आइतबार गर्छु

भनेर भिकालाई सुनायो। एक महिनापछि आफ्नो श्रीमान पहिलाभन्दा फरक भएको भिकाले महसुस गरिन्। जब टिटोले स्कूलमा सिकाउने काम गरिसकेपछि भट्टी पसलमा आफ्नो साथीसँग जान छोड्यो। घरमा चुरोठ रक्सी खान र जथाभावि ख्याल ठट्टा गर्न साथीहरूलाई पनि बोलाउन छोड्यो। बरू काम सक्ने बित्तिक्कै घरमा सिधै आउन थाल्यो र उनीसँग र छोराछोरीहरूसँग समय बिताउन थाल्यो। उसले रक्सी पनि पिउन छोड्यो, चुरोठ खान पनि छोड्यो र जथाभावी मुख छोड्न पनि छोड्यो।

एक दिन आफ्नो श्रीमान टिटोलाई नजिक बोलाएर भिकाले यसो भनिन् "टिटो, तपाईँ त पहिले भन्दा फरक भएको मैले भेट्टाएको छु। हामी पहिला कति झगडा गर्थ्यौं अब हामी झगडा गर्दैनौं। तपाईँ र ममा धेरै कचकच हुन्थ्यो अब छैन। अहिले हामी परिवारभएर सँगसँगै बिताउँछौं। यदि सत्यले तपाईँलाई परिवर्तन गरेको छ भने म पनि सत्यलाई सिक्न चाहन्छु।" टिटोले भिकाको निम्ति प्रार्थना गरिरहेको थियो। यो कुरा सुनेर उसको हर्षको सिमा नै रहेन। तिनीहरूलेसँगसँगै प्रार्थना गरे। बाइबल अध्ययनको निम्ति उसले व्यवस्था गऱ्यो। अनि छिट्टै उनले बप्तिस्मा पनि लिइन्।

अब टिटो हप्ताभरि स्कूलमा सिकाएपछि साबथ दिनमा साबथ स्कूल पाठ पढाउँछ। भिकाले बालसङ्गतिको नेतृत्व गर्छिन्। उसले गाउँका मानिसहरूलाई बाइबल सिकाउँछन् र उसले गर्दा दुई जनाले बप्तिस्मा लिइसकेका छन्।

शनिबार चर्च जान थाल्दा उसले स्कूलमा धेरै समस्याको सामना गर्नुपऱ्यो। एकदिन उसको डेस्कमा कसैले पिसाब फेरि

दिएको थियो। अर्को दिन उसको बारेमा अत्यन्तै अपशब्दहरू स्कूलको पर्खालमा लेखिएको थियो। जब जडयाँहा गाउँलेले उसलाई चक्कुले मार्छु भनेर धम्किदिएपछि स्कूलको प्रिन्सिपलले पुलिसलाई बोलाउनु परेको थियो।

तर जे भएतापनि सुसमाचार सुनाउन आफू कहिल्यै पछि नहट्ने पक्षमा टिटो छ। उसले यो प्रार्थना गर्दछः "प्रभु, म तपाईंका वचनहरू मेरो गाउँका सबैलाई सिकाउन राजी छु। यी अन्तिम दिनहरूमा मलाई सहयोग गर्नुहोस्।"

*-आन्ड्र्यु मेक्चेस्नी*

कथा ३८

# खुट्टा त छैन, तर नयाँ जीवन
## लेपानीकुरुडुवाडुवा
## (फिजी)

*लेपानीले आफ्नो जीवन समाप्त भएको सोचेका थिए।*

एकदिन फिजीको गाउँ नाकरानीको चर्चमा लेपानी मर्मतको काम गर्दै थिए। त्यसबेला अवकास पाएका स्कूलको शिक्षक लेपानीको दाहिने खुट्टा अचानक छुरीले काट्यो। उनको घाऊ चाँडै निको भएन। उनलाई डायबेटिक अर्थात् मधुमेह रोग भएकोले उनको घाऊ झन झन बढन थाल्यो। आखिरमा डाक्टरले उनलाई भने कि उनको खुट्टा काट्नुपर्छ। अपरेशनपछि लेपानी महिनौंसम्म ओछ्यानमा परे। आफ्नो जीवनको बारेमा उनले सोच्न थाले। उनी १७वर्षसम्म येशूको बारेमा सुनाउन उनले कहिल्यै पनि पराएको थिएन। त्यसले उनलाई अत्यन्तै दुखित तुल्याएको थियो। अब उनीसँग केवल एउटामात्र खुट्टा रह्यो। आफ्नो खुट्टा काटेर गुमाएको दस महिनापछि उनले कृतिम खुट्टा पाए र उनी हिंड्न सक्ने भए। "मसँग एउटामात्र खुट्टा भएतापनि परमेश्वरको निम्ति केही न केही गर्नुपर्छ" भनेर उनले दिनदिनै सोच्न थाले। जब उनले प्रार्थना गरे तब उनलाई एउटा कुरोको याद भयो। उनी र उनका चर्चका अरू विश्वासीहरूले एउटा गाउँमा सुसमाचार प्रचार गर्न धेरै समयदेखि चाहेका थिए। त्यस गाउँमा एक एडभेन्टिस्ट परिवार बस्छन् भन्ने कुरा उनले सम्झे। सुसमाचार प्रचार गर्न सहयोग गर्न उनले त्यस परिवारसँग अनुरोध गर्ने निर्णय गरे।

जब ट्याक्सी लिएर उनी त्यस घरमा गए तब त्यहाँ त्यस परिवारकी छोरी आनाले उनलाई सत्कार गरे। जुन परिवारले उनलाई सहयोग गर्ने आशा राखेका थिए ती परिवार अर्थात् आनाका बुबा र आमा अर्कै नाडी भन्ने टापुमा सरिसकेको कुरा आनाले बताइन्।

"तिमी कसरी आराधना गर्छ्यौं अहिले" लेपानीले सोधे। आफूले कहिलेकाहिँ छिमेकी निकोसँग मिलेर आराधना गर्ने गरेको उनले बताइन्। त्यो छिमेकी कुनै पनि चर्चकी सदस्य थिइनन्। "एक छिन प्रार्थना गरौं। म त्यस निकोको घरमा उनलाई भेट्न जान चाहन्छु" लेपानीले भने।

जब लेपानी र आना निकोको घरमा गए तब निकोको घरको ढोका अचानक ठूलो आवाजले खोलियो र त्यहाँबाट एक जना मानिस निस्केर आयो। "तपाईं पाहुनाकै निम्ति म पर्खिरहेको छु!" अत्यन्तै आभारी भएर ती मानिसले बोले। निकोले पाहुनाहरूलाई आफ्नो घरभित्र हुले र उनले अचम्मको कथा सुनाए। धेरै समयदेखि कसैले उनलाई येशूको बारेमा सुनाओस् भनेर उनले प्रार्थना गरिरहेका थिए। जुन मानिस उनको घरमा पहिले आउँछ त्यस मानिसको चर्चमा आफू सामेल हुने कुरो परमेश्वरसँग उनले प्रतिज्ञा गरेका थिए। त्यस दिन बिहान जब उनी खाना पकाउन दाउरा खोज्न गएका थिए कुनै मानिस उनको घरमा आउँछन् भन्ने कुरा मनमा घचघचाइरहेको उनले महसुस गरेका थिए। अनि उनी घरमा दगुरेर आए तर घरमा कोही थिएन। अनि उनी नुहाएर बाहिर निस्कन्दै थिए तब उनले लेपानीको आवाज बाहिर सुने। तब उनी हतपत बाहिर आए। "तपाईंको चर्चमा म समावेश हुन चाहन्छु। अर्को साबथ म मेरी

श्रीमती र तिन छोरीहरूसँग तपाईंको चर्चमा आउँछु" लेपानीले विश्वासै गर्न नसक्ने गरेर निकोले प्रस्ताव राखे। लेपानीले उनीसँग प्रार्थना गरे र उनी र उनका परिवार चर्चमा समावेस हुन चाहेको थाहा पाउँदा अत्यन्तै खुशी लागिरहेको कुरा व्यक्त गरे। "तर अर्को साबथ म तपाईंकहाँ आउँछु र तपाईंकै घरमा चर्च खोलेर परमेश्वरको आराधना गर्नेछु" निकोलाई अचम्म पार्दै लेपानीले भने। सात महिनासम्म लेपानीले प्रत्येक साबथ निकोको घरमा आराधना कार्यक्रम चलाए। अरू गाउँलेहरू पनि त्यस घरमा आराधना गर्न आए। लेपानीले सुसमाचारीय कार्यक्रमहरू चलाए। त्यसपछि १६ जनाले बप्तिस्मा लिए। तिनीहरूमा निको, उनकी श्रीमती र तिनीहरूका तिन छोरीहरू पनि थिए।

बिस्तारै निकोको घरमा भएको चर्च सानो हुन थाल्यो किनभने मानिसहरू धमाधम त्यहाँ आराधना गर्न आउन थाले। केही समयपछि त्यो चर्च निकोको घरबाट सरेर आफ्नै चर्च भवनमा सर्‍यो। लेपानी अहिले ६० वर्षको छ। यस वर्ष अर्को गाउँमा पनि चर्च खोल्न उनले आशा राखेका छन्। अनि त्यसको अर्को वर्ष अर्को गाउँमा चर्च खोल्ने उनको योजना छ।

आफ्नो खुट्टा गुमाएकोले आफ्नो जीवन परिवर्तन भएको लेपानीले यस लेखकलाई सुनाएका थिए। "जब मसँग दुई खुट्टाहरू थिए त्यसबेला मैले परमेश्वरको निम्ति केही पनि गर्न सकिँन। आज एउटै खुट्टोले परमेश्वरको निम्ति काम गर्न सकेको छु। मैले खुट्टा गुमाएपछिमात्र मैले के गर्नुपर्ने हो सो गर्नु पर्छ भनेर मैले महसुस गरेको छ" हँसिलो भएर आफ्नो मनको कुरो पोखाउँछन्।

*- आन्ड्रयु मेक्चेस्नी*

| कथा ३९ | |
|---|---|

## हेलिकोप्टरद्वारा उद्धार
## केनोप केनोप
## (बोत्स्वाना, अफ्रिका)

केनप बोत्स्वाना एडभेन्टिस्ट चर्चको अगुवा हुन्। एक दिन उनी अफ्रिकाको दुई वटा ठूला सहरहरूको बीचमा आफ्नो मर्सेडिज कार रफ्तारमा हाँक्दै थिए। त्यसबेला उनको कारमाथि हेलिकोप्टरको आवाज घन्कियो। हेलिकोप्टर उनको कारको नजिकै माथिबाट उड्न थाल्यो। सायद कुनै अपराधीको पछि त्यो हेलिकोप्टर लागेको होला भनेर केनोपले सोचे। उनी गइरहेको राजमार्गमा केही मिनेट अघि एक जना मानिस हिँड्दै गरेकोले त्यो हेलिकोप्टर उसको पछि लागेको होला भनेर उनले ठानेका थिए।अनि त्यो हेलिकोप्टर त उनको कारको अगाडि बिस्तारै आएर पो ओर्ल्यो। केनोपको सातोपुत्लो गयो। उनले आफ्नो कार रोके। हेलिकोप्टरको पंखाको आवाजले उनको कान खाइरहेको थियो। एक छिनपछि हेलिकोप्टरको आवाज रोकियो। केनोप आफ्नो कारबाट बाहिर निस्के। यदि कुनै पुलिसको वाहन कुनै कारको अगाडि रोकिएमा भने त्यो कारको चालक पुलिसकहाँ जानुपर्ने बोत्स्वानाको कानून छ। चर्चको कार्यक्रममा भाग लिएर आएका केनोप औपचारिक पोशाकमा थिए। उनले पुलिसको कहिल्यै पनि सामना गर्नुपरेको थिएन। उनलाई थाहा भएन उनी त्यस हेलिकोप्टरको अगाडि जाने हो वा नजाने।

एक छिनपछि दुई जना पुलिसका हाकिमहरू हेलिकोप्टरबाट ओर्ले र केनोपलाई चौरको घाँसमा बोलाए।

"हजुर, तपाईँलाई हामी रोकिरहेकाछौँ" एकजना अफिसरले भन्यो। केनोपले के बोल्ने उनलाई थाहा भएन। उनको मुख सुकेको थियो। तर हतपत उनले "केको लागि" भनेर दुई शब्द निकाले।

"तपाईँले आफ्नो गतीको सिमितलाई नाघेर मोटर चलाइरहनुभएको छ। त्यसैकारणले तपाईँलाई हामीले रोकेका हौँ" उक्त अफिसरले भन्यो। अफिसरले सत्य भनिरहेको थियो। केनोप उत्तरी बोत्स्वानाको फ्रान्सिसटाउनबाट त्यस देशको राजधानी ग्याब्रोनमा जाँदै थिए। त्यो राजधानी २७० माइल अर्थात् ४३५को दुरीमा छ। उनी त्यस दिनको अपरान्ह ग्राब्रोनमा पुग्नुपरेको थियो। उत्तरी बोत्स्वानामा खोल्न लागिरहेको एडभेन्टिस्ट चर्चको प्रथम एडभेन्टिस्ट प्राथमिक स्कूलको बारेमा छलफल गर्न बसेको बैठकमा भाग लिएर उनी फ्रान्सिसटाउनबाट फर्कन्दै थिए। उनी आफ्नो घरमा छिटै फर्कन चाहेका थिए। उनी निर्धारित गतिभन्दा बढि तिस किलोमिटरको रफ्तारमा आफ्नो गाडी हाँक्दै थिए। केनोपले पुलिसलाई आफ्नो चालकको लाइसेन्स देखाए। उनी लाजले भुतुक्कै भइरहेका थिए। राजमार्गमा रहेका दायाँबायाँ रहेका दुवै सडकहरूमा मोटरहरू रोकिएका थिए। पुलिसको हेलिकोप्टर देखेर ती मोटरका चालकहरू उत्सुक भएर हेरिरहेका थिए। दोस्रो अफिसरको अनुहार उनलाई चिने जस्तो देखिएको थियो। केनोप राष्ट्रिय टेलिभिजनमा बारम्बार देखिने भएकोले होला वा पुलिस स्कूलमा उनले लोकप्रिय सेमिनार चलाएकोले उक्त अफिसरले आफूलाई चिनेको होला भनेर उनले सोचे। पहिलो अफिसरले केनोपलाई सोधे, "तपाईँ कहाँ जाँदै हुनुहुन्छ?" "ग्याब्रोनमा" केनोपले जवाफ दिए। "होसियार हुनुहोस्" चालकको लाइसेन्स फिर्ता गर्दै उक्त

अफिसरले भन्यो "तपाईँ जान सक्नुहुन्छ।" केनोपले अचम्म माने र यसरी लाइसेन्स तुरन्तै फिर्ता दिएकोमा उनलाई के भयो सो विश्वासै लागिरहेको थिएन। अफिसरले केनोपको कार वरिपरि हेऱ्यो। त्यो कार हेलिकोप्टरबाट उडाएको धुलो र घाँसले छोपेको थियो। "तपाईँको कारलाई फोहर बनाएकोमा हामीलाई माफ दिनुहोस्" उनले भने। लाजले र राहतले केनोपको अनुहार देखिएको थियो। उनी केही दण्ड नपाइ फुत्किन सकेका थिए। कस्तो मिठो माफीः "त्यसबेलमा मैले माफी दिनु भनेको कतिको महत्त्व रहेछ भनेर अनुभव गरेँ" केनोपले भने, "माफी दिने सानोतिनो वा झिनो देखिएतापनि जीवनमा अरूलाई क्षमा वा माफ दिनु अत्यन्त महत्त्व छ। यो पाठ मैले पुलिसबाट सिँके र अरूहरूलाई पनि माफ दिन परमेश्वरले मलाई सहयोग गरुन् भनेर म प्रार्थना गर्दैछु।" बोत्स्वानामा निर्धारित गति नाघेर कार चलाउँदा पुलिसको हेलिकोप्टरले रोक्ने चलन त्यति धेरै छैन। तर हेलिकोप्टर नै रोकेर पुलिसले माफी माग्नुत झन बिरलै हो भनेर केनोपले भने।"त्यत्रो हेलिकोप्टरले मलाई रोकेर मलाई हेरेर माफ माग्दै फर्कनु भनेको तिनीहरूको समय र बल खेर फाल्नु थियो। यो मैले बुझ्नै नसकेको घट्ना हो। जसरी मलाई रोक्दा मलाई छक्क लागेको थियो त्यसरी नै मसँग माफ माग्दा त मलाई झन अचम्म मानेको थिएँ।" बोट्स्वाना युनियन कन्फरेन्सको अध्यक्ष केनोपले खुशी हुँदै व्यक्त गरे।सन् २०१७मा वर्ष ५०को केनोपले यो घट्ना बोट्स्वानामा रहेको नयाँ इस्टर्न गेट प्राइमरी स्कूलमा निरीक्षण गर्न गइरहेको बेलामा यस कथाको लेखकलाई भनेका थिए। त्यो स्कूल सन २०१५को तेऱ्हौं साबथस्कूलको भेटीको सहयोगले निर्माण भएको थियो। यो

घट्ना भनिरहेको बेलामा पुलिसको हेलिकोप्टर माथि आकाशमा उडिरहेको थियो।

"जब जब म माथि आकाशमा हेलिकोप्टर उडिरहेको देख्छु मलाई असजिलो लाग्छ र म कुन रफ्तारले गाडि चलाइरहेको छु त्यसप्रति म चनाखो हुन्छु। अनि म क्षमाको मिठासपनालाई सम्झन्छु र मेरो कार हाँक्ने जिम्मेवारी पनि। त्यो घट्ना फेरि दोहोरिएको म चाहन्न।" केनोपले आफ्नो भित्री भावना व्यक्त गरे।

**कथा ४०**

# "आमा, जानुहोस्"

लेताबो **मसियनिन**

**(बोत्स्वाना, अफ्रिका)**

बोत्स्वानाको फ्रान्सिसटाउनमा रहेको सेभेन्थ डे डभेन्टिस्ट स्कूलमा आठ वर्षको छोरालाई पढ्न पठाउँदा एउटा घरमा भारी परिवर्तन भइरहेको थियो।

खाना खानुभन्दा पहिले प्रार्थना गर्न आफ्ना आमाबाबुहरूलाई तिनीहरूको ८ वर्षको छोरो लेताबोले अहिले कर गर्छ। बिहान उठ्नुभन्दा अघि र राती सुत्नुभन्दा अघि प्रार्थना गर्न तिनीहरूलाई अह्राउँछ। सावथमा चर्च आउन उसले आफ्नो आमालाई कर पनि गर्दछ।

छोराको यो चाला देखेर सुरूमा आमा अत्यन्त छक्क पारेकी थिइन्। लेताबोको आमाको नाउँ खोमोलिमो हो। उनी इसाई घरमा हुर्केकी थिइनन्। तर छोरोले परमेश्वरतिर आफ्नो ध्यान दिन अनुरोध गर्दा उनी अत्यन्त हर्षित भएकी थिइन्।

एक दिन इस्टर्न गेट प्राइमरी स्कूलमा भइरहेको साबथ आराधना सभामा उनले यी लेखकलाई भनिन् "मेरा छोराछोरीहरू र मलाई यस ठाउँमा ल्याउन दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु।" त्यस स्कूलमा उनको छोरो तिन कक्षामा पढ्दछ। उनकी सानी छोरी उनको घरको सडकको छेऊमा भएको चर्चको पूर्वप्राथमिक स्कूल प्लेस अभ लभमा जान्छिन्। तर आमाले चाहीँ चर्च जान कसरी सुरु गरिन् त?

फ्रान्सिसटाउन बोत्स्वाना देशको सबभन्दा ठूलो दोस्रो सहर हो। त्यहाँ ९०,००० मानिसहरू बसोबास गर्दछन्। त्यस

सहरमा एउटा घर छ जहाँ व्यक्तिगतरुपमा स्कूल चलिरहेको छ। त्यस स्कूलमा लेताबोले तिन कक्षासम्म पढ्यो। तिन वर्षपछि तिनकी आमाले आफ्नो छोरो पढ्न र हिसाबमा कमजोर भएको महसूस गरिन्। त्यसरी चिन्तित भएकी आमाले लेताबोलाई एडभेन्टिस्ट चर्चले संचालन गरेको इस्टर्न गेट प्राइमरी स्कूलमा पठाउने निर्णय गरिन्। आफ्नी साथीले पनि उनकी छोरीलाई त्यही स्कूलमा पठाउने कुरा गरेकी लेताबोकी आमाले सुनेकी थिइन्। पढ्न लेख्ने र हिसाबमामात्र होइन परमेश्वरको बारेमा पनि आफ्नो छोरोले ज्ञान पाओस् भनी लेताबोको आमाले सोचेकी थिइन्।"

"म इसाई परिवारमा हुर्केकी होइन, तर मेरा छोराछोरीहरूलाई इसाई परिवारमा हुर्काउन चाहेकी थिएँ। यस संसरामा धेरै घट्नाहरू भइरहेका छन्। नराम्रो वातावरणले मेरा छोराछोरीहरूमा प्रभाव नपारोस् भन्ने म चाहन्छु त्यसकारण हामीलाई परमेश्वरको बारेमा ज्ञान हुनु जरुरी छ" उनले भरिन्।

पढ्न र लेख्नमा कमजोर भएकोले उक्त एडभेन्टिस्ट स्कूलमा लेताबोलाई फेरि तिन कक्षा दोहोऱ्याउन अनुरोध गरिएको थियो। तर केही महिनाभित्रै आफ्नो छोरोले उसको पढाइमा धेरै राम्रो गरेको उनले महसुस गरेकी थिइन्।

"अब मेरो छोराले एक्लै जे पनि गर्न सक्छ। उसले राम्रोसँग पढ्न सक्छ। ऊ तिन कक्षाको हिसाबमा नाइके नै भएको छ। उसको मनपर्ने विषयहरू हिसाब र बाइबल हो" आनन्द व्यक्त गर्दै उनले भनिन्।

लेताबोलाई बाइबल असाध्यै मन पर्छ। जब उसले स्कूलमा येशूको बारेमा सुन्छ तब उसको आँखामा आँसु झर्छ।

"मेरो बाबु परमेश्वरको नजिक छ। प्रत्येक बिहान, बेलुका र खाना खाने समय भन्दा अघि हामी प्रार्थना गर्दछौं। प्रत्येक साबथ ऊ र उसकी बहिनी चर्चमा जान्छन्। कहिलेकाहीँ जब तिनीहरूलाई चर्चमा पुऱ्याएर म घर फर्किन्थें तब उसले मलाई भन्दथ्यो 'तपाईँ पनि चर्च आउनुपर्छ भनेर के तपाईँलाई थाहा छैन?'" लाज माने जस्तो गरेर खोमोलिमोले भरिन्।

सुरु-सुरुमा आफ्नो आमा चर्चमा नआएकोले आफ्नो आमाको निम्ति लेताबोले प्रार्थना गर्न थाल्यो। चार महिनासम्म उसकी आमालाई बिहान उठ्ने बेलाम वाकवाक लाग्दथ्यो। एक दिन उसले आमालाई भन्यो, "आमा तपाईँ चर्चमा जानुपर्छ। हाम्रो पास्टरले तपाईँको निम्ति प्रार्थना गर्नुहुन्छ र तपाईँ निको हुनुहुनेछ।" "उसको यी शब्दहरूले मेरो मान छोएको थियो" उसकी आमाले भनिन्। आखिरमा उनी चर्च जान राजी भइन्। जब एक साबथ उनलाई सञ्चो लागिरहेको थिएन तब चर्चको एकजना कर्मचारी उनका छोराछोरीहरूलाई चर्चमा लान लिन आए। चर्च जानुभन्दा अघि आफ्नी आमालाई मायालु आँखाले लेताबोले हेर्दै भने "आमा, के तपाईँलाई हामीसँग आउन मन लाग्दैन् ? तपाईँ घरमा एक्लै किन बसिरहनुहुन्छ? आउनुहोस्। तपाईँ आउनुभयो भने पास्टरबुबाले तपाईँको निम्ति प्रार्थना गर्नुहुनेछ र तपाईँ निको हुनुहुनेछ।" उसको त्यो वचनले आमाको कोमल हृदय छियाछिया भयो।

"अहिले मलाई सञ्चो छैन। अर्को साबथ म तिमीसँगै चर्चमा आउनेछु" भनेर उनले वचन दिइन्। अनि अर्को साबथदेखि उनी पनि स्कूलमा रहेको चर्चमा जान थालिन्।

"मेरो छोराले परमेश्वरलाई माया गर्छ। यो धेरै असल कुरो हो। हामी पनि ज्योतिमा हिँड्नुपर्छ भनेर परमेश्वरले उसलाई हाम्रो घरमा जन्मनदिनुभएको हो भनेर म सोच्दछु" आमाले खुशी भएर भनिन्।

"आमा प्रार्थना गर्नु धेरै राम्रो होइन र? अब तपाईंले बान्ता गर्न छोड्नुभएको छ" लेताबोले आमाको अवस्था देखेर उसले एक दिन भन्यो। "हो बाबु, तिमीलाई धेरै-धेरै धन्यवाद छ। म चर्चमा आइरहनेछु" भनेर आमाले पनि आफ्नो छोरोलाई वचन दिएकी थिइन्।

"यो स्कूल खडा गर्नुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु। स्कूलमा चाहिने सबै सामग्रीहरू उपलब्ध गराइयोस् भनि म परमेश्वरसँग प्रार्थना गर्दछु" खोमोलिमोले भावुक भएर भनिन्।

लेखकः आन्ड्र्यु मेक्चेस्नी

| कथा ४१ |
|---|

## अन्धकारबाट उज्यालो
## अटिझा यामाल कामिनिटी
## (मोजाम्बिक, अफ्रिका)

अफ्रिका महादेशमा धेरै देशहरू छन्। मोजाम्बिक तिनीहरूमध्यको एक देश हो। त्यस देशको ८०प्रतिशत मानिसहरू मुस्लिम धर्म मान्दछन्। त्यस देशमा नाम्पुला भन्ने एउटा गाउँ छ। त्यस गाउँमा अटिझा भन्ने एक जना बालिका छिन्। एक दिन अटिझा आफ्नो गाउँबाट धेरै टाढा रहेकी हजुर आमाको गाउँमा गएकी थिइन्। त्यसबेला उनको उमेर केवल ८ वर्षमात्र थियो। त्यहाँ उनले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको नाउँ सबभन्दा पहिले सुनेकी थिइन्।

एक साबथको दिन जब अटिझा चर्चकै बाहिर त्यत्तिकै डुल्दै थिइन्, चर्चको एक जना अगुवाले उनलाई खाना खान बोलाए। उक्त अगुवाको घर चर्चसँगै जोडिएको थियो। त्यस अगुवाको अनुरोधमा अटिझा उनीसँग खान बसिन्। खाना खाइसकेपछि चर्चको कार्यक्रममा बस्न उक्त अगुवाले अनुरोध गरे। आटिझा चर्चको कार्यक्रममा समावेस भइन् र उनले त्यहाँ प्रवचन पनि सुनिन्। त्यसदिन उनले सुनेको प्रवचन उनले कहिल्यै पनि बिर्सिनन्। त्यसबेला प्रचारकले मत्ती २४को बारेमा प्रचार गर्दै थियो। येशूको दोस्रो आगमनमा मरेकाहरू बौरी उठ्नेछन् भनेर सुनेकी थिइन। येशूले मरेकाहरूलाई बौरी उठाउनहुनेछ भन्ने सन्देश सुन्दा उनको हृदय छोएको थियो। एक महिना अघि उनको चारवर्षकी बहिनीको मृत्यु भएको थियो। बहिनीको शरीरमा रगतको कमी भएकोले उनी मरेकी थिइन्। "जब मैले चर्चमा प्रचारकले येशूले मरेकाहरूलाई बिंताउनुहुनेछ भन्ने सुनें तब

एक दिन मेरी प्रिय बहिनीलाई म फेरि छुन सक्नेछु भन्ने आशा मलाई भएको थियो" अटिझाले भनिन्।

त्यस चर्चमा गएको सात वर्ष पछि अटिझाले १५ वर्षको उमेरमा एक जना इसाईसँग विवाह गरिन्। अटिझाको श्रीमान आइतबार चर्चमा जाने परिवारमा हुर्केको थियो तर नाम्पुलामा भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा ऊ जान्थ्यो। तर अटिझाभने घरमै बस्दथी।

एक साबथको दिन आफ्नो श्रीमानको अनुरोधमा अटिझा चर्चमा गइन्। साबथ स्कूल सुरूभएको थियो। सुरुको भजनमा "जब येशूले तिम्रो नाउँ बोलाउनुहुनेछ" भन्ने गीत गाइएको थियो। त्यसबेला अटिझाको नजिक भएकी छ वर्षकी केटीले अत्यन्त मिठो र ठूलो स्वरमा गाइरहेको देखेर उनले त्यस केटीलाई एकोहोरो रुपमा हेरिरहिन पुगेकी थिइन्। "त्यस छ वर्षकी केटीले त्यस्तो मिठो, सुरिलो, स्पष्ट आवाजमा गाएको गीतले मेरो मन छोएको थियो। मेरो हृदयमा कताकता के भइरहेको मैले अनुवभ गरें" मुस्कुराउँदै उनले भनिन्। त्यही दिनदेखि अटिझाले पनि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा समावेश हुने निर्णय गरिन्।

मोजाम्बिकको उत्तरी प्रान्तमा कसैले केही महत्त्वपरुर्ण निर्णय गर्नुपर्‍यो भने परिवारका अगुवाहरूसँग सरसल्लाह माग्नुपर्ने चलन छ। त्यसैकारण अटिझा पनि आफ्नो श्रीमान्सँग उनकी फुपू कार्मेनलाई भेट्न गइन्। अटिझालाई कार्मेन फुपूले हुर्काएकी थिइन्, र उनी झाँक्री थिइन्। जब कार्मेनले अटिझाले एडभेन्टिस्ट हुन चाहेको इच्छा व्यक्ति गरिन् तब उनले भनिन् "तिम्रो आमाकहाँ जाऊ र उनीसँग कुरा गर।"

अटिझाको बुबाको मृत्यु भइसकेको थियो। जब उनले विधवी आमालाई आफ्नो इच्छा व्यक्त गरिन् तब उनले भनिन् "मैले तिमीलाई हुर्काएको होइन। तिम्रो मामालाई गएर सोध।"

जब अटिझाको मामा क्यान्डिडोले उनको चाहना सुने तब त्यो उसलाई मन परेन। अटिझाले एडभेन्टिस्ट हुने अनुमति पाइनन्। यदि अटिझाले बप्तिस्मा लिइन् भने उनीसँग कहिले नभेट्ने भनेर मामाले धम्की दिए। यो सुनेर अटिझाको सातोपुत्लो गयो। तैपनि त्यही दिन उनी र उनको श्रीमानले बप्तिस्मा लिए। त्यसबेला उनको परिवारका कोही पनि बप्तिस्मा लिएको हेर्न आएका थिएनन्।केही समयपछि अटिझा सुत्केरी भइन् र एउटा बालक जन्माइन्। उसको नाउँ डिओनिसिओ राखे। एक दिन त्यो बालक अत्यन्त गम्भीररूपमा बिरामी भयो। तर त्यो बालकलाई उपचार गर्न उनकी  झाँक्री फुपूकहाँ त्यस बालकलाई लगिनन्। अरू कुनै झाँक्री वा तन्त्रमन्त्र गर्ने कहाँ पनि उनले आफ्नो बिरामी छोरोलाई लगिनन्।

एक दिन अटिझाको मामा भाला लिएर उनको घरमा आयो र रिसले जुरमुराउदै भन्यो "यो बालक कहिले मर्ला भनेर म पर्खिरहकोछु। जब यो बालक मर्छ तब त्यो बालकलाई तिम्रै घाँटीमा झुन्ड्याइ दिनेछु।

दुई दिन भइसकेको थियो र बालक कमजोर हुँदै गएको थियो र उसले केही पनि खान मानेन। अटिझा र उनको श्रीमान झन बलिन्द्र आँसु झार्दै प्रार्थना गरे। तेस्रो दिनमा बालकले दुध खान थाल्यो। अस्पतालमा जचाँउन लैजादा त्यो बालक ठिक हुनेछ भनेर आश्वासन तिनीहरूले पाए। मामा भाला लिएर आफ्नै घरमा फर्के।

"शैतान र उसका दुष्ट आत्माहरूले हारेको हामीले महसुस गऱ्यौ। मेरो छोरो अत्यन्त बिरामी भएको थियो र ऊ मर्छ भनेर मैले ठानेकी थिएँ। तर परमेश्वरको अनुग्रहले ऊ बाँच्यो" खुशी भएर अटिझाले भनिन्।

आफ्नी दिदी मर्न लागेको छोरो निको भएकोले अटिझाकी बहिनी अत्यन्त छक्क परिन् र उनी पनि एडभेन्टिस्ट चर्चमा जान थालिन् र बप्तिस्मा लिइन्। एक वर्षपछि अटिझाको भाइ र अर्की बहिनीले पनि बप्तिस्मा लिए। त्यसपछि अटिझाकी आमाले पनि बप्तिस्मा लिइन। अटिझाको सबै परिवार एडभन्टिस्ट भएपछि त्यसबाट प्रभावित भएर उनकी झाँक्रिनी फुपू कार्मेनले पनि बप्तिस्मा लिइन्।

"बप्तिस्मा लिएको बेलामा पास्टरबाबुले मेरी फुपूलाई तिन पल्ट पानीमा डुबाउनु परेको थियो" रमाइलो मान्दै अटिझाले भनिन्। जब उनी पहिलोपल्ट डुबिन तब उनी पानीबाट टाउको उठाएर चिच्च्याउन थालिन् र मुखले धेरै बोलीहरू बोल्न थालिन्। तर कसैले पनि बुझ्न सकेको थिएन। पास्टरले अचम्म मान्दै उनलाई हेरेर भने "उनलाई फेरि बप्तिस्मा दिउँ।" जब दोस्रो पल्ट पनि उनी बप्तिस्मा लिएर उठिन् त्यसबेलापनि उनको मुखबाट कसैले नबुझ्ने बोलीहरूको उच्चारण गरेर चिच्याइरहिन्। तब तेस्रो बप्तिस्मामा दुष्ट आत्माहरूले उनलाई छोडेको थियो भनेर अटिझाले भनिन्। आज अटिझाको झाँक्रिनी फुपू चर्चको डिकनेस भएर सेवा गरिरहेकी छिन्।

यदि अटिझाले बप्तिस्मा लिइन् भने उनको घरमा कहिल्यै नआउने किरिया खाएको मामा क्यान्डिडो पनि अटिझाको घरमा एक दिन देखापऱ्यो। उसले आफ्नी श्रीमतीले बप्तिस्मा लिएकोले आफू पनि बप्तिस्मा लिन्छु भनेर सबैलाई छक्क पर्ने गरेर घोषणा

गऱ्यो। बप्तिस्मा लिएको एक वर्षपछि उसको मृत्यु भयो। "मेरा सबै परिवार येशूप्रति समर्पित भएका छन र अहिले तिनीहरू सेभेन्थ-डे एडभेन्टिस्ट भएका छन्। म परमेश्वरलाई धन्यवाद दिन्छु किनभने जुन परिवारले म येशूलाई विश्वास गरेर एडभेन्टिस्ट हुन्छु भन्दा तँ गलत बाटोमा हिंडिरहेको छु भनेर घोर बिरोध गरेका थिए त्यही परिवार अहिले एडभेन्टिस्ट भएका छन्।

वर्ष ५७की अटिझा सक्रिय पास्टरकी श्रीमती भएकी छिन्। उनको श्रीमान लाजारो आफ्नो पास्टरको अध्ययन सकेर नाम्पुला चर्चमा पास्टर भएर सेवाकार्य गरिहेको छ।

-लेखक आन्ड्र्यु मेक्चेस्नी

| कथा ४२ | साबथ पालन गर्ने चर्चलाई भेट्टाउने प्रयास<br>इभाल्डो डा कन्सिकाओ नाजेर<br>(मोजाम्बिक, अफ्रिका) |
|---|---|

हाइस्कूलमा पढिरहेको इभाल्डो रोमन क्याथोलिक चर्चको पादरी वा फादर बन्ने लक्ष्यमा लागिरहेको थियो। उसको प्रत्येक क्रियाकलाप वा आनिबानीले आफू भविष्यको पादरी हुँ भनेर देखाइरहेको थियो। मोजाम्बिक देशमा रहेको नाम्पुलाको क्याथोलिक चर्चमा उसले बढो मेहनतसाथ त्यस चर्चको क्याटिकिजम वा चर्चको शिक्षादीक्षा अध्ययन गरिरहेको थियो। नाम्पुला मोजाम्बिक देशको तेस्रो ठूलो महानगर हो जहाँ पचास लाख मानिसहरू बसोबास गर्दछन्। इभाल्डो आफ्नो घरको नजिकमा रहेको चर्चमा चर्चले सिकाएको धर्मदर्शन वा धार्मिक विद्याहरूको बारेमा गहन अध्ययन गरिसकेपछि मोजाम्बिकको राजधानी मापुटोमा जाने तरखरमा थियो। मोपुटोमा फादर वा पादरी हुन चाहनेहरूको निम्ति क्याथोलिक चर्चको तालिम स्कूल छ।

तब बाइबल अध्ययन गर्ने क्रममा उसले एक दिन दश आज्ञाहरूको बारेमा पढ्यो। आफ्नो चर्चले सिकाएको क्याटोकिजम वा धार्मिक विद्यामा दश आज्ञाको औचित्य देखाइएको थिएन वा चर्चले दश आज्ञाको बारेमा कहिल्यै पनि सिकाएको थिएन। उसले चर्चले सिकाएको धार्मिक विद्या र बाइबललाई तुलना गर्न थाल्यो। एक आइतबार उसले चर्चका विश्वासीहरूलाई दश आज्ञाहरूको बारेमा सिकाउने निर्णय गऱ्यो। तर त्यो निर्णय उक्त चर्चको फादर वा पादरीले

मनपराएन। तर उसले त्यस पादरीलाई भन्यो, “हेर्नुहोस्, बाइबलले सिकाएका कुराहरू र हामीहरूले सिकिरहेका विद्याहरू फरक छन्। ती किन फरक छन् र दश आज्ञाहरूको बारेमा सिकाउँदा हामीलाई केही आपत्ती हुन्छ र? यो त बाइबलमै छ। मलाई भन्नुहोस्।" उसको यो कुरा सुनेर पादरीले केही भन्नै सकेनन्। उनीसँग जवाफ थिएन।

तब इभाल्डोले आफूले पढिरहेको हाइस्कूलमा आफू जस्तै मन भएका विद्यार्थी साथीहरू जम्मा गऱ्यो। ती साथीहरू एक एक गरेर जम्मा हुँदा तिस जना जति भए। तिनीहरूले आफ्नो चर्चले सिकाएका विद्याहरू र बाइबलको बीचमा के के भिन्नता छ भनेर तुलना गर्दै अध्ययन गर्न थाले। रोमन क्याथोलिक चर्चको शिक्षादीक्षालाई ती विद्यार्थीहरूले केलाएर पढ्न थाले। जब ती विद्यार्थीहरू रहेको सहरको मूल पादरी बिशपले यो कुरा थाहा पाए तब उनी सशङ्कित भए। एक दिन ती विद्यार्थीहरूलाई बोलाएर उनले भने, “बाबुहरू हो तिमीहरूले जे गरिरहेका छौ त्यो त पाप हो। हाम्रो अगाडि तिमीहरूको पाप स्वीकार गर नत्र भने तिमीहरू सबैलाई चर्चबाट निकालिदिनेछौं।"

“बाइबल अनुसार हाम्रो पाप त येशूसँगमात्र स्वीकार गर्नुपर्छ भनिएको छ" ती विद्यार्थीहरूले नडराइकन जवाफ दिए। यो सुनेर बिशप ज्यादै रिसाए र तिनीहरूलाई चर्चबाटै निकाली दिए।

सुरुका इसाईहरूले हप्ताको सातौं दिन साबथमा परमेश्वरको आराधना गर्दथे भनेर तिनीहरूले पढेका थिए। नम्पुला सहरमा तिनीहरूले कुनै चर्च पनि देखेनन् जसले साबथमा परमेश्वरको आराधना गरेको होस् । ती विद्यार्थीहरू के गर्ने भनेर

छलफल गर्न थाले। आफूहरूलाई चर्चबाट निकालिएकोमा तिनीहरू संतुष्ट थिएनन्। तिनीहरूले आफ्नो विवेकलाई दवाएर चर्चमा भित्रिन पनि चाहेनन्। त्यसले गर्दा तिनीहरूमा फुट पनि भयो। कोही विधार्थीहरू आइतबार मान्ने चर्चमा जान थाले भने कोही त आफ्नो धर्म वा आस्था परिवर्तन गरि मुसलमान पनि भए। इभाल्डोका बाबुआमाहरू रोमन क्याथोलिक चर्चको आदरणीय सदस्यहरू भएकोले तिनीहरूको अनुरोधमा इभाल्डोलाई फेरि चर्चमा भित्र्याइयो तर उसलाई पादरी बन्नको लागि पढ्न अनुमति भने दिइएन।

एक दिन आइतबार इभाल्डोले साबथको बारे चर्चा गर्दै थियो तब त्यसबेला एक जना महिलाले भनिन्, "बाबु, के तिमीलाई यो थाहा छ कि हाम्रो सहर नम्पुलामा एउटा चर्च छ जसले केवल शनिबारमात्रै साबथ भनेर आराधना गर्दछ?"

इभाल्डोले अत्यन्त खुशी भएर आफ्ना सबै तिसजना साथीहरूलाई बोलाएर साबथ पालन गर्ने चर्चको बारेमा थाहा पाएको कुरो बडो खुशीभएर सुनायो। तर तिनीहरूमा धेरै जसोले त्यसको बारेमा चासो देखाएनन्। अर्को साबथ केवल इभाल्डो र उसका तिन जना साथीहरूमात्रै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान थालेको पाँच महिनापछि इभाल्डोले बप्तिस्मा लियो। आफ्ना बाबुआमालाई आफ्नो निर्णयको बारेमा उसले सुनायो। "मलाई थाहा छ तिमी सेभेन्थ-डे एडभेन्टिस्ट हुनेछौँ भनेर किनभने तिमी त्यस चर्चमा गएदेखि तिम्रो आनिबानी धेरै फरक भएको मैले महसुस गरेको छु। तिमीले जहिले पनि बाइबलको बारेमा सधैं चर्चा गर्न सुरु गरेको हामीलाई थाहा छ" आमाले नहिच्किच्याइ आफ्नो छोरोलाई सुनाइन्।

तब इभाल्डोको बाबु भने ऊसँग आगो भए र भने “यदि तँ अर्को शनिबार एडभेन्टिस्ट चर्चमा गइस् भने तेरो लुगाफाटा र तँलाई समेत घरबाट निकाली दिन्छु।"

अर्को साबथ इभाल्डो एडभेन्टिस्ट चर्चमै गयो। उसको बुबाले उसलाई घरबाट निस्केर जान हुकुम दिए। तर आमाले तातिएको पतिलाई साम्य पार्दै आफ्नो छोरोलाई घरबाट ननिकाल्न अनुरोध गरिन्।

“हुन्छ त, तँ घरमै बसेपनि तेरो लागि म एक पैसा पनि खर्च गर्दिन। तेरो हाइस्कुलको पैसा पनि म तिरि दिन्न। तँलाई गाड्ने बाकसकोमात्र पैसा दिन्छु" रिसले चुरमुरिन्दै बाबुले थर्काए।

इभाल्डोले आफ्नी आमाबाट खानेकुरा पायो र चर्चका सबै सदस्यहरू मिलेर उसको स्कूल र चाहिने पैसा तिरी दिए।

बाबुको कुरा नसुनेतापनि इभाल्डोको व्यवहार असलै भएको र उसको उन्नति भइरहेको भएपनि उनको रिसको सिमा बढ्दै गयो । उसलाई सताउन उनले छरछिमेकीहरूलाई उसको बारेमा झुठो कुराहरू फैलाउन थाले। आफ्नो छोरोलाई एचआइभी र अन्य संक्रमित रोगले सताइरहेको छ भनेर छिमेकीहरूलाई सुनाउन थाले।

“मसँग रिस गरिरहेकोले मेरो चरित्र हत्या गर्ने मेरो बुबाको नियतले गर्दा छरछिमेकीहरू मसँग बोल्न पनि छोडे र आफ्ना छोराछोरीहरूलाई मलाई नछुन भनि तिनीहरूले अऱ्हाउन थाले" अत्यन्तै दुःखित भएर यस लेखकलाई इभाल्डोले सुनायो।

बाबुको रिस र छिमेकीहरूको छिःछिः दुरदुरले गर्दा इभाल्डो आफ्नो घरमा बस्न सकेन। उसको आमाले उसलाई उसको हजुरआमाको घरमा बस्न पठाइन्। तब एक वर्षपछि

आफूले क्षमा दिएको भन्दै घर फर्कन बुबाले सन्देश पठाए। इभाल्डो घरमा आएपछि बुबा र छोरोको रमाइलोसँग पुनर्मिलन भयो। बाबुले उसलाई विश्वविद्यालयमा पढ्ने चाँजोफाँजो मिलाइदिए तर साबथमा पनि क्लासहरूभएकोले पढन् जान मानेनन्। बुबाले सराकारी जागिर खान कुरा मिलाए। त्यो जागिरको निम्ति अन्तरवार्ता शनिबार परेकोले उसले सरकारी जागिर पनि खान पाएन।

तब इभाल्डो स्वतन्त्र पत्रकारको रूपमा काम गर्न थाल्यो र त्यसबाट आम्दानी भएको पैसाले पत्रकार बनाउने स्कूलमा पढ्न गयो। उसले धेरै रेडियो र टेलिभिजनमा काम गर्न थाल्यो तर कसैले पनि उसलाई स्थायी जागिर दिएनन् किनभने उसले शनिबार काम गर्न अस्वीकार गरेको थियो।

“गत हप्तामात्र एक ठाउँमा मेरो काम झण्डै मिलेको थियो तर साबथले गर्दा मैले काम गर्न पाइन" उसले (इभाल्डोले) सुनायो।

तर २३ वर्षको इभाल्डो हतास मनि निराश भएको थिएन। उसको प्रभावले गर्दा १० जना युवाहरू एडभेन्टिस्ट भए। उसका तिन जना भाइहरू पनि चर्चमा जान थालेका छन्। उसकी आमा पनि एडभेन्टिस्ट चर्चमा जान चाहन्छिन् तर बुबाले उनलाई पारपाचुके गरिदिन्छु भनेर धम्की दिएकोले आमा चर्च जान सकेकी छैनन्।

“मेरी आमाको निम्ति म प्रार्थना गर्दैछु। कमसेकम परिवारका अरू सदस्यहरूलाई चर्चमा जान दिऊन् भनेर मेरो बुबाको निम्ति म प्रार्थना गर्दैछु" इभाल्डेले आफ्नो भावना व्यक्त गर्दछ।

-लेखक आन्ड्र्यु मेक्चेस्नी

| कथा ४३ | बाइबललाई हतियार बनाउँदै<br>म्वाइसी फ्रान्सिस्को पेलम्बे<br>(मोजाम्बिक, |
|---|---|

**म्वा**इजेसिस पढाइमा कमजोर थियो। उसका साथीहरू पनि असल थिएनन्। तिनीहरू दुर्व्यसनमा लागेका थिए र रक्सी पिएर मात्थे। **म्वा**इजेसिसले पनि तिनीहरूको अनुसरण गरेको थियो। आफ्नो छोरोदेखि दिक्क भएर उसका बुबाआमाले उसलाई मोजाम्किक सैनिकमा भर्ती गराए। आफ्नो छोराको बानी सुध्रिएला भनेर उनीहरुले त्यसो गरेका थिए।

**म्वा**इजेसिस सैनिक तालिम लिइरहेको बेलामा सैनिक तालिम केन्द्रको भोजनालयमा खाना खान्थ्यो। त्यहाँ थुप्रै सैनिकहरूले सँगसँगै कुरा गरेर खाना खान्थे। तब त्यही खानाखाने क्रममा एकदिन **म्वा**इजेसिसको अल्फ्रेडो नाउँ गरेको एक जना एडभेन्टिस्ट सैनिकसँग उसको चिनापर्ची भयो। तिनीहरूले एक आपसलाई मन पराउन थाले।

"उसको आनीबानी र जीवनी देखेर म प्रभावित भएको थिएँ। पहिलो भेटमा नै आफ्नो थालबाट मलाई मनपर्ने खाना उसले मलाई दिएको थियो" **म्वा**इजेसिसले यस कथाका लेखकलाई भन्यो।

अल्फ्रेडोले के खादो रहेछ भनेर **म्वा**इजेसिसले ध्यान दिएर हेर्न थाल्यो। सबैलाई मन पर्ने तर अशुद्ध माछा ठहरिएको माछाको तरकारी पनि अल्फ्रेडले नखाएको उसले देख्यो। अल्फ्रेड मुखको स्वादभन्दा आफ्नो जीवनप्रति होसियार भएको **म्वा**इजेसिसले महसुस गऱ्यो। "जहिले जहिले भान्छामा माछा पकाइन्थ्यो तब म अल्फ्रेडसँग खान बस्थैं किनभने उसले उसको

माछा मलाई दिन्छ भनेर थाहा थियो। मलाई माछाको तरकारी असाध्यै मनपर्छ। अल्फ्रेडले मलाई माया गर्छ । " **म्वा**इजेसिसले भन्यो।

सँगसँगै खाना खाएको दुई हप्तापछि **म्वा**इजेसिसलाई सैनिक प्रहरीमा तालिम दिन उसलाई सारियो। त्यसबेला व्यारेकमा धेरै नयाँ साथीहरूसँग उसको चिनाजानी भयो। **म्वा**इजेसिस सुत्ने खाटसँगै अर्को सैनिक थियो। उक्त सैनिकको खाटको सिरानमा जहिले पनि बाइबल हुन्थ्यो। **म्वा**इजेसिस सुत्ने र उठ्ने बेलामा सैनिक साथीको सिरानमा जहिले पनि बाइबल भएको उसले देख्दथ्यो। "त्यो देखेर मलाई अचम्म लाग्थ्यो किनभने बाइबल भनेको केवल पास्टर र बुढापाकाहरूको निम्तिमात्रै हो तर त्यस जवानहरूको निम्ति तँ होइन। त्यस जवान सैनिकसँग बाइबल भएको नसुहाएको मैले ठानेको थिएँ" निधार खुम्च्याउँदै **म्वा**इजेसिसले भन्यो। एकदिन त अत्यन्तै खुलदुली लागेर त्यस सैनिक साथीलाई पास्टर नभएतापनि किन बाइबल पढेको भनेर **म्वा**इजेसिसले सोध्यो। "म इसाई हुँ" त्यस सैनिकले जवाफ दियो। "हो र? के तपाईंले परमेश्वरलाई विश्वास गर्नुहुन्छ?" **म्वा**इजेसिसले सोध्यो। आफूले परमेश्वरलाई विश्वास गरेको प्रतिवद्धता देखाउँदै यूहन्ना ३:१६को पद उसलाई सुनायो। त्यसमा लेखिएको छ "परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई पठाउनुभयो। जसले उहाँलाई विश्वास गर्छ कोही नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ।" (रूपान्तरित)। **म्वा**इजेसिसले उक्त सैनिक साथीसँग उसको बाइबल पढ्न दिन अनुरोध गऱ्यो। **म्वा**इजेसिसले पनि बाइबल पढ्न थाल्यो र परमेश्वरलाई विश्वास गर्न पुग्यो।

उसको बाबु यो सुनेर **म्वा**इजेसिससँग धेरै खुशी भए र आफ्नो छोरालाई नयाँ बाइबल उपहारस्वरुप दिए।

जब सैनिक तालिम सकियो तब **म्वा**इजेसिस आफ्नो पहिलाको सैनिक व्यारेकमा फर्क्यो र सैनिक पुलिस अफिसरकोरुपमा काम गर्न थाल्यो। एक दिन व्यारेकमा **म्वा**इजेसिसले बाइबल पढिरहेको एक जना आइतबार पालन गर्ने इसाईले देख्यो र भन्यो "प्रत्येक दिन बेलुका ६ बजे बाइबल अध्ययन गर्ने समूह मलाई थाहा छ। तिमीले चाहे म तिमीलाई त्यहाँ लान सक्छु।" त्यस दिन बेलुका **म्वा**इजेसिसलाई त्यस सैनिक साथीले बाइबल अध्ययन गर्ने समूहकहाँ पुऱ्यायो । तर त्यस अध्ययनबाट फर्केपछि **म्वा**इजेसिस अलमलमा परेको त्यस आइतबार पालन गर्ने सैनिक इसाईले महसुस गऱ्यो। "मलाई अर्को बाइबल अध्ययन गर्ने समूह पनि थाहा छ। तिनीहरू पनि ६ बजे बेलुका बाइबल अध्ययन गर्छन्। तर मलाई तिनीहरू मनपर्दैन। तैपनि तिमीले चाहे तिनीहरूकहाँ म भोलि लगिदिन्छु" उक्त इसाई सैनिक साथीले **म्वा**इजेसिसलाई भन्यो। "तपाईंले तिनीहरूलाई किन मन पराउनुभयो" इसाईहरूको बीचमा पनि मन पर्ने मन नपर्ने हुँदो रहेछ भनेर झन अकमक पर्दै **म्वा**इजेसिसले सोध्यो। "किनभने तिनीहरूले मेरो चर्चको बारेमा चर्चा गर्छन् जुन मलाई मन पर्दैन" उसले जवाफ दियो। अर्को साँझमा **म्वा**इजेसिस एडभेन्टिस्टहरूको बाइबल अध्ययन समूहमा सम्मिलित हुन पुग्यो। त्यस समूहको अगुवाको नाउँ **म्वा**इजेसिसको भएको थाहा पाएर उसलाई छक्क लाग्यो। अझ उसले त **म्वा**इजेसिसको लखाना दिने अल्फ्रेडोसँग बाइबल अध्ययन गरेपछि बप्तिस्मा लिएको थाहा पाएर झन तिन छक्क पऱ्यो। **म्वा**इजेसिस पहिलो पल्ट एडभेन्टिस्टहरूले संचालन गरेको बाइबल अध्ययनमा

समावेस हुँदा तिनीहरूले मलाकीको पुस्तक अध्ययन गर्दै थिए। त्यसबेला तिनीहरूको अध्ययनको विषयबस्तु मलाकी ३:८ थियो जहाँ प्रभुले भन्नुहुन्छ "के मानिसले परमेश्वरलाई ठग्छ त? हो तिमीहरूलाई मलाई ठगीरहेकाछौ। तर तिमीहरूले भन्लान् 'होइन प्रभु तपाईंलाई हामीले कसरी ठगीरहेका छौं?' तिमीहरूले दशांस र भेटी नदिदा मलाई ठगेको म ठान्दछु।" (रूपान्तरित)।

**म्वा**इजेसिसले कहिल्यै पनि दशांस दिएको थिएन र यो सुनेर उसको मुटु काम्यो। अर्को दिन बाइबल अध्ययन गर्ने त्यही समूहमा ऊ फर्केर आयो। त्यस दिनको बाइबल अध्ययनमा हप्ताको सातौं दिन साबथको बारेमा थियो। त्यस रात जब **म्वा**इजेसिस आफ्नो ओछ्यानमा सुत्न आयो तब ऊ रुन थाल्यो। त्यो देखेर संगै रहेको सैनिक पुलिस अफिसरले उसलाई सोध्यो "होइन तिमीलाई कसले कुट्यो र यसरी रोइरहनुभएको, त्यसलाई हामी ठिक पार्छौं?" तर त्यस सैनिक पुलिसलाई के थाहा थिएन भने **म्वा**इजेसिसलाई कुनै मानिसले पनि कुटेको थिएन तर परमेश्वरको वचनले उसको हृदय छियाछिया पारेको थियो।

अर्को साबथ म्वाइजेसिस नयाँ साथीहरूसँग ९ माइल वा १४ किलोमिटर हिँडेर नजिकको एडभेन्टिस्ट चर्चमा हिँडेर गयो। त्यहाँ उसले पहिलो पल्ट आफ्नो दशांस दियो। त्यसपछि प्रत्येक साबथ ऊ चर्च जान थाल्यो र २२ वर्षको उमेरमा उसले बप्तिस्मा लियो। यो कदम उसले सेनामा भर्ती भएको दुई वर्षपछि चालेको थियो।

सैनिक सेवा पछि **म्वा**इजेसिसले प्रहरीमा काम गर्न थाल्यो तर साबथमा पनि काम गर्नुपरेकोले त्यो काम उसले छाड्यो। अनि ऊ घरघरमा गएर बाइबल र स्वास्थ सम्बन्धी पुस्तकहरू बेच्न थाल्यो। त्यसपछि उनी मोजाम्बिक एडभेन्टिस्ट

विश्वविद्यालयमा अध्ययन गर्न भर्ना भयो। आज ३२ वर्षको **म्वाइ**जेसिस विश्वविद्यालयमा धर्मदर्शनशास्त्र अध्यन गर्दैछ। त्यो अध्ययन गरेको तिन वर्ष हुँदैछ। "मेरो बुबाले मेरो बानी बदल्न सैनिक सेवामा भर्ना गराउनुभयो, तर परमेश्वरको त झन ठूलो योजना भएको मैले देख्न पाएँ। म इसाई भएको उहाँ चाहनुहुँदो रहेछ" अत्यन्त हँसिलो अनुहारमा **म्वाइ**जेसिसले यस कथाका लेखकलाई व्यक्त गऱ्यो। **-लेखक आन्ड्र्यु मेक्चेस्नी**

| कथा ४४ | तर्साउने सपनाहरू<br>आन्टोनियो होसे आब्रेन<br>(साओ टोमे र प्रिन्सिपे, पश्चिम अफ्रिका) |
| --- | --- |

साओ टोमे र प्रिन्सपेको राजधानी साओ टोमे हो। यो पश्चिम अफ्रिकाको समुद्र किनारबाट पर रहेको टापु देश हो। आन्टोनियो साओ टेमोमा कर उठाउने पुलिस अफिसर थियो। तर काम गरेको केही महिनाभित्रै ऊ केटीसँग लाग्दा उसले आफ्नो काम गुमाउनुपरेको थियो। त्यस केटीलाई विवाह गर्न ऊ वाध्य भएको थियो। अहिले काम नपाएर भौँतारिरहेको आन्टोनियोको जीवन अत्यन्त कष्टकर थियो। एक वर्षपछि रक्सी बनाउने कारखानामा उसले काम पायो। तर आन्टोनियोको वैवाहिक जीवन नारकीय थियो। घरमा सधैं झगडा हुन्थ्यो। श्रीमतीलाई मनाउन उसले धेरै कोशिस गर्दथ्यो तर आन्टोनियोले उनलाई रिझाउन सकेन। आखिरमा तिनीहरूको बीचमा पारपाचुके नै भयो। केही समयपछि उसको बुबाको मृत्यु भयो। आन्टोनियो अत्यन्तै उदास भयो र जीवनदेखि विरक्त लागेर जाँडरक्सी पिउन थाल्यो। अल्सिना नाउँ गरेकी स्त्रीसँग विवाह नै नगरि आन्टोनियो बस्न थाल्यो। तिनीहरूले दुई छोरा र एक छोरो पाए।

"मेरो जीवन अत्यन्तै जटिल भएको थियो। मैले धेरै रक्सी पिउन थालेको थिएँ। घर चलाउन चाहिने पैसा पुग्दैनथ्यो" आन्टोनियोले विगतको दुःख पोखाउँदै यस कथाका लेखकलाई भन्यो। भताभुङ्ग भएको जीवनलाई झन भताभुङ्ग पार्न आन्टोनियोले अनेकौं नराम्रो सपनाहरू देख्न थाल्यो। उसले देखेको अनौठो सपनाहरूदेखि उसको मन काँप्न थाल्यो। साओ टोमेका मानिसहरूले आफूहरूले देखेका सपना अर्थपूर्ण भएको ठान्दछन्। यदि कसैले बाढी आएको सपना देख्यो भने दुःखकष्ट आउँछ

भनेर तिनीहरूले विश्वास गर्दछन्। यदि आफ्नो सपनामा स्थानीय फलफूल देख्यो भने त्यो देखिने मानिसको परिवारमा मृत्युको घन्टा बजेको हुन्छ भनेर विश्वास गर्दछन्।

तर एक रात आन्टोनियोले देखेको सपनामा बाढी र फलफूल देखेको थिएन। तर उसले सपनामा आफू दुईवटा भरेङ्गहरूको अगाडि उभिरहेको देखेको थियो र आफूले झोला बोकिरहेको देखेको थियो। एउटा भरेङ्ग अत्यन्तै फराकिलो थियो भने अर्को भरेङ्ग साँगुरो थियो। झोला बोकेर फराकिलो भरेङ्ग चढ्न त सक्छ तर साँगुरो भरेङ्गमा चढ्न नसक्ने उसले भेट्टाएको थियो। अनि फेरि उसले अर्को सपना पनि देख्यो। त्यस सपनामा ऊ हिंड्दै जाँदा एउटा ढोकामा आइपुग्यो तर त्यहाँ एउटी महिलाले ठूलो ढुङ्गा लिएर उसलाई रोकिन्। उसले ढुङ्गालाई पन्छाउन सकेन तर एउटा साँगुरो बाटो उसले देख्यो र त्यहाँबाट ऊ घस्रेर भित्र पस्यो। जब ऊ ढोकाबाट भित्र पस्यो तब त्यहाँ एउटा गुफा देख्यो। त्यस गुफामा पानीको पोखरी थियो। कसैले आन्टोनियोलाई पोखरीतिर औंल्याउँदै थियो। जब आन्टोनियो बिउँझियो तब त्यो सपनादेखि ऊ चकित भयो। "मैले सपनाको बारेमा बुझ्न सकिंन तर परमेश्वरले केही कुरा प्रकट गरिरहनुभएको मैले महसुस गरें" उसले भन्यो। एकदिन आन्टोनियो रक्सी कारखानको धनीको घरमा काम गर्दै थियो तब त्यहाँ एक जना छिमेकीले उसलाई स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा हुने सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो दियो।

त्यस रात बेलुका सुसमाचारीय कार्यक्रममा जब आन्टोनियो समावेस भयो तब पास्टरले बोलेको वचन सुनेर उसलाई ठूलो धक्का लाग्यो। उनले मत्ती ७:१३,१४ पढेका थिए जसमा लेखिएको छ "साँघुरो ढोकाबाट पस। फराकिलो ढोकाले फराकिलो बाटोमा लान्छ र त्यसले नाश ल्याउँछ। त्यहाँबाट जानेहरू धेरै छन्। साँघुरो ढोकाभित्र जान कठिन छ। जो मानिस

त्यसबाट पस्छ उसको जीवन कठिन हुन्छ र केवल केहीमात्र त्यसबाटो भेट्टाएर जान सक्छन्" (रूपान्तरित)।

आन्टोनियो अर्को रात पनि अझ धेरै सुसमाचार सुन्न चर्चमा आयो। "जब मैले सुसमाचारीय कार्यक्रममा भाग लिदै गएँ तब साँघुरो ढोकाबाट पस्न मेरो अगाडि जे जे थि ती हटाउनुपर्नेरहेछ भनेर महसुस गरें। सानो भरेङ्गबाट जान मेरो जीवनमा जे थिए तिनलाई हटाउनु पर्ने आवश्यकता भएको मैले ठानें" उसले भन्यो। उसको जीवनमा जे जे भारहरू छन् जसले उसलाई थिचिराखेको छ सपनामा उसले बोकेको झोलाको अर्थ त्यो थियो भनेर उसले बुझ्यो र पोखरीको अर्थ बप्तिस्मा रहेछ भनेर पनि थाहा पायो। "मेरो जीवनमा जुन तत्वहरूले दास बनाइराखेको थियो त्यसलाई हटाएपछि म बप्तिस्मा लिन तयार हुनेछु भनेर मैले स्वीकारें" नहिच्किचच्याइकन उसले भन्यो।

दुवै आन्टोनियो र उसको श्रीमतीले बप्तिस्मा लिए र पछि दुवैले औपचारिकरूपमा विवाह गरे।आज वर्ष ४५को आन्टोनियो एउटा काठको काम गर्ने व्यापारको पैसाको हिसाब राख्ने काम गर्दछ। जुन चर्चमा उसले सुसमाचारीय प्रचारमा भाग लिएको थियो त्यही चर्चमा आज ऊ डिकन भएर चर्चलाई सहयोग गरिरहेकोछ।

अहिले उसको जीवन जटिल होइन तर व्यवस्थित भएको छ। "म धेरै खुशी छ। हामीलाई सबै थोक दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु" परमेश्वरप्रति आभारी भएर उसले भन्यो।

**-लेखक आन्ड्रयु मेक्चेस्नी**

| कथा ४५ | तिनवटी श्रीमती भएको श्रीमान् कार्लोस फ्रिटासय (साओ टोमे र प्रिन्सिपे, पश्चिम अफ्रिका) |
|---|---|

साओ टोमे र प्रिन्सिपेको राजधानी साओ टोमेको बासिन्दा कार्लोसको तिनवटी श्रीमतीहरू थिए। ऊ र उसका अरू सात जना दाजुभाइहरू सेभेन्थ-डे एडभेन्टिस्ट हजुर आमाको घरमा हुर्केका थिए। तिनीहरू चर्च पनि जान्थे। जब तिनीहरूको हजुर आमा बित्नुभयो तब तिनीहरू चर्चबाट टाढा हुन गए।

जब कार्लोस २१ वर्षको थियो तब ऊ आइतबार मान्ने केटीसाथीसँग एउटा घरमा सऱ्यो। उनको नाउँ इडिटी भयो। तिनीहरूले एक बालिका जन्माए।

एक दिन कार्लोस र उसको श्रीमतीसँग भनाभन भयो। तिनीहरू रहेको टापुको संस्कार अनुसार नयाँ जन्मेकी बालिकाको कान छेड्ने प्रथा थियो। केटीलाई कुनै खतरा नहोस् भनेर उनलाई रक्षा गर्न कान छेडेर ढुङ्ग्री लगाइदिइन्थ्यो। कार्लोस चर्च नगएपनि गहनाहरूको बिरुद्धमा ऊ थियो। त्यसकारण आफ्नी श्रीमती इडिटीलाई छोरीको कान नछेड्न उसले अनुरोध गऱ्यो। दुई जनाको बीचमा कान छेड्ने विषयमा नराम्रो झगडा भइरहेकै समयमा कार्लोसलाई खबरै नगरि उसकी श्रीमतीले सानी बच्चीलाई एक जना पादरीद्वारा पानी छर्केर बप्तिस्मा दिन लगाइन्। जब इडिटीले आफ्नी छोरीलाई आफूखुशी बप्तिस्मा दिन लगाइन् तब कार्लोसले इडिटीलाई छोडेर घरबाट निस्के। अनि उसले मरिया नाउँ गरेकी दोस्री श्रीमती भेट्टायो। तर इडिटीले कार्लोससँग सम्बन्ध बिच्छेद गर्न मानेकी थिइनन्।

त्यसकारण उनले कार्लोसलाई बोलाइरहिन्। "ओहो, अहिले त म दुईवटी जोईका पोइ भएँ" कार्लोसले  असजिलो मानेर यस कथाका लेखकलाई भन्यो।

तर कसो कसो कार्लोस ती दुवै श्रीमतीहरूसँग खुशी थिएन त्यसकारण उसको तेस्री महिलासँग भेट भयो र उनीसँग आवतजावत हुन थाल्यो। आखिरमा उनलाई पनि आफ्नो घरमा ल्याएर आफ्नो श्रीमती बनायो। त्यसबाट पनि एउटा बालक जन्मयो।

अब कार्लोस पहिली श्रीमतीबाट पाँचजना छोराछोरी, दोस्री श्रीमतीबाट चार जना छोराछोरी र तेस्री श्रीमतीबाट एक बालकको बाबु हुन पुग्यो। कार्लोसले आफ्नो समय तीन श्रीमतीहरूलाई दिएतापनि पहिली श्रीमतीलेचाहिँ आफू एक्लो भएको महसुस गर्दथिन्। त्यो एक्लोपना हटाउन उनी एक एडभेन्टिस्ट दम्पत्तीलाई साथी बनाइन्। तिनीहरूसँग इडिटी चर्चमा जान थालिन् र त्यही चर्चमा उनले बप्तिस्मा लिइन्।

कार्लोस अमेरिकी सरकारको रेडियो  भ्वाइस अभ अमेरिकामा काम गर्दै थियो। त्यस रेडियोमा उसले समाचार प्रसारण गर्थ्यो। उसलाई परमेश्वरप्रति चासो थिएन। तर इडिटीले एक साबथमा आफ्ना दुई छोरीहरूको बप्तिस्मा लिनेबेलामा उनले गरेको निमन्त्रणा कार्लोसले स्वीकार गर्‍यो।

त्यस समय चर्चको मञ्चमा आफ्नी दुई युवती छोरीहरूले भजन गाएको सुन्दा कार्लोसको आँखाबाट आँसु झर्‍यो। आफू सानो हुँदा चर्चमा भजन गाएको याद उसलाई आयो। उसले आफ्नो अनुहार लुकाएकोले अरूले उसको आँसु देखेनन्। त्यस साबथ पछि आफ्नो पहिली श्रीमतीसँग कार्लोस पनि चर्चमा जान

थाल्यो। तर जब दोस्री श्रीमती मरियाले कार्लोस चर्च जान थालेको थाहा पाएपछि उसले तिनलाई छोड्ने षडयन्त्र गरेको भनेर आरोप लगाइन्। "एडभेन्टिस्टहरू बिवाह नगरि सँगै बस्न दिदैनन्। त्यसको अर्थ तपाईँले इडिटीसँग विवाह गर्ने सुर कस्नु भएको छ" कार्लोसलाई रिसाएर भनिन्। तर आफू विवाहको निम्ति चर्च गएको होइन भनेर कार्लोसले सम्झाउन खोज्यो। "म मुक्ति खोज्न चर्चमा गएको हुँ। तिमीलाई पनि मुक्ति चाहिन्छ। तिमी पनि मसँग चर्च आउ न" कार्लोसले अनुरोध गऱ्यो।

उसको अनुरोधमा मरिया पनि चर्चमा जान थालि। प्रत्येक साबथ कार्लोसले आफ्नी पहिली श्रीमतीलाई  कारमा लिएर चर्चमा लान्थ्यो। अनि दोस्री श्रीमतीलाई अर्कै एडभेन्टिस्ट चर्चमा लान्थ्यो। कार्लोस आलोपालो गरेर दुवै श्रीमतीहरू जाने चर्चमा तिनीहरूसँग जान थालेको थियो।

त्यही समयमा कार्लोसको तेस्री श्रीमती अर्को पुरुषसँग पोइलो गई। कार्लोसले गम्भीर समस्याको सामना गर्नु पऱ्यो। अब दुईटी श्रीमतीहरूमा कसलाई विवाह गर्ने सो निर्णय उसले गर्नुपरेको थियो। उसले दुवैसँग औपचारिकरूपमा विवाह नै नगरि घरजम गरेको थियो।

दुई महिनासम्म प्रत्येक साबथ कार्लोसले उपबास बसेर प्रार्थना गर्न थाल्यो। उसले पहिली श्रीमतीसँग विवाह गर्नुपर्ने विवेकले निधो गरिरहेको थियो तर बाइबलले के भन्छ सो उसले जान्न चाहेको थियो। एक दिन बाइबल खोलेर उसले प्रार्थना गऱ्यो, "हे प्रभु मलाई सहायता गर्नुहोस्। मेरो समस्याको समाधानको निम्ति बाइबलबाटै जवाफ दिनुहोस्।" कार्लोसले आँखा चिम्लेर बाइबल पल्टाएको थियो र अनि प्रार्थना गरेको

थियो। तब उसले आँखा खोल्यो र बाइबलमा हेऱ्यो अनि उसको आँखा मलाकी २:१४मा पऱ्यो जसमा लेखिएको छ " १४ तिमीहरू सोध्छौ, 'किन?' किनभने परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकी पत्नीको बीचमा साक्षीको काम गर्दैहुनुहुन्छ, किनकि तिमीहरूले त्यससँग दुर्व्यवहार गऱ्यौ, यद्यपि तिनी तिम्री जीवन-साथी र वैवाहिक करारमा बाँधिएकी पत्नी हो।" जब कार्लोसले पहिली श्रीमतीसँग विवाह गर्ने निर्णय गऱ्यो तब दोस्री श्रीमती धुरूधुरू रोइन्। तिनीहरू दुवै रोए तर दोस्री श्रीमतीले कार्लोसको समस्या बुझेकी थिइन्। कार्लोसले इडिटीलाई डिसेम्बर २९, २०१३मा विवाह गऱ्यो र पछि उसले बप्तिस्मा लियो।

"तब मेरो जीवनले नयाँ मोड लियो। म नयाँ सृष्टि हुन पुगेको थिएँ। प्रभुले मलाई के गर्नुभयो सो भन्न संसारमा जहाँ जान पनि म तयार छु" खुशी व्यक्त गर्दै कार्लोसले भन्यो।

| कथा ४६ | साबथको निम्ति सबै थोक त्याग गर्न तयार<br>कार्लोस फ्रिटास<br>(साओ टोमे र प्रिन्सिपे, पश्चिम अफ्रिका) |
|---|---|

कार्लोसले बप्तिस्मा लिइसकेपछि आफ्नो हाकिमकहाँ गयो र भन्यो अब भ्वाइस अभ अमेरिकाको निम्ति शनिवार काम गर्न सक्तिनँ। उसको अमेरिकन हाकिमले कार्लोसलाई अचम्म मानेर हेऱ्यो र भन्यो "साबथ पालन गर्नु भनेको त पुरानो करारको नियम हो, हामी इसाईहरूले नयाँ करारलाई पछ्याउनुपर्छ।" त्यसबेला कार्लोसले केही खास जवाफ दिएन। कार्लोसले आफ्नो घरमा गएर नयाँ करारमा साबथको बारेमा लेखिएका पदहरूको सूची बनायो र अर्को दिन आफ्नो हाकिमलाई दियो।

"साबथ नयाँ करारमा पनि छ र त्यसलाई हामीले पालन गर्नुपर्छ" आफ्नो प्रतिवद्धता जाहेर गर्दै कार्लोसले हाकिमलाई सुनायो। "ए, यो तिम्रो अन्तिम निर्णय हो त?" हाकिमले सोध्यो। "हो, मैले कामै गुमाउनुपरेतापनि म साबथलाई पालन गर्दछु। त्यस दिनलाई अपमान गर्नु मेरो निम्ति पाप हुनेछ" नहिच्किचाइ कार्लोसले जवाफ दियो। अनि उसको हाकिमले उससँग हात मिलाएर भने "मेरो जीवनमा यो पहिलोपल्ट हो कि साबथमा काम नगर्ने निर्णय कसैले गरेको थियो।" अरू छलफल के भयो सो अन्त गर्न कार्लोसले आफ्नो काम गुमाउन परेन। उसको हाकिले उसलाई शनिबार काम गर्न फेरि कहिल्यै पनि अऱ्हाएनन्।तर केही समयपछि उसलाई बुझ्ने हाकिमको सरुवा भयो।

कार्लोस दश जना छोराछोरीहरूको बाबु भएको थियो। भ्वाइस अमेरिकाको रेडियोमा समाचार प्रसारणमा काम गर्ने सिलसिलामा त्यस रेडियो कम्पनीमा बिजुली बनाउने काम पनि

उसले गर्दथ्यो। जब डुङ्गाबाट डिजेलको ड्रम ल्या०थ्यो तब ऊ त्यो ड्रम त्यसबाट ओऱ्हाल्थ्यो र रेडियो स्टेशन चलाउन जेनरेटरमा तेल हाल्दथ्यो। त्यो तेलको डुङ्गा बिहिबार आउँथ्यो। तेल आउनेबित्तिक्कै कार्लोस र उसका सहयोगीहरू मिलेर त्यो तेलको ड्रम तुरन्तै डुङ्गाबाट झार्दथे। त्यो काम तिनीहरूले शुक्रबारभित्र सिध्याउँथे।

तब एक दिन डुङ्गा बिहिबारको सट्टा शुक्रवार आयो। अब कार्लोसलाई फसाद भयो। शुक्रबारको दिनमा आएको डुङ्गाबाट तेलको ड्रम झार्न शुक्रवार बेलुकासम्म काम गर्नुपर्थ्यो। कार्लोस नयाँ हाकिमकहाँ आफू शनिबार काम नगर्ने भनेर भन्न जान चाहेन किनकि उनी आइतबार पालन गर्ने भक्त इसाई थियो। बरू ऊ मुख्य हाकिमकहाँ गयो जो अमेरिकन थियो। कार्लोसले शुक्रवारको दिन ५ः३०बजेदेखि कामबाट छुट्टी लिने स्वीकृति माग्यो तर त्यस हाकिमले उसको अनुरोधलाई ठाडै अस्वीकार गरे। "मैले परमेश्वरसँग प्रतिज्ञा गरेको छु कि म शुक्रबार घाम अस्ताएपछि गर्दिनँ" कार्लोसले जिकिर गर्दै भन्यो। "यो तिम्रो समस्या हो। तर तेलको ड्रम त बेलुकीसम्मै बसेर भएपनि झार्नुपर्दछ" कठोर भएर हाकिमले जवाफ दिए। कार्लोस आफूलाई बाथरुममा बन्द गरेर प्रार्थना गर्न थाल्यो। साओ टेमोमा राम्रो काम पाउन सजिलो छैन। यदि उसले काम छोड्नुपरे आफ्नो परिवारलाई कसरी पाल्ने? तिनीहरूलाई के भन्ने जस्ता अनेकौं प्रश्नहरू परमेश्वरको सामु उसले राख्यो। आफू कामबाट निस्कन चाहेको थिएन तर त्यसैबेला परमेश्वरप्रति झन बढि श्रद्धा देखाउन चाहेको थियो। जेभएतापनि ५ः३०सम्म काम गर्ने र त्यसपछि घर जाने निर्णय उसले गऱ्यो।

५:३०बजे अघि त्यो डुङ्गाको इन्जिनमा पानी पस्यो। त्यसले गर्दा त्यो डुङ्गा अडाउने किनारमा ल्याउन सकिएन। कार्लोस र उसका साथीहरूले त्यो समस्या समाधान गर्न धेरै कोशिश गरे तर इन्जिनमा झन झन पानी पो पस्न थाल्यो। आखिरमा ती कर्मचारीहरू समुद्रको किनारमा आए जहाँ अमेरिकन हाकिम पर्खिरहेको थियो। "हजुर, त्यस डुङ्गाको इन्जिन धेरै खराब छ। शुक्रबार बेलुकाभरि त्यो डुङ्गा किनारामा ल्याएर ड्रम उतार्न असम्भव छ" एक जना कर्मचारीले भन्यो। त्यो हाकिमले एक शब्द पनि बोलेन। कार्लोस आफ्नो नियमित समयमा साबथको आराधना गर्न घर फर्क्यो। त्यस सोमबार अमेरिकन हाकिमसँग भेट्न भयभित भएको थियो। तर सोमबार उक्त हाकिमले केही पनि बोलेन। मङ्गलबार र बुधवार पनि उनी चुपचाप रहे। एक हप्तासम्म पनि उनले कार्लोसलाई केही पनि बोलेनन्। तब कार्लोसको सहकर्मीले उसलाई भन्यो, "के तपाईंलाई थाहा छ त्यस हाकिमले डुङ्गाको बारेमा के भन्यो? उसले भन्यो जे भयो त्यसमा परमेश्वरको हात थियो।" कार्लोसलाई यो कुरा विश्वास गर्नै गाऱ्हो भएको थियो। घरमा आएर ऊ र श्रीमती मिलेर आफ्नो कामलाई सुरक्षित राख्नु भएकोमा परमेश्वरलाई धन्यवाद दिए।

केही दिनपछि डुङ्गा आएको शुक्रबार उक्त हाकिमले के सोचिरहेका थिए सो कुरा कार्लोसलाई खुलासा गऱ्यो। कार्लोसालाई चुपचाप ५:३० घर जान दिने हाकिमले सोचिरहेको थियो तर त्यो निर्णय सुनाउनुभन्दा अघि नै डुङ्गाको इन्जिनमा पानी पसेको थियो जसले गर्दा कसैले पनि साबथमा काम गर्नुपरेको थिएन।

कार्लोसलाई थाहा नभइकन उसको चालामाला एक जना सुरक्षा गार्डले हेरिरहेको थियो। यदि शुक्रवार बेलुकासम्म काम गर्नुपऱ्यो भने कार्लोसले के गर्ला भनेर सोचिरहेको थियो। जब परमेश्वरले हस्तक्षेप गर्नुभएको कुरा सुरक्षागार्डले थाहा पायो तब अन्त्यन्त ठूलो स्वरले कार्लोसलाई भन्यो, "तपाईंको परमेश्वर महान हुनुहुन्छ!"

उक्त सुरक्षागार्ड एडभेन्टिस्ट चर्चमा जान थाल्यो। त्यहाँदेखि कार्लोसले साबथको विषयलाई लिएर कहिल्यै पनि ठक्कर खानुपरेन।

"जसले परमेश्वरलाई विश्वास गर्छन् उहाँ सबैको निम्ति असलै काम गर्नुहुन्छ। मैले धेरै चुनौतिहरूको सामना गरें जुन त्यसको समाधान गर्न मलाई असम्भव लागेको थियो। तर मैले केही नगरि सबै समस्याको समाधान परमेश्वरले सुल्झाउनुभएको थियो" ४८ वर्षको कार्लोसले रमाइलो मान्दै भन्यो।

(साओ टोमे र प्रिन्सिपे देशका धेरैजसो मानिसहरूलाई साबथको बारेमा थाहा छैन। त्यो देशको जनसंख्या २००,००० छ र आधाभन्दा बेसी त्यस देशका मानिसहरू रोमन क्याथोलिक छन्। एडभेन्टिस्टहरू केवल ८,०००मात्रै छन्। तिनीहरू १३वटा चर्च भवनमा आराधना गर्दछन् साथै त्यहाँ ५६वटा साना साना झुण्डहरू छन्)।

कार्लोस आफ्नो साबथको बारेमा कथा भन्न असाध्यै मन पराउँछ। "मैले बाइबलमा जे भेट्टाएँ सो अरूलाई सुनाउने अब मेरो कर्तव्य हो। परमेश्वरको वचन फैलाउन जे पनि गर्न पछि नहट्ने मेरो चाहना हो" आफ्नो प्रतिवद्धता व्यक्त गर्दै कार्लोसले भन्यो। **-लेखकः आन्ड्रयु मेक्चेस्नी**

| कथा ४७ | येशूप्रतिको मोहमा पर्नु<br>कन्स्टानसियो ट्रिस्ट आफोन्सो<br>(साओ टोमे र प्रिन्सिपी, पश्चिम अफ्रिका) |
|---|---|

कन्स्टानसियोलाई रक्सी पिउन असाध्यै मन पर्थ्यो। रक्सी पिएपछि आफू कहाँ छु के गरिरहेको छु सो कुरा उसलाई थाहा नै हुँदैनथ्यो। साँच्चै भनौं भने रक्सी उसको निम्ति स्वामी, भगवान सबै थोक थियो र यथार्थमा ऊ रक्सीको दास थियो।

तर एक दिन रक्सीको सुरमा लरबरिँदै आफ्नो कोठाको बाहिर आउँदा कोठाको आँगनबाट सातफूट वा दुई मिटर तल खसेर उसको टाउको बजारियो। त्यस घट्नाले उसलाई आँखा खुलायो र सधैंको निम्ति रक्सी खान छोडेर येशूलाई आफ्नो मुक्तिदाता भनेर सदाको निम्ति स्वीकार्न थाल्यो।

साओ टेमोको पहाडको गाउँमा कन्स्टानसियो आफ्ना दुई भर्खरका छोराछोरीहरूसँग बस्दथ्यो। ऊ एक युवा किसानी थियो। एक दिन एक सेभेन्थ-डे एडभेन्टिस्टको समूह घुम्नको लागि उसको गाउँमा आइपुग्यो। तिनीहरूको रमाइलो चालामाला देखेर तिनीहरू को रहेछन् भनेर कन्स्टानसियोले तिनीहरूप्रति चासो देखायो। तिनीहरूले के के गर्दा रहेछन् भनेर तिनीहरूको नजिक आएर कन्स्टानसियो हेर्न थाल्यो। कन्स्टानसियोको उत्सुकता देखेर त्यस समूहको एक जना महिला उसलाई सोधिन् "होइन, हामीहरूमा के छ र तपाईं यसरी नियालेर हेरिरहनुहुन्छ?" त्यस एडभेन्टिस्ट समूहका मानिसहरू रमाइलो मानिरहेका थिए तर तिनीहरू रक्सी, जाँड वा चुरोठ नपिएका कन्स्टानसियोले हेरिरहेको थियो। तिनीहरूसँगको चिनापर्चीमा

तिनीहरू सेभेन्थ-डे एडभेन्टिस्ट रहेछन् भनेर कन्स्टानसियोले थाहा पायो।

जब त्यो समूह कन्स्टानसियोको गाउँ छोडेर गयो तब एडभेन्टिस्ट चर्चको बारेमा उसले सिक्न चाह्यो। त्यस गाउँमा एक जना एडभेन्टिस्ट विश्वासी थियो। उसलाई कन्स्टानसियोले साथी बनायो। त्यो विश्वासी गाउँका मानिसहरूको घरमा बाइबल अध्ययन दिन जान्थ्यो। कन्स्टानसियोपनि सँगसँगै जान थाल्यो। चर्चको शिक्षाप्रति प्रभावित भएर उसले बप्तिस्मा लिन स्थानीय क्षेत्रको पास्टरसँग अनुरोध गर्‍यो। "तपाईंले तपाईंको जीवन परमेश्वरमा पहिला सुम्पन्नु पर्छ। उहाँले तपाईंको रक्सी खाने र चुरोठ पिउने बानीलाई रोक्न सहयोग गर्नुहुनेछ" पास्टरले भन्यो। बप्तिस्मा लिन चाहेकोले कन्स्टानसियोले त्यो नराम्रो बानीलाई त्याग्यो र बप्तिस्मा लियो।

केही महिनासम्म कन्स्टानसियोको सुध्रिएको बानीले उसलाई राम्रो नै भइरहेको थियो। तर छ महिनापछि फेरि जड्याँहा साथीहरूसँग लागेर उसले जाँडरक्सी पिउन थाल्यो। उसको श्रीमती ऊदेखि रिसले चुरमुरिन थालिन्। उनले बप्तिस्मा नलिइएतापनि उनको श्रीमान नयाँ हुन गएकोमा उनलाई खुशी भइरहेको थियो। एक दिन कन्स्टानसियोलाई गाली गर्दै उनले भनिन् "एडेभेन्टिस्टहरूले यस्ता नराम्रा कामहरू गर्दैनन् र तपाईंले पनि गर्नु उचित छैन।" जबसम्म उसले रक्सी र चुरोठ पिउन छोड्दैन तबसम्म उसलाई आफ्नो ओछ्यानमा सँगै नसुताउने भनेर कबुल गरिन्।

कन्स्टानसियोलाई आफ्नो श्रीमतीको निर्णयप्रति रिस उठ्यो। त्यही रिसको झोंकमा इसाई जीवनशैली कस्तो हुनुपर्नेरहेछ भनेर त्यसको बारेमा अझ बढी थाहा पाउन बाइबल पढ्न थाल्यो। बाइबल पढ्दा पढ्दै ऊ यशैया ५५:२मा पुगेर

रोकियो। त्यहाँ लेखिएको छ "रोटीको निम्ति खर्च नगरि तिमीले किन पैसा खर्च गर्दछौ र तिमीलाई संतुष्ट नबाउने तत्वको निम्ति तिमीले आफ्नो तलब किन खर्च गर्दछौ? मेरो कुरा ध्यान दिएर सुन, र जे असल छ त्यो खाऊ र तिम्रो प्रसस्तामा तिम्रो मन रमाउन देऊ।" (रूपान्तरित)। "ओहो, हो रहेछ। जुन खानुपर्ने खानेकुरा नखाइकन मलाई संतुष्ट नपार्ने थोकहरूमा मैले किन पैसा खर्च गरिरहेको छु?" भनेर आत्मग्लानी गर्दौ आफूले आफैलाई नै सोध्यो। आफ्नो बानी सुधार्न उसले परमेश्वरसँग धेरै हप्ता प्रार्थना गर्न थाल्यो। तर उसले प्रार्थनाको साथसाथै रक्सी र चुरोठ पनि किनेर ल्याइरहेको थियो।

एक रात साथीहरूसँग रक्सी पिइसकेपछि एक्लै आफ्नो घर फर्किदै थियो। उसको गाउँको परम्परा अनुसार अरू परिवारहरूको जस्तै उसको घरपनि काठको थियो। उसकी श्रीमती, सात वर्षको छोरो र चार वर्षकी छोरी मस्त निन्द्रामा सुतिरहेका थिए। भरेङ्ग माथि उक्लेर कन्स्टानसियो आफ्नो ओछ्यानमा गएर पल्ट्यो। बाहिर सिमसिम पानी परिरहेको थियो।

ओछ्यानमा ओल्टीपल्टी गर्दै सुत्ने प्रयास गरिरहेको बेलामा आफूले खुट्टा नधोइ सुत्न गएको उसलाई महसुस भयो। पानी परेर हिलो भएकोले उसका खुट्टाहरू फोहर थिए। ऊ कोठाको बाहिर रहेको आँगनमा खुट्टा धुन लरबरिन्दै निस्क्यो। जब रक्सीकै सुरमा उसले खुट्टा धुन थाल्यो तब उसले आफ्नो संतुलन गुमायो र आँगनबाट तल टाउको ठोकिने गरि नराम्रोसँग जमीनमा खस्यो। ऊ सात फिट वा दुई मिटर तल खसेको थियो। उसको टाउको हिलोमाटोमा ठोक्कियो। भाग्यवस नजिकको ढुङ्गामा उसको टाउको बज्रेन। त्यो हिलोमा सानो खाल्टो नै पऱ्यो।

कन्स्टानसियो खसेको आवाज सुनेर घरको कुक्कुर बेस्सरी भुक्न थाल्यो। उसकी श्रीमती र छोराछोरीहरू सबै जुरमुरुँदै उठ्यो र के भयो भनेर हेर्न बाहिर निस्के। तिनीहरूले कन्स्टानसियो तल भुईंमा रक्सीकै सुरमा लडिरहेको तिनीहरूले देखे। "गुहार गुहार" भनि उसकी श्रीमती चिच्याउन थाल्यो। एकै छिनपछि छरछिमेकीहरू कन्स्टानसियोको घरमा जम्मा भए। ऊ घरबाट तल खसेको रहेछ भनेर सबैलाई महसुस भयो र उसलाई दुष्ट आत्माले घचेटेको हुनुपर्छ भनेर सबैले भन्न थाले।

गाउँमा दुष्ट आत्मा पस्यो भनेर सबै गाउँलेहरूले सोच्न थाले। अब दुष्ट आत्माबाट आफूहरू कसरी सुरक्षित हुने भनेर गाउँलेहरूले चिन्ता गर्न थाले। कन्स्टानसियोले अब शुद्धीकरण गर्नुपर्छ भनेर गाउँका सबै मानिसहरु भन्न थाले। अनि त्यो शुद्ध गर्ने विधि अनुसार गाउँका मानिसहरूले एक अर्काको हातमा पिसाब फेर्दै त्यो मुर्छा परेको कन्स्टानसियो शरीरमा छयाप्न थाले। जब उसलाई पिसाबले निथ्रुक्क भिज्यो। तब गाउँलेहरूले कन्स्टानसियोलाई उसको कोठामा बोकेर लगे।

भोलिपल्ट कन्स्टानसियोको होस खुल्यो। धेरै साथीहरू उसलाई भेट्न आए र तिनीहरूले बाहिर रक्सी खान जाऔं भनेर कर गरे। आफ्नो चोट लागेको टाउको समात्दै उसले जवाफ दियो "अब भयो, अबदेखि म कहिल्यै पनि रक्सी चुरोठ पिउँदिन।" त्यहाँदेखि उसले ती कुलतहरू सदाको निम्ति हटायो। "रक्सी खाने र चुरोठ पिउने चाहना मबाट सदाको निम्ति हट्यो। यो मेरो प्रार्थनाको जवाफ थियो" उसको गाउँको एडभेन्टिस्ट चर्चको बारेमा अन्तर्वाता दिने क्रममा कन्स्टानसियोले भन्यो। त्यो चर्चमा कन्स्टानसियो अहिले सक्रिय एल्डर भएको छ। आज त्यो गाउँका २०० मानिसहरू बप्तिस्मा लिएर एडभेन्टिस्ट भएका छन्। कन्स्टानसियोको घट्नाले गर्दा त्यहाँको चर्चमा मानिसहरू

खचाखच भरिएका छन्। कन्स्टानसियोकी श्रीमती, छोराछोरीहरू र उसका पहिलाका पाँच जना जड्याँहा साथीहरु पनि उसको कारण प्रभुमा विश्वास गर्न पुगेका छन्।

"मेरो यो कथा भन्न मलाई असाध्ये मनपर्छ। मेरो जस्तै पहिलाको अवस्था भएकाहरू मेरो गाउँमा धेरै छन् र तिनीहरूलाई चर्चमा आउन लाज लाग्दछ। म तिनीहरूलाई भन्दछु 'म पनि तिमीहरू जस्तै थिएँ। यदि परमेश्वरको सहयोगले म सुध्रिएँ भने तिमीहरू पनि सुध्रिन सक्छौ' भनेर तिनीहरूलाई सम्झाउने प्रयास गर्दछु" हँसिलो अनुहार पार्दै कन्स्टानसियोले यस लेखकलाई भनेको थियो।

लेखकः आन्ड्रयु मेक्चेस्नी

| कथा ४८ | सुँगुर वा बँदेलको मासुले ल्याएको दुःख<br>जिलसन निटो<br>(साओ टेमो र प्रिन्सिपे, पश्चिम अफ्रिका) |
|---|---|

म १७ वर्षको हुँदा एक जना छिमेकीले मलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको बारेमा सुनाएको थियो। मलाई सुँगुर र बँदेलको मासु खान मनपर्ने भएकोले छिमेकीको कुराको मैले वास्ता गरिँन।

अनि एक दिन मलाई कसैले म रहेको साओ टेमोको अर्को गाउँमा हुने सुसाचारीय कार्यक्रममा भाग लिन मलाई निम्तो दियो। त्यस कार्यक्रममा म प्रत्येक दिन गएँ र एडभेन्टिस्ट चर्चको बारेमा अझ जानकारी लिन मैले मेरो नाउँ र ठेगाना त्यस कार्यक्रमको आयोजकलाई दिएँ।

मैले थाहा पाउनु अघि नै मेरो छिमेकीले मलाई उसको चर्चमा मेरो नाउँ आएको र अर्को साबथमा ऊसँगै जान आग्रह गऱ्यो। “त्यहाँ गएर तिमीले अझ धेरै कुराहरू सिक्नेछौं" भनेर मलाई भन्यो। म अत्यन्त चकित भएँ "होइन, मैले त अर्कै गाउँमा मेरो नाउँ दिएको थिएँ। तिम्रो चर्चमा मेरो नाउँ कसरी आयो?"

म घर निर्माणको मजदुर भएकोले म ऊसँग शनिबार चर्च गइँन। किनभने मैले शनिबार पनि काम गर्नुपर्दथ्यो।

जब मेरो छिमेकीले म चर्च नगएको थाहा पायो तब सँगसँगै मिलेर बेलुका बाइबल पढौं भनेर उसले सुझाव दियो। केही हप्ताको बाइबल अध्ययन गरेपछि दिनको ज्याला गुमाएर भतापनि साबथमा चर्च जाने मैले निर्णय गरें। जब म चर्चमा गएँ

त्यहाँ मेरो धेरै छिमेकीहरूलाई देखेँ र मलाई देखेर तिनीहरू धेरै खुशी भए।

तर मलाई समस्या भयो। मैले हरेक शनिबार चर्चमा जान छुट्टी लिन सकिँन। जब म चर्च नगइ काममा गइरहेको बेलामा मेरा चर्च जाने सबै छिमेकीहरूले म कहाँ गइरहेकोछु भनेर सोध्न थाले। अर्को साबथ कसैले नदेखोस भनेर लामो बाटो भएर काममा गएँ तर त्यहाँ पनि एक जना छिमेकीले मलाई कहाँ गइरहेको? भनेर सोधेको थियो। "म कपाल काट्न हिडेको" भनेर मैले छिमेकीलाई झुक्याएँ। तर त्यस दिनभरि मेरो विवेकले मलाई घचघच्याइरह्यो। काम सकेपछि फेरि लामो बाटो भएर घर फर्किंदै थिएँ। त्यहाँ पनि चर्चमा जाने विश्वासी छिमेकीहरूलाई भेटेँ जो चर्चबाट घर फर्किंदै थिए। "तपाईँ किन चर्चमा आउनुभएन?" भनेर तिनीहरूले मलाई सोधे। म काममा गएको थिए भनेर मैले सत्यलाई स्वीकारेँ। त्यस दिनदेखि शनिबार काम गर्न छोडेँ जसले गर्दा मैले मेरो जागिर गुमाउनुपर्‍यो।

मेरो घरको कुनै पनि परिवार एडभेन्टिस्ट थिएनन् त्यसैले मैले काम छोडेकोले मसँग सबै रिसाए। मेरी आमाले सुँगुरको मासु मिसाएर खाना पकाउनुहुन्थ्यो तर मलाई त्यो मन परिरहेको थिएन। धेरै पल्ट म भोकै सुत्न गएँ। एक दिन आमाले मलाई सोध्नुभयो "सुँगुरको मासु नखाने चर्चमा तिमी किन गइरहेका छौ?" "तिमीले शनिबार किन काम गर्दैनौ" मेरो बुबाले केरकार गरेर सोध्नुभयो। मेरा सात जना दाजुभाइहरू चुपचाप लागेर मेरो अवस्थालाई हेरिरहे। नौ महिना पछि मैले बप्तिस्मा लिएँ। नयाँ चर्चका सदस्यहरूको निम्ति पास्टरले स्वागतको प्रवचन दिएका थिए। त्यसबेला एक महिलाले मलाई भनिन् कि हामीहरूको

आत्मिक चुनौतिहरू अब हामीले खप्नुपर्नेछ। छक्क पर्दै मैले भनें "यो भन्दा अरू चुनौति के होला र? मैले धेरै चुनौतिहरू खपिरहेको छु।"

ती महिलाले सत्य कुरो बोलेकी थिइन्। जब मेरा बाबुआमाले मैले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ भनेर खबर गरेँ तब तिनीहरूले मलाई घरबाट निकालि दिए। म रोएँ म कहाँ जाने मलाई थाहा थिएन। दुई महिना सम्म तिनीहरू उठ्नुभन्दा अघि र सुतेपछि म घरमा सुत्न जान्थेँ।

मसँग बप्तिस्मा लिने महिलाले मलाई खाना दिइन्। म दिनभरी कामको खोजीमा हिँडडुल गरिरहेँ तर केही काम पनि पाइँन। म रोएँ र प्रार्थना गरेँ "प्रभु मलाई विश्वासमा दरिलो बनाउनुहोस् र मलाई काम गर्न बाटो खोलिदिनुहोस्।"

केही समयपछि ताइवानको एक कृषी कम्पनीले मलाई तिनीहरूको एउटा आयोजनामा सहयोग गर्न काम दियो। त्यहाँबाट मैले तलब पाएँ र मेरा बाबुआमालाई दिएँ। मेरो पैसा पाएपछि तिनीहरू खुशी भए र तिनीहरू मसँग रिसाउन छोडे।

अनि परमेश्वरले एकदमै अचम्मको काम गर्नुभयो। मेरा पाँच जना दाजुभाइहरू पनि सेभेन्थ-डे एडभेन्टिस्ट भए र मेरा दुई जना भतिजाहरूले पनि बप्तिस्मा लिए। मेरा परिवारका १० सदस्यहरू चर्चमा समावेस भए। पक्षघात हुनुभन्दा केही समय अघि मेरो बुबा पनि केही समय चर्चमा आउनुभएको थियो।

आज म साओ टेमोमा रहेको एडभेन्टिस्ट स्कूलमा काम गर्दछु। म विद्यार्थीहरूलाई खेतबारीमा कसरी काम गर्ने भनेर सिकाउँदछु।

म अहिले विवाहित भएको छु। जुन महिलाले मलाई मेरो अन्धकारको समयमा मलाई खाना दिएकी थिइन् उनको एक जना बहिनी थिइन्। त्यस महिलाले उनलाई चर्चमा लैजान मलाई अऱ्हाउँथिन्। ती महिला अन्तै सरे पनि उनकी बहिनीलाई चर्चमा लगिरहन मलाई अनुरोध गरेकी थिइन्। त्यस बहिनीले बप्तिस्मा लिइन् र अहिले उनी मेरी श्रीमती भएकी छिन् र हामीहरूको एक छोरी भएको छ।

बाइबलको एक पद म सधैं याद गर्दछु। त्यसले गर्दा मलाई परमेश्वरका अडिग हुन प्रेरणा मिलेको थियो। त्यो भजन १२५:१मा छ "जो परमेश्वरमाथि भरोसा राख्दछ त्यो सियोन पहाड जस्तै हुन्छ। उसलाई कसैले पनि हल्लाउन सक्दैन। ऊ सधैं स्थिर रहन्छ" (रूपान्तरित)।

हो, जो परमेश्वरमा भरोसा राख्दछ त्यो सियोनको पहाड जस्तै हुन्छ र सधैं स्थिर रहन्छ।

***-जिलसन नेटोले आन्ड्रयु मेक्चेस्नीलाई दिइको अन्तरवार्ताको आधारमा***

| कथा ४९ | साथी बनाउने कला रहस्यमय छ<br>भितालिना मेन्दिस मोरिइर<br>(साओ टेमो र प्रिन्सिपे, पश्चिम अफ्रिका) |
|---|---|

साओ टेमोको निबासी भाइटलिनालाई दोस्रो बच्चा पाउने बेलामा धेरै साह्रो भएको थियो। उनी धेरै रगत बगेको थियो। डाक्टरहरूले लापर्वाहीपूर्ण तरिकाले गलत समूहको रगत उनमा चढाइ दिएका थिए। बालक बच्चा त जन्म्यो तर भाइटलिनाका खुट्टाहरूमा गम्भीर रोग लाग्यो। उनलाई बचाउन डाक्टरहरूले उनको खुट्टा काटि दिए। भाइटलिना केवल १० वर्षकी मात्र थिइन्।

जब उनी ९ महिनाको अस्पतालको बासपछि घर फर्किइन् तब उनले आफ्नो श्रीमानले अर्कै केटी ल्याएको रहेछ भनेर थाहा पाइन्। उनको श्रीमान् केही दिनमात्र घर बस्दथ्यो र अरू दिन बाहिरै हुन्थ्यो। भाइटलिना अत्यन्तै दुःखी र उदास भइन्। उनले आत्महत्या गर्न खोजिन। तब एक दिन एक जना वृद्ध सेभेन्थ-डे एडभेन्टिस्ट महिला भाइटलिनाको घरमा आइन । उनको फोहर लुगाहरू लिएर नजिकको नदीमा हरेक हप्ता धुन थालिन्। उनले भाइटलिनाको लुगाफाटाहरू धुन्दै जादाँ एक दिन अचानक विरामी परिन र डाक्टरले उनको स्वास्थको कारण पानीबाट जोगिन सुझाव दिए । अनि ती एडभेन्टिस्ट महिलाले चर्चका अरू साथीहरूलाई भाइटलिनाको लुगा धोइदिन अनुरोध गरिन्।

भाइटलिना तिनीहरूको सहयोगको निम्ति आभारी थिइन् तर उनलाई असजिलो लागिरहेको थियो। "मलाई के गरूँ के गरू भइरहेको थियो किनभने म एडभेन्टिस्ट थिइनँ र तिनीहरूले

किन मेरो लुगा धोइरहेका थिए सो मैले बुझ्न सकिँन" उनले भनिन्। अनि एक दिन उनले लुगा धोइदिने महिलाहरूलाई केवल केही लुगामात्र दिइन् र अरू लुगाहरू लुकाइन् र भनिन् "आज त्यतिमात्र हो। यो हप्ता मेरो धेरै धुने लुगाहरू छैन।" ती एडभेन्टिस्ट महिलाहरूलाई उनको कुरा पत्यार लागेन र घरमा अरु लुगा छन् कि भनेर खोज्न थाले तर एउटा कुनामा लुगाको थुप्रो थुपारिराखेको तिनीहरूले भेट्टाए। तिनीहरूले त्यो पनि भेट्टाए र धोइदिए। भाइटलिनाले आफ्नो जीवनलाई सम्हाल्न सकुँ भनेर परमेश्वरसँग प्रार्थना गरिन्। केही समयपछि उनले सानो र पुरानो लुगा सिउने हाते कल पाइन् र लुगाहरू सिलाउन सिकिन्। दुवै खुट्टा नभएतापनि आफ्नो हातले मेहनत गरेर लुगा सिलाएर लुगा बेच्न थालिन्। उनको काममा फलिफाप भयो। उनका अरू पाँच जना छोराछोरीहरू भए। अनि त्यसपछि उनको श्रीमानको मृत्यु भयो। एक दिन एक जना सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीले उनीसँग बाइबलको बारेमा छलफल गरिन् र उनको खानामा परिवर्तन ल्याउन अनुरोध गरिन्। तर उनलाई बाइबलप्रति चासो भएन र आफ्नो खानेकुरा बदल्न चाहिनन्। अनि सन् २०१२मा एडभेन्टिस्ट पास्टरले दुई हप्ते सुसमाचार प्रचार कार्यक्रमको आयोजना गरे। "जब मैले सुसाचारीय कार्यक्रममा भाग लिएँ तब मेरो जीवनमा परमेश्वरले अचम्मका कामहरू गर्नुभएको भनेर मैले महसुस गरे। सिलाइ मेशिन उपलब्ध गराउनुभएर पैसा कमाउन सहयोग गरेर उहाँले मेरो प्रार्थनाको जवाफ दिनुभयो। यो पनि एउटा कारण हो कि मैले सुसमाचारलाई ग्रहण गरेँ" खुशी भएर भाइटलिनाले आफ्नो कुरा भनिन्। भाइटलिनाले प्रत्येक बेलुका सुमाचारीय कार्यक्रममा भाग लिइन् र बप्तिस्मा पनि लिइन्।

आफ्नो कथा बाँड्न रमाइलो मानेकी भाइटलिना जसजसले उनको कथा सुन्नु चाहन्छन् तिनलाई सुनाइहाल्ने उनको बानी नै भइसकेको छ। "मलाई हेर्नुहोस् त! परमेश्वरले मेरो जीवनमा कस्तो काम गरिरहनुभएको छ। परमेश्वर अचम्मको हुनुहुन्छ। तपाईंले पनि उहाँलाई विश्वास गर्न आवश्यक छ" जो मानिस उनकहाँ आउँछ उनी यो सुनाउँछिन्। उनको यस कुराकानीले सात जना मानिसहरूलाई एडभेन्टिस्ट चर्चमा समावेस हुन राजी गराएकी थिइन्। त्यो चर्च उनी रहेको तिन किलोमिटर वा दुई माइल टाढा छ। ती सात जनालाई चर्चमा जान बस खर्च आफैले दिएकी थिइन्। ती सातै जना अहिले एडभेन्टिस्ट चर्चका सदस्यहरू भएका छन्। भाइटलिनाले उनको घर बाहिर बाइबल अध्ययन टोली पनि गठन गरिन् र उनको सक्रियतामा छ जनाले बप्तिस्मा लिए। बिस्तारै उनको सक्रियताले ४० जनाले बप्तिस्मा लिए। उनका दुई जना छोराछोरीहरूले पनि बप्तिस्मा लिए। चर्चका अगुवाहरू उनको घरको छेउछाउमा चर्च बनाउने तरखरमा जुटेका छन्। चर्चको निम्ति जग्गा किन्न पैसाको कमीले गर्दा उनले आफ्नै घरको जग्गामा अस्थायी चर्च निर्माण गर्न दिएकी छिन्। त्यो चर्च काठको थियो सो सेप्टेम्बर २०१७मा निर्माण भएको थियो। "मेरो घरको ढोकाको सामु चर्च भएकोमा मलाई धेरै खुशी लागेकै छ। त्यतिमात्र नभएर धेरै मानिसहरूले प्रभुलाई विश्वास गरेकोमा म धेरै खुशी छु" उनले बैठकको सोफामा बसेर आफ्नो हर्ष व्यक्त गरिन्।

अरूलाई येशूकहाँ ल्याउने गोप्य तरिका भनेकै अरूसँग मित्रता गाँस्नु हो उनले भनिन्। "साथी नबनाइकन कसैलाई पनि परमेश्वरमा ल्याउन गाऱ्हो छ। म छिमेकीहरूलाई साथी बनाउँछु

र चर्चमा आउन अनुरोध गर्दछु" आफ्नो गोप्य कुरा खोल्दै उनले भनिन्। उनको मन पर्ने बाइबलको पद मत्ती ६:३३ हो "पहिला परमेश्वरको राज्य र उहाँको धार्मिकता खोज र अरू सबै थोक तिमीलाई थपिनेछन्" (रूपान्तरित)। "यस पदले मलाई धेरै हौसला प्रदान गर्छ किनभने यदि मैले मेरो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिएँ भने मेरो सबै आवश्यकता उहाँले पूरा गरिदिनुहुन्छ" खुट्टा नभएपनि दयालु हृदय भएकी भाइटलिनाले यस कथाका लेखकलाई भनिन्।

*-लेखक आन्ड्रयु मेक्चेस्नी*

| कथा ५० | आङ्गोलालाई उद्धार<br>पाओलो पिन्टो,<br>(आङ्गोला, अफ्रिका) |
|---|---|

आफ्नो काम छोडेर कैदीहरूलाई सुसमाचार प्रचार गर्न जाँदा पाओलोले आफ्नी आमालाई निकै रिस उठाएको थियो। पाओलो एडेन्टिस्ट परिवारमा हुर्केको थियो। उसले सरकारी स्कूलमा एक र दुई कक्षामा शिक्षकको काम गर्दै थियो। उसले कमाएको पैसाले विश्वविद्यालयमा उसलाई पढ्ने खर्च र उनको आमा र दस जना दाजुभाइहरूको घर खर्च टार्न सहयोग गर्दथ्यो। सात वर्ष अघि उसको बुबा टाइफ्वाइड रोगले मरेका थिए। पाओलो जेठो छोरो भएकोले घर परिवारलाई सम्हाल्ने भार उसमाथि परेको थियो। जब ऊ विश्वविद्यालयमा दोस्रो वर्षमा पढ्दै थियो तब उसलाई टाइफ्वाइड ज्वरोले समात्यो। उसलाई आटलान्टिक समुद्रको किनारामा रहेको १३०,००० जनसंख्या भएको बेनगुवेला सहरको अस्पतालमा भर्ना गरियो। चर्को ज्वरोले सताएकोले ऊ अस्पतालमा दुई महिनासम्म बस्नु पऱ्यो। अस्पतालको पैसा तिर्न उसँग पैसा थिएन। तर चर्चका सदस्यहरूले उसको निम्ति प्रार्थनामात्र गरेनन् सबै जनाले मिलिजुली पैसा जम्मा गरेर अस्पतालको औषधीको पैसा पनि तिरिदिए। "जब म अस्पतालबाट निमो भएर  घर फर्कें तब मैले मेरो जीवनलाई परिवर्तन गर्ने निर्णय गरें" पाओलोले भन्यो।

जब सन् २०१३मा उसले अस्पताल छोड्यो तब उसले प्राथमिक स्कूलमा पढाउने काम र विश्वविद्यालयमा पढ्ने काम पनि छोड्यो। "म फेरि पुरानै जीवनमा फर्कन्छु होला भन्ने डरले

मैले पढाएको स्कूल र पढ्ने विश्वविद्यालयमा म फर्किंन" भनेर उसले आफ्नो भावना व्यक्त गऱ्यो। तर उसले जिम्बावेमा भएको सोलुसी एडभेन्टिस्ट विश्वविद्यालयमा धर्मदर्शन विषय पढ्न चाहेको थियो। उसँग पैसा थिएन र भर्नाको निम्ति अर्को वर्षको जनवरी महिनासम्म उसले पर्खनु पर्थ्यो। त्यसकारण सात महिनासम्म उसले कैदमा परिरहेका कैदीहरूलाई येशूको बारेमा सुसमाचार सुनाउन थालेको थियो। उसको एक जना नातेदार सरकारी कर्मचारी थियो। उसको सहायताले पाओलोले झ्यालखानामा गएर कैदीहरूको सेवा गर्ने अनुमति पायो। उसले एक जना स्थानीय चर्चको एल्डरलाई पनि कैदीहरूको बीचमा सुसमाचार सुनाउन लग्यो। तिनीहरूको सक्रियतामा बेनगुयला सहरमा रहेको झ्यालखानामा बीस जना कैदीहरूले बप्तिस्मा लिए। तर उसको परिवारले उसको जीवनको बारेमा बुझ्नै सकेनन्। घर खर्च चलाउन पाओलोसँग काम र दाम दुवै थिएन। पाओलोले विश्वविद्यालयमा पढेर धेरै पैसा कमाएर घरमा सहयोग गर्ला भनेर आशा गरेकी आमाले उसलाई घरैबाट निकालिदिइन्।

जसो तसो गरेर पाओलो सोलुसी एडभेन्टिस्ट विश्वविद्यालयमा आइपुग्यो। उसँग खान र अङ्ग्रेजी सिक्न कमै पैसा थियो। उसले पोर्तुगिज भाषामामात्र जानेको थियो र विश्वविद्यालयमा पढ्न उसले अङ्ग्रेजी भाषा पनि जान्नुपर्थ्यो। पाओलोले प्रार्थना गऱ्यो, "हे प्रभु यदि यस विश्वविद्यालयमा पढ्न मलाई सघाउनुभयो भने मैले म जीवनको बाँकी भाग तपाईंको सेवामा लाग्नेछु। येशूको बारेमा सुनाउन आवश्यक भएकोले म सोलुसी विश्वविद्यालयमा गएको थिएँ भनेर म सबैलाई देखाइदिनेछु।" विश्वविद्यालयमा उसले परमेश्वरको बारेमा धेरै

सिक्नु पर्ने रहेछ भनेर उसले थाहा पायो। ऊ एडभेन्टिस्ट परिवारमा हुर्केतापनि त्यो समयमा उसको देश गृहयुद्धमा होमिएको थियो। २७ वर्षसम्म गृहयुद्धमा फसेको आङ्गोला देश परमेश्वरको बारेमा पाउनुपर्ने ज्ञानमा कमजोर भएको थियो। "परमेश्वर र बाइबलको बारेमा हामीले खास केही थाहा थिएन। सोलुसी विश्वविद्यालयमा आउँदा नै मैले बाइबलको बारेमा पूरा ध्यान दिएर पढ्न पाएँ" आफ्नो घरमा एडभेन्टिस्ट भन्ने केवल नाउँमात्र भएको स्वीकार गर्दै पाओलोले भन्यो। विदेशीहरूलाई पनि परमेश्वरले धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा पनि विश्वविद्यालयमा उसले सिक्यो। बाहिर देशबाट आएर सोलुसी विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूप्रति त्यस विश्वविद्यालयले बिशेष ध्यान दिन्छ भनेर उसले भन्यो। "कहिलेकाहीँ हामीहरू बसेको होस्टेलको कोठाहरूमा शिक्षकहरू आउनुहुन्छ र हामीसँग प्रार्थना गर्नुहुन्छ। कहिलेकाहीँ हामीले नचिनेका मानिसहरूले सित्तैंमा खाना पनि खान दिन्छन्" खुशी भएर उसले व्यक्त गऱ्यो। सोलुसी विश्वविद्यालयले लेबी २३:२२को वचन पूरा गरिरहेको उसले देखेको थियो। यसमा लेखिएको छ "तिमीहरूले आफ्नो देशमा खेतको बाली काट्दा खेतका छेउ-छेउसम्म निखारेर नकाट्नू। तिमीहरूले आफ्नो बालीको शिला-बाला नबटुल्नू। ती तिमीहरूको बीचमा बसोबास गरेका गरीब र परदेशीहरूका निम्ति छोड़िदिनू। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" सोलुसी विश्वविद्यालयमा पढेको प्रथम सेमिस्टरपछि उसको दाजुपर्नेले उसको पढाइको खर्च तिरिदिने कबुल गऱ्यो। जब त्यो दाजु पर्ने मऱ्यो तब एक जना चर्चको सदस्यले उसलाई एक सेमिस्टरको पैसा तिरिदियो। अनि एक जना महिलाले उसको पढाइको खर्च तिर्न थालिन्। त्यही

विश्वविद्यालयबाट उनको नातीको ग्राजुयट भएको थियो। सोलुसीमा पढिरहँदा पाओलोले आङ्गोलाका अरू विद्यार्थीहरू र जाम्बिया, युगान्डा र फिलिप्पिन्सका विद्यार्थीहरूलाई साथी बनाएको थियो। आफूहरूको पढाइसकेपछि सुसमाचारीय कार्यक्रम आयोजना गर्ने तिनीहरूको चाहना छ। आफूले सिकेका परमेश्वरका नयाँ आत्मज्ञान पनि आफ्नो परिवारमा बाँड्न पाओलो चाहन्छ। आङ्गोलामा भएका २ करोड नब्बे लाख जनसंख्या र १७६,००० एडभेन्टिस्टहरूको निम्ति प्रार्थना गर्न पाओलोले यस कथाका लेखकलाई अनुरोध गरेको थियो। "हामीहरूले कसैलाई ईसाइ बनाउने प्रयास गरेका छैनौं। मत्ती २४:१४मा बताइएको 'यस राज्यको सुसमाचार सारा संसारमा गवाहीको निम्ति फैलाइनेछ र अनि यस संसारको अन्त हुनेछ" मर्म पूरा गर्नमात्र हामी लागिरहेकाछौं। त्यसकारण सबैले येशूको बारेमा थाहा पाओस् भनेर सुसमाचारको गवाही सबैलाई सुनाउनु जरुरी छ- अनि येशूको आगमन हुनेछ।" आफ्नो अठोट व्यक्त गर्दै पाओलोले अन्तरवार्ता अन्त गऱ्यो।

*-लेखकः आन्ड्रयु मेक्चेस्नी*

| कथा ५१ | दुष्ट आत्मा हटाइन्छ<br>मोर्डेकाइ सिमाङग्<br>(ग्लोबल मिसन अग्रज, जिम्बाबे, अफ्रिका) |
|---|---|

एक दिन मोर्डेकाइकहाँ एक जना महिला अचम्मको कुरा लिएर आइन्। उनी ३५ वर्षकी आमा थिइन्। उनको श्रीमान् थिएनन्। "हरेक रात म सुत्ने लुगा लगाएर सुत्छु तर बिहान उठ्दा म नाङ्गै भएर उठ्छु। मलाई के भएको हो थाहा छैन। मलाई धेरै डर लागिरहेको छ' भन्दै तिनले आफ्नो पीडा पोखाइन्। "किन त्यसो भयो?" मोर्डेकाइले सोध्यो। उनले जिम्बाबेको न्काइ भन्ने सहरमा दुई हप्ता सुसमाचरीय कार्यक्रमको नेतृत्व गर्दै थियो। "मलाई थाहा छैन" त्यस महिलाले आफ्नो दुःख पोखाइन्। यस्तो अनौठो क्रियाकलापहरूदेखि मोर्डेकाइ सजग भएको थियो। यस्ता खालका कथाहरू उसले धेरै सुनेको थियो। ती सबै दुष्ट आत्माको क्रियाकलाप भएको उसलाई थियो। त्यसलाई कसरी सामाधान गर्ने सो उसलाई थाहा थियो। "के तपाईंले येशूलाई ग्रहण गर्नुभएको छ?" उसले सोध्यो, "यदि तपाईंले प्रार्थना गर्नुभयो भने तपाईं नाङ्गै किन उठ्नुपर्‍यो सो कुराको बारेमा उहाले तपाईंलाई बुझाइदिनुहुनेछ।" आफूले आफ्नो जीवनमा येशूलाई ग्रहण गरेको कुरा त्यस महिलाले भनिन्। उनले येशूलाई अघि नै विश्वास गरेको आधारमा मोर्डेकाइले चर्चका सबै विश्वासीहरूलाई जम्मा गर्‍यो र प्रार्थना गर्‍यो। तिनीहरूले तिन दिनसम्म त्यस महिलाको निम्ति प्रार्थना गरे। अनि तेस्रो दिनमा मोर्डेकाइ त्यस महिलाको घरमा गएर उनलाई कस्तो भइरहेको छ भनेर सोध्यो। "तिनदिनदेखि मलाई

ठिकै भइरहेको छ। विहान मेरो लुगा फुकालिएको छैन" अचम्म मान्दै त्यस महिलाले जवाफ दिइन्। पछि त्यस महिलाले बप्तिस्मा लिइन् र त्यहाँदेखि दुष्ट आत्माहरूले फेरि कहिल्यै पनि छोपेनन्।

अफ्रिकाको जिम्बाबेमा दुष्ट आत्माले धेरै जसो मानिसहरूलाई सताउने काम बराम्बार भइरहन्छ। त्यो देशका धेरै मानिसहरू अन्धविश्वास गर्छन् र अनेकौं तन्त्रमन्त्र झाँक्री आदि परम्परामा ती मानिसहरू लाग्छन्। जुन क्षेत्रमा मोर्डेकाइले काम गरिरहेको थियो त्यो क्षेत्रमा केवल ऊमात्र ग्लोबल मिसनको पायोनिएर थियो र अरू कुनै एडभेन्टिस्टहरू थिएनन्। त्यहाँ उसले ती दुष्ट आत्माले सताइएका धेरै मानिसहरूलाई सम्हाल्नु परेको थियो।

अहिले जिम्बाबेको दक्षिणमा रहेको मतापु भन्ने जिल्लामा मोर्डेकाइ कार्यरत छ। त्यहाँ एक आइतबार एउटा आइतबार पालन गर्ने चर्चले उसलाई प्रवचन दिन निम्त्याएको थियो। त्यसबेला घुँडा दुखेको एउटी महिलाले प्रार्थना गरिदिन उससँग अनुरोध गरिन्। जब उसले प्रार्थनामा येशूको नाउँ लिनेबित्तिक्कै ती महिला भुईंमा ढलिन्। "त्यसको अर्थ दुष्टआत्माले उनलाई छोड्यो। उनको निम्ति प्रार्थना गरेर मैले उनलाई उठाएँ। आज उनी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सदस्य छिन्। किनभने आफ्नो अनुभवमा उनले येशूको शक्ति देखेकी थिइन्" खुशी भएर मोर्डेकाइले भन्यो।

तर मोर्डेकाइको सबै कथाहरूमा दुष्ट आत्माहरूको चलखेलमात्र हुन्छ भनेको छैन। जेजना भन्ने गाउँको बारेमा चर्चा गर्दा ऊ धेरै खुशी हुन्छ। सन् २००७मा उसलाई ग्लोबल मिसन

पायोनियर बनाइएर त्यस गाउँमा पठाइएको थियो। ऊ घरघरमा गएर साबथ र येशूको बारेमा सिकाउँथ्यो। एक वर्षभित्र उसको प्रयासमा एउटा चर्चको १६ जना र पास्टरसमेतले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। त्यस ठाउँमा तिनीहरूले पहिलो एडभेन्टिस्ट चर्च स्थापना गरेका थिए।

एक दिन साउथ अफ्रिकाको सिमानामा रहेको जिम्बाबेको बिइतब्रिज भन्ने सहरको प्राथमिक स्कूलमा सुसमाचार श्रृखलाबद्धरूपमा प्रचार गर्दै थियो। त्यसबेला उसले आठवटा दुष्ट आत्माहरूको सामना गर्नुपरेको थियो। जब भित्तामा उसले क्रुसमा टाँगिएको येशूको फोटो देखाउँदै थियो एउटा ४८ वर्षकी महिला जुरुक्क उठेर कोठाबाट कुलेलम ठोकिन। कार्यक्रमपछि मोर्डेकाइ स्कूलबाट बाहिर निस्कदा त ती महिला स्कूलको चौरमा लम्पसार परिरहेकी थिइन्। उनी अचेत थिइन् र मरेकी जस्ती थिइन्। धेरै मानिसहरूले उनलाई बोकेर स्कूलमा लगेर कोठामा राखे। मोर्डेकाइले चर्चका १० जना विश्वासीहरूलाई भेला गऱ्यो र ती महिलाको वरिपरि वसेर गीत गाउँदै प्रार्थना गर्न थाले। जब तिनीहरूले येशूको नाउँ लिए तब ती महिला अचानक उठेर बसिन्, अत्यन्तै डरलाग्दो गरेर काँपिन् र फेरि भुईंमा लम्पसार परिन्। त्यसको अर्थ दुष्ट आत्माले ऊ भागेको उसलाई देखाएको थियो। अब उनी स्वतन्त्र भयो की भनेर मोर्डेकाइले जान्न चाह्यो र सोध्यो "के तपाईंले येशूलाई प्रार्थना गर्नुहुन्छ?" तर ती महिला केही हलचल नगरी भुईंमै लडिरहिन्। त्यसको अर्थ उनी अझ पनि दुष्ट आत्माको पकडमा थिइन् भनेर देखाएको थियो। चर्चका विश्वासीहरू फेरि प्रार्थना गर्न थाले र गीत गाउन थाले। येशूको नाउँ सुन्नेबितिक्कै ती महिला जुरूक्क उठेर बसिन्, काँपिन् र

फेरि भुईंमै लडिन्। अर्को दुष्ट आत्माले उनलाई छोडेको थियो। "के तपाईंले येशूलाई प्रार्थना गर्नुहुन्छ?" मोर्डेकाइले सोध्यो तर ती महिलाले हलचल गरिनन्। यो दृश्य बारम्बार दोहोरिरहयो। त्यस प्रार्थनाको समूह बेलुका ९ बजेदेखि बिहान ९ बजेसम्म गीत गाइरहे र प्रार्थना गरिरहे। आखिरमा आठौं पल्टमा ती महिलाले मोर्डेकाइले अनुरोध गरेको प्रार्थना सुनिन्। उनले टक्क बसेर स्पष्ट स्वरुमा प्रार्थना गरिन्, "हे प्यारो येशू, मलाई दुष्ट आत्माहरूबाट छुट्कारा दिनुभएकोमा म तपाईंलाई धन्यवाद दिन्छु। मलाई सहयोग गर्नुहोस् र मलाई यस कोठामा रहेका अरू विश्वासीहरू जस्तै बनाउनुहोस्।" ती महिला सेभेन्थ-डे एडभेन्टिस्ट भएकी छिन् र अहिले चर्चको डिकनेस भएर चर्चको सेवा गर्छिन्। "मेरो जीवनमा परमेश्वरले सधैं राम्रो गरिरहनुभएको छ" हर्षित भएर मोर्डेकाइले व्यक्त गरिन।

**-लेखक आन्ड्रयु मेक्चेस्नी**

## कथा ५२

# असल मानिसहरूसँगको चिनाजानी

## सामुएल स

## (म्यानमार, पुरानो नाउँ बर्मा, दक्षिणपूर्व एशिया)

म्यानमारमा मानिसहरूसँग सम्बन्ध राखेर चल्नु अति महत्त्वपूर्ण मानिन्छ। त्याहाँ तपाईं को हो र तपाईंसँग के छ त्योसँग सरोकार रहदैंन। तर दक्षिण पूर्वी एशियामा तपाईंले कसलाई चिन्नुभएको छ त्यसमा तपाईंको जीवन निर्भर रहन्छ।

म्यानमारको राजधानी यान्गुनमा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूल छ। त्यो स्कूलमा ६५० जना बिद्यार्थीहरू छन्। सन् १९७५मा स्कूलको निम्ति साना साना भवनहरू बनाइएका थिए। तर स्कूलको लोकप्रियताको कारण त्यहाँ पढ्न धेरै विद्यार्थीहरूले भर्ना हुन चाहेका थिए। त्यहाँका प्रशासकहरूले धेरै दुःख मान्दै कतिपय विद्यार्थीहरूलाई फर्काउन परेको थियो। त्यस स्कूलमा विद्यार्थीहरूलाई पढ्न ठूला भवनहरूको आवश्यकता थियो। एडभेन्टिस्ट चर्चका अगुवाहरूले याङ्गुनका धेरै मानिसहरूलाई चिनेतापनि स्कूललाई ठूलो बनाउन आधिकारिक अनुमति दिने मानिसहरूको सहयोग पाउन सकेका थिएनन्।

चर्चका पदाधिकारीहरूले याङ्गुन सहरको नगर पालिकाका प्रशासकहरूकहाँ गएर ठूलो भवन बनाउन पाउँ भनी अनुमति मागे। सबैले हुन्छ हुन्छ भने तर कसैले पनि कागजमा हस्ताक्षर गर्न मानेन। अगुवाहरूले आफूहरूले व्यक्तिगतरूपमा चिनेका सरकारी मानिसहरूकहाँ सहयोगको निम्ति बिन्ति गरे। तर मुखले मात्र हुन्छ हुन्छ भने तर कोही पनि मानिस आधिकारिक रूपमा सहयोग गर्न तयार भएनन्।

विश्व सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मुख्य कार्यालय अमेरिकामा छ। त्यसलाई जनरल कन्फरेन्स भनिन्छ। त्यहाँको प्रशासकलाई साउथरन एशिया पाशिफिक डिभिजनका

पदाधिकारीहरूले याङ्गुनमा ठूलो स्कूल बनाउन खाँचो परेको अवगत गराएका थिए। सन् २०१२मा विश्वका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका विश्वासीहरूले दिएका तेऱ्हौं साबथ स्कूलमा उठ्ने भेटीको केही भाग याङ्गुनको स्कूल भवन बनाउन सहयोग गर्न जनरल कन्फरेन्सका पदाधिकारीहरूले निर्णय गरेका थिए।

याङ्गुनको सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको आवश्यक भवन बनाउन रकमहरू जम्मा गरे। पैसा पनि थियो तर नगर पालिकाले भवन बनाउन अनुमति दिएन किनभने त्यहाँ कोही पनि मानिस चिने जानेका थिएनन्। चर्चका पदाधिकारीहरूलाई नगर पालिका धाउँदा धाउँदै तिन वर्ष बितेको थियो।

म्यानमारमा चर्चका पदाधिकारीहरू चुन्ने नियमित क्रममा चर्चले नयाँ नेतृत्व छान्यो। नयाँ अगुवाहरूले पनि सरकारी स्थानीय निकायका मानिसहरूलाई चिनेका थिएनन्। त्यसले तिनीहरूलाई निराश बनाएको थियो। विद्यार्थीहरूको ओइरो लाग्ने क्रम अहिले पनि जारी छ तर सबैलाई समेट्ने भवन छैन। भवन बनाउन अनुमति लिन कसैलाई पनि चिनेको छैन। चर्चका पदाधिकारीहरूले नयाँ भवन बनाउन असम्भव भएको ठान्न थालेका थिए।

तब एक दिन साउथरन एशिया-पासिफिक डिभिजनको अध्यक्ष सामूएल स म्यानमारका चर्चको अगुवाहरूलाई भेट्न गए। उनी आफै पनि म्यानमारको नागरिक थिए। उनले चर्चका पदाधिकारीहरूसँग स्कूलको बस्तुस्थितिबारे सोधे। चर्चका पदाधिकारीहरूले भवन बनाउन  अनुमति लिन स्थानीय सरकारी निकायसँग प्रयास गरेको र कसैलाई नचिनेकोले असफल भइरहेको बताइए। तर सामूएल सले जवाफ दिए, "हो तपाईंहरूले आधिकारिक मानिसहरूलाई चिन्नुभएको छैन होला। तर हामीहरूसँग जीवित परमेश्वर हुनुहुन्छ। यदि उहाँसँग हामीले

चर्च भवन बनाउन अनुमतिका लागि  बिन्ति गर्‍यौं भने उहाँले नै व्यवस्था मिलाउन सक्नुहुन्छ।"

अगुवाहरूलाई प्रार्थना गरेर नयाँ अनुमति माग्न भवन निर्माण निकायलाई दर्खास्त दिन सामुएल सले सल्लाह दिए। अगुवाहरूले प्रार्थना गरेपछि तिनीहरू नगर पालिकामा गए। त्यहाँ टेबुलमा बसिरहेकी एक जना महिलाले तिनीहरूलाई मुस्कराउँदै अभिवादन गरिन्।। जब चर्चका पदाधिकारीहरूले याङ्गुन एडभेन्टिस्ट सेमिनारीबाट आफूहरू आएको कुरा उनलाई भने तब उनको अनुहार चम्क्यो। त्यो स्कूल १-१२ कक्षासम्म राम्ररी चलेको कुरा त्यस सहरमा सबैलाई थाहा थियो।

"ए, तपाईंहरू त्यो स्कूलबाट आउनुभएको हो!" उनले उत्साहित भएर बोलिन् "म त्यही स्कूलमा पढेको थिएँ। त्यस स्कूलको मूल्य मान्यता र शिक्षालाई म असाध्यै मन पराउँछु। त्यसले गर्दा मेरा दुई जना छोरीहरू त्यहीँ पढिरहेका छन्।"

चर्चका पदाधिकारीहरूले स्कूलको भवन निर्माणको योजनाहरू वारे उनलाई जानकारी गरेपछि योजनाका सबै आवश्यक कागजहरूमा आधिकारिकरूपमा सहमत जनाउने कुरा उनले त्यतिखेरै वचन दिइन्।

"तपाईंहरूलाई म सहयोग गर्छु र तपाईहरूको निम्ति म काम गर्नेछु" उनले प्रतिवद्धता जनाइन्। उनको वचन अनुसार छोटो समयमै उनको सहयोगले स्कूलको भवन निर्माण सुरु भयो।

सन् २०१७मा नयाँ स्कूल भवनको निर्माण सम्पन्न भएपछि त्यस स्कूललाई परमेश्वरमा अर्पण गरे। स्कूलको अर्पणको समारोहमा सहभागी हुन विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड विलसन, धेरै शिक्षक, विद्यार्थी, चर्चका अगुवाहरू र स्थानीय निकायका पदाधिकारीहरू समावेश भएका थिए।

स्कूलका शिक्षकहरूलाई प्रोत्साहन दिँदै अध्यक्ष विलसनले भने, "तपाईंहरूले स्कूलको केन्द्रविन्दु येशूलाई बनाउनुहोस् किनभने स्कूल याङ्गुन सहरका मानिसहरूलाई प्रभाव पार्ने महत्त्वपूर्ण केन्द्र हो।" याङ्गुन सहरमा पाँच मानिसहरू करोड बसोबास गर्दछन्।

सन् २०१२को तेऱ्हौं साबथ स्कूलबाट उठेको भेटीले स्कूल बनाउन सहयोग गरेकोमा विश्व एडेभन्टिस्ट चर्च समूदायप्रति हार्दिक कृतज्ञता त्यस स्कुलको खजाञ्ची वेस्ली डोले व्यक्त गरेका थिए।

तेऱ्हौं साबथ स्कूलको भेटीले स्कूलको निम्ति ३००,००० डलर अर्थात् तिन करोड रूपैयाँ उपलब्ध गराएको थियो। चारकरोड पच्चिस लाख रूपैयाँ व्यक्तिगत सहयोग र म्यानमार युनियन मिसनको जग्गा बेचिविखनबाट उपलब्ध गराएको थियो। जनरल कन्फरेन्सको विशेष कोषबाट चार करोड रूपैयाँ प्रदान गरेको थियो। दुई करोड रूपैयाँ साउथरन-एशिया पासिफिक डिभिजनले उपलब्ध गराएको थियो भने आड्राले पाँच लाख रूपैयाँ उपलब्ध गराएको थियो।"याङ्गुन सहरका समाजमा हाम्रो स्कूल बत्तीको धरहरा भएर खडा गर्ने हाम्रो लक्ष्य हो" त्यस स्कूलको प्रिन्सिपल सले आफ्नो विचार व्यक्त गरे। नयाँ भवनमा ८०० विद्यार्थीहरू हुनेछन्। पुरानो भवनलाई निरन्तररूपमा प्रयोग गर्न सकियो भने अझ धेरै विद्यार्थीहरू भर्ना हुनसक्छन् प्रिन्सपलले भन्नुभयो। अहिले त्यस स्कूलमा ६४८जना विद्यार्थीहरू छन्। त्यसको २८प्रतिशत विद्यार्थीहरू एडेन्टिस्ट परिवारबाट आएका छन्। स्कूल अर्पण समारोहमा सहभागी हुनुभएको डिभिजन अध्यक्ष सामुएल सले स्कूल भवन निर्माण कार्यलाई परमेश्वरको आश्चर्यपूर्ण हस्तक्षेप भनेर आफ्नो विचार व्यक्त गर्दछन्।

"हो, तपाईंहरूको सहरका सरकारी पदाधिकारीहरूसँग चिनजान नहोला, तर हामीसँग अत्यन्त महत्त्वपूर्ण चिनजान भएको व्यक्ति हुनुहुन्छ-त्यो हो परमेश्वर पिता" उहाँले व्यक्त गर्नुभयो।

"एलेन जी ह्वाइटले भन्नुभएको छ "यदि हामीहरूले उहाँलाई औजारहरू उपलब्ध गरायौं भने परमेश्वरले आफ्नो काम गर्नुहुनेछ। जब हामीले उहाँमाथि भरोसा राख्दछौं, उहाँलाई विश्वास गर्दछौं, उहाँसँग माग्दछौं, उहाँले हामीलाई सबै मार्गमा अगुवाई गर्नुहुनेछ। उहाँको काम भएकोले परमेश्वर जहिले पनि हामीसँग रहनुहुन्छ।" टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. १०७बाट उद्धृत गर्दै सामुएल सले भन्नुभयो।

*लेखकः आन्ड्र्यु मेक्चेस्नी*

**कथा ५३**

# जीवनको पानी
## ट्रान्क्वी भरगबरा
## (म्यानमार, दक्षिणपूर्व एशिया)

विद्रोहीहरूको बीचमा स्कूल खोल्ने कार्य कसरी एउटा दयाको कारणले सफल भयो भनेर यस कथाले भन्दछ।

सन् २०१६मा थाइल्याण्ड-म्यानमार सिमानामा ३२ जना विद्यार्थीहरू आए। तिनीहरू हङ्कङ्को हङ्कङ्ग एडेन्टिस्ट कलेज र दक्षिण कोरियाको कोरियन आडभान्स प्रिपरेटोरी एकेडेमीबाट आएका युवायुवती विद्यार्थीहरू थिए। तिनीहरू एक हप्ताको बिदा लिएर स्कूलका साना विद्यार्थीहरूलाई सङ्गीत सिकाउन, किन्डरगार्टेनस्कूलको कोठाको भुईंमा सिमेन्ट प्लास्टर गर्न र सिमानामा रहेका शरणार्थीहरूलाई सहयोग गर्न आएका थिए।

तिनीहरूको कामको सुरुमा तिनीहरू मध्ये एक जना, थाइल्याण्डका दुई जना स्वयम् सेवकहरू र तिनीहरूको फोटो खिच्ने मानिसहरू मिलेर मोटरसाइकलबाट म्यानमारको पहाडमा एक घन्टाको निम्ति घुम्न गए। तिनीहरू अनङ्कटार जङ्गलको बीचमा भएको एउटा सानो गाउँमा गए। त्यस गाउँमा १४ परिवारहरू थिए। त्यो गाउँमा के आवश्यकता छ र तिनीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनेर तिनीहरू त्यहाँ गएका थिए भनेर ट्रान्क्वीले भने। उनी थाइल्याण्डबाट आएका स्वयंसेवकहरूमध्ये एक थिए।

त्यस गाउँमा गाउँलेहरूले दिनदिनै खाने पानीको निम्ति संघर्ष गर्नुपर्ने ती पाहुनाहरूले देखे। त्यस गाउँको नजिकै रहेको

पानीको ट्याङ्की करिब एक किलोमिटर जति टाढा थियो। हातमा बाल्टिन बोकेर गाउँलेहरू ओहोरदोहोर गर्दथे।

विद्यार्थी स्वयंसेवक जानिजशुकचिङ्ग लीलाई ती गाउँलेहरूप्रति करुणा जाग्यो।

"तिनले त्यस गाउँको दुर्दशा देखेर असाध्यै दुःख मानिन् र उनको कोमल मनलाई छोएको थियो," ट्रान्क्वीले भन्यो।

जब ती स्वयंसेवकहरू सिमानामा रहेको शरणार्थी सिबिरमा फर्के तब आफ्ना साथीहरूलाई आफूले देखेका कुराहरू बताइन्। विद्यार्थीहरू सबै मिलेर त्यो गाउँलाई ५०,०० भाट (थाइल्याण्डको पैसा-करिब डेड लाख रूपैयाँ) दिने निर्णय गरे। त्यो पैसाले पाइप किनेर पानी ट्याङ्कीबाट गाउँसम्म राख्ने तिनीहरूको योजना थियो। प्रभुको नाउँमा सेवा गर्न खटिएका विद्यार्थीहरूले आफ्ना कलेजमा खानेकुराहरू बेचेका थिए। त्यस बिक्रीबाट तिनीहरूले मिसन यात्राको निम्ति चन्दा संकलन गरेका थिए। त्यस बिक्री र अरू चन्दा संकलनबाट जम्मा भएका पैसाको बाँकी त्यो ५०,००० भाट थियो।

एक महिना लगाएर पाइप बिछ्यापछि आफ्ना कामहरू सकेर विद्यार्थीहरू हङ्कङ्ग र कोरियामा फिर्ता गए। जब ट्रान्क्वीले पाइपलाइनको फोटो ती स्कुलका विद्यार्थीहरूलाई पठाए तब त्यहाँका विद्यार्थीहरू अत्यन्त खुशी भएका थिए।

तर पानीको पाइपमात्र होइन त्यसबाट अर्को काम गर्न पनि त्यस गाउँमा ढोका खुलेको थियो। त्यस गाउँका केटाकेटीहरूले जीवनको पानी पनि पिउन अबसर पाए भनेर ट्रान्क्वीले भने।

"ती गाउँका मानिसहरू इसाई थिएनन् न त तिनीहरूले इसाई आस्थाप्रति केही चासो नै राखेका थिए तर इसाईहरूको त्यो सानो दयाको कामले गर्दा गाउँलेहरूले आफ्ना बालबालिकाहरूको निम्ति स्कूल खोलिदिन अनुरोध गरे" ट्रान्क्वीले भने।

ती गाउँलेहरूको आग्रहमा सन् २०१६मा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले एउटा स्कूल खोल्यो। त्यो स्कूलमा अहिले ४० जना विद्यार्थीहरू छन्। त्यस गाउँका स्कूल जानसक्ने सबै बालबालिकाहरू त्यस स्कूलमा जान्छन् र छिमेकी गाउँका धेरै बालबालिकाहरू पनि त्यही स्कूलमा जान्छन्।

"त्यो गाउँका मानिसहरू धेरै खुशी छन्" ट्रान्क्वीले भने। "तिनीहरूले खाने पानी पाए र एडभेन्टिस्ट स्कूल पनि पाए। त्यो सबै ती विद्यार्थी स्वयम्सेवकहरूको करूणाले गर्दा भएको हो।"

थाइल्याण्ड-म्यानमार सिमानामा रहेक शरणार्थीहरूको निम्ति वर्ष ४४को ट्रान्क्वी नियमित रूपमा गएर तिनीहरूलाई सहयोग गर्न काम गर्छन्। उनी शारीरिक विज्ञानको र कलाको शिक्षक पनि हुन्। उनी थाइल्याण्डको कोराटमा रहेको एडभेन्टिस्ट इन्टरनेशनल स्कूलमा काम गर्छन्। यो स्कूल किन्डर गार्टेनदेखि नौ कक्षासम्म

**-लेखक *आन्ड्र्यु मेक्चेस्नी***

**कथा**
**५४**

# पानीमा तैरिरहेको हात
## सोरासोम आन
## (क्याम्बोडिया, दक्षिणपूर्व एशिया)

क्याम्बोडियाको सोमसो आन एक्लो आमाको छोरो थियो। आमा खेतबारीमा काम गर्दथी। उसको बुबा को हो उसलाई थाहा थिएन। ठूलो भएपछि सोम चर्चमा जान थाल्यो किनभने त्यहाँ उसलाई मनपर्ने एउटा युवती थिइ।

सोम कट्टर बुद्ध धर्म मान्ने परिवारबाट आएको थियो। त्यसकारण उसको आस्थाबाट उसलाई स्वतन्त्र बनाउन केवल युवतीको मायालेमात्र पुगेको थिएन। उसले झलमल चमक र हात तैरिरहेको स्वप्न दर्शन देख्नुपरेको थियो।

युवक सोम आन उसको युवती साथीसँग हरेक आइतबार चर्चमा जान्थ्यो जुन उसको सहर डाउनकिभमा थियो। त्यो सहर क्याम्बोडियाको राजधानी फोन पेन्हबाट करिब ४५माइल अर्थात ७० किलोमिटर टाढा थियो।

"म सुसमाचार सुन्न चर्चमा गएको थिइन तर असल केटीलाई मन परेर चर्च गएको हुँ" सोम आनले भन्यो।

एक पल्ट आइतबार सुसमाचार सुनाउने एक जना सेभेन्थ-डे एडभेन्टिस्टलाई ३० जना विश्वासीहरूमध्ये एकले सन्देश दिन बोलायो। उसले प्रचार गरेको सुसमाचार यस्तो प्रभावकारी थियो कि अर्को आइतबार पनि प्रचार गर्न आउन त्यस चर्चका विश्वासीहरूले निम्तो दिए। फेरि तेस्रो आइतबारमा त चर्चको सबै जनाको सर्वसम्मतिबाट एडभेन्टिस्ट हुने प्रस्ताव पारित गरे। तिनीहरूको निर्णयलाई आधिकारिक सेभेन्थ-डे एडभेन्टिस्टद्वारा

अनुमोदन गराउन फोन पेन्हमा जान सुर कसे। तिनीहरूले सोम आनलाई पनि साथैमा यात्रा गर्न अनुरोध गरे।

पछि ३० जना चर्चका सदस्यहरूले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। तिनीहरूको लहै लहैमा लागेर सोम आनले पनि बप्तिस्मा लिए तर वास्तविक रूपमा उसले परमेश्वरलाई विश्वास गरेको थिएन।

"म इसाई परिवारमा जन्मेको थिइन, र आस्थामा परिवर्तन गर्नु त्यति सजिलो थिएन" सोमले भन्यो।

केही समयपछि सोम आन विश्वविद्यालयमा पढ्न फोन पेन्हमा गयो।आफूसँग थोरैमात्र पैसा भएकोले चर्चका अगुवाहरूसँग केही सहायता माग्यो। उसलाई एउटा सानो एउटा कोठा भएको साँचो दिइयो। त्यहाँ उसले बहाल नतिरि बस्न पाउने भएको थियो।

जब सोम आन विश्वविद्यालयमा दोस्रो वर्ष अध्ययन गर्दै थियो ऊ नराम्रोसँग बिरामी भयो। उसको जीउ एकदम तातेको थियो। आफ्नो ओछ्यानबाट चल्नै सकेको थिएन। अब म मर्ने भएँ भनेर कराउन थाल्यो। अनि उसले येशूको बारेमा सम्झ्यो। येशू त शक्तिशाली परमेश्वर हुनुहुन्छ भन्ने कुराको याद आयो। उसले सोच्यो, "प्रार्थना गरेर परमेश्वरसँग किन सहयोग नमाग्ने?"

उसले ओछ्यानबाट ओर्ल्हेर घुँडा टेकेर प्रार्थना गर्ने कोशिश गऱ्यो तर लत्रकै ओछ्यानमा लड्यो। फेरि उठ्ने प्रयास गऱ्यो तर सकेन। आफ्नो भएभरको शक्तिलाई सम्हालेर घुँडा टेकेर प्रार्थना गरे। यो उसको तेस्रो प्रयास थियो।

आफ्नो आँखा चिम्लेर उसले भन्यो, "हे प्यारो प्रभु, मलाई सहयोग गर्नुहोस्?" जब उसले प्रार्थना गर्न थाल्यो उसको

निधारबाट बत्तीको झिल्का उम्रेको उसले देख्यो। केहीःसेकेन्ड झलक्क चम्क्यो र एकै छिनमा हरायो। अचम्म मानेर उसले सोच्यो, "यो त परमेश्वरको शक्ति हो।"

तर उसले प्रार्थना गर्न रोकेन, "तपाईं शक्तिशाली परमेश्वर हुनुहुन्छ भनेर मैले सुनेको छु। तपाईंले धेरैलाई निको पार्नुभएको थियो भनेर बाइबलले भन्दछ। तपाईंले मलाई पनि सहयोग गर्न सक्नुहुन्छ र निको पार्नुहुन्छ भन्नेः आशा मैले राखेको छु। तपाईंले सहयोग गर्नुभएको सबै थोकको लागि तपाईंलाई धन्यवाद। आमेन।"

सोमआन ओछ्यानमा फेरि पल्टयो। उसको आँखा बन्द थियो। त्यसबेला एउटा हात आएर उसको खुट्टामाथि तैरिरहेको उसले देख्यो। त्यो आकार शुद्ध ज्योतिको जस्तो थियो। त्यो आकार उसको खुट्टाको औंलाबाट बिस्तारै घुँडामा सऱ्यो। जब त्यो हात खुट्टामा तैरिरहेको उसले देख्यो तब उसको शरीरबाट ज्वरो हटेको महसुस गऱ्यो। अनि त्यो हात उसको पेटतिर गयो।

"जहाँ जहाँ त्यो हात गएको थियो त्यहाँ त्यहाँ निको भएको मैले महसुस गरें।" उसले भन्यो।

जब त्यो हात उसको टाउकोमा पुग्यो तब उसले पूरै निको भइसकेको अनुभव गऱ्यो। अत्यन्त हर्षले भावविभोर भएर ओछ्यानबाट ऊ उठ्यो र कोठाबाट निस्केर बाहिर गयो। घरको वरिपरि दगुरेर उफ्रन थाल्यो र बारम्बार चिच्याउन थाल्यो। "प्रभु तपाईंलाई धेरै धन्यवाद। तपाईंको शक्तिको निम्ति तपाईंलाई धन्यवाद। तपाईंको शक्तिको निम्ति तपाईंलाई धन्यवाद!"

त्यस बखत सोमआन बीस बर्षको थियो।

वर्ष ४०को सोमआन क्याम्बोडियाको दोस्रो ठूलो सहर बाटामबाङ्गमा धर्मदर्शन पढाउँछन्। स्थानीय चर्चमा ऊ सक्रिय छ र जसलाई पनि परमेश्वरको शक्तिको बारेमा सुनाउन ऊ उत्सुक छ।

"मेरो हृदय थोमाको जस्तो हठी छ" जबसम्म आफूले देखेन तबसम्म पुनरुत्थान भएको येशूलाई विश्वास नगर्ने येशूको चेलाको बारेमा भन्दै उसले भन्यो।

"मेरो हृदयलाई परिवर्तन गर्न परमेश्वरले उहाँको शक्ति प्रयोग गर्नुभएको थियो भन्ने कुरामा म विश्वस्त छु। यदि परमेश्वरले त्यो अचम्मको काम ममा नगर्नुभएको भए मैले उहाँलाई अहिले पनि विश्वास गर्ने थिइन। अब म परमेश्वरलाई धुरन्धर विश्वास गर्छु। मेरो जीवनमा जुनसुकै समस्या आएतापनि र जटिल भएतापनि म उहाँलाई विश्वास गर्न छोड्दिन।" प्रभुप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उसले भन्यो।

**-लेखकः आन्ड्रयु मेक्चेस्नी**

| कथा ५५ | चर्चमा प्रयोगशाला<br>यीन फिइयरा<br>(क्याम्बोडिया, दक्षिणपूर्व एशिया) |
|---|---|

***१९ वर्षको उमेरमा फिइयराले परमेश्वरको परीक्षण गर्ने निर्णय गऱ्यो।***

यो युवक कम्बोडियाको दोस्रो ठूलो सहर बाटमबाङ्गमा धेरै महिनादेखि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गइरहेको थियो। एक दिन पास्टरले मलाकी ३:१०मा लेखिएको प्रतिज्ञा पढेको सुने। यसमा यो लेखिएको छः "मेरो भण्डारमा सबै दशासं ल्याउनु ताकि मेरो घरमा खानेकुरा हुनेछ। मलाई जाँचेर हेर' परमप्रभु शक्तिशाली परमेश्वरले भन्नुहुन्छ 'र हेर कि मैले स्वर्गको बाँध खोल्छु कि खोल्दिँन र मैले त्यस्तो धेरै आशिष खन्याउनेछु कि त्यसलाई सञ्चय गर्ने ठाउँ पनि हुनेछैन'" (मलाकी ३:१० रूपान्तरित)।

जब साबथमा भेटी सङ्कलन गर्ने झोला उसको नजिक ल्याइयो तब उसले त्यसमा १,००० रियल बैक चेक राखे। त्यो करिब २५ रूपैंया थियो। उसले आफ्नो भयभरको पैसा भेटीमा राखेको थियो।

टाट पल्टिएको फिइयरालाई भोलिपल्ट उसको दाजु फिरुनले उसले अपेक्षा नै नगरेको १०,००० रियल दियो। त्यो करिब दुई सय पचास रूपैयाँ थियो।

उसको दाजुले उसलाई कहिलेकाहीँ कुनै उत्सबमा पैसा दिन्थ्यो। ती उत्सबहरूमा कम्बोडियाको नयाँ वर्ष वा

मरेकाहरूको सम्झनामा मनाइने चाड जस्ता थिए। तर कुनै कारणबिना फिइयरालाई त्यसै पैसा कहिल्यै पनि दिइएको थिएन।

**फिइयरा चकित भयो।**

"तर त्यसबेला पनि यो परमेश्वरबाट आएको उपहार हो भनेर विश्वास गर्न म तयार थिइन" उसले भन्यो। अर्को साबथ उसले फेरि परमेश्वरको जाँच गर्ने प्रयास गऱ्यो। जब भेटीको झोला उसकहाँ आयो उसले फेरि १००० रियल (करिब २५ रूपैंया) राखे। त्यसबखत उसको खल्तीमा ५,००० रियल थियो (करिब १२५ रूपैंया)। त्यो पैसा अर्को हप्तामा आफ्नो मोटरसाइकलको निम्ति पेट्रोल खर्च राखेको थियो। पेट्रोलको निम्ति उसलाई सो पैसा आवश्यक थियो त्यो उसलाई चाहिएकै थियो। अब उसलाई पेट्रोलको निम्ति दिनु पर्ने २५ रूपैंया कम भयो।

"तर मलाई पैसाको खाँचो परेको थिएन। हप्ता दिन बित्दै जाँदा मेरा साथी र आफन्तहरूले मलाई अचानक पैसा दिन थाले। त्यसले गर्दा मोटरसाइकलको निम्ति तेल हाल्ने पैसाको खाँचो भएन। तर मैले कसैलाई पनि एक पैसा पनि मागेको थिइन" अचम्म मान्दै उसले भन्यो।

केही हप्ता पछि फिइयरा अत्यन्त अप्ठ्यारोमा पऱ्यो। चर्चले क्रिष्टमास कार्यक्रमको आयोजना गरेको थियो। उसले आफ्ना १५ जना साथीहरूलाई निम्त्यायो। तर तिनीहरूलाई तिन पल्ट गरेर आफ्नै मोटर साइकलमा चर्चमा ल्याउनुपर्दथ्यो।

जब चर्चको नजिक फिइयरा आयो तब पुलिसले तिनीहरूलाई समात्यो। ऊसँग भएका कुनै पनि साथीहरूले

हेलमेट लगाएका थिएनन्। कम्बोडिया देशको नियम अनुसार मोटर साइकल चढ्ने सबैले हेलमेट लगाउनुपर्दथ्यो।

पुलिसले हेलमेटको बारेमा सोधेन तर उसको लाइसेन्स खोज्यो। "यो मोटर साइकल कसको हो?" भनेर पुलिस अफिसरले फिइयरालाई सोध्यो। फिइयराले आफ्नो दाजुलाई फोन गऱ्यो। त्यो मोटर साइकल उसको दाजुको थियो र भन्यो धेरै समय अघि उसँग भएको लाइसेन्स हराएको थियो। अब के गर्ने फिइयरा चिन्ताग्रस्त भयो। पुलिसले त्यो मोटर साइकल खोसेर उसलाई त्यो चोरेको दोष लगाउन सक्थ्यो। अब के गर्ने फिइयरालाई थाहा भएन।

"अनि पास्टरले प्रार्थना गर्न सिकाएको मैले सम्झें। त्यसकारण मैले प्रार्थना गरें" फिइयराले भन्यो।

एक छिन पछि अर्को पुलिस अफिसर त्यहाँ के भइरहेको छ सो बुझ्न आए। फिइयराले आफ्नो अवस्था उसलाई सुनायो। अनि त्यस अफिसरले भन्यो "मलाई २०,००० रियल (दुई सय रूपैंया) मलाई देऊ अनि तिमी जान सक्छौ।"

फिइयरासँग त्यो पैसा थिएन। तर उसको झोलामा पुरानो कम्प्युटर  थियो। उसले त्यसलाई बेच्न धेरै हप्तादेखि प्रयास गरिरहेको थियो। मोटरसाइकललाई पुलिसकहाँ छोडेर थोत्रो सामनाहरू बेच्नेकहाँ ऊ गयो। त्यहाँको पसलेले कम्प्युटर लिएर उसलाई ४०,००० रियल वा चारसय रूपैंया दियो। पुलिसलाई आफ्नो जरिवाना तिरेर फर्क्यो।

**यो घट्नाले फिइयराको विश्वास झन बढ्यो।**

"परमेश्वर साँच्चिक्कै हुनुहुन्छ भनेर यस घट्नाले मलाई देखाएको थियो। जब मलाई समस्या परेको थियो परमेश्वरले मेरो प्रार्थनाको जवाफ दिनुभयो" अत्यन्त खुशी मान्दै फिइयराले भन्यो।

फिइयराले पुलिससँगको भेटमा कस्तो प्रतिक्रिया जनाउँदो रहेछ भनेर उसका साथीहरूले हेरिरहेका थिए। क्रिष्टमास कार्यक्रममा सकुसल आइपुग्न सकेकोमा तिनीहरू अत्यन्त छक्क परे। "तिम्रो परमेश्वरले तिमीलाई साँच्चिक्कै सहायता गर्नुभयो" उसका साथीहरूले उसलाई भने।

फिइयराले चर्चका साथीहरूसँग हेलमेट सापटी लियो र अरू साथीहरूलाई लिएर आयो।

आज फिइयरा उसको परिवारको एकमात्र बप्तिस्मा लिएको इसाई भएको छ। उनी विश्वविद्यालयमा पढ्दै छ र हरेक हप्ता चर्चमा चलिरहेको कम्प्युटर क्लासमा उसले सिकाउँदछ। जब नयाँ समुदाय भवनको निर्माण हुनेछ तब उसको क्लास चर्चबाट त्यहाँ सर्नेछ। यस त्रैमासिक भेटीको केही भाग त्यस समुदाय भवन निर्माण गर्न सहयोग गरिनेछ। फिइयरा जस्तो विश्वासीहरूलाई तिनीहरूको समुदायमा सेवा गर्न मिसन भेटी दिएकोमा तपाईंहरूलाई धन्यवाद छ।

लेखकः आन्ड्र्यु मेक्चेस्नी

कथा
५६

# परमेश्वरको निम्ति उड्ने
## ड्वेन हारिस
## (फिलिप्पिनस्, दक्षिणपूर्व एशिया)

अमेरिकाको सैनिक हवाइजहाज चलाउने पाइलटको काम छोडेर फिलिप्पिनस्मा मिसन पाइलट हुने भन्ने कुरा ड्वेन हारिसले कहिल्यै पनि कल्पना नै गरेको थिएन।

एक दिन आफ्नो घरमा आगलागी भएर उसको सर्वस्व नाश भयो। ड्वेन अमेरिकाको मोन्टाना राज्यमा सेभेन्थ-डे एडभेन्टिस्ट परिवारमा हुर्केको थियो। सानैदेखि उसलाई हवाईजहाजहरूप्रति मोह थियो। आफू ठूलो भएपछि मिसन पाइलट हुने सपना उसले देखेको थियो। आफ्नो हाइस्कूलको अध्ययन पछि नजिकैको राज्य वाशिङ्गटनमा रहेको चर्चले चलाएको वाला वाला कलेजमा पढ्न भर्ना भए। त्यहाँ त्यस कलेजले हवाइजहाज चलाउन सिकाउने क्लासमा पढ्न उसले आफ्नो नाउँ पनि लेखायो।

एक वर्षपछि ड्वेन आफ्नै राज्य मोन्टानामा हवाइजहाज मर्मत गर्ने लाइसेन्स पाए र पछि पाइलट नै हुने लाइसेन्स पायो। उसले बिग्रेको हवाइ जहाज किन्यो र त्यसलाई मर्मत गरेर चलायो। पछि सैनिक राष्ट्रिय सुरक्षा निकायमा काम गर्न भर्ना भयो। त्यसले उसलाई हेलिकप्टर चलाउन सिकाउने स्कुलमा पठायो। इसाई अनुभवमा ऊ न त तातो थियो न त चिसो नै थियो।

एक दिन उसको नातेदारले अमेरिकामा घुम्न आएका मिसन पाइलटसँग उसलाई चिनजान गराए। ड्वेन आफ्नो हवाइ जहाज उडाएर अर्को राज्य केन्टुकीमा मिसन पाइलटसँग भेट्न

गयो। त्यससँग फिलिप्पिनसमा हेलिकप्टर चलाएर परमेश्वरको निम्ति काम गर्न छलफलको लागि गएको थियो।

तर मिसन पाइलटलाई भेट्नुभन्दा एक रात अगाडि उसको दिदीले उसलाई फोन गरेर भनिन् कि आफ्ना आमाबाबु रहेको घर जलेर खरानी भयो। कसैलाई केही भएन तर त्यहाँ उसको सबै कुरा स्वाहा भयो। उसको दामी खेलौनाहरू, डुबुल्की मार्ने औजार र हिंउमा खेल्ने बोर्डहरू आगोले ध्वस्त पार्‍यो।

तैपनि ड्वेन आत्तिएर घरमा नफर्कि त्यस मिसन पाइलटसँग अर्को दिन छलफल गर्न गयो। उसले सोच्यो, "मेरो सबै सांसारिक कुराहरू जसले परमेश्वरबाट टाढा राखेको थियो परमेश्वरले हटाउनुभयो।" मिसन पाइलटतिर फर्केर उसले आफ्नो वचन दियो, "यदि म आफ्नो सैनिक कामबाट छुट्न पाए फिलिप्पिनसमा केही न केही काम गर्नेछु।"

## नयाँ प्राथमिकताहरू

आफू कामबाट कसरी छुट्ने भन्ने कुरा उसलाई थाहा थिएन। उसले सैनिक काममा छ वर्ष काम गर्न सम्झौता गरेको थियो। अब चार वर्ष बाँकि थियो। आफ्नो कामबाट छुट्न उनले प्रार्थना गर्न थाल्यो।

"जब मेरो घर जल्यो तब मेरो जीवनको प्राथमिकता के हो भनेर सोच्न थालें। यस संसारमा हामीले जम्मा गरेका भौतिक कुराहरू स्वर्गको अगाडि केही पनि होइन भनेर मैले महसुस गर्न थालें। मेरो र अरूको मुक्तिमात्र मुख्य कुरा रहेछ भनेर मैले सोचें" ड्वेनले भन्यो।

उसको जीवनमा पहिलो पल्ट उसले बाइबल पढ्न थाल्यो।

"जब मैले बाइबल पढ्न थालें तब परमेश्वरले मलाई बदल्न थाल्नुभएको थियो" उनले भन्यो। ड्वेनले आफ्नो काममा

साबथमा पनि काम गर्नुपर्थ्यो। धेरै महिनासम्म उसले प्रार्थना गऱ्यो तब उनलाई साबथको बिरुद्धमा कसैसँग सम्झौता गर्न नसकिने निश्कर्ष निकाल्यो। प्रत्येक महिनाको शुक्रबार, शनिबार र आइतबार सैनिक अभ्यासमा सबै सैनिकहरूले भाग लिनुपर्दथ्यो। आफूले चार वर्षसम्म साबथको आज्ञालाई उल्लङ्घन गरेको महसुस गऱ्यो।

आफ्नो टोलीको हाकिमसँग शुक्रबार र आइतावार हवाइजहाज उडाउने र शनिबारको सट्टा अरू कुनै दिन उडाउने अनुमति उसले माग्यो। टोलीको हाकिमले उसको अनुरोधलाई स्विकृति दिएन। जेभएतापनि जब अर्को अभ्यासमा आफू शनिबार नआउने निर्णय हाकिमलाई सुनायो।

सेनाको कमान्डरले कठोर भएर जवाफ दिए "म तिमीलाई कुनै बहानामा अभ्यासबाट छुट्टि दिन सक्दिन।"

अत्यन्त शिष्ट भएर ड्वेनले जवाफ दिए, "तपाईंले के गर्नुपर्छ सो गर्नु होस् र म के गर्नुपर्छ सो म गर्नेछु।"

सैनिक हाकिमले उसलाई के गर्ने सो उनलाई थाहा भएन। अहिलेसम्म ड्वेन कहिल्यैपनि आफ्नो अभ्यासमा गएल भएको थिएन र कुनै कसुर गरेको थियो। उसको रेकर्ड धेरै राम्रो थियो। तर सैनिक हाकिमको कुरा नमान्दा ड्वेनले सजायँ भोग्नु पर्दथ्यो।

धेरै महिनासम्म ड्वेन शुक्रबार र आइतबारमात्र सैनिक अभ्यासमा आयो। उसले निरन्तररूपमा प्रार्थना गरिरह्यो "हे प्रभु तपाईंले मलाई कहाँ राख्न चाहनुहुन्छ त्यहाँ राख्नुहोस्। यदि यहीं काम गरेर मेरो समय बिताउने भए ठिकै छ। यदि फिलिप्पिन्समा जान तपाईं खटाउनुहुन्छ भने पनि ठिकै छ।"

## परमेश्वरले प्रार्थनाको जवाफ दिनुभयो।

केही शिप नलागेपछि सैनिक कमान्डरले एक दिन ड्वेनलाई आफ्नो अफिसमा बोलायो।

"मैल मेरो हाकिमसँग तिम्रो बारेमा कुरा गरें। तिम्रो बिरुद्धमा हामीहरूको स्रोत र समय व्यर्थ खर्च नगर्ने निर्णय हामीले गर्‍यौं। तिम्रो रेकर्ड राम्रो छ। त्यसकारण तिमीलाई ससम्मान सैनिक कामबाट हटाउने निर्णय हामीले गर्‍यौं" अत्यन्त शिष्ट भएर त्यस टोलीको हाकिमले उनलाई भने।

ड्वेनले अत्यन्त अचम्म मान्यो। परमेश्वरलाई धन्यवाद दिएर आफ्नो सैनिक कार्यालयबाट बाहिर निस्क्यो र तुरन्तै फिलिपिन्समा जाने तरखर गर्‍यो। अनि सबै कुरा ठिक ठिक हुन आए। केही महिनाभित्रै कसैले उसलाई हेलिकप्टर किन्न पैसा दियो। आफूले बचाएको पैसा उनले खर्च गर्‍यो। अपेक्षा नै नगरेका ठाउँहरूबाट सहायताहरू आउन थाले। जहाजलाई बिना कर फिलिप्पिन्समा पठाउन पनि सहायता आयो।

"परमेश्वरले सबै थोक ठिक ठिक पार्नुभयो। मेरो कामको निम्ति मैले चन्दा पनि उठाउने प्रयास गरिनँ" खुशी भएर ड्वेनले भन्दछ।

आज ३९ वर्षको ड्वेन आफ्नो श्रीमती वेन्डीसँग फिलिप्पिन्समा काम गर्दछन्। वेन्डीलाई फिलिप्पिन्समा नै भेटेका थिए। तिनीहरू फिलिप्पिन्स एडभेन्टिस्ट मेडिकल एभियशन सर्भिसेसका निर्देशकहरू हुनुहुन्छ। तिनीहरूले चर्चलाई हवाईजहाजको माध्यमबाट र स्वास्थ सम्बन्धी काममा सहयोग गरेर सुसमाचार सुनाउन टेवा पुर्‍याउँदछन्।

"दश वर्ष भयो म यहाँ आएको परमेश्वरले हामीलाई चाहिएको आवश्यकता महिनामहिनामा पुर्‍याइरहनुभएको छ।

हामीले हामीहरूको कामलाई अझ बिस्तार गर्न सक्ने भएका छौँ" परमेश्वरप्रति आभारी भएर ड्वेनले भन्यो।

सैनिक जिम्मेवारीबाट सरसम्मान अवकास पाएर अहिले परमेश्वरको निम्ति हवाइजहाज चलाउने काम लिइरहेको छ। ड्वेनको निम्ति रोमी ८:२८ कुनै आदर्शको प्रतिज्ञा नभएर वास्तविक भएको अनुभव भएको छ। त्यसमा लेखिएको छ "हामीलाई थाहा छ कि जसले परमेश्वरलाई प्रेम गर्छ उसको निम्ति सबै थोक राम्रैको लागि हुन्छ। परमेश्वरको उद्देश्यमा सहभागीहुनेहरूलाई सबै थोक असलै हुन्छ" (रूपान्तरित)।

"परमेश्वरले आफ्नो काममा मलाई लगाउन सबैबाट सहायता जुटाउनुभएको छ। उहाँको प्रतिज्ञालाई हामीहरूले पकडि राख्न जरुरी छ" ढुक्क भएर ड्वेन हारिस बताउँछ।

**लेखकः** ***आन्ड्र्यु मेक्चेस्नी***

कथा ५७

# सुसमाचार प्रचार गर्ने डाक्टरहरू
## जे एम. टोम्कोकान
## (इन्डोनेशिया, दक्षिणपूर्व एशिया)

इन्डोनेसियाको मानन्डो अस्पताललाई सन २०१२को तेऱ्हौं साबथ स्कूलको भेटीको केही भाग उपलब्ध गराएको थियो। त्यस अस्पतालको बर्तमान स्थितिको बारेमा केही जानकारी यहाँ प्रस्तुत गरिएको छ।

जे डाक्टर हुनुहुन्छ र इन्डोनेसिया अस्पतालको अध्यक्ष हुनुहुन्छ। आफ्नो अत्यन्त व्यस्त कामबाट छुट्टी लिएर धेरै हप्ताको सुसमाचारीय कार्यक्रमलाई उहाँले अगुवाई गर्नुहुन्छ।

आफ्ना अस्पतालका कर्मचारीहरूलाई पनि त्यही गर्न उहाँले आग्रह गर्नुहुन्छ। आफ्ना कर्मचारीहरूसँग सार्वजनिक रूपमा सुसमाचार प्रचार गर्ने काममा खटिएर बिरामीहरूको उपचार गर्दा तिनीहरू सबैलाई एकताको शुत्रमा बाँधिराख्छ र येशूको आगमनको निम्ति तिनीहरूलाई तयार पार्छ भन्ने कुरा डाक्टर जेले भेट्टाएका थिए।

"सुसमाचार प्रचार गर्नु नै मेरो बिहानको र दिउँसोको खाना हो" डाक्टर जेले उहाँलाई उहाँको कार्यलयमा अन्तरबार्ता लिँदा भनेका थिए। उनी १५० खाट भएको मानाडो एडभेन्टिस्ट अस्पतालको अध्यक्ष हुन्। यो अस्पताल सुलावेसी भन्ने टापुमा रहेको छ।

स्थानीय कन्फरेन्ससँग मिलेर अस्पतालले सन् २०१७मा सुसमाचारीय अभियान चलाएको थियो। त्यसले गर्दा ६९ मानिसहरूले बप्तिस्मा लिएका थिए। सन् २०१६मा पनि

सुसमाचारीय अधियान कार्यक्रम चलाएका थिए। त्यसमा ५३जनाले बप्तिस्मा लिएका थिए। दुवै कार्यक्रममा केवल डाक्टरहरूलेमात्र प्रचार गरेका थिए।

सन् २०१८मा केही परिवर्तन आएको छ। अस्पताललले सुसमाचरीय अभियान कार्यक्रम चलाएको थियो। एउटामा डाक्टरहरूले कार्यक्रमको अगुवाई गरेका थिए भने दोस्रोमा नर्सहरूले र तेस्रोमा अस्पतालका प्रशासकहरूले गरेका थिए।

"संसारका मानिसहरूलाई उपचार गर्नुभन्दा पहिले हामी आआफ्नैमा एकतामा हुनुपर्छ। जब हामी सार्वजनिक सुमाचार कार्यक्रममा मिलेर काम गर्छौं तब हामीमा एकता भएको महसुस हुन्छ" डाक्टर जेले भने।

यो अनुभव डाक्टर जेको थियो जो इन्डोनेशियाको वेस्ट जाभामा रहेको बाङ्गडुङ्ग एडभेन्टिस्ट अस्पतालको अध्यक्ष हुनुहुन्छ। पाँच वर्षभित्र अस्पतालको सुसमाचार अग्रसरताले ४,००० मानिसहरूले बप्तिस्मा लिएका थिए। इन्डोनेसियामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट अस्पतालहरूले एडभेन्टिस्ट चर्चहरू संचालन गर्दछन्। अर्को दुई अस्पतालहरू बान्डर लाम्पुङ्ग एडभेन्टिस्ट अस्पताल र मिदान एडभेन्टिस्ट अस्पतालहरू हुन्। दुवै इन्डोनेसियाको सुमात्रा टापुमा छन्।

डिसेम्बर २००७मा जब मानन्डो एडभेन्टिस्ट अस्पताल सुरु भएको थियो त्यसमा ५० शैयाहरू थिए। त्यो अस्पताल चर्चको युनियनको मूख्य कार्यालयहरू रहेका भवनहरूमा थियो। सन् २०१२को साबथ स्कूलको भेटीको सहयोगले सन् २०१३मा त्यो अस्पताल १५० शैयाको बनियो।

डाक्टर जेले सन् २०१५मा मानाडो अस्पतालमा काम गर्नु सुरु गर्नुभयो। तर एडभेन्टिस्ट स्वास्थ प्रणालीमा काम गर्ने भनेर उनले कहिल्यै पनि सोचेका थिएनन्। उनले सात वर्ष सरकारी अस्पतालमा स्त्री रोगको विशेषज्ञ भएर काम गरेका थिए। तब पछि गएर उनलाई साबथको समस्या भयो। साबथमा काम नगर्नेभएकोले उनले अस्पतालबाट राजिनामा दिए। उनलाई बाङ्गडुङ्ग एडभेन्टिस्ट अस्पतालले काममा नियुक्त गऱ्यो। त्यहाँ नै उनले अरू मानिसहरूलाई सुसमाचार सुनाउन सार्वजनिक कार्यक्रम गर्ने मुख्य जिम्मेवार लिएका थिए।

सार्वजनिक रूपमा सुसमाचार प्रचार गर्ने कार्यक्रममा लाग्दा सुसमाचार प्रचार गरिनेमात्र होइन अस्पतालका कर्मचारीहरूको विश्वास पनि बलियो हुने कुरामा डाक्टर जेले खुशी व्यक्त गरेका थिए। जब अस्पतालका कर्मचारीहरू गाउँहरूमा गएर मानिसहरूलाई बिना पैसा उपचार गर्न सहभागी हुन्छन्, स्वास्थ सेमिनारहरूमा सहयोग गर्छन् तब सुसमाचार प्रचारको काम पनि त्यसै बेला गर्दछन्।

"जब हामी गाउँघर सहरमा गएर अरूको सेवा गर्छौं, मानिसहरूको मनोबल उच्च पार्दछौं तब हामीहरूले पनि त्यसबाट सिधै फाइदा पाइरहेका हुन्छौं" डाक्टर जेले भन्नु भयो।

मानाडो अस्पताल आफैमा चार जना पास्टरहरू छन्। तिनीहरूले अस्पतालको प्रगतिशील आत्मिक कार्यक्रमको रेखदेख गर्दछन्, साप्ताहिक प्रार्थना कार्यक्रम, दश दिने प्रार्थना कार्यक्रम र अस्पतालको सबै विभागहरूमा दिनदिनै बिहान उपासनाको कार्यक्रम चलाउँछन्। सन् २०१६मा नौ जना बिरामीहरूले

बप्तिस्मा लिएका थिए भने सन् २०१७मा दुई जना अरूले बप्तिस्मा लिएका थिए।

"मत्ती २८:१९-२०"मा येशूले दिनुभएको निर्देशन नै हामीहरूको प्राथमिकता हो" डाक्टरले भन्नुभयो। त्यसमा येशूले भन्नुभएको थियो, "जाऊ, सारा संसारमा गएर चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे जे आदेश दिएँ त्यही कुराहरू पालन गर्न सिकाऊ" (रूपान्तरित)।

"येशू छिट्टै आउनुहुँदैछ भनेर हामी विश्वास गर्छौं। हो, उहाँ छिट्टै आउनुहुनेछ" डाक्टर जेले भन्नुभयो।

लेखक: आन्ड्र्यु मेक्चेस्नी

| कथा ५८ | निको पार्ने कागती<br>सिरेनबुयसान<br>(इन्डोनेसिया, दक्षिणपूर्व एशिया) |
|---|---|

इन्डोनेसियाको पपुवा न्यु गीनी पहाडको फेदीमा मेरो साथी र मलाई मिसन हवाइजहाजले झारिदियो।

माथि पहाडमा उक्लिनुभन्दा पहिले हामी सहरको पसलमा केही किनमेल गर्न गयौं। हामी पहाडको गाउँमा प्रभुको बारेमा सिकाउन स्वयंसेवक विद्यार्थीहरू भएर जाँदै थियौं। हामी आफ्नो कलेजबाट केही समय छुट्टी लिएर गाउँका मानिसहरूलाई केही सेवा गर्न सक्दछौं कि भनेर जाँदै थियौं। किनमेल गर्न हामीसँग खास पैसा थिएन। तर बजारमा हामीलाई मन पर्ने एक थोकको चाहना हामीले गर्‍यौं। त्यो थियो हरियो कागतीहरू। हामीलाई कागती असाध्य मनपर्दथ्यो। पहाडमा कागती पाइन्दैन भनेर हामीलाई थाहा थियो।

पहाडमा हिंड्दा हिंड्दै दुई हप्ता पछि टिनीबिल भन्ने पहाडको गाउँमा आइपुग्यौं। त्यहाँ हामीले कसैलाई चिनेको थिएनौं। तिनीहरूलाई येशूको बारेमा कसरी सुनाउने भन्ने कुरा पनि हामीलाई थाहा थिएन। हामीहरूले १००० मिसिनेरी अभियान संगठनमा एक वर्ष तालिम पाएका थियौं। तिनीहरूले हामीलाई अनकङ्टार पहाडमा पठाए। त्यहाँका गाउँलेहरूलाई येशूको सुसमाचार कसरी सिकाउने भन्ने कुरामा हामी अलमल भएका थियौं। हामीले के गर्ने सो थाहा पाएनौं भने प्रार्थना गर्नु भनेर हामीलाई सिकाएको सम्झ्यौं। त्यसकारण हामीले प्रार्थना गर्‍यौं।

जब हामी गाउँमा हिंडिरहेका थियौं एक दिन गाउँको एक जना मानिसले उसको मारियस भन्ने अन्धो नातेदारलाई हेर्न आउन

अनुरोध गऱ्यो। हामी उसको घरमा गयौं र दुई वर्ष अघिदेखिमात्र अन्धो भएको मारियस कसरी अन्धो भयो भनेर हामीले सोध्यौं।

"मलाई थाहा छैन। त्यत्तिकै अन्धो भयो" भनेर टाउको हल्लाउँदै त्यस मानिसले भन्यो। तर गाउँका अरू मानिसहरूले दुष्ट आत्माले गर्दा अन्धो भएको भनेर बताए। मारियस र उसका परिवारले सहयोगको निम्ति अनुरोध गरे। तिनीहरूले औषधी र प्रार्थनाको निम्ति अनुरोध गरे।

मेरो साथी र मलाई केही थाहा भएन के गर्ने। हामी आफ्नो कोठामा फर्केर आयौं र प्रार्थना गऱ्यौं, "प्रभु, यदि यहींबाट हाम्रो काम सुरु हुन्छ भने अचम्मको काम गरिदिनुहोस्।"

पहाडको फेदीमा कागती किनेको हामीले सम्झ्यौं। हामी डाक्टरहरू त होइनौं तर कागतीमा औषधी हुन्छ भन्ने कुरा केही हदसम्म हामीलाई थाहा थियो। त्यसकारण भोलिपल्ट मारियसको घरमा जाँदा केही कागतीहरू लिएर गयौं। हामीले कागतीलाई काट्यौं र प्रार्थना गऱ्यौं। कागतीको केही झोल उसको आँखामा राखिदियौं र फेरि प्रार्थना गऱ्यौं। दिउँसो पनि उसको घरमा गयौं र प्रार्थना गर्दै अर्को थोपा झोल राखिदियौं। फेरि प्रार्थना गऱ्यौं।

यो काम हामीले एक हप्ताभरि विहान र दिउँसो गऱ्यौं। मारियसको आँखा खोलिएन। हामीले भन्ठान्यौं कि हाम्रो काम व्यर्थ भयो। तर दुई हप्तापछि हामीलाई मारियसले भन्यो कि दुई वर्ष पछि सबभन्दा पहिले उसले केही न केही प्रकाश देखेको छ। हामीलाई हौशला बढ्यो र फेरि प्रार्थना गऱ्यौं।

एक महिनापछि मारियसले एक दिन भन्यो कि ऊ अलिअलि देख्न सक्ने भएको छ। त्यही दिन हामीहरूको कागती सकिएको थियो। त्यो कुरा मारियसलाई हामीले भनेनौं। तर अब नयाँ उपचार गर्नेछौं भनेर उसलाई हामीले भन्यौं। हामी केवल अब प्रार्थनामात्र गर्दछौं। दिनको दुई पल्ट मारियसलाई भेटेर उसँग प्रार्थना गऱ्यौं।

धेरै हप्तापछि हामी मारियसको घरमा पुग्दा त ऊ घर नजिकको खेतमा हेरिरहेको पो देख्यौं। ऊ हिँडडुल गरिरहेको थियो। ऊ देख्ने भएको थियो। पूरै आँखा खोलेको त छैन तर जीविका चलाउन आफू देख्न सक्ने भएको मारियसले हामीहरूलाई बतायो।

मारियस अत्यनत खुशी भएको थियो। उसले गाउँका अरू मानिसहरूलाई येशूले उसको आँखा खोलिदिनुभएको र दुष्ट आत्मालाई उहाँले जित्नुभएको थियो भनेर गाउँलेहरूलाई बतायो।

त्यसले गर्दा सुसमाचार प्रचार गर्न त्यस गाउँमा हामीहरूको ढोका खुल्यो। मारियस निको भएको खबर पहाडको गाउँभरि फैलियो। प्रार्थना गर्न र उपचार गर्न गाउँलेहरूले हामीसँग सम्पर्क राख्न थाले। गाउँलेहरूले हामीहरूलाई पास्टर डाक्टर भनेर बोलाउन थाले। हामी न त पास्टर हौं न त डाक्टर नै हौं। तिनीहरूले बाइबल अध्ययन गर्न चाहे। यो हामीहरूको प्रार्थनाको जवाफ थियो। केही समयपछि सात जनाले बप्तिस्मा लिए।

संसारको कुना कुनामा प्रभुको सुसमाचार प्रचार गर्न मिसन भेटी दिनुभएको तपाईंहरूलाई धन्यवाद।

***-सिरेनबुयसानले आन्ड्रयु मेक्चेस्नीलाई बताएको आधारमा***

सिरेनबुयसान विद्यार्थी मिसिनेरी भएर सन् २०१६मा सेवा गरेका थिए। उनी अहिले इन्डोनेशियाको माननडो सहरमा भएको युनिभर्सिटीक्लाबारमा धर्मदर्शनको अध्ययन गरिरहेका छन्। तर तपाईंको आँखामा कागतीको झोल राखेर निको पार्न नखोज्नुहोस्।

| कथा ५९ | जीवनलाई परिवर्तन गर्ने फोहरमैला<br>पेट्रुसटोबोलु<br>(इन्डोनेसिया, दक्षिणपूर्व एशिया) |
| --- | --- |

जब आफ्नी १९ वर्षकी छोरी मोनिकले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन् भनेर किसानी बाबु पेट्रुसटोबोलुले थाहा पाए तब उनी आगो भए।

पेट्रुसटोबोले इन्डोनेसियाको हालमहरा टापूको गाउँ सोहुकुममा ३५ वर्षसम्म पास्टरी काम गरेका थिए। उनको छोरीलाई एडभेन्टिस्ट पास्टरले उनको अनुमति बिना कसरी बप्तिस्मा दिन हिम्मत गरे भन्ने कुरालाई उनले बुझ्न सकेनन्। एडभेन्टिस्ट शिक्षादीक्षा शैतानबाट आएको हो भनेर उनी ठान्दथे। त्यसकारण ठूलो लठ्ठी लिएर उनेले आफ्नी छोरीलाई बेस्सरी कुटे। "एडभेन्टिस्ट आस्थालाई छोड!" रिसले जुरमुरिँदै उनी चिच्याए।

मोनिकाले केही शब्द पनि बोलिनन् तर रोएरमात्र बसिन्। त्यसले गर्दा बाब झन अलमलिए। त्यसरी कुट्दा पनि आफ्नी छोरी किन नरिसाएको भनेर उनी छक्क पर्न थाले।

हिमाहरा टापुमा सुसमाचार प्रचारको क्रममा मोनिका बाइबल अध्ययनमा लागेकी थिइन्। त्यसपछि उनीसहित अरू तिन जना युवा युवतीले पनि बप्तिस्मा लिएका थिए। दुई जना मिसिनेरी बिद्यार्थीहरूको सुसमाचार प्रचारको कामले त्यस टापुमा एडभेन्टिस्ट भएकाहरूमा तिनीहरू पहिला थिएनन्।

एक दिन मोनिकाले एडभेन्टिस्ट किताबहरू भएको एउटा बाकस घरमा ल्याइन्। पेट्रुस रिसले आगो भएर त्यो बाकस

मोनिकाबाट खोसे र घरको पछाडि फोहर फाल्ने ठाउँमा हुत्तै फ्याँकिदिए। तर जब बाकस जमिनमा फुटेर खस्यो तब त्यसबाट किताबहरू निस्के। ती किताबहरूमा  प्रचारक मार्क फिन्लेले लेखेको एउटा किताबमा उनको आँखा  पुग्यो। त्यो किताबको शीर्षक थियो "झण्डै बिर्सेको दिन।" उनले कसैले थाहा नपाउने गरि त्यो किताब फोहरको थुप्रोबाट सुटुक्क लिए। उनले एडभेन्टिस्ट वर्ल्ड पत्रिका पनि पनि लिए।

अर्को दिन बिहान ती सामग्रीहरू लिएर तिनी खेतमा काम गर्न गए। तर उनले काममा ध्यान दिन सकेनन्। उनले दश बजेसम्म काम गरे। अनि बाँकि दिनमा त्यो पुस्तक र पत्रिकाहरू पढेर बिताए। अर्को दिन पनि त्यस्तै भयो। उनले पुस्तकमा भएका पदहरू आफ्नो बाइबलसँग तुलना गरे। एडभेन्टिस्ट सामग्रीहरू सत्य हो कि होइन भनेर उनले ठम्याउन चाहेका थिए। उनले ती सामग्रीहरू ८ महिनासम्म कसैलाई थाहा नदिइ पढे।

"त्यस पुस्तकमा के लेखिएको थियो सो बाइबलमा पनि भएको मैले थाहा पाएँ। म अध्ययन गरिरहें र साबथको बारेमा लेखिएको सामग्रीप्रति म प्रभावित भएँ।

शनिबार नै बाइबलले सिकाए अनुसार साबथ हो भनेर बुझेपछि उनले आफ्नो चर्चमा साबथको बारेमा प्रचार गर्न थाले।

आइतबारको दिन चर्च आउने गरेका विश्वासीहरूलाई उनले एक आइतबार भने, "यदि शनिबार नै साबथ हो भने त्यो दिनमा हामी किन आराधना नगर्ने? यदि बाइबलले भनेको अनुसार हामी चलेनौं भने हामीसँग बाइबल भएको के काम?"

उनको प्रवचनले चर्चका विश्वासीहरू एकदम झस्के। "यस्तो खालको प्रवचन त धेरै समयदेखि हामीले सुनेका छैनौं। सायद तपाईंले नयाँ शिक्षा पो ल्याउँदै हुनुहुन्छ कि क्या हो?" तिनीहरूले उनलाई सोधे।

आफूले चर्चमा एडभेन्टिस्ट शिक्षा घुसाइरहेका थिए भनेर पेत्रुसलाई थाहा थिएन। उनलाई बाइबलले के भनेको थियो सो उनले बुझेका थिए। बाइबलको सत्यतालाई मात्र उनले प्रचार गर्न खोजेका थिए। बिस्तारै उनले शनिबार नै परमेश्वरको आराधना गर्न थाले।

जब पेत्रोसकी दिदीले उनको विश्वासको बारेमा सुनिन् तब उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा संलग्न हुन सल्लाह दिइन्। आफ्नी छोरीबाट दिदीले एडभेन्टिस्ट चर्चको बारेमा सुनेकी थिइन्। उनकी छोरी सुलावसी टापुमा रहेको एडभेन्टिस्ट युनिभर्सिटीक्लाबाटमा पढेकी थिइन्।

केही समयपछि केही एडभेन्टिस्ट पास्टरहरू पेत्रोस भएको टापुमा गए। तिनीहरूलाई आफ्नो चर्चमा प्रचार गर्न निम्तो दिए। जब पास्टरहरूले प्रवचन दिँदै थिए तब चर्चका केही सदस्यहरूले चर्चमा ढुँगामुढा गरे। पेत्रोसले ती पास्टरहरूलाई लुकाउनु परेको थियो र सुटुक्क तिनीहरूलाई गाउँबाट सुरक्षितसाथ भगाएर लगेका थिए। जब पेत्रोस फर्केर आए तब गाउँलेहरू लठ्ठीहरू लिएर उनलाई कुट्न पर्खिरहेका थिए। तर तिनीहरूलाई सम्झाए र आफू गाउँबाट निस्किने मञ्जुरी गरे। उनले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिन चाहेका थिए।

पेत्रोस आफ्नो परिवारसहित मानाडो सहरमा गए। त्यो सहरमा धेरै एडभेन्टिस्टहरू थिए। त्यो सहरमा एडभेन्टिस्ट

विश्वविद्यालय पनि थियो। उनले श्रृखलाबद्ध रूपमा चलाएको सुसमाचार कार्यक्रममा भाग लिए। अनि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए।

जब पेत्रोस र आफ्नो परिवार आफ्नो घरमा फर्के तब तिनीहरूको घरमा अरू मानिसहरू सरेर बसिसकेका थिए। तिनीहरू आफ्नो खेतको नजिक भएको एउटा घरमा दुई महिनासम्म बसे। उनको अरू दुई छोराहरू जो १३ र १७ वर्षका थिए, तिनीहरूले पनि बप्तिस्मा लिए।

साबथमा चर्च चलाउन तिनीहरूलाई गाउँलेहरूले रोकि नै रहे। त्यसकारण तिनीहरू मानान्डोमा गए जहाँ तिनीहरूले गहिरोरूपमा बाइबल अध्ययन गर्न सकेका थिए।

दुई वर्षपछि तिनीहरू फेरि आफ्नै गाउँमा फर्केर आए र गाउँलेहरूलाई साथी बनाउन थाले।

"हामीहरूले गाउँका मानिसहरूसँग घुलमिल गर्‍यौं र परमेश्वरको वचन सुनायौं। हामीहरूले आफ्नै नातेदारहरूबाट सुरु गर्‍यौं। अनि तिन वर्षभित्रमा २७ जनाले बप्तिस्मा लिए र चर्चलाई सँगठित गरियो।

आज वर्ष ५०को पेत्रोस चर्चको एल्डर भएर चर्चको सेवा गर्दछन्। आफ्नो गाउँमा सन् २०१७मा सुसमाचारको कार्यक्रम राखे र त्यहाँ पनि तिन जनाले बप्तिस्मा लिए।

"सुरुमा गाउँलेहरूले मदेखि सुरु गरेर एडभेन्टिस्टहरूलाई सताए। तर अहिले हामी आठ परिवारहरू मिलेरप्रत्येक साबथमा आराधना गर्दछौं।" पेत्रोसले भने।

| कथा ६० | आफ्नै आमाले विष ख्वाइन् डेसी नाटालिया आङ्गो (इन्डोनेसिया दक्षिणपूर्व एशिया) |
|---|---|

अठार् वर्षकी डेसी नाटालिया आङ्गो अत्यन्त खुशी भइन् जब उनको सङ्गी विद्यार्थी इन्डोनेसियाको टापुको दक्षिण भागमा रहेको सुलावेसीको लिम्बोङ्ग सहरमा सङ्गै एक वर्ष प्रभुको लागि स्वयंसेवक भएर काम गर्न खटाइएको थियो।

ठूलो सहरमा काम गर्न रमाइलै हुनेछ भनेर डेसीले सोचेकी थिइन्। तर जब उनी र उनकी साथी स्थानीय कन्फरेन्स कार्यालयमा पुगे तब तिनीहरूलाई कारमा राखेर तिन घन्टा लामो बाटोमा जान अऱ्हाइयो। तिन घन्टाको लामो कारको यात्रा पछि तिनीहरूलाई मोटर साइकलमा राखियो र पहाडको गाउँमा पाँच घन्टा लामो यात्रा लगियो। बाटो एकदम चिप्लो थियो र डेसी मोटरसाइकलबाट लडिरहिन्।

जब मोटर साइकलको बाटो सकियो तब तिनीहरू आठ घन्टा लामो बाटो हिँडेर अर्को गाउँमा जानुपर्ने भयो।

तर पहाडको गाउँमा जानु भन्दा पहिले तिनीहरूले स्थानीय सरकारी कार्यालयबाट त्यहाँ जाने अनुमति लिनुपर्थ्यो। ती विद्यार्थीहरू जाने गाउँ लिम्बोङ्गका धेरै मानिसहरू त्यस कार्यालयमा थिए।। जब तिनीहरूले डेसी र उनका साथीलाई देखे तब तिनीहरूले भव्य ताली बजाएर गाउमा लगे र गाउँलेहरूलाई ठूलो खबर सुनाए। जब ती युवा स्वयम्सेवकहरू गाउँमा आए तब तिनीहरूलाई परम्परागत रूपमा ठूलो समारोहसाथ स्वागत गरे। कालो प्वाँख भएका कुखुराका चल्लाहरूलाई मारेर, पोले र उमालेर पाहुनाहरूलाई दिए। गाउँलेहरू नियमितरूपमा कुखुरा खान्थे।

"तिनीहरूको भाषा हामीले बुझेनौं र तिनीहरूले के भनिरहेका थिए सो हामीले बुझनौं र के गर्ने भनेर पनि जानेनौं" डेसीले भनिन्।

अझ येशूको प्रेम तिनीहरूलाई कसरी सुनाउने भन्ने कुरा त झन थाहै थिएन। उनी र उनकी साथी दुई दिनसम्म उपवास बसे र प्रार्थना गरे।

## अँगार र मेवा

दोस्रो दिनमा एक जना गाउँले स्त्रीले तिनीहरूसँग सहायता मागी। उसले ती दुई स्वयं सेवकहरूलाई उनकी आमाकहाँ लगी। आमा इन्डो रिको बिरामी भएर ओछ्यानमा पल्टिरहेकी थिइन्। तिनी रगत बग्ने व्यथाले बिरामी भइरहेकी थिइन्। तिनीहरूले येशूले रगत बग्ने व्यथा भएकी स्त्रीलाई निको पार्नुभएको मर्कूस ५:२५-३४मा लेखिएको कथा सम्झे। ती स्वयंसेवकहरूसँग बिरामीलाई उपचार गर्ने अनुभव थिएन र के गर्ने सो थाहा थिएन। तर तिनीहरूसँग केही अंगार वा औषधीको रूपमा प्रयोग गरिने चारकोल थियो। तिनीहरूले चारकोललाई दुई चम्चा पानीसँग मिसाएर ती आमालाई ख्वाए। तर ख्वाउनुभन्दा अघि प्रार्थना गर्ने अनुमति ती आमासँग मागे।

"हामीले प्रार्थना गऱ्यौं 'हे प्रभु तपाईंले यी आमालाई यस चारकोलबाट निको पार्न सक्नुहुन्छ भनेर हामी विश्वास गर्छौं'" डेसी सम्झन्छिन्। "तर हामी अब के गर्न सक्छौं भनेर सोचिरहेका थियौं" उनले भनिन्।

१००० मिसिनेरी मुभमेन्ट संस्थाको क्याम्पसका मानिसहरूसँग सम्पर्क राख्न तिनीहरूले निधो गरे। त्यसै संस्थाबाट तिनीहरूलाई त्यस गाउँमा पठाइएको थियो। तर मोबाइलबाट बोलाउन तिनीहरू एक घन्टा लामो अर्को पहाडमा गएर चलाउनुपर्थ्यो। बिऊसहित सानो मेवालाई मुछ्नु र एउटा

केरासित इन्डोलाई खुवाउनु भनेर क्याम्पसको नर्सले तिनीहरूलाई भनिन्।

इन्डोको घर पुगेपछि डेसीले उनलाई भनिन्, "हामी इसाई हौं। येशूले सहायता गर्नुहुन्छ भनेर हामी विश्वास गर्छौं। यदि तपाईंले यो खानुभयो भने तपाईंलाई सञ्चो हुन्छ।"

ती स्वयंसेवकहरूले इन्डोलाई एक महिनासम्म मेवा र केरा मिसाएर ख्वाए। सुँगुरको मासु र अरू अशुद्ध मासुहरू नखान पनि तिनीहरूले उनलाई भने। जब एक महिना पूरा भयो तब इन्डोको रगत बग्ने व्यथा निको भयो र उनी साविकै रूपमा काम गर्न सक्ने भइन्।

गाउँलेहरू तिनीहरूको काम देखेर सबै छक्क परे। तिनीहरूका बालबच्चा र अरू आफन्तहरूलाई पनि उपचार गर्न ती स्वयंसेवकहरूलाई अनुरोध गरे। तिनीहरू आफूसँग भएको चारकोल र प्रार्थनामा भर परे गाउँलेहरूको उपचार गरे।

ती स्वयंसेवकहरूको कामलाई ती गाउँलेहरूले सराहना गरे र तिनीहरूले ती स्वयंसेवकहरूलाई आफ्नै केही सल्लाह पनि दिए। पालैपालो गरेर ती स्वयंसेवकहरूलाई गाउँमा रहेको एउटा घरमा नजान सल्लाह दिए। "त्यस घरमा नजानु किनभने त्यहाँ तिमीहरूलाई बिष ख्वाउँलान्" गाउँलेहरूले तिनीहरूलाई सतर्क गराए।

तर सबै घरमा जानुपर्छ भनेर ती स्वयंसेवकहरूलाई सिकाएको हुनाले तिनीहरूले गाउँलेहरूको सल्लाहलाई वास्ता गरेनन्।

जब ती स्वयंसेवकहरू त्यही मनाही गरिएको घरमा गए र ढोका घचघचाए। त्यसबेला करिब ३० वर्षकी महिलाले तिनीहरूलाई खुशी भएर स्वागत गरे। उनले तिनीहरूलाई केही खाना र पिउने कुरा दिए।

स्थानीय खाना क्यासाभा र रातो रङ्गको मकै तिनीहरूलाई उनलाई दिइयो। डेसीले त्यस क्यासाभा र रातो मकै देखिन् र आफ्नो साथीलाई खान भनि अऱ्हाइन्। "पहिला तिमी खाऊ" भनेर उनले भनिन्। "अहँ, पहिला तिमी खाऊ" भनेर उनकी साथीले भनिन्।

डेसीले त्यस महिला जसको नाउँ मामा वान्डी थियो, उनलाई सोधे कि तिनीहरूले खाना अघि प्रार्थना गर्न सक्छन् कि सक्दैनन्। "तिमीहरू किन प्रार्थना गर्न चाहन्छौ?" मामा वान्डीले सोधिन्। "हामीहरू इसाईहरू हौं। हामीले जे गरेपनि प्रार्थना गर्नुपर्छ भनेर हामी विश्वास गर्छौं" डेसीले भनिन्। प्रार्थना गरेपछि तिनीहरूले खाना खाए। तिनीहरूलाई केही पनि भएन।

मामा वान्डीले अर्को दिन पनि खाना खान बोलाइन्। खाना खानुभन्दा अघि तिनीहरूले प्रार्थना गरे। तिनीहरूलाई केही नराम्रो भएन। दुई हप्तासम्म यो क्रम जारी रह्यो। गाउँका अरू मानिसहरूलाई मामा वान्डीले भने, "यी स्वयंसेवकहरू साधारण होइनन्। मैले दुई हप्तासम्म विष भएको खाना ख्याएँ। तिनीहरू कहिल्यै पनि बिरामी भएनन्।"

यो कथा गाउँभरी फैलियो। ती मिसिनेरीहरूलाई बिषले छुन नसकेको कथा सुनेर तिनीहरूले अचम्म माने। धेरै मानिसहरू तिनीहरूबाट परमेश्वरको बारेमा सुन्न आए।

"हामीहरूको कामलाई सकारात्मक रिपोर्ट दिन परमेश्वरले मामा वान्डीलाई प्रयोग गर्नुभयो" डेसीले भनिन्।

२१ वर्षकी डेसी इन्डोनेसियाको सुलावेसी टापुको उत्तरी छेऊमा रहेको एडभेन्टिस्ट युनिभर्सिटासक्लाबाटमा शिक्षा र अङ्ग्रेजी मूल बिषय लिएर अध्ययन गर्दैछिन्। आफ्नो पढाइ सिध्याएपछि त्यही गाउँमा गएर प्राथमिक स्कुल खोल्न चाहन्छिन्। त्यो कथा पछि उनी त्यस गाउँमा धेरै पल्ट पुगिन्।

अहिले स्थानीय जिल्लाको पास्टरसँग मामा वान्डीले बाइबल अध्ययन गरिरहेकी कुरा थाहा पाउँदा उनी अत्यन्त खुशी छिन्।

डेसीले भनिन् "बाइबलको अय्यूब ४२:२मा लेखिएको पदले त्यस वर्षले हामीहरूलाई धेरै हौसला दिएको थियो। त्यसमा लेखिएको छ 'मलाई थाहा छ कि तपाईंले जे पनि गर्न सक्नुहुन्छ। तपाईंको लक्ष्यलाई कसैले पनि तपाईंबाट रोक्न सक्दैन' हो परमेश्वरले जे पनि गर्न सक्नुहुन्छ।"

**लेखकः** ***आन्ड्र्यु मेक्चेसनी***

| कथा ६१ | बुझ्न गाह्रो बाइबल<br>जेलिन्डोयोयाओले<br>(इस्ट टिमोर) |
|---|---|

जेलिन्डो इस्ट टिमोरको बदमाश मानिस थियो। ऊ जड्याँहा थियो, चुरोठ खान्थ्यो र जुवा खेल्थ्यो। उसको हातभरी टाटु अर्थात् छिलामा चित्रहरू कोरिएका थिए। उसले गुण्डाहरूको समूह खडा गरेको थियो। ऊ हरेक हप्ता चर्च जान्थ्यो तर जहिले पनि ऊ उदास थियो। ऊ गएको चर्च रोमन क्याथोलिक चर्च थियो। त्यहाँको पास्टरलाई फादर भनिन्छ।

२१ वर्षको हुँदा उसलाई बाइबल पढ्न अत्यन्त चाहना भयो। उसँग बाइबल थिएन। त्यसकारण उसको घरबाट ९०० माइल अर्थात् १४०० किलोमिटर टाढा रहेकी दिदीलाई बाइबल किन्न अनुरोध गऱ्यो। उनकी दिदी इन्डोनेसियाको एक सहर सुराबायामा बस्दथी।

"दिज्यू, मलाई एउटा बाइबल किनेर पठाइ दिन सक्नुहुन्छ?" उसले अनुरोध गऱ्यो। दुई हप्तापछि उसले बाइबल पायो। एक महिनाभित्र उसले उत्पत्तिदेखि प्रकाशसम्म पढ्यो। तर उसले केही पनि बुझेन। उसले दोस्रो पल्ट बाइबल पढ्यो र तेस्रो पल्ट पनि तर उसले केही बुझेन। घुँडा टेकेर उसले प्रार्थना गऱ्यो, "हे परमेश्वर तपाईंको वचन म बुझ्न चाहन्छु। तर कसरी बुझ्ने मलाई थाहा छैन। तपाईंको पवित्र आत्मा मलाई पठाउनुहोस र बाइबल पढ्न अगुवाई उहाँद्वारा गरियोस्।" अनि फेरि चौथो पल्ट उसले बाइबल पढ्यो। जब जब उसले बाइबल पढ्यो तब तब उसले पवित्र आत्माबाट सो बुझ्न पाउँ भनी प्रार्थना गऱ्यो।

त्यसरी प्रार्थना गरेर पढ्दा धेरै नयाँ कुराहरू भेट्टाउँदा उसलाई अचम्म लाग्यो। पढ्दा पढ्दा उसले प्रस्थान २०:४-५मा रहेको दोस्रो आज्ञा पढ्न पुग्यो। त्यहाँ परमेश्वरले भन्नुभएको थियो, "तिमीले आफ्नो निम्ति खोपिएको मूर्ति नबनाउनु। आकाश, पृथ्वी, पृथ्वीमुनि वा पानीमा भएका कुनै पनि बस्तुको आकार नबनाउनु। तिनीहरूलाई नढोग्नु र तिनीहरूलाई पुजा नगर्नु।" (रूपान्तरित)। "हाम्रो चर्चमा कुँदिएका मूर्तिहरू किन छन्?" उसले अचम्म मानेर सोच्यो। ऊ प्रत्येक आइतबार चर्चमा गइरह्यो र तिन वर्षसम्म प्रत्येक बेलुका बाइबल पढिरह्यो। उसले बिबाह पनि गर्‍यो र दुईवटा पसलहरू पनि खोल्यो।

एक दिन उसको पसलमा एक जना थोमस लोपस् नाउँ गरेको सेभेन्थ-डे एडभेन्टिस्ट आए र मार्क फिन्लीले लेखेको "द अलमोस्ट फर्गटन डे" (झण्डै बिर्सिएको दिन) भन्ने किताब बेच्यो। त्यो किताब पढेर शनिबार नै बाइबलमा भनेको साबथ रहेछ भनेर थाहा पाएपछि ऊ अत्यन्त झस्क्यो। उसले यो पुस्तकको पछाडिको पानामा थोमासको फोन नम्बर भेट्टायो र आफ्नो पसलमा आउन फोन गर्‍यो। जब थोमास जेलिन्डोको पसलमा आयो तब उसले तुरन्तै सोध्यो, "यो पुस्तकमा आइतबार नभनी शनिबार नै साबथ दिन हो भनेर किन लेखियो?" थोमासले उसलाई सिधै जवाफ दिएनन्। तर उनले जवाफ दिए, "तपाईं आफै बाइबल पढ्नुहोस् र पवित्र आत्माले तपाईंलाई जवाफ दिउन्।" जेलिन्डोले बाइबल फेरि पढ्यो। जब मत्ती २८:१मा ऊ आइपुग्यो उसले पढ्यो "अब साबथपछि जब हप्ताको पहिलो दिनको बिहान भयो, मेरी मग्दलिन र अर्को मेरी चिहानमा हेर्न आए।" त्यहाँ उसले जवाफ पायो। बाइबलले आइतबारलाई

हप्ताको पहिलो दिन भन्छ। अर्को शनिबार उसले आफ्नो पसल थुन्यो र शनिबार बिहान आफ्नो चर्चमा भएको सेवा सङ्गतिमा भाग लियो।

केही हप्तापछि शनिबार बिहानको सेवासङ्गतिपछि फादरले उसलाई सोध्यो "तिमी किन आइतबारको सट्टा शनिबार चर्चमा आउँछौ? तिम्रो श्रीमती र तिम्रो बच्चा आइतबार चर्चमा आउँछन् तर तिमीचाहीँ आइतबार चर्च आउन छोड्यौ।" जेलिन्डोले जवाफ दियो, "मैले बुझे अनुसार प्रभु येशूको आराधना गर्ने दिन शनिबार हो आइतबार होइन।" "अहँ, आइतबार नै हो शनिबार होइन" फादरले जवाफ दियो। फादरको उक्त जवाफले उसलाई आफ्नो चर्चमा धेरै असजिलो लाग्न थाल्यो। जब जब ऊ चर्चमा जान्थ्यो तब तब उसले बिभिन्न मूर्तिहरूलाई हेर्दै जानुपर्दथ्यो। एक दिन ती मूर्तिहरूको सामु घुँडा टेकेर प्रार्थना गऱ्यो "हे प्रभु, के चर्चमा यी मूर्तिहरू राख्नु ठिक छ त? के तपाईंले खोपिएको मूर्तिहरू राख्न दिनुहुन्छ?" (येशू, मरियम, बिभिन्न इसाई सन्तहरूको मूर्तिहरू चर्चमा थिए)।

एक दिन उसले यशैया ४२:८ पढ्यो जसमा लेखिएको थियो, "म प्रभु हुँ। मेरो नाउँ त्यही हो। मेरो महिमा अरू कसैलाई दिन्न न त कुनै खोपिएको व कुँदिएको मुर्तिहरूलाई मैले पाउनुपर्ने प्रशंसा दिन्छु।" (रूपान्तरित)। यो पढेर उसको सातोपुत्लो गयो। कुनै पनि मूर्ति बनाएर पूजा गर्नु परमेश्वरले मनाही गर्नुभएको उसले महसुस गऱ्यो र ती मूर्तिहरूलाई पूजा नगर्ने निर्णय उसले गऱ्यो।

फादरलाई टेलिफोन गरेर उसले सोध्यो, "मलाई तपाईंले सहयोग गर्नुहोस्। यदि तपाईंले मलाई सहयोग गर्नुभएन भने म

चर्च छोड्छु। मेरो घरमा एक पटक आउनुहोस्।" जब फादर उसको घरमा आए तब जेलिन्डोले चर्चमा भएका मूर्तिहरू र साबथको बारेमा धेरै प्रश्नहरू उनलाई सोध्यो। "भाइ, विश्वासमात्रै गर्नु। त्यति भए पुगिहाल्छ नि। यी नाना थरिका कुराहरूमा किन चासो राख्ने?" फादरले भन्यो। फादरले भनेको कुरा जेलिन्डोलाई चित्त बुझेन। धेरै बाइबल पढेपछि उसले यो निष्कर्श निकाल्यो कि जे विश्वास गर्छ त्यस अनुसार चल्नुपर्छ। आखिरमा उसले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियो।

चार वर्षपछि जेलिन्डो इस्ट टिमोरको महत्त्वपूर्ण चर्चको सदस्य भइरहेको छ। उसको कारणले धेरै मानिसहरूले येशूलाई विश्वास गरे।

**लेखक:** ***आन्ड्र्यु मेक्चेस्नी***

| कथा ६२ | विश्वासद्वारा जिउनु<br>योयो शिमरे<br>(थाइलाण्ड, दक्षिणपूर्व एशिया) |
|---|---|

## बैवाहिक जीवन अत्यन्त गडबड हुनसक्छ।

भारतबाट आएको योयो हाई स्कूलमा पढाउँथ्यो। त्यो हाईस्कूल थाइल्याण्डको राजधानी बैङ्ककमा छ। उनको श्रीमती फिलिपिन्स मूलकी हुन्। उनी पाँच घन्टा टाढाको सहर कोराट भन्ने ठाउँमा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा पढाउँथिन्। तिनीहरूको सानो छोरा आमासँगै कोराटमा रहन्थ्यो।

सुरुसुरुमा त आफ्नी श्रीमती टाढाको स्कूलमा पढाएतापनि योयोले सहयोग गर्दथ्यो। बैङ्ककको प्राइभेट स्कूलमा कम्प्युटर सिकाएर उसले राम्रै पैसा कमाउँथ्यो। त्यस बाहेक बेलाबेलामा भइरहने आइटी सेमिनारमा पनि उसले पढाउँथ्यो। त्यसले गर्दा उसलाई झन आम्दानी हुन्थ्यो। त्यसैले उनकी श्रीमती कार्ला कोराटले सहरमा भएको एडभेन्टिस्ट इन्टरनेशनल मिसन स्कूलमा काम पाएको थाहा पाउँदा पनि उसले बैङ्ककमै बस्ने निर्णय गरेको थियो।

तर आफ्नी श्रीमती धेरै टाढा र आफू अर्कै ठाउँमा बस्नुपर्दा श्रीमतीसँग छुटेर बसेको योयोलाई मन परेन। बैङ्ककमा हप्ताको पाँचदिन काम गरेर धेरै पैसा कमाएतापनि हरेक शनिबार र आइतबार आफ्नी श्रीमतीसँग रहन धेरै टाढा गइरहन उसलाई मन परेन। आइतबार बेलुका हतारहतार गरेर बैङ्कक आउनुपर्थ्यो। त्यसकारण उसले कोराटमा काम पाउँछ कि भनेर त्यहाँ काम खोज्न थाल्यो। तर त्यहाँ काम पाउन सजिलो थिएन। आफू धेरै काममा योग्य भएको योयोले ठानेको

थियो। बैङ्कमा उसले धेरै काम पाएको थियो तर कोराटमा उसलाई कसैले पनि काम दिएनन्।

उसले धेरै ठाउँहरूमा पढाउन दर्खास्त दियो। तर कुनै स्कूलले पनि उसलाई लिएन। एक फेरा कोराटको एउटा स्कूलले योयोले काम गरेको स्कूलमा उसको बारेमा जानकारी लिन खोज्दा योयोले त्यस स्कूलमा काम गर्ने सम्झौता गरेको छ भनेर जवाफ दियो। तिन वर्षसम्म कोराटमा काम गर्ने कोशिश उसले गर्‍यो तर योयोले काम पाएन।

आफ्नो जीवनको प्राथमिकताको बारेमा योयोले सोच्न थाल्यो। ऊ भारतमा एडभेन्टिस्ट चर्चको पास्टरको परिवारमा हुर्केको थियो। तर जव उसले कलेजको पढाई सक्यो तब उसले साबथको बारेमा ध्यान दिन छोड्यो। थाइलान्डमा बसेकी उनको दिदीले उसलाई बोलाएपछि ऊ त्यहीँ बस्न गयो। अनि फिलिप्पिन्सकी एडभेन्टिस्ट महिला कार्लासँग उसको भेट भयो तब उनैसँग उसको बिबाह भयो। आफू पास्टरको छोरो भएकोले आफूलाई चर्च जान बाध्य भएको जस्तो गरेर चर्च जान्थ्यो तर परमेश्वरप्रति उसको झुकाव भएकोले ऊ चर्च गएको थिएन।

अन्तमा परमेश्वरलाई विश्वास गर्ने कि नगर्ने दोसाँधमा उभिरहेको बेलामा प्रार्थना गर्‍यो, "हे प्रभु म आत्मिक जीवनमा स्पष्ट हुन चाहन्छु। मेरो आफ्नै शक्तिले निर्णय गर्न सक्दिनँ। तपाईंतिर फेरि म आउन चाहन्छु।" अनि उसले बैङ्कको कामबाट राजिनामा दियो र कोराटमा सर्‍यो। ऊ जीवनमा पहिलो पल्ट आफ्नी श्रीमतीको तलबमा भर पर्न पुग्यो।

***दुई महिनासम्म पनि काम नपाउँदा ऊ निराश हुन थालेको थियो।***

"म आजित भएको थिएँ र आफूसँग रिस पनि उठ्न थालेको थियो। म काममा लागिरहन्थेँ र आफू ठूलो भएको

ठान्थें। तर कोराटमा बिना काम बस्नुपर्दाको जीवन अत्यन्त निराशमय थियो" योयोले भन्यो।

एक दिन एडभेन्टिस्ट इन्टरनेशनल मिशन स्कूलको प्रिन्सिपलले आफ्नो स्कूलमा कम्प्युटर सिकाउने शिक्षकको खाँचो भएको कुरा उसलाई सुनाए र त्यसको लागि योयो ठिक योग्य भएको पनि भने। तर त्यो काम स्वयम्सेवकको काम भएकोले तलब नपाउने पनि प्रिन्सिपलले सुनाए।

योयोले नसोचिकनै त्यो काम खुशीसाथ गर्ने निर्णय गर्‍यो। तलब नै नपाएतापनि काम गर्ने आफ्नो इच्छा व्यक्त गर्‍यो। तिन हप्तासम्म बिना तलब उसले काम गर्‍यो। पछि उसलाई पूरै कम्प्युटर शिक्षक बनाइयो र उसलाई नयाँ आइटी मानेजरको काम दिइयो।

आज परिवारलाई धान्ने व्यक्ति योयोमात्र हुन पुगेको छ। जब कार्लाले दोस्रो छोरो जन्माइन् तब उनले आफ्नो काम छोडिन् र घरमा आफ्ना छोराहरूलाई पढाउने निर्णय गरिन्। पहिलाभन्दा आम्दानी योयोको परिवारको थियो तैपनि अहिले जस्तो योयो पहिला कहिल्यै पनि खुशी थिएन।

"घरमा मैलेमात्र पैसा कमाउँछु तर हामीसँग खानाको कहिल्यै अभाव भएन। यसले गर्दा परमेश्वरमाथि मेरो आस्था पहिले कहाँ थियो भनेर अचम्म मान्दै सोध्दछु" योयोले भन्यो। उसलाई असाध्यै मन पर्ने बाइबलको पदचाहीँ फिलिप्पी ४:१३ हो जसमा लेखिएको छ "ख्रीष्टले मलाई बलियो बनाउनु भएकोमा म जे पनि गर्न सक्छु।" (रूपान्तरित)। "परमेश्वरको निम्ति काम गर्न पाएकोमा मलाई धेरै खुशी लाग्छ" उसले थप्छ।

**लेखकः आन्ड्रयु मेक्चेस्नी**

| कथा ६३ | हराएकी बहिनी<br>आन फोगेहान<br>(थाइलान्ड, दक्षिणपूर्व एशिया) |
|---|---|

## येशूलाई विश्वास गर्न पुग्छु भन्ने आनलाई कहिल्यै पनि लागेको थिएन

आनको बाबुको ठेगान नभएकोले एक्ली आमाले उनलाई हुर्काएकी थिइन्। लाओसको सिमानामा रहेको थाइल्याण्डको गाउँमा रहेको मन्दिरमा नियमित रूपमा ध्यान गर्न पुग्दथी। मन्दिरको विभिन्न क्रियाकलापमा उनले सक्रियताकासाथ भाग लिन्थिन्। कहिलेकाहीँ उनी मन्दिरमै सुत्दथिन्।

जब उनले आफ्नो हाइस्कूलको पढाई सकिन् तब उनको घरभन्दा १५ घन्टा लामोबाटो भएको सेभेन्थ-डे एडभेन्टिस्ट मिशन कलेजमा जान उनले निर्णय गरिन्। त्यो कलेज अहिले एसिया पासिफिक इन्टरनेशनल युनिभर्सिटी भएको छ। त्यस कलेजमा पढेर आएको एक जना पाहुनाको अनुसार त्यस कलेजमा काम गरेर त्यसकै पैसाले ट्युशन पढ्न सकिन्छ भनेर थाहा पाएकीले नै त्यस कलेजमा जान उनले निर्णय गरेकी थिइ।

"आमा, हामीसँग पैसा छैन तर म पढ्नुपर्छ। त्यसकारण म त्यो कलेजमा जान चाहन्छु" आनले उनको आमालाई भनिन्।

जब उनी त्यस मिशन कलेजमा गइन् तब त्यहाँ काम र अध्ययनमा व्यस्त भइन्। आफ्नो अङ्ग्रेजी भाषालाई बलियो पार्न उनी साबथ स्कूलमा सरिक हुन्थिन्। त्यहाँ पहिलो पल्ट प्रार्थनाको शक्तिको बारेमा सुनिन्।

"परमेश्वरले जो सुकैलाई पनि अचम्मको काम गर्न सक्नुहुन्छ। तर उहाँलाई विश्वास गर्नुपर्छ। यदि उहाँलाई कसैले उहाँमाथि भरोसा राखेर उहाँको वचन पालन गरेर प्रार्थना गर्छ भने उहाँले आशिष दिनुहुनेछ" शिक्षकले भने। तर आनले परमेश्वरलाई विश्वास गरिनन्।

"यदि तिमीले मनदेखि प्रार्थना गर्‍यौ भने परमेश्वरले तिम्रो प्रार्थनालाई सुन्नुहुनेछ" शिक्षकले भने।आनले फेरि पनि उनलाई विश्वास गरिनन्।

## प्रथम प्रार्थना

गर्मीको छुट्टीमा उनी आफ्नो घरमा फर्किन्। एक दिन नयाँ बिशालबजारमा जाँदा उनी त्यहाँ हराइन्। ४:३०बजे उनले आफ्नी आमालाई भेट्नु परेको थियो। आमासँग बस स्टपमा गएर मिशन कलेजमा फर्कनुपर्थ्यो। तर आमाले भनेको ठाउँ कहाँ हो सो भेट्टाउन सकिनन्। अनि पाँच बजेसम्म आफ्नी आमालाई चिन्तित भएर खोजिन् तर उनलाई भेट्टाइनन्। आनलाई ठूलो पिर पर्‍यो। अनि साबथ स्कूलको शिक्षकले प्रार्थना गर्नुपर्छ भनेको वचन उनलाई याद आयो। अनि उनले प्रार्थना गर्न थालिन्।

"हे प्रभु यदि म तपाईंको ठाउँमा फर्केर गएर तपाईंको बारेमा मैले अझ जानेको चाहनुहुन्छ भने मेरो आमालाई भेट्टाइदिनुहोस्" पहिलो पल्ट आनले प्रार्थना गरिन्।

जब उनले आफ्नो आँखा खोलिन् तब उनको आमा उनको अगाडि उभिरहेकी थिइन्।आनले समयमै बस पक्रिन्। जब उनी आफ्नो कलेजमा जान बस चढने बस स्टपमा आइन् तब आफ्नो बस नछुटेको भेट्टाइन्। कुनै मशिनको गडबडले गर्दा

बस नछुटेको रहेछ भनेर उनले थाहा पाइन्। नत्र भने उनको कलेज जाने बस छुट्थ्यो।

"मलाई अत्यन्त अचम्म लाग्यो। परमेश्वरको शक्तिको बारेमा त्यो नै मेरो पहिलो अनुभव थियो" आनले चकित भएर भनिन्।

तैपनि आन येशूभक्त हुन चाहिनन्।

आनकी आमा आफ्नी छोरी भएको कलेज नजिक हुन बैङ्कमा सरिन्। आनकी सानी बहिनीको साथमा उनी आइन्। एक दिन आमाले रोएर आनालाई फोन गरिन् "तिम्रो बहिनी कहाँ गइन् थाहा भएन। म अब के गरूँ?"

अनि आनले आफ्नो कलेजबाट छुट्टी मागेर बैङ्कमा जाने सुरसार गरिन्। तर उनी बसमा जानुभन्दा अघि प्रोफेसरले उनीसँग प्रार्थना गरे र भने "प्रार्थना गर्दै रहनु र परमेश्वरमाथि भरोसा राख्नु र उहाँले तिमीलाई अगुवाई गर्नु हुनेछ।"

जब उनी बैङ्कक जान बसमा चढिन् उनी नरोकिकन प्रार्थना गर्दैरहिन्। जब उनी आमाको घरमा आइन् तब उनले थाहा पाइन् कि आमासँग कचकच भएपछि उनको बहिनी हराएकी थिइन्।

"तिम्रो बहिनीलाई खोज्न के तिमी सक्छौ? दिनभरी म उनलाई खोज्दा खोज्दा थाकिसकेँ" आमाले भनिन्।

आनले तिन दिनसम्म आफ्नी बहिनीलाई खोजिन्। तीन दिनपछि बहिनीलाई भेट्टाउने आशा मरिसकेको थियो। आफ्नी आमाकहाँ आएर रोइरहेकी आमालाई भेट्न उनलाई मन लागेको थिएन जान। बिस्तारै घर फर्किरहेको बेलामा बजारको एउटा लुगा पसलमा गइन्। तब त्यसबेला एउटी महिलाले उनको हात

समातिन् र सोधिन् "तिमी  कहाँ जान्दैछौ।" "म घर फर्किंदै छु" आनले भनिन्।  "तिमीले जसलाई खोजिरहेकी छ्यौ त्यसको लागि खोज्नुपर्दैन अब" त्यस अपरिचित व्यक्तिले भनिन्। आनले अचम्म मानेर उनलाई हेरिन् र भनिन् "मैले कसैको खोजि गरिरहेको छैन। म घर फर्किंदैछु।" ती महिला एक छिन चुप रहिन् र भनिन् "दुई तीन दिनपछि उनी घरमा फर्किनेछिन्। तिमीले उनलाई खोज्नु पर्दैन।" "मैले कसैलाई खोजिरहेको छैन" जिद्दी गर्दै आनले भनिन्। ती महिला हाँसिन् र सडकको पेटीमा बसिन्।

दुई दिनपछि आनले आफ्नी बहिनीलाई खोजेर घर फर्किन्। त्यसबेला उनकी बहिनी घरमा आइसकेकी थिइन्। उनी बजारमा त्यस अपरिचित महिलालाई खोज्न गइन् तर उनी कहीँ पनि थिइनन्। फेरि भोलिपल्ट पनि त्यस महिलालाई खोज्न आन बजारमा आइन् तर उनले त्यस महिलालाई भेट्टाउन सकिनन्।

यो प्रार्थनाको अचम्मको जवाफले आनको हृदय छोयो। पछि उनले येशूलाई विश्वास गर्न पुगिन् र मिशन स्कूलमा शिक्षिका बनिन्। अहिले उनी थाइल्याण्डको कोराट सहरमा रहेको एडभेन्टिस्ट मिशन स्कूलको प्रिन्सिपल छिन्।। त्यस स्कूलमा किन्डर गार्टेनदेखि नौ कक्षासम्म स्कूल संचालन भइरहेको छ। त्यहाँ १५जना विद्यार्थीहरू पढ्छन्।

**लेखकः** ***आन्ड्रयु मेक्चेसनी***

**कथा**
**६४**

# रिसाउने बानी
## आन फोनगचान
## (थाइल्याण्ड, दक्षिणपूर्व एशिया)

अहिलेसम्म हामीले म्यानमार, कम्बोडिया, इन्डोनेसिया, इस्ट टिमोर र थाइल्यान्डका मानिसहरूलाई कथाहरूमार्फत हामीले भेट्यौं। फेरि थाइल्यान्डबाट एउटा थप कथा पढ्नेछौं।

सानैदेखि नै आन हठी र रिसाही थिइन्। यहाँसम्म कि आफ्नी शिक्षिकालाई मन नपरेको कारण हाइस्कूल क्लासै छोड्ने निर्णय गरेकी थिइन्। जब आमाले आफूलाई मोटरसाइकल चढ्न नदिंदा मोटरसाइकलको चेन नै करौंतीले काटी दिएकी थिइन्। त्यसकारण जब उनी थाइल्यान्डको एशिया पासिफिक इन्टरनेशनल युनिभर्सिटीमा पढ्न गइन् तब उनकी आमा पनि उक्त स्कूलको नजिकै सरिन्। उनी चाहन्थिन् कि आफ्न छोरीको रिसले गर्दा उनलाई केही नहोस्।

"मेरो रिसाहा बानीले गर्दा मेरी आमाले ममाथि भरोसा राखेकी थिइनन्। मलाई जे चाहियो त्यही पाउन म जिद्दी गर्थें। मेरो रिसले गर्दा जेलमा पर्छु होलाकी भनेर मेरी आमा डराएकी थिइन्" आनले आफ्नो कमजोरी नलुकाइकन भनिन्।

कलेजमा आनले प्रार्थना गर्न सिकिन् र परमेश्वरले अचम्म तरिकाले उनको प्रार्थनाको जवाफ दिनुभएको थियो। कलेजको पढाई सकिएपछि आफ्नो हृदय येशूलाई दिइन् र बप्तिस्मा लिइन्।

तर इसाई नभएका साथीहरूले उनको निर्णयलाई खिल्ली उडाए। एक जनाले उनलाई गाली गर्दै भनिन् "तँ त मूर्ख

छेस्।" अर्कीले भनिन् "कसैले मन नपराएको सानो झुण्डमा किन समावेश भयौ?" तर निडर भएर आनले जवाफ दिइन्, "तिमीहरूले ठानेको जस्तो म मूर्ख होइन। मेरो विश्वाससँग म खेलबाड गर्दिन। मैले इसाई हुन निर्णय गरेँ र त्यसमैमा म रहन्छु।" तर सबभन्दा ठूलो समस्या त घरबाट पो आयो। बालककालदेखि मानेको विश्वासलाई उनले छोडेकी हुनाले उनकी आमा उनीसित धेरै रिसाइन्। उनलाई पुरानै आस्थामा फर्कन जोड गरिन्। उनलाई चर्च जान रोक लगाइन्। आमाले उनलाई मन्दिरमा लगिन् र त्यहीँ सुताउन प्रयास गरिन्।

उनको परिवारको देवतालाई पूजा गर्न पत्र लेख्न आमाले कर गर्दा उनले भनिन् "मेरो अब एकमात्र परमेश्वर हुनुहुन्छ।" अत्यन्त रिसले जुर्मुरिएर आमाले उनलाई तिनीहरूको बैङ्कमा भएको घरमा उनलाई थुनी दिइन्। "तिमी घरमै बस। म तिमीलाई खान दिन्छु। तिमी कहीँ जानुपर्दैन" आमाले उनलाई आफ्नो रिस पोखाइन्। आन झ्याल खोलेर बाहिर भाग्न सक्थिन् वा ढोकाको साँचो खोलेर बाहिर जान सक्थिन्। तर आफ्नो पुरानो रिसलाई उनले मन पराएकी थिइनन्। त्यसकारण आमा जति रिसाएतापनि उनी चुपचाप सहेर बसिन्। उनले घरमा आफूले गर्नुपर्ने काम गरिन् र शान्तसँग बाइबल पढिन्। उनले पढेका कुराहरू त्यस्तरी बुझेकी त थिइनन्। तर जे पढेपनि उनको दिमागमा सञ्चो पारिदिएको थियो।

एकदिन आमाले उनलाई सोधिन् "के तिमी अब पहिलेकै विश्वासमा फर्किन्छौ?" "अहँ, माफ गर्नुहोस् आमा। मैले येशूलाई विश्वास गरिसकेकी छु।" "ल त ठिकै छ। तिमी चर्च जान सक्छ्यौ" आजित भएर आमाले जवाफ दिइन्। आन अत्यन्त

खुशी भइन्। उनी एडभेन्टिस्ट चर्चमा जान थालिन्। आमालाई पनि चर्चमासँगै जान अनुरोध गरिन्।

आमाको रिस मरिसकेको थियो। उनी खुशीले हाँस्दै थिइन्। पछिमात्र आमाले आनलाई भनिन् उनी किन खुशी थिइन्। "कसलाई धन्यवाद दिने मलाई थाहा थिएन, कलेजका शिक्षकहरूलाई कि परमेश्वरलाई। मलाई नयाँ छोरी दिइएको छ" आमाले मन खोलेर भनिन्। तर परमेश्वरको शक्ति हो भनेर आनले भनिन्। "म अत्यन्तै रिसाही थिएँ। ममा त्यो रिस आमाले देख्न छोडेकी थिइन्" आनले भनिन्।

आज त्यही आन एडभेन्टिस्ट इन्टरनाशनल मिशन स्कूलकी प्रिन्सिपल छिन्।

**एक छिन थप**ः आनको आफ्नै शब्दहरूमा रिसबाट पाठः परमेश्वरले मलाई धेरै माया गर्नुहुन्छ। मेरी एक जना साथी अस्ट्रेलियामा गइन् र थाइलाण्डमा रहेको उनको आमाबाबुकहाँ कहिलेकाहीं भेट्न जान मलाई अनुरोध गरिन्। साथीका आमाबाबुको घर मेरो घरबाट केही टाढा पर्थ्यो। तिनीहरूको घर जान मैले नक्सा हेर्नुपर्थ्यो। जब म पहिलोपल्ट तिनीहरूकहाँ गएँ तब मैले मेरो झोलाभरि खानेकुराहरू लगिदिएँ र टेम्पो चढेर बसस्टपमा गएँ। आधि बाटो गएपछि टेम्पो ड्राइभरले अचानक मलाई भन्यो "म तपाईंलाई पुऱ्याउन सक्दिनँ। के म अर्को टेम्पोलाई बोलाऊँ?" दोस्रो ड्राइभरले मलाई लग्न त लग्यो तर गलत ठाउँमा लग्यो। मैले तेस्रो टेम्पो चढें। बसस्टप पुग्न मलाई कमसेकम दुई घन्टा लाग्यो। मलाई अती नै रिस उठिरहेको थियो। म कसैसँग बोल्न चाहेकी थिइन्। बस स्टपमा

आएपछि मलाई बसको एउटा मानिसले सोध्यो, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" "म पछि भनौंला" भनेर मैले जवाफ दिएँ। चुपचापसँग बसिसकेपछि मैले टिकट किने र अर्को बसमा जान पर्खिरहें। मेरो साथीको आमाबाबुको घरमा बसबाट जाँदै गर्दा हामीले धेरै बिग्रिएको बस देख्यौं। हाम्रो ड्राइभरले रोकेर त्यस बसको फोटो खिँच्न थाल्यो। त्यस बसको दुर्घट्नामा धेरै मानिसहरूको मृत्युभयो भनेर बस ड्राइभरले हामीलाई भन्यो। " हाम्रो बसभन्दा ठिक अघि त्यही बस गएको थियो" ड्राइभरले हामीलाई भन्यो। मैले यो महसुस गरें कि म त्यही बसमा जानुपर्ने थियो। तर त्यो बस मिस भयो किनभने म त्यस बस स्टपमा ढिलो पुगेको थिएँ। मेरा साथीका आमाबाबुहरू मलाई देखेर खुशी भए। "तिमी त्यही बसमा थियौ भनेर हामी चिन्ता गर्दै थियौं" आमाले भनिन्। "परमेश्वर असल हुनुहुन्छ" मैले साथीका आमाबाबुलाई भनें जो इसाई थिएन। मलाई के भयो भनेर मैले तिनीहरूलाई भनें। "ओहो, कस्तो परमेश्वर वा स्वर्गदूतले तिमीलाई रक्षा गर्नुभयो। उहाँ महान् हुनुहुन्छ!" बाबुले भने। हो, परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ।

लेखकः आन्ड्र्यु मेक्चेस्नी

| कथा ६५ | २० दुष्ट आत्माहरूले सताइएको शी-ऊ नोह दक्षिण कोरिया |
|---|---|

शी-ऊ नोह दक्षिण कोरियाको डएगु भन्ने ठूलो सहरमा बस्दथी। सानै उमेरदेखि उनलाई टाउको दुख्ने रोगले सताएको थियो। जब उनी ठूली भइन् जसोतसो गरेर उनले कलेजमा उच्च शिक्षा हासिल गरिन्। अनि विवाह पनि गरिन् र सानी छोरी पनि पाइन्। तर टाउको दुख्ने रोगले सताएको हुँदा उनलाई धेरै गाऱ्हो भएको थियो। उनी एक पछि अर्को अस्पतालमा जचाउन गइन् तर कुनै पनि डाक्टरले उनलाई निको पार्न सकेनन्। आफूले बुद्ध धर्म मानेको हुनाले विहारमा गएर भिक्षुणी भएँ भने टाउको दुख्ने रोग निको होला भनेर उनले सोचिन्। तर त्यो रोगले गर्दा भिक्षुहरू उनीदेखि दिक्क भएर जहिले पनि उनलाई घरमा पठाउने गर्थे।

शी-ऊ नोह झाँक्री तथा टुनामुना गर्नेकहाँ गइन्। झाँक्रीले असल र खराब आत्मासँग सम्पर्क राख्दछ भनेर विश्वास गरिन्थ्यो। अघिल्लो रात भूतआत्मा बालक उनको शरीरमा पस्यो भनेर झाँक्रीले उनलाई भन्यो। त्यो भूतआत्मा उनको दाजुको हो भनेर पनि भन्यो। उनको दाजु टाउकोमा चोट लागेर मरेकोले उसको आत्मा शी-ऊमा पस्यो भनेर झाँक्रीले सम्झायो।

शी-ऊको दाजु थियो जो उनको जन्मभन्दा पहिले नै मरेको थियो। त्यसकारण आफ्नो दाजुको बारेमा उनलाई खास केही थाहा थिएन। माइतमा आफ्नी आमालाई सोध्दा उनको दाजु टाउकोमा चोट लागेर मरेको थियो भनेर आमाले भनिन्।

अब के गर्ने भनेर शी-ऊले झाँक्रीकहाँ गएर सोधिन्। झाँक्रीले भने कि उनी पनि झाँक्री हुनुपर्छ र भूतआत्माद्वारा उनलाई नियन्त्रण गर्न दिइनुपर्छ। यदि उनले झाँक्री हुन अस्वीकार गरिन् भने उनकी सानी छोरी पनि भूतआत्माले सताइनेछे।

शी-ऊ झाँक्री भइन्। भूतआत्माले आफूलाई नियन्त्रण गरोस भनेर उनले सय दिनसम्म मन्त्र जप्नुपर्छ र उनले, उनको श्रीमान र झाँक्री जन्मिएको पहाडमा तिर्थयात्रा गर्नुपर्छ भनेर झाँक्रीले भन्यो। हरेक रात तिन घन्टा र हरेक बिहान दुई घन्टा मन्त्र उच्चारण गर्दथिन्, र आफ्नो शरीरलाई शुद्ध पार्न प्रत्येक दिन चिसो पानीले नुहाउँदथिन्।

तर त्यसो गर्दा उनमाथी एक भूतआत्मामात्र होइन २०वटा भूतआत्माहरूले सताउन थाले। भूतआत्मालाई पूजा गर्न उनले २०वटा मन्दिरहरू बनाइन्। बीस वर्षसम्म उनले झारफूक गरिन्, बिरामीहरूको रोगहरूलाई निको पारिन् र मरेका आत्माहरूले उनलाई नियन्त्रण गरे। हेर्दाखेरि उनको काम असलै देखिन्थ्यो। यदि कोही पेट दुख्ने बिरामी उनकहाँ आयो भने उनलाई पेट दुखेको छ भनेर ऊ बताइदिन्थी। यदि कसैको मुटु दुख्ने रोग छ भने उसको मुटु दुख्ने रोग छ र त्यसलाई निको पार्न जन्तर बाँधीदिन्थी, तन्त्रमन्त्र र झारफुक गर्थी र जोखना पनि हेर्थी। अनि बिरामी पनि निको हुन्थे।

झाँक्री काम गरेर शी-ऊले धेरै पैसा कमाइन् तर उनी खुशी थिइनन्। उनको टाउको दुख्ने रोग त निको भयो तर उनको शरीर जताततै दुख्न थाल्यो र मानसिक रूपमा बिरामी भएर बहुलाउन थालिन्। उनी यस्तरी बहुलाउन पनि थालिन् कि घरमा के भइरहेको छ सोको वास्ता समेत गर्न छोडिन्। त्यसले

गर्दा उनको श्रीमान र छोराछोरीहरूले उनलाई छोडिदिए। त्यसपछि धेरै पल्ट आत्महत्या गर्न पनि उनले कोशिश गरिन्।

अनि एक दिन कसैले उनलाई पछाडि कारबाट ठोकिदियो। त्यसले गर्दा उनी एक महिनासम्म अस्पतालमा भर्ना हुनुपर्‍यो। त्यो दुर्घटनाले उनलाई अकमक पार्‍यो। अरूको भविष्यचाहीँ भन्न सक्ने आफ्नो दुर्भाग्यचाहीँ किन भन्न नसकेको होला भनेर तिनले अचम्म मानिन्।

"बीस वर्षसम्म मैले सेवा गरेको देवताहरूले मलाई किन बचाएनन्? यदि ती देवताहरूले मलाई सुरक्षित राखेनन् भने तिनीहरूलाई मैले कसरी विश्वास गर्ने?" भनेर सोच्न थालिन्।

अनि मन्त्र जपेर प्रार्थना गर्दै ती देवताहरूमाथि विश्वास बलियो होस् भन्ने चाहना गरिन् तर केही पनि भएन। अनि उनले पूजा गर्न मन्दिरहरूमा आगो लगाइ दिइन् र ती देवताहरूको सेवा नगर्ने भनेर सबैको सामु भनिदिइन्। तब ती २०वटा दुष्ट आत्माहरूले पनि उनलाई त्यागी दिए।

अब देवताहरूलाई पूजा गर्ने मन्दिर त छैन तर उनको जीवन खल्लो भएको महसुस गरिन् र मनमा डर लाग्न थाल्यो। उनले पूजा गरेको देवताहरूभन्दा अरू कोही शक्तिशाली देवता छ कि भनेर उनी सोच्न थालिन्। उनले सेभेन्थ-डे एडभेन्टिस्ट महिलाले येशूको बारेमा सुनाएकी सम्झिन्। अनि आफूलाई सहायता गर्न उक्त महिलासँग अनुरोध गरिन्।

एडभेन्टिस्ट महिलाले शी-उनलाई एक जना अवकास पाएको पास्टरसँग भेट गराइन्। त्यस पास्टरले उनलाई बाइबल सिकाउन थाले। जब मानिस मरेपछि के हुन्छ भन्ने शिक्षा उनले पाइन् तब आफूले त शैतानको पो पूजा गरिरहेकी रहेछु भनेर

थाहा पाइन्। उनले येशूलाई ग्रहण गरिन् र सन् २०१६मा बप्तिस्मा पनि लिइन्।

शैतानलाई उनको जीवनमा फेरि बास गर्न नदिने निर्णय उनले गरिन्। येशूले लूका ११ः२४मा भन्नुभएको कुरालाई मनमा राखिन्। येशूले भन्नु भएको थियो, "जब मानिसबाट एउटा दुष्ट आत्मा बाहिर निस्कन्छ तब बाहिर गएर आफू पस्न ठाउँ खोज्छ तर भेट्टाउँदैन। अनि उसले भन्छ "म जुन घरबाट निस्केको थिएँ त्यही घरमा पस्नेछु।" शी-उनले प्रत्येक बिहान प्रार्थना गर्छिन् र बाइबल पढ्छिन्। प्रथम पटक उनले शान्ति र आनन्दको अनुभव गर्न पाइकी छिन्।

एक दिन येशूले दुष्ट आत्माहरूले सताएको मानिसबाट ती आत्माहरू निकालिदिनुभएको थियो। येशूको पछिपछि लाग्न त्यस मानिसले अनुरोध गरेको थियो तर येशूले उसलाई आदेश दिनुभयो, "आफ्नो घरमा फर्क र परमेश्वरले तिमीप्रति कस्तो महान् करुणा देखाउनुभएकोछ सो तिम्रो साथीहरूलाई सुनाऊ।" (मर्कूस ५ः१९)। त्यसरी नै शी-उनले कोरियाभरि एडभेन्टिस्ट चर्चहरूमा गएर उनीमाथि परमेश्वरले गर्नुभएको करुणा र दयाको बारेमा सुनाउँछिन्। र उनको कथा सुन्दा अचम्मै लाग्दछ।

*(यस कथाको लेखक ब्याङ्जु ली हुन्। उनी दक्षिण कोरियाको युनियन कन्फरेन्समा साबथ स्कुल र पर्सनल मिनिस्ट्रीको निर्देशक हुनुहुन्छ)।*

**कथा ६६**

# दुई पास्टरहरूलाई माया गर्नु
## श्रीमती ही-सुक किम
## (दक्षिण कोरिया)

स्वास्थ्य तथा बाइबल सम्बन्धी पुस्तकहरू बेच्ने अरू दुई जनासँग म दक्षिण कोरियाको राजधानी सीउलमा घरघरमा गएर किताब बेच्दै थिएँ। जाँदै गर्दा बाटोमा मैले नारा लेखिएको ठूलो कपडा झुन्डयाएको देखें। आइतबार पालन गर्ने बाइबलका विद्यार्थीहरूलाई बाइबल अध्ययन गर्न र आत्मिक रूपमा जाग्न सिबिरमा आउन निमन्त्रणा त्यस कपडामा लेखिएको रहेछ। हामीले पनि त्यहाँ के हुनेरहेछ भनेर जान्न चाह्यौं।

त्यो कपडामा आयोजकको ठेगाना लेखिएको रहेछ।त्यो ठेगाना पत्ता लगाउँदै जाँदा दक्षिण कोरियाको आइतबार पालन गर्ने सबभन्दा ठूलो चर्चको पास्टर दम्पतीहरू पो रहेछन्। तिनीहरूको ढोका ढकढक्याउन जाँदा सम्म त्यो कुरा हामीलाई थाहा थिएन।

"हामी कोरियाको पुस्तक छापाखानाबाट आएका हौं र हामीसँग केही पढ्ने सामग्रीहरू छन्" मैले भनें।

पास्टरले हामीहरू सेभेन्थ-डे एडभेन्टिस्ट किताबखानाबाट आएको कुरा तुरन्तै थाहा पाउँदा मलाई अचम्म लाग्यो। उनले तुरन्तै सोधे, "हैन, तिमी सेभेन्थ-डे एडभेन्टिस्टहरू शनिबारको दिन किन चर्च जान्छौ?"

मैले उत्पत्तिको पुस्तकबाट सृष्टिको कथा पढेर उनलाई सुनाइदिएँ। परमेश्वरले यस संसारलाई छ दिनमा सृष्टि गर्नुभयो र सातौं दिन साबथमा विश्राम लिनुभयो भनेर व्याख्या गरें। सातौं दिन साबथलाई परमेश्वरले पवित्र बनाउनुभएको थियो भनेर

सुनाएँ। तिनीहरूलाई बाइबल पत्राचार गर्ने पाठ दिएँ र अर्को हप्ता फर्केर आउने वचन दियौं।

जब हामीले बाइबलबाट छलफल गर्न थाल्यौं तब पास्टर की-जो मुनलाई बाइबलको बारेमा प्रशस्त ज्ञान भएको थाहा पाएँ। उनले कोरियाको चर्चमा ३० वर्ष पास्टरी काम गरेका रहेछन् र उनकी श्रीमतीले पनि दश वर्ष चर्चमा पाष्टरी काम गरेकी थिइन्। जब अर्को पल्ट म भेट्न गएँ त्यसबेला मैले बाइबल लगिँन तर एलेन जी ह्वाइटको कन्फ्लिक्ट अभ एजेज पुस्तकहरू दिएँ। ती पुस्तकहरू आकर्षित बट्टामा थिए। ती पुस्तकहरूमा *पाट्रियार्क एण्ड प्रोफेटस्, प्रोफेटस एण्ड किङ्गिस, द डिजाएर अभ एजेज र द ग्रेट कन्त्रोभर्सी* थिए। त्यसको मोल २६५ डलर थियो। मैले भने तपाईंहरूलाई सित्तैमा दिन सकिन्छ।

ती पास्टरले दानिएलको बारेमा विशेष चासो देखाए। त्यसको बारेमा मसँग केही किताब छ कि भनेर उनले सोधे। तब अर्को भेटमा मैले उनलाई दानिएल र प्रकाशको पुस्तकबारेमा लेखिएको टिप्पणी पुस्तक ल्याइदिएँ।

केही समयपछि ती पास्टरले मेरो मोबाइलमा एसएमएस पठाए। "मैले त जीवनभर बाइबल केवल हल्कामात्र पढिरहेको पो मैले थाहा पाएँ। के म तिमीहरूको चर्चमा आउन सक्छु?" भनेर उनले लेखे।

पास्टर हाम्रो चर्चमा आए र त्यहाँ भएको सेवाकार्यक्रमहरू उनले मन पराए। उनी केही हप्ता चर्चमा आए। अनि केही समयपछि उनी आउन छोडे। अनि तपाईं किन चर्चमा आउन छोड्नुभएको भनेर मैले फोन गरें। जहिले पनि मैले फोन गर्दा उनले अनेक बहाना बनाएर आफू बिरामी भएको वा अति व्यस्त

भएको सुनाए। पछि मैले थाहा पाएँ कि उनको श्रीमतीले उनलाई एडभेन्टिस्ट चर्चमा जान रोकेकी रहिछिन्। उनले आफ्नो श्रीमानलाई गालीगर्दै भनिन्, "तिमी त पास्टर हो। अर्कोको चर्चमा जान तिमीलाई लाज लाग्दैन?"। तैपनि मैले उनलाई चर्चमा आउन आग्रह गर्दै रहें।

हाम्रो भेटभएको सातवर्षपछि मैले उक्त पास्टरलाई एडभेन्टिस्ट चर्चमा हुने स्वास्थ्य कार्यक्रममा आउन निम्तो दिएँ। उक्त कार्यक्रमको विभिन्न समयमा सहभागीहरूलाई सञ्चो बनाउने खालको विभिन्न जुसहरू दिइन्थ्यो। ती जुसहरूले मानिसहरूमा भएका विभिन्न बिषादीहरूलाई निकाली दिन्थ्यो।

जब मैले ती जुसहरूको बारेमा ती पास्टरलाई कुरा गरें तब त्यसको बारेमा आफ्नी श्रीमतीलाई भन्न मलाई अनुरोध गरे। त्यसकारण मैले उनको श्रीमतीलाई फोन गरें र श्रीमानसँग कार्यक्रममा आउन अनुरोध गरें। उनले पनि आफ्नो श्रीमानसँग आउन मञ्जुर गरिन्। उनले पहिलो पटक एडभेन्टिस्ट चर्चमा आउन केही चासो देखाएकी थिइन्।

त्यसपछि ती दम्पत्तिले सुसमाचार प्रचार कार्यक्रममा आउने निम्तोलाई स्वीकारे। श्रीमानलेचाहिं हाम्रो चर्चले सिकाएको विद्यालाई मन पराए तर चर्चमा संलग्न हुने कुरामा उनले आनकानी गरिरहेका थिए। अनि उनी र उनकी श्रीमतीलाई दोस्रो सुसमाचार कार्यक्रममा आउन निम्तो दिएँ। तिनीहरू प्रत्येक दिन सुसमाचार प्रचार कार्यक्रममा आए र एक दिन तिनीहरूले मलाई भने, "हामी त तिमीहरूको सन्देशमा पग्लिरहेको जस्तो अनुभव भइरहेको छ।"

हाम्रो भेटघाट भएको आठ वर्षपछि सन् २०१७मा दुवै श्रीमान् र श्रीमतीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए।

परमेश्वरको वचन र हामीमा भएको स्वास्थ्यको सन्देशले तिनीहरूको जीवन परिवर्तन भएको थियो।

(यो कथा ही-सुक किमले आन्द्रु मेकचेस्नेलाई सुनाएका थिए)।

*६४ वर्षकी ही-सुक किम हाल दक्षिण कोरियामा स्वास्थ्य र सुसमाचार सामग्री बेच्न पूरै समय दिइरहेकी छिन्। अर्को अध्यायमा उनको श्रीमानको कथा पढ्नेछौं।*

| कथा ६७ | एडभेन्टिस्ट विद्या अङ्गाल्नु<br>की-जो मुन<br>(दक्षिण कोरिया) |
|---|---|

मेरो घरको ढोकामा एक जना एडभेन्टिस्टले पढ्ने सामग्री लिएर आउनुभन्दा धेरै पहिले नै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा मेरो चासो सुरूभएको थियो।

कोरियाको एक मूख्य प्रोटेस्टेन्ट समूदायको पास्टर भएको हैसियतले परमेश्वरको बारेमा अरू चर्चहरूको धारणा कस्तो छ सो जान्न चाहेको थिएँ। प्रेसबेटिरियन, मेथोडिस्ट र एडभेन्टिस्ट चर्चले सिकाएका लिखित सामग्रीहरूलाई तुलना गरेर पढेको थिएँ। सबै एडभेन्टिस्ट पुस्तकहरू एलेन जी ह्वाइटले लेखेको थाहा पाएँ। धेरै वर्ष अघि देहान्त भएको महिलाप्रति एडभेन्टिस्टहरूले किन ध्यान दिए भन्ने कुरामा मलाई कौतुहल लागेको थियो।

फेरि त्यसै बखत हाम्रो चर्च जतिसुकै ठूलो र प्रख्यात भएतापनि हाम्रो चर्चमा केही न केही कमी भएको मैले महसुस गरेको थिएँ। मैले एक दिन एक जना प्रख्यात पास्टरलाई यो प्रश्न राखें, "हामीहरूको बाइबल कलेजमा दानिएल र प्रकाशको पुस्तकको बारेमा किन सिकाउँदैनौं?" "ती पुस्तकहरूको बारेमा हामीलाई धेरै थाहा नभएकोले नसिकाएको" भनेर उनले उत्तर दिए।

त्यसकारण मेरो प्रश्नको जवाफ आफैले खोज्न थालें। हाम्रो देशमा रहेका विभिन्न आआफ्नै खालका धार्मिक समूहहरूसँग मेरो विवाद हुन थाल्यो। दक्षिण कोरियामा मुख्य गरेर तीन धार्मिक समूहहरू छन्: यहोवाको साक्षी, सेभेन्थ-डे एडभेन्टिस्ट र नयाँ स्वर्ग र नयाँ पृथ्वीमा विश्वास गर्नेहरू। नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई विश्वास गर्ने समूहमा एक जना युवा संलग्न भएको

मलाई थाहा थियो। ती युवा त्यसमा गएपछि त्यसबाट उसलाई अलग राख्न मैले कोशिश गरें तर सकिंन। त्यसकारण म तिनीहरूको मुख्य संस्थामा गएँ र त्यहाँ बाइबल बारेमा सिकाएँ। अनि मैले यहोवाका साक्षीलाई मान्ने एक समूहलाई त्यसबाट आफूतिर ल्याउने कोशिश गरें। त्यसपछि मैले एडभेन्टिस्टको बारेमा सिक्न निर्णय गरें। एडभेन्टिस्टको बारेमा सिकेर तिनीहरूको शिक्षासँग लड्ने मेरो आशय थियो।

यसै समय मैले ही-सुकिमलाई भेटें। उनी एडभेन्टिस्ट पुस्तकहरू बेच्दै थिइन्। जब उनलाई मैले भेटें मैले परमेश्वरलाई यसरी धन्यवाद दिएँ, "परमेश्वर म तपाईंलाई धन्यवाद दिन्छु किनभने मैले एडभेन्टिस्टहरूको बारेमा जान्न चाहेको थिएँ। तपाईंले एक जना एडभेन्टिस्टलाई मेरै ढोकामा ल्याउनुभयो।"

सुश्री किमले मलाई एउटा पर्चा दिइन्। प्रायजसो मैले पर्चाहरूलाई फ्याँकि दिन्थैं। तर त्यसबेला मैले सोचें, " त्यसमा केही सत्यता हुनसक्छ। यदि छ भने मैले सिकेर म उनीसँग आत्मिकरूपमा सम्बन्ध राख्न सक्नेछु र मेरो चर्चमा ल्याउन कोशिश गर्नेछु।"

## के एडभेन्टिस्ट झुटो हुन् त?

एडभेन्टिस्टको बारेमा केही जानकारी पाएपछि सुश्री किमको चर्चमा जान चाहें। त्यो चर्च हामीहरूको चर्चले सिकाएको अनुसार झुटा हुन् कि भन्ने जान्न चाहेंको थिएँ। केही समय कसैले थाहा नपाउने गरि म त्यस चर्चमा गएँ। तर एक दिन मेरी श्रीमतीले मेरो पुस्तक सामग्रीमा एडभेन्टिस्ट चर्चको सूचना पत्र भेट्टाइन्। अनि उनको र मेरो बीचमा कचकच चल्न थाल्यो। मेरी श्रीमतीलाई रिस नउठाइ एडभेन्टिस्ट चर्चमा कसरी जाने भनेर

सोचिरहेको थिएँ। तब एक दिन सुश्री किमले मलाई उनको चर्चमा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रममा भाग लिन निम्तो दिइन्। यस बारेमा मेरी श्रीमतीले पनि चासो राख्थिन् होला भनेर उनलाई पनि निम्तो दिन किमलाई अनुरोध गरें।

मलाई थाहा थियो कि मेरी श्रीमतीले एडभेन्टिस्ट चर्चमा दिइने प्रवचन कहिल्यै पनि सुन्ने छैन। तर स्वास्थ्य सम्बन्धी ज्ञानबाट एडभेन्टिस्ट चर्चसँग उनलाई परिचय गराउन सकिन्छ भन्ने मलाई थाहा थियो। एडभेन्टिस्टहरू जहिले पनि मित्रवत व्यवहार गर्दछन् र सबैलाई हेलो भन्ने चलन छ भनेर मेरी श्रीमतीलाई देखाउन चाहेको थिएँ। आराधनाको सेवाकार्यक्रमपछि एडभेन्टिस्टहरू कसरी मिलिजुली खाँदा रहेछन् भनेर मेरी श्रीमतीले देखिलन् भन्ने मैले चाहेको थिएँ। हामीहरूको चर्चमा हामीहरूको चर्च पास्टर जहिले पनि टेबुलको सुरूमा बस्दथे र अरूहरूले उनलाई खाना ल्याउनुपर्थ्यो। तर एडभेन्टिस्ट चर्च पास्टरले आफैले आफ्नो खाना लिनुपर्थ्यो र बस्नको निम्ति ठाउँ खोज्नुपर्थ्यो।

स्वास्थ्य सम्बन्धी कार्यक्रमले मेरी श्रीमतीको मन एडभेन्टिस्ट चर्चप्रति नरम भयो। पछि हामी दुवै जना दानिएल र प्रकाशको बारेमा दिइने शिक्षा कार्यक्रममा सामेल भयौं। त्यसबेलमा मैले सोचें, "यो त फरक शिक्षा रहेछ। हामीहरूको चर्चमा पो धेरै गल्ती कुराहरू रहेछन्। तर एडभेन्टिस्ट चर्चको पास्टरले त मलाई तातो तातो आत्मिक खाना पो खुवाई रहेका छन्।"

कार्यक्रमको समापणमा प्रचारकले मलाई बप्तिस्मा लिन सुझाव दिए। तर मेरी श्रीमतीले पर्खिन अनुरोध गरिन्। म मेरो चर्चको पास्टरमात्र होइन चर्चको वरिष्ठ अगुवा पनि हुँ भनेर मेरी श्रीमतीले सम्झाइन्। मैले मेरी श्रीमतीको कुरा सुनें। मेरो चर्चको

स्थानीय युनियनको अध्यक्ष पद सम्हालेपछि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निर्णय मैले गरें।

बप्तिस्मा नलिने निर्णय गरेको साबथ पछि मेरी श्रीमती चर्चमा गइनन् किनभने उनी बिरामी परेकी थिइन्। त्यस दिन दिउँसो एक जना एडभेन्टिस्ट मेरो घरमा मेरी श्रीमतीको निम्ति प्रार्थना गर्न आए। कुराकानी गरेपछि उनले हामीलाई भने, "तपाईंहरूले बप्तिस्मा लिनुपर्छ।" अनकनाउँदै मेरी श्रीमतीतिर आँखा लगाउँदै मैले भनें, "यस बारे म प्रार्थना गर्छु। यदि परमेश्वरको इच्छा छ भने म बप्तिस्मा लिन्छु।" मेरी श्रीमतीले भित्ते क्यालेन्डर हेरिरहेकी थिइन्। "फेब्रुअरी ४मा बप्तिस्मा लिने राम्रो समय जस्तो लाग्छ," मलाई छक्क पार्दै उनले भनिन्। एक हप्ता अघि सम्म मलाई बप्तिस्मा नलिन सम्झाएकी श्रीमतीले त आफूले पनि बप्तिस्मा लिने चाहना व्यक्त गरिन्।

फेब्रुअरी २०१७मा बप्तिस्मा लिएपछि मेरो जीवन खुशी र आनन्दले भरिरहेको छ। प्रत्येक साबथ प्रवचन सुन्न मलाई मन पर्छ।

एडभेन्टिस्ट पुस्तक बेच्ने महिलालाई मेरो चर्चमा ल्याउन मैले चाहेको थिएँ, उनले पो मलाई उनको चर्चमा ल्याइन्।

*(यो कथा कीजो मुनले आन्ड्र्यु मेक्चेस्नीलाई सुनाएका थिए। किजो मुनले आइतबार पालन गर्ने चर्चमा ३७ वर्षसम्म चर्चको पास्टर भएर सेवा गरेका थिए। उनी ७१ वर्षको हुनुहुन्छ। अर्को अध्यायमा उनकी श्रीमतीले भनेकी कथा पढ्नेछौं)।*

| कथा ६८ | खल्लो साबथ<br>श्रीमती सुन याप्युन<br>(दक्षिण कोरिया) |
|---|---|

दक्षिण कोरियामा आइतबार मान्ने चर्चहरू स्थापना गर्न मलाई परमेश्वरले धेरै सहयोग गर्नुभएको छ। सानो झुण्डलाई मैले प्रचार गर्थें तब त्यो सानो झुण्ड बढेर ४० जना भयो र चर्च बन्यो। अनि अन्तै नयाँ चर्च स्थापना गर्न परमेश्वरले मलाई अगुवाई गर्नुभयो।

जब मैले प्रभुको निम्ति काम गरिरहेको थिएँ मेरो मनमा केही न केही कमी भएको मैले महसुस गरेको थिएँ। जब चर्चमा र पुनर्जागरण भेलामा प्रचार गर्थें मलाई आनन्द त लाग्थ्यो तर भित्री हृदयमा आफैमा खोक्रो भएको महसुस मैले गरेको थिएँ। मेरो श्रीमानले जस्तो थियोलोजी वा धर्मदर्शन पढें र पूर्णरूपमा पास्टरको काम गरें। तैपनि मेरो मनभित्र खाली भएको महसुस मैले गर्दैरहें।

तब एक दिन पुस्तक सामग्री बेच्ने सेभेन्थ-डे एडभेन्टिस्ट नारी मेरो घरमा देखा परिन्। उनले हामीलाई केही पढ्ने सामग्रीहरू दिइन्। मैले र मेरो श्रीमानले ती सामग्रीहरू पढ्यौं। मेरो श्रीमान एडभेन्टिस्ट चर्चमा जान थाल्नुभयो। उनी केवल आइतबार पालन गर्ने मान्छे अर्को चर्चमा किन जान थालेको होला भनी सोचें। तर उनी त शनिबार पो चर्चमा गइरहेकोमा मलाई छक्क लाग्यो। एक दिन जब उनको कोठा सफा गर्दै थिएँ उनको टेबुलमा एडभेन्टिस्ट चर्चको सूचनापत्र देखें र अनि थाहा पाएँ उनले के गरिरहेका रहेछन्।

त्यो दिन उनलाई मैले केही भनिँन। भोलिपल्ट आइतबारको दिन थियो। म चुपचाप बसेँ। अनि सोमबार मैले मेरी श्रीमानलाई यसरी गाली गरेँ "तपाईँ त पास्टर हुनुहुन्छ। झुटा चर्चमा जान तपाईँलाई लाज लाग्दैन?"

"तिमीले बुझ्दैनौ। तिनीहरू झुटा शिक्षावालाहरू होइनन्। तिनीहरूसँग सत्य छ" मेरो श्रीमानले जवाफ दिनुभयो।

यो कुरा सुनेर मैले मेरो श्रीमानले राखेका एडभेन्टिस्ट पुस्तकहरू गोप्यरूपमा पढ्न थालेँ। हामीले पुस्तक बेच्ने एडभेन्टिस्टबाट एलेन जी ह्वाइटका धेरै पुस्तकहरू पाएका थियौं।

ती पुस्तकहरू पढेर मेरो पास्टरी हृदयमा चोट पर्‍यो। त्यसकारण मेरो श्रीमान घरमा नभएको बेलामा लुकिलुकि ती पुस्तकहरू पढ्न थालेँ। जब मेरो श्रीमानको कार बाहिर आएको थाहा पाउँथे तब तुरन्तै ती पुस्तकहरू दराजमा जस्ताको त्यस्तै राखिदिन्थेँ।

तर एडभेन्टिस्टप्रति मेरो चासो बढ्दै गयो। अनि पुस्तक बेच्ने प्रचारकले एक दिन एडभेन्टिस्ट चर्चमा हुने स्वास्थ्यको कार्यक्रममा भाग लिन निम्तो दिइन्। मैले सोचेँ, "यही मौका हो कि एडभेन्टिस्टहरू झुटा हुन् कि होइन भनेर थाहा पाउने।"

स्वास्थको कार्यक्रम धेरै दिनसम्म चलिरह्यो। तेस्रो दिनमा एक जना चाइनिज-कोरियन महिलाले मकहाँ आएर सोधिन्, "पास्टर, एडभेन्टिस्टहरू झुटा हुन् भनेर हामीहरूको चर्चमा प्रचार गरिन्छ। तपाईँ के भन्नुहुन्छ?"

"यो झुटा हो' भनेर म चाहन्थे तर "यो चर्च झुटा होइन। यसले सत्यलाई सिकाउँदैछ। यसले बाइबलमा देखाए अनुसार

साबथलाई सिकाउँछ।"मैले के भनिरहेको थिएँ सो मलाई नै थाहा थिएन।

ती चिनिया-कोरियन महिला मेरो कुरा सुनेर प्रभावित भइन्। म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको पास्टर भएको उनले ठानेर भनिन्, "त्यसो भए म तपाईंको चर्चमा मेरो छोरीसँग आउन चाहन्छु।" "मेरो चर्च टाढा छ। यही चर्चमा तपाईं आउनुहोस्। यिनीहरूले नै तपाईंलाई सम्हाल्नुहुनेछ" मैले भनें।

पछि ती महिलाले बप्तिस्मा लिएको मैले थाहा पाएँ। म एडभेन्टिस्ट चर्चको सदस्य नभएतापनि उनलाई एडभेन्टिस्ट चर्चमा ल्याउने कार्यमा म सफल भएँ।

स्वास्थ्यको कार्यक्रम पछि सबभन्दा पहिलो पल्ट साबथमा चर्चको सेवाकार्यमा सम्मिलित भएँ। यो चर्च झुटा हो भनेर थाहा दिन म सिक्न चाहन्थें। तर त्यो चर्चमा केही पनि झुठो देखिँन। एडभेन्टिस्टहरूले बाइबलको शिक्षालाई राम्रोसँग पालन गरेकोले मलाई अचम्म लाग्यो।

## येशूबाट सन्देश

मलाई बप्तिस्मा लिन मन लागेको थियो। तर मैले मेरो श्रीमानसँग धेरै वर्ष अघि बप्तिस्मा लिइसकेको थिएँ। मैले प्रार्थना गरें "मैले फेरि बप्तिस्मा किन लिनुपर्छ र?" "यो तिमी आफैले थाहा पाउनुपर्छ" भन्ने सन्देश पो परमेश्वरबाट पाएको महसुस गरें। अन्तमा मैले बप्तिस्मा लिने निर्णय गरें। परमेश्वरको पवित्र दिन शनिबारलाई साबथ नमानिकन मानिसहरूको परम्पराबाट लादेको आइतबारलाई पालन गरेर परमेश्वरको वचन पालन नगरि पाप गरिरहेको अनुभूति मलाई भयो।

त्यसबखत साबथ दिनमा एक जना एडभेन्टिस्ट चर्चको विश्वासी मेरो घरमा हामीलाई भेट्न आएका थिए। जब हामीले कुराकानी गऱ्यौं उनले मेरो श्रीमानलाई बप्तिस्मा लिनुपर्छ भनेर सल्लाह दिइन्। यसबारे प्रार्थना गर्नुपर्छ भनेर मेरो श्रीमानले भने तब त्यसको लागि प्रार्थना गर्न जरुरी नभएको मैले ठानें। फेब्रुअरी ४,२०१७मा बप्तिस्मा लिन मैले प्रस्ताव राखें र त्यही अनुसार हामीले बप्तिस्मा लियौं।

मेरो सातजना दाजुभाइ दिदी बहिनीहरू छन्। तिनीहरूले पनि साबथको सन्देशलाई स्वीकार गरुन् भन्ने मेरो चाहना छ। एडभेन्टिस्ट सन्देश थाहा नपाएको कोरियाको भित्री भागमा सबाथको बारेमा सिकाउने मेरो चाहना छ। हाम्रो निम्ति प्रार्थना गर्नुहोस् ताकि हामीले एडभेन्टिस्ट चर्चहरू स्थापना गर्न सकौं।

जसरी आइतबारलाई साबथ पालन गर्दा मनमा केही न केही कमी भएको महसुस गरेको थिएँ आजभोलि मलाई त्यस्तो लाग्दैन। येशूमा पाएको सत्यताले गर्दा मेरो मन खुशीले भरिएको छ।

*(यो अनुभव सुना प्यायुनले आन्ड्र्यु मेक्चेस्नीलाई बताएकी हुन्। उनी १५ वर्षसम्म आइतबार चर्चको पास्टर भएर काम गरेकी थिइन्। उनी ६४ वर्षकि छिन्)।*

| कथा ६९ | बुबा, मलाई क्षमा गर्नुहोस्! होरितारिसा (जापान) |
|---|---|

म इसाई परिवारमा जन्मेको थिइन। जब म ठूलो भएँ परमेश्वरको बारेमा मैले कहिल्यै पनि सोचेको थिइन। जापानमा बाऱ्ह करोड साठी लाख मानिसहरू छन्। तिनीहरू परमेश्वरप्रति वास्ता गर्दैनन्। परमेश्वरलाई पिता भनेर सम्बोधन गर्ने चलनले उहाँप्रति मेरो भावना राम्रो थिएन किनभने मेरो बुबाको धेरै व्यवहार मलाई मनपरेको थिएन।

जब म सानै थिएँ मेरा बुबा र आमा एक आपसमा छुट्नुभयो। म आमासँग रहन गएँ। तर बिदाको बेलामा म बुबालाई भेट्न जान्थें। जब म १४ वर्षको थिएँ मेरो बुबा बिरामी हुनुभयो र शनिबार र आइतबार उनको हेरचाह गर्थें। उहाँको नर्स हुने मेरो थिएन। बुबालाई स्याहार्ने काम गाऱ्हो थियो। म सानै थिएँ र मैले गर्नुपर्ने काम धेरै थियो। मैले गुनासो पोखाउँथे। "मैले नै किन स्याहार गर्नुपर्ने" भनेर कचकच गर्थें। जब जब बुबालाई मैले भेटें तब तब मैले उहाँलाई भन्थें, "तपाईंदेखि मलाई वाक्क लाग्छ।" म धेरै रुन्थें। मेरो बुबा पनि रूनुहुन्थ्यो होला। केही समयपछि उनको देहान्त भयो।

फिलिम बनाउने काम सिक्न म अमेरिका गएँ। अमेरिकाको लस एन्जल सहरमा मेरो अध्ययन सुरू गर्नुभन्दा पहिले म सिकागो सहरमा गएँ। त्यहाँ मेरा आफन्तहरू थिए जो सेभेन्थ-डे एडभेन्टिस्टहरू थिए। साबथमा चर्च जान मलाई आग्रह

गरे। मलाई चर्चको वातावरण मनपऱ्यो। इसाई चर्चमा गएको त्यो मेरो पहिलो अनुभव थियो।

जब म स्कुल जान थालें तब चर्चमा जाने समय पाएको थिइन। छ महिनापछि मेरा आफन्तहरूले लस एन्जलसमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भेट्टाएका छौं कि भनेर सोधे। अन्तमा म ग्लिन्डेल फिलिपिनो सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गएँ। प्रवचन पछि घरमा गएर मेरी आमासँग स्काइपमा कुरा गर्ने मेरो योजना थियो। तर चर्च त म जस्तो युवायुवतीहरूले भरिएको थियो। चर्चबाट म निस्कन लाग्दा तिनीहरूले मलाई रोके। हामीले सँगसँगै खाना खायौं र त्यसपछि तिनीहरूसँग घुलमिल गर्न तिनीहरूले मलाई आग्रह गरे।

मेरो नयाँ साथीहरूले अर्को दिन उनीहरूसँग घुम्न बोलाए। तिनीहरूले दिनदिनै मलाई बोलाउँथे। तिनीहरूले मप्रति त्यस्तो किन दया देखाए भनेर मैले अचम्म माने। पछि मलाई थाहा भयो कि परमेश्वरले उहाँको प्रेम येशूलाई प्रेम गर्ने विश्वासीहरूबाट देखाउनुहुँदो रहेछ। परमेश्वरको प्रेमको बारेमा मैले धेरै जान्न चाहें। तिनीहरूलाई परमेश्वर र बाइबलको बारेमा धेरै प्रश्नहरू मैले गरें। एक जना साथी बाइबल सिकाउने काम गर्दथी। उनले मलाई बाइबल सिकाउन थालिन्।

मेरा साथीहरू मलाई मन परेको थियो र मैले बप्तिस्मा लिन चाहें।तर मैले मेरो बुबालाई नराम्रो व्यवहार गरेको बिर्सेको थिइन। बुबाले मलाई क्षमा दिनुभएको म चाहन्थें।

एक रात मैले सपना देखें। मेरो बुबा भुईंमा पल्टिरहनुभएको मैले देखें। उहाँको अनुहार सेतो थियो र उहाँ मर्नै लागेको जस्तो हुनुहुन्थ्यो। उहाँले मलाई टक्क लगाएर

हेर्नुभयो तर केही पनि भन्नुभएन। उहाँले मलाई कहिल्यै पनि क्षमा दिनुहुन्न भनेर मैले सोचें।

अर्को रात पनि फेरि त्यही सपना देखें। फेरि मेरो बुबा भुईंमा लोटिरहनुभएको मैले देखें। तर यसबेला उहाँ मलाई हेरेर मुस्कुराउनुभयो र भन्नुभयो "धन्यवाद।" "मेरो बुबाले मलाई क्षमा दिनुभयो। परमेश्वरले पनि हामीलाई त्यही गर्नुहुन्छ। हामी सधैं राम्रो बाटोमा नलागेतापनि हामीले क्षमा माग्यौं भने परमेश्वरले क्षमा दिनुहुन्छ र हामीलाई प्रेम गर्नुहुन्छ" भनेर मैले सोचें।

जब सपनामा मेरो बुबाले "धन्यवाद" दिनुभयो अनि मलाई मुक्तिको आनन्द पहिलो पटक अनुभव भयो। मेरो मनमा भएको गरुङ्गो भारी बिलाएर गयो। मलाई थाहा छ कि मैले क्षमा पाइसकेको छु। म ब्युँझे र प्रार्थना गरें। "प्रभु तपाईंलाई धन्यवाद छ। येशूले मलाई क्षमा दिनुभयो। ममा येशूको प्रेम भएको महसुस गरेको छु।" मैले मनमनै भनें।

बप्तिस्माको निम्ति खडा भएको तगारो त्यस सपनाले हटाइदियो। परमेश्वरले मलाई क्षमा दिन सक्नुहुन्छ र उहाँको प्रेमको प्रवाह चर्चका विश्वासीहरूबाट मैले अनुभव गरें। १ यूहन्ना ४:१२ अब मैले बुझें। त्यसमा लेखिएको छ, "यदि हामीहरूले एक आपसमा प्रेम गऱ्यौ भने परमेश्वर हामीहरूसँग रहनुहुनेछ, र उहाँको प्रेम हामीमा सिद्ध भएको छ।"

मैले सपना देखेको तिन महिनापछि बप्तिस्मा लिएँ। त्यसबेला मेरा भतिजीहरू पनि त्यो उत्सबमा सामेल हुन आए। मेरो निर्णयप्रति तिनीहरू छक्क परेका थिए तर तिनीहरू खुशी थिए।

अब म २४ वर्षकी भएकी छु। जापानको राजधानी टोकियो नजिक एक गैरसरकारी संस्थामा काम गरिहरेकी छु। कार्टुन फिलिमहरू नसिक्ने मैले निर्णय गरें किनकि ती फिलिमहरू प्रायजसो जापानमा भिडियो खेलमा प्रयोग गरिन्छ। भिडियो खेलहरू बनाउन मैले चाहिंन। चित्रकलाबाट बालबालिकाहरूलाई सञ्चो पार्ने काम मैले गरिरहेकी छु। जापानको उत्तरी भागमा सन् २०११मा आएको भूकम्पले धेरै बालबालिकाहरू त्रासमा परेको थियो। मेरो संस्थाले तिनीहरूको डर हटाउन चित्र कोराएर सहयोग गऱ्यो।

मेरी आमाको निम्ति पनि मैले प्रार्थना गरिरहेको छु। उनले पनि येशूलाई ग्रहण गरुन् भन्ने म चाहन्छु। जापानको सतागया चर्चले म जस्तो सेभेन्थ-डे एडभेन्टिस्ट युवायुवतीहरूलाई जापानमा सुसमाचार प्रचार गर्न तालिम दिइरहेको छ।

| कथा ७० | येशूले माझीहरूलाई पक्रनुहुन्छ<br>कुरीखाराकिमियोशी<br>(जापान) |
| --- | --- |

४८ वर्षको मेरो माझी साथी साडायुकीले बप्तिस्मा लिएको देखेर मेरो हृदय अत्यन्त खुशी भएको थियो। जापानको टुशिषमा भन्ने दुर्गम टापुमा उनले बप्तिस्मा लिएका थिए।

१५ वर्षको उमेरदेखि माछा समात्ने काम गरिरहेको मेरो साथीलाई येशूले भर्खर समात्नुभएको थियो। उसँग मेरो पहिलो भेट एउटा विशाल बजारनिर भएको थियो। जब मैले मेरो कार पार्क गर्दैथिएँ, त्यसबेला मकहाँ आएर उसले मसँग चुरोट मागेको थियो। म, मेरी श्रीमती र दुई साना छोरीहरूसँग जापानको सुशिमा टापुमा बस्दथैं। त्यो टापुमा ३०,००० मानिसहरू थिए। त्यो टापु जापानबाट दक्षिण कोरियातिरको समुद्रमा थियो। हामीहरू ग्लोबल मिसन पायोनियरहरू हौं। हामी मिसनमा जागिर खाएका नभएतापनि एक वर्ष प्रभुको काममा लाग्न स्वयँसेवक भएका थियौं। स्वयं प्रभुको बारेमा थाहा नपाएकाहरूकहाँ तिनीहरूकै रहनसहनमा रहेर सुसमाचार सुनाएर सङ्गति स्थापना गर्ने हामीहरूको काम हो। जब सातवर्ष अघि हामी त्यस दुर्गम टापुमा आइपुग्यौं तब त्यहाँ अरू कोही पनि सेभेन्थ-डे एडभेन्टिस्ट थिएनन्।

म कारमा बसिरहेको बेलामा साडुयुकी मेरो कारको झ्यालमा ढकढकाउन आयो। त्यसले मेरी छोरीहरूलाई तर्साइदिएको थियो। मैले तुरन्तै जवाफ दिएँ, "माफ गर्नुहोस्, मसँग चुरोठ छैन।" कसैले यस्तो खालको अनुरोध गऱ्यो भने म प्रायजसो यसरी नै नम्र भएर जवाफ दिन्थैं। तर त्यो अपरिचित मानिसको मुख अँध्यारो भयो र निराश देखियो। जब ऊ हामीबाट गयो तब मैले छोरीहरूलाई उसको निम्ति प्रार्थना गर्नुपर्छ भनें।

प्रार्थना गरेपछि मैले सोचें, “मैले त्यस मानिसलाई एडभेन्टिस्ट पर्चा दिएँ भने के होला?" तर मसँग त्यसबेला कुनै पर्चाहरू थिएन। मसँग जे थियो त्यो अघिल्लो दिन बाँडेर सकिएको थियो। त्यसकारण फेरि केही पर्चा बाँकी होला कि भनेर प्रार्थना गरें। जब मैले आँखा खोलें तब एउटा पर्चा कारको भुईंमा परिरहेको देखें। मेरी छोरीले कुल्चेर त्यस पर्चा अलिकति च्यातिएको थियो। तर त्यहाँ भएको सामग्री पढ्न सकिन्थ्यो। त्यसकारण म मेरा दुई छोरीहरूको हात समातेर त्यस अपरिचित मानिसकहाँ गएँ। जब हामीले त्यस मानिसलाई भेट्यौं तब बाइबलको एउटा पद याद आयो। एक जना माग्नेलाई पत्रुसले भनेको कुरा सम्झें, “मसँग सुनचाँदी छैन तर मसँग जेछ सो तिमीलाई दिन्छु" (प्रेरित ३ः६)। उसलाई भेटेर मैले भनें, “माफ गर्नुहोस् मसँग चुरोठ छैन तर यो चाहीं छ।" च्यातिएको पर्चा उसले लिन्छ कि लिंदैन सो मलाई थाहा थिएन। तर नहिचिकिच्याइकन त्यो पर्चा उसले लियो र म उभिरहेकै बेलामा उसले पढ्यो। उसले मलाई धेरै धन्यवाद दिएर भन्यो, “साँच्चैं भन्ने हो भने नजिकको कुनै चर्च छ कि भनेर त्यहाँ जान चाहेको थिएँ। मेरो जीवनमा सबै आशा हराइसकेको छ र म निराशै निराशले भरिएकोछु। तर त्यस चर्चमा जानुभन्दा पहिले तपाईं मकहाँ आउनुभयो। त्यसको निम्ति धन्यवाद।"

जब मैले यो कुरा सुनें म त तीन छक्क परें। परमेश्वरकै अगुवाईमा हामीहरूको भेट भएको जस्तो लाग्यो। हरेक दिन बाइबल अध्ययन गर्न मकहाँ आउन मैले अनुरोध गरें। उसले केही खाएको छ कि छैन भनेर पनि सोधें। उसलाई हरेक दिन खान पनि दिन सक्थें। त्यो मानिसलाई आफू कोहुँ भनेर चिनाएपछि मेरो घरमा बाइबल अध्ययन गर्न आउन उसले मञ्जुर गर्‍यो।

साडुयुकी भोलिपल्ट आयो। तीन महिनासम्म हामीले सँगसँगै बाइबल अध्ययन गऱ्यौं। साडुयुकी नैराश्यता र मादक पदार्थसँग संघर्ष गरिरहेको मैले थाहा पाएँ। औषधीको मात्रा धेरै खाएर दुईपल्ट उसले आत्महत्या गर्न खोजेको थियो। तर दुवै पल्ट डाक्टरले उसलाई अचम्म तरिकाले बचाएको थियो। येशूको प्रेमको बारेमा थाहा नदिइकन उसलाई कहिल्यै पनि परमेश्वरले मर्न दिनुहुन्न भनेर मैलें भनें।

सन् २०१५मा साडुयुकीले बप्तिस्मा लियो। म र मेरो परिवार त्यस टापुमा भएको बेला बप्तिस्माद्वारा येशूलाई ग्रहण गर्ने तीन जनामा ऊ दोस्रो व्यक्ति थियो। उसले मादकपदार्थ खान छोड्यो र जाँडरक्सीले सताइरहेको अरूहरूलाई छोडाउने निकाय खोल्ने चाहना ऊ व्यक्त गर्दछ।

शिन्तो र बुद्ध धर्म मान्ने मानिसहरूलाई येशूको बारेमा सुनाउन नसक्दा कहिलेकाहीँ म र मेरी श्रीमती दिक्क हुन्थ्यौं। तर साडुयुकी र उसको हँसिलो मुहार देख्दा परमेश्वरको बाटो हामीहरूको होइन भनेर हामीलाई याद दिलाउँछ र जो मानिसले परमेश्वरलाई खोजिगरिरहेको हुन्छ, उहाँले हामीकहाँ ल्याउनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं।

(यो कथा कारिहाराकिमीयोशीले आन्द्रु मेक्चिस्नेलाई बताएको हो। किमीयोशीले जसलाई किभ भनेर सम्बोधन गरिन्छ हवाई जहाज चलाउने लाइसेन्स पाएको छ। परमेश्वरको इच्छा भए हवाईजहाज चलाएर उहाँको गवाही हुन चाहिरहेको छ। उनी हवाई जहाजसँग अहिले पनि खेलिरहेका हुन्छन्)।

**कथा ७१**

# सयौंकी आमा

## मायुमी नागाने

**(जापान)**

जापानमा मायुमी एक अत्यन्त प्रभावकारी सेभेन्थ-डे एडभेन्टिस्ट महिला हुन्। तर सुरूमा त्यस्ती थिइनन्। उनले पहिलो कक्षा सक्नुभन्दा पहिले दुई पल्ट मर्न आँटेकी थिइन्। उनका बुबा मादकपदार्थको दुर्व्यसनमा लागेका थिए भने आमालाई मानसिक रोगले सताएको थियो। दुवै बाबुआमाले उनीप्रति त्यस्तो ध्यान दिएका थिएनन्। त्यसैले गर्दा एक दिन पानी उम्लिरहेको भाँडो उनीमाथि खनिन्दा उनी झण्डै मरेकी थिइन्। त्यो घट्ना उनी तीन वर्ष हुँदा र पाँच वर्ष हुँदा दुई पटक भएको थियो। दुवै पटक उम्लिरहेको पानी जिउ भरि पोखिएको थियो। त्यसले गर्दा उनको शरीरमा जिन्दगीभरी नहराउने दाग बसेको थियो।

*"परमेश्वरले मलाई दुई पल्ट बचाउनुभयो" मायुमीले भनिन्।*

जब उनी नौ वर्षकी थिइन् उनकी आमा सदाको निम्ति हराएकी थिइन्। उनको जीवन अत्यन्त कहाली लाग्दो र कष्टमय थियो। उनी निराशै निराशामा हुर्केकी थिइन्।

जब उनी ६ कक्षामा पढ्थिन् तब उनीभित्र आशाको दियो बलेको थियो। एक जना अमेरिकन उनको घरसँगै जोडिएको घरमा सरेको थियो। उसले उनलाई अङ्ग्रेजी बोल्न सिकायो र बाइबल पढ्न पनि सिकायो। जब मायुमीले मत्ती ७:१२मा लेखिएको सुनौलो नियम पढिन् तब उनलाई अत्यन्त अचम्म

लाग्यो। त्यसमा लेखिएको छ "अरूले तिमीलाई के गरेको चाहन्छौ त्यही तिमीले पनि अरूलाई गर।"

"जब मैले यो पद पढें तब मलाई थाहा भयो कि म कुन बाटोमा जानुपर्छ। मेरो विगतको समयलाई म बदल्न सक्दिँन। मेरो दाग भएको छाला कहिल्यै पनि पहिला जस्तो हुँदैन। तर मैले मेरा बाबुआमाबाट नपाएको माया अरू बालबालिकाहरूलाई दिन सक्छु भन्ने मलाई महसुस भएको थियो" मायुमीले मुस्कुराउँदै भनिन्।

त्यसैबेलादेखि उनले बालबालिकहरूको हेरचाह गर्ने प्रण गरेकी थिइन्।

तर धेरै कठिन समयहरू उनले गुजार्नुपरेको थियो। उनी २१वर्षकी हुँदा उनले बिबाह गरिन्। दश वर्षपछि उनको आफ्नो श्रीमानसँग पारपाचुके भयो। उनी जाँडरक्सी खाएर मात्तिन थालिन् र प्रशस्तरूपमा चुरोट खान थालिन्। उनले आत्महत्या गर्न खोजिन्। जब उनी ३८ वर्ष भएकी थिइन् उनले फेरि विवाह गरिन् र नयाँ जीवन सुरू गरिन्। उनले दिउँसो बालबालिकाहरू हेर्ने ठाउँ वा डे केयर सेन्टरमा काम पाइन्। दिउँसो साना बालबालिकहरूलाई हेर्ने ठाउँ देखेर उनलाई धेरै नमजा लाग्यो। त्यस डे केयर सेन्टरमा धेरै कडा नियमहरू थिए। बालबालिकाहरूका बाबुआमाहरूले धेरै काम गर्नुपरेको थियो।

जब एक दिन एक वर्षको ज्वरो आएको बालकलाई डे केयरमा भर्ना लिइएन तब मायुमीको जीवनमा भारी परिवर्तन आएको थियो। त्यस बालकको आमा काममा जानैपर्थ्यो र बालकलाई हेर्ने हुँदैनथ्यो। अर्को दिन त्यस आमा डे क्यरमा फर्केर आइन्। उनको बालक त्यसरी चाँडो कसरी निको भयो भनेर उनलाई थाहा भएन। तर जब बालकको थाङ्ना फेरियो तब बालक राम्रो भएको थियो। आमाले बालकलाई चिसो थाङ्ना वा

डाइपर बेरेकी थिइन्। ज्वरोलाई कम गर्न आमाले त्यो गरेकी थिइन्।

“बच्चाहरूलाई त्यसरी हेरचाह गर्ने होइन भनेर मैले आफ्नै डे क्यर सेन्टर खोलें। बालबालिकाहरूलाई राम्रोसँग स्याहार्ने नीति मैले बनाएँ। जस्तोसुकै बालबालिकलाई पनि बिनासर्त भर्ना गर्ने नीति मेरो थियो। ज्वरो आएकोलाई पनि भर्ना लिने भनेर मैले डेक्यर खोलें" मायुमीले बताइन्।

मायुमीको डे क्यर २४ घन्टा खुला हुन्थ्यो। उनले केवल दश जना बालबालिकाहरूलाई भर्ना गराउन विज्ञापन निकालिन् तर ५०० आमाहरूले आफ्ना बालबालिकाहरूलाई राख्न अनुरोध गरे। यदि कोही बच्चा ज्वरोले सताएको छ भनेर उसलाई आफ्नै घरमा पठाइन्थ्यो तर त्यहाँ बच्चा हेर्ने धाइआमालाई पनि पठाइन्थ्यो।

तर जब मायुमीले अरू बालबालिकाहरूको सेवा गर्दै थिइन् आफ्नै घरमा उनलाई समस्या भएको थियो। उनको दुई छोरीहरू थिए र सानीचाहिँ चारक्लास भर्नाभएकी थिइन् तर स्कूलमा जान मानिनन्। सरकारी स्कुलमा गएकी छोरीले शिक्षिकाले उनलाई मूर्ख केटी भनेर पिटिन् भनेर गुनासो गरिन्। एक दिन सङ्गीत सिकाउने शिक्षिकाले पनि उनको टाउकोमा झ्यालीले हिर्काएकी थिइन्।

मायुमीले आफ्नी छोरीलाई त्यस स्कूलबाट निकालेर अर्कै स्कूलमा राख्न खोजिन्। आफ्नो घरको नजिक एडभेन्टिस्ट स्कुल उनले भेट्टाइन्।

“सरकारी स्कूलभन्दा एडभेन्टिस्ट स्कूल स्वर्ग जस्तो भएको मैले थाहा पाएँ। त्यहाँका शिक्षिकाहरू धेरै राम्रा थिए" मायुमीले सुनाइन्।

उनको छोरीले एडभेन्टिस्ट स्कूल तुरन्तै मनपराइन्। धेरै वर्षपछि छोरीले बप्तिस्मा लिइन्। अनि मायुमी, उनको श्रीमान र अर्को छोरीले पनि बप्तिस्मा लिए।

बप्तिस्मा लिएपछि मायुमीमा परिवर्तन आयो। उनी मोटी थिइन् तर दुब्ली र स्वस्थ भइन्। उनी सधैं हँसिली थिइन्। उनका साथी, आमाबाबु र पहिलाको डेक्यर सेन्टरका साथीहरूले पनि उनलाई के भयो भनेर सोध्न थाले। मायुमीले तिनीहरूलाई प्रभु येशूको बारेमा बहादुरीसाथ सुनाइन्। उनको प्रभावले उनले काम गरेको पहिलाको डे क्यरको ३० जना किशोर र किशोरीहरू आज एडभेन्टिस्ट स्कुलहरूमा अध्ययन गरिरहेका छन्।

“मैले चिनेका पहिलाका बालबालिकाहरू जब त्यस डेक्यर छोडेर हुर्केका थिए तिनीहरूलाई एडभेन्टिस्ट स्कूलमा जान सल्लाह दिएँ। धेरैले जान मञ्जुर गरे।" मायुमीले भनिन्।

पहिलेका डे क्यर सेन्टरका बालबालिकाहरू र तिनीहरूका बाबुआमा समेत गरेर चार वर्षभित्र ४५ जनाले बप्तिस्मा लिएका थिए।

आजभोलि मायुमीले टोकियोमा ठूलो डेक्यर सेन्टर खोलेकी छिन् र त्यहाँ ५० जना बच्चाबच्चीहरू छन्। तिनीहरू प्रायजसो इसाई परिवारका होइनन्। मानसिक रोगले पिडित बालबालिकारहरूलाई हेरचाह गर्ने नयाँ जीवनशैली अपनाउने संस्था खोल्ने कोशिश उनले गरिरहेकी छिन्।

हामी येशूका भक्त हौं भनेर कसरी अरूलाई प्रभाव पार्ने? मायुमी जस्तै भद्र र मिजासीलो भएर अरूलाई येशूको सन्देश सुनाऔं।

लेखकः आन्ड्रयु मेक्चेस्नी

| कथा ७२ | एडभेन्टिस्ट कलेजमा हराएको विद्यार्थी<br>यासुकी योकी<br>(जापान) |
|---|---|

जापानमा रहेको एकमात्र एडभेन्टिस्ट कलेजमा जब यासुकी योकी भर्नाभए त्यसभन्दा अघि उसले कहिल्यै पनि कुनै इसाईलाई भेटेको थिएन न त बाइबल नै पढेको थियो। जब सानिकुगाक्विन कलेजमा उसको बुबाआमाले दुई वर्षसम्मको निम्ति ट्युशन फी तिरे तबसम्म त्यो कलेज इसाई कलेज हो भनेर थाहा पाएको थिएन। उसले अङ्ग्रेजी सिक्न चाहेको थियो र त्यस मामिलामा त्यो कलेजको नाउँ चलेको थियो।

जब सबैले सुन्ने गरेर लाउड स्पिकरबाट “बेलुकाको आराधना समय भएको छ। सबै जना सभा घरमा जम्मा हुनुहोस्" भन्ने खबर सुने यासुकी योकी छक्क परेको थियो।

“मबाहेक सबैले भजन गाउन जानेका थिए। मबाहेक सबैले बाइबलमा पदहरू भेट्टाउन जानेका थिए। मैले केही पनि बुझ्न सकेको थिइन" योकीले भन्यो।

आराधना सकेपछि मैले घर फर्किने निधो गरे। तर बाबुआमाले ट्युशनको पैसा तिरेकोले दुईवर्ष पढेरमात्र घर फर्कने निर्णय भयो।

“त्यो कलेजमा जानु नै इसाईहरूसँग मेरो पहिलो सम्पर्क भएको थियो" यासुकी योकीले व्यक्त गऱ्यो।

योकी जस्तै धेरै जापानीहरूले कहिल्यै पनि इसाईलाई भेटेका हुँदैनन्। जापानको जनसंख्यामा केवल एक प्रतिशतमात्र इसाई छन्। त्यहाँ १५१५१ एडभेन्टिस्टहरू छन्। त्यस देशका मानिसहरू प्रायजसो बुद्ध धर्म मान्छन्।

कलेजमा भर्ना हुँदा योकी बुद्धले धर्म पनि मानेको थिएन। आत्मिक मामिलामा उसलाई कुनै चासो नै थिएन।

तर उसका साथीहरू र शिक्षकहरू दयालु थिए। तिनीहरूले उसलाई येशूको बारेमा सिकाए। तिनीहरूको मित्रवत व्यवहारले गर्दा ऊ इसाई आस्थाप्रति प्रभावित हुन थालेको थियो।

उसले चर्चमा जान मन पराउन थाल्यो र नयाँ साथीहरूसँग घुलमिल गर्न मनपरायो। एक जना एडभेन्टिस्ट महिलालाई उसले साथी बनायो। पछि बप्तिस्मा लिन आफूले हिचकिचाउन नपरेको उसले थाहा पायो।

दुई वर्षपछि अङ्ग्रेजी भाषा सिकाउने इजाजत उसले पायो। एडभेन्टिस्ट कलेजमा नै पढाउन उसले चाहना व्यक्त गऱ्यो। तर त्यस कलेजमा काम गर्न पहिले इसाई हुनुपर्छ भनेर थाहा पायो, त्यसको अर्थ उसले बाइबल अध्ययन गर्नु आवश्यक थियो।

कलेजमा बाइबल सम्बन्धी अध्ययन गर्न बाइबल क्लासमा भर्ना भयो। ऊ पास्टर हुन चाहेको थिएन। कलेजमा पढाउनमात्र बाइबल पढ्न चाहेको थियो। जब बाइबल क्लासमा पढ्न उसले नाउँ लेखायो तब कलेजको पास्टरले उसलाई सोधे, "भविष्यमा तिमी के गर्न चाहन्छौ? के तिमी इसाई हुन चाहन्छौ?"

"पछि इसाई हुन्छु होला, तर अहिले होइन" योकीले जवाफ दियो।

"ए, तिमी इसाई हुन चाहेका रहेछौ। तब अहिले नै किन बप्तिस्मा नलिने? भोलि के हुन्छ थाहा छैन। किन भोली भनेर पर्खिने?" पास्टरले उसको अनुहारमा नियालेर भन्यो।

पास्टर र योकीले धेरै बेरसम्म छलफल गरिरहे। योकीले पास्टरको भनाइलाई बुझ्यो। अन्तमा योकीले भन्यो, "मलाई केही

समय दिनुहोस्। बप्तिस्माको बारेमा सोच्न मलाई समय चाहिन्छ।"

"तिमी अर्को हप्ता आउँदा कुन दिन बप्तिस्मा लिने भनेर निर्णय गरेर आऊ ल!" पास्टरले भन्यो।

एडभेन्टिस्ट केटी साथीलाई उसले फोन गऱ्यो। उनी अर्कै सहरमा प्राथमिक स्कूलमा काम गरिरहेकी थिइन्। उनलाई पास्टरले भनेको कुरा उसले सुनायो। आफूले बप्तिस्मा लिने दिन उनी पनि आउन सक्छिन् कि भनेर योकीले सोध्यो। अर्को केही महिनामा केवल एक दिनमात्र उनले छुट्टी पाउने कुरा त्यस केटी साथीले सुनाइन्। त्यही दिन बप्तिस्मा लिने योकीले निर्णय गऱ्यो।

आज ४२वर्षको योकी जापान युनियन कन्फरेन्सको अगुवा भएको छ। जापानको युवा चर्चको ऊ मात्र एक पास्टर भएको छ। टोकियो सेतगया चर्चले युवायुवतीहरूलाई सुसमाचार सुनाउने काममा तालिम दिन्छ। यस त्रैमासिक भेटीको केही भाग त्यस चर्चलाई सघाउनेछ।

एडभेन्टिस्ट कलेजमा जुन तरिकाले उनलाई येशूको प्रेम देखाउने रहस्य थाहा भयो त्यही रहस्य उनले पनि आत्मसात् गर्छन्।

"परमेश्वरको प्रेम सिकाउन बाइबलबाट होइन तर मेरा साथीहरू र शिक्षकहरूले हुन्। तिनीहरूको नरम मिजास, मायालु व्यवहार र मिठो वचनले मलाई परमेश्वरको प्रेम सिकाएको थियो" योकी खुशीसाथ व्यक्त गर्छन्।

*-लेखक: आन्ड्र्यु मेक्चेस्नी*

| कथा ७३ | आठ कक्षाको विद्यार्थीबाट परमेश्वरको सेवाकार्य<br>बुमचिनअर्डेन<br>(मङ्गोलिया, एशिया) |
|---|---|

मङ्गोलियाको पहाडी सहरमा उसको परिवार सरेपछि आठ कक्षाको बुमचिनले चर्चमा जान चाहेको थियो। तर नयाँ सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च थिएन। त्यहाँ रहेका सबै जसो १०,००० मानिसहरू बुद्ध धर्मका अनुयायीहरू थिए। उसका बाबुआमा पनि बुद्ध धर्म मान्थे। उसले एउटा इसाई चर्च भेट्टायो जुन चर्चले आइतबार मान्थ्यो। त्यो चर्च उसको हिसाब सिकाउने नयाँ शिक्षकको घरमा हुन्थ्यो। बुमचिम आफ्नो हिसाब सिकाउने सरको घरमा जान डराएको थियो।

"म हिसाबमा राम्रो थिइन, त्यसकारण त्यस शिक्षकको घरमा जान मलाई डर लागेको थियो" बुमचिमले भन्यो।

मङ्गोलियामा धेरै जसोलाई एडभेन्टिस्ट चर्चको बारेमा थाहा थिएन। तर बुमचिमलाई त्यस चर्चको बारेमा राम्रैसँग थाहा थियो। एक जना स्थानीय एडभेन्टिस्ट नातेदारले बोलाएको हुनाले बुमचिम आफ्नो पुरानो सहरमा रहेको एडभेन्टिस्ट चर्चमा जाने गर्दथ्यो। एक दिन पास्टरले उसलाई मङ्गोलियाको राजधानी उलनबाटरमा एडभेन्टिस्ट युवा भेलामा लगेका थिए। बुमचिमले त्यस भेलामा येशूको सुमाचार सुनाउने मानिसहरूको आवश्यकता भएको महसुस गरेको थियो। त्यसकारण नयाँ सहरमा येशूको सुसमाचार कसरी सुनाउने भनेर सोचिरहेको थियो।

बुमचिमले येशूको सुसमाचार कसरी सुनाउने भनेर सोच्दै गरेको बेलामा उसको घरको नजिकै रहेको पहाडमा बिहान सधैं चढ्ने पनि गरेको थियो। पहाडको टुप्पोमा बसेर भजनहरू गाउँथ्यो र परमेश्वरको अगुवाईको निम्ति प्रार्थना गर्दथ्यो।

*"प्रभु मलाई प्रयोग गर्नुहोस्" भनेर उसले प्रार्थना गर्दथ्यो।*

एक दिन बिहान प्रार्थना गरेपछि पहाडबाट खुरुरु झरेर सिधै आइतबार मान्ने चर्चमा गयो। चर्चभित्र पसेपछि उसलाई कसोकसो लागेको थियो। २०जना ठूलो मानिसहरूको सामु आफूमात्र एक्लो बालक भएको उसले भेट्टाएको थियो। तर जब ठूलाहरूले कुरा गर्न थाले उसको असजिलोपना हट्यो। त्यो चर्च सधैंको निम्ति बन्द हुन लागेको थियो।

"यो हाम्रो चर्चको अन्तिम आराधना समय हो" एक जना चर्चको सदस्यले भन्यो। "हामी थोरै छौं, किन चर्च चलाइरहने?" अर्को चर्चको सदस्यले दुःख पोखाए। त्यस चर्चका सदस्यहरू धेरै निराश भएका थिए किनकि धेरै जसो विश्वासीहरूले त्यस चर्चमा आइतबार आराधना गर्न आउन छोडेका थिए।

बुमचिमले उभिएर १ कोरन्थी १५:५८ पढ्यो, "त्यसकारण मेरा प्रिय भाइहरू हो नहिच्किचाउ, अडिग होऊ, परमेश्वरको काममा सधैं लागिरहनु। परमेश्वरमा तिमीहरूको परिश्रम व्यर्थ भएको छैन भनेर थाहा पाउनु" (रूपान्तरित)। येशूभक्तहरूले आशा छोड्नुहुन्न भनेर उसले बाइबलबाट सुनायो। जब त्यो केटाले बोल्यो तब चर्चका मानिसहरू ध्यानसँग सुनीरहे। जब उसले वचन सुनाउन सक्यो तब चर्चका सदस्यहरूले खुशी मानेर भने, "यो हाम्रो अन्तिम आराधनाको समय होइन! बरू अब नयाँ तरिकाले यो चर्च सुरू गरेर हाम्रो प्रथम आराधनाको समय हुनेछ!"

केही दिनपछि त्यस चर्चका धेरै सदस्यहरू बुमचिमसँग प्रार्थना गर्न पहाडमा चढे।

बुमचिमले पुरानो एडभेन्टिस्ट चर्चको पास्टरसँग सम्पर्क गऱ्यो। आइतबारको दिन त्यस आइतबार चर्चमा प्रचार गर्न आउन उसले अनुरोध गऱ्यो। ती पास्टरले मञ्जुर गरे र दुवै

जना मिलेर महिनाको एक दिन त्यहाँका चर्चका सदस्यहरूलाई बाइबल सिकाए। त्यो क्रम छमहिनासम्म चल्यो।

“चर्चका सदस्यहरूलाई एडभेन्टिस्ट हुन आह्वान गरिँन तर तिनीहरूकहाँ गएर तिनीहरूको चर्चमा सामेल भएँ र तिनीहरूसँग प्रार्थना गर्न थालेँ" बुमचिमले भन्यो।

तर पहाडमा चढेको बेलामा आफ्नो प्रार्थनामा परिवर्तन गर्न थाल्यो। परमेश्वरले उसलाई प्रयोग गर्नुहोस् भनेर प्रार्थना गर्नुको सट्टा चर्चका विश्वासीहरूले एडभेन्टिस्ट सन्देश ग्रहण गराउन सहायता गर्नुहोस् भनेर बुमिचिमले प्रार्थना गर्न थाल्यो।

त्यो चर्चमा २० जनाबाट २७ जना विश्वासीहरू भए र बुमिचिमका साथीहरू पनि चर्चमा आउन थाले।

एक वर्षपछि त्यस चर्चका सबै २७ जना सदस्यहरू एडभेन्टिस्ट चर्चको पास्टरको चर्चमा अरू एडभेन्टिस्टहरूसँगै क्रिसमसको विशेष कार्यक्रममा सहभागी हुन गए। जब ती २७ जना आ-आफ्ना घरमा फर्के तब सबै जनाले एडभेन्टिस्ट चर्चमा सामेल हुन सहमति जनाए। मङ्गोलियामा एडभेन्टिस्ट चर्च सुरू भएको २७ वर्षमा त्योमात्र एक घट्ना हो जहाँ एउटा चर्चको सबै जना एडभेन्टिस्ट भएका थिए।

जब बुमिचिम ठूलो भएर मङ्गोलियाको राजधानी उलनबाटरमा गयो तब त्यो चर्चमा ४० जना विश्वासीहरू भएका थिए। २७वर्षको बुमिचिमले मङ्गोलियामा चर्च स्थापना गर्न छोडेको छैन। ऊ ग्लोबल मिसनको पायोनियर भएको छ र मङ्गोलियाको केवल एउटामात्र पाथफाइन्डर चर्चको अगुवा भएको छ। ऊ र उसकी श्रीमती मिलेर मङ्गोलियाको परम्परागत पाल जस्तो घरमा सन् २०१२मा पाथफाइन्डर चर्च खोलेका थिए। खुन्टुल सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा प्रायजसो ६० जना प्रत्येक साबथ आराधना गर्न आउँछन्। ४५ जना पाथफाइन्डर युवायुवतीहरू पनि आउँछन्। सन् २०१७मा मङ्गोलिया देशले

एडभेन्टिस्ट चर्चलाई आधिकारिक मान्यता दिएको थियो। सन् २०१७मा पहिलो दश जनाले बप्तिस्मा लिएका थिए।

बुमिचिमको आठ कक्षाको हिसाब सिकाउने शिक्षक अहिले पनि हिसाबै सिकाउँछिन्। अहिले उनी उलनबाटरमा रहेको मङ्गोलियाको एकमात्र एडभेन्टिस्ट स्कूल टुसगालमा पढाउँछिन्। यस त्रैमासिक भेटीको भाग त्यस स्कूलले पनि पाउनेछ।

-लेखक, आन्ड्र्यु मेक्चेस्नी

| कथा ७४ | संसारको सबभन्दा असल काम<br>एन्कमानडेख “मनडाख" बोल्ड<br>(मङ्गोलिया, एशिया) |
|---|---|

*(सन् १९२४देखि सन् १९८९सम्म मङ्गोलिया रूसको अधिनमा थियो। त्यसपछि मङ्गोलिया रूसबाट अलगिएर स्वतन्त्र राज्य बन्यो। त्यहा सन् १९९१मा फ्रन्टियर मिसनको एक बिवाहित दम्पतिले सुसमाचार प्रचार गर्न भित्रिएको थियो। त्यसबेला त्यहाँको जनसंख्या तिस लाख थियो। अहिले त्यहाँ २,१७७ सेभेन्थ-डे विश्वासीहरू छन्। जो जो बप्तिस्मा लिन्छन् प्रायजसो परिवारको एक जनालेमात्र बप्तिस्मा लिने भएको छ। त्यहाँ धेरै चुनौतिहरू छन्। चर्चका धेरै सदस्यहरू चर्चमा रहिरन पनि गाऱ्हो भएको पाइएको छ। मङ्गोलियाको राजधानी उलनबाटरमा मानडाखमा २८ वर्षको ग्लोबल मिसन पायोनियर थियो। उसले किसोर अवस्थामा बप्तिस्मा लिएको थियो। सात वर्षपछि उसले चर्च छोडेको थियो। यो उसको कथा हो।)*

म एकदम कडा मिजासको मानिस थिएँ। मानिसहरूको आनिबानी अनुसार तिनीहरूको न्याय म गर्दथे। कसैले भूल गऱ्यो भने मैले उसलाई ठिक पार्थें। उसलाई सजायँ दिन चाहन्थें। हामीले भूल गऱ्यौं भने परमेश्वरले हामीलाई दण्ड दिन चाहनुहुन्छ भनेर मैले सोचेको थिएँ।

म खुशी हुनसकिनँ र परमेश्वरलाई विश्वास गर्नु बेकार छ भनेर मैले निर्णय गरें। मेरो जीवनमा केही न केही भयो जसले गर्दा मेरो जीवन टुक्रिएको महसुस भयो। म चर्च जान छोड्न थालें र साबथलाई पालन गर्न पनि छोडें। मैले दशांश पनि दिन छोडें।

मेरी श्रीमतीले मेरो बानीले गर्दा दुःख मानेकी थिइन्। उनले मेरो निम्ति प्रार्थना गर्न थालिन्।

मेरो चेतनामा परमेश्वरको सजायँ भोगिरहेको छु जस्तो लागेको थियो। परमेश्वरले मलाई सात वर्ष आशिष दिनुभयो अब उहाँलाई छोडेकोले उहाँले मलाई दण्ड दिइरहनुभएको छ।

एक वर्ष भयो। केही पनि भएन। परमेश्वरले मलाई सजायँ दिनुभन्दा बरू मलाई माया गरिरहनुभएको थियो। मैले पहिला भन्दा राम्रो  आशिष पाएको थिएँ। मङ्गोलियाको टेलिभिजन कार्यालयमा म सम्पादक भएको थिएँ र मेरो तलब राम्रै थियो।

अनि परमेश्वरको अगुवाईको बारेमा मैले एक दिन सोच्दा मेरो मनमा धक्का भयो। मैले सोचेँ, "पैसा कमाउने र खर्च गर्ने, पैसा कमाउने र खर्च मात्र गर्ने। त्यस्तो जीवनको अर्थ के छ र? टेलिभिजन संचालकले मात्र धेरै फाइदा उठाइरहेको छ। अरूभन्दा ऊ पो धेरै धनी धनी भइरहेको छ। पैसा कमाउने भन्दा मलाई आनन्द पार्ने सबभन्दा असल काम के होला? भनेर मैले सोच्न थालेँ। धेरै सोचेपछि म यो निश्कर्षमा पुगेँ कि सबभन्दा असल काम भनेको अरूलाई सुसमाचार सुनाउनु हो। येशूलाई मेरो हृदय फेरि समर्पण गरेँ। चर्चमा फर्किएँ र प्रार्थना गरेँ, "यदि तपाईंले मलाई सुसमाचर सुनाउने काममा खटाउनुभयो भने म जान तयार छु।"

धेरै महिनापछि मङ्गोलिया एडभेन्टिस्ट चर्चका अगुवाहरूले मलाई ग्लोबल मिसन पायोनियर हुन अनुरोध गरे। मङ्गोलियाको राजधानीमा रहेको सुकिरहेको चर्चमा सेवा गर्न र नजिकैको सरकारी स्कूलमा अङ्ग्रेजी पढाउने काममा लाग्न सक्ने तिनीहरूले बताए। मेरी श्रीमतीलेचाहिँ बालसङ्गतिको रेखदेख गर्ने र चिनिया भाषा पढाउने काम गर्न सक्छिन् भनेर ती अगुवाहरूले

सम्झाए। एक हप्तासम्म मैले प्रार्थना गरें। अनि टेलिभिजनको कामबाट मैले राजिनामा दिएँ र म पुरै सुसमाचार प्रचारक बनें।

छ महिनामात्र सुसमाचार काम गर्ने काममा लागिरहेको छु र यो मलाई असाध्यै मनपर्छ। परमेश्वरको शक्तिले मानिसहरूको जीवन परिवर्तन भएको देख्नुभन्दा अरू रोमाञ्चकारी काम मैले देखेको छैन।

जब त्यस ठाउँमा म पुगें तब पहिलो साबथमा तिन वर्षसम्म नआएको एक जना विश्वासी चर्चमा आयो। एक आपसमा हामीहरूको चिनाजानी थिएन। ऊसँग घुलमिल गर्न चाहें र अर्को साबथमा पनि आउन उसलाई मैले अनुरोध गरें। चर्चमा आउन अनुरोध गरेकोमा ऊ खुशी देखिँदैनथ्यो। जब हप्ताको बीचमा उसले कुरा गर्न बोलायो तब मैले उसको बारेमा थाहा पाएँ। ऊ काम गर्ने ठाउँमा म गएँ। उसले आफ्नो श्रीमतीलाई छकाइरहेको थियो। उसको श्रीमतीले उसलाई छोड्न चाहेकी थिइन्। "अब मैले के गर्ने?" भनेर उसले सोध्यो।

के गर्ने उसलाई थाहा थिएन। परस्त्री वा परपुरष गमनबाहेक पारपाचुके गर्नु मनासिब छैन भनेर मैले बाइबलबाट सुनाइदिएँ। परमेश्वरसँग क्षमा माग्न मैले उसलाई भनें र श्रीमतीलाई ठग्न छोडिदेऊ मैले भनें। "तपाईंको श्रीमतीलाई सत्य कुरा भन्नुहोस् र अबदेखि म परमेश्वरको मानिस हुनेछु भनेर वचन दिनुहोस्। तिमीसँग अबदेखि सत्य बाटोमा हिँड्छु भनेर प्रतिज्ञा गर्नुहोस्" मैले भनें। प्रार्थना गरेपछि म उसको घरबाट निस्कें। एक हप्ता पछि त्यस मानिसले यो बतायो कि उसले अर्की केटीलाई छोडिदिएको र आफ्नो जीवन येशूलाई सुम्पेको छु भन्यो। आफ्नी श्रीमतीलाई पनि सत्य कुरा उसले भन्यो। भाग्यवस उनले उसलाई क्षमा दिइन्।

अहिले त्यो मानिस प्रत्येक हप्ता चर्चमा आउँछ र चर्चको सक्रिय सदस्य भएको छ। अर्को अचम्मको काम पनि भयो। एक दिन एक जना अपाङ्गसँग मेरो भेट भयो। उसले महिनाको १६०००० मङ्गोलियन पैसा टोग्रोग पाउँथ्यो। त्यो करिब ६५ डलर वा ६५सय थियो। त्यो सरकारबाट पाएको अपाङ्ग भत्ता थियो। एक दिन साबथमा मैले उसलाई भनें, “तपाईंले दशांस दिनुहोस्। परमेश्वरले आशिष दिनुहुनेछ।" तर त्यो मानिसले मानेनन्।

केही समयपछि टेलिफोनबाट त्यस मानिसले आफ्नो जीवन र स्वास्थको बारेमा कुरा गऱ्यो। सरकारले दुई महिनाको भत्ता उसलाई दिने कुरा उसले गऱ्यो। मैले भनें, “दशांश दिनुहोस्। यदि तपाईंले परमेश्वरको शक्ति जान्न चाहनुहुन्छ भने उहाँलाई जाँच्नुहोस्। मलाकी ३:१०मा परमेश्वरले भन्नुभएको छ "तिम्रो दशांशभेटीले मलाई जाँचेर हेर।"

अर्को साबथ त्यस मानिस चर्चमा आयो र पहिलोपटक दशांश दियो। एक हप्ता पछि अत्यन्त खुशी भएर मलाई उसले फोन गऱ्यो, “अस्तिको हप्ता मैले दशांश दिएँ। आज मैले सरकारबाट पत्र पाएँ जसमा लेखिएको थियो, मेरो मासिकभत्ता पचास प्रतिशतले बढेको छ!"

म त्यस्तो भावुक व्यक्ति त होइन। तर जब परमेश्वरले मानिसहरूको जीवनलाई परिवर्तन गर्नुभएको म देख्छु मलाई अत्यन्त खुशी लाग्छ। मैले शब्दहरूमा व्याख्या गर्न सक्दिनँ। सबैले परमेश्वरको प्रेम थाहा पाएको म चाहन्छु। त्यसैकारण म सुसमाचार प्रचारक वा मिसिनेरी भएको छु। मिसिनेरी हुनु नै संसारको सबै भन्दा असल काम हो।

*(यो कथा आन्ड्रयु मेक्चेस्नीलाई मन्डाखले सुनाएको हो)।*

कथा
७५

## म पढाउन चाहन्न
### सेरनपिल "ओजी" ओटगोनटुया
### (मङ्गोलिया, एशिया)

*(यो कथा ४०वर्षिय ओजीको आफ्नै गवाही हो। उनी मङ्गोलियामा रहेको केवल एकमात्र सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको प्रिन्सिपल हुन्)।*

जब म मङ्गोलियाको विश्वविद्यालयमा के पढ्ने भनेर सोचिरहेकी थिएँ, जे पढेपनि म कहिल्यै पनि शिक्षिका हुन चाहँदिन भनेर सोचेकी थिएँ। मेरी आमा किन्डरगार्टेनको शिक्षिका थिइन् र हल्ला गर्ने केटाकेटीहरूप्रति मेरो धैर्यता थिएन।

एक दिन चर्चको पास्टरले बालसङ्गतिमा पढाउन अनुरोध गरे। मैले भनें, "मलाई केटाकेटी मन पर्दैन। तिनीहरूलाई म सिकाउँन चाहँदिन।" तर उनले मलाई फलातिनको कपडामा चित्रित बाइबल कथाहरू भन्न अनुरोध गरे। ती चित्रहरू देखेर मलाई उत्सुकता त भयो तर जब मैले केटाकेटीहरू देखें मैले भनें, "म तिनीहरूलाई पढाउन सक्दिँन।" मेरो श्रीमानले मलाई सोध्नुभयो, "यो सानो सहरमा तिमीले के गर्छौं?"

***"मलाई थाहा छैंन तर म पढाउनचाहिँ चाहन्न" मैले जवाफ दिएँ।***

एक दिन विश्वविद्यालयको क्लासपछि मेरो श्रीमानले केही विद्यार्थीहरूलाई घरमा खान बोलाए। मैले तिनीहरूको निम्ति सरल स्वस्थ खानाहरू बनाइदिएँ। मङ्गोलियामा मासु प्रत्येक खानेबेलामा प्रयोग गरिन्छ। मासु मङ्गोलियनहरूको मुख्य खानाको परिकार हो। तर मेरो टेबुलमा फलफूल, अन्न र सागसब्जीहरू थिए। ती देखेर विद्यार्थीहरूले अचम्म माने। तिनीहरूले सोधे,

“कस्तो खालको खाना हो यो?" अनि तिनीहरूलाई बाइबलमा उल्लेख गरिएको स्वस्थ जीवनको बारेमा पो सिकाउन पुगें।

केही समयपछि छिमेकीका आमाहरूलाई साथी बनाएँ। जब म तिनीहरूकहाँ भेट्न गएँ मैले तिनीहरूको बच्चाहरूलाई बाइबलका कथाहरू सुनाएँ। म कहिल्यै पनि सिकाउँदिन भनेर मैले सोचेको थिएँ तर मैले बराबर सिकाइपो रहेकी थिएँ।

मेरो श्रीमानले सहरमा एउटा चर्च स्थापना गरे। अनि उनलाई फिलिप्पीनको एडभेन्टिस्ट विश्वविद्यालयमा अध्ययन गर्न निम्तो दिए। मैले प्रार्थना गरें “हे प्रभु मैले फिलिप्पीनमा के गर्ने?"

धेरै महिनासम्म यो प्रार्थना मैले गरिरहेको थिएँ। एक दिन विश्वविद्यालयको प्रोफेसर हाम्रो फिलिप्पीनको नयाँ घरमा आए। मेरो श्रीमानलाई विश्वविद्यालयमा पढाई सिध्याउन दुई वर्ष छ महिना लाग्छ त्यस बेलासम्म मैले के गरिरहने भनेर उनले मलाई सोधे।

*“नर्स वा एकाउन्ट पढ्छु होला" मैले भनें।*

“हामीसँगै प्रार्थना गरौं। परमेश्वरले तपाईंको निम्ति योजना देखाउनुहुनेछ होला" उनले भनें।

विश्वविद्यालयमा नर्स पढि सिध्याउन पाँच वर्ष लाग्ने मैले थाहा पाएँ। बिजिनेस विभागमा म गएँ। त्यहाँ एकाउन्टिङ्ग पढ्न चार वर्ष लाग्छ भनेर मलाई भनियो। अनि एकाउन्टिङ्गको बारेमा सोचिरहेको बेलामा शिक्षा विभागमा गएँ।

एक जना शिक्षक र मेरो बीचमा कुराकानी राम्रोसँग चल्यो। उनी त मङ्गोलियामा गइसकेका पो रहेछन् भनेर थाहा पाएँ। उनी पहिलो व्यक्ति थिए जो मैले कुरा गर्दै थिएँ जो

मङ्गोलिया गएका थिए। उनीसँग कुरा गर्न मलाई धेरै उत्सुक भएको थियो।

केही समयको कुराकानीपछि मलाई शिक्षा विषय पढ्न उनले सुझाव दिए।

“ए, होला," मैले भनें। उनी दयालु भएकोले नाईं भन्न सकिँन।

“तपाईंको छोरी भएकोले प्राथमिक शिक्षा पढ्न किन कोशिश गर्नुहुन्न?" उनले भने। हामी धेरै बेर कुरा गर्‍यौं। आखिरमा उनलाई पढाउन जानुपरेको थियो। उनी मबाट छुट्नुअघि विश्वविद्यालयमा भएको किन्डरगार्टेन क्लासमा हेर्न जान उनले सुझाव दिए। जब म किन्डरगार्टेन क्लासमा गएँ त्यहाँ मैले जे देखें सो देखेर मलाई छक्क लाग्यो। बालबालिकाहरू शान्त र खुशी देखिन्थे। तिनीहरूलाई सिकाउने मिस पनि हँसिली देखिन्थिन्।

मङ्गोलियामा शिक्षा सम्बन्धी केही कक्षाहरू लिएकोले मैले तिन वर्षभित्र शिक्षामा त्यस विश्वविद्यालयबाट डिग्री पाउन सक्छु भनेर मैले थाहा पाएँ।

“यो परमेश्वरको योजना हुनसक्छ कि तिमी उहाँको निम्ति शिक्षिका होऊ" मेरो श्रीमानले मलाई भन्नुभयो।

“होला" मैले भनें तर पढाउन नचाहने सबै स्वाद मबाट बिलाएको थियो।

दुई वर्ष छ महिनामा नै म ग्राजुएत भएँ। त्यही समयमा मेरो श्रीमानले पनि आफ्नो पढाइ सिध्याउनुभएको थियो।

मङ्गोलियामा फर्केपछि मैले प्रथम एडभेन्टिस्ट स्कूल स्थापना गर्न सहयोग गरें। केही वर्ष अघि मलाई स्कूलको

प्रिन्सिपल बनाइयो। अब मलाई पढाउन खुब मनपर्छ र बालबालिका पनि मन पर्छ।

आजभोलि टुसगाल स्कूलमा १२४ जना विद्यार्थीहरू छन्। तिनीहरू प्रायजसो एडभेन्टिस्ट परिवारबाट आएका होइनन्। तिनीहरू किन्डरगार्टेनदेखि १२ कक्षासम्म पढ्छन्। अब हामी नौ कक्षादेखि बा-ह कक्षासम्म पढ्ने विद्यार्थीहरूलाई त्यहीं बस्ने खाने बन्दोबस्त गर्ने भवनहरू बनाउन सोचिरहेका छौं। यस त्रैमासिकको भेटीले त्यहाँका विद्यार्थीहरूको निम्ति आवास घर निर्माण गर्न सहयोग मिल्नेछ।

पछाडि फर्केर हेर्दा म परमेश्वरलाई साँच्चिकै धन्यवाद दिन चाहन्छु। केहिलेकाहीं मेरा आफन्तहरूले मलाई सोध्छन्, "तर तिमीले त कहिल्यै पनि नपढाउने भनेकी थियौ। तिमी किन शिक्षिका भयौ?" “तपाईं के हुनु हुनेछ तपाईंलाई कहिल्यै थाहा हुँदैन। परमेश्वरलाई मात्र थाहा हुन्छ। जब हामी धैर्यतासाथ परमेश्वरको योजनामुताविक चल्छौं भने उहाँले हामीलाई डो-याउनुहुनेछ" म तिनीहरूलाई भन्छु।

*(यो कथा सेरन्पिल “ओजी“ ओटगोन्ट्युआले आन्ड्र्यु मेक्चेस्नीलाई भनेकी हुन्)।*

| कथा ७६ | **दोस्रो जीवन** **( पिटर, चीन)** |
|---|---|

पिटरले हिसाब सिकाउने शिक्षक बन्न २४ वर्षसम्म अध्ययन गरेको थियो। ऊ चीनको एक गाउँमा रहेका आफ्ना गरिब आमाबाबुहरूको स्याहार गर्न चाहन्थ्यो। तर स्वास्थ्यमा सङ्कट आएकोले उसको योजना भताभुङ्ग भयो। एकै छिनमा उसले सबै थोक गुमाएको महसुस गऱ्यो।

“यदि त्यस्तो परिस्थिति नआएको भए मैले परमेश्वरको नजिक कहिल्यै आउने थिइँन होला। यस सङ्कटबाट नै परमेश्वरले उहाँतिर डोऱ्याउनुभयो र मलाई सत्य आत्मज्ञान सिक्न अगुवाई गर्नुभयो।

कलेजबाट ग्राजुएत भएपछि पिटरलाई एक माध्यमिक स्कूलमा हिसाब पढाउन नियुक्त गरियो। उसको नयाँ भविष्य र पैसा कमाउने आशाले ऊ खुशी भएको थियो। तर पिटर र उसका साथीहरूले स्कूलमा पढाउनुभन्दा अघि स्थानीय शिक्षा विभाग अनुसार स्वास्थ्य परिक्षणमा सफल हुनु आवश्यक थियो। “म कलेजमा हुँदा मैले धेरै बास्केटबल र सकर खेलेको थिएँ। स्वास्थ्य परीक्षणमा मलाई कुनै समस्या हुनेछैन भनेर मैले भन्ठानेको थिएँ" पिटरले भन्यो।

तर जब स्वास्थ परिक्षणको रिपोर्ट आयो तब दुई विद्यार्थीहरू सफल नभएको थाहा पाए। तिनीहरूमा पिटर र एक जना युवकको आमा थिए। तर पिटरलाई आफू स्वस्थ भएको विश्वास लागेकोले कलेजकै अनुरोधमा दोस्रो पल्ट स्वास्थ्य परीक्षण गरियो। यस पटक पनि पिटर फेल भयो। पिटरको कलेजोमा गम्भीर रोग छ र त्यसलाई निको पार्न नसकिने भनेर डाक्टरले सुनाए। त्यसले गर्दा शिक्षण पेसामा लाग्न कलेजले पिटरलाई अयोग्य ठहऱ्यायो।

“त्यसबेलामा मेरो सम्पूर्ण सपना चक्नाचुर भएको महसुस भयो। मैले सबै थोक गुमाएको जस्तो लाग्यो। मेरा आमाबाबुलाई गरिबपनाबाट उचाल्न धेरै वर्ष कडा परिश्रम गरेको थिएँ। मेरो अभिलाषा पूरा भएको जस्तो लागेको थियो तर सबै थोक बिलाएर गयो। म एकदम निराश भएँ" पिटरले सुनायो।

त्यस रात पिटरले एउटा पुलमा उभिएर अन्धकार आकाशमा चिच्यायो, “लावटेन!" अर्थात् चाइनिज भाषामा उच्च शक्ति। “हे उच्च शक्ति तिमीले मलाई अन्याय गऱ्यौ!" पत्रुस धुरूधुरू रोयो। एक छिन त पुलबाट हाम फालेर मर्ने बिचार पनि गऱ्यो।

आमाबाबुको अनुरोधमा गाउँको अस्पतालमा उपचार गर्ने कोशिश गऱ्यो। अस्पतालको अवस्था नराम्रो थियो। पिटरको उपचारको निम्ति परिवारले सहरको राम्रो अस्पतालमा पठाउन सकेका थिएनन्।

तीन दिनपछि पिटरको आमा चर्चमा गइन् र उनको छोराको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। उनी कहिलेकाहीँमात्र चर्च जान्थिन्। चिन्ताले गर्दा त्यस दिन चर्चमा जाँदा उनले भन्ठानिन् त्यो दिन आइतबार हो। तर त्यो दिन शनिबार थियो। त्यस चर्चमा दुवै आइतबार र शनिबारको दिन आराधना हुन्थ्यो। दुवै सम्प्रदायले एउटै चर्च चलाउँथे। जब साबथ स्कूलको समयमा विश्वासीहरू चर्चमा आए तिनीहरूले एक जना महिला रोइरहेको भेट्टाए। एक जना महिलाले सोधिन् “तपाईं किन रुनुभयो?" पिटरको बारेमा थाहा पाएपछि त्यस महिलाले भनिन् “चिन्ता नगर्नुहोस्। परमेश्वरमाथि विश्वास गर्न तपाईंको छोरालाई भन्नुहोस्। उहाँले उसलाई बचाउनुहुनेछ।"

त्यस दिन ती महिला पिटरलाई अस्पतालमा भेट्न गइन्। उसलाई उनले त्यही सल्लाह दिइन्, “बाबु परमेश्वरमाथि विश्वास गर्नु। उहाँले तिमीलाई बचाउनुहुनेछ।" यो कुरा पिटरलाई

स्वीकार्न गाऱ्हो थियो किनभने एक क्लासदेखि उसका शिक्षकहरूले परमेश्वरको अस्तित्व छैन भनेर सिकाएका थिए।

त्यस समय पिटरको सामु दुई बाटो खडा भएको महसुस गऱ्यो। अस्पतालमा बसेर धेरै खर्च गरेर आमाबाबुलाई बोझ दिएर मर्ने हो कि परमेश्वरलाई विश्वास गर्ने।

"मेरा आमाबाबुहरूलाई बोझ थप्न मन लागेको थिएन। त्यसकारण मैले परमेश्वरलाई विश्वास गर्ने निर्णय गरें। डाक्टरलाई भन्दा परमेश्वरमाथि विश्वास गर्न मैले निर्णय गरें" पत्रुसले भन्यो।

त्यस अपरान्ह पिटरले परमेश्वरको अस्तित्वलाई स्वीकारेको हुनाले उहाँले नै निको पार्नुहुन्छ भनेर विश्वास गर्दै अस्पतालबाट घर जाने निर्णय गऱ्यो। घरमा औषधीहरू लान आमाले उसलाई भनिन्।

"हामी परमेश्वरलाई विश्वास गर्छौं। सबै औषधी यहीं छोडौं" उसले भन्यो। त्यस एडभेन्टिस्ट महिलाले पत्रुसलाई चर्चले स्थापना गरेको सानेटोरियम वा हल्का उपचार गर्ने संस्था अर्को गाउँमा खोलेको छ भनेर सुनाइन्। पिटरले त्यहाँ जान निर्णय गऱ्यो। सानेटोरियमका कर्मचारीहरूले पिटरलाई हृदयदेखि स्वागत गरे।

"जब म बिरामी र निराश भएको थिएँ, मलाई सान्त्वना चाहिएको थियो, तर सबैले मलाई छोडेर गए। जब म सानेटोरियममा गएँ सबै मानिसहरूले मसँग घुँडा टेके र मेरो निम्ति प्रार्थना गरे। जब तिनीहरूले प्रार्थना गरे परमेश्वरसँग रूँदै भने "हे प्रभु यस युवकलाई निको पारिदिनुहोस्" तिनीहरूले मलाई माया गरेका थिए" पिटरले भन्यो।

पिटरले त्यस्तो प्रेम कहिल्यै पनि अनुभव गरेको थिएन। यो त मानव प्रेमभन्दा ठूलो प्रेम भएको उसले भेट्टायो। उसले परमेश्वरको प्रेम भएको ठान्यो। ऊ सानिटोरियममा दुई महिना

बस्यो। त्यहाँ उसले प्रार्थना गर्‍यो, बाइबल अध्ययन गर्‍यो र नयाँ जीवनशैली सिक्यो। “म बिरामी भएको बिर्सें। म धेरै खुशी भएको थिएँ" पिटरले भन्यो।

दुई महिनापछि सानेटोरियमको निर्देशकसँग आफूलाई अस्पतालमा फर्केर स्वास्थ परीक्षण गर्न दिन अनुरोध गर्‍यो। जब उसको स्वास्थ परीक्षण गरियो तब ऊ र डाक्टर अत्यन्त छक्क परे। उसको स्वास्थ राम्रो भएको रिपोर्ट दिइयो। आफ्नो चानचुने औषधीले पिटरलाई कसरी निको पार्‍यो भन्ने कुरालाई डाक्टरले ठम्याउन सकेन। तर पिटरले औषधी घरमा लगेको थिएन। उसले परमेश्वरमाथि भरोसा राखेको थियो।

पिटरले बप्तिस्मा लियो। उसका आमाबाबु र हजुरआमा र हजुरबुबाले पनि बप्तिस्मा लिए। अहिले पिटर ४० वर्षको छ र चीनमा बाइबल सिकाउँछ। “परमेश्वरले मलाई दोस्रो जीवन दिनुभएकोले मेरो जीवन उहाँमा समर्पण गर्ने निर्णय गरें" खुशी भएर पिटरले सुनायो।

- ***आन्ड्र्यु मेक्चेस्नी***

कथा
७७

## जीन रोङ्गगाओ
(ताइवान)

ताइवानको साइकल बनाउने कारखानामा साइकलको चक्का पेल्ने र टल्काउने कामले धेरै पैसा आउँदैन। तर एउटा मूख्य फाइदा त थियो। साबथमा काम गर्नु परेको थिएन।

धेरै वर्ष अघि ताइवानको शिकाङ्ग सहरमा जीन रोङ्गगाओ र उनकी श्रीमती सरेका थिए। तिनीहरू दुवै जनाले साइकल बनाउने १६ जनाको कारखानामा काम गरेका थिए। सबाथमा काम गर्नुपरेकोले तिनीहरूले पुरानो सहर छोड्नुपरेको थियो। तिनीहरूको आय केवल १५००० ताइवानी डलर वा अमेरिकी ५०० डलर वा पचास हजार रूपैयाँमात्र थियो।

“महँगो ताइवानमा त्यतिमात्र पाएपनि चित्त बुझाउनुपरेको थियो। तर सबाथमा काम गर्नु नपरेकोले हामी खुशी थियौं" जीन रोङ्गगाले भन्यो।

केही महिनापछि उसले आफ्ना भाइ, चारजना बहिनीहरू र परिवारका अरू सदस्यहरूको बारेमा सोच्न थाल्यो। तिनीहरूले अझै पनि सबाथमा काम गर्नुपरेको थियो। आफ्नो कारखानाको मालिकसँग तिनीहरूलाई पनि काम गर्न दिन उसले अनुरोध गऱ्यो। तर काम धेरै छैन भनेर उसले जवाफ दियो। तर जीनले कर गर्दा बिस्तारै सातजना उसका आफन्तहरूले त्यहाँ काम पाए।

जीन रोङ्गगाओको थोरै तलबले गर्दा उसको जीवन संघर्षमय थियो र अर्को कामको खोजिमा लाग्ने बिचार गऱ्यो।

तर अन्त उसले सबाथमा काम गर्नुपर्नेछ भनेर थाहा पाएर त्यहीँ काम गरिरहने निर्णय गऱ्यो। “धेरै तलबभन्दा म विश्वासमा बलियो भएर बस्ने मेरो चाहना थियो" उसले भन्यो।

परमेश्वरले जीन रोङ्गगाओको आवश्यकता थाहा पाएको हुनुपर्छ। साइकलको पार्टपूर्जालाई मिलाएर साइकल बनाउने कारखानाबाट चक्का बनाउन जीन रोङ्गगाओको कारखानामा धेरै अर्डर आउन थाल्यो। त्यसले गर्दा जीन रोङ्गगाओ र उनको श्रीमतीको तलब पनि बढ्न थाल्यो। तिनीहरूले महिनाको ७०,००० ताइवानी डलर वा अमेरिकी २,३०० डलर कमाउन थाले। जीन रोङ्गगाओलाई कारखानाको नाइके बनाइयो। त्यसले गर्दा उसलाई थप तलब त मिलेको थियो तर अर्डरलाई पुऱ्याउन शनिबार पनि काम गर्नुपर्ने हुनेछ भन्ने त्रास पनि उसमा उत्पन्न भयो।

उसको डर वास्तविक भयो जब उसको कारखानाको हाकिमले एक शुक्रवारको दिनमा शनिबार पनि सबै १६ जनाले काम गर्नु पर्नेछ भनेर घोषणा गऱ्यो।

“मैले सबाथमा काम गर्न सक्दिनँ" भनेर जीन रोङ्गगाओले जवाफ दियो।

“तिमीले शनिबार काम गर्दैनौ भने तिम्रो जागिर खतम भयो भनेर सम्झिनुपर्छ" मालिकले भन्यो।

त्यो रात जीन रोङ्गगाओ सुत्न सकेन। जीन रोङ्गगाओमात्र होइन, उसकी श्रीमती र अर्का सात जना आफन्तहरूले पनि काम गर्न नपाउने भएका थिए। उसले परमेश्वरसँग प्रार्थना गऱ्यो। सबाथ बिहान आफन्तसहित जीन रोङ्गगाओ चर्चमा गयो।

“हामीहरूको काम होइन विश्वास थामी राख्ने हामीले निर्णय गर्‍यौं" भनेर जीन रोङ्गगाओले भन्यो।

हाकिम एकदम रिसायो। उसका आधा कर्मचारीहरू काममा आउनुको सट्टामा चर्चमा जान लागेका थिए। फेक्टरीबाट सामानहरू तुरन्तै पठाउनुपरेको थियो। रिसले अरू सात जना कर्मचारीलाई पनि शनिबार काममा नआउनु भन्यो। तर शनिबार घाम अस्ताएपछि र आइतबार पनि काम गर्न आदेश दिए। आइतबार बिदा थियो। त्यस हाकिमले कामको नयाँ तालिका अनुसार जीन रोङ्गगाओसँग मिलेर काम गर्न सबै कर्मचारीलाई आदेश दियो। एडभेन्टिस्ट कर्मचारीहरू शनिबार बेलुकी र आइतबार खुशी मानेर काम गर्न थालेका थिए।

तिनीहरूको मालिक तीन दिनपछि काममा फर्क्यो। मङ्गलबारको दिन जीन रोङ्गगाओकहाँ सिधै गएर सोध्यो, “के तिमी धेरै पैसा कमाउन चाहन्छौ?"

छक्क परेको जीन रोङ्गगाओले जवाफ दियो, “सबाथमा मैले काम नगर्दा मेरो काम खतम हुन्छ भनेर तपाईंले भन्नुभएको होइन र?"

साइकलको फ्रेम बनाउने माग धेरै आएकोले उसले अर्को कारखाना खोल्न निर्णय गरेको थियो र त्यसको नाइके जीन रोङ्गगाओलाई बनाउने प्रस्ताव गर्‍यो। उसको पद पनि ठूलो हुनेभयो जसले गर्दा उसले कामदारहरूलाई भर्ना पनि गर्नसक्थ्यो, नयाँ कर्मचारीहरूलाई उसले तालिम पनि दिन सक्थ्यो, साथै उसले धेरै मोटो तलब पनि पाउँथ्यो। तर सबाथमा पनि काम गर्नुपर्ने भएको थियो।

त्यो काम सुनौलो अवसरको थियो। तर जीन रोङ्गगाओलाई भजन ३७:५को याद आयो, “तिम्रो बाटोलाई परमेश्वरलाई सुम्प। उहाँमाथि भरोसा राख र उहाँले तिम्रो काम फत्ते पार्नुहुनेछ।" आफ्नो बाटो परमेश्वरलाई दिन जीन रोङ्गगाओ राजी भयो र मालिकको प्रस्ताव अस्वीकार गऱ्यो।

रिसाउनुको सट्टा उसको मालिकले सदाको निम्ति फेक्टोरीको कार्यतालिका बदल्यो। जीन रोङ्गगाओ जस्तो असल र मेहनती कर्मचारीलाई उसले गुमाउन चाहेको थिएन। त्यसकारण उसले कारखाना सधैंको निम्ति सबाथमा बन्द गरिनेछ तर शनिबार बेलुका र आइतबारचाहीँ काम सुचारूरूपमा चालिनेछ।

“अहिले कोही पनि सबाथमा काम गर्दैनन्। मेरो हाकिमले पनि सबाथमा काम गर्दैन" जीन रोङ्गगाओले खुशी मानेर भन्यो। परमेश्वरप्रति जीन रोङ्गगाओको प्रतिवद्धता देखेर चार जना सहकर्मीहरू प्रभावित भए। तिनीहरूमा चार जनाले बप्तिस्मा लिए।

शनिबार बेलुका र आइतबार दिनभरी काम गर्दा जीन रोङ्गगाओ कहिलेकाहीँ थाक्थ्यो। तर उसले अर्को बाटो रोज्न चाहेको थिएन।

“हामीहरूको विश्वासलाई थामी राख्न परमेश्वरले सहयोग गर्नुभएकोले उहाँलाई धन्यवाद दिन चाहन्छौं। हामीलाई थकाइ त लाग्छ नै। तै पनि हामीहरूको विवेकलाई स्वच्छ राखेर शान्तिमय जीवन दिनुभएकोमा परमेश्वरप्रति हामी धेरै आभारी छौं" जीन रोङ्गगाओले खुशीभएर भन्यो।

लेखकः आन्ड्र्यु मेक्चेस्नी

| कथा ७८ | बदमास केटाको निम्ति प्रार्थना<br>एलिसा अलबर्टसन<br>(मार्शल आइलाण्ड, पासिफिक समुद्र) |
|---|---|

पासिफिक समुद्रमा रहेका केही टापुकहरू मिलेर बनेको देश मार्शल आइलाण्डसमा इबाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा चलेको क्लासको पहिलो दिनमा सानो लोमानले स्कुलको युनिफर्म लगाएको थिएन।

दोस्रो दिनमा पाँच वर्षको केटा किन्डर गार्टेन क्लासमा भने स्कुलको युनिफर्म लगाएर आयो। त्यो युनिफर्म कालो पाइन्ट र खइरो कमिज थियो। उसले क्लासमा ध्यान दिएर राम्रोसँग सुन्न सकेन। उक्त कक्षामा पढाउने शिक्षिका एलिसा अलबर्टसन थिइ। उनी अमेरिकाको अलास्का राज्यबाट भर्खरै नयाँ ठाउँमा पढ़ाउन आएकी थिइन्। तर सानो केटो लोमालाई कक्षामा बस्न मन लागेको थिएन ऊ बाहिर अरू साथीहरूसँग बाटोमा खेल्न पाए पनि हुन्थ्यो भनेर सोचिरहेको थियो। उसका अरू साथीहरू स्कुलमा जाँदैनथे।

अनि लोमन कक्षामा यताउति चल्न थाल्यो र अरू केटाकेटीहरूलाई जिस्क्याउन र चिमोट्न थाल्यो।

चकचके लोमनलाई चुप लगाउन एलिसाले धेरै कोशिस गरिन्। चुप लाग भनिन् र अरू केटाकेटीहरूबाट अलगै राखिन्। तरपनि लोमन चुपलागेर बसेन झन् ह़ा...हा....हीं..हीं .. गर्दै कराउन थाल्यो।

एलिसाले लोमनलाई हेडसरकहाँ लगिन्। हेडसरले लोमनलाई सम्झाउन खोजे तैपनि उसको बानी सुध्रिएन।उता

किन्डर गार्टेन क्लासमा भर्खरै भर्ना भएका अरू १९ जना केटाकेटीहरू पनि धेरै चकचक गरिरहेका थिए। तिनीहरूले एक आपसमा र शिक्षिकालाई समेत चिथोरा चिथोर गर्न थाले। एक दिन त क्लासका सबै केटाकेटीहरू झ्यालबाट हाम फालेर बाहिर खेल्न जान लागेका थिए तर शिक्षिका एलिसाले तिनीहरूलाई जसोतसो गरेर रोकेकी थिइन्।

एलिसाले लोमनकी सानीआमासँग "ऊ किन त्यस्तो बदमास भएको" भनेर सोधिन्। सानीआमाले लोमनको घरको वारेमा एलिसालाई सुनाइन्। लोमनकी आमा भर्खरकी थिइन् अनि उसको बुबाचाहिँ जड्याँहा थिए। तिनीहरू प्यासिफिक आइल्याण्डको अर्कै टापुमा बस्दथे र लोमन उसको सानीआमा र काकासँग इबेयी टापुमा बस्दथे। त्यो टापुमा १२,००० भन्दा बढी मानिसहरू बस्दथे।

लोमनको बारेमा सुनेपछि शिक्षिका एलिसालाई लोमनप्रति ज्यादै माया लागेर आयो। लोमनकी सानीआमालाई एलिसाले भनिन् "तपाईंको कुरा सुनेर मलाई कस्तो दुःख लाग्यो। विचरा ! उसलाई मायाको खाचो छ , अनि ऊ पहिलो पल्ट स्कुलमा भर्ना भएको छ। उसलाई धेरै हेरचाह र स्नेहको आवश्यकता छ भन्ने मलाई लागिरहेकोछ।"

एक दिन लोमन शरीरभारी घाउ र निलडाम लिएर स्कुल आएको थियो।उसको एउटा आँखा पनि सुन्निएको थियो। लोमनको घरमा केही नराम्रो भएको हुनुपर्छ भन्ने एलिसाले सोचिन्।लोमंको वारेमा एलिसाले हेडसरसँग पनि कुरा गरिन्। तर तिनीहरूले लोमनलाई सहयोग गर्ने आँट गर्न सकेनन् किनभने घरायसी झगडा वा केटाकेटीको विषयलाई त्यस ठाउँका

मानिसहरू प्राय सरकारलाई दोष दिन्थे। तिनीहारू भन्दथे बालिकालाई सहायता गर्न सरकारले वास्ता नै गर्दैन। तब एलिसा के गर्ने होला भनेर दोधारमा परिन, लोमनको परिवारलाई ऊ अटेरी र बदमास छ भनेर गुनासो पोखाउन् पनि छोडिन्। बरू परमेश्वरसँग प्रार्थना गर्न थालिन्। "एक दिन म स्कुलबाट घरमा फर्कें। मैले रोएर प्रार्थना गरें। 'प्रभु लोमनालाई म कसरी सुधारुँ ? ऊ सुध्रिएर राम्रो भएको म हेर्न चाहन्छु।'" एलिसाले भनिन्।

क्लासरूमका बच्चाहरू सानै भएतापनि क्लासमा त आत्मिक लडाईं भइरहेको उनलाई महसुस भयो। "यही समय हो जब तिनीहरूले असल र खराब बानीहरू सिक्दछन्। यसै बेला शैतानले केटाकेटीहरूको दिमागमा खेलबाड गर्न चाहन्छ ताकि तिनीहरूले येशूतिर ध्यान नलगाउन्।" एलिसाले आफ्नो भावना व्यक्त गरिन्। एलिसाले सम्पूर्ण विद्यार्थी र लोमन जस्ता विधार्थीलाई सम्हाल्न गाऱ्हो भएको विषयमा मात्र होइन तर तिनीहरूका आमाबाबुको निम्ति पनि प्रार्थना गर्न थालिन्। परमेश्वरको प्रेमले उनको क्लास विद्यार्थीहरुले भरिउन भनेर उनले पुकारा गर्न थालिन्। प्रत्येक विद्यार्थी र तिनीहरूको परिवारको निम्ति हरेक बिहान र बेलुका उनी प्रार्थना गर्न थालिन्। "प्रार्थनाले मेरो क्लासरूम परिवर्तन हुनेछ भनेर मैले पक्का गरेकी थिएँ" एलिसाले भनिन्।

लोमनलाई कजाउन एलिसाले सबै बच्चाहरू घर गइसकेपछि पनि उसलाई भने क्लासमै राखेर उसकोनिम्ति ऊ संगै प्रार्थना गर्न थालिन्। उसलाई प्रार्थना गर्न पनि सिकाइन्। एलिसाको पछि-पछि प्रार्थना गर्दै लोमनले पनि प्रार्थना गर्न थाल्यो, "स्वर्गमा रहनुहुने हे प्रिय पिता। आजको दिनको निम्ति तपाईंलाई

धन्यवाद छ। मेरो खाना जुटाइदिनु भएको निम्ति तपाईंलाई धन्यवाद छ। क्लामा कच-कच गरें मलाई माफी दिनुहोस्। मैले साथीहरूलाई दुःख दिएकोमा मलाई दुःख लागेको छ। मलाई माफ गरिदिनुहोस् र भोलि क्लासमा राम्रोसँग सुन्ने र दयालु हुने मन मलाई दिनुहोस्।"

एक दिन प्रार्थना गरिरहेको समयमा लोमनले एलिसालाई भन्यो "मिस, मिस, म पहिले यी सबै मेचहरू मिलाऊँ छु है त?" लोमनले उसको मिसलाई सहयोग गर्न चाहेको यो पहिलो पटक थियो।

सबैको निम्ति प्रार्थना गर्न थालेको दुई हप्ताभित्रै एलिसाले आफ्नो क्लासमा केही न केही परिवर्तन आएको महसुस गरिन्। अरु बच्चाहरूले क्लासमा फोहर गर्दा पनि अब त्यसलाई लोमनले सफा गर्न थालेको थियो। झगडा गर्ने बच्चाहरूको बीचमा उभिएर झगडा नगर भनेर सम्झाउन थाल्यो र एक आपसमा अँगालो हालेर माया गर्न सक्नुपर्छ भनेर लोमनले अरुलाई सिकाउन थाल्यो। अरू बच्चाहरूको व्यवहारमा पनि परिवर्तन आउन थालेको थियो। तिनीहरू एक आपसमा पहिलाको भन्दा मिल्न र माया गर्न थालेका थिए। "सरी, माफ गर्नुहोस्" भनेर भन्न थाले। जुन बच्चाले चित्त दुखाएका थिए तिनले पनि "ल, ल, तिमीलाई माफी भयो" भनेर अङ्गालो मार्न थाले। यी सबै घटनाहरुले एलिसालाई आफ्नो क्लासमा परमेश्वरको प्रेम भरिरहेको महसुस भैरहेको थियो।

शिक्षकहरूले पक्षपात गर्नु त हुँदैन तर एलिसाको निम्ति लोमन धेरै नजिक हुन पुगेको थियो। एक्काइस वर्षकी एलिसाले भनिन्, 'लोमन ज्ञानी बच्चा हो। तर उसलाई मायाको अभाव

थियो र उसको घरमा झैंझगडा  भैरहने भएकोले उसलाई शान्ति भनेको के हो सो कुरा महसुस हुन पाएको थिएन।" यस समयको भेटीको केही भाग इबेइ सेभेन्थ डे एडभेन्टिस्ट स्कुलका क्लासहरूको मर्मतको निम्ति सहयोग मिल्नेछ। त्यसले गर्दा लोमन जस्ता बालबालिकाहरूले प्यारो परमेश्वर पिताको वारेमा निरन्तररूपमा सिक्न सक्नेछन्।

*बालकको नाउँ परिवर्तन भएको छ। मार्शलिस ठाउँ अनुसार लोमनको अर्थ "यताउती बग्ने पानी" हो।*

*लेखक आन्ड्र्यु मेक्चेस्नी*

कथा
७९

# नाच्ने घर स्कुल हुन्छ
## नोआब लेमारी
## (मार्शल आइल्याण्ड, पासिफिक समुद्र)

सन् १९८० मा अमेरिकी सरकारसँग इबेई टापुमा सेभेन्थ-डे एडभेन्टिस्ट संस्था र अस्पताल खोल्ने भनि एक सहमतिमा हस्ताक्षर भएको थियो। त्यसबेला उक्त टापुमा कोही पनि एडभेन्टिस्ट थिएनन्। त्यस समय त्यो टापुमा १२,००० जति मानिसहरू बसोबास गर्दथे। त्यो प्यासिफिक समुद्रमा रहेको माइक्रोनेसिया टापु क्षेत्रमा भएको भू-भाग थियो जुन अमेरिकी सरकारको नियन्त्रणमा थियो। मचाहिँ त्यहाँको एक अस्पतालमा नर्स भएर काम गर्दै थिएँ। मेरो श्रीमान रेलङ्ग इबेई टापुको मुख्य पुलिस अफिसर थिए। स्थानीय बासिन्दा भएको नाताले हामीले त्यहाँ केही जग्गाहरू लिएर बसोबार गरेका थियौं।

जब एडभेन्टिस्ट मिसनले अस्पताल खोल्यो तब त्यहाँ उच्च एडभेन्टिस्ट प्रशासक, डाक्टर र नर्सहरू त्यहाँ काम गर्न आएका थिए। त्यो अस्पताल करिब चार वर्षसम्म चल्यो। एक दिन त्यस अस्पतालकी मुख्य नर्स जेरी ह्विटलाण्डले मेरो श्रीमान र मलाई बाइबल अध्ययन गर्न निम्तो दिइन्। त्यस कुरामा हामी सहमत भयौं र उहाँ पनि हाम्रो घरमा हरेक साँझ बाइबल सिकाउन आउन थाल्नु भयो।

त्यही समयमा एक दिन मेरो भतिजा टमी किल्मा र चर्चका दुई पदाधिकारीहरू ग्वामा टापुमा आइपुगे। टमी ग्वामा चर्चको पास्टर थियो। टमी र चर्चका पदाधिकारीहरूले इबेई टापुमा एडभेन्टिस्ट चर्च र स्कुल खोल्न मेरो श्रीमानसँग अनुमति

मागे। मेरो श्रीमानले त्यहाँका स्थानीय अगुवाहरूसँग त्यसको वारेमा छलफल गरे। अनि तिनीहरूको सहमतिपछि मेरा श्रीमानले त्यहाँ चर्च र स्कुल खोल्न अनुमति दिए। तर कहाँनेर खोल्ने भनेर छलफल भैरहेको बेलामा हामीले हाम्रो एउटा नाचघर र बिङ्गो जुवा खेल्ने घर नै सेवा संगतिको निम्ति दिने मञ्जुरी गर्‍यौं, किनकि बाइबल अध्ययन गर्न थालेपछि नाचगान र जुवा खेलाएर पैसा कमाउनु पर्मेश्वरको नजरमा राम्रो कम होइन भनेर हामीलाई केही असजिलो लागिरहेको थियो। बरु त्यस ठाउँमा किन्डरगार्टेन र प्राथमिक स्कुल खोल्यौं। जहाँ हाम्रो जेठो छोरो आ.डी. धेरै विद्यार्थीहरूमध्ये प्रथम हुन पुगेको थियो। हामीले प्रत्येक साबथ हाम्रो घरमा आराधनाका सेवाकार्यहरू पनि चलाउन थालेक थियौ।

हामीले हाम्रै घरमा तिन वर्षसम्म बाइबल अध्ययन गर्‍यौं। कहिलेकाहीँ ती मुख्य नर्सले बाइबल अध्ययन गराउथिन् भने कहिलेकाहीँ अस्पतालका प्रशासक वा अस्पतालसँग सम्बधित अरू एडभेन्टिस्टले हामीलाई बाइबल सिकाउँथे।

समय बित्दै जाँदा यस विषयमा मेरो मगजमा नानाथरी कुराहरू खेल्न थाल्यो। किनभने म कट्टर आइतवारे विश्वासी परिवारमा हुर्केको मानिस थिएँ अर्कोतिर मेरो बुबा मेरो पुर्खौली टापु नामु चर्चको एल्डर हुनुहुन्थ्यो तर चर्चका पास्टर नहुँदा बुबाले चर्चमा प्रचार वा वचन बाड्ने गर्नुहुन्थ्यो। तर पछि मेरा श्रीमान र मैले एडभेन्टिस्टहरूले सिकाएका सत्य बाइबलीय शिक्षा सिकेका हुनाले सन् १९८३मा हामीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियौं। त्यसबेला हामी नै उक्त इबेई टापुको पहिलो एडभेन्टिस्ट बन्न पुगेका थियौ।

तर बुबाले मेरो नयाँ आस्थाको बिरोध गर्नुभयो। बप्तिस्मा लिएको एक वर्षपछि म मेरो टापु घरमा फर्किएँ। एक पटक आइतवारको दिन म लुगा धुदै थिएँ, तब मेरो बुबा चर्चबाट आएर, "यो तिमीले के गरेको? ती गोरा मानिसहरूसँग लागेर आइतबारको दिनमा काम गरेर तिमीले किन परमेश्वरका आज्ञाहरू तोडिरहेका छौ?" भनेर मलाई गाली गर्नुभयो।

मैले बाइबल खोलेर येशूलाई क्रुसमा टाँगिएको सन्दर्भमा दुई पदहरू खोलेर बुबालाई देखाइदिएँ। एउटा मत्ती २८:१ थियो जुन मैले पढेर सुनाइदिंए। त्यसमा लेखिएको थियो, "अब साबथ पछि  हप्ताको पहिलो दिनको बिहान मेरी मग्दलिनी र अर्की मेरी चिहानमा हेर्न आए" (रूपान्तरित) र अर्को पद लूका २३:५४ पल्टाएर पढैं, "त्यो दिन तयारीको दिन थियो र साबथ नजिकिंदै थियो।"

त्यसपछि बुबाले म शनिवार चर्च गएकोमा कुनै बिमति वा बिरोध गर्नु भएन। साबथप्रति उहाँको धारणालाई मैले परिबर्तन गर्न नसके तापनि उहाँलाई थाहा थियो कि मैले साबथको प्रभुलाई भेट्टाएको छु।

त्यसबेला सम्म इबेई टापुमा स्कूलको ठूलो प्रगति भै सकेको थियो त्यहाँ धेरै बिद्यार्थीहरू भर्ना हुन थालेका थिए। अमेरिकाको वाला वाला कलेजबाट समेत त्यस स्कूलमा पढाउन विद्यार्थी शिक्षकहरू आउन थालेका थिए।

सन् १९८६मा इबेई टापुसमेत रहेको मार्शल आइलाण्ड अमेरिकाबाट स्वतन्त्र भयो। अर्को वर्ष ठूलो गोदाम घरमा त्यो स्कूल सारियो। नयाँ भवनमा कक्षाहरू थपेर १२ कक्षासम्म पुऱ्याइयो। मेरो छोरो आर डीले त्यही स्कूलबाट १२ कक्षा पास

गरेर अमेरिकाको टेक्सासमा रहेको साउथवेस्टरन एडभेन्टिस्ट युनिभर्सिटीमा पढ्न गयो।

सेभेन्थ डे एडभेन्टिस्ट चर्चमा मैले नयाँ सत्यहरू पाएकोमा मलाई हर्ष लागिरहेको थियो त्यसैले म जहिले पनि हँसिलो स्वभावमा हुन्थ्यें। धेरै मानिसहरूले म खुशी भएको थाहा पाएका थिए र म किन हँसिलो छु भन्ने विषयमा सोध्दथे। मैले धेरै परीक्षा र दुःखहरू सामना गर्नु परिरहेको थियो तर परमेश्वरले मलाई सहायता गरिरहनु भएको थियो।

सन् १९८७मा मेरो श्रीमान अचानक बिरामी पर्नु भयो उहालाई अमेरिकाको हवाई राज्यमा रहेको अस्पतालमा हवाई जहाजबाट लगियो। उहाँको फोक्सोमा घाऊ भएको थियो। उहाँ बाँच्नुहुन्छ कि बच्नुहुन्न भन्ने विषयमा डाक्टरहरूले केहि भन्न सकिरहेका थिएनन्। अवस्था जटिल थियो तर सृष्टिकर्ता पर्मेश्वरमा पूर्ण आशाका साथ हामी सबैले मिलेर उहाको निम्ति प्रार्थना गर्‍यौं अन्ततः उहा डाक्टरहरूलाई अचम्म पार्दै पाँचदिन भित्रै निको हुनुभयो र अस्पतालबाट सरासर बाहिर निस्कनुभयो। उहाँको शरीर स्वस्थ थियो। परमेश्वरले उहाँको ज्यान बचाउनुभएकोमा परमेश्वरप्रति म धेरै आभारी छु। अन्तमा ६७ वर्षको उमेरमा उहाँ २०१८ मा परमेश्वरमा निदाउनु भयो।

मेरो श्रीमानको स्वास्थमा आएको समस्याको केही वर्षपछि हामीले परिवारमा अर्को बिरामीको सामना गर्नुपर्‍यो। इबेई एडभेन्टिस्ट चर्चको एल्डर भएको मेरो भाइ बुहारीले एउटा बालक जन्माइन् तर त्यो बालकको टाउको असाधारण किसिमले दिनानुदिन बढ्दै ठूलो-ठूलो हुँदै गैरहेको थियो। त्यसपछि हामीले त्यो बालकलाई अस्पतालमा लग्यौ। त्यहाँको डाक्टरले उसको

टाउकोमा पानी जमेको छ र उसलाई हवाई जहाजबाट तुरन्तै अमेरिकाको हवाई राज्यमा रहेको अस्पतालमा लानुपर्छ भनेर सल्लाह दिए। हामीले डाक्टरको सल्लाह बमोजिम नै हवाई राज्यतर्फ जाने निर्णय गर्‍यौं। हामी प्लेन चढ्यौ जब त्यस हवाई राज्यको अस्पतालमा आउन त्यस राज्यको हनोलुलुमा हवाई जहाज अवतरण भयो तब मैले भाइलाई भनैं, "जहाजबाट निस्कनुभन्दा पहिले प्रार्थना गरौं।" हामीले प्रार्थना गर्‍यौं त्यसपछि अस्पतालतर्फ गयौं। जुनबेला हामी डाक्टरलाई भेट्न अस्पतालमा कुरिरहेका थियौं त्यतिखेर पनि हामीले बिरामी बच्चाकोलागि प्रार्थना गर्‍यौं। जब डाक्टर आएर बालकको टाउको जाँच गरे तब डाक्टरले बच्चाको टाउकोमा कुनै पनि प्रकारको पानी जमेको भेट्टाएनन्। बालकको टाउको ठिक आकार र अवस्थामा थियो। ऊ राम्रोसँग निको भइसकेको थियो।

प्रार्थनामा शक्तिको बारेमा म विश्वास गर्छु। मेरो हृदय मुस्कुराइरहेको थियो। मैले सबै थोक परमेश्वरमा अर्पण गरेको छु। मेरा सबै आवश्यकताहरू उहाँले पूरा गरिदिनुहुन्छ भनेर म बिश्वास गर्दछु।

६६ *वर्ष की नोहबी लेमरीले अस्पतालको हेड नर्सबाट अबकास पाइन्। तर उनी इबेई टापुको एडभेन्टिस्ट चर्चमा अत्यन्त सक्रिय विश्वासी भएर चर्चको काममा सहयोग गरिरहेकी छिन्।*

कथा
८०

# नौ कक्षाको विद्यार्थीको प्रभाव

## कमलिथा बुल्स र ह्यारोल्ड बुल्स

## (मार्शल आइलाण्डस्, पासिफिक समुद्र)

प्यासिफिक समुद्रमा रहेका टापुहरूको देश मार्शन आइलाण्डको दुर्गम टापुमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट मिसन स्कूलमा कमलिथाले आफ्नो छोरो फ्रेडरिकलाई पढ्न पठाएकी थिइन्। एक दिन उनको छोरो त्यस स्कूलबाट घर आएको थियो र त्यसै दिन उसले आफ्नी आमालाई हप्ताको सातौं दिन साबथकबारेमा प्रथम पल्ट सुनाएको थियो।

तर साबथको बारेमा थाहा पाएरपनि आठ जना छोराछोरीहरूकी आमा कमलिथाले आफूले मानिआएको आइतबारे चर्च नछोड्ने अठोट गरेकी थिइन्। उनलाई अन्य चर्चका मानिसहरूले पनि बाइबल अध्ययन गर्न बोलाउँथे तर उनी कहीँ पनि जाँदिनथिन्। नौ कक्षामा पढ्ने छोरा फ्रेडरिकले बाइबल क्लासमा सिकेका साबथको विषयमा जतिसुकै उत्साहित भएर सुनाए तापनि आमा कमलिथाले आफ्नो दिमागलाई परिवर्तन नगर्ने कुरा छोरोलाई भनेकी थिइन्। बरु आइतवारको सट्टा शनिबार चर्च जानु गलत हो भनेर उल्टै सम्झाइ रहेकी थिइन्।

"आमा, तपाईँ आफै बाइबल पढेर पत्ता लगाउनुहोस्। मैले सत्य कुरो गरेको हो कि होइन भन्ने कुरा तपाईँ आफैले थाहा पाउनुहुनेछ" कमलिथाको छोरो फ्रेडरिकले भन्यो।

कमलिथाले आफ्नो जेठो छोरो फ्रेडरिकले इसाई शिक्षा पाओस् भनेर इबेईमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा पठाएकी थिइन्। त्यो स्कूल उनको घर नजिकै पनि थियो। तर

इबेईको स्कूलमा बाहिरी कलेजका किशोर किशोरी विद्यार्थीहरू आएर अङ्ग्रेजी पढाउने भएकोले अरू स्कूल भन्दा नाउँ चलेको थियो।

फ्रेडरिकले आफूले सिकेका बाइबलका वचनहरू र कण्ठ गरेका पदहरू आमालाई सुनाउथ्यो । विशेष गरेर मत्ती ६:३३को पद आमालाई बारम्बार सुनाउँथ्यो। उक्त पदमा यसरी लेखिएको छ, "परमेश्वरको राज्य पहिले खोजी गर र उहाँको धार्मिकता, र सबै थोक तिमीलाई थपिने छ" (रूपान्तरित)।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको स्थापना गर्न सहयोग गर्ने एलेन जी ह्वाइटको बारेमा पनि उसले आफ्नी आमालाई सुनाउँथ्यो।

"कतिपय मानिसहरुले एलेन जी ह्वाइटको बारेमा किन बिरोध गर्छन् मलाई थाहा छैन, तर उनले केवल बाइबललाई मात्र औँल्याएकी छिन् " फ्रेडरिकले आमालाई सुनायो।

आफ्नो छोरालाई बाइबलको बारेमा ज्ञान भएकोमा कमलिथा प्रभावित त भएकी थिइन् तर एडभेन्टिस्ट चर्चमा आउन आमालाई जति अनुरोध गरेतापनि आमा भने जान मानिरहेकी थिइनन्। ग्वाम टापुबाट पाहुना प्रचारक आउँदा पनि छोरा फ्रेडरिकले उत्साहित हुँदै आमालाई चर्चमा आउन अनुरोध गर्दथ्यो। तर एडभेन्टिस्ट चर्चमा जान उनी राजी भइनन्। एकदिन उनको छोरो फ्रेडरिकले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निर्णय गर्दा उनले त्यसको बिरोध पनि गरिन।

तर भित्रभित्रै कमलिथाले परमेश्वरसँग गोप्यरूपमा यो प्रार्थना गरेरहेकी थिइन् "हे प्रभु म सही चर्चमा गइरहेको छु कि

छैन मलाई देखाउनुहोस्। बाइबलमा सत्य वचन सिक्ने उपायहरू के छन् त्यो पनि मलाई प्रकट गर्नुहोस्।"

समय बित्दै जादा उनीहरू रहेको टापुमा लामो खडेरी शुरु भयो। इबेई टापुको सबै पिउने पानीका मुहानहरू सुके। किनभने त्यो टापु बालुवै बालुवाको टापु थियो र त्यहाको १२,००० मानिसहरूमध्ये आधा मानिसहरू १८ वर्षभन्दा कम उमेरका थिए। इबेई टापुको नजिकै अर्को टापु पनि थियो र त्यहाँ रहेका अमेरिकन सैनिक अखडाबाट इबेई बस्तिका मानिसहरूले दिनदिनै डुङ्गाबाट पानी ल्याउन थाले। प्रायजसो इबेईका सबै मानिसहरूलाई त्यही अखडाले जागीर दिएको थियो। कमलिथापनि त्यसमा सहभागी भइन्।

एक दिन पानी भर्न मानिसहरू जम्मा भइरहेका थिए त्यसबेला तिनीहरूमध्ये बेलायतबाट आएकी एक जना विद्यार्थी शिक्षिका पनि पानी लिन पर्खिरहेकी थिइन्। उनी इबेई स्कुलमा पढाउँथिन्। त्यहिबेला कमलिथासँग उनको चिनाजानी भयो। तिन दिनसम्म तिनीहरू संगसंगैं पानी भर्न सैनिक अखडामा आए। र तेस्रो दिनमा ती विद्यार्थी शिक्षकाले अन्द्रिया संगसंगै बाइबल अध्ययन गर्न कमलिथालाई पनि निम्तो दिइन्। अघिका दिनहरुमा कसैले बाइबल अध्ययन गर्न बोलाउदापनि उनी जदिनथिन, तर त्यसदिन उनले मञ्जुरी दिएकी थिइन्। आन्द्रिया एक हप्तासम्म बाइबल सिकाउन कमलिथाको घरमा गइन्।

"जब उनले परमेश्वरको वचन सुनाइन् त्यो वचनले मेरो हृदयलाई छोएको थियो र तुरन्तै बप्तिस्मा लिउँ जस्तो लागेको थियो। यो कस्तो अचम्म भयो। इबेई टापुका विभिन्न सम्प्रदायका मानिसहरूले मलाई तिनीहरूको चर्चमा बोलाउँथे तर म कहीँ पनि

जान्नथें। तर जुनदिन देखि मैले एडभेन्टिस्टहरुले सिकाएको सत्य सुनैं त्यसदिनदेखि म त्यो सत्यप्रति आकर्षित भएँ र मैले बप्तिस्मा लिएँ" कमलिथाले भनिन्।यो खुशीको खबरले उनको छोरा फ्रेडरिक खुशीले गद्गगद् भएको थियो।

बप्तिस्मा पछि कमलिथालाई उक्त स्कूलका शिक्षकहरूलाई सहयोग गर्नका लागि बोलायो। र पछि चर्चकै संचालक समितिको सदस्यमा उनलाई नियुक्त गरियो।

अब कमलिथा आफ्नो श्रीमान ह्यारोल्डको निम्ति पनि घन्टौंसम्म प्रार्थना गर्न थालेकी थिइन्। ह्यारोल्ड सैनिक अखडामा भान्सेको नाइकेको रुपमा काम गरेर घर फर्कन्थे। उनी चुरोठ र रक्सीको लतमा नराम्रोसँग लागेका थिए। बेलुका घर फर्कंदा उनी रक्सी र चुरोठले मातेका हुन्थे ।

एकदिन एडभेन्टिस्ट पास्टर टमी किल्मेले उनीसँग बाइबल अध्ययन गर्न ह्यारोल्डलाई अनुरोध गरे। ह्यारोल्डले पनि सहमति जनाए। टमीसँग बाइबल अध्ययन गर्न थालेपछि ह्यारोल्डले पनि आफ्नो हृदयलाई येशूमा सुम्पेका थिए।

कमलिथा र ह्यारोल्डले आफ्ना सबै आठजना छोराछोरीहरूलाई एडभेन्टिस्ट स्कूलमा पठाए। तिनीहरूमा चार जनाले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा पनि लिए। तिनीहरूका दुई नाति-नतिनाहारू त्यही स्कूलमा भर्ना पनि भएका छन्।

६० वर्ष पुगेका ह्यारोल्ड अहिले पनि अमेरिकी सैनिक अखडमा काम गर्दछन् र इबेई सेभेन्थ-एडभेन्टिस्ट चर्चको एल्डर पनि भएका छन्। त्यो चर्च स्कूलको ठूलो कोठामा चल्दछ। हरेक साबथमा ६० जनाजति मानिसहरू परमेश्वरको आराधना गर्न त्यहाँ जम्मा हुन्छन्।

"परमेश्वर अत्यन्तै दयालु हुनुहुन्छ। उहाँले हाम्रो जीवनलाई सम्हाल्नुहुन्छ। उहाँले साँच्चिकै मद्दत गर्नुहुन्छ। हामीलाई जहिले पनि जे भएपनि हामीलाई सहायता गर्न उहाँ जहिले पनि तत्पर हुनुहुन्छ" ह्यारोल्डले खुशी व्यक्त गर्दै भने।

६२ वर्षकी कमलिथा अहिले एडभेन्टिस्ट स्कूलमा मार्शलिज भाषा सिकाउने शिक्षिका भएकी छिन्। इबेईका साथी र छिमेकीहरूलाई उनी बाइबल पनि सिकाउँछिन्। उनको प्रयासले पाँच जना मानिसहरूले बप्तिस्मा लिन सफल भएका छन्।

अब, कमलिथा उनको पुरानो ठाउँ मालोलाप भन्ने टापुमा फर्कन चाहन्छिन्। त्यहाँ एडभेन्टिस्ट चर्च स्थापना गर्न चाहन्छिन्। १५० जना रहेको त्यस टापुमा कोही पनि एडभेन्टिस्टहरू छैनन्। स्थानीय चर्चका अगुवाहरूको सहयोगमा उनी त्यस टापुमा गएर प्रभु येशूको आगमनको बारेमा सिकाउन चाहन्छिन्।

सिर्फ नौ कक्षाको फ्रेडरिकले सन् २००३मा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा भर्ना भएको कारणले मार्शन आइलाण्डका धेरै मानिसहरू एडभेन्टिस्ट भएका छन्। "परमेश्वरलाई अति धन्यवाद छ किनकि परमेश्वरले हामीलाई चुन्नुभयो र उहाँले अचम्मसँग काम गर्नुहुन्छ" कमलिथाले व्यक्त गरिन्।

| कथा ८१ |
| --- |

# मेक्सिकनले आफूसँग भएको सबै थोक सुम्पन्छन्
## नर्ली मासियाज फिगुरोआ
## (मार्शल आइलाण्ड, पासिफिक समुद्र)

विभिन्न देशमा सुसमाचारको काम गर्न गएकाहरूलाई परमेश्वरले कसरी अगुवाई गर्नुभयो भनेर लेखिएको कथाहरू मैले १७ वर्षको उमेरमा पढ्ने मौका पाएको थिए त्यही देखि मैले मेरो देशभन्दा अन्तै गएर सुसमाचार सुनाउने काम गर्छु भनेर मैले निर्णय गरें। (म मेक्सिको राज्यको चिपाज भन्ने प्रान्तबाट म आएको हुँ।)

जब म विश्वविद्यालयबाट ग्राजुयट भएँ तब म विदेशमा सुसमाचार सुनाउन जान चाहें तर मसँग पैसा थिएन। एकपटक म घर जादै थिए, घर जाँदा जाँदै मैले प्रार्थना गरें "प्रभु अरू देशमा तपाईंको बारेमा सुसमाचार सुनाउने काम गर्न चाहुन्छु र तपाईंको सेवा गर्न चाहन्छु। मेरो परिवार गरिब छ र हवाईजहाजको निम्ति टिकट किन्ने पैसापनि मसँग छैन। मेरो परिवारले मलाई सहयोग गर्न सक्दैनन्। यदि तपाईंको इच्छा भए मलाई केही काम मिलाइदिनुहोस् र पैसा जम्मा गरेर अन्य देशमा गएर सुसाचार सुनाउन सकुँ।"

प्रार्थना गरेको दुई दिनपछि मेक्सिकोको राज्य टोबास्कोमा रहेको साउथइस्ट एडभेन्टिस्ट अस्पतालबाट मलाई फोन आयो। एक जना अपरिचित व्यक्तिले फोन गरेर भने, "तिम्रो लागि हामीसँग काम छ। अन्तर्वाता दिन आऊ।"

अस्पतालमा पोषणयुक्त खाना खुवाउने कार्यक्रमको प्रमुख योजनाकारकोरूपमा मलाई काम दिइयो। त्यो मेरो प्रार्थनाको

जवाफ परमेश्वरले दिनुभएको थियो। "अब त्यस कामले मलाई चाहिने पैसा जुट्नेछ र म अरू देशहरुमा सुसाचारको काम गर्न जान सक्ने छु" भन्ने मैले सोचें।

एक वर्षपछि एडभेन्टिस्ट स्वयंसेवक भएर काम गर्न निबेदन दिएँ। मार्शल आइलाण्डमा रहेको इबेई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको हेडमास्टरले मेरो दर्खास्तलाई स्वीकारे। मैले प्रार्थना गरें, "हे प्रभु, इबेईमा जान मलाई सहयोग गर्नुहोस्।" हवाईजहाजको टिकट लिनु भन्दा तिन दिन अघि मेरो काकाको मृत्यु भयो। मेरो काकाको धेरै ऋण थियो र त्यो ऋण परिवारले तिर्न सक्दैनथे। त्यसकारण मैले कमाएको सबै पैसा मेरो परिवारलाई दिएँ। मैले इबेई स्कूलको हेडमास्टरलाई फोन गरेर भनें कि तत्काल मसँग पैसा नभएकोले उक्त स्कूलमा आउन सकिनँ। हेडमास्टरले पनि मेरो समस्यालाई बुझिदिनु भयो।

त्यही रात मैले प्रार्थना गरें, "प्रभु अरू देशमा गएर सुसमाचारको काम गर्ने सपना मलाई तपाईंले नै दिनुभएको थियो। म कसरी त्यहाँ जाउं ? म अहिले अस्पतालमा तपाईंको निम्ति काम गर्दैछु तर म विदेशमा गएर तपाईंको महिमाको निम्ति काम गर्न चाहन्छु।"

फेरी मैले एक वर्ष सम्म त्यही अस्पतालमा काम गरें र इबेई स्कूलमा जानको लागि चाहिने पैसा जम्मा गरें। तर दुर्भाग्यवस मेरी बहिनी दुर्घटनामा परिन् र मसँग भएको सबै पैसा फेरि उनको औषधी उपचारमा सकियो।यस पटक पनि इबेई स्कूलको हेडमास्टरलाई म आउँ नसक्ने कुरा जानकारी दिएँ।

दुई वर्षपछि मैले अब विदेशमा गएर परमेश्वरको निम्ति काम गर्न नसक्ने रहेछु भनेर मेरो सपनालाई त्यागिदिए। मेरो

काम राम्रो थियो र मैले चाहे जस्तै पैसा पनि पाएको थिएँ। त्यसैले एक दिन राती सुत्ने वेलामा मेरो मनमा घर र कार किन्ने योजना आइरहेको थियो, मैले इबेई स्कूललाई सम्झें।

त्यस टापुको बारेमा एक हप्तासम्म सोचें। मैले विदेशमा गएर सुसमाचारको निम्ति काम गर्ने प्रतिज्ञा परमेश्वरलाई दिएको कुराको पनि याद आयो। तब मैले परमेश्वरसँग विवाद गरें, "म त एडभेन्टिस्ट अस्पतालमै काम गरिरहेको छु। यहाँ पनि तपाईंकै निम्ति काम गरिरहेको छु। यहाँको काम छोडेर विदेशमा म किन जानु र?"

जब म परमेश्वरसँग जवाफको निम्ति पर्खिरहेको थिएँ तब केवल, "इबेई, इबेई, इबेई" भन्ने आवाज मात्र मेरो मनमा घन्किरह्‌यो।

"ल त हुन्छ, म इबेई स्कूलमा गएको तपाईं चाहनुहुन्छ भने अमेरिका जान मलाई भिसा मिलाइ दिनुहोस्" भनेर प्रार्थना गरें। मेक्सिकोबाट इबेई टापुमा जान अमेरिकाको क्यालिफोर्नियाको लस एन्जल्स र हवाईको हनलुलु भएर जानु पर्थ्यो त्यो बाटो अलि सस्तो थियो र अर्को बाटो अत्यन्त महँगो थियो। त्यसकारण मलाई अमेरिकाको भिसाको आवश्यकता थियो। तर मेक्सिकोमा अमेरिका जानका लागि भिसा पाउन सजिलो थिएन। मैले इबेई स्कूलको हेडमास्टरसँग उक्त स्कूलमा काम गर्न जाने पत्र मागें, ताकि त्यो पत्र लिएर अमेरिकन राजदुतावासमा गएर भिसाको निम्ति दर्खास्त दिन सकुँ। राजदुतावासमा अन्तर्वाता दिन जानुभन्दा केही समय अगाडि मैले प्रार्थना गरें, "प्रभु, भो अब म बिदेशमा जान चाहन्न। मलाई यहीं

रमाइलो भइरहेछ। पहिला त म विदेशमा जान चाहन्थेँ तर अब म जान चाहन्न। त्यसकारण मलाई भिसा नदिलाइदिनुहोस्।"

अमेरिकी राजदुतावासको भिसा दिने कर्मचारीले मलाई सोधे, "तिमीलाई किन भिसा चाहिएको हो?" "मार्शल आइलाण्डमा रहेको इबेई स्कूलमा पढाउन चाहन्छु। त्यसकारण, त्यहाँ जान अमेरिका हुँदै जानुपर्ने भएकोले मलाई अमेरिकन भिसाको आवश्यक परेको हो" मैले जवाफ दिएँ। ती कर्मचारीले कम्प्युटरमा हेरे र हेडमास्टरको पत्र पनि मागेनन् न त मेरो बैंक बालेन्स नै मागे। उनले केवल  कम्प्युटरमा मात्र हेरे र भने "एक महिनापछि तिमीले भिसा पाउनेछौ।"

त्यो कुरा सुनेपछि मैले विदेशमा जान परमेश्वरले ढोका खोल्नुभएको महसुस गरेँ र उहाँलाई गरेको वाचा मैले पालन गर्नुपर्छ भनेर पनि सिकेँ। त्यसकारण त्यस इबेई स्कूलमा जान मैले सबै थोक त्यागेँ। मैले काम पनि छोडेँ र मेक्सिकोमा रहेका मेरा परिवारसँग विदावारी भएर पासिफिक समुद्रको बीचमा रहेको सानो इबेई टापुमा काम गर्न गएँ।

इबेईमा एक वर्ष काम गरिसकेपछि मलाई मेरो देश छोडेकोमा कुनै पश्चाताप लागि रहेको थिएन। जब म पाँच कक्षामा पढाउन थालेँ त्यस कक्षामा केवल एक जनामात्र एडेभेन्टिस्ट परिवारको विद्यार्थी थियो। हवाईमा भएको साथीको सहायताले क्रिस्टमसको दिनमा मैले सबै विद्यार्थीहरूलाई बाइबल बाँडे। अनि त्यही वर्ष मेरो कक्षाको पाँच जना विद्यार्थीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा पनि लिए।

कतिले त मलाई सोध्छन् पनि "त्यस्तो राम्रो काम अनि मेक्सिको सहर किन छोड्यौ? खै त  तिमीलाई के नै उपलब्धि

भयो र?" तर मैले जवाफ दिन्थें "मसँग सबै थोक छ। म यहाँ खुशी छु। मलाई थाहा छ म यस ठाउँमा हुनु परमेश्वरको इच्छा हो।"

मलाई के अचम्म लागिरहेछ भने इबेई स्कूलमा आउनको लागि चारवर्षसम्म कोशिश गरें तब सन् २०१६मा मात्र म आउन सकें।यो सबै परमेश्वरकै योजना हो भनेर मैले ठम्याएको छु। अब मेरो पछिको योजना के हो सो मलाई थाहा छैन। तर मलाई थाहा छ उहाँको आफ्नै सिद्ध समयमा उहाँको योजना मलाई देखाइदिनुहुनेछ।

*यो कथा नर्ली मासियास फिगुरोवाले आन्ड्र्यु मेक्चेस्नीसँगको कुराकानीमा आधारित लेखिएको हो।*

कथा
८२

# उहाँतिर खिचिनु
## दानिएल ग्विबोशे
## (अलबर्ता, क्यानाडा)

जब अल्बर्टा क्यानाडामा रहेको मामावे आटोसकिटान स्थानीय स्कूलको चर्चमा अगुवाई गर्न नयाँ पास्टर दानियल ग्विबोशे स्कूलको समय सकिन लाग्दा आइपुगे तब तिनलाई त्यहाँ केहि असजिलो लागेको थियो। फर्स्ट नेशन स्कूलका विद्यार्थीहरू र सेभेन्थ-डे एडभेन्टिस्ट शिक्षकहरूले दानिएललाई पहिले नै चिनेका थिए, त्यसकारण तिनीहरूले उनलाई कुनै नयाँ आतिथ्य सत्कार गरेनन् तर ११ वर्षकी छात्रा योयो वुल्फले बाहिर गएर उनको स्वागत गरे जसले गर्दा दानिएललाई आफ्नै घरमा आएको जस्तो भएको थियो।

"स्कूलको हाफ टाइममा योयो म भएको ठाउँमा आउन मनपराउथिन्। मसँग तिनी किन टासिन्छिन् त्यो मलाई थाहा छैन तर तिनी मसँग रहन  असाध्यै मनपराउँथिन्" दानिएलले भने।

पास्टर दानिएल र ती सानी छात्रा आफ्नो होमवर्क र साथीहरूको बारेमा खेल्ने मैदानमा कुराकानी गर्दथे। दानिएलले योयो र उनका साथीहरूलाई येशू र मुक्तिको योजनाको बारेमा कक्षामा सिकाउँथे। येशूको बारेमा थाहा पाउने पहिलो ठाउँ एडभेन्टिस्ट मिसन स्कूल थियो।

एक दिन एउटा राम्रो किराको चित्र कागजमा कोरेर दानिएललाई छक्क पार्दै लेखेकी थिइन् "तपाईं धेरै असल पास्टर हुनुहुन्छ। तपाईं मलाई धेरै मनपराउनुहुन्छ।" त्यसमा व्याकरणका केही भूलहरू थिए।

केही हप्तापछि स्कूलको हेडमास्टरले दानिएललाई फोन गरेर भने कि शनिबार बेलुकली अकस्मात योयोको निधन भयो। जन्मदिनको समारोहमा उनले बेलुनमा भरेको ग्यास सुँघेकी थिइन्। त्यतिकैमा टाउको दुख्यो भन्दै सुत्न गएकी योयो अचानक त्यहीँ मरेकी थिइन्।

"यो खबर सुनेर मलाई ठूलो सन्ताप भयो। मैले त विश्वासै गर्न सकिँन। मलाई उनीसँग समय बिताएका पलहरूको याद आयो। ' किन यस्तो कलिलो उमेरमा उनको देहान्त भयो' होला भनेर मेरो मनमा धेरै प्रश्नहरू उठ्न थाल्यो। त्यसको जवाफ मैले अहिलेसम्म पाउन सकेको छैन। तर येशूको आगमनमा त्यो प्रश्नको जवाफ पाउनेछु भन्ने मैले आशा गरेको छु" दानिएलले दुःख व्यक्त गर्दै भने। स्कूलका शिक्षकहरू र विद्यार्थीहरू पनि योयोको मृत्युको खबर सुनेपछि धेरै दुखी भए र उनको सम्झनामा एक दिन स्कूल पनि बन्द भयो। फस्ट नेशनको खेलखेल्ने हलमा योयोको परिवारले तिन दिन सम्म परम्परा अनुसार शोक मनाए। टाढा-टाढाबाट मानिसहरू आए। योयोको सम्झनामा धेरै भाषणहरू भए, सबैले सान्त्वना र सहानुभूतिदिंदै योयोको कफनमा अन्तिम श्रद्धाञ्जली व्यक्त गरे। शिक्षक र विद्यार्थीहरूले पनि उक्त शोक सभामा भाग लिए र तिन दिनसम्मै स्कूलको भान्सा घरमा तयार गरिएको खानाहरू आगन्तुकहरूलाई ख्वाइयो।

दानिएलले शोक व्यक्त गर्न आएकाहरूलाई भने, "तपाईंहरूको उपस्थिति नै परिवारको निम्ति ठूलो सान्त्वना भएको छ। तपाईंहरूको उपस्थितिले नै परिवारप्रति र योयोप्रति तपाईंहरुको माया कति छ भनेर देखाउँछ।"

क्री भाषामा मामावी आटोस्केटान स्कूलको नाउँ "हामीसँगसँगै काम गर्दछौं" हो, त्यसै अनुसार शिक्षक र विद्यार्थीहरू एकै परिवार जस्तै भएर काम गर्दछन् भनेर दानिएलले भने।

आज योयोले आफ्नै हातले कोरेको चित्र दानिएलको अफिसमा झुण्डिरहेको छ। त्यो स्कूलको विद्यार्थीले दिएको प्रथम चित्र थियो।

"जब म स्कूलमा आएँ, योयोकै कारण मलाई यो स्कूल आफ्नै घर जस्तो लागेको थियो। उनको स्नेह र वात्सल्य प्रेमलाई म सम्झिरहन चाहन्छु। मेरो निम्ति होइन अरूको निम्ति म के गर्न सक्छु भन्ने पाठ उनले मलाई देखाएकी छिन्" मार्मिक भएर दानिएलले भने।

दानिएलले स्कूलका विद्यार्थीहरूलाई येशूको बारेमा सिकाउँदा उहाँले तिमीहरूको निम्ति के गर्नुभयो र तिमीहरू पनि अरूको निम्ति के गर्न सक्छौ? भनेर सिकाउँछन्। येशूसँग भएको आफ्नै अनुभव उनले ती विद्यार्थीहरूलाई सुनाउछन्। येशूलाई उचाल्ने र बाँकी काम पवित्र आत्मालाई गर्न दिने दानिएलको मुख्य लक्ष्य थियो।

"येशूले भन्नुभएको थियो 'यदि मलाई पृथ्वीमा उचाल्यौ भने म सबै मानिसहरूलाई मकहाँ खिच्छु,' म विद्यार्थीहरूको माझमा येशूलाई उचाल्दछु ताकि तिनीहरू उहाँतिर खिचिउन्।

*लेखक: आन्ड्रयु मेक्चेस्नी*

| कथा<br>८३ | सम्बन्ध जोड्नु<br>डार्लिन् थिसन<br>(अलबर्ट क्यानाडा) |
|---|---|

क्यानाडाको अलबर्ट प्रान्तमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट मामावी आटोस्केटन नाटिभ स्कूल जुन स्थानीय बासिन्दाहरूको लागि खोलिएको थियो, त्यहाँ पढ्ने एक जना आड्रियस भन्ने आठ कक्षाको विद्यार्थीको मैले काम शुरू गरेकै वर्षमा मृत्यु भएको थियो। ऊ रक्सी खाने दुर्व्यसनमा फसेको थियो। रक्सीको सुरमा ऊ घरबाट बाहिर गएको बेलामा एउटा कारले उसलाई ठक्कर दिएपछि ऊ त्यहीँ मरेको थियो। त्यस दिन बिहान मलाई साह्रै नमजा लागिरहेको थियो। त्यो दिन पनि विद्यार्थीको मृत्यु भएकोले स्कूल बन्द भएको थियो। मैले काम गर्न थालेको दोस्रो वर्षमा पनि अर्को विद्यार्थीको मृत्यु भयो। फ्रान्सिस बफालो भन्ने त्यो विद्यार्थी एकदम ठूलो जिउको थियो। तर ऊ भलाद्मी र मायालु थियो। मोटर पार्क गर्ने ठाउँमा ऊ आफ्नो साथीसँग कुरा गर्दै थियो त्यतिनै बेला  अचानक एउटा ड्राइभरले सम्हाल्न नसकेको कारले उसलाई कुल्चेको थियो।

ती दुई विद्यार्थीहरूको मृत्युले मलाई ज्यादै शोकित बनाएको थियो। ती केटाहरूको अन्त्येष्टीमा मैले आँखाबाट आशु रोक्न खोजेको थिएँ। म शिक्षक भएको नाताले ती केटाहरूसँग मेरो राम्रो सम्बन्ध थियो। यदि म रोए भने म आफैलाई रोक्न सक्दिन भनेर मलाई थाहा थियो।त्यतिनै बेला मेरो शरीर कत्र्याक कुक्रुक  भयो म त बिस्फोट हुन लागे जस्तै भएको थिएँ।

अन्त्यष्टीको समयमा मेरो मनमा नानाथरी प्रश्नहरू उब्जिरहेका थिए। ती केटाहरूमा मैले कस्तो प्रभाव पारेँ होला भन्ने कुराले मलाई सताइरहेको थियो। के स्कूलबाट तिनीहरूले परमेश्वरपको प्रेमलाई बुझे त? के हामीले तिनीहरूलाई पर्याप्त सिकायौं त ? के तिनीहरूले मर्ने बेलामा परमेश्वरसँग पुकार गरे? ती केटाहरूको असमायिक मृत्युले गर्दा प्रत्येक दिन विद्यार्थीहरूलाई येशूकहाँ ल्याउनु  पर्ने कुराको याद मलाई आइरहेको थियो। तिनीहरूको सम्बन्ध येशूसँग भएको म चाहान्थे, ताकि तिनीहरूको जीवनमा परिवर्तन आओस्। शिक्षक भएको हैसियतले मेरो प्रयासको परिणाम सधैं त देख्दिन तर कता कता मेरो मनमा आशाचाहीँ पल्हाएको थियो।

एक पटक अफ्रिकाको मोजाम्बिकमा अनाथालय खोल्न एडभेन्टिस्ट डेभलोपमेन्ट रिलिफ एजेन्सीसँग काम गर्न गएँ। मेरो तिन कक्षाका विद्यार्थीहरूलाई म कहाँ जान्छु र के गर्नेछु भनेर उत्सुकसाथ बताएको थिएँ र मेरो सट्टामा अर्को शिक्षक आउनेछन् भनेर  मैले भनेको थिएँ। एक जना टियन्ड्रा भन्ने सानी छात्राले त मैले स्कूलै छोड्न लागेको भन्ने ठानिन्। उनलाई धेरै नरमाइलो लागेको रहेछ र उनले गुनासो गरिन् अनि हेडसरको अफिसमा उनलाई बोलाइयो। स्कूलमा किन गुनासो गरेकी भनेर हेडसरले सोध्दा उनले भावुक भएर भनिन्, " बिछोड हुँदा के हुन्छ भनेर तपाईंलाई थाहा छैन र?"तर हेडसर कोठाबाट बाहिर निस्केर हाँसे। एउटी सानी छात्राले कस्तो ठूलो मान्छेले जस्तो भावुक कुरा गरेकी, भन्दै मन खोलेका थिए।

मैले अनुमान गरे अनुसार नै टियन्ड्रा थिइन्।मैले उनलाई त्यागें भनेर उनी दुःख मान्दै क्लासमा सुक्क-सुक्क गर्दै थिइन्। उनी

र मेरो बीचमा केही न केही भावनात्मक सम्बन्ध थियो, म क्लासमा नहुँदा उनलाई मैले छोडें भन्ने लाग्दो रहेछ।

जब म मोजाम्बिकमा काम सकेपछि त्यही स्कूलमा फेरि फर्केर आएँ तब स्कूलको हेडसरले मलाई फोन गरेर भने "एक जना विद्यार्थीले तपाईंसँग कुरा गर्न चाहेकी छिन्।"  साच्चै नै उनी टियन्ड्रा नै थिइन्।

"हेलो? तपाईं कहिले स्कूलमा फर्केर आउनुहुनेछ?" टियान्ड्राले मलाई सोधिन्। "भोलि" भनेर मैले जवाफ दिएँ। "हुन्छ" भनेर उनले भनिन्।त्यसपछि उनलाई आनन्द भएको थियो किनभने हामीहरूको सम्बन्ध पुनर्स्थापित भएको थियो।

सबै शिक्षकहरूले विद्यार्थीहरूसँग कुनै न कुनै रूपमा भावनात्मक सम्बन्ध गासेका हुन्छन् र तिनीहरूले दैनिक रुपमा हामीलाई नदेख्दा तिनीहरूको मन अँध्यारो हुन जान्छ।

गत वर्ष सन् २०१६मा तिन कक्षाका विद्यार्थीहरूलाई मैले क्रूसमा मर्नुभएको येशूको बारेम सिकाउँदा सबै विद्यार्थीहरू चुपचाप भएका थिए। कसैले त्यस्तो प्रेम गरेको थाहा पाएपछि तिनीहरूको अनुहारमा आश्चर्यका रेखाहरू कोरिएका थिए। आफ्नो छोराको निम्ति भन्दा अरु कसैको निम्ति मर्नु मलाई सजिलो हुन्छ भनेर मैले तिनीहरूलाई भनेको थिएँ। "परमेश्वरले तिमीहरूलाई यस्तो धेरै माया गर्नुहुन्छ कि तिमीहरूको निम्ति उहाँले आफ्नै पुत्रलाई त्याग्नुभयो।" मैले तिनीहरूलाई भनें। एक जना विद्यार्थीले त अचम्म मान्दै सोधे "हो र? मेरो निम्ति उहाँ मर्नुभयो?" जब बालबालिकहरूलाई सम्हाल्ने घरका दाजु र दिदीहरू आ-आफ्नो घरमा आए, तब एक जना छात्राले घरमा कोलाहलको सामना गर्नुपरेको थियो। उनकी कान्छी बहिनीलाई घरबाट बाहिर अर्कै घरमा राखिएको थियो र उनको आमाले

उनलाई फर्काउन खोजेकी थिइन्। पहिलो कक्षाका विद्यार्थीहरूलाई चिन्ता लागेको थियो। केही विद्यार्थीहरूले त उनलाई जिस्क्याउन थाले। एक दिन ती छात्रा क्लासबाट बाहिर रोइरहेकी थिइन् र के भयो भनेर मैले सोधेँ। "क्लासका साथीहरूले मेरी बहिनीलाई मरे" भनेर उनले भनिन्। के उनीसँग म प्रार्थना गर्न सक्छु कि भनेर मैले भने। उनको हात समातेर मैले उनको बहिनीको निम्ति प्रार्थना गरेँ। प्रार्थना पछि मैले उनलाई भनेँ, "तिम्रो बहिनी येशूको हातमा छिन्। तिमीलाई हलुको भइरहेको छ?" उनलाई सारा बोझ उनको काँधबाट झरेको जस्तो लागेको थियो नभन्दै बाहिर गएर अरूसँग खेल्न थालिन्।

शिक्षक भएकै कारणले यस्ता धेरै क्षणहरू आउँछन् जहाँ येशूको प्रेमलाई देखाउन सक्छौं। साना साना भाइबहिनीहरूलाई येशूकहाँ म ल्याउन चाहन्छु। अनन्त जीवनको बारेमा प्रभाव पर्ने काममा म चुक्न चाहान्न।

- *डार्लिन् थिइसनले आन्ड्रयु मेक्चेस्नीलाई भनेको आधारमा तयार पारिएको तथा हो*

| कथा ८४ |
|---|

# मरेको व्यक्तिसँग कुरा गर्नु

## किम हारिन्गटन

## (अलबर्ट क्यानाडा)

"गए राति बाजेसँग कुरा गरे" भनेर एक जना १७ वर्षकी केटीले हाइस्कूलको सिक्षक किम हारिन्गटनलाई सुनाएकी थिइन्। शेली नाउँ गरेकी ती छात्राले आफ्नो बाजेसँग घरको बरन्डामा बसेर उनको भविष्यको बारेमा चर्चा गरेकी थिइन्। तिनीहरू क्यानाडाको अलबर्टा राज्यमा स्थानीय बासिन्दाहरूको निम्ति आरक्षित प्रान्त फर्स्ट नेशनमा रहन्थे।

शेलीले उनको बाजे धेरै वर्ष अघि मरेका थिए भनेर सुनाइन्। "जब कि मरेसकेका बाजेसँग "गए राति बाजेसँग कुरा गरेको थिएँ" भनेर शेलीले भन्दा मेरा शरीरका रौंहरू ठाडा-ठाडा भएका थिए। मलाई लग्यो कि तिनी दुष्ट आत्मासँग कुरा गर्दै थिइन्।

किम अल्बर्टाको मामावी आटोस्केटन एडभेन्टिस्ट स्कुलमा विज्ञान र हिसाबको शिक्षिका थिइन्। त्यहाँका धेरै जसो बासिन्दाहरू परम्परागत धर्मालम्बीहारू थिए। तिनीहरूको धर्ममा मरेका मानिसहरूसँग कुरा गर्ने र उनीहरूलाई सम्मान गर्ने चलन थियो। स्कूलका २०० जति विद्यार्थीहरूले पहिलो पटक येशूको बारेमा त्यस स्कूलमा सिक्दै थिए।

प्रेतसँग कुरा गरेको विषयमा शेलीले उनको शिक्षकलाई धेरै पल्ट सुनाएकी थिइन्। पाव-पाव, अर्थात् स्थानीय पर्वपछि एक जना आदि मानिस र आदि घोडा काल्पनिक रूप आफ्नो गाउँको घर घरमा उफ्रेको उनले देखेकी थिइन् रे मरेका

पूर्खाहरूले घरको अगाडिको रूखमा बसेर आफूसँग कुरा गरेको पनि उनले धेरै पल्ट सुनाएकी थिइन्।

"रूखमुनि चुपचाप लागेर बस्दा पनि धेरै आवाजहरू उनले सुनिन् रे जुन उनका मरेका बाजे बराजुहरूको आवाज थिए भनेर उनले सोचेकी थिइन्" किमले भने। बाजेको रूप लिएर आएको प्रेतसँग कमसेकम दुई पल्ट उनले बोलेकी थिइन रे। "बरन्डामा आफ्नो बाजेसँग तिनले आफ्नो भावी योजनाको बारेमा छलफल गरेको सुनाइन्। त्यो आत्माले उनलाई नराम्रो कुरा त केही भनेन। खोलामा गएर हाम फाल त भनेन। जब तिनीहरू कुरा गर्दथे त्यसबेला उनलाई रमाइलो लाग्थ्यो रे। आफ्नो बाजेसँग कुरा गर्न उनलाई रमाइलो लागिरहेको थियो" किमले भनिन्। मरेकाहरूसँग गरिएको कुराको बारेमा सुन्दा किमलाई असजिलो लागिरहेको थियो र मनमनै प्रार्थना गरेर उनले शेलीलाई सोधिन् "तिमी त हाइस्कूलमा छ्यौ। एडभेन्टिस्टले के सिकाउँछन्, त्यो तिमीलाई थाहा छ। त्यो बोल्ने को हो मलाई भन। के त्यो तिम्रो बाजे नै हो त? तिमीसँग कुरा गर्न कुन आत्माले त्यसलाई पठायो?" दुष्ट आत्माहरू परिचित मानिस भएर आउँछ भनेर बाइबलले सिकाएको कुरा उनलाई थाहा थियो र मरेकाहरू सुते सरहका हुन्छन् र केही थाहा हुँदैन भनेर पनि उनलाई थाहा थियो। "हो मैले थाहा पाइसकेँ तपाईंले के भन्न खोज्नुभएको मिस" हारिङ्गटनसँग शेलीले भनिन्। अनि किमले शेलीसँग प्रार्थना गरिन्।

"शेली अलमल परेकी थिइन्। मरेको मानिससँग कुरा गर्दा उनलाई रमाइलो नै भइरहेको थियो।उनको मनमा धेरै प्रश्नहरू पनि उब्जिरहेका थिए तरपनि प्रार्थनाप्रति भने उनी

आभारी थिइन्। प्रेतात्मासँग कुरा गर्ने विषयमा चर्चा गर्दा प्रार्थना नै सबै किसिमका समस्याहरुको समाधानको उपाए थियो" किमले भनिन्।

आफ्नो जीवनमा मरेका आत्माहरुले ठाउँ पाएको विषयमा सोच्न थालिन्। केही समयपछि आफूसँग बज्यै कुरा गर्न आएको भनेर किमलाई भनिन्। उनले बज्यैको शरीर त देखिनन् तर उनको आवाज सुनेको जस्तो उनलाई लागेको थियो। आफ्नो बज्यै मरेकोमा उनलाई नियास्रो लागेको थियो। त्यसकारण उनले एक छिन त सुनिन्। अनि किमसँग कुरा गरेको उनले सम्झिन्। आखिरमा त्यो आवाजलाई उनले हप्काइन् "यदि तँ दुष्ट आत्मा होस् भने मबाट निस्केर जा। अनि स्कूलमा सिकेका ख्रीष्टियन गीत गाउन थालिन् त्यतिकैमा त्यो आवाज बिलाएर गयो। शेलीको विश्वास ठीक ठाउँमा रहोस् भनेर किमले प्रार्थना गरिदिन्छिन्।

"मैले  उनलाई भने कि उनको जीवन सधैं परमेश्वरको बशमा हुन्छ। उनलाई जे भएपनि उनलाई परमेश्वरले छोड्नुहुन्न। आफ्नो भविष्यको निम्ति उनले आफ्नो बाजेसँग सल्लाह माग्दै थिइन्। तर अहिले थाहा नपाएतापनि परमेश्वरसँग उनकोनिम्ति  योजना छ भनेर मैले उनलाई बताइदिएँ" किमले भनिन्।

यर्मिया २९:११मा रहेको परमेश्वरको योजनाको बारेमा किमले शेलीलाई पढेर सुनाइन्। "तिम्रो लागि मसँग योजना छ। तिम्रो उन्नति हुने र तिमीलाई हानी नहुने योजना तिम्रो लागि छ। तिमीलाई आशा दिन र भविष्यको निम्ति तिमीलाई के गर्ने हो सो मलाई थाहा छ।" (रूपान्तरित)।

आफ्ना विद्यार्थीहरू कुनै दुष्ट आत्माको होइन तर परमेश्वरको हातमा होऊन् भन्ने चाहना किमले राखेकी थिइन्। उनको अफिसमा एउटा छुट्टै मेच राखिएको छ जसमा लेखिएको छ, "यो मेच परमेश्वरको बालबालिकाहरुको निम्ति हो।" "बालबालिका तथा किशोर किशोरीहरू परमेश्वरका निम्ति विशेष हुन् र उहाँले माया गर्नुहुन्छ भन्ने कुरा म थाहा पाएको चाहन्छु" किमले भनिन्। यो त्रैमासिक भेटीको केही भाग हिसाब र विज्ञानको कोठा बढाउन सहयोग मिल्नेछ ताकि अरू धेरै बालबालिकाहरू येशूको बारेमा थाहा पाउन भर्ना होऊन्।

*-शेलीको नाउँ अर्कै हो। आन्ड्रयु मेक्चेस्नी*

| कथा ८५ | पेट्रोल पम्पमा भएको संयोगको भेट<br>जोन पिना<br>(वेस्ट भर्जिनिया, अमेरिका) |
|---|---|

एक दिन अमेरिकाको वेस्ट भर्जिनियाको पेट्रोल पम्पमा कामगरिरहेका जोन पिन्याले कारमा पेट्रोल हाल्न खोज्दा प्राविधिक कारणले गर्दा पम्पले काम गरेन। उसको लागि त्यो समय अत्यन्त खराब भएको थियो। २३ वटा पेट्रोल पम्प भएको माउन्ट होप भन्ने ठाउँमा व्यापार अत्यन्त राम्रोसँग चलिरहेको थियो तर क्रेडित कार्डलेचाहीँ काम गर्न छोडेको थियो। त्यसकारण मानिसहरूले मेशिनमा पैसा हालेरमात्र पेट्रोल पाइपबाट आउनुपर्थ्यो। त्यसमा पनि खुद्रा पैसा निकाल्ने स्वचालित मशिनपनि बिग्रेको थियो। एउटा ठूलो क्याडिलाक कार पेट्रोल पम्पमा आएर आफ्नो कारमा फटाफट पेट्रोल भऱ्यो। जोन र उसको महिला साथीले आफ्नो पसलबाट त्यो हेरिरहेका थिए। त्यो मानिस पेट्रोल पम्पको पसलमा पस्यो। "हजुर, तपाईँले भरेको पेट्रोलको पैसा ४० डलर भएको छ, त्यसकारण तिर्नुहोस्। त्यो मानिस के गरूँ के गरूँ भयो। "मसँग केवल क्रेडित कार्डमात्र छ। पैसा छैन।" आपद मान्दै त्यो मानिसले जवाफ दियो। जोन पेट्रोल पम्पको मानेजरकहाँ गयो र के गर्ने भनेर सोध्यो। "ग्राहकले पैसा दिन नसकेपछि पेट्रोलपम्पमै कार छोडेर कतैबाट भएपनि पैसा लिएर आउनु भन" भनेर मेनेजरले भन्यो। तर रातिहुँदो पैसा खोज्न गाह्रो हुने कुरा ग्राहकले भन्यो। त्यो मानिस हेर्दा निक्कै भलाद्मी देखिन्थ्यो त्यसैले जोनले भन्यो, "म तपाईँको पैसा तिर्छु तर तपाईँको लाइसेन्स छोडेर जानुहोस्। तपाईँले पैसा ल्याउनुभएपछि म तपाईँको लाइसेन्स

फर्काइदिन्छु।यो कुराले त्यो मानिस ज्यादै आभारी भयो र ग्राहकले जोनसँग हात मिलाएर बचन दियो, "म भोलि अवश्य फर्कनेछु।" जब ग्राहक त्यहाँबाट निस्क्यो तब जोनको महिला साथीले उसलाई "बहुला" भन्दै गाली गर्न थालिन्, "तिमीले त्यो चालिस डलर गुमायौ। तर जोनले विश्वासकासाथ भने "अहँ, म विश्वास गर्छु ग्राहक फर्की आउनेछ" जोनले नहिचकिच्याइकन भन्यो। भोलिपल्ट ग्राहक फर्केर आयो चालिस डलर दिंदै भन्यो, "भाइ, तिमीलाई धेरै-धेरै धन्यवाद म तिम्रोलागि केही सहयोग गर्न सक्छु?" तर त्यो काम गरेवापत जोनले थप पैसाको इनाम पाउने अपेक्षा गरेको थिएन त्यसैले भन्यो, " त्यसकोलागि धन्यवाद हामी सबै ठिकै छौ। परमेश्वरले तपाईंलाई आशिष दिउन्। तपाईंको दिन राम्रो होस्। अनि ती ग्राहक "परमेश्वरले तपाईंहरूलाई पनि आशिष दिउन्" भन्दै विदा भए।

अनपेक्षित भेट

त्यो रात जोनले दिउँसो भएको घट्नाको बारेमा आफ्नी श्रीमती शारनलाई भने। त्यही समयमा उनका ससुरा जीम बाइबलको बारेमा छलफल गर्न उनको घरमा आएका थिए अनि त्यतिकैमा दिउँसोको घट्नाको बारेमा कुरा बन्द गरे। जिम सेभेन्थ-डे एडभेन्टिस्ट थिए र जोनलाई आफ्नो चर्चमा आउन निम्तो दिइरहन्थे। त्यो साँझमा पनि जिमले आउदो शनिबार चर्चमा आउन जोनलाई निम्तो दिए। "हुन्छ यस पटक म चर्च आउँछु" भन्दै जोनले वचन दिए।

जोन अमेरिकाको प्रान्त क्लिभलान्डमा आइतवार पालन गर्ने घरमा हुर्केका थिए र कहिलेकाहीं उनकी श्रीमतीसँग चर्च जान्थे। उनकी श्रीमती सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जन्मिएकी

थिइन् तर पछि उनले चर्च छोडेकी थिइन्। वेस्ट भर्जिनयाको बक्ले शहरमा भएको जोनको ससुराको एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि उनीहारू गएका थिएन्। तर यस पटक तिनीहरूले जिमको निम्तोलाई स्वीकार गर्दै चर्च गएका थिए।

साबथको बिहानी पख अलिक असजिलो मान्दै जोन आफ्नो ससुरा जिमसँगै बसेका थिए।उक्त साबथको बिहानी आराधना सेवापछि पास्टर चर्चको ढोकानेर पुगेका थिए अनि जिमले जोनलाई भने, "ज्वाइँ, तपाईं एक पटक हाम्रो पास्टरसँग भेट गर्नुहोस्।" "हुन्छ, मसँग बाइबलको बारेमा केही प्रश्नहरू छन् जुन प्रश्नहरू उहाँसँग सोध्न चाहन्छु" जोनले जवाफ दिए, पास्टर बाहिर ढोकातर्फ जाँदै गर्दा जोनलाई ती पास्टरलाई त कहीं देखे जस्तो लग्यो। पास्टरले जिमसँग हात मिलाए र जोनलाई हेर्दै भने, "हैन, तपाईंलाई त कहीं देखे जस्तो लाग्छ?" ती दुई जना मानिसहरू एकछिनसम्म त एक आपसमा हेराहेर गरिरहे। अनि एकछिनपछि जोनले आश्चर्यकासाथ भन्यो, "ओ तपाईं हाम्रो पेट्रोल पम्पमा आउनुभएको थियो।" " ए ! हो त नि , तपाईंले नै मेरो पेट्रोलको पैसा तिरी दिनुभएको थियो।" भन्दै पास्टरले भने।

आराधना सेवापछि जोन र पास्टर सिमगजोश्याले जिमलाई अघिल्लो साता पेट्रोल पम्पमा के भएको थियो भन्ने विषयमा जानकारी गराए।

अन्तरबार्ताको क्रममा जोनले भने "मेरो निम्ति त्यो आशिषको समय थियो। संयोग वा भाग्यको खेल भनेर मैले सोचेको थिए तर त्यो त आशिषमा परिणत भयो।"

एडभेन्टिस्ट पास्टरसँगको भेटघाटले जोनको मनमा गहिरो प्रभाव पारेको थियो। जोन बक्लेमा रहेको चर्चमा साबथको सेवाकार्यमा आउन थाले। पछि उनको घर नजिकै रहेको एडभेन्टिस्ट चर्चमा जोनकी श्रीमतीले बप्तिस्मा लिइन्।

एक दिन सुसमाचार सभापछि बप्तिस्मा लिन अनुरोध गरिएको कागजमा भने उनले सही गरेनन्। बप्तिस्मा हुनु दुई दिन अघि चर्चको पास्टर दानिएल मोरिकोन र अर्का साथी जोनको घरमा गए र किन येशूलाई मुक्तिदाता भनेर स्वीकार गर्न गाह्रो मान्नु भएको भनेर सोधे। "येशूका चेला वा अन्य विश्वासी मानिसहरूलाई म हेर्छु तर म उनीहरू जस्तो सफा मन भएको छु जस्तो मलाई लाग्दैन" जोनले उत्तर दिए। "यदि तपाईंले अरू मानिसलाई हेरेर बस्नु भयो भने तपाईंले कहिल्यै पनि बप्तिस्मा लिनुहुनेछैन" भन्दै पास्टरले जवाफ दिए। पास्टरको उक्त वचनले जोनको मन छोयो र अर्को दिन जोनले पास्टरलाई फोनबाट सोध्यो, "म भोलि नै बप्तिस्मा लिन चाहन्छु। मैले के ल्याउनुपर्छ?" अरूसँगै जोनले पनि त्यहिँ दिन बप्तिस्मा लिए।

चर्चका विश्वासीहरूमा येशूको कृपा र भलाई देखेर आफूले पनि बप्तिस्मा लिएको हुँ भनेर जोन भन्छन्। ५७ वर्षका जोन अहिले त्यही स्पेन्सर चर्चको डिकन भएका छन् र उनी अरू मानिसहरुको माझमा पनि प्रभु येशूको भलाइलाई देखाउन सकियोस भन्ने चाहन्छन्। "म यस ठाउँमा रहेको ३० वर्ष भयो र मानिसहरूले म परिवर्तन भएको देखिरहेका छन्। अब म मेरो गाउँ, ठाउँका मानिसहरूको माझमा गएर येशूको बारेमा सुनाउन चाहन्छु" भनी जोन भन्छन्।

लेखक:-आन्ड्र्यु मेक्चेस्नी

**कथा**
**८६**

# घचघच्याउने पर्चा
## वानिटा सेटलिफ
## (वेस्ट भर्जिनिया, अमेरिका)

सात जना दाजुभाइ र दिदीबहिनीहरूमा वानिटा कान्छी थिइन्। उनी अमेरिकाको वेस्ट भर्जिनियाको आपलेशियन माउन्टेनमा रहेको गरिब किसान परिवारका जन्मिएकी थिइन्। सानोमा उनलाई चर्च जान मन पर्दैनथ्यो। गर्मीको मौसममा उनकी आमाले प्रत्येक आइतबार ६ किलोमिटर हिँडाएर तिनीहरुलाई चर्च लान्थिन्। "साँच्चिकै हामी चर्चमा जान चाहेका थिएनौं। हामीलाई अरु केटाकेटीहरूले जिस्काउँथे किनभने तिनीहरू कारमा चढेर जान्थे तर हामी भने हिँडेर जानुपर्थ्यो। त्यसैले चर्च मेरालागि रमाइलो थिएन" वानिटाले भनिन्। आफ्नो घरमा वानिटाले बाइबल कहिल्यै पनि देखेकी थिइनन्। उनका आमाबाबुले पढ्न र लेख्न जान्दैनथे र धर्मको बारेमा त्यस्तो चासो पनि देखाएका थिएनन्। पहाडको चर्चमा नै बप्तिस्मा लिएर हामीले मुक्ति पाएका थियौं भनेर तिनीहरू भन्दथे। वानिटाको बाल्यकाल धेरै नराम्रो थियो। उनको बुबा लडाईंमा अपाङ्ग भएका थिए र किसानी काम गर्दथे। धेरै थरीका मानिसहरू तिनीहरूका घरमा आवतजावत गर्दथे, कोही त नराम्रा मानिसहरू पनि हुन्थे।

"मेरो घरमा मलाई असाध्यै दुख थियो। धेरै दुखकासाथ मेरो बाल्यकाल बितेको थियो। त्यसैले त्यो गाउँमा फर्केर पनि जान मन लाग्दैन। जहिले पनि त्यहाँ जानुपर्दा मलाई जान नपरेपनि हुन्थ्यो जस्तो लाग्थ्यो" वानिटाले भनिन्। अहिले वानिटा ठूली भइसकेकी र विवाह पनि गरी सकेकी थिइन्। उनले दुई

पल्ट बैवाहिक सम्बन्ध तोड्नुपरेको थियो। जीवनमा आइपरेका दुखसंगै उनले रक्सी पिउन थालिन् र धेरै केटा साथीहरू बनाउन पुगिन्। धेरै थरीका काम पनि गरिन् , उनको दुई छोरीहरू पनि थिए। अहिले त उनकी छोरीले चर्च जाउँ न ममी भनेर अनुरोध गर्दा उनी झर्किने र गाली गर्ने भएकी थिइन्। “म पाखण्डी हुन चाहन्न। रातभरी पार्टीमा गएर भोलिपल्ट बिहानचाहिँ चर्चमा म जान चाहान्न।” भन्थिन्।

एक दिन वानिटाले आफ्नो चिठीको बाकस खोल्दा त्यहाँ प्रकाशको पुस्तकमा लेखिएको भविष्यवाणीको बारेमा सृंखलाबद्ध सेमिनार गर्ने ठाउँमा आउन उनलाई निम्तो दिएको उनले पाइन् । उनले चिठीको बाकसमा धार्मिक पर्चाहरू पहिला पनि पाएकी थिइन्। तर पहिलेको भन्दा अहिलेको चिठीको निम्तोमा केही भिन्नता पाइन् र त्यहाँ जान मनले चाहना गरिरहेको जस्तो आभास् पाइन्। " मानौ कुनै मानिसले पछाडिबाट त्यहाँ जान कर गरिरहेको जस्तो उनले महसुस गरिन्। यस्तो अनुभव उनलाई पहिला कहिल्यै पनि भएको थिएन। त्यसकारण म त्यहाँ गएँ" भनेर उनले भनिन्।

वेस्ट भर्जिनियाको बक्ले सहरमा रहेको एडभेन्टिस्ट चर्चले आयोजना गरेको सुसमाचाररीय कार्यक्रममा उनी शुरूकै दिनमा भाग लिन आइपुगिन्। त्यो सभा सार्वजनिक सभागृहमा भएको थियो। प्रायजसो त्यो सहरमा मानिसहरुको चहलपहल केही हुँदैनथ्यो। त्यस सहरमा १७,२०० मानिसहरू बस्दछन्। इसाईहरुको बारेमा उनलाई थोरै मात्र थाहा थियो र सेभेन्थ-डे एडभेन्टिस्टहरुले शनिवार आराधना गर्छन् भनेर पनि उनलाई केही हदसम्म थाहा थियो। त्यसकारण उक्त सभामा उनले एक

जना एडभेन्टिस्टलाई भेट्ने बित्तिकै "तपाईंहरू किन शनिबार आराधना गर्नुहुन्छ?" भनेर सोधी हालिन्। ती मानिसले "यस बारेमा पछि पास्टरले सिकाउनुहुनेछ" भनेर जवाफ दिए। उनको प्रश्नको जवाफ चित्त बुझ्दो तरिकाले तत्कालै नपाएकोमा उनी निराश पनि भएकी थिइन्। अर्को रात पनि उनी त्यही कार्यक्रममा आइन। त्यसबेला पनि प्रचारकले साबथको बारेमा बोलेनन्। फेरि वानिटाले अर्को चर्चको सदस्यलाई आफ्नो प्रश्न दोहोऱ्याइन।त्यहाँपनि यसको बारेमा पछि थाहा पाउनुहुनेछ भन्ने जवाफमात्र उनले पाइन्। "मेरो लागि यो विषय झनै रहस्यमय भएको थियो। मलाई जवाफ तुरन्तै चाहिएको थियो तर तिनीहरूले मलाई किन त्यो प्रश्नको जवाफ दिएनन्  भन्ने कुरा मैले बुझ्न सकेकी थिइन" वानिटाले भनिन्।

त्यसले गर्दा अर्को बेलुका पनि तिनले त्यो सभामा आउनै पर्ने भयो। आफ्नो हुलाकको बाकसमा पर्चा पाएको बेलामा नै उनले आफ्नो भविष्यको बारेमा सोच्न थालेकी थिइन्। उनले बाइबल कहिल्यै पनि पढेकी थिइनन् र बप्तिस्मा पनि लिएकी थिइनन्  र न्यायको दिनको बारेमा बुझ्न थाल्दा उनी झन त्रसित हुन थालेकी थिइन्।

सुसमाचारीय कार्यक्रमको चौथौं हप्तासम्म उनी दिनदिनै सभामा आएकी हुनाले उनलाई बाइबल उपहार दिइयो। उनले जीवनमा पहिलो पल्ट त्यो बाइबल पढ्न थालेकी थिइन्। प्रचारकले भनेका पदहरू पनि बाइबलमा पढ्न थालिन्। जब प्रचारकले आखिरमा आएर सातौं दिन साबथको बारेमा बोले तब उत्पत्ति २:२-३ अनुसार परमेश्वरले नै सातौं दिन छुटयाउनुभएको उनलाई महसुस भयो। प्रस्थान २०:८-११मा

फेरि परमेश्वरको चाहना पनि उल्लेख गरिएको उनले देखिन्। येशूले साबथ पालन गरेको उनले थाहा पाइन् साथै धेरै इसाईहरूले सिकाए बिपरित येशूले व्यवस्थालाई रद्द गर्न होइन तर त्यसालाई उघार्न र सम्मान गर्न उहाँ आउनुभएको (यशैया ४२:२१) पनि उनले भेट्टाइन्। अनि साबथको सन्देश वानिटाले ग्रहण गरिन्। "मैले बाइबल पढ्न थालें र यसमा के लेखिएको छ सो पनि ध्यान दिएर पढ्न थालें" उनले भनिन्। सेप्टेम्बर २०१६मा अन्य १५ जनासँगै वानिटालेपनि बप्तिस्मा लिइन्। सन् २०१५मा संकलित तेह्रौ साबथस्कूलको भेटीले वेस्ट भर्जिनियाभरि आयोजना गरिएको सुसमाचारीय कार्यक्रमा बक्ले पनि एक थियो। ६७ वर्षकी वानिटाले आफ्नो हृदय येशूलाई दिएपछि उनको जीवनमा परिवर्तन आएको धेरै मानिसहरूले देखेका थिए।अहिले उनी मुख पनि छोड्दिनन् र रक्सी पनि खादिनन् र भट्टीमा पनि जाँदिनन्। "म एकदम रिसाउँथे। म खराब मानिस जस्तै थिएँ। अब म पहिलेको भन्दा शान्त छु। मेरो छोरीले नराम्रो शब्द बोलेपनि म माफ देऊ भनेर भन्छु" वानिटाले भनिन्। कहिलेकाहीं तल-तल  लाग्थ्यो उनले भनिन्। विगतका तिता जीवनका क्षणहरू उनले रक्सी पिउँदा बिर्सन्थिन्। तर अब होसियारीसाथ चुनिएका साथीहरूले गर्दा उनी परिक्षाबाट जोगिन उनलाई सहयोग मिलेको थियो।

"कस्ता मानिसहरूसँग तपाईं सङ्गत गर्नुहुन्छ त्यस विषयमा तपाईं होसियार हुनुपर्छ। यदि तपाईं रक्सी पिउने मानिससँग हिड्न थाल्नुभयो भने तपाईंले पनि रक्सी खान सक्नुहुन्छ|" उनले भनिन्। अब उनी सबभन्दा असल मित्र येशूसँग रहन चाहन्छिन्।

*-आन्ड्र्यु मेक्चेसनी*

कथा
८७

# म निस्केर गएँ
## इदा इलजाबेथ देभिज
## (वेस्ट भर्जिनिया, अमेरिका)

अमेरिकाको वेस्ट भर्जिनियामा बेक्ले सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च छ। म सानी छँदा मेरी हजुर आमाले मलाई प्रत्येक बुधवार बेलुका बाइबल अध्ययन गर्न मलाई त्यस चर्चमा पठाउनु हुन्थ्यो। अनि फेरि बिहान साबथ चर्च जान धेरै टाढा हिंडेर जानुपर्थ्यो। मैले जानै पर्थ्यो। साबथमा मैले केही पनि गर्न सकेकी थिइन त्यसकारण चर्चमा जानै पर्थ्यो र चर्चपछि फेरि हिंडेर घर फर्कनुपर्थ्यो।

हामी सात जना दाजुभाइ र दिदी बहिनीहरू थियौं। म सबभन्दा कान्छी थिएँ। म हजुर आमाको घरमा हुर्केकी थिएँ। मेरी हजुर आमा कट्टर एडभेन्टिस्ट थिइन्। मैले छोटो जामा लाउनु हुँदैनथ्यो। प्रत्येक शुक्रबार बेलुका मैले बाइबल पढ्नुपर्थ्यो। शुक्रबार घाम अस्ताएपछि शनिबार घाम नअस्ताएसम्म कसैले पनि काम गर्नुहुँदैनथ्यो। आइतबारको अरू कुनै पनि चर्चहरूमा जान मलाई अनुमति थिएन। मेरो जीवन केवल स्कुल र चर्चमामात्र सिमित थियो।

जब म १४ वर्षकी भएँ तब म अरू दाजुभाइ दिदी बहिनीहरूसँग न्यू योर्कमा बस्न गएँ। त्यहाँ मेरा सामु ठूला सहर, ठूला सपना र सहरी रमझमहरू थिए | मैले चर्च जान छोडें। कलेज पढेपछि मैले एउटा बीमा कम्पनीमा लेखापालको काम गरें र पछि सरकारको प्रख्यात वालस्ट्रिट धितो संस्था अर्थात् स्टक

मार्केटमा अडिटर अर्थात् लेखा परीक्षक भएर काम गर्न थालें। म आइतबार चर्चमा जान थालें। मैले बिबाह पनि गरिसकेकी थिएँ।

अनि एक रात मैले सपना देखें। म खेत जोत्दै थिएँ। म सानी हुँदा मेरी हजुर आमाले उनको बारीमा ट्रयाक्टर लगाएर खनाउनुहुन्थ्यो। जब म ब्युँझे मैले सोचें, "मेरी हजुर आमाको घरमा जान मलाई सपना दिइएको होला" भनेर मैले सोंचे। मेरा श्रीमान र मैले एउटा घर बनाउन चाहेका थियौ। मेरी हजुर आमाबाट पाएको जग्गामा नै घर बनाउने मैले निर्णय गरें। उनको देहान्त भएको पनि धेरै समय बितिसकेको थियो। सरकारी कर्मचारी भएका मेरा श्रीमानले वेस्ट भर्जिनियामा घर बनाउन त्यति चासो देखाएका थिएनन् तैपनि जब हामी अमेरिकाको राजधानी वाशिङ्गटन डिसीमा काम गर्दै थियौं त्यही समयमा मेरै जग्गामा घर बनेको थियो।

जब हामी कामबाट अवकास भएपछि वाशिङ्गटनबाट बेक्लेमा फर्केर आफ्नै घरमा रह्यौं तर त्यस्तो राजधानी सहर छोडेर मेरो बाल्यकालको घरमा म किन फर्कें होला भनेर म सोच्न थालें। मैले केही नयाँ साथीहरू त बनाएँ तर मैले प्रभुसँग सोधें, "होइन, म यस ठाउँमा किन छु?"

अनि एक दिन बाइबलको भविष्यवाणी सेमिनारमा भाग लिन मैले एउटा निम्तो मेरो हुलाकको बाकसमा पाएँ। मेरा नयाँ साथीहरूलाई मसँग आउन अनुरोध गरें तर तिनीहरू मानेनन्। पछि म आफू एक्लै भएपनि जान्छु भनेर निर्णय गरें।

सेमिनारको चौथौं रात प्रचारकले प्रकाश र दानिएलको पुस्तकमा उल्लेख गरिएको पशुहरूको बारेमा व्याख्या गरे। अनि म त पहिलो पल्ट एडभेन्टिस्ट सुसमाचार प्रचारको कार्यक्रममा

भाग लिइरहेको पो रहेछु भनेर थाहा पाएँ। जब मैले शुरूमा कार्यक्रममा भाग लिएँ तब म एडभेन्टिस्ट सुसमाचारीय कार्यक्रममा भाग लिएको छु भनेर मेरो मनमा पनि आएको थिएन। अनि मेरी हजुर आमाले एडभेन्टिस्ट शिक्षामा मलाई हुर्काउनुभएको मैले सम्झें र मैले एक्लोपनाको महसुस गरें। म कार्यक्रममा एक्लै थिएँ र मेरो एक जना साथीपनि मसँग आउन मानेका थिएननन्। मैले सोचें, "यदि मैले यो कार्यक्रममा भाग लिइरहें भने मैले मेरा सबै साथीहरूलाई गुमाउनु पर्नेछ।"

त्यसकारण जब कार्यक्रम शुरू भयो म उठें र हत्त न पत्त बाहिर निस्कन ढोकामा आएँ। अनि एउटी महिला जसले मेरो नाउँ पहिलो दिनमा दर्ता गरेकी थिइन् उनले मलाई रोकेर सोधिन्, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" "यी सबै कुरा मैले मेरो जीवनमा सुनिसकेको छु" मैले जवाफ दिएँ। मैले मेरी हजुर आमाको बारेमा भनें। उनले मलाई कहीं जान दिएकी थिइनन् केवल चर्च जान र बाइबल पढ्नमात्र अह्राउँथिन् मैले भनें। तर त्यो केवल बहानामात्र थियो। तर मलाई नियास्रो लागिरहेको थियो र मसँग साथी भएको भए हुन्थ्यो भनेर मलाई लागिरहेको हुन्थ्यो।

ती महिला जसको नाउँ  नेवमी ट्रिकोमी थियो, उनी मुस्कुराइन्, उनले मलाई स्वागत गरे झैं मलाई लागिरहेथ्यो। उनी बाइबल वर्कर थिइन्। उनले मलाई बाँकी कार्यक्रममा आउन अनुरोध गरिन्। उनको त्यो मित्रतापूर्ण व्यबहारको मलाई खाँचो भएको थियो।

म आफू बसेको मेचमा फर्केर आएँ र महिनाभरिको लामो कार्यक्रममा मैले भाग लिएँ। प्रत्येक बेलुका नाओमीले मलाई अङ्गालो मारेर मुस्कुराउँदै अभिभादन गर्थिन। उनको कामको

व्यस्तताले गर्दा चाहेरपनि उनी मसँग बस्न भ्याएकी थिइनन्। तर अब कोठामा म एक्लै छैन मेरो साथी छ भन्ने अनुभव मैले गर्न थालें।

जब मैले प्रचारकले सुनाएका वचनहरू सुनें तब मलाई मेरो बाल्यकालको सम्झना भयो। म फेरि सानी छात्रा भए जस्तै आभास भइरह्यो। म सानी हुँदा पास्टरले मलाई बाइबलका सत्यहरू सिकाउनु भएको त्यो पलहरूको पनि याद आयो।

त्यही समय जब प्रचारकले बप्तिस्मा लिन चाहनेहरू को-को हुनुहुन्छ भनेर सोधे तब म पनि अगाडि सरें। मलाई म आफ्नै घरमा आएको छु जस्तो लागेको थियो। सेप्टेम्बर २०१६मा १६जनाले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। त्यसमा म पनि एक जना थिएँ। ६५ वर्ष अघिको समयलाई फर्केर हेर्दा मेरी हजुर आमाले बाइबलका सत्य वचनहरू मेरो अङ्ग अङ्गमा खोपेर राखिदिनु भएको सत्यलाई मैले महसुस गरें। परमेश्वरले मलाई जहिले पनि सुरक्षित राख्नुहुन्थ्यो। अब मलाई थाहा भयो परमेश्वरले मलाई किन वेस्ट भर्जिनियामा बोलाउनुभयो। अब परमेश्वरले के गर्न चाहनुहुन्छ त्यसतर्फ लम्कन म सकेकी छु।

*वर्ष ६५की इडा एलिजाबेथ देभिज हालमा बेक्ले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा महिला सेवाकार्यक्रमको संयोजक हुनुहुन्छ। (इडा एलिजाबेथले आन्ड्रयु मेक्चेस्नीसँग कुराकानीगरेको आधारमा तयार पारिएको )*

| कथा<br>८८ | **स्वर्गबाट आएको पत्र**<br>**क्लिफोर्ड लङ्ग**<br>**(वेस्ट भर्जिनिया, अमेरिका)** |
|---|---|

वेस्ट भर्जिनियामा रहेको क्लिफोर्ड लङ्गको हुलाकको बाकसमा एक दिन सबैलाई छक्क पर्ने गरेर एउटा पत्र आयो। "के तपाईं बाइबलको बारेमा सिक्न वा थाहा पाउन पत्राचार गर्न चाहनुहुन्छ कि" भनेर हातले लेखेको एउटा पत्र आएको थियो। साबथ, मानिस मरेपछि के हुन्छ र येशूको दोस्रो आगमन जस्ता विषयमा सिक्न सकिने कुरा त्याहाँ लेखिएको थियो।

क्लिफोर्ड र उनकी श्रीमती नियमित चर्च जाँदैनथे। तर चर्च जानुपर्ने आवश्यकताको बारेमा भने तिनीहरूको बीचमा कुराकानी हुन्थ्यो। तर कुराकानीमा धेरै चर्चहरू भएकोले कुन चर्चमा जाने र कुन चर्च ठीक हो भन्ने कुरामा तिनीहरू अन्यौलमा थिए किनभने उनीहरू कुनै पनि चर्चमा आवद्ध भएका नै थिएनन्।

"चर्चले सिकाउने कतिपय कुराहरू त्यति चित्तो बुझ्दो छैन। एउटा चर्चले भन्छ त्यो चर्च ठीक छ, अर्कोले भन्छ त्यो चर्च ठीक छ। कुन चर्च ठीक छ र कुन ठिक छैन भनेर मैले ठम्याउननै सकिरहेको थिइन। त्यही समयमा यो पत्र आइपुग्यो" क्लिफोर्डले भने।

क्लिफोर्डले बाइबल अध्ययन शुरू गर्न थाले। ती प्रत्येक बाइबल अध्ययनको पर्चा उनले आफूले काम गरिरहेको विद्युत निकाल्ने उर्जा कम्पनीमा लैजान्थे। त्यहाँ कोइलालाई जलाएर भट्टीबाट बिजुली निकालिन्थ्यो। उनको काम त्यहाँको मेशिन चलाउनु थियो। त्यही मेशिन चलाएर बिजुली निकालिन्थ्यो। कामगर्ने अर्को मानिससँगै तिनी राती काम गर्दथे र तिनीहरू केहि समय फुर्सद पनि पाउथे।

क्लिफोर्डले आफ्नो कार्यालयमा बाइबलका पाठहरू लान्थे। "मलाई ती पाठहरू असाध्यै मन परेको थियो र अर्को पाठ कहिले औला भनेर प्रतिक्षा गर्थें" क्लिफोर्डले भने। साबथको बारेमा उनले बिशेष रुचि देखाएका थिए। सानोमा उनी आइतबारको चर्च जान्थे। तर उनले सही दिनमा आराधना गरिरहेका हुन् कि होइनन् भनेर उनको बुबाले प्रश्न गर्दा उनलाई आइतबारको बारेमा शङ्का लागिरहेको थियो। "बाइबलले शनिबार पवित्र दिन भनेको छ तर तिनीहरूले किन आइतबार पालन गर्छन्? भनेर मेरो बुबाले सोध्नुहुन्थ्यो। यो प्रश्न मेरो मनमा बिजिरहेको थियो" क्लिफोर्डले भने।

जब बाइबल अध्ययन गर्ने क्रममा साबथको बारेमा छलफल गर्न थालियो तब साबथको बारेमा सेभेन्थ-डे एडभेन्टिस्टले गरेको तर्क उनलाई ठीक लाग्न थाल्यो। सृष्टिको शुरूमै हप्ताको सातौं दिन अलग गरिएको थियो र त्यो परिवर्तन गरिएको छैन भनेर उनले स्वीकारे। तर धेरै इसाईहरूले आइतबार नै किन पालन गर्छन् भन्ने कुरामा उनलाई खुल्दुली लागिरहेको थियो। एक पछि अर्को गरेर डिस्कभरी, आमेजिङ्ग फाक्टस् र भ्वाइस अभ प्रोफेसी बाइबल पत्राचार अध्ययन उनले पूरा गरे।

अनि सन् २०१५मा कोइलाबाट निकाल्ने बिजुलीको कार्यालय बन्द भयो। त्यहाँका कर्मचारीहरूलाई पाँच वर्ष अघिदेखि नै त्यो बन्द हुनेछ भनेर सतर्क गराइएको थियो। तर क्लिफोर्ड र अरूले भने कुनै न कुनै रूपमा त्यो कार्यालय चल्नेछ भन्ने आशा गरेका थिए। २७ वर्ष काम गरिसकेपछि क्लिफोर्ड अब छिट्टै नै अवकास लिँदै थियो। जसको कारण उनी शोकमा डुब्नुभन्दा बरू उनी खुशी भए। आफूले थप बाइबल अध्ययन गर्न

पाउने भएकोले र साबथको बिषयमा बाधा नआउने भएकोले कामबाट अवकास पाउँदा उनलाई आनन्द नै लागेको थियो।

त्यसपछि क्लिफोर्ड र उनकी श्रीमती क्याथीले बाइबल पत्राचार गर्ने महिला डेलसी नाइसलीसँग भेट गरे। पेशाले उनी किसानी थिइन्। पत्राचार गर्ने क्रममा बाइबल सम्बन्धी प्रश्नहरू छ भने सोध्नुहोस् भनेर उनले अनुरोध गर्थिन्। पछि डलसी क्लिफोर्ड दम्पतीको घरमै गइन्। क्याथी र डेलसी छोटो समयमै साथी बन्न पुगे।

अक्टोबर २०१५मा डेलसीले श्रृखलावद्ध सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो दिइन्। ब्लुफिल्ड सहरमा रहेको भ्यालि भ्यू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा डेलसीकै अगुवाईमा सुसमाचारीय कार्यक्रम भएको थियो। क्लिफोर्ड र क्याथीले उक्त कार्यक्रममा सहभागी हुन रूची देखाए। रोमन क्याथोलिक चर्चले शनिबारलाई आइतबारमा परिवर्तन गरेको र अरू प्रोटेस्टेन्टहरूले त्यसालाई सहर्ष स्वीकारेको भन्ने कुरा  तिनीहरूले थाहा पाए। धेरै इसाईहरूले इमान्दारीपूर्वक परमेश्वरको आराधना आइतबार गर्छन तर तिनीहरूले परमेश्वरको व्यवस्थालाई तोडिरहेका छन् भन्ने कुरा तिनीहरूलाई थाहा छैन भन्ने कुराको महसुस तिनीहरूले गरे।

कार्यक्रम भइरहेको दिनमा डाक्टरले क्याथीलाई नाकको शल्यक्रिया गर्नुपर्छ भनेर सल्लाह दिएका थिए। तर कार्यक्रम पछिमात्र शल्यक्रिया गर्ने भनेर उनले निधो गरेकी थिइन्। "सुसमाचारीय कार्यक्रम छुटाउन नचाहेकोले उनी शल्यक्रिया गर्ने मिति सार्दै थिइन्" भनेर क्लिफोर्डले भने। सुसमाचारीय कार्यक्रममा २५ जनाले भाग लिएका थिए। तिनीहरू सबै प्रायजसो चर्चका सदस्यहरू नै थिए। तर त्यस कार्यक्रममा दुई जनाले बप्तिस्मा लिए। तिनीहरू क्लिफोर्ड र क्याथी थिए।

बाइबल अध्ययन गर्नकालागि पत्र आएकोमा आफू खुशी भएको ६१ वर्षका क्लिफोर्डले सुनाए। "मलाई थाहा थियो कि परमेश्वरले नै यो पठाउनुभएको थियो किनकि कुन चर्चमा जाने होला भनेर मैले सोचिरहेको थिएँ" क्लिफोर्डले व्यक्त गर्दछन्। अरूले पनि बाइबल अध्ययन गरून् भनि क्लिफोर्ड चाहन्छन्। उनका दुई छोराहरू र छिमेकीलाई बाइबल पत्राचार गर्न अनुरोध गरेका थिए। "बाइबल अध्ययन एकदम अचम्मको छ। त्यसमा धेरै कुराहरू सिकिन्छ। यस खालको बाइबल अध्ययनले ठूलो प्राथमिकता पाउनुपर्छ किनभने यसले मानिसहरूलाई चित्तबुझ्ने तरिकाले बाइबल सिकाउँदछ" क्लिफोर्डले आफ्नो मनतव्य व्यक्त गर्दछन्।

## रहस्यमय पत्र

डेलसीको सूचीमा क्लिफोर्डको नाउँ कसरी समावेश भयो सो उनलाई थाहा थिएन। सन् २०१४मा जब डेलसी स्थानीय चर्चद्वारा संचालित बाइबल पत्राचार स्कूलमा संयोजक बनिन् तब उनले आफ्नै हातले ३०० जनाको नाउँमा बाइबल अध्ययनका लागि निम्तो दिएकी थिइन्। ती ३०० जना मानिसहरूले अघि नै बाइबल अध्ययन गर्न अनुरोध गरेका थिए। हुनसक्छ क्लिफोर्डले कार्ड पाएपछि बाइबल अध्ययन गर्न अनुरोध गरेका होलान् भनेर क्लिफोर्ड जाने एडभेन्टिस्ट चर्चका पास्टर जेम्स भोल्पले भन्छन्। तर क्लिफोर्ड र उनको श्रीमतीले त्यस्तो अनुरोध गरेको आफूलाई थाहा नभएको बताउँदछन्। तर जे भएपनि जुन समयमा पत्र पुग्यो त्यो अत्यन्त उपयुक्त समयमा बाइबल अध्ययन गर्न अनुरोध गरिएको पत्र क्लिफोर्डको हातमा पुगेको थियो।

- आन्ड्र्यु मेक्चेस्नी

| कथा ८९ | दुष्ट आत्माले मसँग बोल्यो<br>पियर अर्टिज<br>(आरिजोना, संयुक्त राज्य अमेरिका) |
|---|---|

अमेरिकाको आरिजोना राज्यमा रहेको स्थानीय जाति जसलाई इन्डियन भनिन्छ, तिनीहरूको निम्ति खोलिएको होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा पियर केटाहरूको होस्टेलको प्रमुख वा डिन छन्। उनको होस्टेलमा २८ जना केटाहरू थिए। एक पटक राती उनी सुत्ने तरखर गर्दै थिए, अचानक टेलिफोनको घन्टी बज्यो। होस्टेलमा काम गर्ने उनको सहयोगीले एक जना विद्यार्थी केटा डेबिट मध्य रातमा बाहिर जान जबर्जस्ति गरिरहेको समाचार सुनायो।

पियर हतार हतार लुगा लाउदै कोठाबाट बाहिर निस्के। १७ वर्षको डेबिट सडकमा घुमिरहने गुण्डा थियो जसलाई होस्टेलमा ल्याइएको थियो। ऊ कस्तो केटा हो भनेर पियरलाई थाहा थियो। आरिजोनाको राजधानी फिनिक्समा डेबिटको जीवन बर्बाद हुने देखेर उसको आमाले उसलाई बोर्डिङ्ग स्कूलमा राख्न ल्याएकी थिइन्।

त्यो रात पियरपनि डेबिटसँगै बाहिर जुनेली रातमा सँगसँगै केही मिनेट चुपचाप हिंडे। एक ठाउँमा पुगेपछि तिनीहरू एउटा ढुङ्गामा बसे र आकाशतिर हेर्दै तारा र नक्षत्रहरूको बारेमा कुराकानी गर्न थाले । अनि अचानक डेबिटले भन्यो, “मसँग दुष्ट आत्माले कहिलेकाहीँ कुरा गर्छ।" “तिमीले के भन्न खोजेका हौ?" पियरले सोधे। “हो दुष्ट आत्मा वा डिमनहरूले मसँग कुरा गर्छन्। कसैलाई पिट्न र खराबी गर्न ती आत्माहरूले मलाई उक्साउँछन्।" त्यो किशोरले भन्यो। “किन होला?" पियरले

सोधे। "मलाई थाहा छैन। यो स्कूलमा आएपछि त झन झन ती शैतानका आत्माहरूले मसँग चर्को स्वरले बोलिरहेका छन् ।" विवस हुँदै डेबिटले भन्यो। डिनले यसैबेला प्रार्थनागर्नु पर्छ भनेर सल्लाह दिए। उनले शिर निहुराएर कुराकानीमा सहभागी हुन परमेश्वरसँग प्रार्थना गरे। आँखा खोलिसकेपछि पियरले भने, "तिम्रो जीवनमा शैतानले किन नराम्रोसँग काम गरिरहेको छ म सोचिरहेको छु।" "किन? मलाई भन्नुस्" डेबिटले अनुरोध गऱ्यो। "किनभने यहाँ आउनुभन्दा अघि शैतानका आत्माहरू र अरू दुष्ट आत्माहरूको बारेमामात्र तिमीले सिकेका थियौ। अब तिमी येशू र उहाँको मायासँग सम्पर्कमा आइरहेका छौ।त्यसो गरेको शैतानले मनपराउदैंन" पियरले नहिच्किचाइकन भने। "आर्टिज सर, म चर्चको बारेमा बुझ्दिन। जबरजस्ती चर्चमा हामीलाई भित्राइन्छ र जबरजस्ती पास्टरको कुरा सुन्नपर्छ र उसले भने अनुसार हामीले चल्नुपर्छ" दिल खोलेर डेबिटले जवाफ दियो।

"डेबिट, सडकमा गुण्डाहरूसँग हिँडडुल गर्दा तिमीलाई कस्तो लागेको थियो?" पियरले सोधे। "त्यो त अत्यन्त रमाइलो हुन्थ्यो। हामी परिवार जस्तै थियौं। हाम्रो अगुवालाई हामीले कहिल्यै पनि भेटेनौं। उसले काम अऱ्हाउँदा, काम खाममा लेखेर ढोकामुनि छिराउँथ्यो र उसले भनेबमोजिम हामी काम गर्थ्यौं। हामी सबै जना परिवार जस्तै भएर काम गर्थ्यौं" डेबिटले नहिच्किचाइकन भन्यो। "ए हो र? तिमीले गुण्डाको मालिकलाई कहिल्यै पनि देखेनौ तर उसले हुकुम गरे अनुसार तिमी काम गर्थ्यौं। त्यसले तिमीलाई परिवारसँगै रहे जस्तो भान भइरहेको थियो, होइन त?" पियरले पनि आफ्नो मनको कुरा डेबिटलाई भने। "डेबिट, तिमी जहाँ छौ त्यो चर्च हो र चर्च पनि एक परिवार हो। तर बाहिर गएर निष्ठुरभएर नराम्रो काम गर्नुको सट्टा

हामी राम्रो काम गर्दै छौं" पियरले आफ्नो भनाइलाई थपे। डिनले के भन्न खोजिरहेका थिए सो कुरा डेबिटलाई थाहा भयो र ऊ रून थाल्यो। डेबिट रून सक्छ भनेर पियरलाई थाहा थिएन तर उसको आँखाबाट आँसु झरिरहेको थियो। डेबिटको रुवाइ कुकुरको छाउराले कुइँ कुइँ गरे जस्तै लग्यो पियरलाई। “सर, परमेश्वरले मलाई मन पराउनुहुनेछैन" रूँदै डेबिटले भन्यो। “यो कुरा तिमीलाई थाहा छै। तिमीले उहाँलाई चिनेका पनि छैनौ।" पियरले भने। “ मैले मानिसलाई मारेको छु र तपाईँहरूले कसैलाई पनि मार्नुहुन्न भनेर मलाई थाहा छ। म धेरै बदमाश र निष्ठुर छु, त्यसकारण परमेश्वरले मलाई मन पराउनुहुन्न होला" डेबिटले आफ्नो मन खोल्यो। बाइबलमा हत्याराहरूको पनि कथा छ तर परमेश्वरले तिनीहरूलाई कसरी क्षमा दिनुभयो भनेर पियरले डेबिटलाई सुनाउँछन्। “यदि तिमीले बाइबलमा भएका सबै हत्याराहरूको बारेमा कथा लेख्यौ भने एउटा किताबै बन्छ। त्यसकारण परमेश्वरले हत्याराहरूलाई पनि माया गर्नुहुन्छ" भनेर पियरले सम्झाए। “ती दुष्ट आत्माहरूले कहिलेकाहीँ मसँग कुरा गर्नुभन्दा बढी काम गर्छन्। तिनीहरूले मेरो शरीरलाई आफ्नो कब्जामा लिन्छन् र मलाई निष्फिक्री हल्लाउँछन् अनि मेरो मुखबाट फिँज नै फिँज निस्कन्छ म त्यसलाई रोक्नै सक्दिँन" डेबिटले आफ्नो दुःखको कुरा सुनायो।

दुष्टात्मासँग संघर्ष गरिरहेको त्यो किशोरको कुरा सुनेर डिनको हृदय भावुक भयो।“त्यसैकारण त हामी यहाँ होलब्रुकमा छौं। यो परमेश्वरको ठाउँ हो। यहाँ शैतानको शक्तिले काम गर्न सक्दैन। यदि तिमीलाई केही नराम्रो भयो भने हामी तिम्रो लागि प्रार्थना गर्न सक्छौं। तिम्रो निम्ति हामी सबै जना मिलेर शैतानसँग लड्न सक्छौं" आश्वासन दिँदै पियरले भन्यो। कुराकानी गरिरहँदा

मलाई जाडो भएरहेको थियो। रातको एक बजेको थियो। डेबिटसँग पियरले प्रार्थना गरे अनि दुवै जना होस्टेलमा सुत्न गए।

डेबिटले उसको जीवनमा येशूलाई ग्रहण गऱ्यो कि गरेन पियरलाई थाहा छैन। डेबिट फिनिक्समा भागेर फेरि गुण्डाहरूसँग सम्मिलित भयो भनेर पछि थाहा पाए। तर एक पटक जुनेली रातमा आफ्नो जीवनसँग संघर्ष गरिरहेको केटालाई येशूको बारेमा कुरा गर्ने मौका पाउँदा पियर आभारी थिए।

दुई वर्षसम्म होस्टेल प्रमुख भएर काम गरेका २४ वर्षका पियर भन्छन् "मेरो कोठामा सानो झ्याल छ। त्यहाँ केटाहरूले मलाई हात मिलाउन सक्छन्। हामीहरूकहा ६५ जना विद्यार्थीहरू आउँछन् र जान्छन्। आज छ भोलि हुन्छ भन्ने छैन। तर हामीले रोपेको बिरुवा हुर्कनेछ भनेर हामीले परमेश्वरमाथि भरोसा राख्नुपर्छ। जहाँ जहाँ हाम्रा विद्यार्थीहरू जान्छन् परमेश्वरको प्रेम तिनीहरूले अनुभव गरुन् भनेर म परमेश्वरसँग प्रार्थना गर्दछु" ढुक्क भएर पियरले भन्छन्।

*केटाको नाउँ परिवर्तन गरिएको छ*

***-आन्ड्रयु मेक्चेसनी***

कथा
९०

# उहाँको नाउँ लिँदा पीडा हुन्छ
## गिजेल डेज्बाको
## (संयुक्त राज्य अमेरिका)

क्लासमा नियमित किन नआएको भनेर १४ वर्षकी छात्रालाई पास्टरले आफ्नो अफिसमा बोलाएर सोध्छन्। ती छात्राको नराम्रो व्यवहारको बारेमा कुराकानी भइरहदा त्यहाँ त येशू र शैतानको बीचमा भएको लडाईंको बारेमा पो कुरा गर्न गइयो। जब आठ कक्षाकी डेज्बा र होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको चर्च पास्टरसँग कुराकानी भइरहेको थियो स्कूलको मानेजर गिजल ओर्टिजले त्यहाँ भइरहेको ठाक-ठुक वारे थाहा पाइन्। जब पास्टर फिलले येशूको नाउँ लिए तब ती छात्राको शरीर काम्यो र चिच्याउदै भन्न थालिन "चुप लाग्नुहोस्, जब तपाईंले उहाँको नाउँ लिनुहुन्छ तब मलाई पीडा हुन्छ।" शैतानका आत्माहरूलाई जित्न येशूले शक्ति दिनुहुन्छ भन्ने उहाँका प्रतिज्ञाहरू छन् भनेर पास्टरले बाइबलबाट पढे।

पास्टरले जब जब येशूको नाउँ लिन्थे, तब तब ती छात्रा चिच्याएर "चुप लाग्नुहोस्" भन्थिन्। "येशू प्रभु हुनुहुन्छ। उहाँले तिमीलाई स्वतन्त्र गर्न चाहनुहुन्छ। यदि तिमीले येशूलाई ग्रहण गर्‍यौ भने यो आवाज तिमीबाट सदाको निम्ति बिलाएर जानेछ" पास्टर फिलले शान्त भएर भने।

यो त बक्सिङ्ग खेलेको जस्तै भएको थियो। छात्रा चिच्याइरहेकी र पास्टर निडर भएर तिनलाई सम्हाल्न खोजिरहेका। येशूले तुरन्तै ती छात्रालाई शैतानबाट छुट्कारा दिउन् भनेर बाइबलका प्रतिज्ञाहरूलाई सम्झदै गिजलले मनमनै

प्रार्थना गरिरहेकी थिइन्। जब पास्टरले फेरि अर्को बाइबलको पद पढे तब ती छात्रा त झनै चिच्याएर लडिबुडि गर्दै भुईमा पो लडिन्। "मलाई केही भएको छैन किनभने येशूको नाउँ धेरै शक्तिशाली छ। तिमीले उहाँलाई तिम्रो हृदय देऊ। उहाँलाई समर्पण गर" पास्टर फिलले कराउँदै भने। तर डेज्बा भुईंमा लडिबुडि गर्दै चिच्याइन् "मलाई दुःख्छ, मलाई पीडा हुन्छ।" अनि तिनी अचानक उठेर बोर्डिङ्ग स्कूलबाट बाहिर भागिन्। ती छात्रा गिजेलतिर फर्किइन्। उनको अनुहार भन्नै नसकिने खालको थियो। छात्रा डेज्वा होइन तर शैतानले गिजेललाई हेरिरहे जस्तो उनलाई लाग्यो रे, एकछिनपछि उनी पनि डरले काम्न थालिन्।

भवनको बाहिरपट्टी डेज्बासँग गिजेलपनि खुडिकिलामा बसिन् र पास्टर फिलिप पनि त्यहीं आइपुगे। "जबसम्म तिमीले येशूको नाउँ लिँदैनौ तब सम्म शैतानले तिमीलाई छोड्नेछैन" भनेर पास्टरले सम्झाए। त्यतिकैमा डेज्बा घाँसमा लड्दै, चिच्याएर भन्न थालिन "म येशूलाई ग्रहण गर्छु, म येशूलाई ग्रहण गर्छु।" "के तिमीले तिम्रो जीवनमा येशूलाई ग्रहण गर्छ्यौं?" पास्टरले फेरि सोधे। पीडादायी आवाजमा डेज्बाले भनिन्, "म येशूलाई मेरो जीवनमा स्वीकार्छु।" एकै छिनमा सबै शान्त भयो र दुष्ट आत्मा ती छात्राबाट निस्क्यो त्यसपछि उनी एक छिन त चल्नै नसक्ने भइन्। "तिमीलाई थकाइ लागेको छ?" पास्टरले सोधे। "हो" नरम भएर डेज्बाले जवाफ दिइन्।उता गिजेल भने भावुक बन्दै रून थालिन्। "ती छात्राले जितेको देख्दा मलाई अत्यन्त खुशी लागिरहेको छ" पछि गिजेलले भनिन्। केही समयपछि डेज्बा गिजेलको सहायताले होस्टेलमा फर्किइन् र

येशूको निम्ति अलग्गै बसेर दुबै जना मिलेर बाइबलका प्रतिज्ञाहरू लेखे अनि भित्तामा झुन्ड्याए।

साउथ वेस्टर्न एडभेन्टिस्ट विश्वविद्यालयबाट स्नातक (ग्राजुएट) भएकी २७ वर्षकी गिजेल डेज्बाको जीवनमा घटेका घट्नामात्र होइनन् होलब्रुकका अरू कर्मचारीहरूले पनि येशू र शैतानको बीचमा भएको द्वन्द प्रत्यक्ष रूपमा देखेका थिए। एक दिन एक जना छात्रा गिजेलको अफिसमा आइन् र उनले आफ्नो ओठ चलाउन थालिन् र कुनातिर एकटकले हेरिरहिन्।त्यहाँ तिनले मरेको झट्केलो बुबालाई देखें भनेर भनिन्। गिजेलले कोठाभरी चिसो भएको अनुभव गरिन्। उनले प्रार्थना गरिन् र दुष्ट आत्मालाई निस्केर जा भन्दै हकारिन्। अनि त्यो आत्मा बिलाएर गयो।

होस्टेलमा अलौकिक क्रियाकलाप भएको कुरालाई विद्यार्थीहरूले पनि रिपोर्ट गरेका थिए। तिनीहरूले आवाजहरू सुनेका र नयाँ नयाँ कुराहरू देखेका थिए रे। जब छात्राहरूको होस्टेलमा सहायक भएर काम गर्न गिजेल गएकी थिइन् तब उनको कोठामा एक रात कालो बादलले छोपेको अनुभव गरेकी थिइन्। उनले उनको दिमागमा यो आवाज आएको सुनिन् “अहिले नै तिमीले प्रार्थना गर्नुपर्छ।" उनले मेचमा घोप्टो पर्दै भनिन् “हे प्रभु मलाई के भइरहेको छ सो थाहा छैन। मलाई र यी छात्राहरूलाई तपाईंका स्वर्गदूतहरूले रक्षा गरुन्।" भोलिपल्ट बिहान छात्राहरूको डिनले भनिन् “हिजो राती मेरो कोठामा कोही आए जस्तो लाग्यो र मलाई अदृश्य हातले ओछ्यानमा घचेटे जस्तो लाग्यो। मेरो त सातो नै गयो र म चल्नै नसक्ने भएँ।

अनि एक छिनपछि त्यो हात बिलाएर गयो। "वास्तवमा गिजेलको प्रार्थनाले नै त्यो हात बिलाएर गएको थियो।

यस्ता अनुभव दिने खालका घटनाहरूले येशू र शैतान बीचको संघर्ष कुनै मनगढन्ते विषय नभएर वास्तिविक नै हुन् भनेर गिजेललाई विश्वास लागेको छ।

“यदि हामीले वास्ता गरेनौं वा परमेश्वरको उपस्थिति हामीमा भएन भने शैतानको शक्तिले काम गर्दो रहेछ भनेर मैले महसुस गरें। यदि हाम्रा विद्यार्थीहरूलाई प्रभुको ज्योति निरन्तर रूपमा उपलब्ध गराएनौं भने शैतानको अन्धकारले छोपिदिने रहेछ र फेरि दुष्ट आत्माले तिनीहरूलाई सताउँदो रहेछ।" गिजेलले भनिन्। गिजेलले मिसनको काम असाध्यै मन पराउँछिन्। त्यो बाहेक अरू कुनै काम गर्न उनी रुचाउदिनन्। “हप्ताको एक दिन चर्चमा सबैको सामु बोलेर मात्र नपुग्दो रहेछ। हामी मानिसहरूसँग हिंड्नुपर्छ र तिनीहरूसँग रुनुपर्छ। मिसनको काममा थकाइ त हुन्छ नि। तर मिसनमा जस्तो जागृत जीवन मेरो कहिल्यै पनि भएको थिएन। परमेश्वरसँग काम गर्नु नै सबै कुराको सौन्दर्यताबाट सुसज्जित हुनु हो। असम्भव ठानिएका कुराहरू तपाईंको जीवनमा उहाँले सम्भव बनाउनु हुन्छ। परमेश्वरको निम्ति काम गर्नु आशिषमय कुरा हो र उहाँलाई आवश्यक भएका मानिसहरूसँग काम गर्नु झनै अत्यन्तै रमाइलो कुरा हो |" गिजेलले थपिन्।

*-आन्ड्रयु मेक्चेस्नी*

कथा ९१

# पर्खाल बिनाको चर्च
## राकेल मारेरो टोरस
## (पुर्टोरिको, संयुक्त राज्य अमेरिकाको उपनिबेश)

एक साबथको दिन बिहान सबेरै पाँच बजे पुर्टरिकोको सार्बजनिक वगैंचामा चर्चको एक समूह जम्मा भयो। त्यहाँ तिनीहरू प्रार्थना गर्न, बाइबल अध्ययन गर्न र हल्का नास्ता खान जम्मा भएका थिए। त्यस कार्यक्रममा घरबार बिहीन गरिब मानिसहरूले हेरिरहेका थिए भनेर ती समूहलाई तत्काल थाहा थिएन। ती मानिसहरूको बस्ने घरहरू थिएन त्यसकारण तिनीहरू सार्बजनिक ठाउँमा छाप्रो टाँगेर बसेका थिए। तर सरकारले तिनीहरूलाई तिनीहरू बसेको ठाउँलाई भत्काएर तिनीहरूलाई उठाइएको थियो। तिनीहरूको कहीं जाने ठाउँ नभएर त्यो सार्वजनिक बगैंचामा पाल टाँगेर बस्न वाध्य भएका थिए। चर्चको समूह महिनाको एक साबथ उक्त बगैंचामा भेला हुन्थे तर त्यसबेलादेखि तिनीहरू हप्ताको एक दिन भेला हुन थाले र बेघर भएकाहरूलाई नास्ता खुवाउन काम गर्न थालें। येशूको पुनरुत्थानको दिवस मनाउने पर्बमा त्यस समूहको पास्टरले ती बेघर भएकाहरूको निम्ति बिशेष प्रभुभोजको आयोजना गरेका थिए। त्यसबेला उनले तिनीहरूको बीचमा खुट्टा धुने विधि अपनाए र अङ्गुरको रस र रोटी खुवाएर प्रभुभोज मनाए।

"हामीले यस ठाउँलाई पर्खालबिनाको चर्च भनेर भन्छौं" विश्वविद्यालयमा हिसाब पढाउने ५२ वर्षकी  राक्वेल मारिरियो टोर्नले भनिन्। उनले नै ती घरबार बिहीनहरूलाई हप्ताको एक साबथ बिहान खाना खुवाउने कार्यक्रम आयोजना गर्दथिन्।

करेबियन समुद्रमा रहेको सानो टापु देश पुर्टो रिको अमेरिकाको अन्तरगत छ। यो केवल १६० किलोमिटर लामो र ३५ किलोमिटर चौडा छ। त्यहाँ धेरै गरिबहरू छन्। तिनीहरूलाई सहायता गर्न र येशूको प्रेमको सुसमाचार सुनाउन पर्खाल बिनाको चर्च कार्यक्रम विभिन्न कार्यक्रमहरूमध्ये एक कार्यक्रम हो जुन् सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरूले आयोजना गर्दछन्। कुनै कुनै चर्चले गरिब बस्तीमा रहेका मानिसहरूको निम्ति हप्ताको एक पटक खाना खुवाउने कार्यक्रम आयोजना गर्छन् भने अरूले हप्ताको एक दिन मानिसहरू पठाएर तिनीहरूको घरलाई मर्मत गर्ने र सफा गर्ने गर्दछन्। राक्वेलको चर्चको समूह महिनाको एक फेरा मायागुज शहरमा रहेको सार्बजनिक बगैंचामा साबथको बिहान परमेश्वरको आराधना गर्न भेला हुन्थे। यो ठाउँ आन्टिलियन एडभेन्टिस्ट विश्वविद्यालयको परिसरमा छ जुन् पुर्टो रिकोको पश्चिम समुद्रतटमा छ। सन् २०१२मा एक साबथ त्यस सहरको नगरपालिकाले एक समारोहको आयोजना गरेको थियो जसले गर्दा चर्च समूह नियमित ठाउँमा भेला हुनसकेन र सहरको अन्तै सार्वजनिक स्थानमा सेवा गर्न वाध्य भएको थियो। त्यहाँ धेरै घरबार बिहीनहरू भएको एक जना चर्चको विश्वासीले देखेर तिनीहरूलाई पनि आफूहरूसँग बिहानको नास्ता गर्न बोलाइएको थियो। त्यस दिनदेखि त्यस विश्वासीले प्रत्येक साबथमा घरबार बिहीनहरूलाई खाना ख्वाउने कार्यक्रम उनले गर्न थालेका थिए।

पचास वर्षको त्यो विश्वासी एक सानो ब्यापारी थिए। उनले प्रत्येक साबथ पाउरोटी, अन्न, फलफूल र जुस धेरै महिनासम्म ती घरबार बिहीनहरूलाई ख्वाएका थिए। तर एक दिन उनले राक्वेलाई भने, "तपाईं त्यहाँ जानुस्। तिनीहरूलाई

खानेकुरामात्र  होइन तिनीहरूले परमेश्वरको बारेमा पनि सुनेको म चाहन्छु।" आफ्नो चर्चको सक्रिय अगुवा राक्वले अर्को साबथ उक्त व्यापारीसँग त्यस ठाउँमा जान मञ्जुर गरिन्। एक साबथ बिहान सबेरै राक्वलले बाइबल खोलेर त्यहाँ जम्मा भएका ३५ जना स्त्री र पुरुषहरूलाई सुनाउन थालिन्। त्यसपछि उनी त्यहाँ नियमितरूपमा जान थालिन् र सन् २०१७देखि ती घरबार विहीनहरूलाई खाना खुवाउने कार्यक्रम आयोजना गर्न थालिन्।

परमेश्वरको वचन सुन्न र नास्ता गर्न आजभोलि प्रत्येक साबथ ६५-७० जना मानिसहरू बिहान ७ वजे भेला हुन्छन्। स्वयंसेवकहरूले ल्याएका मेचहरूमा पाहुनाहरू बस्छन् र सबै जना भजन गाएपछि पास्टरले २० मिनेट परमेश्वरको वचनबाट सन्देश सुनाउँछन्। केही समय अघिमात्र पास्टरले घरबार बिहीन एक समूहलाई डिस्कभरी बाइबल अध्ययन गर्ने कार्यक्रम आयोजनामा सफल हुनेहरूलाई बस रिजर्भ गरेर नजिकको एडभेन्टिस्ट चर्चमा लगेर ग्र्याजुयशन कार्यक्रम आयोजना गरेका थिए।

बिहानको नास्ता ४५ मिनेट पछि भएतापनि प्रायजसो मानिसहरू सातै बजे बिहान आएको देख्दा राक्वले छक्क परेकी थिइन्। "हामीले ती घरबार बिहीनहरूलाई खानामात्र दिन थालेका थियौं अब तिनीहरूले परमेश्वरको वचन पनि सुन्न चाहेको हामीले थाहा पायौं। तिनीहरू चौरमा बस्छन्, गीत गाउँछन् र आआफ्नो बाइबल खोलेर पढ्न थाल्छन्। यो त अचम्मै भएको हो।" राक्वलेले भनिन्। हप्तैपिच्छेको जमघटमा पारिवारिक पुनर्मिलन जस्तो अनुभव हुन थालेको छ। "हामी हाँस्छौं र रुँछौं पनि" राक्वेलले भनिन्, "हामीहरूको चिनाजान भइसकेपछि कोही कोहीको मृत्यु पनि भएको थियो। तिनीहरूको दुःखद निधनमा घरबार बिहीनहरूसँग हामीहरू रोएका थियौं। हामी सबै जना एकै

परिवार जस्ता भएका छौं।" सङ्गतिमा आउने धेरै मानिसहरूसँग राक्वेलको मोबाइल नम्बर छ र हप्तामा कोही बिमारी भए वा केही आवश्यक भए तिनीहरूले उनीसँग सम्पर्क गर्छन्। नगरपालिकाबाट बस्ने ठाउँ पाएपछि कतिपय सङ्गतिमा आउनेहरू घरबार बिहीन हुन छोडेका थिए। चर्चका सदस्यहरूले तिनीहरूको नयाँ घरमा सर्न सहयोग गरेका थिए र तिनीहरूको घरलाई सजाउन मद्दत गरेका थिए। साबथ दिनमा नास्ता गर्ने खर्च चर्चका सदस्य र अरूहरूले सहायता गर्छन्। एक जना स्वयं सेवक विद्यार्थीको आमा एउटा ठूलो अन्तराष्ट्रिय कम्पनीमा काम गर्छिन्। उनको कम्पनीले आमाको मुख हेर्ने दिनमा महिलाहरूलाई र बाबुको मुख हेर्ने दिनमा पुरुषहरूलाई बाकपाक झोलाहरू दिइएको थियो। ती झोलाहरू श्याम्पु, साबुन, मञ्जन र रुमालहरूले भरिएका थिए।

इस्टरको पर्वमा स्वयं सेवकहरूले शहरको चोकमा पहिलो पल्ट प्रभुभोजको आयोजना गरेका थिए। प्रभु भोजको निम्ति सामान र टेबलहरू चर्चबाट ल्याइएको थियो। पास्टरले प्रभुभोजको बारेमा व्याख्या गरेका थिए। एक आपसको गोडा धुँदा धेरै जना रोएका थिए। "तिनीहरूको निम्ति गोडा धुनुको अर्थ परमेश्वरले तिनीहरूको पाप धुनुभए जस्तो भएको थियो, " राक्वेलले भनिन्। "तिनीहरूको निम्ति यो पहिलो अनुभव थियो र यो अति सुन्दर थियो।" राक्वेलको नेतृत्वमा आयोजना गरिएको कार्यक्रमले गर्दा कसैले बप्तिस्मा लिएको उनलाई थाहा छैन तर मानिसहरूको हृदयमा परमेश्वरको पवित्र आत्माले काम गरिरहनुभएको छ भन्ने कुरामा उनी विश्वस्त छिन्। उनले भनिन् "हामीलाई थाहा छ हामीले रोपेको बिऊ उम्रिनेछ। तिनीहरू परमेश्वरलाई प्रेम गर्छन् भन्ने कुरा हामीलाई थाहा छ।"

## कथा ९२

# नीलो जिन कपडाको लुगा

## कर्मिट टोरेस कास्टेलानो

## (पुर्टोरिको, संयुक्त राज्य अमेरिकाको उपनिवेश)

मेरो बुबा पुर्टो रिकोमा एडभेन्टिस्ट परिवारमा हुर्कनु भएको थियो र उहाँ नियमित रूपमा चर्चमा जानु हुन्थ्यो। एक दिन कसैले उहाँको महिला साथीले नीलो जिनको कपडा लगाएर चर्चमा आउँदा कसैले उनको आलोचना गर्दा चर्चमै जान छोड्नुभयो।

त्यसबेला मेरो बुबा १९ वर्षको हुनुहुन्थ्यो। मेरी भविष्यकी आमासँग एक दिन साबथमा उहाँ चर्चमा आउनुभएको थियो। उनी आइतबार पालन गर्ने चर्चको सदस्य थिइन्। कसैले उहाँलाई मेरी आमाले चर्चमा सुहाउँदो लुगा नलगाइकन आएकोले उनको आलोचना गर्दा उहाँ अत्यन्त रिसाउनुभयो र चर्चमा जानमात्र छोड्नुभएन परमेश्वरलाई विश्वासै गर्न पनि छोड्नुभयो।

मेरो बुबा ठूलो जिउ भएको पुलिस अफिसर हुनुहुन्थ्यो। उहाँले आफूलाई अरूभन्दा धेरै बलभएको मानिस भनेर ठान्नुहुन्थ्यो। चर्च छोडेपछि उहाँले चुरोट खान थाल्नुभयो, रक्सी खानुभयो र सबैसँग झगडा गर्न थाल्नुभयो। मेरो भाइ र मलाई उहाँले एक दिन भन्नुभयो, "बाटोमा हिँड्नु छ भने धेरै बलियो हुनु पर्छ। यदि तिमीहरू जिउन चाहन्छौ भने तिमीहरू शारीरिक रूपमा धेरै बलियो हुनुपर्छ।

धेरै वर्षपछि मेरो बुबा र आमाको पारपाचुके भयो। जब उहाँ ४५ वर्षको हुनुहुन्थ्यो तब उहाँ धेरै बिरामी हुनुभयो र

अस्पतालमा भर्ना गरियो। डाक्टरले भन्नुभयो कि उहाँको आन्द्राहरू कुहिरहेका छन। उहाँको खानपिन र जीवनशैलीले उहाँलाई त्यस्तो दुर्गतिमा पुऱ्याइएको थियो। डाक्टरले उहाँको नौ फुट वा तिन मिटर आन्द्रा निकाल्नु भएको थियो। जब शल्यक्रियाबाट निको हुँदै थियो त्यसैबेला उहाँलाई सास फेर्न गाऱ्हो भयो। ४५ सेकेन्ड भित्र उहाँले आफ्नो जीवनलाई फिलिम जस्तै हेर्नुभयो। उहाँले आफ्नो पापलाई देख्नुभयो र येशूले उहाँलाई स्वीकार गर्न धेरै पल्ट आह्वान गर्नुभएको उहाँले इन्कार गर्नुभएको पनि उहाँले महसुस गर्नुभयो। उहाँको भविष्य अन्धकार भएको देख्दा उहाँ थुरथुर काम्नुभयो। त्यसै बखत उहाँले कसैले माथिबाट ठूलो हातहरू तल पसारेको देख्नुभयो र उहाँको कानले यो आवाज सुन्नुभयो, "चिन्ता नगर, तिमी मेरो हातमा छौ।" तत्कालै उहाँले फेरि सास फेर्न सुरू गर्नुभयो।

अस्पतालबाट उहाँ फर्कनुभएपछि उहाँले आफूलाई येशूमा समर्पण गर्नुभयो र एडभेन्टिस्ट चर्चमा फेरि फर्कनुभयो। तर आफ्ना छोराहरूको निम्ति उहाँ चिन्तित हुनुभयो। उहाँले प्रार्थना गर्नुभयो, "तपाईंले त मलाई उद्धार गर्नुभयो, तर मेरा छोराहरू के हुन्छन् त?" त्यसबेला म २७ वर्षको थिएँ। म ट्रक चलाउने चालक थिएँ। म चुरोट खान्थेँ, रक्सी पिउँथे र कोकेन र हिरोइन लागु पदार्थको कुलतमा लागेको थिएँ। मेरो भाइले शैतानको पूजा गर्दथ्यो। उसले कालो वस्त्र लगाउँथ्यो। उसले ओठहरू र नङ्गहरूलाई कालो रङ्गले रङ्गाएको थियो। उसको अनुहारमा ३२ वटा सियोहरू झुन्ड्याइएको थियो। ऊ सुतेको कोठाका पर्खालहरू र दलिनहरू कालै कालो रङ्गले पोतेको थियो। सुत्नु अघि उसले एकदम चर्को आवाजको सङ्गीत सुनेर सुत्दथ्यो। मेरो

बुबाले हामीलाई बाइबल सिकाउन चाहनुहुन्थ्यो तर हामीले चासो देखाएनौं। उहाँले हामीलाई येशूको बारेमा सुनाउन चाहँदा पनि हामीले वास्ता नगर्दा उहाँ अत्यन्त हताश निराश हुनुभएको थियो। तर यशैया ४९:२५ पढेपछि उहाँले हामीलाई येशूको बारेमा सुनाउन कर गर्ने व्यवहारमा परिवर्तन गर्नुभयो। त्यसमा परमेश्वरले भन्नुभएको छ, "तिमीसँग लड्नेहरूसँग म लड्नेछु। तिम्रो छोराछोरीहरूलाई म उद्धार गर्नेछु" (रूपान्तरित)। मेरो बुबाले उहाँका छोराहरूलाई परमेश्वरको हातमा सुम्पनुभयो। परमेश्वरलाई मैले चिनेको थिइनँ, र मेरो बुबाले मेरो निम्ति प्रार्थना गरिरहेको भनेर मलाई थाहा थिएन। तर केही समयपछि अचम्मको घट्ना भयो। एक शुक्रबार सधैं झैं साथीभाइहरू र केटीहरूसँग मिलेर जाँड रक्सी र चुरोट खांदै छुट्टीको तीन दिन रमाइलो गरेका थियौं। जब सोमबार म घर फर्के त्यसबेला मेरो जीवनदेखि घृणा जागेर आयो। असल जीवन जिउन मेरो इच्छा जागेर आयो। त्यस रात ११ बजे मैले प्रार्थना गरें, "हे प्रभु, तपाईंले मेरो जीवनको निम्ति केही गर्नै पर्छ नत्रभने म पुर्टो रिकोको सडकमा म अलपत्र भएर मर्नेछु वा केटीसँग लसपस गरेकोले उनको रोगले गर्दा म छिट्टै मर्नेछु।" प्रभु येशूले मलाई के गर्नुभयो सो मलाई थाहा छैन तर भोलिपल्ट बिहान मैले आफैलाई कता कता फरक भइरहेको भेट्टाएँ। अचानक जाँड, रक्सी, चुरोट र लागु पदार्थ खाने चाहनाप्रति घृणा जागेर आयो। केवल येशूको मात्र सेवा गर्न मन लाग्यो। त्यसदिनदेखि ती कुलतमा लाने चुरोट, रक्सी, जाँड र लागुपदार्थहरू कहिल्यै पनि प्रयोग गरिनँ।

दश वर्षपछि म ३९ वर्षको भएँ। म पुर्टो रिकोको एडभेन्टिस्ट पास्टर भएको छु। मैले असाध्यै मायालु एडेभेन्टिस्ट महिलासँग बिहे गरेको छु र हामी पाँच छोराछोरीहरूको आमाबाबु भएका छौं। मेरो भाइले पनि अमेरिकाको बोस्टन शहरमा रहेको एडभेन्टिस्ट चर्चमा परमेश्वरको सेवा गरिरहेको छ। पाँच वर्ष अघि मैले मेरी आमालाई बप्तिस्मा दिने अवसर पाएको थिएँ। मेरो बुबाले अर्कैसँग बिवाह गर्नुभएको थियो तर एडभेन्टिस्ट चर्चमा उहाँ विश्वासिलो सदस्य भएर बस्नुभएको छ। केही समय अघि म र मेरो बुबाको बीचमा रमाइलो कुराकानी भएको थियो "हामी दुवै जना जाँड, रक्सी, चुरोट खान्थ्यौं र क्लबहरूमा सँगसँगै गएर रमाइलो गर्थ्यौं। अब हामी दुवै जना सँगसँगै चर्च जान्छौं। कस्तो रमाइलो हगि बुबा? यदि येशूले हामीलाई यसरी परिवर्तन गर्नुभयो भने उहाँले अरूलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ।"

(कर्मिट टोरेस कास्टयानोले सात वर्षसम्म चर्चको पास्टर भएर काम गर्नुभएको थियो। अब उहाँ पुर्टो रिकोको मायागेज शहरमा रहेको आन्टिलियन एडभेन्टिस्ट विश्वविद्यालयमा धर्मदर्शनमा मास्टर गर्दै हुनुहुन्छ। तपाईंको भेटीले उक्त विश्वविद्यालय प्राङ्गनमा बनिने स्थानीय मानिसहरूको निम्ति सुसमाचार सुनाउने र प्रभाव पार्ने केन्द्र बनाउन सहयोग मिल्नेछ।

| कथा ९३ | बिलायतकी महारानी र स्वर्गको राजा<br>लेटिसिया अगस्ट<br>(बेलिज, मध्य अमेरिका) |
|---|---|

किशोरी लेटिसियाको जीवनको अत्यन्त खुशीको दिन त्यो थियो जब उनलाई ग्वाटेमालामा उनको हजुरआमाको घरमा बस्न उनको आमाले पठाएकी थिइन्। ग्वाटेमाला देश उनीरहेको देश बेलिजसँगै छ। उनका बुबा र आमा आइतवार पालन गर्ने अत्यन्त कट्टर इसाई थिए। अरू केटीहरू जस्तो हुनुहुंदैन भनेर तिनीहरूले भनिरहँदा उनी थाकेकी थिइन्। जब हजुरआमाको घरमा आइपुगिन् तब आफू स्वतन्त्र र रमाइलो भएको अनुभव गरेकी थिइन्। आमाबाबुको हातबाट फुत्किन पाउँदा आफू स्वतन्त्र ठानेकी लेटिसले नाच गान, पार्टीहरूमा जान थालिन्। तर रमाइलो गर्न क्रममा उनी चिन्तामा पनि पर्न थालिन् "आज राती म मरेको भए मलाई के हुन्थ्यो होला?"

केही समय पछि दुई जना एडभेन्टिस्टहरू लेटिसको काकालाई बाइबल अध्ययन दिन थाले। उनको काका पनि त्यही हजुरआमाको घरमा बस्दथे। लेटिसको बानीव्यहोरा देखेर काकाले उनलाई बाइबल पढ्न आउन कर गरेका थिएनन्। तर एक दिन उनले आफ्नो कोठाबाट उनको काका र पाहुनाहरू बाइबल अध्ययन गरिरहेको चियो गरेर सुनिन्। तिनीहरूले बाइबल पढेको देख्दा उनलाई रिस उठ्यो, "बाइबलले त्यसो सिकाउँदैन!" त्यसबेला एडेन्टिस्टहरूले अन्य भाषा बोल्ने बरदानको बारेमा सिकाइरहेका थिए। चेलाहरूले जे बोलेका थिए त्यो सबै भाषाका मानिसहरूले आआफ्नै भाषामा बुझे भनेर

तिनीहरूले प्रेरितको किताबमा पढिरहेका थिए। अन्य भाषा बोल्ने बरदान भनेको कसैले नबुझ्ने भाषा बोल्नु हो भनेर लेटिसियालाई पढाइएको थियो। आखिरमा झुठो कुरो सिकाइरहेको भनेर रिसले लेटिसिया आफ्नो कोठाबाट आएर ती एडभेन्टिस्टहरूलाई चिच्याएर भनिन् "तपाईंहरूले जे सिकाइरहनुभएको छ त्यो ठीक छैन।" आफूले सिकेका कुराहरू भनेर तिनीहरूलाई चित्त बुझाउन थालिन्। अनि छलफल गर्ने क्रममा उनले पनि एडभेन्टिस्टहरूसँग बाइबल पढ्न थालिन्। अनि बिस्तारै एडभेन्टिस्टहरूले सिकाएको बाइबलमा उनको चित्त बुझ्न थाल्यो र तिनीहरूसँगै चर्च पनि जान थालिन्। केही समयपछि एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने उनले निर्णय गरिन्। तर उनका आफन्तहरूले उनको निर्णयलाई स्वीकार गरेन किनभने एडभेन्टिस्टहरू झुठो सम्प्रदाय हुन् भनेर सम्झाउँदै भने, "यदि तिमी एडेन्टिस्ट चर्चमा बप्तिस्मा लियौ भने यो घरमा तिम्रो लागि बास छ भनेर नठान।" यो सुनेर लेटिसियाको मनमा ठूलो द्वन्द्व भयो। जुन दिन बप्तिस्मा लिनुपर्ने थियो त्यो दिन उनी चर्च गइनन्। तर उनी साथीहरूसँग नाचगानमा गइन् र बप्तिस्मा नलिने निधो गरिन्। "तर जबसम्म म बप्तिस्मा लिन सहमत भइँन तबसम्म परमेश्वरले मलाई छोड्नुभएन" उनले भनिन्। “के तिमी साँच्चिकै बप्तिस्मा लिन चाहन्छौं?" पास्टरले उनलाई सोधे। “बप्तिस्मा लिन अब कसैले मलाई रोक्न सक्दैन भनेर मैले बप्तिस्मा लिएँ। त्यो दिन मैले ठीक निर्णय गरेको छु भन्ने लाग्यो। परमेश्वरको अनुग्रह र उहाँले दोस्रो अवसर दिनुभएकोमा म उहाँको स्तुति गर्छु।" उनी हँसिलो भएर बोलिन्।

तर लेटिसियाका आफन्तहरू रिसले जुर्मुराए। तिनीहरूले उनलाई उनको विश्वास छोड्न अत्यन्त दवाव दिए। खाने कुरामा सुँगुरको मासुमा र झोल राखेर दिए तर त्यो खान उनले खान सकिनन्। धेरै हप्तासम्म लेटिसिया बिस्कुट र दुधमात्र खाएर बाँचिन्। साबथको दिनमा चर्चपछि जब विश्वासीहरूले उनलाई खान बोलाउँथे त्यसबेलामात्र उनले पेटभरि खान पाएकी थिइन्।

"त्यसले गर्दा बप्तिस्मा लिने नयाँ विश्वासीहरूको निम्ति आफ्नो घरको ढोका जहिले पनि खुला गरिराख्नुपर्छ भनेर मैले सिकें किनभने तिनीहरूको जीवनमा केले संघर्ष गरिरहेको हुन्छ सो हामीलाई थाहा हुँदैन। तिनीहरूको बारेमा थाहा पाउनुपर्छ र तिनीहरूलाई माया गर्नुपर्छ" लेटिसियाले भनिन्। अनि छिट्टै आफ्नी आमाको घर ग्वाटेमालामा उनी फर्किन्। आफ्नी आमाको घरमा फर्कनु पनि उनको निम्ति परमेश्वरको आशिष थियो। उनी आफ्नो घर फर्केको केही समयभित्र उनले उनको भावी श्रीमानलाई भेट्टाइन् र तिनीहरूको बिवाह भयो। लेटिसिया नर्स पढ्न थालिन् र उनको श्रीमानको सहायताले ग्वाटेमाला र बेलिजमा तीन वटा चर्चहरू खडा गरिन्। ती जोडीले कमसेकम १,००० मानिसहरूलाई बप्तिस्मा दिन लगाए। लेटिसिया ६० वर्षकी छिन् र अहिले बेलिजमा रहन्छिन्। उनी चर्चको सक्रिय सदस्य भएर बसेकी छिन्। सन् २०१६मा बिलायतकी महारानी एलिजाबेथ दोस्रोले उनलाई बिलायत साम्राज्यको अत्यन्त उत्कर्ष व्यक्तिहरूको सदस्य भएको मान दिइन्। त्यो सम्मान उनको सामुदायिक क्षेत्रमा सेवा पुऱ्याएकोले पाएकी थिइन्। "कसैले मेरो नाउँ महारानीलाई दिएछ। तर मैले मानिसहरूबाट पाएको

सम्मानले मलाई प्रेरित भएको होइन। जहिले पनि परमेश्वरले भन्नुभएको आवाजलाई कल्पना गर्दछु, “यो तिमीले मेरो निम्ति गर।" हामीहरू उहाँका सेवकहरू हौं। एकदिन उहाँले यो भन्नुभएको सुन्न चाहन्छु, “स्यावास, मेरो विश्वासिलो र असल सेवक।" लेटिसियाले नम्र भएर भनिन्।

“केही उद्देश्यको निम्ति परमेश्वरले मलाई बोलाउनुभएको हो भनेर मलाई थाहा छ। ४३ वर्ष भयो मलाई चर्चमा जान बोलावट भएको थियो, र प्रत्येक दिन उहाँको प्रेम ममा फुलिरहेको मैले पाएको छु" लेटिसियाले भनिन्।

| कथा ९४ | तिनीहरूले भेट्टाएका पहिलो प्रेम<br>जेम्स पेस्काशियो र लुइज पेस्कासियो<br>(बेलिज, मध्य अमेरिका) |
|---|---|

मध्य अमेरिकामा रहेको बेलिज देशमा जेम्स र लुइज बालककालमा सँगसँगै हुर्केका थिए। ठूलो भएपछि तिनीहरू कामको निम्ति अमेरिकामा काम गर्न आप्रवासी भएर गए। लुइजले अमेरिकाको क्यालिफोर्निया प्रान्तमा ३० वर्षसम्म विभिन्न व्यापारी काममा लागेकी थिइन्। क्यालिफोर्निया, टेक्सास र इलिनोइज राज्यमा जेम्सले मोटरोला कम्पनीमा इन्जिनयिर भएर काम गरे। जब तिनीहरू अवकाश हुनै बेला भएको थियो तिनीहरू दुवै जना आफ्नै देश बेलिजमा फर्के। तिनीहरूले अमेरिकामा गएपछि ३० वर्षसम्म छुटेर काम गरेका थिए तर जब बेलिजमा फर्के फेरि तिनीहरूको मित्रता कायम भयो। फेरि चिनजानको समयमा तिनीहरूले यो भेट्टाएकि तिनीहरू दुवै जना अविवाहित थिए। जेम्सले लुइजलाई आफ्नो जीवनको साथी बनाउन अनुरोध गरे। "तपाईंको जीवनमा सबै भन्दा पहिलो व्यक्ति को हो?" भनेर उनले सोधिन्। "परमेश्वर" भनेर जेम्सले जवाफ दिए। "ठीक छ, हामी एउटै मन भएर कुरा गरौंला" लुइजले जवाफ दिइन्। लुइजले साबथको बारेमा सिकेको कुरा जेम्सलाई सुनाउन उत्सुक थिइन्। जेम्सको पनि आफ्नै कहानी थियो। ती दुवै जना मन खोलेर कुरा गर्न थाल्यो। साबथको बारेमा अमेरिकामा एउटा प्रचार गर्ने कार्यक्रममा जाँदा लुइजले सुनेकी थिइन्। तर बेलिजमा फर्केर सानो होटेल नखोलुन्जेल साबथको बारेमा ध्यान दिएकी थिइनन्। उनले ध्यान दिएर

बाइबल पढ्न थालिन्। जब दशांसको बारेमा थाहा पाइन् तब उनले कमाएको पैसाको दशांस परमेश्वरलाई बुझाउन थालिन्। जब अनैतिक सम्बन्धको बारेमा बाइबलमा पढिन् तब उनले बिबाह नगेरका स्त्री र पुरुषलाई आफ्नो होटेलमा कोठा दिन छोडिन्। अनि परमेश्वरको आराधना गर्ने ठीक दिन कुन् होला भनेर उनले खोज्न थालिन्। उनी आइतबारमा चर्च जाने गर्थिन्। तर बाइबलले जे भन्छ त्यो मात्र पनि उनले चाहेकी थिइन्। “आइतबार पालन गर्नु ठीक छ कि भन्ने प्रमाण मैले बाइबलमा खोज्न थालैं" उनले आफ्नो घर रहेको सहर डानग्रिगमा भनिन्। “तर जति मैले पढ्दै गएँ त्यति शनिबार नै परमेश्वरको आराधना गर्ने साँचो दिन हो भनेर परमेश्वरले देखाउन थाल्नुभयो।"

अनि परमेश्वरले सातौं दिनमा विश्राम लिनुभएको वचन हिब्रू ४:४-११मा पढिन्। त्यसै पदमा आह्वान गरिएको पनि पढिन् “यदि तिमीहरूले उहाँको आवाज सुन्यौ भने तिमीहरूका हृदयहरूलाई कठोर नबनाउनु।" “जब मैले यो पढें तब तब म एक छिन रोकिएँ। मैले परमेश्वरलाई उहाँको आराधना गर्न ठीक दिन देखाउनको लागि प्रार्थना गरिरहेको थिएँ। मैले यहाँ पो भेट्टाएँ। के मैले आइतबारै आराधना गर्नुपर्छ र? आइतबारलाई पवित्र विश्राम बार मान्नु नपर्ने औचित्यको प्रमाण मैले यहाँ भेट्टाएँ" लुइजले भनिन्। तर त्यो ज्ञानले उनलाई केही असजिलो पनि भएको थियो। होटेल भनेको हप्ताको सातौं दिन खुला रहन्छ। अनि लुइजले के गर्ने सो ठम्याउन सकिनन्। प्रत्येक कोठामा उनले बाइबल र एलेन जी ह्वाइटको अचम्मको प्रेम अर्थात् स्टेप्स टु क्राइस्ट पुस्तक राखेकी थिइन्। साबथमा लुगासुगा धुने कामहरू गर्न छोडिन्। तर त्यतिकैमा पुग्छ कि भनेर उनलाई

थाहा थिएन। धेरै वर्षपछि भेटभएर फेरि चिनाजानी भएको जेम्सलाई पनि के गर्ने भनेर थाहा थिएन। तर परमेश्वरसँग प्रार्थना गर्नु र उहाँको आवाज सुन्न जरुरी छ भनेर उनले लुइजलाई भने। उनले लुइजलाई आफ्नो जीवनमा घटेको एउटा घट्ना भने। उनलाई उनको दाजुले क्यालिफोर्नियाको राजमार्ग हुँदै बेलिजमा जान निमन्त्रणा गरेका थिए। तिनीहरू जाने रात अघि तिनीहरू एक जना साथीको घरमा बसेका थिए। त्यस समय आफ्नो साथीलाई त्यो यात्रामा जाउँ की नजाउँ भइरहेको उनले बताए। "तब नजाऊ। भित्री आवाजलाई सुन" उनको साथीले भने। तर दाजुलाई हुन्छ भनेकोले जेम्सलाई जान कर लागेको थियो। जब तिनीहरूले कार चलाउन लागेका थिए तब त्यो कार चलेन। आखिरमा त्यो कारलाई तानेर दाजुको घरमा ल्याए। "यो यात्रामा नजाऊ" भनेको आवाजलाई मैले सुन्न चाहिन। भोलिपल्ट बिहान दुवै दाजुभाइ कार चढेर यात्रामा गए। मेक्सिकोको बाटो हुँदै जाँदा एउटा टायर यसरी पञ्चर भयो कि कार फनफन्ति घुमेर लड्यो र दुबै दाजुभाइ कारबाट फ्याँकिए। जेम्सलाई अनुहार र हातमा ठूलो चोट लागेको थियो। उनी मेक्सिकोको होटेलमा दुई दिन भर्ना हुनुपऱ्यो। बेलिजमा पुगेपछि उनले आफ्नो आँखा धमिलिएको थाहा पाए र तुरन्तै अमेरिकामा गएर आँखाको शल्यक्रिया गर्नुपऱ्यो। त्यो दुर्घट्नाले जेम्सको जीवनमा अचानक परिर्तन ल्यायो।

"म चर्च जान थालें र परमेश्वरतिर फर्किन थालें। यदि मैले त्यो आवाज सुनेको भए मैले त्यो दुःख पाउने थिइँन" जेम्सले भने। जेम्स र लुइज दुवै जनाले परमेश्वरको इच्छा पालन गर्न चाहेको महसुस गरेका थिए र तिनीहरूले विवाह गर्ने निर्णय पनि गरेका

थिए। प्रत्येक साबथ तिनीहरू चर्चमा जान्थे। तर होटेलको काम छोड्नुपर्छ भनेर तिनीहरूको मनमा लाग्यो। तर कसरी छोड्ने?

“तब परमेश्वरले ठूलो अचम्मको काम गर्नुभयो" लुइजले भनिन्। एक दिन उनले अमेरिकाको व्यापारी साथीलाई आफू बीस वर्षदेखि छुट्टि नमनाइ काम गरिरहेको र केही समय छुट्टी मनाउन चाहेको भनिन्। भोलिपल्ट त्यस साथीले उनको होटेल किन्न मञ्जुर गरे।

लुइज र जेम्सले बप्तिस्मा लिए र तिनीहरू अहिले स्थानीय चर्चमा सक्रिय छन्। विश्राम गर्न र परमेश्वरको सेवा गर्न साबथलाई दिनुभएकोमा तिनीहरूले उहाँको प्रशंसा गर्दछन्। “हामीहरूको होटेलको व्यापारमा के भयो त्यो अत्यन्त अचम्मको थियो" लुइजले भन्छिन्।

लेखकः आन्ड्रयु मेक्चेस्नी

| कथा ९५ | होटेलको खाना पकाउने नाइकेले सबै थोक छोडछिन् मर्सीदिज रुइज, (बेलिज) |
| --- | --- |

मर्सीदिज रुइज आफ्नो काममा व्यस्त थिइन्। उनी राडिसन होटेलमा छ दिनसम्म काम गर्थिन्। उनी खाना पकाउनेहरूको मुख्य भान्से थिइन्। अमेरिकन एरलाइनका प्रथम दर्जाका यात्रुहरूको निम्ति खाना तयार पार्ने उनको जिम्मा थियो। आइतवारको दिन उनी चर्च जान्थीन्, एउटा चर्चमामात्र होइन उनी तीन वटा चर्चमा जान्थीन्। मेक्सिकोको माया जातको मर्सेदिज बेलिजमा रहन्थिन् र परमेश्वरसँग नजिक हुन उनी चाहन्थिन्। तीन वटा चर्चहरूमा गएपनि उनको हृदयमा केही न केही कमी भएको उनले महसुस गरेकी थिइन्। उनले बाइबल लिएर पढ्न थालिन् र पढ्ने क्रममा दानिएल ९ अध्यायमा आउँदा परमेश्वरको सेवक दानिएल उपबास बसेर प्रार्थना गरेको उनले पढिन्। "हे प्रभु यदि दानिएलले गर्न सक्छ भने मलाई पनि त्यसै गर्न सहयोग गर्नुहोस्" मर्सीदिजले प्रार्थना गरिन्। उनी उपवास बसेर प्रार्थना गरिन्। हरेक दिन उनले दानिएल ९ अध्यायको लामो प्रार्थना दोहोर्‍याउँथिन् र परमेश्वरसँग यो बिन्ति गर्थिन्, "हे प्रभु, सुन्नु होस्! मलाई क्षमा दिनुहोस्! मलाई सुन्नुहोस् र छिट्टो काम गर्नुहोस्! ढिलो नगर्नुहोस्! तपाईंको आफ्नै निम्ति हे मेरा परमेश्वर, तपाईंको सहर र तपाईंको नाउँलाई पुकारा गर्नेहरूको निम्ति! " (दानिएल ९:१९ रूपान्तरित)।

एक दिन चर्चमा आराधना सकेपछि बाटोमा केही पर्चाहरू छरिएको मर्सीदिजले देखिन्। उनले एउटा टिपिन्।

त्यसमा सेभेन्थ-डे एडभेन्टिस्टका मानिसहरूले सुसमाचार कार्यक्रम त्यही रातदेखि गरिने घोषणा गरिएको थियो। त्यस रात उनी त्यस कार्यक्रममा गइन् र एक दिन पनि नछोडि हरेक रात त्यस कार्यक्रममा भाग लिइन्। साबथको दिन उनले आफ्नो कामबाट छुट्टी लिएर चर्चमा गइन्। जब प्रचारकले बप्तिस्माको निम्ति आह्वान गर्दा उनी पनि अघि गइन् र बप्तिस्मा लिन इच्छा व्यक्त गरिन्। आउँदो शनिवारदेखि काम नगर्ने भनेर उनले भन्दा उनको हाकिम उनीदेखि रिसाए। “पहिला त शनिवारमा काम गर्न तिमीलाई केही समस्या थिएन। के तिमीले कसैलाई मार्‍यौ वा कुनै अपराध गर्‍यौ? किन तिमी काममा आउन चाहँदैनौं?" उनको हाकिमले झोक्किएर सोधिन्। “शनिबार परमेश्वरको दिन हो भनेर म विश्वास गर्छु र म परमेश्वरको नजिक रहन चाहन्छु" मर्सीदिजले जवाफ दिइन्। हाकिमको सहयोग नपाएपछि आफ्नो कामबाट राजिनामा दिन मर्सीदिजले निर्णय गरिन्। राजिनामाको कागज लिएर कम्पनीको मुख्य हाकिमकहाँ उनी गइन्। त्यो मुख्य हाकिम उनको हाकिमभन्दा माथिल्लो तहको थियो। आफ्नो राजिनामा स्वीकृत गर्न हाकिमको हातमा उनले राखिदिइन्। त्यस मुख्य हाकिमले चिट्ठी पढे र त्यसलाई च्यातचुत पारेर रद्दीको टोकरीमा फैंकिदिए। “तिमीले मलाई यो पत्र कहिल्यै पनि नबुझाएको सम्झ। तिमीलाई म शनिवार छुट्टी दिन्छु र साथै तिम्रो तलब पनि बढाइ दिन्छु" मूख्य हाकिमले मनमै नसोचेको कुरा भने। शनिवार काम गर्नु नपरेकोले मर्सीदिजलाई उनको हाकिमले उनलाई झन गार्‍हो काम दिइन् र त्यो काम सिध्याउन समय पनि तोकिदिइन्। त्यो उनको निम्ति सार्‍है गार्‍हो काम भएको थियो। परमेश्वरसँग शक्तिको निम्ति उनले पुकारा गरिन्। एक दिन उनी

काममा आउँदा उनको हाकिम मरेको थाहा पाइन्। उक्त हाकिम विवाहित थिइन् र चारजना छोराछोरीहरूको आमा थिइन्। अघिल्लो रात उनी अर्कै मानिससँग समुद्रको किनारामा घुम्न गएकी थिइन्। तिनीहरू रमाइलो गरिरहेको बेलामा हतियार लिएर गुण्डाहरूले आक्रमण गरे। भाग्ने क्रममा तिनीहरूले उनको हाकिम र केटा साथीलाई गोली हानेर मारिदिए र तिनीहरूको कारलाई लिएर भागे।

मर्सिदिजलाई अब केही तनाव भएन। "मेरो प्रत्येक साबथ र काम गर्ने दिनहरू मलाई रमाइलो लाग्छ।" उनले भनिन्। तर त्यो केवल मर्सीदिजको कथाको सुरूमात्रै थियो। केही वर्ष पछि उनको श्रीमानको मृत्यु भयो र आफू बसेको घरबाट आफ्ना हुर्केका छोराछोरीहरू लिएर अर्कै घरमा सरे। आफ्नो जीवन उले येशूलाई समर्पण गरिन् र पास्टरसँग बाइबल अध्ययन गर्न अनुरोध गरिन्। शुक्रबारको दिन उनको घरमा आएर बाइबल पढाउँछु भनेर पास्टरले वचन दिए। "यदि बाइबल अध्ययन मेरो लागि असल छ भने अरूलाई पनि म सुनाउनु चाहन्छु" मर्सीदिजले सोचिन्। त्यसकारण उनले आफ्ना छिमेकीहरूलाई पनि बाइबल अध्ययनमा सहभागी हुन बोलाइन्। उनको घरको आँगनमा पाल टाँगिन् र मेचहरू राखिन् पास्टरको निम्ति टेबुल राखिन् र अरूहरूको निम्ति मेचहरू राखिन्। उनले मीठो खाजाहरू पनि तयार गरिन्। शुक्रबार बेलुका धेरै मानिसहरू आएकोले पास्टरले अचम्म माने। जब त्यस रात बाइबल अध्ययन सकियो अर्को हप्ता पनि बाइबल अध्ययन गर्ने भनेर पास्टरले भने। मर्सीदिजले त्यो घोषणा अचम्म मानिन् किनकि बाइबल अध्ययन केवल एक शुक्रबारको निम्तिमात्रै थियो भनेर उनले सोचेकी थिइन्। हप्तै

पिच्छे धेरै मानिसहरू बाइबल अध्ययन गर्न आए। त्यस सहरमा कुनै एडभेन्टिस्ट चर्च थिएन। उनले आफ्नै घरमा चर्च चलाउन थालिन्। उनको छिमेकीहरू खुशीसाथ घरेलु चर्चमा आउँथे। बाइबल अध्ययनको कारणले १६ जना मानिसहरूले बप्तिस्मा लिए। मर्सीदिजले त्यस सहरमा एक वर्षपछि एडेन्टिस्ट चर्च स्थापना गर्न बिऊ रोपिन्। तर उनले अझ धेरै कामहरू गर्न चाहन्छिन्। उनी आफ्ना माया जातिहरूलाई सुसमाचार सुनाउन चाहन्थिन्। उनी ग्लोबल मिसन पायोनियर भइन्। ग्लोबन मिसन पायोनियरले जहाँ सुसमाचार पुगेको छैन त्यहाँ सुसमाचार सुनाउन जान्छ। अब मर्सेदिजले बेलिजको राजधानी बेल्मोपानमा बढिरहेको माया जातिका विश्वासीहरूको अगुवा गर्छिन्। “त्यसरी म सुसमाचार सुनाउने काममा संलग्न भएँ। त्यो काम मलाई मन पर्छ। यो मेरो जीवनको समर्पणता हो र मलाई धेरै खुशी लाग्छ" ५४ वर्षकी मर्सिदिजले भन्छिन्।

लेखक: आन्ड्रयु मेक्चेस्नी ।

| कथा ९६ | श्रीमतीको प्रार्थनाले जवाफ पाउँछन्<br>ओल्गा ची र जोनी ची<br>(बेलिज) |
|---|---|

जब अल्गा चीले आफ्नो श्रीमान जोनीले उनीसँग प्रथम पटक सेभेन्थ-डे एडभेन्टिस्टमा जान अनुरोध गरिन् उनले यस्तो तितो जवाफ दिए, “म कुनै पनि चर्चमा जान सक्छु तर एडभेन्टिस्ट चर्चमाचाहीँ जान्न!" एडभेन्टिस्ट चर्च इसाई चर्च होइन तर मानिसहरूलाई फसाउने साम्प्रदायिक झुण्ड हो भनेर जोनीले सोचेका थिए। केही हप्तापछि पनि त्यही अनुरोध गर्दा श्रीमानले अस्वीकार गरे। ओल्गा र जोनीले बेलिजको १५,००० जनसंख्या भएको अरान्ज वाक भन्ने सहरमा चर्च खोज्दै थिए। दुवै जनाको धर्मप्रति त्यस्तो गम्भीर चासो थिएन। तर ओल्गाले चर्च जान धेरै मन गरेकी थिइन्। तिनीहरू साथीसँग धेरै पल्ट आइतबार चर्चमा गएका थिए। तर त्यहाँको परम्पराले गर्दा केही न केही ठीक नभएको तिनीहरूले ठानेका थिए। “जब जब हामी चर्चबाट बाहिर निस्क्यौँ हामीहरूको जीवन जस्ताको त्यस्तै थियो। हामी साथीहरूसँग जुवातास खेल्थ्यौँ। मेरो श्रीमानले जाँडरक्सी पिउनुहुन्थ्यो। मेरो मनमा रित्तोपना थियो। मलाई के भइरहेको छ सो मलाई थाहा थिएन।" ओल्गाले भनिन्।

तिनीहरूको घरदेखि पछाडिको घरमा एक एडभेन्टिस्ट परिवार बस्दथ्यो। श्रीमती ओल्गाको पर्खालमा आएर उनीसँग कुराकानी गर्दथिन् र प्रार्थना पनि गर्दथिन्। दुई पल्ट उनले ओल्गा र उनका तीन छोराछोरीहरूलाई चर्चमा आउन अनुरोध गरेकी थिइन्। त्यसैबेला उनको श्रीमान जोनीले एडभेन्टिस्ट

चर्चमा जान अनुरोध ओल्गाले गरेकी थिइन्। अन्तमा तिनीहरू उदारवादी आइतबार चर्चमा जान थाले। जोनीले त्यो ठाउँ अति मन पराए र तिनीहरू करिब पाँच वर्षसम्म त्यस चर्चमा गए। पछि गएर ओल्गा र जोनीले तिनीहरूको जीवनमा केही न केही कमी भएको महसुस गरे। तिनीहरूले सहायताको निम्ति परमेश्वरसँग प्रार्थना गर्न थाले। केही दिनपछि एक जना आफन्तले जोनीलाई आफ्नो देशको टाढा भागमा पिजा रेस्टुराँ खोल्न सघाउन मद्दत मागे। जब जोनी गए तब ओल्गाले प्रार्थना गरिन्, “हे प्रभु हामी यहाँबाट सर्नुपर्छ भने केही चिन्ह देखाउनुहोस्। मेरा छोराछोरी र लुगाफाटाबाहेक यस घरबाट केही नलान चिन्ह दिनुहोस्।" त्यस प्रार्थनाको बारेमा उनले कसैलाई पनि भनिन्। चार हप्तापछि जोनीले ओल्गालाई फोन गरेर भने कि तिनीहरू सबै जना त्यस ठाउँबाट सर्दैछन्। उनले भने, “केही कुराको सुर्ता गर्नुपर्दैन। तिमीहरूको निम्ति घरमा सबै थोक हुन्छ। घर सजाउने सबै थोक यहाँ हुन्छ। छोराछोरीहरूको निम्ति पनि स्कुल छ। बिजुली बाहेक तिमीहरूलाई चाहिने सबै थोक यहाँ छ" जोनीले ओल्गालाई भने। यो त प्रार्थनाको जवाफ जस्तो लाग्यो। तब ओल्गा आफ्ना छोराछोरीहरूसँगै त्यो ठाउँ छोडेर जोनी भएको ठाउँमा गए। आफ्नै गइरहेको चर्चको शाखा तिनले त्यहाँ पनि भेट्टाइन्। चर्चको अगाडि राखिएको बाइबलको पदमा उनको आँखा पर्‍यो। त्यसमा लेखिएको थियो, “यदि तिमीले उहाँको आवाज सुन्यौ भने तिम्रो हृदयलाई कठोर नपार" (हिब्रू ३:१५ रूपान्तरित)। छ महिनासम्म त्यो पद प्रत्येक आइतबार ओल्गाले पढिन्। जोनीको

काम सिद्धिएपछि तिनीहरू पुरानै ठाउँमा सरे र पुरानै चर्चमा फर्के तर केही न केही ठीक नभएको तिनीहरूले महसुस गरे।

एक दिन ओल्गाले रेडियो खोल्दा एडभेन्टिस्ट प्रचारक दो बाचलरले साबथको बारेमा वचन सुनाइरहेको उनले सुने। “जब उनको वचन सुनें तब मेरो मन कताकताबाट खुशीले उफ्रिएको अनुभव गरें। अनि मेरो हृदय कठोर नगर्नु भनेर लेखिएको बाइबलको पद सम्झें र मैले तुरन्तै केही गर्नुपर्छ भनेर निर्णय गरें" ओल्गाले भनिन्। जोनीले भर्खर खोलेको रेष्टुराँमा काम गरिरहेको थाहा पाइन्। “साबथको बारेमा तपाईंले के भन्नुहुन्छ?" आफ्नो श्रीमानलाई ओल्गाले भनिन्। जोनीले चिच्चयाएर भने, “साबथको बारेमा मलाई कहिल्यै पनि नसुनाउनु! साबथ जुन दिन पनि हुनसक्छ, चाहे बुधवार होस् चाहे शुक्रबार होस्। त्यसको केही मतलब छैन।" ओल्गाले एक छिन चुप लागेर भनिन् “यदि हामीहरूले यस कुरामा विवाद गर्छौं भने यो परमेश्वरबाट होइन। अहिले केही नभनौं।" त्यस दिन ओल्गाले रेस्टुराँको भान्सामा घुँडा टेकेर प्रार्थना गरिन् “हे प्रभु, यदि साबथ पालन गर्ने तपाईंको चाहना हो भने मेरो श्रीमान पनि मसँग चर्चमा आउन दिनुहोस्। तपाईंले नै हामी परिवारलाई सृष्टि गर्नुभएको हो र परिवार टुक्रिएको तपाईं चाहनुहुन्न। त्यस रात ओल्गा बेलुका ९बजे सुत्न गइन्। त्यस रात एक बजे जब बाथरुम जान उनी उठिन् तब जोनी कम्प्युटरको अगाडि बाइबल खोलेर पढिरहेको उनले देखिन्। उसले बाइबलमा केही न केही खोजिरहेको थियो। जोनीलाई केही पनि नभनेर र ओल्गा फेरि सुत्न गइन्। भोलिपल्ट बिहान ओल्गा काममा जान लागेको बेलामा उनलाई अचम्म पार्दै जोनीले भने, “के तिमीलाई थाहा छ? हामीले

परमेश्वरलाई साबथको दिनमा आराधना गर्नुपर्छ भनेर म पूरा रूपमा विश्वस्त भएको छु।" मन कसरी बदलियो भनेर ओल्गाले आफ्नो श्रीमानलाई सोधिन्। “तिमी सुत्न गएपछि मैले टेलिभिजन खोलें र दो बाट्चलरको कार्यक्रम हेर्नपुगें। उनले दश आज्ञाहरूको बारेमा प्रचार गर्दै थिए। कतिपय मानिसहरूले चौथौ आज्ञाको बारेमा गलत शिक्षा दिइरहेका छन् भनेर उनले भने। अनि मैले राती बाइबलमा उनले भनेको कुरा कतिको सत्य छ भनेर खोजनिति गरेको थिएँ" जोनीले भने। त्यसको अर्को साबथ ओल्गा र जोनी एडभेन्टिस्ट चर्चमा गए र त्यहाँबाट तिनीहरू फेरि कहिल्यै पनि फर्केनन्।

-लेखकः आन्ड्र्यु मेक्चेस्नी

| कथा ९७ | बासी खाना खान्न<br>सेडी मकेन्जी<br>(बेलिज, मध्य अमेरिका) |
|---|---|

बेलिजमा सुसमाचार कार्यक्रममा सरिक भएपछि आफू बप्तिस्मा लिन तयार भएकोले आफ्नो श्रीमानले के भन्ला भनेर सेडीले चिन्ता गरेकी थिइन्। उनी प्रत्येक रात सुसमाचार कार्यक्रममा सरिक भएकी थिइन् तर उनको श्रीमान मार्कसले उक्त कार्यक्रममा जान अस्वीकार गरेका थिए। उनलाई थाहा थियो कि उनको श्रीमानले उनको बप्तिस्मा लिने निर्णयलाई उनले मान्दैनन् किनकि यदि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा उनले बप्तिस्मा लिइन् भने उनी श्रीमानसँग नाचगानमा भाग लिन सक्दैन, जाँडरक्सी पिउन सक्दैन र पार्टीहरूमा गएर रमाइलो गर्न सक्दैन। सेडीले आफू बप्तिस्मा लिने दुई दिन अघिसम्म आफू बप्तिस्मा लिने खबर श्रीमानलाई भनेकी थिइन। जब जब आफू बप्तिस्मा लिने कुरा गर्न चाहेकी थिइन् तब तब उनको श्रीमान हात फैलाएर ओछ्यानमा पल्टदथे। अनि सेडीले ती हातहरूमा आफ्नो शीर राख्नुपर्दथ्यो। तब एक रात जब आफ्नो श्रीमानको मुख उज्यालो भएको उनले देखिन् तब आफ्नो कुरा राख्न सजिलो भएको थानिन्। मधुरो स्वरले उनले भनिन् "आउने साबथमा म बप्तिस्मा लिँदैछु।" मार्कस तुरन्त आफ्नो हात सेडीको शिरबाट निकालेर रिसले कडकिन थाले, "यदि तिमीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियौ भने म तिमीलाई छोड्छु।" केही बेर उनी रिसले चर्को चर्को स्वरले कराउँदै सेडीलाई गाली गर्न थाले। एक छिन

उनले सुनेर जवाफ दिइन्, "ठीकै छ यदि तपाईंले मलाई छोड्नुहुन्छ भने परमेश्वरले तपाईंबिना मेरो जीवनलाई सम्हाल्नुहुनेछ।" मार्कसलाई अरू केही नभनिकन सुतिन्।

अर्को दिन एडभेन्टिस्ट श्रीमतीले गर्दा आफू कतिको दुःख पाउँछु भनेर मार्कस गनगनाउन थाले। "शनिबार बासी खाना म खान चाहन्न। शुक्रबार पकाएको खाना म खान चाहन्न" उनले भने। "यदि तपाईं बासी खाना खान चाहनुहुन्न भने बासी नहुने खाना तपाईंको निम्ति पकाउनेछु, सेडीले भनिन्। "यदि तिमीले बप्तिस्मा लियौ भने तिमी बेस्सरी चुट्छु" उनले झोक्किएर भने। सेडी डराइन् र सुमाचार प्रचार गर्ने कार्यक्रममा मानिसहरूलाई उनको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। आफ्नो सुरक्षाको निम्ति पनि परमेश्वरसँग सहायता मागिन्।

जब साबथमा बप्तिस्मा लिएर सेडी घर फर्किन् मार्कुस घरमा थिएन। जब श्रीमान घरमा आए तब उनको मुटु थरथर काम्यो। श्रीमानले उनलाई पिट्नेछन् भनेर उनको मनमा निश्चय भएको थियो। तर त्यसको सट्टा उनले सेडीलाई अङ्गालो मारेर भने, "अब तिमी नयाँ स्त्री भयौ। तर जबसम्म जिउँछु तबसम्म म एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि जान्न" आफ्नो अठोट प्रकट गर्दै उनले भने। "यो त तपाईंको निर्णय हो। परमेश्वरले सबैलाई चुन्न स्वतन्त्रता दिनुहुन्छ। तर पछि तपाईंलाई केही भयो भने मलाई दोष नदिनुहोस्। मैले तपाईंलाई कुन बाटो हिँड्नुपर्छ सो देखाइदिएकी छु" सेडीले जवाफ दिइन्। बप्तिस्मा पछि तिनीहरूको दिन सधैं झैं ठीकै थियो तर साबथमा खाना नपाएकोमा मार्कसले गुनासोचाहीँ गऱ्यो। शनिबार सेडीले ताजा खान पकाउन भन्ने उनी चाहन्थे र उनको कुरा नमानेकोले उनी

रिसाए। उनको निम्ति पकाएको खाना खान अस्वीकार गरे बरू एडभेन्टिस्ट चर्चको नजिक भएको भट्टीमा उनी खान गए। उनले त्यहाँ रक्सी पनि पिए र जब सेडी चर्चबाट आइन् तब उनी रक्सीको सुरमा अङ्गालो मार्दै घर फर्के।

आफ्नो श्रीमानलाई परमेश्वरको मायाले छुन सकोस भनेर सेडीले प्रार्थना गरिन्। प्रत्येक शुक्रबार उनको निम्ति राम्रो लुगाहरू स्त्रि गर्न थालिन् ताकि उनी पनि चर्चमा जाउन्। अर्को शनिबार सादीले मार्कसलाई चर्च जान अनुरोध गरिन् तर मार्कस चर्च जानुको सट्टा सिनेमा हेर्न गए र भट्टीमा गए। साँझमा उनी घर फर्केको लगत्तै ठूलो भूकम्प गयो। उनी भुईंमा डग्रङ्ग लडे। “हे प्रभु मलाई बचाउनुहोस्। मलाई फेरि अर्को मौका दिनुहोस्" उनी चिच्याए। “जसरी भुकम्प कहिले आउँछ कसैलाई थाहा हुँदैन त्यसरी नै येशू कहिले आउनुहुन्छ त्यो हामीलाई थाहा छैन। तर तपाईं तयार हुनुभएन भने के गर्ने?" सेडीले भनिन्। सधैंको निम्ति घर हल्लेको जस्तो उनलाई लाग्यो र उनी कराउन थाले। उनी रोएको ढोकाबाट एक जना छिमेकीले देखे। जब भूकम्प रोकियो तब उनले भने, “भूकम्प गएकोले म चर्चमा आएँ भनेर म कसैलाई देखाउन चाहन्न।" “अरूले के भन्छ त्यसमा चिन्ता नगर्नुहोस्। मानिसहरूले के भन्ला भनेर डराउने धेरै मानिसहरू स्वर्गमा हुँदैन।" सेडीले भनिन्। अनि उनी पनि अर्को साबथ सेडीसँगै चर्चमा गए।

केही समयपछि उनको गाउँमा सुसमाचार प्रचारको कार्यक्रम भएको थियो र सेडीले आफ्नो श्रीमानलाई उक्त कार्यक्रममा आउन निम्तो दिइन्। तर पहिलो दिन उनी रक्सी खाएर माते। दोस्रो दिन पनि उनको व्यवहार त्यस्तै थियो। तेस्रो

दिनमा सेडीले मार्कसलाई भनिन् “मलाई भन्दा तपाईंले तपाईंको साथीहरूलाई धेरै मनपराउनुहुंदो रहेछ। यदि त्यही तपाईंलाई मनपर्छ भने तिनीहरूसँगै बस्नुहोस्।" उनको कुरा सुनेर उनी झस्के। पछि उनी पनि सुसमाचार कार्यक्रममा भाग लिन थाले र जब प्रचारकले आफ्नो हृदय येशूलाई दिन चाहनुहुन्छ भने अगाडि आउनुहोस् भनेर बोलाउँदा मार्कस पनि गए। आफ्नो श्रीमानले बप्तिस्मा लिनेछन् भन्ने कुरा उनलाई आशा लाग्न थालेको थियो। “जब उनले बप्तिस्मा लिए तब म रोएँ। यस्तो होला भनेर मैले सोचेको पनि थिइन" सेडीले भनिन्। पछि गएर सेडी र मार्कस बेलिज चर्चको अत्यन्त विश्वासिलो र सक्रिय चर्चको अगुवा भए। ६३ वर्षकी सादीले छपल्ट भन्दा पनि बेसी सुसमाचार कार्यक्रमको आयोजना गरिन् जसले गर्दा ५० जना भन्दा बेसिले बप्तिस्मा लिए। उनी र मार्कसको प्रभावले सयौं मानिसहरू चर्चमा आए।

कथा
९८

# दोस्रो मौका
## इजक्विएल परेज गन्गोरा
## (मेक्सिको, उत्तर अमेरिका)

**म २० वर्ष** हुँदा मैले बिबाह गरेको थिएँ। बिबाह गरेपछि मैले जाँड रक्सी खान थालें र चुरोट पनि पिउन थालें। त्यसपछि म जड्याँहा भएँ र चुरोटको लतमा म चुर्लुम्म डुब्न थालें। मलाई रमझम र पार्टीहरू मन पर्थ्यो। मेरो देश मेक्सिकोको टाबास्को राज्यमा म बस्दछु। मेरो घरको नजिक रीचार्ड पेरे भन्ने सेभेन्थ-डे एडभेन्टिस्ट प्रचारकले सुसमाचार प्रचारको कार्यक्रम गरेका थिए। त्यस कार्यक्रममा सहभागी भएपछि मेरी श्रीमतीले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन्। तर मैले बप्तिस्मा लिन मानिनँ। दुई पल्ट बप्तिस्मा लिन मलाई मौका मिलेको थियो तर बप्तिस्मा लिन इन्कार गरि नै रहें। १३ वर्षसम्म मैले जथाभावी जीवन बिताएँ तर त्यसको फलस्वरुप मेरो ढाड नराम्रोसँग दुख्न थाल्यो। आफू निको हुँलाकि भनेर अस्पतालहरू चाहारें तर डाक्टरहरूले दिएको औषधीले मलाई छोएन। एक दिन म साउथइस्ट एडभेन्टिस्ट अस्पतालमा गएँ। मेरो रोग पत्ता लगाउन डाक्टरहरूले बिभिन्न परीक्षण गरे तर तिनीहरूले केही पनि रोग पत्ता लगाउन सकेनन्। मेरो ढाड अत्यन्तै दुख्न थाल्यो र मलाई धेरै ज्वरोले पनि सताउन थाल्यो। म अस्पतालमा भर्ना भएको थिएँ। भर्ना भएको चौथो दिनमा अस्पतालको चाप्लेन अर्थात् पास्टर आएर मलाई भेट्नुभयो। उहाँ त्यही प्रचारक रिचार्ड पेरेज थिए। उनले मलाई तुरन्त चिनिहाल्नुभयो र मेरै नाउँ लिएर मलाई अभिवादन गर्नुभयो। "तपाईंलाई परमेश्वरको आवश्यकता

छ" भनेर उहाँले मलाई भन्नुभयो। उहाँले आफ्नो गीतार बजाएर दुईवटा गीतहरू गाउनुभयो। उहाँले बाइबल पनि पढ्नुभयो। त्यसबेला परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ भनेर महसुस गरें। मलाई छोड्नुभन्दा पहिले पास्टरले नर्सहरूलाई बोलाएर साबथ दिनमा मसँग आराधना गर्नु भनेर अह्राउनुभयो, जुन तिनीहरूले गरे।

मलाई अत्यन्त पीडा भइरहेको थियो। मेरो दुखाई झन झन असह्य हुन थाल्यो र मेरो ज्वरो धेरै बढेर आयो। सातौं दिनमा मेरो कोठामा डाक्टर आउनुभयो तर उहाँको मुख अंध्यारो थियो। उहाँले मलाई एक्लै कुरा गर्नुपर्छ भनेर भन्नुभयो। मैले मेरी श्रीमतीलाई बाहिर जान भनेर अऱ्हाएँ। "तपाईंसँग एडस् रोगको लक्षण देखिएको छ" डाक्टरले भन्नुभयो, "हो होइन भनेर म फेरि तपाईंको जाँच गर्छु।" जाँचेपछि डाक्टर मेरो कोठाबाट निक्लिनुभयो र मेरी श्रीमती कोठामा आइन्। मलाई के भइरहेको छ मेरी श्रीमतीले मलाई सोधिन्। त्यसको जवाफ मैले दिन सकिनँ किनभने म आफैलाई के भनुँ के भनुँ जस्तो भइरहेको थियो। मैले अत्यन्तै खराब जीवन बिताइरहेको थिएँ र मलाई थाहा थियो त्यसैको कारणले म यो बिमारीमा परिरहेको छु। अनि मलाई पास्टरको वचनको याद आयो। उहाँले भन्नुभएको थियो, "अब तपाईंलाई परमेश्वरको आवश्यकता छ।" मैले श्रीमतीलाई फेरि बाहिर जानु भनें किनभने म प्रार्थना गर्न चाहन्थें। म रोएर प्रार्थना गरें। मलाई जिउन अर्को मौका दिन परमेश्वरसँग मागें। मलाई एडस् नभएको बनाइदिन परमेश्वरसँग मद्दत मागें। एक छिन पछि डाक्टर फर्कनुभयो र भन्नुभयो, "मसँग तपाईंलाई दिने असल र खराब खबर छ। असल खबरचाहीं तपाईंमा एडस्

छैंन। खराब खबरचाहीं तपाईंलाई के रोग लागेकोछ सो मलाई थाहा छैन। मेरो रगतको परीक्षणले ममा एड्स् नभएकोले मेरो प्रार्थना परमेश्वरले सुन्नुभयो भनेर मलाई थाहा भएको थियो। अर्को परीक्षणमा मेरो फोक्सोमा पानी भरेको देखिएको थियो। डाक्टरले मेरो फोक्सोमा र छातीको बीचमा पाइप हाल्नुभयो ताकि त्यहाँबाट पानी निक्लिउन र पाँचदिन पछि म घर जान सकुँ। तर पाँचदिनपछि पनि मलाई दुख्न कम भएन र अर्को परीक्षणले मेरो जिउभित्र मासु पल्हाएको देखियो। "केवल परमेश्वरको हस्तक्षेपलेमात्र तपाईं बाँच्न सक्नुहुन्छ भनेर म तपाईंलाई सतर्क गराउन चाहन्छु" डाक्टरले भन्नुभयो। भोलिपल्ट नै शल्यक्रिया गर्ने निर्णय गरियो। मैले फेरि प्रार्थना गरें। मैले बरबाद पारेको जीवनबाट नयाँ जीवन पाउन परमेश्वरसँग फेरि बिन्ति गरें। शल्यक्रिया गर्ने दिनमा मलाई लठ्याउने पार्ने औषधी दिन अपरेशन कोठामा लगियो। त्यस बेला फेरि मैले प्रार्थना गरें, "हे प्रभु मलाई बाँच्न दिनुभयो भने म बप्तिस्मा लिन्छु र मेरो जीवन तपाईंमै समर्पण गर्छु।" डाक्टरहरूले छ घन्टा लगाएर मेरो शल्यक्रिया गरे। जब म बिउँझे तब मैले आफूलाई आफ्नै कोठामा भएको पाएँ। मेरी श्रीमती र मेरी छोरीहरू मसँग कुरा गर्न पर्खिरहेका थिए। मलाई जिउन परमेश्वरले फेरि मौका दिनुभएको थियो भनेर म विश्वस्त भएँ।

२१ दिनपछि म अस्पताल छोडें। तीन हप्तापछि चर्चमा अर्को सुसमाचार प्रचार कार्यक्रम गरियो। त्यसबेला मैले बप्तिस्मा लिएँ। अब म चर्चमा सरसफाई र मूल डिकन भएर चर्चमा सघाउँछु। जिउने दोस्रो अवसर दिनुभएकोमा परमेश्वरलाई धेरै धेरै धन्यवाद! म जिन्दगीभर उहाँको सेवा गर्नेछु।

| कथा ९९ | परमेश्वरबाट अचम्मको कामहरू<br>लौरा डेल कार्मन फ्लोरेस डियास्<br>(मेक्सिको, उत्तर अमेरिका) |
|---|---|

मेक्सिकोमा लौराको जीवन अचम्मको कुराहरूले भरिएको पाइन्छ। जब उनी १० वर्षकी थिइन् उनी ठूलो पार्टी गर्न साथीको घरमा गएकी थिइन्। तर त्यहाँ त सानो झुण्डले बाइबल अध्ययन गरेको पो उनले भेट्टाइन्। उनलाई बाइबल अध्ययन धेरै मनपर्‍यो र वर्षभरि त्यस अध्ययनमा उनी गइन् र पछि साबथमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान थालिन्। जब सुसमाचार कार्यक्रम पछि बप्तिस्मा लिन उनले अनुरोध गरिन् तब चर्चको मानिसले उनी सानो भएकोले आनकानी गरे। उनले बाइबल अरू अध्ययन गर्नुपर्छ, उनका बाबुआमाहरू सेभेन्थ-डे एडभेन्टिस्ट पनि होइनन् र उनी केवल एघार वर्षको मात्र छिन्, त्यसकारण तिमी बप्तिस्मा लिन योग्य छैनौं भनेर उनलाई चर्चको मानिसले सुनाए। तर उनको करले गर्दा आखिरमा उनले बप्तिस्मा लिइन्। जब उनले १२ क्लास सिध्याइन् उनी सेभेन्थ-डे एडभेन्टिस्ट विश्वविद्यालयमा भर्ना हुन चाहेकी थिइन् तर त्यहाँ पढ्ने पैसा थिएन। जब त्यहाँ एडभेन्टिस्ट शिक्षकहरूद्वारा बाइबल सिकाइन्छ भनेर उनले थाहा पाइन् तब त्यहाँ जान झन उनको चासो बढ्यो। उनी आफै पनि बाइबल सिकाउने शिक्षिका हुन चाहिन्। उनले परमेश्वरसँग प्रस्ताब राखिन्। उनले यो प्रार्थना गरिन्, "हे प्रभु यदि तपाईंले एडभेन्टिस्ट विश्वविद्यालयमा पढ्न दिनुभयो भने म हाइस्कुलमा बाइबल सिकाउने शिक्षिका हुन्छु। तर तपाईंले मलाई अहिले सहायता गर्नुभएन भने म अहिले काम गर्छु, विवाह गर्छु र पछि पढुँला।" तर परमेश्वर चुप लागेर बस्नुभएको थिएन। उहाँले उनको प्रार्थना सुन्नुभयो र उनलाई एडभेन्टिस्ट विश्वविद्यालयमा पढ्ने अवसर मिल्यो। तर उनीसँग पहिलो

सेमिस्टरमा तिर्नुपर्ने पैसाको आधा पैसा मात्र थियो। उनले अरुको घरमा काम गरेर पैसा कमाइन्। दोस्रो सेमिस्टरमा उनले पूरा छात्रवृति पाइन्। चारवर्ष पछि उनी पारिवारिक विज्ञानमा ग्राडुएट भइन्। उनले केही ऋण पनि तिर्नुपरेन। परमेश्वरले उनको प्रार्थना सुन्नुभएकोले उनले पनि आफूले अध्ययन गरेको हाईस्कूलमा बाइबल पढाउने प्रतिज्ञा पालन गर्न निर्णय गरिन्। तर उनले पहिले मास्टर पढ्नुपर्थ्यो। तर त्यसको लागि उनीसँग पैसा थिएन। दुईवटा एडभेन्टिस्ट विश्वविद्यालयमा छात्रवृत्तिको निम्ति पत्रहरू पठाइन्। उनले किताब बेचेर ट्युशनको पैसा तिर्न सक्छिन् भनेर दुवै विश्वविद्यालयले जवाफ दिए। काम गर्न उनलाई कुनै हिचकिचाहट भएको थिएन तर कुन विश्वविद्यालयमा पढ्ने परमेश्वरले भनुन् भनेर उनले चाहिन्। जुनसुकैमा पनि पूरा ट्युशन तिर्न पैसा कमाउन गाह्रो हुन्छ भनेर उनलाई थाहा थियो। त्यसकारण उनले प्रार्थना गरिन्, " जुन् विश्वविद्यालयबाट काम तपाईंले दिलाउनुहुन्छ म त्यहाँ जान्छु।" उनी ग्राजुएट भएको चारदिनपछि एडभेन्टिस्टले चलाएको नाभाहो विश्वविद्यालयबाट पत्र पाइन्, "तिम्रो लागि हामीसँग काम छ। तिमीले भर्ना हुन जहिले दर्खास्त दिन सक्छ्यौ।" तर त्यस विश्वविद्यालयमा यात्रा गर्न उनीसँग पैसा थिएन। जब उनका साथीहरूले त्यो थाहा पाए तब तिनीहरू मिलेर उनलाई त्यहाँ पठाउन पैसा उठाए। लौरा त्यस विश्वविद्यालयबाट ग्राजुएट भइन् र हाइस्कुलमा बाइबल सिकाउन उनी उत्सुक भएकी थिइन्। याकूब १:१२ उनको मनपर्ने बाइबलको पद हो जहाँ लेखिएको छ, "जसले परीक्षालाई सहनसक्छ त्यो व्यक्ति धन्यको हो अर्थात् स्यावास, उनको त्यो सहनशक्तिलाई परमेश्वरले मान्नुभएको छ। जसले उहाँलाई प्रेम गर्छ त्यसलाई उहाँले जीवनको मुकूट दिनुहुनेछ" (रूपान्तरित)। "हामी युवाहरूले धेरै चुनौतिहरू सामना गर्नुपर्छ। तर परमेश्वरको सहयोगले सधैं तिनीहरूको सामना गर्न सक्छौं। जसले

परमेश्वरलाई प्रेम गर्छ त्यसलाई ती चुनौतिहरूको सामना गर्न परमेश्वरले सहायता गर्नुहुन्छ" लौराले भनिन्।

लौराको जीवन अचम्म तरिकाले चलिरहेको छ र त्यो शैली उनलाई मनपर्छ। एडभेन्टिस्ट शिक्षा पाउन चाहने तर पैसा नभएकाहरुलाई परमेश्वरमा भरोसा राख्न उनी सल्लाह दिन्छिन्। "सबै थोक परमेश्वरको हातमा छ। यदि कसैले उहाँमाथि भरोसा राख्यो भने उसको आवश्यकता भन्दा बेसि उहाँले पूरा गरिदिनुहुन्छ" लौरा विश्वस्त भएर भन्छिन्।

| कथा १०० | रिसाहा कुकुर<br>शनेल ओक्टोभ<br>(ट्रिनिडाड र टोबागो, दक्षिण अमेरिका) |
|---|---|

ट्रिनिडाड र टोबागोमा रहेको साउथरन क्याराबियन विश्वविद्यालयका दर्जनौं विद्यार्थीहरू **प्रत्येक वर्षको** गर्मीको छुट्टीमा घर घरमा गएर किताबहरू बेच्छन्। किताबहरू **बेचेको** नाफाले तिनीहरूले विश्वविद्यालयमा चाहिने पढाई शुल्क तिर्दथे। वार्षिक विदामा धेरै जसो विद्यार्थीहरू करेबियन देशहरूमा काम गर्दथे। तर मचाहीं दश जना विद्यार्थीहरूको समूहमा सम्मिलित भएर क्यानाडामा उडें। म क्यानाडाको अलबर्ट राज्यको पोनोका भन्ने सहरमा आइपुगें। त्यहाँ किताब बेच्न हामीलाई दुई दुई जना गरेर जिम्मा लगाए। मलाई रोमानियाको विद्यार्थीसँग मिलाए जो अङ्ग्रेजी कमै बोल्थ्यो। शुक्रबारको दिन पानी परेको थियो। हामी दुवै जना सडकको वरपर भएर गरेर किताब बेच्न अलग भयौं। धेरै घन्टापछि मैले त्यो साथीलाई भेटें। उसको निधार अँध्यारो थियो। "के भयो?" भनेर मैले उनलाई सोधें। हामी सडकको अन्तिम किनारामा आइपुगेका थियौं। केवल टाउकोमात्र हल्लायो र उसले केही भनेन। हामीले प्रार्थना गऱ्यौं र त्यस दिन आफ्नो काम सिध्याउन दुवै जना सँगसँगै घरघरमा जान निर्णय गऱ्यौं। जब हामी पहिलो घरमा आएर ढोका ढकढक्यायौं तब घरको मालिकले ढोका खोल्यो तर रोमानी विद्यार्थीलाई देख्ने बित्तिक्कै उसले ढोका बन्द गऱ्यो। त्यो देखेर मलाई छक्क लाग्यो र हाँस पनि उठ्यो। तर मेरो साथीको मुख अंध्यारो देखेर मलाई दुःख लाग्यो र भनें "हामी दुवै जना मिलेर घरको ढोका

घचघचाऔँ। बाटोमा आएर हामीले प्रार्थना गऱ्यौँ। अनि अर्को घरमा गएर म आफैले ढोका ढकढक गरेँ। तुरन्तै कसैले ढोका खोल्यो तर एउटा सानो कुकुरले चर्को स्वरले भुक्दै थियो। जब कुकुरले ठूलो स्वरले भुक्न थाल्यो तब घरको मालिकनीले ढोका खोलिन् । त्यसवलत प्रायजसो मानिसहरुले किताब किन्न मनपराउँदैनथे। साँच्चिकै ढोका खोल्ने महिलाले हामीलाई देखेपछि उनी त्यतिको हँसिलो भएकी थिइनन्। उनको खुट्टा नजिक रहेका लामा लामा भुत्ला भएको कुकुर पनि हामीलाई देखेर रिसले झन झन भुक्दै थियो। जब ती महिलासँग कुरा गर्दै थिएँ कुकुरको भुकाइतिर ध्यान दिइनँ र *प्लान्ट दात हिल* भन्ने स्वास्थको किताब उनलाई बेच्न खोजेँ। कुकुर चुप नलागेकोले उनका किताब नकिन्ने छाँत मैले देखेँ। अनि मैले कुकुरलाई भनेँ, "स्क्रफी तिमीलाई के भयो? तिमी किन यसरी भुकिरहेको? के म नौलो मानिसलाई देखेर हो?" अनि ती महिलाले तुरन्तै मलाई सोधिन् "के तिमी मेरो घरमा पहिला आएका थियो?" मैले छैन भनेँ। "म यस घरमा पहिला कहिल्यै पनि आएको छुइन" मैले जवाफ दिएँ। "तब मेरो कुकुरको नाउँ स्क्रफी हो भनेर तिमीले कसरी थाहा पायौ?" उनले छक्क पर्दै सोधिन्। कुकुरको नाउँ स्क्रफी हो भनेर मलाई थाहा थिएन मैले भनेँ। अनि त्यस महिलाले हामीलाई घरभित्र बोलाएर भनिन् "पहिलाको कुकुरको नाउँ स्क्रफी थियो। तिमी जहाँ उभिरेका छौ त्यहाँ त्यस कुकुर मरेको थियो" त्यस महिलाले हामीलाई भनिन्। उनको कुरा सुनेर मलाई अचम्म लाग्यो र उनको पहिलाको कुकुर मरेकोले मैले दुःख व्यक्त गरेँ। झरीमा हामीले के गरिरहेकाछौँ भनेर त्यस महिलाले हामीलाई सोधिन्। मुस्कुराउँदै मैले अर्को किताब झिकेर

देखाएँ जस्को शीर्षक थियो, *पिस एभव द स्टोर्म* (आँधीबेरीमा शान्ति)। त्यो एलेन जी ह्वाइटद्वारा लिखित स्टेप्स टु क्राइस्टको नयाँ शीर्षक थियो। मैले उनलाई त्यस किताबको बारेमा भनें। जब उनले त्यो किताबको मूल्य सोध्दै थिइन् तब उनको श्रीमान घरमा आइपुगे। मैले उनीतिर फर्केर भनें "हजुर, तपाईंलाई सञ्चै? म श्यानेल हुँ। तपाईंको नाउँ के हो?" "जोन" उसले भन्यो। "हो र?" छक्क पर्दै मैले सोधें। "किन छक्क परेको?" भनेर महिलाले सोधिन्। "जोन त मेरो बुबाको नाउँ हो!" मैले भनें। अनि त्यस महिलाले मलाई अंगालोमारेर सोधिन् तिमी कहाँबाट आएको हौ? म सन्ट लुशिया टापुबाट आएको हुँ भन्दा उनी आँशु झार्दै हाँसेर भनिन्, "अर्को वर्षको छुट्टीमा हामी त्यहीं सन्ट लुशियामा जाँदैछौं।" आफ्नो पैसाको थैली खोज्दै मेरो ठाउँ सन्त लुशियाको बारेमा जानकारी मागिन्। "म प्रायजसो बेच्न आउने मानिसहरूसँग कुरा गर्दिनँ। तर तिमी त मेरो स्वर्गदूत हुनसक्छौ। तिमीले मेरो कुकुरलाई स्क्रफी भनेर सम्बोधन गर्‍यौ, जुन टापुमा म जादैछुँ त्यही टापुबाट तिमी आएको रे, अनि तिम्रो बुबाको नाउँ त्यही हो जुन मेरो श्रीमानको हो र तिमी मिलनसार छौ। के तिमी स्वर्गदूत नै त होइनौ?" उनले आफ्नो मन खोलेर भनिन्। त्यस महिलाले दुवै किताबहरू किनिन् र त्यसमा मेरो नाउँ लेख्न अनुरोध गरिन्। ***पिस अभोब स्टोर्म*** मा मेरो नाउँसामुन्ने मैले बाइबलमा दिएका प्रतिज्ञाहरूमा एउटा लेखें। ती महिलाले त्यस किताबलाई आफ्नो छातीमा टाँसिन्। जब हामी त्यस घरबाट निस्क्यौं मेरो रोमानियन साथीले अचम्म मानिन् र सोधिन्, "शनेल तिमीले कसरी यो काम फत्ते गर्‍यौ? त्यस महिलाले तिम्रो

किताब किन्न खोजेकी थिइनन् तर दुईवटा किताबहरू किनिन्। मैले उनलाई पैसा दिएर भनें, "यो परमेश्वरको सहायताले हो।"

जब हामी बाहिर निस्केर बाटोमा हिड्दै थियौं ती महिला घरबाट निस्केर चिच्याउदै भनिन्, "तिमी स्वर्गदूत नै हौ भनी म ठान्छु! अत्यन्त गजबको पुस्तकको निम्ति धन्यवाद। यो किताब मेरी छोरीलाई पनि पढ्न दिन्छु।" मलाई अत्यन्त दिक्क लागेर त्यसैबेला किताब बेच्ने काम छोड्न सक्थें। त्यस दिन मेरो लक्ष्य पूरा भएको थियो। एक जना मानिसको जीवनमा मैले येशूलाई चिनाउन पाएँ।२२ वर्षकी शनेल ओक्टाभ ट्रिनिडाड र टोबागोमा रहेको साउथरन विश्वविद्यालयकी एकाउन्ट पढ्ने विद्यार्थी हुन्।

| कथा १०१ | येशूको लागि सिउनु<br>मेभिस बरेल स्पेन्सर<br>(जमैका, करेवियन समुद्र) |
|---|---|

लुगा सिउने काममा अत्यन्त नाउँ चलेको आफ्नो श्रीमानको केही दशक अघि मृत्युभएपछि अब के गर्ने भनेर मेभिस बरेल स्पेन्सरलाई थाहा थिएन। उनको श्रीमानले जमैकामा अत्यन्त फस्टाएको लुगा सिउने तीनवटा पसलहरू खोलेका थिए र टापु देश जमैकाको राजधानी किङ्स्टनको मूल बजारमा पनि लुगा सिउने पसल खोलेका थिए। त्यहाँ २५ जना कामदारहरू थिए। मेभिसलाई के गरूँ के गरूँ भएको थियो। उनले ती पसलहरू आफैले सम्हाल्ने निर्णय गरिन्। त्यसको दश वर्षपछि पनि उनलाई के गरूँ के गरूँ भयो। उनले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निचोडमा पुग्दा अब शनिबार के गर्ने भनेर अलमलमा परिन् किनभने शनिबार अत्यन्त व्यस्त दिन हुन्थ्यो। त्यसबेला व्यापारमा धेरै कमाइन्थ्यो। के गर्ने भनेर उनले भित्री हृदयदेखि प्रार्थना गर्न थालिन्। मेभिज आइतवार चर्च जान्थिन्। तर एक दिन उनले एडभेन्टिस्ट साथीबाट सातौं दिनमा मनाउनु पर्ने साबथको बारेमा सुनिन्। चौथौं आज्ञामा लेखिएको साबथलाई सम्झनुपर्छ भनेर लेखिएको आज्ञा सबै इसाईहरूलाई हो भनेर उनलाई थाहा थिएन। जब एडभेन्टिस्ट पारिवारिक साथीहरूले उनलाई हप्ता हप्तामा हुने बाइबल अध्ययनको निम्ति निम्त्याए तब उनको जीवनमा परिवर्तन हुन थाल्यो। एक जना एडभेन्टिस्ट व्यापारी साथीले मेभिजको घरमा आएर उनको श्रीमानको मृत्यु हुनुभन्दा अघि नियमित रूपमा प्रार्थना गर्न आउँथे र मेभिजलाई बाइबल अध्ययन गर्न आउन अनुरोध गर्दथे। तर

आफू व्यस्त भएको भनेर बाइबल अध्ययनमा जान अस्वीकार गर्दथी। पछि बाइबल अध्ययन गर्ने सानो झुण्डमा समावेश हुन उनलाई ती साथीले अनुरोध गरे। आफूलाई बाइबलको बारेमा ज्ञान कतिको कमी रहेछ भनेर उनले पत्ता लगाइन्। "बाइबलमा भएका कतिकुराहरू मेरो अगाडि खोलियो। ती सबै कुराहरू बाइबलमा छ भनेर मलाई थाहा थिएन" मेभिजले बाइबल अध्ययन गर्ने एउटा समयमा भनिन्। साबथको बारेमा उनलाई नयाँ ज्ञान भएको साथै येशू छिट्टै आउनुहुन्छ र धर्मीहरू स्वर्गको घरमा लगिनेछ भन्ने कुरा पनि उनलाई थाहा थिएन। बाइबलमा वर्णन गरिएको नयाँ पृथ्वीको बारेमा उनले सुन्दा उनलाई अचम्म लागेको थियो। "जति कुरा मलाई सुनाइयो झन झन मलाई सुन्न मन लागेको थियो," मेभिजले भनिन्। तर शनिबार उनले लुगा सिउने काम बन्द गरिनन्। तर एक दिन जब उनी बाइबल अध्ययन पछि आफ्नो घरमा फर्किदै थिइन् तब एउटा आवाजले उनलाई घचघच्याएको महसुस गरिन् "तिमी दगुर्न सक्छौ तर लुक्न सक्दैनौ।" अनि साबथको बारेमा के गर्ने भनेर उनले मनैदेखि प्रार्थना गर्न थालिन्। "मैले के सिकिरहेको थिएँ सो मैले पूरै ग्रहण गरिरहेको थिइनँ। परमेश्वरबाट म भागिरहेको तर उहाँको सामु जेभएपनि म लुक्न सक्दिँन भनेर प्रभुले भनिरहनुभएको मैले विश्वास गरैं।" मेभिजले नलुकाइकन आफ्नो कुरा भनिन्। डिसेम्बर २०१६मा उनले निर्णय गरिन्। त्यसबेला उनले तिनैवटा पसलहरूको ढोकामा यो सूचना टाँसिदिइन् "जनवरी ७तारिखदेखि स्पेन्सर कपडा सिउने पसल शनिबारको दिन बन्द गरिनेछ। तर त्यसको सट्टामा आइतबार खोलिनेछ।" जनवरी ७मा उनले बप्तिस्मा लिइन्। उनका धेरै ग्राहकहरू

उनीदेखि रिसाइन्। एक जनाले त उनिसँग पड्किएर भने, "किन यस्तो गरेको?" अर्कोले भन्यो, "शनिबार झन धेरै व्यापार हुन्छ त्यसकारण किन त्यो दिन पसल बन्द गरेको?" मेभिजले नम्र भएर जवाफ दिइन्, "स्वर्गमा हुने मेरो पिताले पहाडहरूमा भएको हजार गाईबस्तुहरू उहाँको हो भनेर उहाँले भन्नुहुन्छ र तिनीहरूमा दशमात्र मलाई दिनु उहाँको निम्ति केही पनि होइन।" शनिबार उनको पसल बन्द भएपनि उनको पसल झन राम्रोसँग चल्न थाल्यो। आइबार पसल खोलेकोमा कतिपय ग्राहकहरूले उनलाई सराहना गरे। मूल बजारमा रहेको उनको पसल शनिबारमा मोटर पार्क गर्ने ठाउँकालागि सजिलो भएको थियो आइबारचाहीँ सुनसान हुन्थ्यो। "मेरो बिक्री झन बढ्यो। धेरै मानिसहरू जो शनिबार आउँथे तिनीहरूलाई आइतबार आउन सजिलो भएको भेट्टाए। मोटर पार्क गर्न तँछाडमछाड नभएको तिनीहरूले मन पराए।" खुशी व्यक्त गर्दै मेभिजले भनिन्। पैसा भन्दा बेसि त चर्चमा नयाँ परिवार भेट्टाएकोमा उनी खुशी भएकी थिइन्। जब चर्चमा प्रथम पल्ट जाँदा एक परिवारले उनलाई न्यानो सत्कार गरेको उनले कहिल्यै पनि बिर्सिने छैनन्। "मेरो लागि ढोका खोलिएको जस्तो लाग्यो। मानिसहरू त्यस्तो दयालु र मिलनसार थिए भनेर मलाई थाहा थिएन। मेरो जीवनमा त्यो भन्दा आनन्दको कुरो केही छैन।" उनले भनिन्।

मेभिज जो ६६ वर्षकी छिन् आफ्नो पसल खोल्नुभन्दा पहिले आफ्ना कामदारहरूसँग प्रत्येक विहान प्रार्थना गर्छिन्। कामदारहरूको बीचमा प्रेम सदभाव होस्, तिनीहरूलाई परमेश्वरले शक्ति दिउन् र ग्राहकहरूलाई आशिष दिउन् भनेर उनले प्रार्थना गर्छिन्। उनका कामदारहरू एक आपसमा कचकच र प्रतिस्पर्धा

गर्थे अब शान्तसँग एकभएर काम गर्छिन् भनेर उनले भनिन्। आफ्ना कामदारहरूलाई पनि उनले बाइबल अध्ययन गर्न निम्तो दिइन्। तिनीहरूमा एक जना बप्तिस्माको निम्ति तयार भइरहेको छ। शनिबार काम गर्ने र व्यापार गर्नेहरूलाई उनले के सल्लाह दिनुहुन्छ भनेर उनीसँग सोध्दा उनले यो जवाफ दिइन् "तपाईंले केही पनि गुमाउनुहुनेछैन। तर परमेश्वरलाई तपाईंले समर्पण गर्नुभयो भने बरू तपाईंलाई फाइदा नै हुन्छ।" उनको मनपर्ने पद फिलिप्पी ४:१३ हो जसमा लेखिएको छ, "मलाई बल दिनुहुने ख्रीष्टद्वारा म सबै थोक गर्न सक्छु" (रूपान्तरित)। "तपाईंको आँखा येशूतिर लगाइराख्नुहोस् किनभने उहाँ जीवनको स्रोत हुनुहुन्छ। उहाँबिना तपाईंले केही पनि गर्न सक्नुहुन्न। उहाँसँग तपाईंले जे पनि गर्न सक्नुहुन्छ।" निर्धक्क भएर उनले भनिन्।

(लेखकः आन्ड्र्‍यु मेक्चेस्नी)।

| कथा १०२ | परमेश्वरले पाल्नुभएको<br>रेगलान वेट<br>(जमैका, क्यारिबियन समुद्र) |
|---|---|

*यो कथा ५० वर्षको रेगलान वेटको* हो। *उनले जमैकाको राजधानी किङ्स्टनमा गुड सामारितन छाप्रोको रेखदेख गर्छन्। त्यो एडभेन्टिस्ट संस्था हो जहाँ घरबारबिहीनहरूलाई सहयोग गर्छन्।*

म अनाथालयमा हुर्केको थिएँ। अनि जब म छ वर्षको थिएँ तब आइतबार पालन गर्ने इसाईको घरमा मलाई पाल्न लगिएको थियो। जब म १७ वर्षको भएँ तब मलाई धर्मपुत्र पाल्ने आमाबाबुको मृत्यु भयो। मसँग प्रशस्त खानेकुरा थिएन। जिउन गाह्रो भएकोले मलाई जन्माउने आमाबाबु को होला भनेर खोजिनिति गर्न थालें। मलाई पाल्ने अनाथलयमा फर्कें र मलाई जन्मदिने आमाको नाउँ पत्ता लगाएँ। तर उनी कहाँ बस्थिन् भन्ने कुरा कसैले भन्न चाहेनन्। अनि म सरकारको समाज कल्याण विभागमा गएँ। त्यो बेसहाराको बारेमा जानकारी लिने र सहयोग गर्ने विभाग थियो। त्यहाँको एक महिलाले मलाई भनिन् कि मलाई जन्मदिने परिवारको नाउँ तिनीहरूको सूचीमा थियो र तिनीहरूले सरकारबाट सहायता पाएका थिए। म हाइस्कुल पढ्दा मलाई जन्मदिने आमा आउनुभएको थियो भनेर उनले भनिन्। तर व्यक्तिगत गोपनियताको कारणले त्यो भन्दा बेसि खबर दिन उनले मानिनन्। तर मेरो दाइसँग सम्पर्क गर्ने र उनले चाहेमा भेट्न सक्ने गराइदिन्छु भनेर उनले भनिन्। म एक दिन फुटबल खेल हेरिरहेको थिएँ एक जना हाइस्कूलको शिक्षकले मेरो कुममा

छोएर सोधे, "के तिमी रेगलान हौ? हामी दुई दाजुभाई हौं।" दाइलाई भेट्न पाउँदा मलाई अत्यन्त खुशी लाग्यो। कार्ल मभन्दा सात वर्षको जेठो थियो र उनले मलाई घर लान चाहे। मसँग अलिकति जे थियो त्यो बोकेर म नयाँ घरमा गएँ। मैले मेरी आमालाई सबभन्दा पहिलो पल्ट देखें। मेरी आमा मानसिक रोगले पिडित थिइन् र उनले मलाई चिन्न सकिनन्। तैपनि मेरी आमालाई भेट्दा मलाई खुशी लाग्यो। मेरो दाजु सेभेन्थ-डे एडभेन्टिस्ट थिए र साबथमा चर्च जान मलाई निम्तो दिनुभयो। चर्चका विश्वासीहरूले मलाई धेरै सहयोग गरे। मैले राम्रोसँग पढ्न जानेको थिइनँ। तिनीहरूले मलाई पढ्न र लेख्न सिकाए। साबथ स्कूल अध्ययन गर्ने समयमा मलाई पढ्न सघाए। बाइबल कसरी पढ्ने र पढाउने भन्ने विषयमा सिक्न गर्मीको विदामा एडभेन्टिस्ट विश्वविद्यालयमा भर्ना हुन चर्चका विश्वासीहरूले मद्दत गरे। म २२ वर्ष हुँदा मैले विवाह गरें र एउटा बच्चा पाएँ। मैले पर्यटकहरू आउने मन्टेगो बेको पेट्रोल बेच्ने ठाउँमा काम गर्ने मौका पनि पाएँ। म चर्चमा सक्रिय भएकोले मलाई एल्डरमा अभिषेक पनि गरियो। एक फेरा एडभेन्टिस्टहरू धेरै भएको ठाउँमा बाल सङ्गति सुरू गर्न चर्चको अगुवाहरूले अनुरोध गरेका थिए। सुसमाचार प्रचार गर्ने क्रममा हामीहरूले साबथ स्कुल किताबबाट पानाहरू च्यातेर पुरानो चर्चका सदस्यहरूलाई बाँड्यौं र चर्चमा आउन अनुरोध गर्‍यौं। त्यसबेला हामीहरूले धेरै गरिब मानिसहरूलाई भेट्यौं। हामीले ५० जना चर्च छोडेका विश्वासीहरूलाई फेरि फर्कायौं। तर बिस्तारै मेरो व्यक्तिगत जीवनमा भुइचालो जान थाल्यो। म ३६ वर्षको हुँदा म श्रीमतीसँग छुट्टिएँ र अर्कीसँग बिबाह गरें। चर्चको अगुवाहरूसँग

कचकच हुँदा म चर्चबाट निस्कें। चर्च नगइकन घरमै परमेश्वरको आराधना गर्न थालें। तीन वर्ष अघि जमैकाको राजधानी किङ्स्टनमा सरें र त्यहाँ एक जना साझेदारसँग व्यापार स्थापना गरें। म मेरो व्यवसायमा व्यस्त हुँदा मेरी श्रीमती अर्कै सहरमा उनको परिवारसँग रहिन्। तर मेरो साझेदार र मेरो झगडा हुँदा हामीहरूको व्यापार टाट पल्टियो र अर्को काम पाउँन मैले संघर्ष गर्नुपऱ्यो। आखिरमा म घरबार बिहीन भएँ र मेरो घमण्डले गर्दा मेरी श्रीमती र नातेदारहरूसँग सहयोग माग्न अस्वीकार गरें। म तीन महिनासम्म सडकको छेऊमा सुतें। एक दिन म जस्तै घरबाहर बिहीन भएको मानिससँग कुरा गर्दै थिएँ त्यसबेला कहाँ नुहाउन पाइन्छ, लुगाफाटा र खाना कहाँ पाइन्छ भनेर सोधें। गुड सामरिटन छाप्रोमा जानु र त्यहाँ खाना दिन्छ भनेर मलाई उसले भन्यो। हुन्छ त त्यहाँ जान्छु भनेर म त्यहाँ गएँ। गुड सामारिटन छाप्रोका मानिसहरूले मलाई मायालु व्यवहार गरे र मलाई खाना दिए। त्यहाँ मलाई लाउन लुगा पनि दिए। त्यो त सेभेन्थ-डे एडभेन्टिस्ट चर्च र चर्चका विश्वासीहरूले संचालन गरेको भनेर मैले थाहा पाएँ। म त्यस संस्थामा नियमित रूपमा आउन थालें र मैले पनि केही न केही सहयोग गरूँ भन्ने भावनाले मलाई घचेट्न थाल्यो। अनि म त्यस संस्थाको बगैंचा सफा गर्न थालें। म चर्चमा जान थालें र फेरि मैले बप्तिस्मा लिएँ। आज म ५० वर्षको छु र गुड सामरिटन छाप्रोको रेखेदेख गर्छु। आज त्यहाँ मेरै आफ्नै अफिस छ र बस्ने ठाउँ पनि छ। मेरी दोस्रो श्रीमतीसँग पनि कचकच भएर छुटेको थियो तर पुनर्मिलन भयो। सडकको जीवन गाह्रो थियो। परमेश्वरले फेरि मलाई आफ्नो बनाउनुभएकोमा मलाई असल लागिरहेको छ।

| कथा १०३ |
|---|

# खीष्टको निम्ति खाना पुऱ्याउने
## जुनियर र स्टिफनी
### (जमैका)

प्रस्तोताः यस प्रस्तुतिमा हामीले बेलिजका विशेष विवाहित दम्पत्तिसँग भेट गर्नेछौं। जमैकाको राजधानी किङ्गस्टनमा खाना पुऱ्याउने कम्पनी जुनियर र स्टिफनी रोबर्टले संचालन गर्छन्। जब तिनीहरूले बप्तिस्मा लिए तब तिनीहरूमा समस्या खडा भएको थियो। तिनीहरूले आफ्नो व्यापारको शैलीमा परिवर्तन गरे। तिनीहरूले लबस्टर र जाँड रक्सी बेच्न छोडे र शुक्रबार शनिबारमा धेरै पैसा आउने काम लिन बन्द गरिदिए। उहाँहरूको पृष्ठभूमिबाट यो कथा सुरू गरौं। तपाईंहरू कति वर्षको हुनुभयो?

**जुनियरः** म २८ वर्षको छु।

**स्टिफनीः** म २७ वर्षकी छु।

**प्रस्तोताः** तपाईंहरूको भेट कसरी भयो?

**जुनियरः** हामी दुवै जना जमैकाको ठूलो मासु र रक्सी कम्पनीमा काम गर्दथ्यौं। मचाहीं मूल भान्से थिएँ। मैले स्रीम्प, लबस्टर र समुद्रका खानाहरूको परिकार तयार पार्थें।

**स्टिफनीः** म जाँड रक्सी बेच्ने साहुको सहयोगी भएर काम गर्थें। मलाई रक्सी धेरै मनपर्थ्यो।

**प्रस्तोताः** तपाईंहरूले एडभेन्टिस्टको बारेमा कसरी थाहा पाउनुभयो?

**जुनियरः** तीन वर्ष अघि एक जना एडभेन्टिस्ट साथीले एउटा घरमा बाइबल अध्ययन गर्ने सानो झुण्डमा आउन अनुरोध गऱ्यो।

मलाई बाइबल अध्ययन घतलाग्दो भयो र मैले स्टिफनीलाई पनि आउन अनुरोध गरेँ तर उनले चासो देखाइनन्।

**स्टिफनीः** म व्यस्त थिएँ र बाइबल पढ्न समय दिन चाहिनँ। तर एक वर्षपछि जुनियरसँग बाइबल अध्ययन गर्न थाल्दा हामीले जे पढ्यौं त्यो देखि अचम्म लाग्यो। मैले सोधेँ, "के यो बाइबल हो र?" साबथको बारेमा बारम्बार उल्लेख गरेको मैले पढेँ। अनि परमेश्वरको आराधना गर्ने दिन शनिबार ठीक हो भनेर महसुस गरेँ। एक दिन पवित्र आत्माले मलाई यो भनिरहनुभएको जस्तो लाग्यो, "यो समय हो" र मैले मेरो जीवनलाई परमेश्वरमा समर्पण गर्ने निर्णय गरेँ। मलाई सुँगुरको मासु, श्रिम्प र रक्सी मनपर्थ्यो तर परमेश्वरलाई मैले मेरो जीवन सुम्पेपछि ती खानाहरू छोड्न गाह्रो भएन। जे ठीक छ त्यसको हिसाब दिनुपर्छ भनेर मैले सोचेँ। मुक्ति रक्सीभन्दा त्यतिको आवश्यक नभएको मैले सोचेँ।

**जुनियरः** हामीहरूको मित्रताको सम्बन्ध परमेश्वरको सामु ठीक भएको हामीले चाह्यौं। सेप्टेम्बर २०१५मा हामीले बिबाह गर्‍यौं र एक महिनापछि हामीले सँगै बप्तिस्मा लियौं।

**प्रस्तोताः** अनि तपाईंको खाना बनाउने सेवा के भयो त?

**स्टिफनीः** धेरै जसो शुक्रबार र शनिबारमा खानाहरू बिक्री हुनेहुँदा त्यो कामबिना हामी बाँच्न सक्दैनौं भन्ने हामीलाई लाग्यो। हामीहरूको नियमित ग्राहकले पनि अत्यन्त महँगो र रक्सीको माग गर्न थाले। जब हामीले बप्तिस्मा लियौं तब हामीलाई धेरै घाटा भएको थियो।

**जुनियरः** हामीले बप्तिस्मा लिइसकेपछि एक जना ग्राहकले बिवाहको निम्ति दश लाख जमैका डलर पर्ने समुद्रको खाना अर्डर

गऱ्यो। त्यो अमेरिकी डलरमा ७,७०० (अर्थात् नेपालीमा करिब आठ लाख रूपैंया)। उनले कुनकुन खाना चाहिन्छ र जनवरी २ तारिखको दिन भोज कार्यक्रम गर्ने भनेर उसले चाहना व्यक्त गऱ्यो। त्यो दिन शनिबार थियो र उसको अनुरोधलाई हामीले अस्वीकार गर्नुपऱ्यो। हामीहरूको अत्यन्त नियमित खाना दिने ग्राहकमा एक जना अत्यन्त धनी व्यापारी महिला थिइन्। उनीसँग पनि सम्पर्क तोड्नुपऱ्यो। उनको लागि हप्तामा धेरै पल्ट खाना पुऱ्याउनुपर्थ्यो ताकि उनको चार जनाको परिवारले खाना बनाउनु नपरोस्। जब हामीले बप्तिस्मा लियौं तब उनले मन पर्ने लब्स्टर र सुँगुरको मासुका परिकार दिन सक्दैनौं भनेर हामीले भन्यौं। हामीहरूको अन्तिम भेटघाटमा उनले बरफमा जमाएको सुँगुरको मासु ल्याएर यसलाई काट्नमात्र अनुरोध गरिन्। यो त मेरो निम्ति परीक्षा थियो। त्यो मासुलाई टेबुलमा राखेर बाइबल पल्टाएर अशुद्ध पशुको मासुलाई छुने कुरामा बाइबलमा के लेखिएको छ सो मैले उनलाई पढेर सुनाएँ। उनी आफैले त्यो काटेर भनिन् "तिमीले मेरो जीवनलाई हस्तक्षेप गरिरहेका छौ।"

**स्टिफनसः** परमेश्वरले कतिपय समयमा हाँसो उठ्ने गरेर काम गर्नुहुन्छ। १८ महिनापछि त्यस महिलाले उनको परिवारलाई दिने भोजमा आउन हामीलाई अनुरोध गरिन्। खानाको बारेमा हामीहरूसँग उनको असहमति भएतापनि हामीहरूको मूल्यमान्यतासँग उनले खेलबाड गर्दिन भनेर वचन दिइन्। साबथको बारेमा पनि उनी संवेदनशील हुने भनेर वचन दिइन्। जब शुक्रबार घाम अस्तायो तब हामीले त्यो ठाउँ छोड्नको निम्ति प्रार्थना गऱ्यौं। तब एक छिनपछि उनले आएर भनिन्, "मलाई थाहा छ तिमीहरूको समय आयो। तिमीहरू जान सक्छौ।"

त्यतिमात्रै नभएर हामीलाई अचम्भित पार्दै उनले भनिन् कि उनी आइतबार चर्च जान थालिन्। उनले साबथलाई मानुन् भनेर हामी प्रार्थना गरिरहेका छौं।

**प्रस्तोतः** अनि तपाईंको व्यापारमा घाटा भएपनि तपाईंहरूले कसरी त्यसलाई थाम्नुभयो?

**स्टिफनीः** दुई महिनासम्म त हामीलाई खान पनि मुश्किल भयो। हामीहरूको आम्दानी धेरै घट्यो। तर अचम्मको कुरो भयो। हाम्रा आफन्त र साथीहरूले खानेकुराहरू ल्याउन थाले। अरूबाट पाएका खानाहरू हामीसँग बाँड्न चाहन्थे। हामीले कसैसँग पनि खानको लागि मागेनौं। हामीले कहिल्यै पनि भोकै बस्न परेन। हामीसँग कति खाना भयो र अरूलाई दिन पनि सक्ने भएका थियौं।

**जुनियरः** हामीहरूको खाना बनाउने कम्पनी पहिलाको भन्दा अहिले राम्रो छ। पहिला हामीले के गर्ने के नगर्ने भनेर थाहा थिएन। हामीले कस्तो खालको ग्राहकहरूको अपेक्षा गर्छौं भनेर थाहा छ र हामीहरूको आम्दानी पहिलाको भन्दा अहिले राम्रो छ। नियमित रूपमा अफिसमा हुने पार्टीहरू, साना साना पार्टीहरू र ठूला पार्टीहरूमा क्यटरिङ्ग अर्थात खाना बनाउने सेवाको लागि धेरै सम्पर्क गर्न खोजिरहेका छौं। साबथको बारेमा हामीलाई न त बोझ छ न त तनाव नै छ। हामी आइतबारदेखि बिहिबार काम गर्छौं र शुक्रबार हल्का काम गर्छौं ताकि साबथको निम्ति तयार हुन सकौं।

**प्रस्तोताः** तपाईंहरूको निर्णयदेखि के तपाईं खुशी हुनुहुन्छ?

**स्टिफनीः** मलाई त अझ मेरो जीवन स्वस्थ जीवन भएको जस्तो लागिरहेको छ। मेरो जीवन परिवर्तनको निम्ति परमेश्वरले काम

गरिरहनुभएको छ भनेर मलाई थाहा छ। यदि मैले परमेश्वरलाई मेरो जीवन दिइनँ भने म आज कहाँ हुँला जस्तो लाग्छ।

**जुनियरः** सेभेन्थ-डे एडभेन्टिस्टहरूले आफ्नो विश्वासको बारेमा आवाज उठाउन् नहिच्किचाउन् भनेर म हौसला दिन चाहन्छु। मैले भर्खर थाहा पाएँ कि मेरा हाईस्कूलका दुई जना साथीहरूपनि एडभेन्टिस्ट थिए। तिनीहरू शुक्रबार छिट्टै घर जान्थे तर किन भनेर तिनीहरूले मलाई कहिल्यै भनेन्। तर तिनीहरूले केही नभनेकोले साबथको बारेमा थाहा पाउन मलाई दश वर्ष लाग्यो। त्यसकारण विश्वासीहरूले सत्यको बारेमा बोलुन भनेर म उत्साह दिन चाहन्छु। यदि हामीले अरूलाई येशूको बारेमा जति भन्यौं त्यति अरूले उहाँलाई चिन्नेछन्।

**प्रस्तोताः** हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर कहिल्यै पनि लाज मान्नुहुँदैन। येशूको दोस्रो आगमनमा हामीहरूमा भएको आशाको बारेमा अरूलाई बाँड्न कहिल्यै पनि पछि पर्नुहुन्न। त्यसकारण अन्तर अमेरिका डिभिजनका अरू मानिसहरूले पनि सुसमाचार थाहा पाउन् भनी हामीहरूले दिल खोलेर दिऔं।

***(प्रस्तोताः आन्ड्रयु मेक्चेस्नी)***